# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६

## (नेपाली संस्करण)

**२०८१ पुस १७ देखि २०८२ पुस १६ गतेसम्म अर्थात् सन् २०२५ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सङ्कलन**


**प्रधान सम्पादक**

मदन पौडेल

**सम्पादक**

गोविन्दप्रसाद त्रिपाठी

गणेश भण्डारी

पुण्यप्रसाद अधिकारी

**आवरण**

गीता माली

**तथ्याङ्क रूजु**

बरुण बस्याल



मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार

पत्र मञ्जुषा २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np; inseconline.org

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६

**प्रकाशन मिति**
२०८२ फागुन ७ गते

**सङ्ख्या**
२ हजार ५ सय प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

**फोटो**
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

**आईएसबीएन** : ९७८-९९३७-९८१७-२-९

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

# विषय सूची

पृष्ठ सङ्ख्या


भूमिका

परिच्छेदहरू

| | | |
|---|---|---|
| परिच्छेद १ | मानव अधिकार र जवाफदेहिताको सवाल | १ |
| परिच्छेद २ | अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण | २३ |
| परिच्छेद ३ | मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२५ | २९ |
| परिच्छेद ४ | राज्य र मानव अधिकार | |
| | ४.१ न्यायपालिका | ३९ |
| | ४.२ कार्यपालिका | ६३ |
| | ४.३ व्यवस्थापिका | ७५ |
| परिच्छेद ५ | सन् २०२५ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू | |
| | ५.१ कोशी प्रदेश | ८९ |
| | ५.२ मधेस प्रदेश | १४५ |
| | ५.३ बागमती प्रदेश | १८९ |
| | ५.४ गण्डकी प्रदेश | २५९ |
| | ५.५ लुम्बिनी प्रदेश | २८९ |
| | ५.६ कर्णाली प्रदेश | ३२९ |
| | ५.७ सुदूरपश्चिम प्रदेश | ३६३ |
| परिच्छेद ६ | सन् २०२५ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा | ३९५ |
| परिच्छेद ७ | सन् २०२५ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा | ३९७ |
| परिच्छेद ८ | सन् २०२५ को मानव अधिकार अवस्थाबारे विभिन्न आयोगहरूका धारणा | ४०५ |
| परिच्छेद ९ | सन् २०२५ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा | ४१३ |
| परिच्छेद १० | क्रिया/प्रतिक्रिया | ४२३ |
| अनुसूची १ | नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ तयारीका क्रममा संलग्न व्यक्तिहरू | ४४३ |

# जिल्लागत विषय सूची


## कोशी प्रदेश

| | | |
|---|---|---|
| ५.१.१ | ताप्लेजुङ | ९० |
| ५.१.२ | सङ्खुवासभा | ९४ |
| ५.१.३ | सोलुखुम्बु | ९७ |
| ५.१.४ | ओखलढुङ्गा | ९९ |
| ५.१.५ | खोटाङ | १०२ |
| ५.१.६ | भोजपुर | १०५ |
| ५.१.७ | धनकुटा | १०८ |
| ५.१.८ | तेह्रथुम | ११० |
| ५.१.९ | पाँचथर | ११३ |
| ५.१.१० | इलाम | ११६ |
| ५.१.११ | झापा | १२० |
| ५.१.१२ | मोरङ | १२७ |
| ५.१.१३ | सुनसरी | १३६ |
| ५.१.१४ | उदयपुर | १४२ |

## मधेश प्रदेश

| | | |
|---|---|---|
| ५.२.१ | सप्तरी | १४६ |
| ५.२.२ | सिरहा | १५१ |
| ५.२.३ | धनुषा | १५७ |
| ५.२.४ | महोत्तरी | १६६ |
| ५.२.५ | सर्लाही | १७० |
| ५.२.६ | रौतहट | १७४ |
| ५.२.७ | बारा | १८० |
| ५.२.८ | पर्सा | १८४ |

## बागमती प्रदेश

| | | |
|---|---|---|
| ५.३.१ | दोलखा | १९० |
| ५.३.२ | सिन्धुपाल्चोक | १९२ |
| ५.३.३ | रसुवा | १९६ |
| ५.३.४ | धादिङ | १९९ |
| ५.३.५ | नुवाकोट | २०३ |
| ५.३.६ | काठमाडौँ | २०५ |
| ५.३.७ | भक्तपुर | २३३ |
| ५.३.८ | ललितपुर | २३६ |
| ५.३.९ | काभ्रेपलाञ्चोक | २४० |
| ५.३.१० | रामेछाप | २४४ |
| ५.३.११ | सिन्धुली | २४७ |
| ५.३.१२ | मकवानपुर | २५० |
| ५.३.१३ | चितवन | २५३ |

## गण्डकी प्रदेश

| | | |
|---|---|---|
| ५.४.१ | गोरखा | २६० |
| ५.४.२ | मनाङ | २६२ |
| ५.४.३ | मुस्ताङ | २६३ |
| ५.४.४ | म्याग्दी | २६४ |
| ५.४.५ | कास्की | २६६ |
| ५.४.६ | लमजुङ | २७३ |
| ५.४.७ | तनहुँ | २७५ |
| ५.४.८ | नवलपरासी पूर्व | २७९ |
| ५.४.९ | स्याङ्जा | २८३ |
| ५.४.१० | पर्वत | २८५ |
| ५.४.११ | बागलुङ | २८७ |

## लुम्बिनी प्रदेश

| | | |
|---|---|---|
| ५.५.१ | रूकुम पूर्व | २९० |
| ५.५.२ | रोल्पा | २९२ |
| ५.५.३ | प्यूठान | २९४ |
| ५.५.४ | गुल्मी | २९७ |
| ५.५.५ | अर्घाखाँची | २९९ |
| ५.५.६ | पाल्पा | ३०१ |
| ५.५.७ | नवलपरासी पश्चिम | ३०३ |
| ५.५.८ | रूपन्देही | ३०६ |
| ५.५.९ | कपिलवस्तु | ३१२ |
| ५.५.१० | दाङ | ३१५ |
| ५.५.११ | बाँके | ३२० |
| ५.५.१२ | बर्दिया | ३२५ |

## कर्णाली प्रदेश

| | | |
|---|---|---|
| ५.६.१ | डोल्पा | ३३० |
| ५.६.२ | मुगु | ३३२ |
| ५.६.३ | हुम्ला | ३३४ |
| ५.६.४ | जुम्ला | ३३७ |
| ५.६.५ | कालीकोट | ३४० |
| ५.६.६ | दैलेख | ३४३ |
| ५.६.७ | जाजरकोट | ३४६ |
| ५.६.८ | रूकुम पश्चिम | ३५० |
| ५.६.९ | सल्यान | ३५३ |
| ५.६.१० | सुर्खेत | ३५६ |

## सुदूरपश्चिम प्रदेश

| | | |
|---|---|---|
| ५.७.१ | बाजुरा | ३६४ |
| ५.७.२ | बझाङ | ३६७ |
| ५.७.३ | दार्चुला | ३७० |
| ५.७.४ | बैतडी | ३७३ |
| ५.७.५ | डडेल्धुरा | ३७५ |
| ५.७.६ | डोटी | ३७८ |
| ५.७.७ | अछाम | ३८० |
| ५.७.८ | कैलाली | ३८३ |
| ५.७.९ | कञ्चनपुर | ३९१ |

# तालिका, चित्र र परिशिष्टको सूची

**तालिका**


| | | |
|---|---|---|
| तालिका १.१ | सन् २०२५ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या | २ |
| तालिका १.२ | सन् २०२५ मा जिल्लागत आधारमा परिवारबाट हत्या गरिएका महिलाको सङ्ख्या | ३ |
| तालिका १.३ | दाइजोका कारण महिलामाथि भएको हिंसा | ४ |
| तालिका १.४ | सन् २०२५ मा मानव अधिकार रक्षकको अवस्था | ५ |
| तालिका १.५ | सन् २०२५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या | ६ |
| तालिका १.६ | सन् २०२५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या | ७ |
| तालिका १.७ | सन् २०२५ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकको सङ्ख्या | ८ |
| तालिका १.८ | सन् २०२५ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरूको सङ्ख्या | ९ |
| तालिका १.९ | सन् २०२५ प्रदेशगत आधारमा पीडित अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या | १० |
| तालिका १.१० | सन् २०२५ मा पेसागत आधारमा पीडित सङ्ख्या | ११ |
| तालिका १.११ | सन् २०२५ मा जातिगत आधारमा पीडित सङ्ख्या | १३ |
| तालिका १.१२ | सन् २०२५ मा कारागारमा रहेका सङ्ख्या र फरार भएका सङ्ख्या | १४ |
| तालिका १.१३ | सन् २०२५ मा घाइते भएकाहरूको सङ्ख्या | १५ |
| तालिका १.१४ | सन् २०२५ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरूको सङ्ख्या | १६ |
| तालिका १.१५ | सन् २०२५ मा भौतिक संरचनामा पुऱ्याएको क्षतिको सङ्ख्या | १७ |
| तालिका १.१६ | घटनाका प्रकार अनुसार साइबर अपराधका घटनामा पीडित भएका पीडितहरूको सङ्ख्या | १८ |
| तालिका ४.१.१ | सबै अदालत तथा अन्य न्यायाधिकरणहरूले १० वर्षको फर्स्यौट प्रतिशत | ५० |
| तालिका ४.१.२ | सबै अदालत तथा अन्य न्यायाधिकरणहरूले १० वर्षको फर्स्यौट सङ्ख्या | ५१ |
| तालिका ४.१.३ | फैसलाको पूर्ण पाठ लेखन अवस्था | ५२ |
| तालिका ४.१.४ | परिवार इजलासहरूबाट मुद्दा फर्स्यौट अवस्था प्रतिशतमा | ५३ |
| तालिका ४.२.१ | आन्दोलनका क्रममा क्षति भएका सरकारी, निजी तथा सामुदायिक भवनको विवरण | ६५ |
| तालिका ५.१.१.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ९० |
| तालिका ५.१.१.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ९१ |
| तालिका ५.१.१.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ९३ |
| तालिका ५.१.२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ९५ |
| तालिका ५.१.२.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ९५ |
| तालिका ५.१.२.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ९६ |
| तालिका ५.१.३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ९७ |
| तालिका ५.१.३.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ९८ |

| | | |
|---|---|---|
| तालिका ५.१.३.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ९८ |
| तालिका ५.१.४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १०० |
| तालिका ५.१.४.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | १०० |
| तालिका ५.१.४.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १०१ |
| तालिका ५.१.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १०२ |
| तालिका ५.१.५.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | १०३ |
| तालिका ५.१.५.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १०४ |
| तालिका ५.१.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १०५ |
| तालिका ५.१.६.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १०७ |
| तालिका ५.१.७.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १०८ |
| तालिका ५.१.७.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १०९ |
| तालिका ५.१.८.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १११ |
| तालिका ५.१.८.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | १११ |
| तालिका ५.१.८.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ११२ |
| तालिका ५.१.९.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ११४ |
| तालिका ५.१.९.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ११५ |
| तालिका ५.१.१०.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ११६ |
| तालिका ५.१.१०.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ११७ |
| तालिका ५.१.१०.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ११९ |
| तालिका ५.१.११.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १२१ |
| तालिका ५.१.११.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १२६ |
| तालिका ५.१.१२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १२८ |
| तालिका ५.१.१२.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | १३० |
| तालिका ५.१.१२.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १३५ |
| तालिका ५.१.१३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १३७ |
| तालिका ५.१.१३.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १४१ |
| तालिका ५.१.१४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | १४३ |

तालिका ५.१.१४.२ अपाङ्गता भएका पीडित सङ्ख्या १४४
तालिका ५.१.१४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १४४
तालिका ५.२.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १४७
तालिका ५.२.१.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १५०
तालिका ५.२.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १५२
तालिका ५.२.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या १५३
तालिका ५.२.२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १५६
तालिका ५.२.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १५८
तालिका ५.२.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या १५९
तालिका ५.२.३.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १६५
तालिका ५.२.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १६७
तालिका ५.२.४.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १६९
तालिका ५.२.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १७१
तालिका ५.२.५.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १७४
तालिका ५.२.६.१ घटनाकोप्रकारअनुसार पीडित सङ्ख्या १७५
तालिका ५.२.६.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १७९
तालिका ५.२.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १८१
तालिका ५.२.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १८३
तालिका ५.२.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १८५
तालिका ५.२.८.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १८८
तालिका ५.३.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १९०
तालिका ५.३.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या १९१
तालिका ५.३.१.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १९१
तालिका ५.३.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १९२
तालिका ५.३.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या १९३
तालिका ५.३.२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या १९५
तालिका ५.३.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या १९७

| | | |
|---|---|---|
| तालिका ५.३.३.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | १९७ |
| तालिका ५.३.३.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | १९८ |
| तालिका ५.३.४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २०० |
| तालिका ५.३.४.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २०१ |
| तालिका ५.३.४.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २०२ |
| तालिका ५.३.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २०३ |
| तालिका ५.३.५.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २०४ |
| तालिका ५.३.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २०६ |
| तालिका ५.३.६.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २३२ |
| तालिका ५.३.७.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २३३ |
| तालिका ५.३.७.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २३४ |
| तालिका ५.३.७.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २३५ |
| तालिका ५.३.८.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २३७ |
| तालिका ५.३.८.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २३९ |
| तालिका ५.३.९.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २४१ |
| तालिका ५.३.९.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २४२ |
| तालिका ५.३.९.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २४३ |
| तालिका ५.३.१०.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २४५ |
| तालिका ५.३.१०.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २४६ |
| तालिका ५.३.११.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २४७ |
| तालिका ५.३.११.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २४८ |
| तालिका ५.३.११.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २४९ |
| तालिका ५.३.१२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २५१ |
| तालिका ५.३.१२.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २५२ |
| तालिका ५.३.१२.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २५२ |
| तालिका ५.३.१३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २५४ |
| तालिका ५.३.१३.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २५५ |
| तालिका ५.३.१३.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही | |

| | | |
|---|---|---|
| | प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २५८ |
| तालिका ५.४.१.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २६१ |
| तालिका ५.४.१.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २६१ |
| तालिका ५.४.१.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २६१ |
| तालिका ५.४.२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २६२ |
| तालिका ५.४.२.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २६२ |
| तालिका ५.४.३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २६३ |
| तालिका ५.४.३.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २६३ |
| तालिका ५.४.४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २६४ |
| तालिका ५.४.४.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २६५ |
| तालिका ५.४.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २६७ |
| तालिका ५.४.५.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २६९ |
| तालिका ५.४.५.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २७२ |
| तालिका ५.४.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २७३ |
| तालिका ५.४.६.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २७४ |
| तालिका ५.४.६.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २७४ |
| तालिका ५.४.७.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २७६ |
| तालिका ५.४.७.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २७७ |
| तालिका ५.४.७.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २७८ |
| तालिका ५.४.८.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २७९ |
| तालिका ५.४.८.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २८२ |
| तालिका ५.४.९.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २८३ |
| तालिका ५.४.९.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २८४ |
| तालिका ५.४.१०.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २८६ |
| तालिका ५.४.१०.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | २८६ |
| तालिका ५.४.११.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २८७ |
| तालिका ५.४.११.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | २८८ |
| तालिका ५.४.११.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही | |

प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २८८
तालिका ५.५.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २९०
तालिका ५.५.१.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २९१
तालिका ५.५.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २९२
तालिका ५.५.२.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २९३
तालिका ५.५.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २९५
तालिका ५.५.३.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २९६
तालिका ५.५.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २९७
तालिका ५.५.४.२ अपाङ्गता भएका पीडित सङ्ख्यात्र २९८
तालिका ५.५.४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या २९८
तालिका ५.५.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या २९९
तालिका ५.५.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३००
तालिका ५.५.५.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३००
तालिका ५.५.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३०१
तालिका ५.५.६.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३०३
तालिका ५.५.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३०४
तालिका ५.५.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३०५
तालिका ५.५.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३०७
तालिका ५.५.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३०८
तालिका ५.५.८.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३११
तालिका ५.५.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३१३
तालिका ५.५.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३१३
तालिका ५.५.९.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३१४
तालिका ५.५.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३१६
तालिका ५.५.१०.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या ३१९
तालिका ५.५.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या ३२१
तालिका ५.५.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या ३२२
तालिका ५.५.११.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही

| | | |
|---|---|---|
| | प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३२४ |
| तालिका ५.५.१२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३२५ |
| तालिका ५.५.१२.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३२७ |
| तालिका ५.५.१२.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३२८ |
| तालिका ५.६.१.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३० |
| तालिका ५.६.१.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३३१ |
| तालिका ५.६.२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३२ |
| तालिका ५.६.२.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३३३ |
| तालिका ५.६.३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३५ |
| तालिका ५.६.३.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३३६ |
| तालिका ५.६.४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३८ |
| तालिका ५.६.४.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३३९ |
| तालिका ५.६.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३४० |
| तालिका ५.६.५.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३४२ |
| तालिका ५.६.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३४४ |
| तालिका ५.६.६.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३४५ |
| तालिका ५.६.६.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३४५ |
| तालिका ५.६.७.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३४७ |
| तालिका ५.६.७.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३४९ |
| तालिका ५.६.८.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३५० |
| तालिका ५.६.८.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३५१ |
| तालिका ५.६.८.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३५२ |
| तालिका ५.६.९.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३५३ |
| तालिका ५.६.९.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३५४ |
| तालिका ५.६.९.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३५५ |
| तालिका ५.६.१०.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३५७ |
| तालिका ५.६.१०.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३५९ |
| तालिका ५.६.१०.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही | |

| | | |
|---|---|---|
| | प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३६२ |
| तालिका ५.७.१.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३६४ |
| तालिका ५.७.१.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३६५ |
| तालिका ५.७.१.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३६६ |
| तालिका ५.७.२.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३६७ |
| तालिका ५.७.२.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३६९ |
| तालिका ५.७.३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३७१ |
| तालिका ५.७.३.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३७२ |
| तालिका ५.७.४.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३७३ |
| तालिका ५.७.४.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३७४ |
| तालिका ५.७.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३७६ |
| तालिका ५.७.५.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३७७ |
| तालिका ५.७.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३७८ |
| तालिका ५.७.६.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३७९ |
| तालिका ५.७.६.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३७९ |
| तालिका ५.७.७.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३८० |
| तालिका ५.७.७.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३८१ |
| तालिका ५.७.७.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३८२ |
| तालिका ५.७.८.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३८४ |
| तालिका ५.७.८.२ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३८७ |
| तालिका ५.७.८.३ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३९० |
| तालिका ५.७.९.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३९२ |
| तालिका ५.७.९.२ | सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या | ३९४ |

**चित्र**

| | |
|---|---|
| मञ्जुषा १.१ | ४ |
| मञ्जुषा १.२ | ५ |
| मञ्जुषा १.३ | ६ |
| मञ्जुषा १.४ | ७ |
| मञ्जुषा १.५ | ८ |

मञ्जुषा १.६ ९
मञ्जुषा १.७ १२

**परिशिष्ट**


| | | |
|---|---|---|
| परिशिष्ट १ | नेपाल- घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | २९ |
| परिशिष्ट २ | पेसागत आधारमा पीडित सङ्ख्या | ३१ |
| परिशिष्ट ३ | अपाङ्गता भएका पीडित सङ्ख्या | ३१ |
| परिशिष्ट ४ | कोशी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३२ |
| परिशिष्ट ५ | मधेस प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३२ |
| परिशिष्ट ६ | बागमती प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३ |
| परिशिष्ट ७ | गण्डकी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३३ |
| परिशिष्ट ८ | लुम्बिनी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३४ |
| परिशिष्ट ९ | कर्णाली प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३४ |
| परिशिष्ट १० | सुदूरपश्चिम प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या | ३५ |
| परिशिष्ट ११ | जातजातिका आधारमा पीडित सङ्ख्या | ३५ |
| परिशिष्ट १२ | सन् २०२५ मा क्षति पुऱ्याइएका भौतिक संरचनाका सङ्ख्या | ३६ |
| परिशिष्ट १३ | सन् २०२५ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या | ३६ |
| परिशिष्ट १४ | सन् २०२५ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या | ३७ |

## हार्दिक आभार

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६**
**तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने**
ब्रेड फर द वर्ल्ड (BFTW)
डीसीए (DCA)
इन्सेकका प्रतिनिधिहरू
राजनीतिक दलहरू
प्रदेश सरकारहरू
स्थानीय तहहरू
मानव अधिकार तथा अन्य आयोगहरू
नेपाल सरकारका मन्त्रालयहरू
सुरक्षा निकाय
पेसागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौँ।**

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका स्रोत व्यक्तिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका ७७ ओटै जिल्लामा स्रोत व्यक्तिहरूको व्यवस्था गरेको छ।

**सल्लाहकार समिति**

**संस्थापक अध्यक्ष**
सुशील प्याकुरेल
**पूर्व अध्यक्ष**
डा. शिव शर्मा
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
**निवर्तमान अध्यक्ष**
डा. कुन्दन अर्याल
**आजीवन सदस्य**
नजीर मियाँ

**२०८२ कात्तिक २८ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष**
विजयराज गौतम
**महासचिव**
गीता बराल
**कोषाध्यक्ष**
लता प्याकुरेल
**सदस्यहरू**
केशव सिग्देल
दुर्गा कार्की
विकास आचार्य
डा. विद्या चापागाईं

**कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।**

**मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम**

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

**मानव अधिकार शिक्षा कार्यक्रम**

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

**व्यवस्थापन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

**इन्सेक प्रदेश कार्यालयहरू**

- **कोशी प्रदेश कार्यालय,** विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ, फोन नं. ०२१-५१४०२६
- **मधेश प्रदेश कार्यालय,** जनकपुरधाम उपमहानगरपालिका-२, कदमचोक, कमलापथ, धनुषा
- **बागमती प्रदेश कार्यालय,** नागार्जुन नगरपालिका-१०, स्यूचाटार, काठमाडौं, फोन नं. ०१-५२१८७७०
- **गण्डकी प्रदेश कार्यालय,** पोखरा महानगरपालिका-८, जनप्रिय मार्ग, रत्नचोक, कास्की, फोन नं. ०६१-५८३३६६
- **लुम्बिनी प्रदेश कार्यालय,** जानकी गाउँपालिका-३, इन्द्रपुर चोक, बाँके, फोन: ०८१-५९०५२८
- **कर्णाली प्रदेश कार्यालय,** बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी उपमहानगरपालिका-४, उत्तरबेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६

# राज्यमाथि जवाफदेहिताको प्रश्न

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६, अघिल्ला ३३ ओटा संस्करणहरूले अवलम्बन गर्दै आएको तथ्यमा आधारित अभिलेखिकरण परम्पराको निरन्तरता हो। यो वर्ष पुस्तक इन्सेकको वार्षिक प्रकाशन मात्र नभई, नेपालको मानव अधिकार अवस्थामाथि गरिएको नियमित अनुगमन र सार्वजनिक विमर्शको दस्तावेज पनि हो। २०४६ सालको राजनीतिक परिवर्तनपछिको खुला परिवेशमा मानव अधिकार वर्ष पुस्तकको प्रकाशन आरम्भ गर्ने सोच बनाउँदा तय गरिएको लक्ष्य अनुसार नियमित अनुगमन र अभिलेखिकरणले मानव अधिकारप्रति राज्यलाई जवाफदेही बनाउन र नागरिक अधिकारको संरक्षणमा योगदान पुऱ्याउनेछ भन्ने विश्वास आज पनि सान्दर्भिक रहेको हाम्रो ठम्याइ छ।

बितेका साढे तीन दशकमा नेपालको मानव अधिकार अवस्था विभिन्न चरण र मोडबाट गुज्रिएको छ। कतिपय समय मानव अधिकारको गम्भीर सङ्कट देखा पऱ्यो भने कतिपय अवस्थामा संस्थागत सुधारका सङ्केत पनि देखिए। सशस्त्र द्वन्द्वको एक दशकमा मानव अधिकार उल्लङ्घनका गम्भीर घटना ठूलो सङ्ख्यामा अभिलेखित भए। द्वन्द्वपछिका वर्षहरूमा नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा केही सुधार भए तापनि दण्डहीनता, जवाफदेहिताको अभाव र संरचनागत कमजोरीका कारण मानव अधिकारको अवस्था अपेक्षाअनुसार सुधार हुन सकेको छैन।

भदौ २३ गते राजधानी काठमाडौँ लगायत देशका विभिन्न शहरहरूमा नव युवापुस्ताले गरेको आन्दोलनका क्रममा सुरक्षा निकायबाट गरिएको अत्यधिक बल प्रयोगका घटनाले मानव अधिकारमाथि गम्भीर प्रश्न उठायो। शान्तिपूर्ण प्रदर्शनमा सहभागीमाथि गरिएको बर्बर व्यवहार संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति, भेला र सङ्गठन स्वतन्त्रताको सिद्धान्त विपरित थिए। योसँगै भदौ २४ गते गरिएको विध्वंशमा संलग्नहरू कानुनको दायरभन्दा बाहिर हुनु हुँदैन। भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा भएका घटनाहरूको छानविन गरी दोषीमाथि कारबाही गर्न सरकारले गठन गरेका आयोगको प्रतिवेदन सार्वजनिक नभई वर्ष २०२५ को समाप्ती भयो। यो सन्दर्भमा बितेका ३५ वर्षमा राज्यले मलजल गरेको दण्डहीनताको कुसंस्कृतिले खराब कामलाई ढाकछोप गर्दै आएको तथ्य हामीले निरन्तर उठाउँदै आएको स्मरण गर्नु वाञ्छनीय हुन्छ।

सन् २०२५ मा नागरिक तथा राजनीतिक अधिकारसँगै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका क्षेत्रमा पनि उल्लङ्घनका घटना निरन्तर देखिए। गैरकानुनी गिरफ्तारी, हिरासतमा दुर्व्यवहार, थुनामा मृत्यु तथा अभिव्यक्ति स्वतन्त्रतामाथि लगाइएको अङ्कुशका घटनाहरू पनि हामीले अभिलेखित गऱ्यौँ। यस्ता घटनाहरू मानव अधिकार संरक्षणका गम्भीर चुनौतीका रूपमा देखा परे। मानव अधिकार उल्लङ्घनका घटनामा प्रभावकारी छानबिन नहुनु, दोषीमाथि कारबाही नहुनु र कारबाही प्रकृया झण्झटिलो हुनुजस्ता कारणले पीडितले न्याय पाउन कठिनाइ भोग्नुपर्ने अवस्था आयो। राज्यका संयन्त्रहरू नागरिकको

जिउ, धन र मर्यादाको संरक्षणमा कहींकतै चुकेको यथार्थ यस वर्ष पुस्तकले पुन: उजागर गरेको छ।

नेपालका कारागारहरूमा रहेका कैदीबन्दीको अवस्था वर्ष सन् २०२५ मा पनि मानव अधिकारका दृष्टिले चिन्ताजनक रह्यो। क्षमताभन्दा बढी कैदीबन्दी राखिनु,स्वास्थ्य सेवा प्रभावकारी नहुनु, सरसफाइको कमी, पोषणयुक्त खानाको अभाव तथा कानुनी सहायतामा सीमित पहुँच नहुनुले बन्दीहरू आधारभूत मानव अधिकारबाट वञ्चित रहे। बालसुधार गृहमा अधिकांश बालबिज्याइँकर्ता १८ वर्षभन्दामाथिका हुनाले सुधार गृहमा बारम्बार झडपका घटना हुने गरेका छन्। १८ वर्षभन्दामाथि बालबिज्याइँकर्तालाई अन्य कारागारमा स्थानान्तरण गर्न हुने गरेको ढिलाइले सुरक्षा चुनौतीमात्रै थपिएको छैन यसले नेपालको न्याय प्रणालीका कमजोरी पनि उजागर गरेको छ।

महिला अधिकार संरक्षणका लागि कानुनी व्यवस्था भए तापनि व्यवहारमा महिलामाथि हुने हिंसा र विभेदका घटनामा कमी आउन सकेको छैन। घरेलु हिंसा, यौन हिंसा, मानव बेचबिखन, साइबर अपराधका घटनाहरू सन् २०२५ मा पनि व्यापक रूपमा अभिलेखित भए। पीडित महिलाले सामाजिक दबाब, डर र संस्थागत उदासीनताका कारण न्यायमा पहुँच पाउन कठिनाइ भोग्नुपरेका उदाहरण पनि छन्। राजनीतिक सहभागिता, निर्णय प्रक्रियामा पहुँच र आर्थिक स्रोतमा नियन्त्रणका क्षेत्रमा महिलाहरू अझै पछाडि छन्। महिला तथा बालबालिकाको अधिकार संरक्षणका सन्दर्भमा राज्यका संयन्त्रहरूको प्रभावकारिता अभिवृद्धिको मार्गचित्र तयार गर्न अब ढिलाइ गर्नु हुँदैन।

संविधानले छुवाछुत तथा जातीय विभेदलाई दण्डनीय अपराध मानेको भए पनि व्यवहारमा यस्ता घटनाहरू पूर्ण रूपमा अन्त्य हुन सकेका छैनन्। सार्वजनिक स्थल र न्यायमा पहुँचका सवालमा कायम रहेको विभेदले समानताको आधारभूत सिद्धान्तलाई अनदेखा गरेको देखियो। कतिपय घटनाका पीडितमाथि उजुरी नगर्न दबाब सिर्जना गरिएको, मेलमिलाप गरिएको र घटना कथम्कदाचित अदालतसम्म पुगिहाले पनि एकदमै न्यून सजाय हुने गरेको पाइयो।

स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकार हाम्रो संविधान र कानुनले सुनिश्चित गरेको छ। अव्यवस्थित शहरीकरण, चुरेक्षेत्रको वनविनाश, नदीजन्य पदार्थहरूको अत्यधिक दोहन तथा उद्योग कलकारखाना र पुराना गाडीले निकाल्ने धुवाँजस्ता कारणले वातावरणमा गम्भीर असर परिरहेको छ। चुरेक्षेत्रको विनाशका कारण मधेशमा पानीको स्रोत सुक्ने अवस्थामा पुगिसकेको छ। नेपालको अन्नभण्डार भनिने मधेशमा यस वर्ष पानीको हाहाकार भयो। स्थानीय सरकारहरूले ट्याङ्कर मार्फत खानेपानी वितरण गरे। यो क्रम विगत केही वर्षदेखि बढिरहेको छ। जलवायु परिवर्तनका कारण बाढीपहिरो, सुख्खा क्षेत्रको बढोत्तरीले सिर्जित खाद्यान्न सङ्कटले नागरिकको जीवन, जीविकोपार्जनमा प्रत्यक्ष असर पुर्‍यायो। प्राकृतिक विपत्को प्रतिकार्य संरचनाको अभाव र पीडितको राहत तथा पुर्नस्थापनाको सवाल यस वर्ष पनि दोहोरियो।

नागरिक तथा राजनीतिक अधिकारको परिदृष्यमा विगतका वर्षहरूमा केही संस्थागत सुधार देखिए तापनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाका सवालमा नेपालले अझै लामो यात्रा तय गर्न बाँकी छ। सार्वजनिक स्वास्थ्य सेवा पहुँच, गुणस्तर र समानताको प्रश्न यथावत् रहेको छ। दुर्गम तथा सीमान्तकृत समुदायमा आधारभूत स्वास्थ्य सेवाको पहुँच सीमित छ। महँगो उपचार खर्चका कारण विपन्न वर्ग तथा समुदाय गरिबीको दुष्चक्रमा पर्ने गरेको छ । स्वास्थ्य बीमाको कार्यान्वयन प्रभावकारी हुन नसक्दा आर्थिक हैसियत कमजोर भएको वर्ग स्वास्थ्य अधिकारबाट वञ्चित छ। सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरमा असमानता, आर्थिक अवस्थाका कारण विद्यालय छोड्ने बालबालिकाको

समस्या तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच अझै कमजोर रहेको सार्वजनिक भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण बिना मानव अधिकारको समग्र प्रत्याभूति सम्भव हुँदैन। वर्ष पुस्तक २०२६ ले यी अधिकारहरूको अवस्था अभिलेखिकरण गर्दै राज्यलाई सामाजिक न्याय, समान पहुँच र गरिमामय जीवनको सुनिश्चितताका लागि नीतिगत तथा व्यवहारिक सुधार गर्न आवश्यक रहेको औंल्याएको छ।

नयाँ पुस्ताले अघि सारेका न्याय, पारदर्शिता, उत्तरदायित्व, जिम्मेवार राजनीतिक नेतृत्व र समान अवसरका मागहरूले नेपाली समाजमा लामो समयदेखि व्याप्त संरचनागत कमजोरीहरू उजागर गऱ्यो। नवयुवा पुस्ताले गरेको प्रदर्शन कुनै एक घटनाको प्रतिक्रिया मात्र थिएन। दीर्घकालीन असन्तुष्टि, सुशासनको चाहना र राज्यसँगको नयाँ प्रकारको सम्बन्ध निर्माण गर्ने मागहरू सहित अभिप्रेरित थियो। भदौ २४ देखि भदौ २७ गतेसम्म कायम रहेको संवैधानिक रिक्तताका बीच राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नुभयो। प्रतिनिधिसभाको निर्वाचन ०८२ फागुन २१ गते सम्पन्न गर्ने कार्यादेशअनुसार गठित सरकारले निर्वाचन सम्पन्न गर्न क्रियाशील छ। निर्वाचन प्रक्रियामा महिला, युवा, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा परेका समुदायको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सके लोकतन्त्रले कल्पना गरेको सुन्दर समाजको निर्माणमा सहयोग पुग्छ। निर्वाचनमा हिंसा, धम्की, प्रविधिको दुरुपयोग, गलत सूचना र प्रचार-प्रसार र राज्य संयन्त्रको राजनीतिक दुरुपयोगजस्ता चुनौतीहरू रोक्न राज्य, राजनीतिक दल, सुरक्षा निकाय, नागरिक समाज र नागरिकबीच साझा प्रतिबद्धता अत्यावश्यक छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ मा अघिल्ला संस्करणहरूले अवलम्बन गरेको शैली, दृष्टिकोण र उद्देश्यलाई निरन्तरता दिँदै तयार गरिएको छ । यसले मानव अधिकारको वर्तमान अवस्थामाथि तथ्यपरक जानकारी प्रदान गर्नुका साथै राज्यका निकायहरूलाई थप जवाफदेही बनाउने अपेक्षा राखेको छ। वर्ष पुस्तकको यो संस्करणका लागि तथ्य तथ्याङ्कको पुष्टि-पुन:पुष्टि, लेखन, सम्पादन, समग्र संयोजन र व्यवस्थापनमा अहोरात्र खटिने इन्सेकका सबै कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस कार्यमा सल्लाह सुझाव दिनु हुने इन्सेक कार्यसमिति तथा सल्लाहकारहरूप्रति कृतज्ञता व्यक्त गर्दछु। नेपालको मानव अधिकार अभिलेख कार्यमा सहयोग गर्ने इन्सेकका साझेदार संस्था ब्रेड फर द वर्ल्ड र डीसीए नेपाल लगायत सबैप्रति कृतज्ञता प्रकट गर्दछु।

**विजयराज गौतम**
अध्यक्ष

२०८२ फागुन ७

परिच्छेद

# १

# मानव अधिकार र जवाफदेहिताको सवाल


अत्यधिक बल प्रयोग
भदौ २४: जवाफदेहिताको प्रश्न
सवैधानिक रिक्तता
सन् २०२५ र मानव अधिकारका सवालहरू
राज्य र मानव अधिकार
सुधारको पर्खाइमा रहेका बालसुधार गृह र कारागार
नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता
मानव अधिकार रक्षक
प्राकृतिक विपत्

**पृष्ठभूमि**

नवयुवा पुस्ताले ०८२ भदौ २३ गते काठमाडौँ लगायत देशका विभिन्न ठाउँमा गरेको प्रदर्शनमा प्रहरीले गरेको अत्यधिक बल प्रयोग नेपालको संविधान, कानुन तथा मानवीय कानुनको दृष्टिले गम्भीर मानव अधिकार उल्लङ्घनको घटना हो। सो दिन प्रहरीको गोली लागेर काठमाडौँमा १७ जना र सुनसरीमा दुईजनाको मृत्यु भयो। सयौँ घाइते भए। माइतीघरमा भेला भई बानेश्वरतर्फ अगाडि बढेका प्रदर्शनकारीलाई रोक्न प्रहरीले पर्याप्त सुरक्षा सावधानी नअपनाउँदा उनीहरू संसद भवन वरपर पुगेका थिए। सो क्रममा प्रहरीले बिना चेतावनी अत्यधिक बल प्रयोग गर्दा धेरैको हताहती भयो। प्रदर्शन वा भिड नियन्त्रणमा प्रहरीले अत्यधिक बल प्रयोग गर्ने गरेको भन्दै विगत लामो समयदेखि इन्सेकले चासो र चिन्ता व्यक्त गर्दै आएको थियो। प्रदर्शन नियन्त्रणका नाममा भएको अत्यधिक बल प्रयोगको घटना मानव अधिकारको राष्ट्रिय मापदण्ड तथा सिद्धान्तअनुसार थियो कि थिएन भन्ने प्रश्न गम्भीर रूपमा खडा भयो।

शान्तिपूर्ण प्रदर्शनका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट अनुमति लिएका केही युवा समूहको आह्वानमा भदौ २३ गते माइतीघरमा हजारौँ युवा जम्मा भएका थिए। बेरोजगारी, वैदेशिक रोजगारीमा निर्भरता, शिक्षित युवा अवसरबाट वञ्चित हुनु, बढ्दो महँगी र राजनीतिक अस्थिरताले युवापुस्तामा गहिरो असन्तुष्टि सिर्जना गरेको थियो। भ्रष्टाचार नियन्त्रण तथा सुशासनको सवालमा राजनीतिक नेतृत्वको उदासीनता, जनता र सरकारबीचको बढ्दो दूरी, नेतृत्वले गरेको परिवारवादको संरक्षण, गरीब र धनीबीचको असमानताजस्ता विषय विगत केही समयदेखि सामाजिक सञ्जालमार्फत प्रकट हुँदै आएका थिए। यही समयमा सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो। सामाजिक सञ्जाल बन्द हुनुलाई युवापुस्ताको दैनिक जीवन, सञ्चार, रोजगारी र अभिव्यक्ति स्वतन्त्रता हनन्का रूपमा हेरियो। यो निर्णयलाई धेरैले अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकारमाथिको सरकारी कुदृष्टिका रूपमा लिएका थिए। असन्तुष्टि प्रकट गर्ने थलोका रूपमा सामाजिक सञ्जाल प्रयोग गर्दै आएको

**तालिका १.१ सन् २०२५ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

युवा पुस्ताको आक्रोश सामाजिक सञ्जालमार्फत सङ्गठित हुँदै सडक आन्दोलनको स्वरूपमा देखा पर्‍यो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भदौ १९ गते नेपालमा दर्ता सूचीकरण नभएका फेसबुकसहितका २६ सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को २०८२ भदौ ९ गतेको बैठकले नेपालमा सञ्चालन भइरहेका सामाजिक सञ्जाललाई एक साताभित्र सूचीकरण हुन निर्देशन दिएको थियो। नेपाल सरकारले २०८२ वैशाखमा एक सूचना प्रकाशन गरी दर्ताका लागि आह्वान गरेको भए पनि सामाजिक सञ्जाल दर्ता प्रकृयामा आएनन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भदौ १२ गते सूचना जारी गर्दै फेसबुक, युट्युब, इन्स्टाग्राम, ट्वीटर (एक्स), लिंक्डइनलगायतलाई दर्ता हुन आह्‌वान गरेको थियो।

राष्ट्रिय मानव अधिकार आयोगले भदौ २० गते एक विज्ञप्ति प्रकाशन गरी सामाजिक सञ्जाल बन्द गर्ने भनी सरकारले गरेको निर्णयमा पुनर्विचार गर्न आग्रह गर्‍यो। आयोगले जारी गरेको विज्ञप्तिमा सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले लोकतान्त्रिक शासन व्यवस्थाको मर्म, संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार र अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूमाथि प्रतिकूल असर पार्ने उल्लेख थियो।

इन्सेकले भदौ २३ गते एक विज्ञप्ति प्रकाशन गरी भ्रष्टाचार, अव्यवस्था र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयविरुद्ध जेनजीले ०८२ भदौ २३ गते काठमाडौँमा गरेको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गरेको घटनाको निन्दा गरेको थियो। विज्ञप्तिमा पूर्व घोषित कार्यक्रम अनुसार माइतीघरमा भेला भई बानेश्वर क्षेत्रमा प्रदर्शन गर्न

**तालिका १.२ सन् २०२५ मा जिल्लागत आधारमा परिवारबाट हत्या गरिएका महिलाको सङ्ख्या**

| जिल्ला | सङ्ख्या |
|---|---|
| अर्घाखाँची | १ |
| बैतडी | १ |
| बारा | १ |
| भक्तपुर | १ |
| भोजपुर | ३ |
| चितवन | ३ |
| डडेल्धुरा | २ |
| दैलेख | २ |
| दाङ | ३ |
| धादिङ | १ |
| धनुषा | ६ |
| इलाम | २ |
| झापा | २ |
| काभ्रे | १ |
| कैलाली | १ |
| कालिकोट | १ |
| कञ्चनपुर | २ |
| कास्की | २ |
| काठमाडौँ | ४ |
| ललितपुर | २ |
| महोत्तरी | ३ |
| मकवानपुर | ३ |
| मोरङ | ३ |
| म्याग्दी | १ |
| नवलपरासी पूर्व | ३ |
| नवलपराशी पश्चिम | ३ |
| नुवाकोट | २ |
| ओखलढुङ्गा | २ |
| पाँचथर | ३ |
| पर्वत | १ |
| पर्सा | १ |
| प्यूठान | १ |
| रामेछाप | २ |
| रौतहट | ६ |
| रोल्पा | २ |
| रुकुम पश्चिम | १ |
| रुपन्देही | ३ |
| सप्तरी | ३ |
| सर्लाही | १ |
| सिन्धुली | ३ |
| सिरहा | १ |
| सुनसरी | ७ |
| सुर्खेत | ४ |
| तनहुँ | १ |
| ताप्लेजुङ | १ |
| तेह्रथुम | १ |
| **जम्मा** | **१०३** |

(स्रोत : इन्सेक, २०२५)

**मञ्जुषा १.१**

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना
मितिः २०८२।०५।१९

सम्मानित सर्वोच्च अदालतको बृहत पूर्ण इजलासले अदालतको अवहेलनासम्बन्धी मुद्दा (मुद्दा नं. ०८०-CF-००१२) मा स्वदेशी वा विदेशी उत्पत्तिका अनलाइन तथा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई सञ्चालन पूर्व अनिवार्य रूपमा सम्बन्धित साधिकार निकायबाट सूचीकरण गरी अनिच्छित सामाग्रीहरुको मूल्याङ्कन र अनुगमन गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको छ । उक्त आदेश परिपालनाका लागि मिति २०८२।०५।०९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' बमोजिम सात(७) दिनको म्याद दिई सामाजिक सञ्जाल प्लेटफर्महरुलाई सूचीकरण गर्नका लागि मिति २०८२।०५।१२ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तोकिएको समय सिमा भित्र सूचीकरणका लागि मन्त्रालयमा सम्पर्क गर्न नआएका सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नेपालभित्र निष्क्रिय गराउन र सूचीकरण गरेमा सोही क्षणदेखि पुनः सक्रिय गराउन नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइएको व्यहोरा सबै सरोकारवालालाई जानकारी गराइन्छ।

(स्रोत : सञ्चार तथा सूचिना प्रविधि मन्त्रालयको वेवसाइट, २०२५)

पुगेका प्रदर्शनकारीमाथि प्रदर्शन नियन्त्रण गर्ने अनेकौँ तरिका अवलम्बन नगरी अत्यधिक बल प्रयोग गरिँदा भएको हताहतिले मानव अधिकार, लोकतान्त्रिक मूल्य र मान्यताको खिल्ली उडाएको र घटनाको न्यायिक छानविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन, घाइतेहरूको शीघ्र तथा निःशुल्क उपचारको व्यवस्था मिलाउन र आक्रोशित युवाहरूलाई सहमतिमा ल्याई शान्ति र अमनचयन कायम गर्न नेपाल सरकारसँग माग गरेको थियो।

### अत्यधिक बल प्रयोग

भदौ २३ गतेको प्रदर्शनका क्रममा अत्यधिक बल प्रयोग भयो। प्रदर्शनकारीमाथि छाती, टाउको र घाँटीभन्दा माथि गोली प्रहार भएको पाइयो। अत्यधिक बल प्रयोग मानव अधिकारको उल्लङ्घन हो। शान्तिपूर्ण प्रदर्शन रोक्न चेतावनी दिएर हटाउन नसकेपछि मात्र सीमित बल प्रयोग गर्नुपर्ने मान्यता छ। शान्त उपाय विफल भएपछि मात्रै बल प्रयोग गरिनुपर्ने हो, तर यो अभ्यास नेपालमा विरलै हुने गरेको छ। नेपालमा प्रदर्शन र भीड नियन्त्रणको प्राथमिक कानुनी आधार स्थानीय प्रशासन ऐन २०२८ हो । आवश्यक परेमा लाठीचार्ज, अश्रुग्यास, पानीको फोहोराजस्ता गैर घातक उपायहरू प्रयोग गर्न सकिने ऐनमा उल्लेख छ।

**तालिका १.३ दाइजोका कारण महिलामाथि भएको हिंसा**

| जिल्ला | जम्मा |
|---|---|
| दाङ | २ |
| दार्चुला | १ |
| धनुषा | १२९ |
| कैलाली | २ |
| सर्लाही | ९ |
| सिरहा | १ |
| **जम्मा** | १४४ |

(स्रोत : इन्सेक, २०२५)

शान्ति कायम नभएको अवस्थामा मात्र हतियार प्रयोग गर्न पाइने र गर्नु अघि स्पष्ट चेतावनी दिनुपर्छ। गोली प्रहार गर्दा साधारणतया घुँडामुनी प्रहार गर्नुपर्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले अत्यावश्यक अवस्थामा मात्र बल प्रयोग गर्नुपर्ने, सामान्य प्रदर्शनमा बल प्रयोग गर्न नपाइने उल्लेख गरेको छ। तर, भदौ २३ गतेको प्रदर्शनमा माथि उल्लिखित कुनै पनि विषयमा सुरक्षाकर्मीले ध्यान दिएको देखिएन।

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले पनि जीवनको अधिकारलाई मौलिक मानव अधिकारका रूपमा स्वीकार गरेको छ। जीवनको अधिकार मानव अधिकारको सबैभन्दा आधारभूत मान्यता हो। संयुक्त राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले जीवनको अधिकारलाई अविच्छिन्न अधिकारका रूपमा स्वीकार गरेको छ। तर, आन्दोलनका क्रममा भएका मृत्युका घटनाले यो अधिकार गम्भीर रूपमा उल्लङ्घन भएको पुष्टि गर्छ।

प्रदर्शनका क्रममा भएका घटनाले जीवनको अधिकारको गम्भीर उल्लङ्घन भयो। दोषीको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याइएन भने दण्डहीनताको संस्कृतिलाई थप बल पुऱ्याउने कारक बन्न सक्छ। दुई दिनको प्रदर्शनका क्रममा ७७ जनाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। मृत्यु भएकामध्ये सात जनाको हालसम्म सनाखत हुन सकेको छैन। शान्तिपूर्ण भनिएको प्रदर्शन कसरी हिंसात्मक हुन पुग्यो ? यो विषयको निर्क्यौल गर्न सकिएन र घटनाका दोषीलाई कानुनको दायरामा ल्याइएन भने विगतदेखि कायम रहेको दण्डहीनतालाई अझ मलजल पुग्नेमा दुइमत छैन।

**भदौ २४ः जवाफदेहिताको प्रश्न**

भदौ २३ गते प्रहरीद्वारा गरिएको अत्यधिक बल प्रयोगका कारण भएको मानवीय क्षतिको विरोधमा भदौ २४ गते काठमाडौँ उपत्यका लगायत देशका धेरै स्थानमा प्रदर्शनहरू भए। सो प्रदर्शन शान्तिपूर्ण भएन, विध्वंशमा परिणत भयो। अघिल्लो दिन सुरक्षाकर्मीबाट भएको अत्यधिक बल प्रयोग र विरोधमा भदौ २४ गते गरिएको प्रदर्शन र सो क्रममा भएको क्षतिलाई तुलना गर्न मिल्दैन। तर, देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, अदालतहरू, सरकारी कार्यालयहरू, प्रहरी कार्यालय, औद्योगिक तथा व्यापारिक संरचना, पार्टी कार्यालयहरू, निजी निवास तथा सम्पत्तिमा भएको आगजनी तथा विध्वंशमा देशको प्रमुख सुरक्षा निकायको भूमिकामाथि पनि उत्तिकै प्रश्नहरू तेर्सिए। भदौ २४ गतेको प्रदर्शन केवल सडक प्रदर्शनमा मात्र सीमित रहेन। यो प्रदर्शन राज्यका तीनै ओटा अङ्ग (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) का भौतिक संरचनाहरूमाथि लक्षित देखिन्थ्यो। प्रदर्शनका क्रममा सर्वोच्च अदालत, सङ्घीय संसद भवन र देशको मुख्य प्रशासनिक केन्द्र, सिंहदरबारमा सैयौँको भिडले आगजनी गऱ्यो। आगजनीका कारण संसद र सिंहदबारका महत्त्वपूर्ण दस्तावेज जलेर नष्ट भए। भदौ २४ गते देशमा भएको घटनाका क्रममा राज्यको प्रभावकारी उपस्थिति देखिएन। असोज ३१ गते नेपाली सेनाले गरेको पत्रकार सम्मेलनमा सिंहदरबार किन जोगाइएन भन्ने प्रश्नको उत्तर दिँदै युद्धकार्य निर्देशनालयका प्रमुख तथा सहायक रथी मनोज थापाले अत्यन्त संयमता अपनाइ घातक शक्तिभन्दा कमका उपायहरू 'लेस देन लिथल' (कम घातक) उपाय अपनाएको, ४६ राउन्ड हवाइफायर र दुई दुई पटक मेन गेटबाट छिरेको उत्तेजित भीडलाई धकेलेर, सम्झाएर फर्काइएको, पछि ठूलो सङ्ख्यामा चारै दिशाबाट अत्यन्तै आक्रोशित भएर छिरेपछि ठूलो मानवीय क्षतिबाट बाहेक नरोकिने कुरा प्रस्ट देखिन्थ्यो।

**मञ्जुषा १.२**



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

२० भदौ, २०८२

सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा पुनर्विचार गर

नियमन र व्यवस्थापनका लागि वैकल्पिक उपाय अवलम्बन गर

नेपाल सरकारले सामाजिक सञ्जालहरूलाई बन्द गर्ने भनी गरेको निर्णयप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले सामाजिक सञ्जालका प्रयोगकर्ताहरूमा असर पार्ने मात्र नभई लोकतान्त्रिक शासन व्यवस्थाको मर्म र मानव अधिकारको मूल्यमान्यता विपरीत समेत हुन जान्छ।

कुनै पनि सेवाप्रदायकलाई सेवा सञ्चालन गर्नुपूर्व नै कानूनी रूपमा दर्ता गराउने, सूचीकृत गर्ने वा नियमन गर्ने गराउने कर्तव्य, दायित्व र अधिकार सरकारको रहन्छ। तर नियमन र व्यवस्थित गर्ने नाममा लामो समयदेखि सञ्चालनमा रहेका र आमनेपालीको अभिव्यक्ति र सञ्चारको जीवनशैली बनिसकेको सामाजिक सञ्जालहरू बन्द गर्ने निर्णयबाट आमउपभोक्तामा असर पर्न गएको देखिएको छ। यस प्रकारको कार्यले नेपालको संविधानले व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रताको हक (धारा १७), सञ्चारको हक (धारा १९), सूचनाको हक (धारा २७) जस्ता मौलिक हकहरूको सङ्कुचन हुनुका साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९ मा उल्लेख गरिएको अभिव्यक्ति स्वतन्त्रताको अधिकारको प्रतिकूल समेत हुन जाने स्पष्ट छ।

अतः आमनागरिकको जीवनको अभिन्न अङ्ग बनिसकेको सामाजिक सञ्जाल बन्द गर्दा आमनागरिकमा पर्न सक्ने प्रभावको आँकलन गर्दै सामाजिक सञ्जाल बन्द गर्न भनी सरकारले गरेको निर्णयमाथि पुनर्विचार गर्न तथा सामाजिक सञ्जालहरू नियमन र व्यवस्थापनका लागि वैकल्पिक उपाय अवलम्बन गरी नेपालको संविधान तथा अन्तर्राष्ट्रिय कानूनमा व्यवस्था भएका अधिकारहरूको उपभोगको सुनिश्चितता गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

(स्रोत : राष्ट्रिय मानव अधिकार आयोग वेवसाइट, २०२५)

**तालिका १.४ सन् २०२५ मा मानव अधिकार रक्षकको अवस्था**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तार | १ | ६ | ७ | | | | ७ |
| कुटपिट | ३ | ११ | १४ | ४ | २८ | ३२ | ४६ |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| घाइते | ९ | २२ | ३१ | | १७ | १७ | ४८ |
| हत्या | | | | २ | ३ | ५ | ५ |
| जातीय विभेद | | | | २ | | २ | २ |
| महिला अधिकार | | | | ६० | | | ६० |
| धम्की | | ७ | ७ | २ | १३ | १५ | २२ |
| जम्मा | १३ | ४६ | ५९ | ७० | ६३ | १३३ | १९२ |

(स्रोत : इन्सेक, २०२५)

**मञ्जुषा १.३**


सम्माननीय राष्ट्रपतिज्यू,

सम्बत् २०८१ साल असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्री नियुक्त भएकोमा हाल मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै संविधान सम्मत राजनीतिक निकासका र समस्या समाधनको थप पहलको लागि संविधानको धारा ७७ (१) क बमोजिम आजैका मितिदेखि लागु हुनेगरी प्रधानमन्त्री पदबाट राजीनामा दिएको छु।

केपी शर्मा ओली
प्रधानमन्त्री

मितिः २०८२।०५।२४

(स्रोत : इन्सेक अनलाइन, २०२५)

त्यसकारण समग्र घटनामा शान्ति सुरक्षा कायम गर्ने उद्देश्यका साथ नेपाली सेनाले आवश्यकता अनुसार पहलता लिएको र मानवीय सुरक्षा भौतिक सुरक्षाभन्दा महत्त्वपूर्ण रहेको बुझाइ नेपाली सेनाको रहेको बताए।

प्रदर्शनकारीको मुख्य निशानामा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको पार्टी कार्यालयहरू, अदालतहरू, कारागारहरू भएका थिए। प्रधानमन्त्री केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालसहित प्रमुख दलका शीर्ष नेताहरूका निजी निवासमा भिडले आगजनी गर्‍यो। ठूला राजनीतिक दलका कैयौँ नेताका घरहरू तोडफोड तथा आगजनी भयो। राष्ट्रपति कार्यालय शितल निवासमा आगजनी भयो। प्रदर्शनकारीको निशानामा नेपाल प्रहरी पर्‍यो। प्रदर्शनकारीले गरेको घातक आक्रमणमा तीनजना प्रहरीको मृत्यु भयो। इन्सेकले गरेको अभिलेख अनुसार २ सय २४ प्रहरी कार्यालयहरूमा आगजनी तथा तोडफोड भयो। भदौ २४ गते प्रहरी संयन्त्र यति कमजोर अवस्थामा पुग्यो की जसले आफ्नै कार्यालयमा जीवन रक्षाको गुहार मागिरहेका आफ्ना कर्मचारीको जीवन रक्षाका लागि उपयुक्त कदम चाल्न सकेन। प्रदर्शन र तोडफोड उपत्यकामामात्र केन्द्रित थिएन। देशका कैयौँ जिल्लामा तोडफोड र आगजनीका घटना भए। राजनीतिसँग कुनै सरोकार नभएका निजी प्रतिष्ठानमा गरिएको आगजनीले निजीक्षेत्रमा ठूलो निराशा पैदा गर्‍यो। नेपाल उद्योग वाणिज्य महासंघले भदौ २७ गते एक विज्ञप्ति प्रकाशन गरी देशभर निर्वाध पेसा व्यवसाय गर्न सक्ने वातावरण बनाउन आह्वान गर्‍यो। महासंघले उद्योग व्यवसायमा भएको तोडफोड र आगजनीको भर्त्सना गर्दै सुरक्षा व्यवस्था आवश्यक भएको बतायो। आन्दोलनका क्रममा कतिपय उद्यमी व्यवसायीको उद्योग, प्रतिष्ठान, कार्यालय एवम् निवासमा समेत तोडफोड र आगजनीका घटना भएको र व्यक्तिगत एवम् व्यवसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासंघले भर्त्सना गर्‍यो।

त्यसैगरी महासङ्घले कात्तिक १० गते प्रकाशन गरेको अर्को विज्ञप्तिमा नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएको घुसपैठबाट उद्योग, व्यवसाय र निजी सम्पत्तिमाथि भएको लुटपाट, तोडफोड र आगजनीमा संलग्नबारे छानविन गरि कारबाही अगाडि बढाउन र सुरक्षाको प्रत्याभूतिका लागि सरकारसँग आग्रह गरिएको छ। घटनामा संलग्नहरूको जाहेरी नै नलिएको सदस्यहरूबाट गुनासो आइरहेको हुँदा यसले समाजमा दण्डहीनता मौलाउँदै जाने र व्यवसायी हतोत्साही हुने उल्लेख गर्दै यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौँ विज्ञप्तिमा उल्लेख छ।

आन्दोलन उग्र र हिंसात्मक हुन थालेपछि भदौ २४ गते दिउँसो राजीनामा दिएका प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाली सेनाले प्रधानमन्त्री निवास बालुवाटारबाट उद्धार गर्‍यो। असोज ९ गते सार्वजनिक हुनुअघिसम्म उनलाई कुन ठाउँमा राखिएको थियो भन्ने सूचना बाहिर आएन।

**तालिका १.५ सन् २०२५ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| बेचबिखन तथा ओसारपसार | ३९ | २ | ४१ | ४१ |
| विद्यालयमा दिइने दण्ड सजाय | ५ | १५ | २० | २० |
| बलात्कार | ६९६ | | ६९६ | ६९६ |
| सामूहिक बलात्कार | ४० | | ४० | ४० |
| हाडनाता करणी | ५० | | ५० | ५० |
| बलात्कारपछि हत्या | ३ | | ३ | ३ |
| यौन दुर्व्यवहार | २५७ | ५ | २६२ | २६२ |
| साइबर अपराध | २३७ | | २३७ | २३७ |
| जम्मा | १३२७ | २२ | १३४९ | १३४९ |

(स्रोत : इन्सेक, २०२५)

नेपाली सेनाले भैँसेपाटीस्थित मन्त्रीनिवासबाट मन्त्रीहरूलाई उद्धार गऱ्यो। नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पत्नी आरजु देउवामाथि उनीहरूकै निवासमा साङ्घातिक आक्रमण भयो।

प्रधान सेनापति अशोकराज सिग्देलले भदौ २४ राती करिब ९ बजे सम्बोधन गर्दै सोही राती १० बजेदेखि नेपाली सेना परिचालन हुने बताए।

सेना परिचालन भएपछि हिंसाका घटनामा क्रमशः कमी आयो। प्रधानमन्त्रीले राजीनामा दिई भदौ २७ गते सरकार गठन नहुन्जेलसम्मको अवधिमा नेपाली सेनाले निर्वाह गरेको भूमिकाका बारेमा विभिन्न मत एवम् प्रश्नहरू छन्।

भदौ २७ गते प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी फागुन २१ गते निर्वाचन गर्ने जिम्मेवारीसहित पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुभयो।

**मञ्जुषा १.४**

**राष्ट्रपतिको कार्यालय**

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

<u>विज्ञप्ति</u>

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मुलुकमा उत्पन्न विषम तथा असाधरण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान बमोजिम राष्ट्रपतिका अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशिला कार्की, मोरडलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको छ।

साथै, आज राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष नवनियुक्त सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्कीज्यूले नेपालको संविधानको धारा ८० बमोजिम प्रधानमन्त्री पदको पद तथा गोपनीयताको शपथ लिनु भएको छ ।

२०८२ साल भदौ २७ गते शुक्रबार।
ने.सं. ११४५ अलागा पञ्चमी।

(रुपेश जंग थापा मगर)
उपसचिब

(स्रोत : राष्ट्रपति कार्यालयको वेवसाइट, २०२५)

**संवैधानिक रिक्तता**

आन्दोलनको माग प्रधानमन्त्रीको राजीनामामा परिणत हुँदा प्रधानमन्त्री केपी शर्मा ओली भदौ २४ गते मध्यान्ह राजीनामा दिन बाध्य भए। प्रधानमन्त्रीको राजीनामापछि भदौ २७ गते साँझसम्म देश सरकारविहीन बन्यो। राष्ट्रपतिले पूर्व प्रधानन्यायाधीश सुशीलालाई कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेपछि सरकारले प्रतिनिधिसभा विघटन गऱ्यो। ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने र संवैधानिक सरकार गठनको आधार

**तालिका १.६ सन् २०२५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | जम्मा |
|---|---|---|
| घरेलु हिंसा | ४,४९१ | ४,४९१ |
| बेचबिखन तथा ओसारपसार प्रयास | १६ | १६ |
| 'बोक्सी'को आरोप | २२ | २२ |
| दाइजोजनित हिंसा | १४४ | १४४ |
| बलात्कार | ५०० | ५०० |
| सामूहिक बलात्कार | २२ | २२ |
| हाडनाता करणी | ३२ | ३२ |
| बलात्कार प्रयास | १५८ | १५८ |
| यौन दुर्व्यवहार | ३९ | ३९ |
| बेचबिखन तथा ओसारपसार | ४५ | ४५ |
| साइबर अपराध | ३९३ | ३९३ |
| बलात्कारपछि हत्या | ६ | ६ |
| पारिवारिक हत्या | १०३ | १०३ |
| **जम्मा** | ५,९७१ | ५,९७१ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका मञ्जुषा १.५**

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्कीज्यूको सिफारिस बमोजिम मिति २०८२ साल भदौ २७ गते शुक्रबार रातको ११:०० बजेदेखि लागू हुने गरी बर्तमान प्रतिनिधि सभाको विगठन गर्नु भएको छ। मिति २०८२ साल फागुन २१ गते बिहीबारका दिन नयाँ प्रतिनिधि सभाको निर्बाचन गर्ने गरी मिति तोक्नु भएको छ।

२०८२ साल भदौ २७ गते शुक्रबार।
ने.सं. ११४५ अलागा पञ्चमी।

(रुपेश जंग थापा मगर)
उपसचिव

(स्रोत : राष्ट्रपतिको कार्यालयको वेवसाइट, २०२५)

तयार गर्ने जिम्मेवारीसहित गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गतेलाई निर्वाचनको मिति तोक्यो।

संवैधानिक रिक्तताकाबीच राष्ट्रपतिले गठन गरेको सरकार अरू हिसाबले स्वतन्त्र देखिए पनि नवयुवा पुस्ताको दबाबमा रहेको सर्वसाधारणले महसुस गरे। नेपाल सरकार र नवयुवा पुस्ताबीच मङ्सिर २४ गते १० बुँदे सहमति भयो। सहमतिपत्रमा शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतिकरणसहितको परिपूरण, भदौ २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार, राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य, स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता, नेपालको संविधानमा गर्नुपर्ने सुधार, पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता, सम्झौता लागू हुने मिति र सम्झौताको कार्यान्वयन लगायतका विषय समेटिएका छन्। उल्लेखित सम्झौताका बुँदाभित्र गरिएका व्याख्याले भने देशलाई दीर्घकालीन प्रभाव पार्ने देखिन्छ। सम्झौता नेपालको संविधान विपरीत भएको भन्दै सर्वोच्च अदालतमा परेको रिट सुनवाइको चरणमा छ।

**दण्डहीनता र छानविन आयोग**

मन्त्रिपरिषद्को २०८२ असोज ५ गते बसेको बैठकले नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएका घटनाहरूको छानबिन गर्न विशेष अदालतका पूर्व अध्यक्ष एवं पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्व एआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य रहेको छानविन आयोग गठन गर्ने निर्णय गऱ्यो। भदौ २९ गते प्रधानमन्त्री पदको सपथ लिएपछिको संक्षिप्त सम्बोधनमा

**तालिका १.७ सन् २०२५ मा पीडित भएका ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | १ | | १ | १ |
| कुटपिट | | | | १ | १ | २ | २ |
| कारागारमा मृत्यु | | १४ | १४ | | | | १४ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| घाइते | ३ | ७ | १० | ७ | १० | १७ | २७ |
| हत्या | | | | ८ | १६ | २४ | २४ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| धम्की | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | ६८ | | ६८ | ६८ |
| जम्मा | ३ | २१ | २४ | ८६ | ३० | ११६ | १४२ |

(स्रोत : इन्सेक, २०२५)

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गते भएका घटनाको छानविन गर्न उच्चस्तरीय आयोग गठन गर्ने बताउनु भएको थियो। सम्बोधनका क्रममा कार्कीले भदौ २४ गतेको आगजनीबाट सिंहदरबारदेखि सर्वोच्च अदालत, तराईका सबै जिल्ला अदालत एवं उच्च अदालतहरू जलेका र फाइलहरू नष्ट भएका बताउँदै कागजपत्र एवं प्रमाणहरू जलेर नष्ट हुनु ठूलो समस्याको विषय भएको बताउनु भयो। उहाँले 'राज्यका महत्त्वपूर्ण संस्थाहरूमाथि गरिएका तोडफोड र आगजनीका घटना देख्दा नेपाली नै भएर यो काम गरेको हो भने तिनलाई कसरी नेपाली भन्ने'? यस्तो कार्यमा संलग्नलाई छानबिन गरी कारबाही गरिने बताउनु भएको थियो।

भदौ २४ गते भएको आगजनी तथा लुटपाटमा संलग्नहरूलाई प्रहरीले प्रमाणसहित गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाउन थालेपछि असोज ९ गते गृह मन्त्रालयले एक प्रेस विज्ञप्ति प्रकाशन गरी प्रदर्शनका क्रममा पक्राउ परेकाहरूलाई रिहा गर्न प्रहरीलाई निर्देशन दियो। गृह मन्त्रालयले असोज ९ गते विज्ञप्ति जारी गर्दै उच्चस्तरीय जाँचबुझ आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा सरकारको नियमित संयन्त्रबाट तत्काल कारबाही अघि नबढाइने जानकारी दिएको थियो। मन्त्रालयको विज्ञप्तिमा 'आयोगलाई कारबाहीका लागि रायसमेत दिने कार्यादेश रहेको हुँदा आयोगबाट कार्यादेशबमोजिमको रायसहितको प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने व्यहोरा जानकारी गराइन्छ।' उल्लेख थियो।

अपराधमा संलग्नहरू धमाधम रिहा हुन थालेपछि जाँचबुझ आयोगले असोज २१ गते एक विज्ञप्ति प्रकाशन गरी फौजदारी कसुरमा संलग्न

**मञ्जुषा १.६**


नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

प्रेस विज्ञप्ति

नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रणलगायतका माग राखी जेन-जी (Gen-Z) पुस्ताद्वारा मिति २०८२ भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा भएका भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम जाँचबुझ आयोग गठन भई आयोगले मिति २०८२ आश्विन ९ गतेदेखि कार्य प्रारम्भ गरेको छ। आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने समेतको कार्यादेश रहेको हुँदा आयोगबाट सो कार्यादेश बमोजिम राय सहितको प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानून बमोजिम गर्ने व्यहोरा जानकारी गराइन्छ। तसर्थ आयोगको कार्यक्षेत्रमा रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडी नबढाइने तर गैर कानूनी रुपमा भएका र हुने गतिविधिमा कानून अनुसार कारबाही हुने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ।

मिति: २०८२/०६/०९
नेपाल संवत ११४५

आनन्द काफ्ले
सहसचिव/प्रवक्ता

(स्रोत : गृहमन्त्रालयको वेवसाइट, २०२५)

जोकोहीलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने स्पष्ट पार्‍यो। आयोगका सदस्य विज्ञानराज शर्माले जारी गरेको विज्ञप्तिमा 'आयोगबाट सो कार्यादेशबमोजिम रायसहितका प्रतिवेदन प्राप्त भए पश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने भन्ने गृह मन्त्रालयबाट मिति २०८२।०६।९ गते जारी विज्ञप्तिप्रति आयोगको ध्यानाकर्षण भएको छ।' 'आयोगको कार्यक्षेत्रमा रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडि नबढाइने

**तालिका १.८ सन् २०२५ मा पेसागत आधारमा पीडित भएका मानव अधिकार रक्षकहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | जम्मा |
| इन्जिनियर | | १ | १ | १ | १ | २ | ३ |
| स्वास्थ्यकर्मी | २ | ३ | ५ | ३० | ११ | ४१ | ४६ |
| मानव अधिकार रक्षक | | ३ | ३ | ४ | १ | ५ | ८ |
| पत्रकार | २ | १३ | १५ | ७ | ४० | ४७ | ६२ |
| कानुन व्यवसायी | | १ | १ | | २ | २ | ३ |
| सामाजिक कार्यकर्ता | १ | २ | ३ | ३ | २ | ५ | ८ |
| शिक्षक | ८ | २३ | ३१ | २५ | ६ | ३१ | ६२ |
| जम्मा | १३ | ४६ | ५९ | ७० | ६३ | १३३ | १९२ |

(स्रोत : इन्सेक, २०२५)

तर गैरकानुनी रूपमा भएका र हुने गतिविधिमा कानुनअनुसार कारबाही हुने व्यहोरा सबैमा जानकारी गराइन्छ।' प्रहरीले गर्ने नियमित अनुसन्धान प्रभावित हुने भन्दै गृह मन्त्रालयको उक्त निर्णयको विरोध भएको थियो। सोही क्रममा विज्ञप्ति प्रकाशित गरेर आयोगले आफ्नो धारणा स्पष्ट पारेको थियो।

आयोग गठन भएपछि यसले प्रमाण सङ्कलन, सरोकारवाला व्यक्तिसँग बयान, घटनाको पृष्ठभूमिको अध्ययनजस्ता विषयमा आफूलाई केन्द्रित गरिरहेको छ। आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकसँग पनि बयान लियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आयोगमा बयान नदिने अडान गरिरहे। अन्ततः उनको निवासमै गएको आयोगको टोलीलाई लिखित बयान दिएको समाचार प्रकाशनमा आयो। यो वर्षको अन्त्यसम्म प्रतिवेदन तयारीमा व्यस्त रहेको आयोगले कस्तो प्रतिवेदन तयार पार्ला प्रतीक्षाकै विषय रह्यो। २०४६ सालयता बनेका कयौँ आयोगका प्रतिवेदनले गरेका सिफारिस कार्यान्वयन भएका छैनन्। बरु ती आयोगले दोषी ठहऱ्याएका व्यक्तिहरू राज्यको उपल्लो तहमा पुग्न सफल भएका थिए। देशमा कायम रहेको दण्डहीनताले मानव अधिकार प्राप्तीमा ठूलो असर गरेको विषय इन्सेकले आफ्ना प्रतिवेदनमा निरन्तर उठाउँदै आएको छ। आगामी दिनमा पनि यही कार्य नदोहोरिने कुनै सुनिश्चितता छैन। यस सन्दर्भमा निरन्तरको खबरदारी आवश्यक छ।

इन्सेकले गरेको अभिलेख अनुसार भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा ४ हजार ५ सय ६२ भौतिक संरचनामा र भौतिक सामग्रीमा तोडफोड तथा आगजनी भयो। सर्वोच्च अदालतसहित अन्य २३ अदालत, ९ सय ५२ सरकारी कार्यालयहरू, २ सय २४ प्रहरी कार्यालयहरू, राजनीतिक दलका १ सय ८४ कार्यालयहरू, ३ सय २६ निजी घर, कार्यालय तथा प्रतिष्ठान, २ हजार ५ सय ३४ सवारी साधनमा आगजनी र तोडफोड भए।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णयअनुसार राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठित समितिले सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन गर्दै पुनर्निर्माण योजना तयार पारेको प्रतिवेदन प्रधानमन्त्रीलाई बुझायो। सरकारी क्षति मूल्याङ्कन प्रतिवेदन अनुसार सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रमा व्यापक क्षति भएको छ। अन्य

**तालिका १.९ सन् २०२५ प्रदेशगत आधारमा पीडित अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

भौतिक सम्पत्तिमा मात्रै करिब २० अर्ब ३६ करोड ४० लाख रुपियाँ बराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ।

**सन् २०२५ र मानव अधिकारका सवालहरू**

यस वर्ष राज्यपक्षबाट ५६ जनाको हत्या भयो। यसमध्ये ४५ जनाको भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा धादिङ कारागारका दुई जना, रामेछाप कारागारमा तीन जना र बाँकेको नौबस्ता बालसुधार गृहका पाँच जनाको कारागारबाट भाग्न खोज्दा प्रहरीको गोली लागी मृत्यु भएको थियो। इन्सेकले गरेको अभिलेख अनुसार यस वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ११ हजार ५ सय ३८ जना पीडित भए। जसमध्ये राज्यपक्षबाट २ हजार ७ सय ५ र अन्यपक्षबाट ८ हजार ८ सय ३३ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएका थिए। गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १० हजार ७ सय ३४ जना पीडित भएका थिए। गत वर्ष भन्दा यो वर्ष ८ सय ४ जना बढी पीडित भए।

यस वर्ष प्रहरी हिरासतमा चार जनाको मृत्यु भयो। हिरासतमा भएका सबैजसो मृत्युका घटनालाई आत्महत्या वा उपचारको क्रममा भएको प्रहरीले बतायो। हिरासतमा हुने आत्महत्याको घटना रोकथामका लागि पहलकदमी लिइएको देखिएन। गत वर्ष हिरासतमा पाँच जनाको मृत्यु भएको थियो। गत वर्ष पनि हिरासतको मृत्युलाई आत्महत्या बताइएको थियो। २४ घण्टा प्रहरी निगरानी रहने हिरासतमा हुने घटनाको दायित्वबाट प्रहरी अधिकारी पन्छिन मिल्दैन।

**तालिका १.१० सन् २०२५ मा पेसागत आधारमा पीडित सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| इन्जिनियर | | १ | १ | १ | १ | | | २ | ३ |
| स्वास्थ्यकर्मी | २ | ३ | ५ | ३० | ११ | | | ४१ | ४६ |
| मानव अधिकार रक्षक | | ३ | ३ | ४ | १ | | | ५ | ८ |
| पत्रकार | २ | १३ | १५ | ७ | ४० | | | ४७ | ६२ |
| कानुन व्यवसायी | | १ | १ | २ | | | | २ | ३ |
| सामाजिक कार्यकर्ता | १ | २ | ३ | ३ | २ | | | ५ | ८ |
| शिक्षक | ८ | २३ | ३१ | २५ | ६ | | | ३१ | ६२ |
| कृषि | १७ | २१३ | २३० | १८९७ | २४८ | | | २१४५ | २३७५ |
| सुरक्षाकर्मी | ४ | ३२ | ३६ | ९३ | ५२५ | | | ६१८ | ६५४ |
| व्यापारी | ३ | ७९ | ८२ | २४६ | ११ | | | २५७ | ३३९ |
| निजी र सरकारी सेवा | १ | ११ | १२ | २६६ | ११ | | | २७७ | २८९ |
| सरकारी कर्मचारी | | १ | १ | १५ | ४ | | | १९ | २० |
| गृहिणी | ६ | | ६ | ३१७९ | | | | ३१७९ | ३१८५ |
| श्रमिक | | २४ | २४ | ५७ | २३ | | | ८० | १०४ |
| राजनीतिक कार्यकर्ता | ९ | ९० | ९९ | ८० | २४ | | | १०४ | २०३ |
| कैदीबन्दी | ५ | ७१ | ७६ | | २४ | | | २४ | १०० |
| विद्यार्थी | ७३ | १३५१ | १४२४ | ८३९ | ९३ | | | ९३२ | २३५६ |
| नखुलेको | ९५ | ५६१ | ६५६ | ८५९ | १५८ | १२ | १ | १०५० | १७०६ |
| नाबालक | | | | १२ | ३ | | | १५ | १५ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |

(स्रोत : इन्सेक, २०२५)

**मञ्जुषा १.७**



नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

टेलिफोन न :- ५९७१५७
ईमेल :- dte-dpr@nepalarmy.mil.np

जनसम्पर्क तथा सूचना निर्देशनालय
जङ्गी अड्डा
काठमाडौं, नेपाल ।

मिति २०८२/०५/२४ गते ।

<u>नेपाली सेना लगायत अन्य सुरक्षा निकायहरु तैनाथ हुने सम्बन्धमा</u>

१. हालको विषम परिस्थितिको अनुचित फाइदा उठाई केही समूहहरुले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुऱ्याउने, लुटपाट एवम् आगजनी गर्ने कार्य भइरहेको हुँदा यस किसिमका गतिविधिहरु नगर्न/नगराउन नेपाली सेना पुनः आग्रह गर्दछ ।

२. यस किसिमका गतिविधिहरु नरोकिएको खण्डमा नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरु आफ्नो प्रमुख जिम्मेवारी नेपाल र नेपालीको सुरक्षाको लागि स्थिति नियन्त्रण गर्न मिति २०८२ भाद्र २४ गते रातीको १० बजेबाट दृढ रहने प्रतिबद्धता जानकारी गराउँदछौं । सम्पूर्ण राष्ट्रबासीलाई सहयोगको लागि हार्दिक अपिल समेत गर्दछौं ।

३. तत्पश्चात, सुरक्षा स्थितिको पुनर्मूल्याङ्कन गरी थप सूचना जारी गरिने छ ।

(स्रोत : इन्सेकअनलाइन, २०२५)

**स्वास्थ्यको अधिकार**

स्वास्थ्य संस्थामा विगतकै जस्ता समस्या दोहोरिए। दरबन्दीअनुसार चिकित्सक नहुने, सरकारले नि:शुल्क उपलब्ध गराउने भनेका औषधि उपलब्ध नहुनु, स्वास्थ्य संस्थामा उपकरण अभाव र उपकरण भएका अस्पतालमा जनशक्तिको अभाव हुने समस्या नेपालको स्वास्थ्य क्षेत्रले विगतदेखि भोग्दै आएको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयनको टड्कारो आवश्यकता देखियो। नि:शुल्क भनिएका औषधी बीमितले नपाउने, उपचारका लागि लामो समय कुर्नुपर्ने, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा नराखिने गरेको गुनासो बिमितहरूको रह्यो भने बिमावापतको रकम अस्पताललाई सरकारले भुक्तानी नगरेको जनाउँदै कयौं अस्पतालहरूले बिमा सेवा बन्द गरिएको घोषणा गरे। सरकारले आर्थिक स्रोतको प्रभावकारी सुनिश्चितता गर्न नसक्दा बिमा सेवा नै बन्द हुने होकी भन्ने संशय कायम रह्यो। दुर्गम स्थानका स्वास्थ्य संस्थामा जनशक्ति र उपकरणको अभाव यो वर्ष पनि कायम रह्यो। समयमा उपचार नपाउँदा सुत्केरी महिलाको मृत्यु भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

*दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका-१ की २५ वर्षीया द्रोपती जागरीको ०८१ माघ ४ गते सुत्केरी गराउन स्वास्थ्य इकाइमा लगिएकोमा उनको मृत्यु भयो। सुत्केरी व्यथा लागेपछि गाउँबाट एक घण्टा बोकेर स्वास्थ्य इकाइ, सितीमा पुऱ्याएकोमा उनको मृत्यु भएको स्थानीय कमानसिंह धामीले बताए। बर्थिङ सेन्टर रहेको सो स्वास्थ्य इकाइमा ढिलोगरी ल्याइएको कारण बचाउन नसकिएको अनमी पार्वती धामी बताइन्। अपिहिमाल गाउँपालिकामा सडक सञ्जाल र विद्युत नपुगेको, स्वास्थ्य इकाइमा पर्याप्त उपकरण नभएको र हेलिकप्टरको व्यवस्थापन गर्न प्रयास गरिएको भए पनि ढिलो भएको कारण सुत्केरी महिलाको ज्यान जोगाउन नससकिएको अपि हिमाल गाउँपालिकाका स्वास्थ्य संयोजक राजेन्द्रसिंह धामीले बताए।*

**सङ्क्रमणकालीन न्याय**

पीडितहरूको विरोधका बाबजुद सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगमा ०८२ वैशाख ३१ गते पदाधिकारी नियुक्त गऱ्यो। राजनीतिक भागबण्डाका आधारमा गरिएको नियुक्तिले सङ्क्रमणकालीन न्यायको मर्मलाई आत्मसात गर्न नसक्ने पीडितहरूले बताए। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको समितिले सिफारिस गरेका नामलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको थियो। 'विधि प्रक्रिया र मापदण्ड मिचेर तेस्रोपटक पनि दलीय भागबण्डा र नेताको खल्तीबाट गठित र राजनीतिक नेतृत्वबाट नियन्त्रित सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तत्काल खारेज गर' भन्दै द्वन्द्वपीडितले नियुक्ति प्रकृयाप्रति निरन्तर विरोध जनाए। सङ्क्रणमकालीन न्यायको विषय गम्भीर र जटिल भएकाले सक्षम व्यक्तिलाई आयोगहरूमा नियुक्त गरिनुपर्ने इन्सेकले जनाएको थियो। नेपालमा १० वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादती घटनाका दोषीमाथि कारबाही गरी पीडित परिवारलाई न्याय दिलाउने विषय राज्यको प्राथमिकतामा नपर्नुले मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा राज्य उदासिन भएको प्रष्ट हुन्छ। बदलिँदो

**तालिका १.११** **सन् २०२५ मा जातिगत आधारमा पीडित सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| आदिवासी | १० | १२१ | १३१ | ८७ | ४७ | | | १३४ | २६५ |
| वैश्य | | ३ | ३ | २१ | ५ | | | २६ | २९ |
| बानिया | १ | ६ | ७ | १५ | | | | १५ | २२ |
| ब्राम्हण | ४० | ६५९ | ६९९ | ७८४ | १४१ | | | ९२५ | १६२४ |
| क्षेत्री | ५३ | ५२२ | ५७५ | ९९८ | २२४ | | | १२२२ | १७९७ |
| दलित | १६ | २०० | २१६ | ११३५ | १२३ | | १ | १२५९ | १४७५ |
| जनजाति | ४१ | ४२५ | ४६६ | १८१५ | २३१ | | | २०४६ | २५१२ |
| कायस्थ | | १ | १ | १३ | ३ | | | १६ | १७ |
| कोइरी | | | | ९२ | १३ | | | १०५ | १०५ |
| मण्डल | १ | २९ | ३० | १८० | १३ | | | १९३ | २२३ |
| मुस्लिम | २ | ५४ | ५६ | ३४४ | २७ | | | ३७१ | ४२७ |
| नखुलेको | ४७ | २२२ | २६९ | १२५३ | २९१ | १२ | | १५५६ | १८२५ |
| नेवार | ७ | १३३ | १४० | १९३ | ५ | | | १९८ | ३३८ |
| तेली | १ | १० | ११ | २६४ | २९ | | | २९३ | ३०४ |
| यादव | ७ | ९४ | १०१ | ४१८ | ५६ | | | ४७४ | ५७५ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |

(स्रोत : इन्सेक, २०२५)

राजनीतिक परिदृष्यमा सङ्क्रमणकालीन न्यायको विषय कम प्राथमिकतामा पर्ने हो की भन्ने चिन्ता थपिएको छ। पीडितको असहमतिकाबीच गठन भएका आयोगहरू हाल के गरिरहेका छन् भन्ने विषय सार्वजनिक भएन। बरु द्वन्द्वका क्रममा यौन हिंसामा परेका व्यक्तिलाई आयोगमा एक महिनाभित्र उजुरी दिन सत्य निरूपण तथा मेलमिलाप आयोगले गरेको सार्वजनिक आह्वानप्रति सरोकारवालाले विरोध जनाए। आयोगले यौन हिंसाजस्तो गम्भीर विषयलाई हल्का रूपमा लिएको देखियो। द्वन्द्वपीडितहरूसँगको संवाद गर्ने विषयमा आयोगका पदाधिकारीले सक्रियता देखाउन सकेनन्। पीडितको असहमति कायम रहँदा सङ्क्रमणकालीन न्यायको विषय अझ दुरुह हुँदै गएको आभाष भयो।

### खाद्य अधिकार

नेपालको संविधानले खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा व्याख्या गरेको छ। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेला सिंचाइ, मलखाद तथा बीउबिजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनुजस्ता कारणले खाद्य परनिर्भरताको अवस्था बढेर गयो। बसाइ सराइका कारण खेतीयोग्य जमिन बाँझो भएको समाचार प्रकाशनमा आए। कर्णाली तथा सुदूरपश्चिम प्रदेशका हिमाली जिल्लामा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा अझै प्रभावकारी कार्य हुन नसकेको देखियो। पौष्टिक आहारसहितको खाद्यान्नको अधिकार मानिसको स्वास्थ्य र जीवनको अधिकारसँग पनि सम्बन्धित हुन्छ। खाद्य असुरक्षामा मूलतः गरिब, चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे र भूमिहीन समुदायका नागरिकका लागि राज्यले यस वर्ष पनि दीर्घकालीन योजनासहित प्रभावकारी कार्य गर्न सकेको पाइएन।

### शिक्षाको अधिकार

सर्वसुलभ गुणस्तरीय शिक्षा पाउनु मानव अधिकारको विषय हो। संविधानको मौलिक हकअन्तर्गत रहेको आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा पाउने हक कानुनीरूपले सुनिश्चित गरेको छ। शिक्षामा पहुँच सुनिश्चित गर्न नेपाल सरकारले विद्यालय जाने सबै उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन गर्‍यो।

सार्वजनिक शिक्षामा राज्यले गरेको लगानीको उचित प्रतिफल प्राप्त नभएको एसईईको नतिजामा पनि देखिने गरेको छ। सार्वजनिक विद्यालयको उत्तीर्ण दर ५० प्रतिशतभन्दा कम रह्यो। सार्वजनिक विद्यालयको शिक्षामा गुणस्तरको प्रश्न उठिरहँदा अभिभावक महँगो शुल्क तिरेर भए पनि आफ्ना छोराछोरी निजी विद्यालयमा भर्ना गर्न बाध्य छन्। निजी र सामुदायिक विद्यालयबाट उत्तीर्ण दुईखालका शैक्षिक जनशक्तिका कारण शिक्षाका क्षेत्रमा थप प्रगति हुन सकेको छैन। यस वर्ष शैक्षिक सत्र शुरु हुनुअघि नै देशका सबै स्थानीय तहमा पाठ्यपुस्तक पुगेको थियो। समयमा पाठ्यपुस्तक नपुग्ने विगतको परम्परा यस वर्ष तोडियो। सीमान्तकृत वर्गका बालबालिका, द्वन्द्वपीडित, असहाय, सडक बालबालिका, दलित र पिछडिएको वर्गका बालबालिकाको शिक्षाका लागि तीनै तहका सरकारको थप पहलकदमी आवश्यक देखियो।

## राज्य र मानव अधिकार

### न्यायपालिका

सन् २०२५ नेपालको न्यायपालिकाले सार्वजनिक आस्था, संस्थागत अखण्डता र संवैधानिक शासनका दृष्टिले सबैभन्दा बढी चुनौती व्यहोर्नु पऱ्यो। न्यायपालिकामाथि ठूला र सङ्गठित आक्रमणहरू भए। गत भदौ २४ गते सर्वोच्च अदालतसहित १७ ओटा अदालतमा आगजनी गरिँदा इजलास, मिसिल, डिजिटल अभिलेख तथा सूचना प्रविधि प्रणाली नष्ट भए। नियमित सुनुवाइ एक महिनाभन्दा बढी समय अवरुद्ध भयो। बन्दी प्रत्यक्षीकरण जस्ता संवैधानिक हकसम्बन्धी मुद्दाहरूको सुनुवाइ पालमुनि गर्नु पऱ्यो। सर्वोच्च अदालतमा २६ हजार २ सय २८ थान मुद्दा विचाराधीन रहेका छन्। व्यवस्थापनमा आएको अवरोधका कारण आगामी आर्थिक वर्षमा मुद्दाको किनारा लागउने कार्यमा नकारात्मक असर पार्ने निश्चित छ। त्यसैगरी निरूपण भएका ५ हजार ४ सय ६० थान मुद्दाहरूको पूर्णपाठ लेखन बाँकी रहेको फैसला लेख्दै गरिएका र लेख्न बाँकी २ हजार ५ सय ८१ थान मुद्दाका मिसिल जलेर नष्ट हुँदा फैसला लेखनमा थप चुनौती थपिएको छ। यी घटनाहरूले शीघ्र न्याय, प्रभावकारी मुद्दा व्यवस्थापन

**तालिका १.१२ सन् २०२५ कारागारमा रहेका सङ्ख्या र फरार भएका सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

र न्यायमा पहुँचजस्ता विषयलाई थप जटिल बनाएका छन्। न्यायपालिका स्थापनाको ७४ वर्षमा पहिलो पटक सर्वोच्च अदलतका प्रधानन्यायाधीले पत्रकार समक्ष न्यायपालिकाले धम्कीपूर्ण, अपमानजनक र तथ्यहीन अभिव्यक्तिहरू लगायत अवहेलनाको रूपसमेत भोग्नु परेको सार्वजनिक गर्नु पर्‍यो।

प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधि सभा विघटन र संसद सञ्चालनसम्बन्धी विवादमा सर्वोच्च अदालत पटक-पटक निर्णायक भूमिकामा आउँदा र यी विवादहरूमा समयमा नै निकास दिन नसक्दा न्यायपालिका प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको केन्>मा तानियो। केही विवादास्पद फैसलाहरू र अनुसन्धान-कारबाहीको प्रभावहीनताले न्यायालयभित्रै दण्डहीनताको संस्कृति मौलाइरहेको सङ्केतआभास भयो। न्याय परिषद्को अनुशासनात्मक प्रक्रियामा देखिएको निस्क्रियता र न्यायाधीशहरूको नियुक्ति-सरुवा-बढुवामा पारदर्शिताको अभावले न्यायिक शासनमा गहिरो सङ्कट उजागर गर्‍यो। संवैधानिकवादको मेरुदण्ड मानिने न्यायालय आन्तरिक अस्थिरता, राजनीतिक प्रभाव, बार-बेन्च तनाव, विवादास्पद नियुक्ति प्रक्रिया र जनविश्वासमा आएको तीव्र गिरावटका कारण बहुआयामिक सङ्कटमा परेको देखियो। भदौ महिनामा अदालतहरूमा भएका आगजनी र तोडफोड घटनाले प्रतीकात्मक आक्रमण मात्र होइन, संरचनागत असुरक्षासमेत उजागर गरे। जसले वर्षौंदेखि सुसुप्त अवस्थामा रहेको जनअसन्तुष्टिलाई सतहमा ल्याइदियो।

न्यायपालिकाको २०८१/८२ को वार्षिक प्रतिवेदनले पनि अदालतहरूको कार्यचाप व्यवस्थापन, संवैधानिक इजलासको प्रभावकारिता, फैसला कार्यान्वयन, सूचना प्रविधिको उपयोग, अभिलेख व्यवस्थापन, न्यायिक जनशक्ति क्षमता अभिवृद्धि, न्यायमा पहुँच, शीघ्र न्यायसम्पादनजस्ता क्षेत्रहरूमा तीव्र चुनौती रहेको स्वीकार गरेको छ। भदौ २०८२ मा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्ने राष्ट्रपतिको निर्णयले संवैधानिक प्रावधान उल्लङ्घनको स्पष्ट उदाहरण प्रस्तुत गर्‍यो। संविधानले सेवानिवृत्त प्रधान न्यायाधीशलाई कार्यपालिका वा व्यवस्थापिकामा पद ग्रहण गर्न स्पष्ट निषेध गरेको सन्दर्भमा भएको नियुक्तिले शक्तिको विभाजन, न्यायिक नैतिकता र संस्थागत स्वायत्तताको सिद्धान्तमा विचलन आएको देखियो। यसले न्यायपालिकाको निष्पक्षतामा गम्भीर

**तालिका १.१३ सन् २०२५ घाइते भएकाहरुको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

प्रश्नमात्रै खडा गरेन भविष्यमा न्यायपालिकाप्रति कायम रहेको जनविश्वासमा असर पुग्ने आकलन गरिएको छ।

### कार्यपालिका

सन् २०२५ नागरिक तथा राजनीतिक अधिकारका दृष्टिले नेपालको मानव अधिकार अवस्था संवदेनशील रह्यो। सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसकेको कुराको शान्तिपूर्ण विरोध गर्ने जनाएर नवयुवा पुस्ता सामाजिक सञ्जाल हुँदै सडकमा निस्कियो। नवयुवा पुस्ताले सरकारको आलोचना र अभिव्यक्ति स्वतन्त्रताको पर्याय बनाएको सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णयका कारण सङ्घीय राजधानीसहित देशभर हिंसात्मक प्रदर्शन भयो। नवयुवा पुस्ताको आन्दोलनमा सरकारले अत्यधिक बल प्रयोग घटना सार्वजनिक भए। भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा ७७ जनाको मृत्यु भयो।

### व्यवस्थापिका

निर्वाचित प्रतिनिधिसभाले कार्य अवधि पूरा गर्न नसक्ने नियति यो प्रतिनिधिसभाले पनि व्यहोर्नु पर्‍यो। २०४६ सालको जनआन्दोलन र २०४८ सालमा भएको संसदीय निर्वाचनपछि गठित संसददेखि २०७९ सालमा गठित प्रतिनिधि सभाले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्न सकेनन्। गत भदौ २४ गतेको आन्दोलनपछि विकास भएको नयाँ परिस्थितिमा संसद विघटनको माग बाहिर आयो। जननिर्वाचित प्रधानमन्त्रीले २०८२ भदौ २४ गते राजीनामा दिइसकेपछि प्रतिनिधिसभा विघटनको माग गरिएको थियो। राष्ट्रपतिले भदौ २७ गते नियुक्त प्रधानमन्त्री सुशीला कार्कीले भदौ २७ गते मध्यराती प्रतिनिधिसभा विघटनको निर्णय गर्नुभयो। योसँगै करिब दुई वर्ष कार्यकाल बाँकी रहेको प्रतिनिधिसभा विघटन भयो। सिद्धान्ततः शक्ति सन्तुलनलाई संविधानले आत्मसात गरेको भए पनि व्यवहारमा व्यवस्थापिका सधैँ कार्यपालिकाको छायाँको रूपमा नै रहन पुग्यो। नेपालको संविधान बमोजिम जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने थलो सधैं कार्यपालिकाको छायाको रूपमा रहनु संसदीय व्यवस्थाका लागि सुखद् कुरा होइन। विगतदेखि नै कार्यपालिकाको छाँया परेको प्रतिनिधिसभा र यसका सभामुख कार्यपालिकाको इच्छा र आकांक्षामा चल्नाले संविधानको मर्म र भावना अनुरूप संसदको प्रभावकारिता देखिएन।

नेपालको अन्तर्राष्ट्रिय दायित्व बमोजिम तर्जुमा हुनु पर्ने कानुन तथा वर्षौंदेखि संसदमा विचाराधीन विधेयकहरू प्राथमिकताका साथ पर्याप्त छलफल गरी

**तालिका १.१४ सन् २०२५ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरुको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

कानुनहरू बन्न नसेकेको अवस्था रहयो भने विधेयकहरूलाई प्राथमिकताको साथ संसदीय समिति र संसदमा छलफलमा समेत लगिएन। मूलत: सार्वभौम नागरिकको प्रतिनिधि संस्था संसदबाट जनआकाङ्क्षा अनुरूप कार्य हुन सकेन। जनताको दैनिक जीवनसँग सम्बन्धित आवाज बोल्ने, कार्यपालिकालाई जनउत्तरदायी र जवाफदेही बनाउनुपर्ने निकाय नै कार्यपालिकाको छायाँमा रहेको देखियो। सरकारलाई जवाफदेही बनाउने, निगरानी गर्ने निकाय प्रभावकारी नहुँदा र दुई ठूला दलले संविधान संशोधन सहित गरेका सहमति बमोजिम कार्य सम्पादन हुन नसक्दा जनतामा जागेको उत्साहलाई संसदले कायम राख्न सकेन।

सार्वभौमसत्ता सम्पन्न नागरिकको प्रतिनिधिमूलक संस्था संसद यस वर्षको नवयुवा पुस्ताले गरेको आन्दोलनको तारो हुन पुग्यो। राजावादी समूहले २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा गरेको

**तालिका १.१५** **सन् २०२५ मा भौतिक संरचनामा पुऱ्याएको क्षतिको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२५)

**तालिका १.१६ घटनाका प्रकारअनुसार साइबर अपराधका घटनामा पीडित भएका पीडितहरूको सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट |
|---|---|
| बाल अधिकार | २३७ |
| महिला अधिकार | ३९३ |
| **जम्मा** | ६३० |

(स्रोत : इन्सेक, २०२५)

प्रदर्शनका क्रममा संसदमाथि आक्रमण गर्ने प्रयास भएको थियो।

### सुधारको पर्खाइमा रहेका बालसुधार गृह र कारागार

कारागारमा क्षमता भन्दा बढी कैदीबन्दी राखिने विगतको परम्परा यस वर्ष पनि कायम रह्यो। अपराधको दर हरेक वर्ष बढ्दै जानु र त्यसअनुसार कारागार र कारागारको भौतिक सुविधा थप नगरिनुले कारागारको अवस्थामा खासै सुधार हुन सकेन। कारागारभित्रको प्रशासनका विषयमा हुने विवादले झडपका घटनामा अभिवृद्धि भए। योसँगै कारागार प्रशासनभन्दा कारागारभित्रको प्रशासन हावी हुँदा कारागारभित्र कुटपिट तथा दुर्व्यवहारका घटना हुने गरेको भए पनि यस्ता घटना कमै सार्वजनिक हुने गरेका छन्। नेपालका कारागारको क्षमता १६ हजार ९ सय ५६ जनाको रहेकोमा हाल २५ हजार ९२ जना कैदीबन्दी रहेका छन्। कारागार सुधारका लागि भन्दै गठन गरिएका सुझाव आयोगका प्रतिवेदनहरू कार्यान्वयन नहुँदा समस्या जस्ताको तस्तै रहे।

*कैलाली जिल्ला कारागारमा २०८२ साउन २३ गते कैदीबन्दी स्थानान्तरणको विषयमा ए ब्लकका कैदीबन्दीले बी ब्लकका कैदीबन्दीमाथि हातहतियार सहित आक्रमण गर्दा घाइते भएका धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका ३७ वर्षीय कैदी भरत चौधरीको उपचारका क्रममा मृत्यु भयो भने ४८ जना कैदीबन्दी घाइते भए ।*

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले सयौं कैदीबन्दी यो सुविधाबाट वञ्चित छन्। संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सर्वोच्च अदालतले पनि 'कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनू' भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ।

गत भदौ २४ गते भएको नवयुवा पुस्ताको आन्दोलनका क्रममा नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति कारागारले सुरक्षा दिन नसक्ने भन्दै बाहिर निस्किएपछि सो को सिको गर्दै देशका विभिन्न कारागारबाट १४ हजारको हाराहारीमा कैदीबन्दी फरार भए। कारागारबाट भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा धादिङ कारागारमा दुईजना, रामेछाप कारागारमा तीन जना र बाँकेका नौबस्ता बाल सुधार गृहका पाँचजनाको मृत्यु भयो। कारागारबाट फरार भएकामध्ये ३ हजार ८ सय ३ जना कैदीबन्दी अझै सम्पर्कमा छैनन्। फरारमध्ये कतिपय गम्भीर अपराधमा संलग्न भएकासमेत रहेका छन्।

## नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

### विश्वव्यापी आवधिक समीक्षा

संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य राज्यहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताको कार्यान्वयन अवस्थालाई आवधिक रूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा मानवअधिकार परिषद्द्वारा २००६ मार्च महिनामा स्थापना गरिएको संयन्त्र हो। यो नयाँ संयन्त्रले सम्पूर्ण मानव अधिकारको अवस्थाबारेमा राज्यहरूको नियमितरूपमा समीक्षा गर्दछ। नेपालले हालसम्म दुई ओटा समीक्षामा भाग लिइसकेको छ। समीक्षाका क्रममा नयाँ संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानवअधिकार महासन्धिहरू, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तीकृत समुदायका अधिकार, मानव बेचविखन, प्राकृतिक प्रकोप, मानवअधिकार रक्षकसम्बन्धी विषयमा नेपाललाई सुझाव प्राप्त भएका थिए।

परिषद्ले चौथो चरणको समीक्षा सञ्चालन गरिरहेको छ। यसै सन्दर्भमा नेपालको समीक्षा सन् २०२६ को जनवरी महिनाका लागि तय गरिएको छ। समीक्षाका लागि नेपालका ४ सयभन्दा बढी गैरसरकारी संस्थाको सञ्जालबाट प्रतिवेदन पठाइएको छ। यो सञ्जालको सचिवालय इन्सेकमा छ। यूपीआरको पहिलो चरणको समीक्षादेखि नै प्रतिवेदन तयार गर्न र अन्य प्रकृयामा सहभागी हुन गैरसरकारी संस्थाहरूले विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली

गैरसरकारी संस्थाहरूको सञ्जाल गठन गरेपछि सोही सञ्जाल क्रियाशील छ।

## महिला अधिकार

संविधान तथा कानुनमा महिला र बालिकाको अधिकार ग्यारेन्टी गरिएको भए पनि पितृसत्तात्मक सोच र मान्यताहरूका कारण महिला र बालिकाले अनेकौं चुनौतीहरूको सामना गर्नुपरेको छ। पितृसत्तात्मक मान्यतामा आधारित सांस्कृतिक र सामाजिक मान्यताहरूले बालिकाहरू र महिलाहरूको विरुद्ध हानिकारक परम्परागत अभ्यासहरूलाई निरन्तर कायम राखेका छन्। उदाहरणका लागि, २०६४ सालमा जारी गरिएको छाउपडी उन्मूलन निर्देशिका लागु भएको १७ वर्ष भइसकेको छ। छाउपडी, अर्थात् महिनावारीको समयमा महिलाहरूलाई छाउगोठमा पठाउने परम्परालाई कानुनी रूपमा निषेध गरिएको थियो। तर, सुदूरपश्चिम र कर्णाली प्रदेशहरूमा अझै पनि प्रचलित छ। पछिल्ला केही वर्षमा, यी छाउगोठहरूमा धुँवा, चिसो र सर्पको टोकाइबाट १६ जना महिलाले ज्यान गुमाएका छन्।

*पञ्चदेवल विनायक नगरपालिका-८ सेलापानीका ३५ वर्षीया निमा खनाल र ३६ वर्षीया रत्ना भण्डारी ०८२ भदौ १२ गते महिनाबारीका समयमा घरनजिकै खेतमा पाल टाँगेर सुतेकोमा डाँडाबाट खसेको ढुङ्गाले थिचिएर खनालको घटनास्थलमै मृत्यु भयो भने भण्डारी घाइते भइन्। भण्डारीसँगै सुतेकी उनकी सात वर्षीया छोरी कविता भण्डारीको पनि घटनास्थलमै मृत्यु भयो।*

*कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-१ निगालीकी २८ वर्षीया कमला दमाइको ०८२ असार २७ गते छाउगोठमा बसेको समयमा सर्पदंशका कारण मृत्यु भयो। महिनावारी भएको बेला छाउगोठमा सुतिरहेको अवस्थामा सर्पदंशबाट घाइते भएकी दमाइको सेती प्रदेशिक अस्पतालमा असार २८ गते मृत्यु भयो। छाउगोठमा मृत्युभएको घटना सार्वजनिक भएपछि १५ दिनभित्र नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण छाउगोठ भत्काउन कृष्णपुर नगरपालिकाले निर्देशन जारी गऱ्यो।*

सन् २०२५ मा महिलामाथि हुने हिंसाका घटनामा ५ हजार ९ सय ७१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष बेचविखन तथा बेचबिखन प्रयासका घटनामा १६ जना, घरेलु हिंसाका घटनामा ४ हजार ४ सय ९१ जना, कथित बोक्सीको आरोपमा २२ जना, बलात्कारका घटनामा ५ सय जना, बलात्कार प्रयासका घटनामा १ सय ५८ जना, यौन दुर्व्यवहारको घटनामा ३९ जना, सामूहिक बलात्कारका घटनामा २२ जना, बलात्कारपछि हत्याका घटनामा ६ जना, दाइजोजनित हिंसाका घटनामा १ सय ४४ जना, साइबर स्पेश प्रयोग गरी महिलामाथि भएको हिंसाका घटनामा ३ सय ९३ जना पीडित भए। परिवारका सदस्यबाट १ सय ३ जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय जनाको हत्या भएको थियो। यो वर्ष भनेजति दाइजो नल्याएको आरोपमा आठ जना महिलाको हत्या भयो। परिवारजनबाट महिला मारिएको कतिपय घटनामा पीडित पक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बतायो।

*जनकपुरधाम उपमहानगरपालिका-१३ पिरारीकी १८ वर्षीया ज्योति साहको ०८२ वैशाख २० गते हत्या गरेको आरोपमा पति, ससुरा र सासुलाई प्रहरीले गिरफ्तार गऱ्यो। विवाह भएको दुई वर्षभित्र एक थान मोटरसाइकल दिने सहमतिमा ०८१ मङ्सिर १७ गते उनको २४ वर्षीय कृष्णकुमार साह सँग विवाह भएको थियो। विवाह लगत्तै मोटरसाइकलको माग गर्दै परिवारका सदस्यले हिंसा गर्न थालेका थिए। माइतीपक्षले मोटरसाइकल उपलब्ध गराउन नसक्दा चार महिनाकी गर्भवती साहले विवाहको आठ महिनामै मृत्युवरण गर्नु पऱ्यो।*

दाइजोसँग जोडिएको हिंसाले महिलामा शारीरिक तथा मानसिक समस्या सृजना गर्छ। मानसिक प्रताडनाको पाटो डरलाग्दो हुन्छ। कतिपय अवस्थामा यस्ता घटना सार्वजनिक हुँदैनन्। दाइजोका कारण महिलाको हत्या भएका घटनामा आरोपित फरार भएका घटना पनि अभिलेख भयो। विपन्न वर्गले दाइजोका लागि घरखेत नै बेच्नुपरेको वा उठिबास नै हुनुपर्ने अवस्था सृजना हुने गरेको छ।

जिल्ला प्रहरी कार्यालयमा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भएका घरेलु हिंसासम्बन्धी उजुरीमा मेलमिलाप हुने गरेको छ। परिवारजनका सदस्यबाट हुने हिंसाका घटना प्रहरी कार्यालयमा पुगेपछि मिलापत्रमा टुङ्गिन्छ वा टुङ्याइन्छ। हिंसाको घटनाको उजुरी गरेपछि फेरि त्यही घर फर्किनुपर्छ। त्यसपछि घरमा महिलाप्रति गरिने व्यवहारका कारण महिला झन् कमजोर हुनुपर्ने अवस्था सृजना हुने गरेका उदाहरण प्रशस्त छन्। बालविवाह तथा अनमेल विवाहका कारण महिलाले अनाहकमा

ज्यान गुमाउनुपरेको घटनाहरू पनि अभिलेख भएका छन्।

*कञ्चनपुर जिल्ला बेलडाँडी गाउँपालिका-२ सिहपाल टोलकी १७ वर्षीया सम्झना भट्ट ०८२ साउन १८ गते बिहान घरभित्र झुण्डिएको अवस्थामा मृत फेला परिन्। सम्झनाको ०८१ फागुन १९ गते पवन भट्टसँग प्रेमविवाह भएको थियो। गत मङ्सिर महिनामा दुवै जनाबीच भएको विवाद जिल्ला प्रहरी कार्यालयमा पुगेको थियो। सो क्रममा दुवैजनालाई सम्झाइबुझाइ पठाएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी सागर बोहराले बताए। घटनाको एक दिन अघि दुवै जना इलाका प्रहरी कार्यालयमा आएका र दुवै जनालाई सम्झाइबुझाइ गर्नुको साथै सँगै बस्न नसक्ने अवस्था भए घरपरिवारसँग सल्लाह गरी अदालती प्रक्रियामा जान सकिने सुझाव दिएर पठाएको इलाका प्रहरी कार्यालय,बेलडाँडीका इन्स्पेक्टर दीपेन्द्रबहादुर चन्दले बताए। पीडितलाई घरमा कुटपिट हुने गरेको र झुण्डिएको अवस्थामा घरभित्रै मृत फेला परेको शवमा घाउचोट समेत देखिएकाले पीडितका पति पवन भट्टलाई साउन १८ गते गिरफ्तार गर्‍यो।*

हरेक वर्ष महिलामाथि हुने हिंसाका घटनाको दर उकालो लागिरहेको छ। परिवारजनबाट महिलामाथि हुने धेरैजसो घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाउने परम्परा कायम छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्।

*सिरहा जिल्लामा १७ वर्षीया बालिकालाई ०८१ माघ २७ गते अपहरण तथा शरीर बन्धक बनाई १३ वर्षीय बालक, नवराजपुर गाउँपालिका-१ का १८ वर्षीय चन्दन साह र १८ वर्षीय रामविनय मण्डलले बलात्कार गरेको घटनामा माघ २९ गते पञ्चायती बसी मिलापत्र गरायो। पीडित बालिकाले माघ ३० गते घरमै आत्महत्या गरिन्। आरोपितहरूलाई पञ्चायतले १ लाख ४० हजार रुपियाँ जरिबाना गरेको थियो।*

हिंसाको दुष्चक्रबाट महिलालाई बचाउन सरकारी तथा गैरसरकारी प्रयासहरूको अपर्याप्तता यस वर्ष पनि सधैँ खड्किने विषय रह्यो।

## मानव अधिकार रक्षक

मानव अधिकारको संरक्षण र संवर्द्धनमा ज्यान जोखिममा राखेर क्रियाशील मानव अधिकार रक्षकहरू सुरक्षित नभएको तथ्याङ्कहरूले देखाउँछन्। यस वर्ष १ सय ९२ जना मानव अधिकार रक्षक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। मानव अधिकार रक्षकमाथि हुने मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकाय नहुँदा कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्था आवश्यक रहेको महसुस भयो। राष्ट्रिय मानव अधिकार आयोगको ऐन संशोधनको प्रस्तावित विधेयकमा मानवअधिकार रक्षकका बारेमा उल्लेख गरिएको भए पनि यो विषयमा आयोगले नै मानव अधिकार रक्षहरूबीच पर्याप्त अन्तरकृया र छलफल गरेन।

## प्राकृतिक विपत्

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गरिएको छ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिमा पीडितलाई प्रदूषणकर्ताबाट क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ।

भौतिक विकासको प्रगति सँगसँगै वातावरणका मुद्दा पनि अगाडि आउन थालेका छन्। वातावरण,वायु प्रदूषण, प्लास्टिकका झोला, बोटल तथा प्लास्टिकजन्य सामग्रीको अत्यधिक र अव्यवस्थित उत्पादन प्रयोग, गिटी, बालुवा आदि प्राकृतिक स्रोतको अनियन्त्रित दोहन, अव्यवस्थित ढल, मलमुत्र, फोहोर मैला, अस्पतालजन्य फोहोर मैला र त्यसको अव्यवस्थित विसर्जन, सिमेन्ट उद्योगजन्य प्रदूषण, ध्वनि प्रदूषण, रसायनिक पदार्थ तथा मलको अनियन्त्रित प्रयोग आदि वातावरण प्रदूषणका प्रमुख कारण रहेका छन्। वनविनाश, डडेलो, नदीनालाको प्रदूषण, जथाभावी सडक निर्माणका कारण बाढीपहिरो, जलवायु परिवर्तनको असर र प्रभावले वातावरणीय अधिकारको व्यापक हनन् हुन गई मानिसको स्वच्छ, सुरक्षित र स्वस्थ्य वातावरणको अधिकारमा प्रतिकूल प्रभाव पर्दै गएको छ।

पूर्वी नेपालको इलाममा असोज १७ गतेदेखिको २४ घण्टाको अवधिमा ३९ जना नागरिकले बाढीपहिरोका कारण ज्यान गुमाएका थिए। गत वैशाखदेखि पुसम्मको अवधिमा देशभर बाढीका ३ सय १६ घटनामा ३ हजार ३ सय ४ जना र पहिरोका ४ सय २७ घटनामा १ हजार ५ सय ६३ जना प्रभावित भएका थिए।

## बाल अधिकार

नेपालको जनसङ्ख्याको झण्डै आधा हिस्सा बालबालिकाहरू रहेको छ। नेपाल सरकारले बालबालिकाहरूको हक, अधिकार, संरक्षण र सम्वर्द्धनका लागि बाल अधिकारसम्बन्धी महासन्धि लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, त्यसका ऐच्छिक प्रलेखहरू, घोषणापत्र तथा कार्ययोजनाहरूमा प्रतिबद्धता जनाएको छ। यस्ता महासन्धिहरूको व्यवहारिक कार्यान्वयनका लागि विभिन्न राष्ट्रिय तथा क्षेत्रीय एवम् स्थानीय स्तरका कार्यक्रमहरू, ऐननियमहरू निर्माण भए पनि विभिन्न चुनौतीहरू देखापरेका छन्।

बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चितीजस्ता बाल अधिकार हनन्का घटनाबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गर्दा धेरैजसो विद्यालयका भवन बालमैत्री पाएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। भएका शौचालयहरू अव्यवस्थित र फोहोर पाइए। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए।

यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा १ हजार ३ सय ४९ जना पीडित भएको अभिलेख भयो। बलात्कारका घटनामा ६ सय ९६ बालिका पीडित भए। तीन जना बालिकाको बलात्कारपछि हत्या भयो। सामूहिक बलात्कारका घटनामा ४० जना र ५० जना बालिका परिवारका सदस्यद्वारा बलात्कृत भए। यसैगरी, यौन दुर्व्यवहारका घटनामा २ सय ६२ बालिका पीडित भए। साइबर स्पेश प्रयोग गरी २ सय ३७ जना बालबालिकाको अधिकार हनन् गरियो। ४१ जना बालबालिका बेचबिखन तथा ओसारपसार घटनामा पीडित भए। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। यस वर्ष विद्यालयमा दिइने शारीरिक दण्डका घटनामा २० जना बालबालिका पीडित भए। अभिलेख भएको सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

*सिरहा जिल्लाको नरहा गाउँपालिका-३ स्थित सिरहा पब्लिक स्कुलमा कक्षा नौमा अध्ययरत १४ वर्षीय बालकलाई विद्यालयका प्रधानाध्यापक रामप्रकाश यादवले कुटपिट गरेको भन्दै पीडित पक्षले २०८२ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। कुटपिटबाट बेहोस भएका बालकको उपचार विराटनगर स्थित न्यूरो अस्पतालमा भयो। उपचार खर्च व्यहोर्ने सर्तमा साउन २८ गते मेलमिलाप भयो।*

## जातीय विभेद

जातका आधारमा मानिसमाथि विभाजन र भेदभाव गर्ने चलन व्यक्तिगत अधिकारको गम्भीर उल्लङ्घन हो। नेपाली समाजमा जातका आधारमा विभेद हुने गरेका घटनाहरू सार्वजनिक हुँदै आएका छन्। कतिपय घटना सार्वजनिक हुन्छन् त कतिपय घटना सार्वजनिक हुँदैनन्।

जातका आधारमा गरिने भेदभाव अमानवीय कार्य हो। यस्ता व्यवहार कानुनी रूपमा अक्षम्य भए पनि संरचनात्मक मानसिकताका कारणले अझै पनि विद्यमान छ। भेदभावविरुद्ध समान अधिकार र न्यायको वकालत जारी रहे पनि कमजोर वर्गको रूपमा रहेका दलितहरू हिंसाबाट पीडित छन्। शुन्य हिंसाको परिकल्पना कागजमा मात्रै सीमित बनेको छ। नेपालको संविधानले जातीय भेदभाव र छुवाछुतलाई गम्भीर अपराध मानेको छ। छुवाछुत र भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र मानव मर्यादाका साथ बाँच्न पाउने हकको संरक्षण गर्ने व्यवस्था संविधानमा नै गरिएको छ। तर पनि संविधानप्रदत्त अधिकारको सही कार्यान्वयन हुन सकेको छैन। यसको कार्यान्वयनका लागि जिम्मेवार निकाय जबाफदेही हुनु पर्छ।

सन् २०२५ मा जातीय विभेदका घटनामा ४९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा सार्वजनिक ठाउँ प्रवेश निषेधका घटनामा १४ जना, छुवाछुत गरिएको घटनामा ३२ जना, अन्तरजातीय विवाहको घटनामा तीनजना पीडित भए। जातीय विभेदका धेरैजसो घटनामा मिलापत्र हुने गरेको, प्रहरीसम्म उजुरी नपुगेको, उजुरी गरिएका घटनामा पनि मेलमिलाप हुने गरेको इन्सेकको अभिलेखमा देखियो।

*सिरहा जिल्ला औरही गाउँपालिका-५ का ३५ वर्षीय डोम समुदायका दिपक मल्लिकको घर २०८१ फागुन १० गते औरही गाउँपालिकाका अध्यक्ष ५५ वर्षीय शिवजी यादव, जनमत पार्टीका अध्यक्ष ३६ वर्षी दिलिप यादव र नाम ठेगाना नखुलेको ७५ वर्षीय मुल पुरोहित बजरंगी बाबाले २०८१ चैत १७ गते देखि गर्न लागेको बिष्णु महायज्ञका लागि भन्दै डोजर लगाइ भत्काइदिए।*

## निष्कर्ष

मानव अधिकारको अर्को आधारभूत मान्यता भनेको नागरिकले शान्तिपूर्ण रूपमा आफ्नो विचार व्यक्त गर्न पाउने अधिकार हो। लोकतन्त्रको आत्मा नै नागरिकको आवाज हो। अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण प्रदर्शनको अधिकार बिना लोकतन्त्रको कल्पना गर्न सकिँदैन। राज्यको भूमिका आन्दोलनलाई सुरक्षित बनाउने हो, दमन गर्ने होइन। प्रदर्शन हिंसात्मक बन्दै गएको अवस्थामा राज्यले कानुन कार्यान्वयन गर्न सक्छ, तर त्यो प्रक्रिया मानव अधिकारमैत्री हुनुपर्छ। बल प्रयोग अन्तिम विकल्प हुनुपर्छ। त्यो पनि आवश्यक र अनुपातिक हुनुपर्छ। तर, भदौ २३ गतेको आन्दोलनका क्रममा भएका प्रदर्शन नियन्त्रण राज्यको सुरक्षा दृष्टिकोण अझै पनि दमनमुखी मानसिकताबाट मुक्त हुन नसकेको आभाष भयो। भदौ २४ गते भएको विध्वंशका घटनाका दोषीउपर कारबाही हुन्छ की हुँदैन भन्ने सवाल पनि टड्कारो छ।

मानव अधिकारको प्रत्याभूति त्यतिबेला हुन्छ जब मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता लागु गरिन्छन्। गैरराज्य पक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा बढोत्तरी भएको देखिन्छ। महिलामाथि हुने हिंसा न्यूनीकरणमा शून्य सहनशीलताको नीति राज्यले अपनाएको भनिए पनि चेतनाको अभाव र भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनामा कमी आएको छैन। महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यससन्दर्भमा नभई नहुने कुरा हो।

दश वर्ष लामो सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य घोषणा गर्दै सरकार र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबीच शान्ति सम्झौता भएको १८ वर्ष पूरा भयो। तर, सशस्त्र द्वन्द्वले बनाएका घाउहरू पुर्नेतर्फ नेपालका राजनीतिक दलको इच्छाशक्ति देखिएन। यस वर्ष पुर्नगठन गरिएका आयोगहरूप्रति द्वन्द्वपीडितहरूको चर्को असहमति बाहिर आयो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आमजनताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन्। मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो।

## सुझाव

- गत भदौ २३ र २४ गते भएको घटनाका दोषीलाई कानुनी दायरामा ल्याउनु पर्ने।
- दण्डहीनता अन्त्य गर्न विगतमा भएका मानव अधिकारका उल्लङ्घनका गम्भीर दोषीउपर कानुनी कारबाही आरम्भ गर्ने।
- शिक्षा, स्वास्थ्य जस्ता मौलिक हक प्रभावकारी कार्यान्वयनका लागि कार्य गर्ने।
- मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्ने।
- बल प्रयोगको सिद्धान्त र व्यवहारबारे सुरक्षाकर्मीलाई प्रशिक्षित गर्नुपर्ने।

**विजयराज गौतम**
**अध्यक्ष**

परिच्छेद २

# अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण

नेपाल मानव अधिकार वर्ष पुस्तक इन्सेकका ७७ जिल्लामा रहेका स्रोत व्यक्तिले वर्षभर गर्ने स्थलगत अनुगमनको विधिका माध्यमले प्राथमिक स्रोतबाट सङ्कलित र राज्यका आधिकारिक निकाय वा प्रतिष्ठित सार्वजनिक निकायबाट प्रशोधित सङ्कलित तथ्याङ्कमा आधारित छ। 'यस वर्ष' भन्नाले सन् २०२५ (२०८१ पुस १७ गतेदेखि २०८२ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। केही घटनाको पुष्टि गर्न आवश्यक परेको बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन। यस पुस्तकमा उल्लेखित स्थलगत अनुगमनको माध्यमबाट सङ्कलित तथ्याङ्कहरूलाई प्रहरी, पीडित, आरोपित, न्यायिक लगायतका क्षेत्रद्वारा पुष्टि गरिएको छ।

सङ्कलित तथ्याङ्कहरूलाई नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा महासन्धि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५,महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र यातना तथा अन्य क्रुर अपमानजनक व्यवहारविरूद्धको महासन्धि १९८४ का आधारमा १६ शीर्षक/क्षेत्रहरू (domains) विभाजन गरी जिल्लागत तथा प्रदेशगत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ। विभिन्न शीर्षक अन्तर्गत न्यूनतम एकदेखि अधिकतम नौओटा सूचकाङ्कको प्रयोग गरी जम्मा ४७ ओटा सूचकाङ्कहरूको बारेमा तथ्याङ्क सङ्कलन गरिएका थिए। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्कलाई राज्यपक्ष र अन्यपक्षबाट भएको भनी छुट्ट्याएर प्रस्तुत गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन लगायतलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची १ को परिशिष्ट ३-९ मा रहेको तथ्याङ्कमा दिइएको छ।

**शीर्षक र सूचकाङ्कहरूको परिभाषा र क्षेत्र**

**१/२ बेपत्ता/अपहरण**

इच्छाविपरीत कुनै व्यक्ति वा समूहले कसैलाई अज्ञात स्थलतर्फ वा अन्यत्र लग्यो भने बेपत्ता/अपहरण मानिन्छ। राज्यपक्षबाट बलपूर्वक बेपत्ता पारिएकालाई बेपत्ता शीर्षकमा र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध, फिरौती वा अन्य कारणबाट अपहरण गरिएको घटनालाई अपहरण शीर्षकमा राखिएको छ। वर्ष पुस्तकमा राज्यपक्षबाट बेपत्ता पारिएका र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध वा अन्य कारणबाट अपहरण गरिएकाहरूको विवरण समावेश छ।

**३. गिरफ्तारी**

गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुन: गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख गरिएका छन्।

**४/५. धम्की/कुटपिट**

कुनै व्यक्तिलाई हात, लाठी, लात, बन्दुकको कुन्दा, खुकुरी, हँसिया, चक्कु, तरवार, भाला लगायतले प्रहार गरी कुटपिट गरेको घटना छ भने कुटपिट शीर्षकअन्तर्गत राखिएको छ। कुनै व्यक्तिलाई आफूले भनेको नमाने, कुनै काम नगरे बापत थुनिदिन्छु, मार्छु, कुट्छु, बेपत्ता पारिदिन्छु भन्दै भयग्रस्त तुल्याउन खोजिएका घटनालाई धम्की शीर्षकमा राखिएको छ। सरकारी निकाय, मानव अधिकार सङ्घसंस्थाहरूमा घटनाबारे लिखित वा मौखिक जानकारी दिइएका घटना यस शीर्षकमा समावेश गरिएका छन्। व्यक्तिगत कुटपिटका घटना भने समावेश गरिएको छैन।

## ६. घाइते

शारीरिक रूपमा घाइते हुनका लागि कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो भिडप, कुटपिट लगायतका कारण मानिस घाइते हुन्छन्। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्षसँग सम्पर्क गरी सूचना सङ्कलन गर्ने गरिएको छ। यस्ता घटनाका विवरण प्राथमिक स्रोतमा आधारित हुने गर्छन्।

## ७. बाल अधिकार

बालअधिकार महासन्धि २० नोभेम्बर १९८९ ले १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई बालबालिका भनेको छ। सो महासन्धिले बालबालिको संरक्षण, सहभागिता र विकासका लागि विभिन्न व्यवस्थाहरू गरेको छ। महासन्धिले राज्यपक्ष भएका राष्ट्रहरूले बालिबालिका उपर यातना नदिइने, गिरफ्तारी, थुनुवा वा कैद कानुनअनुरूप मात्र हुने व्यवस्था गर्नु पर्नेछ। नेपालको संविधानले पनि १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ। नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयस्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश: विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाऱ्हो हुन्छ। बलात्कार तथा यौन दुर्व्यवहार, भ्रुणहत्या, बेचबिखन तथा ओसारपसार, बालश्रम, विद्यालयमा शारीरिक दण्डजस्ता घटनालाई यस शीर्षकमा राखिएको छ।

## ८. अमानवीय व्यवहार

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। अन्य पक्षबाट व्यक्तिउपर हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई यस शीर्षकमा राखिएको छ।

## ९. भेला तथा सङ्गठित हुने अधिकार

बिना हातहतियार शान्तिपूर्वक भेला, विरोध प्रदर्शन, सभा, सङ्गठन गर्न राज्यपक्षबाट रोक लगाइएको अवस्थामा यस्ता घटनाको विवरण उल्लेख गर्ने गरिएको छ। त्यसैगरी, सशस्त्र वा निशस्त्र सङ्गठित गैरराज्यपक्षबाट शान्तिपूर्ण रूपमा आयोजित धर्ना वा हडताल, कार्यक्रममा अवरोध पुऱ्याइएको घटना पनि समावेश गरिएको छ। सभा/भेलाहरूमा, अश्रुग्याँस हान्नु/हवाइफायर गर्नु/लाठीचार्जलगायतका अत्याधिक बल प्रयोग भएका घटना समावेश छन्। कुनै पनि समूह, व्यक्ति आदिबाट चुनाव प्रचार प्रसार र मतदान प्रक्रियामा अवरोध खडा गरिएको घटना भए तिनलाई उल्लेख गरिएको छ। सभा, सम्मेलन तथा शान्तिपूर्ण विरोध प्रदर्शनका कार्यक्रममा सहभागी भएकै कारण कसैलाई केही बेरका लागिमात्र पनि गिरफ्तार गरिएका घटना पनि समावेश छन्। यस्ता घटनामा गिरफ्तार गरिएका व्यक्तिहरूलाई गिरफ्तार पूर्जी दिइएको छ कि छैन, बाटोको म्याद बाहेक २४ घण्टाभित्र अदालत वा सम्बन्धित निकाय समक्ष उपस्थित गराएको छ छैन खुलाउने गरिएको छ।

## १०. यातना

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान वा तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई यातना दिन नहुने र कसैलाई यातना दिइएको छ भने रिहा भएको ३५ दिनभित्र पीडितपक्षले थुनामा रहेको जिल्ला अदालतमा क्षतिपूर्तिको लागि उजुरी दिन सक्ने व्यवस्था गरेको छ। करेन्ट लगाउने, पिनले घोच्ने, पानीमा डुबाउने, कुटपिट गर्नु, यौन दुर्व्यवहार, सुत्न नदिनु, ४८ घण्टासम्म खाना खान, पानी खान नदिनु आदि नेपालमा प्रचलित यातनाका प्रकार हुन्। यस अन्तर्गतका विवरण समावेश गर्दा यातना दिने अधिकारीको नाम, पद, कार्यालयको नाम नखुलेको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखको नाम, पीडितलाई कस्तो प्रकारको यातना दिइएको हो त्यो खुलाउने गरिएको छ।

## ११. कारागारमा मृत्यु

साामान्यतया: कारागार भन्नासाथ असामाजिक व्यक्तिहरूलाई केही समयको लागि बाहिरी संसारबाट अलग गराउने स्थान भन्ने बुझिन्छ। कारागारमा अदालत वा अर्धन्यायिका निकायबाट पठाइएका व्यक्तिहरूलाई राख्ने गरिन्छ। यसरी पठाइने व्यक्तिहरू दुई प्रकारका हुन्छन्।  कैदी र थुनुवा। अदालतबाट मुद्दाको अन्तिम टुङ्गो लागेकालाई कैदी भनिन्छ भने

अदालतले पुर्पक्षको लागि पठाएकाहरूलाई थुनुवा भनिन्छ। अदालतबाट तत्काल अभियुक्तलाई धरौटीमा छोड्न नमिल्ने देखिएमा अनुसन्धान एवम् तहकिकातको सन्दर्भमा पुर्पक्षको लागि थुनामा राख्न सकिने व्यवस्था रहेको छ। नेपालका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिनुले व्यवस्थापनाम ठूलो समस्या हुने गरेको छ। दीर्घरोग तथा अन्य सामान्य रोगका कारण कारागरामा मृत्यु हुने गरेको घटना अभिलेख गर्ने गरिएको छ। यस्ता घटनाको सूचना कारागार कार्यालयबाट प्राप्त गर्ने गरिन्छ। घटनाको थप पुष्टिका लागि अस्पतालको सहयोग लिने गरिन्छ। कारागार र हिरासतभित्र भएका घटनाका तथ्य/तथ्याङ्कलाई राज्यपक्षका घटनामा समावेश गरिएको छ

### १२. हिरासतमा वा थुनामा मृत्यु

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्धता व्यक्त गर्दै नागरिकहरूलाई स्वतन्त्रताको अधिकार, न्यायसम्बन्धी हक र यातना विरुद्धको हकको प्रत्याभूति गरेको छ। संविधानले कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने व्यवस्था गरेको छ। कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउमा परेका व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने र कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने, पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने व्यवस्था मौलिक हकमा उल्लेख छ। तर, कानुनी व्यवस्थाका बाबजुद् नेपालका हिरासतमा मृत्युको घटना हुने गरेको पाइन्छ। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्ष, पोष्टमार्टम रिपोर्ट, प्रहरी अधिकारीको भनाइलाई आधार मान्ने गएिको छ।

### १३. महिला अधिकार

सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन। चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना। यसैगरी बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन। नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सयौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन्। महिलामाथि घरेलु हिंसा, दाइजोका कारण हत्या, कथित बोक्सीको आरोप, बलात्कार, बलात्कार प्रयास, बेचबिखन तथा ओसार पसारजस्ता घटना हुने गरेका छन्। यस्ता घटनाको अभिलेख गर्दा कतिपय सन्दर्भमा पीडित वा पीडितको परिवारसँग सम्पर्क गर्ने गरिएको छ भने कतिपय घटनामा स्थलगत अनुगमन पनि गर्ने गरिन्छ। घटनाका कानुनी प्रकृयाबारे प्रहरी कार्यालय र अदालतबाट थप सूचना लिने गरिएको छ।

### १४. जातीय विभेद

नेपालमा कानुनतः छुवाछुतको अन्त्यको घोषणा भएको ६ दशकभन्दा बढी समय भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा छ। नेपालको संविधान, २०७२ ले अझै परिष्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीँ छौँ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा राखिएका जातीय छुवाछुतसम्बन्धी तथ्याङ्करू इन्सेक प्रतिनिधिले सङ्कलन गरेका हुन्। यसको पुष्टि र पुर्नपुष्टिका सम्बन्धित प्रहरी कार्यालय तथा न्यायिक निकायको सहयोग लिइएको छ।

### १५. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक तथा सामाजिक अधिकारले मानव जीवनका महत्वपूर्ण तत्व जस्तै मर्यादा, स्वतन्त्रता लगायत स्वास्थ्य, शिक्षा, खाना, पानी, सरसफाइ, आवास, सामाजिक सुरक्षा, स्वच्छ वातावरण तथा सांस्कृतिक तत्वहरूलाई समाविष्ट गर्दछ। यी अधिकारहरूलाई आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रले मानव अधिकारकै मान्यता प्रदान गरेको छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका तथ्याङ्क तथा विवरणहरू प्राथमिक स्रोतहरूमा आधारित छन्। कतिपय सन्दर्भमा जिल्ल प्रहरी कार्यालयबाट विवरण रुजु गर्ने गरिएको छ। विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार 'शीर्षकअन्तर्गत समावेश गरिएको छ।

## १६. हत्या

जीवनको अधिकार सामान्यतया बाँच्न पाउने अधिकार हो भन्ने बुझिन्छ। राज्य, राज्यका निकाय वा प्रतिनिधि वा राज्यसरह नै सशक्त रहेको विपक्षी वा हेग कन्भेन्सनमा उल्लेख भएबमोजिमका उच्च करार पक्ष रहेका सशस्त्र समूह, कुनै सङ्गठित समूह आदिबाट भएका हत्याका घटनाहरू यस शीर्षकअन्तर्गत समेट्ने गरिएको छ। परिवार, आफन्त र नातासम्बन्धका व्यक्तिले गरेका हत्यालाई यस पुस्तकमा पारिवारिक (परिवारजनबाट) हत्या शीर्षकमा समेटिएको छ। नागरिकको जीवनको रक्षा गर्ने दायित्व राज्यको हुने भएकोले राज्यबाट सुरक्षा हुन नसकेको अवस्थामा व्यक्तिबाट भएका हत्याको तथ्याङ्क वर्षपुस्तकमा समेट्ने गरिएको छ। सार्वजनिक व्यक्तित्व, मानव अधिकार रक्षक, मानव अधिकारका दृष्टिले सार्वजनिक सरोकार राख्ने कुनै घटना वा घटनासँग सम्बन्धित व्यक्तिमाथि कुनै समूह वा व्यक्तिबाट भएको आक्रमण, कुटपिट वा हत्यालाई भने समावेश गर्ने गरिएको छ।

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकार हो।

खासगरी हत्याका अपराधका सबै घटनालाई मानव अधिकार उल्लङ्घनका रूपमा समेटिएको छैन्। त्यस्ता घटनाहरूका सन्दर्भमा राज्यका निकायहरूले विधिसम्मत रूपमा कुनै भेदभाव विना कारबाही अघि बढाएको अवस्थामा पीडितको हक संरक्षण भएको हुन्छ। त्यस प्रकृतिको घटनालाई मानव अधिकार उल्लङ्घनको तथ्याङ्कमा समावेश गरिएको छैन। तर नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अनुबन्धको धारा २ (३) ले सुनिश्चित गरेझैं कुनै पनि अपराधबाट पीडित व्यक्तिको बाँच्न पाउने अधिकार र अन्य स्वतन्त्रता उल्लङ्घन विरुद्धको प्रभावकारी उपचारको हक उल्लङ्घनको अवस्थालाई भने मानव अधिकार उल्लङ्घनका रूपमा गणना गरिएको छ। यसरी कुनै पनि व्यक्तिको सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारी वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरिपाउने न्यायको हक सुनिश्चित नभएको अवस्थालाई मानव अधिकार उल्लङ्घनका रूपमा समावेश गरिएको छ। यस सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको सोही धारामा सुनिश्चित गरिएको व्यक्तिको जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा आर्थिक लगायत अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावविरुद्धको हक प्रभावित भएको वा हुनसक्ने अवस्थाको परीक्षण गरिएको छ। नेपालको संविधानको धारा २१ ले प्रत्याभूत गरेको अपराध पीडितको हक प्रभावित हुन सक्ने आर्थिक, सामाजिक अवस्था वा पीडितको भूगोल र राजनीतिक पहुँचको अवस्थालाई पनि मानव अधिकार उल्लङ्घनको परिभाषाको आधार बनाइएको छ। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको भावना अनुरूप, खासगरी व्यक्तिको सुगम तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित गर्ने फौजदारी न्यायिक प्रकृया विधिसम्मत ढङ्गले अघि बढेको स्पष्ट र सुनिश्चित नभएसम्म मानव अधिकारको संरक्षण हुन सक्दैन भन्ने मान्यताका आधारमा घटनाहरूको अनुगमन गरिएको छ। देशव्यापी अनुगमनबाट सङ्कलित घटनाहरूको छनौट गर्दा नेपालको संविधानको धारा २१ (१) ले सुनिश्चित गरेको अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हकलाई आधार मानिएको छ। साथै, धारा २१ (२) ले प्रत्याभूत गरेको अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र परिपूरण सहितको न्याय पाउने हकलाई अर्को महत्त्वपूर्ण आधार मानिएको छ। जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

**तथ्याङ्कका स्रोतहरू**

सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ। तर, परिवारजनबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक मारिएका भए सो घटना र घटनाको अवस्थालाई समावेश गरिएको छ।

पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारिखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो। जिल्ला अदालतबाट फैसला भएका मुद्दाको अवस्था चित्रणले प्रतिवादीको पुनरावेदन न्यायिक अधिकार बाँकी नरहेको भन्ने अर्थ लाग्दैन।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। इन्सेकको जानकारीमा आएका तर, पुष्टि नभएका जानकारी तथा विवरणहरू समावेश गरिएको छैन।

कारागारका बन्दी र कैदीको सङ्ख्या यो वर्षको अन्तिम (२०८२ पुस दोस्रो साता) सम्मको हो।

शिक्षा, स्वास्थ्य, न्यायालय, बन्दी र कैदीसम्बन्धी तथ्याङ्कहरू जिल्लास्थित सम्बन्धित कार्यालयबाट लिइएका हुन्। जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रबाट घरेलु हिंसाको तथ्याङ्क लिइएको छ। पुस्तकमा समावेश गरिएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार र न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका आलेखहरू तयार पार्दा समूह छलफल, व्यक्ति केन्द्रित अन्तरवार्ता तथा विभिन्न माध्यममा प्रकाशित सामग्री उपयोग गरिएको छ।

यस पुस्तकमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरूसँग गरिएको कुराकानी र प्रतिवेदन तथा विज्ञप्तिहरू, सन् १९९२ देखि सन् २०२५ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरूबाट लिइएको छ। कारागारका तथ्याङ्क सम्बन्धित कारागार प्रशासनबाट लिइएको हो। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिल्लाको नक्सा लिइएको हो।

नवयुवा पुस्ताको आन्दोलनका घाइतेहरूको नाम अस्पताल तथा स्वास्थ्य मन्त्रालयबाट लिइएको हो। सहिदहरूको नाम राजपत्रबाट लिइएको हो। यसैगरी यस पुस्तकमा समावेश गरिएका सहिदहरूको फोटो जेन-जी एलाइन्स र केही फोटोहरू इन्सेकले सङ्कलन गरेका हुन् ।

मात्रात्मक तथ्याङ्कहरूबाट मात्र घटनाको प्रकृति थाहा नहुने हुँदा कतिपय प्रतिनिधिमूलक घटनाहरूको घटना विवरण पनि प्रस्तुत गरिएको छ। जसलाई गुणात्मक तथ्याङ्क भनिएको छ। मात्रात्मक र गुणात्मक तथ्याङ्कहरूलाई भरपर्दो बनाउन विभिन्न विज्ञ तथा सम्बन्धित पक्षहरूसँग अन्तरवार्ता तथा केन्द्रीकृत छलफलजस्ता विधिहरू अपनाइएका छन्।

**जेन-जी आन्दोलन**

गत भदौ २३ र २४ गते काठमाडौं लगायत देशका विभिन्न जिल्लाहरूमा भएको प्रदर्शनमा संलग्न जेन-जी पुस्तालाई यस पुस्तकमा नवयुवा पुस्ता भनेर सम्बोधन गरिएको छ। भदौ २३ र २४ तेको घटनाका क्रममा शहादत प्राप्त गरेका, घाइते भएकाहरूको विवरण समेट्ने प्रयास गरेका छौँ। यस क्रममा कुनै विवरण छुटेको भए मूल अभिलेखमा सच्याइनेछ। आन्दोलनका क्रममा भएको क्षतिको विवरणको सूची समावेश गरेका छौँ।

**तथ्याङ्कहरूको विश्लेषण**

प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति नेपालको संविधान, कानुन, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरू, नागरिक समाजको अभियान र सरकारी नीति तथा निर्णयको जवाफदेहिताको आधारमा गरिएको छ। सङ्कलित मात्रात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरी नेपालको सातै प्रदेश र ७७ जिल्लाहरूको वर्षभरिको मानव अधिकार अवस्थाको चित्रण गरिएको छ। मात्रात्मक तथ्याङ्कहरूलाई तालिका तथा चित्रहरूको माध्यमबाट देखाइएका छन्। साथै, नागरिक तथा राजनीतिक अधिकारहरू र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अवस्थाको सरकारको सम्मान, संरक्षण र प्रवर्द्धन तथा परिपूर्तिको दायित्वको अवस्थासँग दाँजेर लेखाजोखा गरिएको छ।

देशका सात ओटा प्रदेशहरूको मानव अधिकार उल्लङ्घनको तुलनात्मक अवस्थालाई इङ्गित गर्नको लागि यस वर्ष सङ्कलित तथ्याङ्कको आधारमा मानव अधिकार उल्लङ्घन सूचकाङ्क पनि प्रस्तुत गरिएको छ। यसबारेको विधि र प्रकृया सम्बन्धित खण्डमा नै दिइएको छ।

**अनुसन्धान आचारको परिपालना**

तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्दा अनुसन्धान आचारका सिद्धान्तहरू, जस्तैः सुसूचित सहमति, स्वेच्छिक सहभागिता, आदर/सम्मान, गोपनीयता, प्रतिलिपी अधिकारको पूर्णरूपले पालना गरिएका छन्। सुसूचित सहमति अन्तर्गत जानकारीहरू सङ्कलन गर्दा जानकारीहरू सङ्कलन गर्नको उद्देश्यका बारेमा सम्बन्धित व्यक्ति तथा निकायका प्रतिनिधिहरूलाई यथेष्ट जानकारी दिई उहाँहरूको सहमति लिइएको छ। जानकारी सङ्कलन गर्दा कसैको आत्मसम्मानमा चोट नपुगोस् भनी विनम्रतापूर्वक अनुरोध गर्ने, भेटघाटको लागि पूर्व स्वीकृति लिने, पत्राचार गरी भेटघाट गर्न जाने आदि कुराहरूको

पूर्णरूपमा पालना गरिएको छ। बलात्कार, यौन दुर्व्यवहार, बलात्कार प्रयास, घरेलु हिंसाजस्ता घटनाबाट पीडित बालबालिका र महिलाहरूका नाम र ठेगाना गोप्य राख्नुपर्ने भएकाले प्रतिवेदनमा उल्लेख गरिएको छैन। उनीहरूको विवरणहरू वितरण गर्दा पनि पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ। प्रतिवेदन तयार गर्दा उद्धरण गरिएका सामग्रीहरूमा American Psychological Association-Publication Manual of the American Psychological Association (2020) अनुसार सन्दर्भ सामग्रीहरूको उल्लेख गरी तिनीहरूको सूची पनि प्रस्तुत गरिएको छ।

**सीमितता**

यस पुस्तकमा नेपालको सबै भूभागमा यो वर्ष भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटिएको छ। तथापि तुलनात्मक अध्ययनको लागि विगत वर्षहरूका तथ्याङ्कहरू पनि प्रस्तुत गरिएका छन्। इन्सेक प्रतिनिधिको जानकारीमा आएका र पुष्टि भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू मात्र यस प्रतिवेदनमा समावेश गरिएको छ। कतिपय घरभित्र नै भएका र सामाजिक इज्जतमा खलल पुऱ्याउने डरले मानव अधिकार उल्लङ्घनका घटनाहरू पीडित पक्षले सार्वजनिक गर्न वा सम्बन्धित निकायमा मुद्दा दर्ता पनि गर्न नचाहने प्रवृत्तिले गर्दा इन्सेकका प्रतिनिधिहरूले यस्ता घटनाहरूको पूर्ण रूपले जानकारी लिन नसक्ने हुन्छन्। तापनि पीडित पक्षले गम्भीर प्रकृतिका घटनाहरूका विरुद्ध विभिन्न व्यवधानका बाबजुद पनि मुद्दा दर्ता गर्ने या सार्वजनिक गर्ने प्रवृत्ति देखिएको छ। त्यसैले गर्दा यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरूले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई धेरै हदसम्म प्रतिनिधित्व गर्दछ। यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरू सङ्कलन तथा प्रशोधन गर्दा नागरिकहरूमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सार्वजनिकीकरण गर्ने प्रवृत्ति र इन्सेकको ती घटनाहरूमा पहुँच देशभरि नै समान रहेको छ भन्ने मान्यता राखिएको छ। यस पुस्तकमा प्रस्तुत मानव अधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरू धेरै मात्रामा शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू भएकोले मानव अधिकार उल्लङ्घन सूचकाङ्क निर्माण गर्दा पनि शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू मात्र समावेश गरिएको छ। साथै सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरिएको छैन। सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरी तुलनात्मक अध्ययन गर्ने हो भने क्षेत्रगत स्थिति फरक पर्ने हुनसक्छ।

स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ। सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

राष्ट्रसङ्घको विश्वव्यापी अभ्यासलाई अनुसरण गर्दै न्यूनतम १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको क्षेत्र, जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति छ। यसै नीति अनुसार कतिपय जिल्ला पूर्ण साक्षर घोषणा भएका छन्। जिल्ला विवरणमा उल्लेख साक्षर घोषणा भएका जिल्लाको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ सँग नमिल्न पनि सक्छ।

स्थानीय बोली, भाषा र लय आदिजस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु भए हामी मूल अभिलेखमा सच्याउनेछौँ।

पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटि हुन सक्छन्। त्रुटि भएका नामहरूबारे प्रबुद्ध पाठकबाट सुझाव आउने नै छ।

# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२५

## परिशिष्ट १ नेपाल– घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| **अपहरण** | | | | २८ | १ | | | २९ | २९ |
| **गिरफ्तारी** | ५८ | २५९ | ३१७ | | | | | | ३१७ |
| **कुटपिट** | ४ | २९ | ३३ | ६० | १७१ | | | २३१ | २६४ |
| **घाइते** | | | | | | | | | |
| बम विष्फोटबाट | | | | | १ | | | १ | १ |
| दोहोरो भिडपमा घाइते | १३७ | १९२३ | २०६० | ७५ | ६३६ | | | ७११ | २७७१ |
| कुटपिटबाट | २ | १३ | १५ | २१ | ११८ | | | १३९ | १५४ |
| गोली लागेर | २ | ४६ | ४८ | १ | २ | | | ३ | ५१ |
| आगो लगाएर | | | | ४ | १ | | | ५ | ५ |
| हवाइ फायर | १ | १२ | १३ | | | | | | १३ |
| टियर ग्याँस | ५ | ३१ | ३६ | | | | | | ३६ |
| एसिड प्रहार | | | | १ | १ | | | २ | २ |
| धारिलो हतियारबाट | | १ | १ | २३ | ३६ | | | ५९ | ६० |
| **जम्मा** | १४७ | २०२६ | २१७३ | १२५ | ७९५ | | | ९२० | ३०९३ |
| **बाल अधिकार** | | | | | | | | | |
| बेचबिखन तथा ओसारपसार | | | | ३९ | २ | | | ४१ | ४१ |
| बलात्कार | | | | ६९६ | | | | ६९६ | ६९६ |
| हाडनाता करणी | | | | ५० | | | | ५० | ५० |
| सामूहिक बलात्कार | | | | ४० | | | | ४० | ४० |
| साइबर अपराध | | | | २३७ | | | | २३७ | २३७ |
| विद्यालयमा दिइने दण्ड सजाय | | | | ५ | १५ | | | २० | २० |
| बलात्कारपछि हत्या | | | | ३ | | | | ३ | ३ |
| यौन दुर्व्यवहार | | | | २५७ | ५ | | | २६२ | २६२ |
| **जम्मा** | | | | १३२७ | २२ | | | १३४९ | १३४९ |
| **अमानवीय व्यवहार** | | | | | | | | | |
| जुत्ताको माला लगाइदिएको | | | | १ | ३ | | | ४ | ४ |
| अनुहारमा मोसो दलेको | | | | | ८ | | | ८ | ८ |
| बोक्सोको आरोप | | | | | १ | | | १ | १ |
| अन्य | | | | | २ | | | २ | २ |
| **जम्मा** | | | | १ | १४ | | | १५ | १५ |
| **अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार** | | | | | | | | | |
| लाठी चार्ज | ३ | ७ | १० | | | | | | १० |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ५ | ४ | ९ | | | | | | ९ |
| **जम्मा** | ८ | ११ | १९ | | | | | | १९ |

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| **धम्की** | | ११ | ११ | २३ | २७ | | | ५० | ६१ |
| **कारागारमा मृत्यु** | ६ | ७८ | ८४ | | | | | | ८४ |
| **हिरासतमा मृत्यु** | | ४ | ४ | | | | | | ४ |
| **बालसुधार गृहमा मृत्यु** | | १ | १ | | | | | | १ |
| **यातना** | | ३ | ३ | | | | | | ३ |
| **महिला अधिकार** | | | | | | | | | |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | १६ | | | | १६ | १६ |
| बेचबिखन तथा ओसारपसार | | | | ४५ | | | | ४५ | ४५ |
| 'बोक्सी'को आरोप | | | | २२ | | | | २२ | २२ |
| बलात्कार | | | | ५00 | | | | ५00 | ५00 |
| हाडनाता करणी | | | | ३२ | | | | ३२ | ३२ |
| सामूहिक बलात्कार | | | | २२ | | | | २२ | २२ |
| बलात्कार प्रयास | | | | १५८ | | | | १५८ | १५८ |
| घरेलु हिंसा | | | | ४४९१ | | | | ४४९१ | ४४९१ |
| यौन दुर्व्यवहार | | | | ३९ | | | | ३९ | ३९ |
| साइबर अपराध | | | | ३९३ | | | | ३९३ | ३९३ |
| दाइजोजनित हिंसा | | | | १४४ | | | | १४४ | १४४ |
| बलात्कारपछि हत्या | | | | ६ | | | | ६ | ६ |
| परिवारजनबाट हत्या | | | | १0३ | | | | १0३ | १0३ |
| **जम्मा** | | | | ५९७१ | | | | ५९७१ | ५९७१ |
| **जातीय विभेद** | | | | | | | | | |
| जातीय छुवाछुत | | | | १२ | २0 | | | ३२ | ३२ |
| अन्तरजातीय विवाह | | | | १ | २ | | | ३ | ३ |
| सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित | | | | ६ | ८ | | | १४ | १४ |
| **जम्मा** | | | | १९ | ३0 | | | ४९ | ४९ |
| **आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार** | | | | | | | | | |
| ज्यालामा विभेद | | | | १ | २ | | | ३ | ३ |
| स्वास्थ्यको अधिकार | २ | २ | ४ | ३ | | | | ३ | ७ |
| सम्पत्तिको अधिकार | | | | | १ | | | १ | १ |
| **जम्मा** | २ | २ | ४ | ४ | ३ | | | ७ | ११ |
| **हत्या** | | | | | | | | | |
| कुटपिटबाट | | | | २८ | ८२ | | १ | १११ | १११ |
| आगो लगाएर | | | | ४ | ५ | १२ | | २१ | २१ |
| गोली प्रहारबाट | १ | ५0 | ५१ | १ | १५ | | | १६ | ६७ |
| धारिलो हतियार प्रहारबाट | | | | १८ | ३९ | | | ५७ | ५७ |
| झडपमा | | ५ | ५ | १ | १ | | | २ | ७ |
| हत्याको प्रकृति नखुलेको | | | | २ | ३ | | | ५ | ५ |
| **जम्मा** | १ | ५५ | ५६ | ५४ | १४५ | १२ | १ | २१२ | २६८ |
| **कूल जम्मा** | २२६ | २४७९ | २७0५ | ७६१२ | १२0८ | १२ | १ | ८८३३ | ११५३८ |

## परिशिष्ट २ पेसागत आधारमा पीडित सङ्ख्या

| पेसा | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| राजनीतिक कार्यकर्ता | ९ | ९० | ९९ | ८० | २४ | | | १०४ | २०३ |
| सामाजिक कार्यकर्ता | १ | २ | ३ | ३ | २ | | | ५ | ८ |
| स्वास्थ्यकर्मी | २ | ३ | ५ | ३० | ११ | | | ४१ | ४६ |
| सुरक्षाकर्मी | ४ | ३२ | ३६ | ९३ | ५२५ | | | ६१८ | ६५४ |
| कानुन व्यवसायी | | १ | १ | | २ | | | २ | ३ |
| मानव अधिकारकर्मी | | ३ | ३ | ४ | १ | | | ५ | ८ |
| मजदुर | | २४ | २४ | ५७ | ५३ | | | ८० | १०४ |
| नाबालक | | | | १२ | ३ | | | १५ | १५ |
| इन्जिनियर | | १ | १ | १ | १ | | | २ | ३ |
| जागिरे/कर्मचारी | १ | ११ | १२ | २६६ | ११ | | | २७७ | २८९ |
| पत्रकार | २ | १३ | १५ | ७ | ४० | | | ४७ | ६२ |
| विद्यार्थी | ७३ | १३५१ | १४२४ | ८३९ | ९३ | | | ९३२ | २३५६ |
| शिक्षक | ८ | २३ | ३१ | २५ | ६ | | | ३१ | ६२ |
| उद्योग व्यवसायी | ३ | ७९ | ८२ | २४६ | ११ | | | २५७ | ३३९ |
| कृषक | १७ | २१३ | २३० | १८९७ | २४८ | | | २१४५ | २३७५ |
| गृहिणी | ६ | | ६ | ३१७९ | | | | ३१७९ | ३१८५ |
| कैदीबन्दी | ५ | ७१ | ७६ | | २४ | | | २४ | १०० |
| सरकारी कर्मचारी | | १ | १ | १५ | ४ | | | १९ | २० |
| नखुलेको | ९५ | ५६१ | ६५६ | ८५९ | १७८ | १२ | १ | १०५० | १७०६ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |

## परिशिष्ट ३ अपाङ्गता भएका पीडित सङ्ख्या

| घटनाको प्रकार | जम्मा |
|---|---|
| हत्या | १ |
| परिवारजनबाट हत्या | २ |
| बलात्कारपछि हत्या | १ |
| बलात्कार | ५६ |
| यौन दुर्व्यवहार | ४ |
| बलात्कार प्रयास | ५ |
| घरेलु हिंसा | ५ |
| जम्मा | ७४ |

## परिशिष्ट ४ कोशी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा | |
| गिरफ्तारी | ९ | ६१ | ७० | | | | | ७० |
| घाइते | ९ | २१८ | २२७ | ३६ | १६५ | | २०१ | ४२८ |
| बाल अधिकार | | | | २१३ | २ | | २१५ | २१५ |
| कुटपिट | | २ | २ | ४ | ९ | | १३ | १५ |
| अपहरण | | | | २ | १ | | ३ | ३ |
| महिला अधिकार | | | | ६४० | | | ६४० | ६४० |
| धम्की | | २ | २ | २ | ४ | | ६ | ८ |
| जातीय विभेद | | | | ३ | २ | | ५ | ५ |
| हत्या | | ५ | ५ | ८ | २९ | ५ | ४२ | ४७ |
| हिरासतमा मृत्यु | | २ | २ | | | | | २ |
| कारागारमा मृत्यु | १ | २५ | २६ | | | | | २६ |
| भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | | | ४ |
| यातना | | १ | १ | | | | | १ |
| अमानवीय व्यवहार | | | | १ | ४ | | ५ | ५ |
| जम्मा | १९ | ३२० | ३३९ | ९०९ | २१६ | ५ | ११३० | १४६९ |

## परिशिष्ट ५ मधेश प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | १ | २६ | २७ | १९ | २०१ | २२० | २४७ |
| बाल अधिकार | | | | १४५ | ५ | १५० | १५० |
| अमानवीय व्यवहार | | | | | ४ | ४ | ४ |
| अपहरण | | | | २१ | | २१ | २१ |
| महिला अधिकार | | | | १५८० | | १५८० | १५८० |
| कुटपिट | | ३ | ३ | ११ | १२ | २३ | २६ |
| धम्की | | १ | १ | ३ | ३ | ६ | ७ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| यातना | | १ | १ | | | | १ |
| हत्या | | २ | २ | ७ | २१ | २८ | ३० |
| गिरफ्तारी | १ | ६ | ७ | | | | ७ |
| जातीय विभेद | | | | ७ | १२ | १९ | १९ |
| जम्मा | २ | ४१ | ४३ | १७९३ | २५८ | २०५१ | २०९४ |

## परिशिष्ट ६ बागमती प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| गिरफ्तारी | ४८ | १८५ | २३३ | | | | | | २३३ |
| घाइते | १२३ | १४९१ | १६१४ | ३३ | १८२ | | | २१५ | १८२९ |
| बाल अधिकार | | | | २२५ | ४ | | | २२९ | २२९ |
| कुटपिट | २ | ८ | १० | १५ | ९२ | | | १०७ | ११७ |
| अपहरण | | | | १ | | | | १ | १ |
| महिला अधिकार | | | | ६२० | | | | ६२० | ६२० |
| धम्की | | २ | २ | | ४ | | | ४ | ६ |
| जातीय विभेद | | | | २ | १ | | | ३ | ३ |
| हत्या | १ | ४३ | ४४ | १४ | २८ | ७ | १ | ५० | ९४ |
| हिरासतमा मृत्यु | | १ | १ | | | | | | १ |
| कारागारमा मृत्यु | ५ | ४३ | ४८ | | | | | | ४८ |
| भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार | ६ | ७ | १३ | | | | | | १३ |
| यातना | | १ | १ | | | | | | १ |
| अमानवीय व्यवहार | | | | | १ | | | १ | १ |
| जम्मा | १८५ | १७८१ | १९६६ | ९१० | ३१२ | ७ | १ | १२३० | ३१९६ |

## परिशिष्ट ७ गण्डकी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | २ | ४९ | ५१ | २७ | ९३ | १२० | १७१ |
| बाल अधिकार | | | | ६९ | ४ | ७३ | ७३ |
| अमानवीय व्यवहार | | | | | २ | २ | २ |
| अपहरण | | | | १ | | १ | १ |
| महिला अधिकार | | | | ४१६ | | ४१६ | ४१६ |
| कुटपिट | | ४ | ४ | २ | ६ | ८ | १२ |
| धम्की | | | | ३ | ४ | ७ | ७ |
| कारागारमा मृत्यु | | १ | १ | | | | १ |
| हत्या | | | | ५ | ११ | १६ | १६ |
| जातीय विभेद | | | | १ | | १ | १ |
| जम्मा | २ | ५४ | ५६ | ५२४ | १२० | ६४४ | ७०० |

## परिशिष्ट ८ लुम्बिनी प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | ५ | १३१ | १३६ | ३ | ६२ | ६५ | २०१ |
| बाल अधिकार | | | | २४२ | ५ | २४७ | २४७ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| अपहरण | | | | ३ | | ३ | ३ |
| महिला अधिकार | | | | १३५६ | | १३५६ | १३५६ |
| कुटपिट | | ४ | ४ | १६ | १३ | २९ | ३३ |
| धम्की | | ४ | ४ | ९ | ७ | १६ | २० |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| हिरासतमा मृत्यु | | १ | १ | | | | १ |
| हत्या | | ५ | ५ | ९ | ३३ | ४२ | ४७ |
| जातीय विभेद | | | | १ | ४ | ५ | ५ |
| जम्मा | ५ | १४७ | १५२ | १६३९ | १२५ | १७६४ | १९१६ |

## परिशिष्ट ९ कर्णाली प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | १ | ५९ | ६० | ६ | १६ | २२ | ८२ |
| बाल अधिकार | | | | ८८ | २ | ९० | ९० |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | २ | | २ | | | | २ |
| महिला अधिकार | | | | ४०९ | | ४०९ | ४०९ |
| कुटपिट | १ | ७ | ८ | ११ | ३२ | ४३ | ५१ |
| धम्की | | २ | २ | ६ | ४ | १० | १२ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| गिरफ्तारी | | ७ | ७ | | | | ७ |
| हत्या | | | | ४ | १३ | १७ | १७ |
| जातीय विभेद | | | | ३ | ७ | १० | १० |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | २ | २ | ४ | ४ | ३ | ७ | ११ |
| जम्मा | ६ | ७९ | ८५ | ५३१ | ७८ | ६०९ | ६९४ |

## परिशिष्ट १० सुदूरपश्चिम प्रदेश : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| घाइते | ६ | ५२ | ५८ | १ | ७६ | ७७ | १३५ |
| बाल अधिकार | | | | १०५ | | १०५ | १०५ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| बाल सुधार गृहमा मृत्यु | | १ | १ | | | | १ |
| महिला अधिकार | | | | ६०९ | | ६०९ | ६०९ |
| कुटपिट | १ | १ | २ | १ | ७ | ८ | १० |
| धम्की | | | | | १ | १ | १ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| हिरासतमा मृत्यु | | १ | १ | | | | १ |
| हत्या | | | | ८ | १० | १८ | १८ |
| जातीय विभेद | | | | २ | ४ | ६ | ६ |
| जम्मा | ७ | ५७ | ६४ | ७२६ | ९९ | ८२५ | ८८९ |

## परिशिष्ट ११ जातजातिका आधारमा पीडित सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | क्यू | जम्मा | |
| आदिवासी | १० | १२१ | १३१ | ८७ | ४७ | | | १३४ | २६५ |
| वैश्य | | ३ | ३ | २१ | ५ | | | २६ | २९ |
| बानिया | १ | ६ | ७ | १५ | | | | १५ | २२ |
| ब्राम्हण | ४० | ६५९ | ६९९ | ७८४ | १४१ | | | ९२५ | १६२४ |
| क्षेत्री | ५३ | ५२२ | ५७५ | ९९८ | २२४ | | | १२२२ | १७९७ |
| दलित | १६ | २०० | २१६ | ११३५ | १२३ | | १ | १२५९ | १४७५ |
| जनजाति | ४१ | ४२५ | ४६६ | १८१५ | २३१ | | | २०४६ | २५१२ |
| कायस्थ | | १ | १ | १३ | ३ | | | १६ | १७ |
| कोइरी | | | | ९२ | १३ | | | १०५ | १०५ |
| मण्डल | १ | २९ | ३० | १८० | १३ | | | १९३ | २२३ |
| मुस्लिम | २ | ५४ | ५६ | ३४४ | २७ | | | ३७१ | ४२७ |
| नखुलेको | ४७ | २२२ | २६९ | १२५३ | २९१ | १२ | | १५५६ | १८२५ |
| नेवार | ७ | १३३ | १४० | १९३ | ५ | | | १९८ | ३३८ |
| तेली | १ | १० | ११ | २६४ | २९ | | | २९३ | ३०४ |
| यादव | ७ | ९४ | १०१ | ४१८ | ५६ | | | ४७४ | ५७५ |
| जम्मा | २२६ | २४७९ | २७०५ | ७६१२ | १२०८ | १२ | १ | ८८३३ | ११५३८ |

## परिशिष्ट १२ सन् २०२५ मा क्षति पुऱ्याइएका भौतिक संरचनाका सङ्ख्या

| घटनाको प्रकार | प्रदेश | | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | |
| अदालत | २ | ५ | ६ | ३ | ६ | | १ | २३ |
| सरकारी कार्यालय | २१३ | ७८ | २४३ | १२६ | १४१ | २८ | १२३ | ९५२ |
| स्थानीय सरकारका भवन | | २१ | १७ | १८ | ४४ | १५ | १ | ११६ |
| प्रहरी कार्यालय | ३५ | ११ | १३७ | ३१ | ७ | | ३ | २२४ |
| पार्टी कार्यालय | ३७ | ११ | १७ | ३३ | ४१ | २० | २५ | १८४ |
| निजी सम्पत्ति | ६२ | ३१ | ९९ | ४६ | ५० | १० | २८ | ३२६ |
| सरकारी सम्पत्ति | २३ | ७ | १७ | २४ | ९ | ३ | ५ | ८८ |
| सरकारी/निजी सवारी साधन | ४२८ | ४७५ | ९७६ | २८७ | २३२ | २३ | ११३ | २५३४ |
| विद्यालय/क्याम्पस | | १ | ५ | २ | | | | ८ |
| स्वास्थ्य संस्था | ६ | ३ | ४ | १ | १ | ३ | १ | १९ |
| कारागार/हिरासत | | | ३ | | | | १ | ४ |
| अन्य | १७ | ८ | १९ | १५ | १४ | ७ | ४ | ८४ |
| जम्मा | ८२३ | ६५१ | १५४३ | ५८६ | ५४५ | १०९ | ३०५ | ४५६२ |

## परिशिष्ट १३ सन् २०२५ मा पीडित भएका ६५ वर्षमाथिका ज्येष्ठ नागरिकहरुको सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | १ | | १ | १ |
| कुटपिट | | | | १ | १ | २ | २ |
| कारागारमा मृत्यु | | १४ | १४ | | | | १४ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| घाइते | ३ | ७ | १० | ७ | १० | १७ | २७ |
| हत्या | | | | ८ | १६ | २४ | २४ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| धम्की | | | | १ | | १ | १ |
| गिरफ्तारी | | १ | १ | | | | १ |
| महिला अधिकार | | | | ६८ | | ६८ | ६८ |
| जम्मा | ३ | २२ | २५ | ८६ | ३० | ११६ | १४१ |

## परिशिष्ट १४ सन् २०२५ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

| प्रदेश | क्रसं | जिल्ला | कारागारको क्षमता | कारागारमा रहेकाहरूको सङ्ख्या | | | फरार रहेको सङ्ख्या | आश्रित बालबालिका |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | | |
| कोशी | १ | ताप्लेजुङ | २५ | १४६ | १४६ | | | |
| | २ | सङ्खुवासभा | ५५ | १४२ | १३४ | ८ | | २ |
| | ३ | सोलुखुम्बु | २५ | ९८ | ८७ | ११ | १ | |
| | ४ | ओखलढुङ्गा | ३० | ८२ | ८२ | | | |
| | ५ | खोटाङ | ९९ | १४० | १३७ | ३ | | |
| | ६ | भोजपुर | ४० | १०६ | ९७ | ९ | | १ |
| | ७ | धनकुटा | ५० | १६९ | १६३ | ६ | | |
| | ८ | तेह्रथुम | ३५ | ९० | ८६ | ४ | | |
| | ९ | पाँचथर | २५ | ६७ | ६७ | | | |
| | १० | इलाम | १२५ | ३२९ | ३०९ | २० | | १ |
| | ११ | झापा | ७५० | ८३६ | ७६१ | ७५ | | |
| | १२ | मोरङ | ५६७ | ११८६ | १०८० | १०६ | | |
| | १३ | सुनसरी | १६०० | १२४६ | १२४६ | | ५०८ | |
| | १४ | उदयपुर | ५० | १४४ | १३८ | ६ | | |
| मधेश | १ | सप्तरी | १२५ | ३६९ | ३४९ | २० | ७८ | २ |
| | २ | सिरहा | १५० | ४३९ | ४३९ | | | २ |
| | ३ | महोत्तरी | २०० | ५७६ | ५७६ | | २६३ | |
| | ४ | सर्लाही | २१० | ३६८ | ३३० | ३८ | | ५ |
| | ५ | रौतहट | २०० | १९८ | १९६ | २ | १२७ | |
| | ६ | पर्सा | ८०० | १२७२ | १२१३ | ५९ | | ५ |
| बागमती | १ | दोलखा | ५१ | १४५ | १४५ | | | |
| | २ | सिन्धुपाल्चोक | ५० | १२६ | १२६ | | | |
| | ३ | रसुवा | १३० | ९५ | ८८ | ७ | ३ | १ |
| | ४ | धादिङ | २०० | २२८ | २१६ | १२ | | |
| | ५ | नुवाकोट | १३७० | ८८६ | ८५६ | ३० | | |
| | ६ | काठमाडौँ (जगन्नाथदेवल) | १६०० | ३०३४ | २७३२ | ३०२ | १४०० | ९ |
| | ७ | काठमाडौँ (डिल्लीबजार) | ३०० | ५६० | ५६० | | ११ | |
| | ८ | ललितपुर | ७०० | ८६८ | ८६८ | | ३५४ | |
| | ९ | काभ्रेपलाञ्चोक | ८५ | २८१ | २८१ | | | |
| | १० | रामेछाप | २०० | २६५ | २५२ | १३ | | |
| | ११ | सिन्धुली | २०८ | ३६५ | ३२७ | ३८ | ११३ | २ |
| | १२ | मकवानपुर | १५०० | ९३६ | ८८८ | ४८ | १४० | |
| | १३ | चितवन | ५०५ | ६४१ | ६०१ | ४० | ११४ | २ |
| गण्डकी | १ | गोरखा | ५५ | १०१ | ९४ | ७ | | |
| | २ | मनाङ | ४० | ९ | ९ | | | |
| | ३ | मुस्ताङ | २० | ११ | ११ | | | |
| | ४ | म्याग्दी | ३२ | ९१ | ८५ | ६ | ४ | |
| | ५ | कास्की | ४२० | ६४५ | ६१७ | २८ | १५८ | १ |

| प्रदेश | क्र.सं. | जिल्ला | कारागारको क्षमता | कारागारमा रहेकाहरूको सङ्ख्या | | | फरार रहेको सङ्ख्या | आश्रित बालबालिका |
|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | | |
| गण्डकी | ६ | लमजुङ | ५० | | | | | |
| | ७ | तनहुँ | १५५ | २९१ | २७४ | १७ | ४९ | |
| | ८ | स्याङ्जा | ८० | ६२ | ५८ | ४ | | |
| | ९ | पर्वत | ३० | ८० | ७६ | ४ | | |
| | १० | बागलुङ | १२० | १६४ | १५० | १४ | | १ |
| लुम्बिनी | १ | रोल्पा | ५० | १२६ | ११६ | १० | | |
| | २ | प्यूठान | २५ | १२० | ११९ | १ | | |
| | ३ | गुल्मी | २५ | १११ | १०५ | ६ | | |
| | ४ | अर्घाखाँची | १५० | ९२ | ८६ | ६ | | |
| | ५ | पाल्पा | ३२५ | २३६ | २२४ | १२ | | |
| | ६ | नवलपरासी (पश्चिम) | १७५ | ३९४ | ३३९ | ५५ | | |
| | ७ | रुपन्देही | १५० | ६३२ | ६३२ | | | |
| | ८ | कपिलवस्तु | ३५२ | ३७६ | ३७६ | | १२० | |
| | ९ | दाङ (घोराही) | १०० | ४०९ | ४०९ | | | |
| | १० | दाङ (तुलसीपुर) | ३०० | ४२१ | ३६० | ६१ | | ५ |
| | ११ | बाँके (नौबस्ता) | ३७५ | ६३४ | ५२९ | १०५ | | |
| | ११ | बाँके | ३५० | ८६७ | ८६७ | | | |
| | १२ | बर्दिया | १५० | ४६१ | ४०३ | ५८ | | ३ |
| कर्णाली | १ | डोल्पा | १५० | २७ | २७ | | | |
| | २ | हुम्ला | | ११ प्रहरी हिरासतमा | | | | |
| | ३ | जुम्ला | २०० | ७३ | ६८ | ५ | ९ | १ |
| | ४ | कालिकोट | २५ | ४५ | ४१ | ४ | | |
| | ५ | दैलेख | १०० | १६८ | १५२ | १६ | | |
| | ६ | जाजरकोट | ३५ | १९ | १९ | | | |
| | ७ | रुकुम (पश्चिम) | २५ | १३५ | १२९ | ६ | १७ | |
| | ८ | सल्यान | २५ | ११६ | १०२ | १४ | | २ |
| | ९ | सुर्खेत | १०० | ४४२ | ३९३ | ४९ | | ३ |
| सुदूर पश्चिम | १ | बाजुरा | २५ | | | | | |
| | २ | बझाङ | १०० | ८१ | ८१ | | | |
| | ३ | दार्चुला | ४० | ९१ | ९१ | | | |
| | ४ | बैतडी | २५ | | | | १ | |
| | ५ | डडेलधुरा | १२५ | १३३ | १२३ | १० | ५ | |
| | ६ | डोटी | २७ | ७६ | ७६ | | | |
| | ७ | अछाम | ७५ | ८० | ७५ | ५ | | १ |
| | ८ | कैलाली | १५० | ४६५ | ४२९ | ३६ | २३० | |
| | ९ | कञ्चनपुर | १४० | ३६४ | ३४९ | १५ | ९८ | |
| जम्मा | | | १६,९५६ | २५,०९२ | २३,६८१ | १,४११ | ३,८०३ | ४९ |

**सन् २०२५ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या**

| प्रदेश | जिल्ला | बालक | बालिका |
|---|---|---|---|
| कोशी | मोरङ | २४० | |
| मधेश | पर्सा | ८९ | |
| बागमती | मकवानपुर | ८४ | |
| | भक्तपुर | १४५ | २४ |

**सन् २०२५ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या**

| प्रदेश | जिल्ला | बालक | बालिका |
|---|---|---|---|
| गण्डकी | कास्की | १०० | |
| लुम्बिनी | रुपन्देही | १०० | |
| | बाँके | १४० | |
| सुदूरपश्चिम | डोटी | ४० | |
| जम्मा | | ९३८ | २४ |

परिच्छेद

४

# न्यायपालिका

न्यायिक स्वतन्त्रता

न्यायिक जबाफदेहिता

न्याय सम्पादन

न्यायमा पहुँच

जनआस्था

निष्कर्ष र सुझाव

## १. परिचय

सन् २०२५ नेपालको न्यायपालिकाले सार्वजनिक आस्था, संस्थागत अखण्डता र संवैधानिक शासनका दृष्टिले चुनौती व्यहोर्नु पर्‍यो। न्यायपालिकामाथि ठूला र सङ्गठित आक्रमणहरू भए। गत भदौ २४ गते सर्वोच्च अदालतसहित १७ ओटा अदालतमा आगजनी गरिँदा इजलास, मिसिल, डिजिटल अभिलेख तथा सूचना प्रविधि प्रणाली नष्ट भए। नियमित सुनुवाइ एक महिनाभन्दा बढी समय अवरुद्ध भयो। बन्दी प्रत्यक्षीकरणजस्ता संवैधानिक हकसम्बन्धी मुद्दाहरूको सुनुवाइ पालमुनि गर्नु पर्‍यो। सर्वोच्च अदालतमा २६ हजार २ सय २८ थान मुद्दा विचाराधीन रहेका छन् (सर्वोच्च अदालत, २०८१)। व्यवस्थापनमा आएको अवरोधका कारण आगामी आर्थिक वर्षमा मुद्दाको किनारा लगाउने कार्यमा नकारात्मक असर पार्ने निश्चित छ। त्यसैगरी निरूपण भएका ५ हजार ४ सय ६० थान मुद्दाहरूको पूर्णपाठ लेखन बाँकी रहेको फैसला लेख्दै गरिएका र लेखन बाँकी २ हजार ५ सय ८१ थान मुद्दाका मिसिल जलेर नष्ट हुँदा फैसला लेखनमा थप चुनौती थपिएको छ (सर्वोच्च अदालत, २०८२)। यी घटनाहरूले शीघ्र न्याय, प्रभावकारी मुद्दा व्यवस्थापन र न्यायमा पहुँचजस्ता विषयलाई थप जटिल बनाएका छन्। न्यायपालिका स्थापनाको ७४ वर्षमा पहिलो पटक सर्वोच्च अदालतका प्रधान न्यायाधीशले पत्रकार भेटघाट गरी न्यायपालिकाले धम्कीपूर्ण, अपमानजनक र तथ्यहीन अभिव्यक्तिहरू लगायत अवहेलना भोग्नु परेको सार्वजनिक गर्नु पर्‍यो।

प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधि सभा विघटन र संसद सञ्चालनसम्बन्धी विवादमा सर्वोच्च अदालत पटक-पटक निर्णायक भूमिकामा आउँदा र यी विवादहरूमा समयमा नै निकास दिन नसक्दा न्यायपालिका प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको केन्द्रमा तानियो। केही विवादास्पद फैसलाहरू र अनुसन्धान-कारबाहीको प्रभावहीनताले न्यायालयभित्रै दण्डहीनताको संस्कृति मौलाइरहेको आभास भयो। न्याय परिषद्को अनुशासनात्मक प्रक्रियामा देखिएको निस्क्रियता र न्यायाधीशहरूको नियुक्ति-सरुवा-बढुवामा पारदर्शिताको अभावले न्यायिक शासनमा गहिरो सङ्कट उजागर गर्‍यो। संवैधानिकवादको मेरुदण्ड मानिने न्यायालय आन्तरिक अस्थिरता, राजनीतिक प्रभाव, बार-बेञ्च तनाव, विवादास्पद नियुक्ति प्रक्रिया र जनविश्वासमा आएको तीव्र गिरावटका कारण न्यायालय बहुआयामिक सङ्कटमा परेको देखियो। गत भदौ २४ गते अदालतहरूमा भएका आगजनी र तोडफोड घटनाले प्रतीकात्मक आक्रमणमात्र होइन, संरचनागत असुरक्षासमेत उजागर गरे। जसले वर्षौंदेखि सुसुप्त रहेको जनअसन्तुष्टिलाई सतहमा ल्याइदियो।

सर्वोच्च अदालत (२०८१/८२) को वार्षिक प्रतिवेदनले पनि अदालतहरूको कार्यचाप व्यवस्थापन, संवैधानिक इजलासको प्रभावकारिता, फैसला कार्यान्वयन, सूचना प्रविधिको उपयोग, अभिलेख व्यवस्थापन, न्यायिक जनशक्ति क्षमता अभिवृद्धि, न्यायमा पहुँच, शीघ्र न्यायसम्पादनजस्ता क्षेत्रहरूमा तीव्र चुनौती रहेको स्वीकार गरेको छ (सर्वोच्च अदालत, २०८२)। सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्ने भदौ २७ गतेको राष्ट्रपतिको निर्णयले संवैधानिक प्रावधान उल्लङ्घनको स्पष्ट उदाहरण प्रस्तुत गर्‍यो। संविधानले सेवानिवृत्त न्यायाधीशलाई कार्यपालिका वा व्यवस्थापिकामा पद ग्रहण गर्न स्पष्ट निषेध गरेको सन्दर्भमा भएको नियुक्तिले शक्तिको विभाजन, न्यायिक नैतिकता र संस्थागत स्वायत्तताको सिद्धान्तमा विचलन आएको देखियो। यसले न्यायपालिकाको निष्पक्षतामा गम्भीर प्रश्नमात्रै खडा गरेन भविष्यमा न्यायपालिकाप्रति कायम रहेको जनविश्वासमा असर पुग्ने आकलन गरिएको छ।

उल्लिखित घटनाले न्यायपालिकामा गहिरो वैधताको सङ्कट र संरचनागत सुधारको अपरिहार्यता स्पष्ट पारेको छ । राजनीतिक हस्तक्षेप, अदालतका आदेशहरूको अवज्ञा, फैसलामा विवाद, नियुक्तिको अपारदर्शिता र न्यायालयमाथिका आक्रमणहरूले न्यायिक शासनको आधार नै डगमगिएको अवस्था छ। यद्यपि चुनौतीहरूका बाबजुद, मानव अधिकार, संवैधानिक व्याख्या र सार्वजनिक सरोकारका मुद्दाहरूमा अदालतले केही उल्लेखनीय निर्णय पनि गरेको छ। जसले न्यायपालिकाको मानव अधिकारमैत्री भूमिका अझै महत्त्वपूर्ण रहेको सङ्केत गर्छ। तर, यस्ता निर्णयलाई संस्थागत स्तरमा दिगो बनाउन, सुधार बिनाको न्यायिक सक्रियता पर्याप्त हुँदैन।

यस आलेखमा न्यायिक स्वतन्त्रता, जबाफदेहिता, मुद्दा व्यवस्थापन, न्यायमा पहुँच र न्यायालयप्रतिको जनविश्वासका प्रमुख सूचकहरूको समीक्षात्मक मूल्याङ्कन गरिएको छ। अध्ययनमा दस्तावेज विश्लेषण, घटनाक्रम समीक्षा र लक्षित समूह छलफलका गुणात्मक विधिहरू प्रयोग गरिएका छन्। उद्देश्यपूर्ण नमूना छनोटमार्फत कानुन व्यवसायी,

न्यायिक कर्मचारी, अनुसन्धानकर्ता र नागरिक समाज प्रतिनिधिहरूको विचार समावेश गरिएको छ। उपलब्ध तथ्याङ्क र प्रतिवेदनहरूको सीमाका बाबजुद प्रस्तुत विश्लेषणले न्यायिक सुधारका प्राथमिक क्षेत्र पहिचान गर्न, जनआस्था पुर्नस्थापना गर्न र न्यायपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक दिशानिर्देशन गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**२. न्यायिक स्वतन्त्रता**

न्यायिक स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाको मूल आधार हो। यसले न्यायाधीशलाई कानुन र तथ्यमा आधारित निर्णय गर्न अधिकार मात्र हौइन, संवैधानिक दायित्व पनि प्रदान गर्छ। न्यायको अपेक्षासहित अदालतको क्षेत्राधिकार प्रयोग गर्दा नागरिकहरूले उपभोग गर्ने अधिकार नै स्वतन्त्र न्यायपालिका हो। यो न्यायपालिकालाई प्रदान गरिएको कुनै विशेषाधिकार होइन बरु नागरिकको अधिकार र न्यायपालिकाको मानसिक अवस्था – निष्पक्ष र निर्भीक निर्णय गर्ने क्षमताको सूचक हो। न्यायिक स्वतन्त्रता केवल संस्थागत संरचनासँग मात्र सीमित हुँदैन, यसले न्यायाधीशको व्यवहार, निर्णयगत निरन्तरता र राजनीतिक हस्तक्षेपबाट मुक्त वातावरणलाई समेत समेट्छ। संस्थागत स्वतन्त्रता र व्यक्तिगत निष्पक्षताको संयोजनबिना कानुनको शासनअनुरूप विश्वसनीय न्याय सम्भव हुँदैन।

संविधानले शक्ति पृथकीकरण र नियन्त्रण-सन्तुलनको सिद्धान्तमार्फत न्यायपालिकालाई स्वतन्त्र संवैधानिक अङ्गका रूपमा परिभाषित गरेको छ। तर व्यवहारिक तहमा यस सिद्धान्तको प्रभावकारिता निरन्तर चुनौतीमा परिरहेको देखिन्छ। कार्यपालिका-न्यायपालिका सम्बन्ध, न्यायाधीश नियुक्तिमा विवाद, तथा संवैधानिक र कानुनी व्याख्यामा देखिएका असङ्गत अभ्यासहरूले संवैधानिक शासनको विश्वसनीयतालाई प्रश्नको घेरामा राखेका छन्।

नेपालको संविधानको धारा १३२ (२) ले सेवानिवृत्त न्यायाधीशलाई न्यायिक पद बाहेक अन्य सार्वजनिक जिम्मेवारी नदिने स्पष्ट व्यवस्था गरेको छ। यसले न्यायिक मर्यादा, तटस्थता र कार्यपालिका तथा विधायिकाबाट दूरी कायम गर्ने संवैधानिक मर्म प्रतिबिम्बित गर्छ। यद्यपि, अवधारणात्मक स्पष्टता हुँदाहुँदै पनि व्यवहारमा यसको पालना गर्ने पक्ष कमजोर देखिएको छ। यस सन्दर्भमा पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीले २०८२ भदौ महिनामा अन्तरिम मन्त्रिपरिषद्को नेतृत्व ग्रहण गर्नु उनले स्वयम् विगतमा असंवैधानिक ठहर गरेको अभ्याससँग मिल्दोजुल्दो भूमिका, न्यायिक आचारसंहिता, निर्णयगत निरन्तरता र संवैधानिक मर्यादासँग असङ्गत देखिन्छ। सर्वोच्च अदालतको न्यायाधीशका रूपमा रहँदा सुशीला कार्कीले पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको मन्त्रिपरिषद् गठनविरुद्ध परेको रिटमा *(संवैधानिक कानून व्यवसायी मञ्च वि. राष्ट्रपति कार्यालयसमेत,* २०७२) न्यायाधीश कल्याण श्रेष्ठसँगै फरक मत राखेकी थिइन्। उनीहरूले राजनीतिक आवश्यकताको नाममा गरिएको यस्तो व्यवस्था संविधानवाद, शक्तिपृथकीकरण र स्वस्थ संवैधानिक अभ्यासका सिद्धान्त विपरीत रहेको स्पष्ट रूपमा औंल्याएका थिए। उनीहरूले यस्तो निर्णय "दीर्घकालीन रूपमा हानिकारक हुने, दोहोरिन नहुने", र कुनै पनि अवस्थामा प्रधानन्यायाधीश वा सर्वोच्चका न्यायाधीश कार्यकारी पदमा रहनु न्यायिक मर्यादा र संवैधानिक प्रावधानका प्रतिकूल रहेको स्पष्ट रूपमा अभिव्यक्त गरेका थिए। अन्तरिम संविधानमा यस्तो सरकार गठनको व्यवस्था नै नभएकाले अवस्थामा "अवरोध हटाउने अधिकार" प्रयोग गरी राजनीतिक समाधान खोज्नु असंवैधानिक हुने र यस्तो कार्य पुन: नदोहोरिने ढङ्गले सावधानी अपनाउन इजलासले निर्देशसमेत दिएको थियो। यिनै आधारहरू हुँदाहुँदै कार्कीले समान प्रकृतिको भूमिका स्वीकार गर्नु न्यायिक नैतिकता र न्यायिक मर्यादाप्रतिको प्रतिबद्धतासँग मेल खाँदैन। सेवानिवृत्त भएपछि पनि न्यायिक आचरण र मर्यादा पालन गर्नु र राजनीतिक विवादबाट टाढा रहनु न्यायिक पदको मूलभूत अपेक्षा हो।

लोकतान्त्रिक शासनमा राज्यका तीन अङ्गहरू एक-अर्कालाई नियन्त्रण र सन्तुलनमा राख्ने सिद्धान्तमा आधारित हुन्छन्। सङ्क्रमणकालीन वा संवेदनशील अवस्थामा न्यायिक व्यक्तिको कार्यकारी भूमिकामा प्रवेशले यस मूलभूत सिद्धान्तलाई उपेक्षा गर्ने प्रवृत्तिका रूपमा व्याख्या हुन्छ। यसले कानुनको शासन, संवैधानिक सर्वोच्चता र न्यायिक स्वतन्त्रताप्रतिको जनविश्वासमा प्रत्यक्ष नकारात्मक असर पार्छ। प्रधानमन्त्री नियुक्तिसम्बन्धी पछिल्ला विवादहरूले पनि अदालतलाई पुन: शक्तिपृथकीकरण र संवैधानिक वैधताको केन्द्रमा ल्याएका छन्। प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले २०८२ मंसिर ५ गते सर्वोच्च अदालतलाई पठाएको लिखित जवाफमा,

अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन विरुद्ध दायर रिटहरूमा असंवैधानिक प्रक्रिया अपनाइएको दाबी गरिएको छ। उक्त जवाफमा संविधान बमोजिमका विकल्पहरू उपलब्ध हुँदाहुँदै ती बाटोहरू नपछ्याइएको उल्लेख गर्दै सर्वोच्चले २०८२ कात्तिकमा जारी गरेको कारण देखाउ आदेशको सम्बोधन गरिएको छ।

नवयुवा पुस्ताको आन्दोलनपछि अन्तरिम प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधिसभा विघटन र सरकार गठनसँग जोडिएका रिट निवेदनमाथि सर्वोच्च अदालतको संवैधानिक इजलासमा २०८२ कात्तिक १२ गते प्रारम्भिक सुनुवाइ गऱ्यो। प्रतिनिधि सभा विघटन र सुशीला कार्की नेतृत्वको सरकार असंवैधानिक भएको सम्बन्धमा राजनीतिक दल, कानुन व्यवसायी र सर्वसाधारणले हालेका मुद्दाहरू सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छन्, र तिनको फैसला न्यायिक सुसङ्गतता, संवैधानिक व्याख्या तथा शासन प्रणालीको दीर्घकालीन स्थायित्वसँग गाँसिएको छ। राजनीतिक रूपमा विभाजित यस्ता विषयमा अदालतका निर्णयहरूले दीर्घकालीन संवैधानिक अभ्यास र जनविश्वासमा गहिरो प्रभाव पार्ने हुँदा न्यायालय अत्यन्त संवेदनशील स्थितिमा उभिएको देखिन्छ।

नेपालको संविधानले न्यायपालिकालाई सर्वोच्च, उच्च, र जिल्ला अदालत गरी तीन तहमा पुनर्संरचना गर्दै न्याय परिषद् मार्फत न्यायाधीश नियुक्ति, पदोन्नति, सरुवा तथा अनुशासन प्रक्रियालाई व्यवस्थित गरेको छ। तर, यही संरचना राजनीतिक प्रभाव, दलगत स्वार्थ र पेशागत प्रतिनिधित्वबीचको असन्तुलनका कारण निरन्तर विवादमा परेको छ। प्रधानन्यायाधीश, सङ्घीय कानुनमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश, राष्ट्रपतिबाट सिफारिस भएका र बारबाट सिफारिस भएका दुई कानुनविद् समावेश संरचनाले राजनीतिक र पेशागत स्वार्थको संगमलाई स्वभाविक बनाएको छ। तर, वर्तमान न्यायपरिषद् संरचनामा सर्वोच्च अदालतका दुई न्यायाधीश र न्यायाधीशको पृष्ठभूमि बोकेका कानुनमन्त्री रहेकोले कानुनमन्त्रीबाट विगतमा जस्तो हस्तक्षेप हुँदैन भन्ने आशा गर्न सकिन्छ।

यस वर्ष भएका नियुक्ति विवादहरूले संविधानले परिकल्पना गरेको स्वतन्त्र, निष्पक्ष र समावेशी न्याय प्रशासन व्यवहारमा स्थापित हुन नसकेको पुष्टि गर्छन्। उच्च अदालतमा २७ न्यायाधीश नियुक्तिमा समावेशीता, योग्यतामानक र पारदर्शितामाथि गम्भीर प्रश्न उठे। कानुन व्यवसायी तर्फका सिफारिसहरू 'दलगत भागबण्डा' का रूपमा बुझिनु, सर्वोच्च अदालतमा न्याय परिषद्को सिफारिसमा वरिष्ठ अधिवक्ता मेघराज पोखरेल र उच्च अदालतका न्यायाधीश श्रीकान्त पौडेल र शान्तिसिंह थापाले यस वर्ष सर्वोच्च अदालतको न्यायाधीशमा भएका नियुक्तिहरूमा समेत राजनीतिक पृष्ठभूमि हावी हुनु र यसबारे पूर्वन्यायाधीशहरूको सार्वजनिक चेतावनीले (नयाँ पत्रिका, २०८२) संस्थागत जोखिमको गाम्भीर्य देखाउँछ।

न्यायाधीश नियुक्तिका लागि न्याय परिषद्ले २०७९ मा जारी गरेका 'न्यायाधीश नियुक्ति प्रक्रियासम्बन्धी निर्देशिका २०७९' जिल्ला तथा उच्च अदालत केन्द्रित रहेर समग्र नियुक्ति प्रणालीलाई नै सङ्कुचित बनाएको भन्दै आलोचना भएपछि प्रभावकारी रूपमा लागु नहुनु र न्याय सेवाबाट सर्वोच्च अदालतसम्म पदोन्नतिको अवसर नहुनु संरचनागत असन्तुलनका स्पष्ट उदाहरण हुन्। यसले न्याय सेवामा रहेका अनुभवी अधिकारीहरूको मनोबल र पदोन्नतिको मार्गलाई कमजोर बनाएको छ। तत्कालीन प्रधानन्यायाधीशले २०७८ भदौ २ गते जारी निर्देशिका स्थगन गरेका थिए, तर कारण र विकल्प दुवै अस्पष्ट रहनुले संस्थागत सुधारलाई थप कमजोर बनायो। न्यायाधीश नियुक्तिको 'मापदण्ड'लाई निर्देशिकामार्फत सङ्कुचित बनाउन खोजेको भन्दै न्याय परिषद्ले जारी गरेको 'न्यायाधीश नियुक्ति प्रक्रियासम्बन्धी निर्देशिका २०७९' संविधान विपरीत भएको भन्दै २०७९ साउन १७ गते परेको रिट सर्वोच्च अदालतमा साढे दुई वर्षदेखि अल्झिएर बसेको छ।

न्यायाधीश नियुक्तिप्रति बारम्बार दोहोरिने प्रश्नले न्यायिक विश्वसनीयता कमजोर पार्नुका साथै स्वतन्त्र संस्थाहरूको स्वास्थ्यमा दीर्घकालीन असर पारिरहेको छ। गत वर्ष बारको प्रतिनिधित्व नहुँदा रोकिएको नियुक्ति प्रक्रिया बारका प्रतिनिधिको नियुक्तिपछि मात्र अघि बढ्यो। तर, न्याय परिषद् नियमावली, २०७४ संशोधन खारेज गरेर मात्र नियुक्ति गर्नुपर्ने बारको माग बेवास्ता गरिँदा प्रक्रिया पुनः विवादित बन्यो। सो संशोधनविरुद्ध सर्वोच्च अदालतले अन्तरिम आदेश (*अधिवक्ता यज्ञमणि न्यौपानेसहित स्वतन्त्र कानुन व्यवसायी सङ्घ वि. न्यायपरिषद्*, २०८२) दिएपछि मात्रै नियुक्ति सामान्य बनेको हो। विशेषतः, न्याय परिषद् ऐन २०७४ ले पद रिक्त हुनुअघि नै सिफारिस गर्नुपर्ने स्पष्ट व्यवस्था गरे पनि सात महिनादेखि सो प्रावधान खुला रूपमा उल्लङ्घन

हुनु नियमित कमजोरीको जीवित उदाहरण हो। रोल क्रममा अगाडि राखेर मुख्य रजिस्ट्रारबाट उच्च अदालतको न्यायाधीश बनाउने गरी २०८० असोज १ गते न्याय परिषद् नियमावली २०७४ संशोधन भएको थियो। न्याय परिषद्ले न्याय परिषद् नियमावली, २०७४ को पहिलो संशोधन २०८० राजपत्रमा प्रकाशन गर्दै नियमावलीको नियम ११ को खण्ड ख पछि खण्ड ख १ र ख २ थप गरेको थियो। उक्त खण्डहरूमा सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार भएका व्यक्ति उच्च अदालतको न्यायाधीशमा नियुक्त हुँदा रोल क्रममा उच्च अदालतका मुख्य न्यायाधीशपछिको रहने व्यवस्था गरिएको छ। सोही खण्डमा मुख्य रजिस्ट्रारबाट उच्च अदालतको न्यायाधीश भएकाहरूको हकमा पहिले नियुक्त हुने व्यक्तिहरू रोल क्रममा स्वत: माथि रहने व्यवस्था गरिएको छ।

नेपाल बारले ५० प्रतिशत न्यायाधीश कानुन व्यवसायी पृष्ठभूमिबाट हुनुपर्ने संवैधानिक मर्म र न्याय परिषद् नियमावली संशोधन खारेज गर्नुपर्ने माग निरन्तर उठाइरहेको भए पनि परिषद्ले मागलाई बेवास्ता गर्दै प्रक्रिया अघि बढाएको भनी आलोचना भएको छ (नेपाल बार एसोसिएसन, २०८२)। यद्यपि बारलगायत पेशागत क्षेत्रहरूले हस्ताक्षर अभियान, विरोध कार्यक्रम र औपचारिक असहमति दर्ता गरी दबाब सिर्जना गरे पनि बहसको केन्द्र सङ्ख्यात्मक प्रतिनिधित्वमै सीमित रहँदा गुणस्तर, क्षमता र प्रक्रियागत पारदर्शिताजस्ता मूलभूत सुधारका विषय ओझेलमा परे। विवादको पुनरावृत्ति स्वयं संरचनागत कमजोरी र कार्यान्वयन स्तरको विफलताको सङ्केत हो।

अदालतमा मुद्दाको चाप अत्यधिक रहेको अवस्थामा सर्वोच्च र उच्च अदालतमा एक एक पद रिक्त राख्नुको कारण शंकास्पद छ। त्यस्तै जिल्ला अदालतमा २१ पद रिक्त छन् (न्याय परिषद् सचिवालय, २०८२)। सर्वोच्च अदालतमा चार पद रिक्त रहेकोमा न्यायपरिषद् सदस्य एवं सर्वोच्च अदालतकी वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले २०८२ जेठ २७ गते तीनजना न्यायाधीश सिफारिसको क्रममा मौखिक फरक मत राखे तापनि एक पद खाली राखी तीनजना न्यायाधीश नियुक्त गरिएको हो।

न्यायाधीश नियुक्तिका संवैधानिक मापदण्ड-व्यवहारिक अन्तर झन् स्पष्ट छ। धारा १२९(५) ले सर्वोच्च अदालतमा नियुक्तिका लागि चार पृष्ठभूमिलाई योग्य ठहऱ्याएको भए पनि न्याय सेवाबाट सर्वोच्चसम्म पदोन्नतिका लागि अवसर शून्य रहनु संरचनागत असन्तुलनको गम्भीर उदाहरण हो। २१ दरबन्दीमध्ये २० पूर्तिमध्ये १२ कानुन व्यवसायी पृष्ठभूमिबाट हुनु न्याय प्रशासनमा लामो अनुभव बोकेका न्याय सेवा अधिकारीहरूको मनोबल, प्रेरणा र करियर-मार्गलाई कमजोर बनाउने तत्व बनेको छ। न्यायिक वातावरणको दिगोपनका लागि बार र परिषद् दुबै संस्थाले बहुविध पृष्ठभूमिको सन्तुलित प्रतिनिधित्वप्रति जिम्मेवारीपूर्वक उभिनु अपरिहार्य छ। नियुक्तिमा अपारदर्शिता, दलगत प्रभाव र नातावादका आरोप २०७८ को उच्चस्तरीय प्रतिवेदनले पनि पुष्टि गरिसकेको थियो। प्रतिवेदनले राजनीतिक भागबण्डा, कृपावाद, आर्थिक प्रभावजस्ता विकृतिहरूलाई स्पष्ट रूपमा पहिचान गरे पनि कार्यान्वयन नहुनु र सर्वोच्च अदालत नेतृत्वले चासो नदेखाउनु वा देखाउन नसक्नु हालको विवादसँग सिधा सम्बन्धित संस्थागत विफलता हो। सर्वोच्च अदालत संविधानको रक्षक संस्थाका रूपमा समावेशिता, पारदर्शिता र योग्यताको मापदण्ड पालना गर्न असफल हुनु नै न्यायिक क्षेत्रको विश्वसनीयता कमजोर हुने प्रमुख कारण बन्दै गएको छ।

स्वतन्त्र न्यायपालिकाको अवधारणा र मान्यताले न्यायपालिकाको लागि आवश्यक स्रोत साधनको प्राप्ती र परिचालनमा स्वायत्तता खोज्दछ। न्यायपालिकालाई वित्तीय स्वायत्तताको प्रत्याभूति नगरिएमा न्यायिक स्वतन्त्रता, निष्पक्षता, तटस्थता र संवैधानिक सन्तुलनमा प्रतिकूल प्रभाव पार्ने सम्भावना रहन्छ। न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न जनशक्ति व्यवस्थापन एवम् आवश्यक वित्तीय स्रोतको प्राप्ति र परिचालनका लागि विगतदेखि नै न्यायपालिकाबाट निरन्तर प्रयास भए तापनि सो अनुरूपको स्वायत्तता प्राप्त हुन सकेको छैन। यसैले अदालतको बढ्दो कार्यचाप व्यवस्थापन, बक्यौता मुद्दा न्यूनीकरण, न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोग एवम् सेवा प्रवाहको प्रभावकारिता लगायतका क्षेत्रहरूमा वाञ्छित सुधार गर्न नसकिएको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनले भनेको छ (सर्वोच्च अदालत, २०८१)। न्यायपालिकाको वित्तीय स्वायत्ततालाई सुनिश्चित गर्ने सन्दर्भमा विगतदेखि हालसम्म तयार गरिएका विभिन्न अध्ययन प्रतिवेदन, समय समयमा हुने वार्षिक समीक्षा एवम् राष्ट्रियस्तरका सम्मेलन तथा रणनीतिक योजनाहरूले समेत चासो र सरोकार व्यक्त गर्दै आएको भए तापनि उचित रूपमा सम्बोधन हुन सकिरहेको छैन।

न्यायपालिकाको सक्षमता अन्तर्गत यसलाई प्राप्त हुने बजेट लगायतको स्रोत साधनको पर्याप्तता र संस्थागत क्षमता समेत पर्दछ। न्यायपालिकालाई आवश्यक पर्ने जनशक्तिको आपूर्ति र परिचालन लगायतको प्रशासनिक स्वायत्तता तथा न्यायपालिकाले तय गरेको बजेटमा कुनै परिवर्तन नहुने गरी आवश्यक बजेटको प्राप्ती र आन्तरिक विनियोजन लगायतको खर्च व्यवस्थापनसहितको स्वायत्तता अझै पनि सुनिश्चित हुन सकेको छैन (*राजु प्रसाद चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, २०८०*)। यसप्रकारको अवस्था न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता लगायत न्यायिक मूल्य मान्यता प्रवर्द्धनको दृष्टिकोणबाट प्रमुख चुनौतीको रूपमा रहेको छ। आर्थिक वर्ष २०८२/८३ को लागि कूल राष्ट्रिय बजेटको ०.५१ प्रतिशत (अर्थ मन्त्रालय, २०८२) बजेट न्यायपालिकाको लागि छुट्टयाइएको छ। जुन आर्थिक वर्ष २०८१/८२ को लागि छुट्टयाइएको बजेटमा १५.९१ प्रतिशतले वृद्धि भएको हो।

न्यायपालिकाबाट भएका आदेश, फैसला र अन्य कामकारबाहीलाई राज्यका अन्य अङ्गहरू, सञ्चारमाध्यम र राजनीतिक दलले कस्तो प्रतिक्रिया जनाउँदछन्, भन्ने प्रश्न न्यापालिकाको स्वतन्त्रतासँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। पटक पटक पेसीमा चढ्ने तर "हेर्न नभ्याइने" वा "हेर्न नमिल्ने" सूचीमा राखिने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ। यसको स्पष्ट उदाहरण अर्जुन लामाको हत्या प्रकरण हो। माओवादी नेता अग्नि सापकोटा विरुद्धको यो मुद्दा (*पूर्णीमाया लामा वि. अग्नि प्रसाद सापकोटा, २०६९*) विगत १३ वर्षदेखि विचाराधीन रहँदै १४ पटक पेसी चढिसकेको र २०७२ चैत्र २२ गते सर्वोच्च अदालतको विशेष इजलासबाट संवैधानिक इजलासमा सरेपछि पनि थप २५ पटक पेसी तोकियो। यस अवधिमा यस मुद्दा हेरेका नौ जना न्यायाधीश प्रधानन्यायाधीश भइसकेका छन्। २०८१ वैशाख १२ गते पछिल्लोपटक सुनुवाइ गरी डेढ महिनापछि निर्णय सुनाउने मिति तोकेको संवैधानिक इजलासले अन्त्यमा निर्णय सुनाउन सकेन र प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ अवकाश भएका थिए। प्रकाशमानसिंह राउत प्रधानन्यायाधीश नियुक्त भएपछि फेरि शुरुदेखि नै मुद्दाको सुनुवाइ भएको हो। २०८१ फागुन २८ र चैत्र २२ मा सुनुवाइ गरेपछि सर्वोच्च अदालतले यसअघिका निर्णय बदर गर्दै फेरि अनुसन्धान गर्नु भनी आदेश दिएकोमा अन्ततः २०८२ जेठ २१ गते सर्वोच्च अदालतले सापकोटाविरुद्धको उजुरी तामेलीमा राख्ने निर्णय खारेज गर्दै 'उत्प्रेषण जारी' गऱ्यो। यसैगरी संवैधानिक आयोगहरूमा संसदीय सुनुवाइ बिनै गरिएका ५२ नियुक्तको संवैधानिक जाँचको माग गर्दै दयर रिटमा (*अधिवक्ता ओमप्रकास अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०७७*) ५९ पटक पेसी चढाइए पनि २०८२ सालमा मात्र नौ पटक पेसी चढाइ २०८२ असार १८ गते निवदेन खारेज गरियो। यस्ता घटनाक्रमले सार्वजनिक महत्वका संवैधानिक विषयहरू अदालतको प्राथमिकतामा नपरेको स्पष्ट सङ्केत गर्दछ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा पनि न्याययिक संवेदनशीलताको अभावप्रति प्रश्न उठेका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी नियुक्तिविरुद्ध ३ सय ३४ जना द्वन्द्वपीडितले २०८२ साउन १९ गते दिएको निवेदन सर्वोच्च प्रशासनले चार दिन रोकेर राखेर दरपिठ गऱ्यो। आयोगका पदाधिकारीको नियुक्तिका कारण द्वन्द्वपीडितहरूको मौलिक तथा कानुनी हक हनन् भएको दाबी पुष्टि नभएको आधारमा निवेदन अस्वीकार गरिएको थियो। दरपीठविरुद्ध परेको निवेदनमा सर्वोच्च अदालतको इजलासले रिट दर्ता गर्न अनुमति दिएपछि मात्र उक्त निवेदन दर्ता हुन सक्यो।

न्यायिक संस्थामाथि परेको अर्को गम्भीर आघात भदौ २४ गते भएको देशव्यापी प्रदर्शनका क्रममा भएको आगजनी हो। सर्वोच्च अदालत, विशेष अदालतसहित १७ ओटा अदालतमा आगजनी हुँदा ठूलो क्षति भयो, जसमा १० जिल्ला अदालत (काठमाडौँ, चितवन, कास्की, सप्तरी, बाँके, रुपन्देही, पर्सा, मकवानपुर, र कपिलवस्तु) र पाँच उच्च अदालत (तुलसीपुर बुटवल इजलास, विराटनगर, जनकपुरको अस्थायी इजलास, राजविराज, र हेटौँडा) परेका छन्। आगलागी भएका दिन चालु अवस्थामा २४ हजार २ सय ३४ ओटा मिसिल थियो। जसमध्ये २० हजार ३४ ओटा मिसिल पूर्ण क्षति भएको थियो। आगलागीबाट ४ हजार २ सय मिसिल भने जोगिएका थिए। जसमध्ये २ हजार ५ सय ९ ओटा रिटका मिसिल छन् भने १ हजार ६ सय ९१ मुद्दा छन्। त्यस्तै सर्वोच्च अदालतको अभिलेखमा रहेका १ लाख ९७ हजार मिसिल पनि नष्ट भएका छन्। सूचनाअनुसार २०८२ भदौ २४ गतेदेखि कात्तिक ३० गतेसम्मको अवधिलाई शून्य समय मानी गणना नगरिने भनेको थियो। साथै, मंसिर १ गतेदेखि ३० दिनसम्म हदम्याद, म्याद र तारेख थाम्न सकिने

व्यवस्था गरिएको थियो (सर्वोच्च अदालत, २०८२)। घटनाको अनुसन्धानका लागि सर्वोच्च अदालतको पूर्ण बैठकले जाहेरी दिने निर्णय गरेअनुसार २०८२ कात्तिक १८ गते सर्वोच्च अदालत र काठमाडौं जिल्ला अदालतले प्रहरीमा जाहेरी दर्ता गराएका छन्।

सरकारका विभिन्न कामकारबाहीलाई लिएर पनि अदालतमा महत्त्वपूर्ण विवादहरू प्रवेश गरे। सरकार र जेनजीबीच मंसिर २४ गते भएको १० बुँदे सम्झौताविरुद्ध निर्वाचन गराउने अधिकार मात्र पाएको अन्तरिम सरकारलाई दीर्घकालीन प्रभाव पर्ने कार्य गर्न नपाउने विषय, राजदूत फिर्ता प्रकरण, मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्ति र सरकार गठन प्रक्रिया, भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग र भूमि समस्या समाधान आयोग खारेजसम्बन्धी निणर्यहरूमा सर्वोच्च अदालतले संवैधानिक मूल्य र लोकतान्त्रिक मान्यताको रक्षा गर्दै आदेशहरू जारी गऱ्यो। विशेषत: मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्ति र सरकार गठन प्रक्रियामा अदालतले पारदर्शिता र संसदीय लोकतान्त्रको मूल्यमान्यतामा गम्भीर प्रश्न उठायो। नीतिगत र दीर्घकालीन प्रभाव पर्ने कुनै निर्णय नगर्न चेतावनी दिँदै विश्वासको मत लिने प्रक्रियामा संवैधानिक र संसदीय मापदण्ड पालना गर्न निर्देशन गऱ्यो।

तर, अन्तरिम सरकारका दुई महत्त्वपूर्ण निर्णयमा सर्वोच्च अदालतले रोक लगाएपछि पनि सरकारले अदालतको आदेशनको पूर्ण पालना गरेको देखिएन। भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय र ११ देशका राजदूत फिर्ता बोलाउने निर्णयलाई अदालतले अन्तरिम सरकारको अधिकारक्षेत्र बाहिरको ठहर गर्दै बदर गऱ्यो । विशेषगरी राजदूत फिर्ता प्रकरण अदालतले स्पष्ट आधार, कार्यसम्पादन मूल्याङ्कन, र पद रिक्त हुँदा कुटनीतिक प्रभावको अभाव औंल्याउँदै "यथास्थिति" कायम राख्न आदेश दियो। तर, आदेश जारी भइसकेपछि पनि सरकारले राजदूतहरूलाई परराष्ट्र मन्त्रालयमा कामकाजका लागि बोलाएको घटनाले आदेशको अवज्ञा भयो । कार्यपालिकाबाट न्यायिक आदेशको अवज्ञा भएको छ भने परम्परागत रूपमा राजदूत नियुक्ति वा फिर्ता कार्यपालिकाको विशेषाधिकारको क्षेत्र मानिँदै आएको छ। विगतका नजीरहरूमा सर्वोच्च अदालतले पनि यसलाई कार्यकारी अधिकार अन्तर्गत व्याख्या गरेको थियो। राजदूत नियुक्तिसम्बन्धी निर्देशिकाले समेत सरकारले चाहेमा जुनसुकै बेला राजदूत फिर्ता बोलाउन सक्ने व्यवस्था गरेको छ। तर, हालको अन्तरिम आदेशले न्यायालयले एकैपटक आफ्नो न्यायिक निगरानी अधिकार विस्तार गरेको देखिन्छ, जसले विगतका निर्णयसँग भिन्न व्याख्या प्रस्तुत गरेको छ। यो प्रकरण केवल प्रशासनिक निर्णयको विवाद मात्र होइन यसले नेपालको कूटनीतिक कार्यक्षमता, संवैधानिक शक्तिको सन्तुलन, र न्यायपालिका-कार्यपालिका सम्बन्धमा 'अधिकार क्षेत्रको सीमारेखा' बारे भविष्यमा गहिरो प्रभाव पार्ने नयाँ संवैधानिक बहसलाई जन्म दिएको छ।

यस्तै, अदालतका आदेश कार्यान्वयन नगरेको आरोपमा परेको रिटमा सर्वोच्च अदालतले प्रधानमन्त्रीसँग अवहेलनामा किन कारबाही नगर्ने भनी लिखित जवाफ माग्नु, मधेश प्रदेशका मुख्यमन्त्रीलाई दीर्घकालीन प्रभाव पर्ने निर्णय नगर्न आदेश दिनु (*रकी प्रसाद साह वि. सुमित्रा सुवेदी भण्डारी, प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय मधेश प्रदेश, जनकपुरधाम समेत, २०८२*), तथा संवेदनशील मुद्दामा पेसी स्थगन नहुने गरी अग्राधिकार प्रदान गर्नुले अदालतको सक्रिय न्यायिक निगरानी देखाउँछ। यस सन्दर्भमा अदालतले न्यायिक आदेश र फैसलाहरूमाथि अशोभनीय टीका-टिप्पणी नगर्न मुद्दाका पक्ष र समर्थकहरूलाई पनि सचेत गराउँदै, स्वच्छ र रचनात्मक आलोचना सधैं अपेक्षित भए पनि नियोजित रूपमा न्यायाधीशको मानमर्दन गर्ने र भ्रमपूर्ण सन्देश फैलाउने कार्यले न्याय सम्पादनमा अवरोध सिर्जना गर्ने स्पष्ट गरेको छ (*रवि लामिछाने वि. नेपाल सरकार, सहकारी ठगी सम्बन्धी कसूर र सङ्गठित अपराध,* २०८१ र *छविलाल जोशि वि. नेपाल सरकार, सहकारी ठगी सम्बन्धी कसूर र सङ्गठीत अपराध, २०८१*)।

अदालतले निर्णय सुनाएको आधारमा न्यायपालिकाका सबै निर्णय सधैं सही नहुन सक्छन्। तिनको तर्कसहित समीक्षा, आलोचना र पुनरावलोकन लोकतान्त्रिक अभ्यासको अनिवार्य अङ्ग हो। तर, राजनीतिक नेतृत्व र उच्च पदस्थ व्यक्तिहरूबाट आफू अनुकूल निर्णय नआउँदा न्यायपालिकाविरुद्ध गैरजिम्मेवार अभिव्यक्ति दिनु न्यायिक स्वतन्त्रता र जनआस्थामाथि प्रत्यक्ष प्रहार हो। प्रधानमन्त्री, मन्त्रीहरू र सञ्चारमाध्यमबाटै असंयमित टिप्पणी हुँदा समाजमा भ्रम र अराजकता बढ्ने खतरा रहन्छ, जसले अन्तत: न्यायपालिकाको स्वतन्त्रता र लोकतान्त्रिक शासन दुवैलाई कमजोर बनाउँछ। न्यायपालिका, न्यायाधीश तथा कर्मचारीलाई लक्षित गरी सामाजिक सञ्जालमा भइरहेका धम्कीपूर्ण, अपमानजनक र तथ्यहीन अभिव्यक्तिहरू न्याय सम्पादनमा अवरोध मात्र होइन,

अदालतको अवहेलनाको रूपसमेत हुन। "अदालतका निर्णयसँग असहमति जनाउनु र विधिशास्त्रीय आधारमा शालीन आलोचना गर्नु नागरिकको लोकतान्त्रिक अधिकार भए पनि, द्वेषपूर्ण रूपमा न्यायपालिकाको वैधता र विश्वसनीयता कमजोर पार्ने उद्देश्यले गरिने आक्रमण स्वीकार्य हुन सक्दैन" भन्दै अदातल र न्यायाधीशहरू धम्कीपूर्ण र अपमानजनक अभिव्यक्तिले जोखिम रहेको प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले २०८२ पुस २० गते पत्रकारहरु समक्ष सार्वजनिक गर्नु न्यायिक स्वतन्त्रता, मर्यादा र न्याय सम्पादन चिन्ताजनक अवस्थामा रहेको स्पष्ट सन्देश दिन्छ।

न्याय सम्पादनमा कुनै अनियमितता भए त्यसको परीक्षणका लागि कानुनले निर्दिष्ट गरेको उजुरी र जाँचबुझका संयन्त्र उपलब्ध छन्। त्यसैले, न्यायपालिकालाई जनअपेक्षाअनुरूप सुदृढ र विश्वसनीय बनाउन सबै पक्षको जिम्मेवार व्यवहार र साझा प्रतिबद्धता अपरिहार्य छ। जलेका भवनहरूमा काम गर्नुपर्ने भौतिक अभाव र पछिल्लो समय सिर्जित मानसिक दबाबका बीच पनि न्यायपालिकाले आफ्नो कार्य गरिरहेको र आन्तरिक रूपमा निर्मम समीक्षा भइरहेकोले न्यायपालिका सुधारतर्फ उन्मुख रहेको देखिन्छ।

यस वर्ष केही मुद्दामा न्यायाधीशहरूले फरक मतको अधिकारको (न्याय प्रशासन ऐन, २०७३) प्रयोग गर्दै व्यक्तिगत स्वतन्त्रता र वैचारिक स्वतन्त्रताको अभ्यास गरेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा गरिएको संशोधन संविधानसँग बाझिएको ठहर गर्ने क्रममा न्यायाधीश हरि फुयालले खारेजी आवश्यक नरहेको फरक मत, सर्वोच्च अदालतको संवैधानिक इजलासले संवैधानिक निकायका पदाधिकारीको नियुक्ति सम्बन्धी रिट निवेदनहरूमा गरेको फैसलामा न्यायाधीश सपना प्रधान मल्लले हाल कार्यरत रहेका ५२ जना संवैधानिक पदाधिकारीहरूलाई फैसला भएको मितिले ४५ दिनभित्र सङ्घीय संसदको संसदीय सुनुवाइ प्रक्रियामा लैजान सम्बन्धित निकायलाई परमादेश जारी गरिनुपर्ने फरक मत, ढिलो गरी न्याय माग गर्न आउनेलाई न्याय दिन सकिँदैन भनी बहुमतको मतमाथि न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुङ्गानाले बहुमतको रायलाई अपराधशास्त्रीय मान्यता प्रतिकूल ठहर गर्दै फौजदारी कसुर सम्बन्धमा सूचना पाउने जोकोहीले प्रहरीमा उजुरी दिन सक्ने तर्क व्यक्त गर्दै न्यायिक बहसलाई गहिरो बनाएका छन्। जसले संवैधानिक व्याख्यामा विविध दृष्टिकोणको महत्त्व देखाएको छ। यस्ता फैसला महत्वपूर्ण हुन्छन् किनभने यिनले कानुनी तथा संवैधानिक विषयमा न्यायपालिकाको स्वतन्त्रता र विविध विचारलाई प्रतिबिम्बित गर्छन्। असहमति जनाउने मतहरूले कानुनी प्रावधान र संवैधानिक मूल्यहरूबारे वैकल्पिक दृष्टिकोण, अन्तर्दृष्टि, र व्याख्या प्रस्तुत गर्दै कानुनी व्याख्याको समृद्धि र बहुआयामिक स्वरूपलाई देखाउँछ, जसले भविष्यमा कानुनी सिद्धान्त र न्यायशास्त्रको विकास तथा परिमार्जनमा निर्णायक भूमिका खेल्न सक्छ।

यस अतिरिक्त ट्रान्सपरेन्सी इन्टरन्यासनलको २०२४ को प्रतिवेदन अनुसार १ सय ८० मुलुकहरू मध्ये नेपाल अधिकतम भ्रष्टाचार हुने देशहरूमध्ये ३४ औँ स्थानमा र १ सय ७ औँ श्रेणीमा रहेको विभिन्न सूचकहरूले देखाउँछ। उक्त सूची अनुसार न्यायपालिका पनि भ्रष्टाचार हुने क्षेत्रको रूपमा औँल्याइएको छ। त्यसैगरी वर्ल्ड जस्टीस प्रोजेक्टको रुल अफ ल इन्डेक्स अनुसार सन् २०२५ मा १ सय ४३ मुलुकमध्ये नेपाल ७२ औं स्थानमा रही कानुनी शासनको अवस्था गत वर्ष भन्दा तीन अङ्क खस्किएको मुलुकहरू मध्येमा पऱ्यो। अधिनायकवादी प्रवृत्तिहरूको विस्तार कानुनी शासनमा ह्रास आउनु मुख्य कारण बनेको, सूचकाङ्क अनुसार न्यायपालिका कार्यकारी अतिक्रमणका कारण क्रमश: कमजोर हुँदै गएको र न्याय प्रणालीहरूमा राजनीतिक हस्तक्षेप बढेको, न्यायपालिकाले कार्यकारी शक्तिलाई सीमित गर्ने वा नागरिक तथा फौजदारी न्याय प्रणालीमा अनुचित सरकारी प्रभावबाट स्वतन्त्र रहने सूचकहरू क्रमश घटेको प्रतिवेदनमा उल्लेख छ।

## ३. न्यायिक जवाफदेहिता

"न्यायपालिकाको स्वतन्त्रता न्यायिक सुशासनको प्रतिबद्धता" न्यायपालिकाको दायित्व निष्पक्ष र प्रभावकारी रूपमा सम्पादन गर्न रणनीतिक योजनाले निर्दिष्ट गरेको लक्ष्य हो र न्यायिक जवाफदेहिता सुशिचित गर्ने मार्ग पनि हो। न्यायिक निष्पक्षता र जवाफदेहिता सुनिश्चित गर्न गोलाप्रथाद्वारा इजलास तोक्ने सकारात्मक शुरुआत न्यायपालिकामा भएको छ । तर, यस वर्ष प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र वरिष्ठ न्यायाधीश प्रधान मल्लबीच गोला प्रक्रियामार्फत न्यायाधीश चयन गर्ने विधिसम्बन्धी विवादले संवैधानिक इजलासको औचित्य र प्रभावकारितामाथि प्रश्न उठाउँदै यसको गठनमै अन्यौल

सिर्जना गऱ्यो । प्रधानन्यायाधीश राउतले अन्य इजलाससरह गोला प्रक्रियाबाट न्यायाधीश छनौट गर्ने प्रस्ताव अघि सारे भने वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लसहित केही न्यायाधीशहरूले वरिष्ठतम क्रममा आधारित चयनको पक्षमा अडान लिए। यस आन्तरिक मतभेदका कारण संवैधानिक इजलासको स्थिरता र विश्वसनीयतामा प्रश्न उठायो। संविधानले संवैधानिक इजलासलाई गम्भीर संवैधानिक विवाद, कानुनको संवैधानिकता परीक्षण तथा निर्वाचनसम्बन्धी मुद्दा टुग्याउने अधिकार दिएको भए तापनि इजलास गठनमै अन्यौल हुँदा संवैधानिक व्याख्या र न्यायिक प्रक्रियामा ढिलाइ भएको देखिन्छ। एक महिना संवैधानिक इजलास गठन र सञ्चालन हुन सकेन। कयौं निर्वाचन विवाद, संविधानसँग बाझिएको भनी कानुनको संवैधानिकता परीक्षणसँग सम्बन्धित विषयहरू लामो समयदेखि अलपत्र परेको र नयाँ दर्ता भएका कयौं निवेदनहरूमा प्रारम्भिक सुनुवाइ हुन सकेन। सर्वोच्च अदालतकै व्याख्या अनुसार ४ भन्दा बढी न्यायाधीशहरूको सूची (रोस्टर) बनाई तीमध्येबाट प्रधानन्यायाधीशले चार जना न्यायाधीश तोक्ने अभ्यास हुँदै आएको छ।

२० जना न्यायाधीशलाई एकल, संयुक्त, पूर्ण, बृहत् पूर्ण र संवैधानिक इजलासमा (हेरक बुधबार मात्र) मुद्दा तोकिन्छ। सर्वोच्च अदालतमा दैनिक सरदर २ सय देखि ३ सय मुद्दा सुनुवाइ हुने पेसी सूची अदालतको वेवसाइटमा समेत सार्वजनिक हुन्छ तर, ठूलो सङ्ख्यामा मुद्दाहरू "हेर्न नभ्याइन" वा "हेर्न नमिल्ने" शीर्षकमा राखिन्छ। अदालतको कामकारबाही पूर्वानुमानित र संवेदनशील ढङ्गले हुन नसकेको कारणबाट न्यायिक निरूपण गर्ने दायित्वमा जवाफदेहिता सुनिश्चित गर्न नसकेको उजागर गर्दछ। नियमित पेसी स्थगन, संवैधानिक इजलासको प्रभावकारितामा प्रश्न, पेसी चढ्ने तर पेसी तोकिएका आधा भन्दा बढी मुद्दा दैनिक रूपमा  फिर्ता हुने प्रकृयाले कार्यभार त बढाएकै छ। उदाहरणको लागि २०८२ पुस १३ गतेदेखि १६ गतेसम्म सर्वोच्च अदालतको वेवसाइटमा रहेको "आजको मुद्दाको स्थिति" अनुगमन गर्दा हरेक दिन अधिकांश मुद्दा हेर्न नभ्याइने र हेर्न नमिल्ने शीर्षक अर्न्तगत राखिएको पाइन्छ। पुस १३ गते ४ सय ५२ ओटा पेसी तोकिएकोमा ८३ हेर्न नभ्याइने र ११ हेर्न नमिल्ने, त्यसैगरी १४ गते १ सय १४ बटा पेसी तोकिएकोमा ४७ हेर्न नभ्याइने, १३ हेर्न नमिल्ने अर्न्तगत र १६ गते १ सय ४० पेसी ताकेकोमा २५ हेर्न नभ्याइने र तीन हेर्न नमिल्ने अर्न्तगत पर्ने सूची सर्वोच्चले सार्वजनिक गऱ्यो।  न्यायपालिकाका मान्य सिद्धान्तहरूको पालना र नागरिकको अधिकारको संरक्षणमा बाँधाजस्ता क्रियाकलापमा यस वर्ष पनि उल्लेखनीय सुधार हुन सकेन। जसले न्यायिक जबाफदेहिता कमजोर बनाएको छ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीशसहित १९ न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलासले चालु मुद्दाहरूको हदम्याद, तारेख र म्याद थाम्न सकिने व्यवस्था गर्दै २०८२ पुस १३ गते आदेश जारी गऱ्यो । यसअघि मंसिर मसान्तसम्म मात्र तारेख थाम्ने व्यवस्था रहेकोमा अबदेखि पुस मसान्तसम्मका लागि बढाइएको हो। भदौ २४ मा अदालतमा भएको आगजनीका कारण हजारौं मुद्दाका मिसिल नष्ट भएपछि ६० दिनभित्र सम्बन्धित कागजात उपलब्ध गराउन आग्रह गरिएको थियो। तर, तारेख थाम्ने म्यादमा कानुनी अड्चन देखिएपछि सर्वोच्च अदालतको मुद्दा शाखाले प्रतिवेदन पेस गरी निकासाको माग गरेको हो। आगजनीका कारण विचाराधीन र फैसला भइसकेका मुद्दाहरूको मिसिल जलेर नष्ट हुँदा कारबाही अघि बढाउन कठिनाइ भएको थियो। यसअघि अदालतले सार्वजनिक सूचना जारी गर्दै मुद्दाका पक्ष, कानुन व्यवसायी तथा सरोकारवाला निकायलाई आवश्यक कागजात उपलब्ध गराउन अनुरोध गरेको थियो। यसरी सबै न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलास गठन भएको यो दोस्रो घटना हो। यसअघि २०७७ जेठ १६ मा कोरोना महामारीका कारण अप्ठेरोमा परेका मुद्दाहरूको समाधानका लागि पूर्ण इजलास बसेर सेवाग्राहीलाई एक महिनाको सुविधा दिने व्यवस्था गरिएको थियो।

न्यायपालिकाको अखण्डता र उत्तरदायित्वसँग प्रत्यक्ष सम्बन्ध राख्ने केही गम्भीर समस्या यस वर्ष पनि देखा परे। उदहरणका लागि कानुनको गलत व्याख्या गरी जबरजस्तीकरणी जस्तो गम्भीर फौजदारी अभियोग सम्बन्धमा कानुनको गतल व्याख्या उच्च अदालत विराटनगर, इलाम इजलासले गऱ्यो। ललितपुर जिल्ला अदालतका न्यायाधीश ऋषिराम आचार्यले अवकाशको एक दिन अगाडि बलात्कारजस्तो गम्भीर अपराधमा प्रतिवादीलाई सफाइ दिन मुख्य साक्षीसमेत नबुझी सफाइ दिने फैसला २०८२ माघ १३ गते गरेको खुलासा भयो। न्यायाधीशले अवकाश पाउनुभन्दा करिब एक महिना अघिदेखि बिदा बस्ने वा विवादित मुद्दा सुनुवाइ नगर्ने परम्परा छ। २०८२ पुस २३ गते दर्ता भएको जबरजस्ती करणीको मुद्दामा आठ पटक पेसीमा चढेको, थुनछेक आदेशमा एकपटक बहस भएको र

पूर्ण सुनुवाइमा परेको दिनमै फैसला सुनाइएको हो। जिल्ला न्यायाधीश आचार्यले पेसी सार्न नपाइने र तोकिएको मितिमै बकपत्र हुनुपर्ने भनी आदेश गरी विवादित मुद्दामा पर्याप्त अङ्ग नपुगी फैसला गर्ने प्रवृत्ति देखियो। त्यसैगरी पुरानो कानुनको प्रयोग गरेर गम्भीर अपराधमा सफाइ दिने तथा अभियोगपत्रै नै खारेज हुने फैसला भए। उच्च अदालतल जनकपुरले बालयौन शोषणसम्बन्धी मुद्दा खेपेका रामबहादुर बम्जन (रामलाल बम्जन) लाई पुरानो कानुनमा टेकेर बालयौन शोषण मुद्दामा २०८१ चैत्र ६ गते सफाइ दियो। मुद्दाको वारदात २०७३ साउन २० मा भएको र त्यसबेला जबरजस्ती करणी कसुरमा उजुरीका लागि ६ महिना हदम्याद रहेको फैसलामा उल्लेख गरेको जस्ता घटनाले न्यायिक प्रक्रियाको विश्वसनीयतामा गम्भीर प्रश्न खडा गऱ्यो।

सर्वोच्च अदालतको लेटरहेड अनधिकृत प्रयोग गर्नेसम्मको कृयाकलाप यस वर्ष भयो। सर्वोच्च अदालतका शाखा अधिकृत महिमानसिंह विष्टले २०८२ वैशाख १७ गते नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरीलाई पक्राउ गर्न प्रहरी र डिल्लीबजार कारागारमा “अनाधिकृत” पत्राचार गरेका थिए। पत्रका कारण चौधरी पाँच घण्टा कारागारमा बस्नुपरेको थियो। सर्वोच्च अदालतले पत्र सच्याएर पठाएपछि चौधरी छुटेका थिए। सोही दिन प्रहरीले विष्टलाई पक्राउ गरी लिखत किर्ते कसुरमा अनुसन्धान सुरु गरेकोमा २०८२ जेठ ५ गते जिल्ला अदालतले एक लाख धरौटीमा पुर्पक्षका लागि छाड्ने आदेश गरेको थियो। त्यसैगरी झापा जिल्ला अदालत र उच्च अदालत विराटनगरको मुद्दाको फैसलाविरुद्ध २०७७ फागुन ४ गते सर्वेच्चमा पुनरावेदन दर्ता गराइ ७२२ दर्ता नम्बर रहेको पुनरावेदन अलपत्र पारिएको भन्दै २०८२ फागुन १८ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर भयो ( *भरत राज्य विहार किशनगञ्ज जिल्ला दिघल बैंक ग्राम उत्तचायत वडा नं. २ घर भई हाल जिल्ला कारागार कार्यालय झापामा रहेको ओमप्रकाश सिहं वि. श्री सर्वोच्च अदालत,* २०८२)।

यी घटनाहरूले न्यायाधीशहरूको व्यक्तिगत स्वार्थ, प्रशासनिक लापरबाही, र कानुनी व्याख्यामा देखिएको कमजोरीलाई उजागर गर्छन्। जब न्यायिक निर्णयहरू कानुनी आधारभन्दा बाहिर व्यक्तिगत वा संस्थागत कमजोरीका कारण प्रभावित हुन्छन्, तब नागरिकहरू न्यायबाट वञ्चित हुन्छन्। यसले न्यायपालिकाको अखण्डता मात्र होइन, लोकतान्त्रिक प्रणालीको आधारभूत स्तम्भ नै कमजोर बनाउने खतरा बोकेको हुन्छ। न्यायिक अखण्डता भनेको कानुनको सही व्याख्या, निष्पक्षता, र पारदर्शितामा आधारित निर्णय हो। तर, गलत व्याख्या, अनधिकृत प्रशासनिक कार्य र प्रक्रियागत लापरबाहीले न्यायिक उत्तरदायित्वलाई कमजोर बनाउँछ। यसले जनमानसमा न्यायालयप्रति विश्वास घटाउँछ र न्यायिक संस्थाको वैधानिकता नै सङ्कटमा पार्छ। न्यायपालिकाको अध्ययन प्रतिवेदनले औँल्याएका न्यायपालिकामा व्याप्त भ्रष्टाचार र अनियमितता सम्बन्धमा न्यायालय र न्यायाधीश जबाफदेही हुन सकेका छैनन्।

लैङ्गिक न्याय र उत्तरदायित्व सुदृढ गर्न र जबाफदेहिता सुनिश्चित गर्ने ऐतिहासिक पहल स्वरूप सर्वोच्च अदालतले “न्यायपालिकामा यौन दुर्व्यवहार रोकथाम तथा नियन्त्रण”सम्बन्धी आचारसंहिता मस्यौदा गरी लागु गर्ने तयारी गरेको छ। आचारसंहिताले गोप्य उजुरी प्रणाली, पीडित-केन्द्रित प्रक्रिया, प्रतिशोधबाट संरक्षण, र संस्थागत दायित्व स्पष्ट गर्दै सुरक्षित, सम्मानजनक र समावेशी कार्यस्थल सुनिश्चित गर्ने व्यवस्था गरेको छ। यसले संविधानद्वारा प्रत्याभूत गरिएका गरिमा, समानता र न्यायका अधिकारलाई व्यवहारमा उतार्दै न्यायपालिकाले आफूले प्रवर्द्धन गर्ने मूल्यहरू आन्तरिक रूपमा पनि कार्यान्वयन गर्नुपर्ने मान्यता स्थापित गरेको छ। यसले न्यायपालिकाभित्र यौन हिंसा र दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको स्पष्ट सन्देश दिएको छ। यो कदम न्यायपालिकाभित्रै उत्तरदायित्व, पारदर्शिता र लैङ्गिक न्याय सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण कोशेढुङ्गा हुनेछ। यो पहल सर्वोच्च अदालतको प्रगतिशील न्यायिक अभ्याससँग जोडिएको छ, विशेषत: *शर्मिला पराजुली वि नेपाल सरकार (२०६०)* को ऐतिहासिक फैसलासँग, जसले पहिलो पटक कार्यस्थलमा यौन दुर्व्यवहारलाई महिलाको मौलिक अधिकारको उल्लङ्घनका रूपमा स्वीकार गरेको थियो। प्रस्तावित आचारसंहिता सो न्यायिक मान्यतालाई संस्थागत अभ्यासमा रूपान्तरण गर्ने सुधारात्मक कदम हो। समग्रमा, यस आचारसंहिताले न्यायपालिकालाई उत्तरदायी बनाउँदै यौन हिंसाविरुद्ध आन्तरिक नियन्त्रण संयन्त्र सुदृढ गरेको छ। यसको प्रभावकारिता भने निरन्तर कार्यान्वयन, नेतृत्वको प्रतिबद्धता र संस्थागत संस्कृतिमा परिवर्तनमा निर्भर रहनेछ। न्यायपालिकाले आफ्नै संरचनाभित्र उत्तरदायित्व स्थापित गर्न सकेमा मात्र सार्वजनिक विश्वास, लैङ्गिक न्याय र विधिको शासन सुदृढ हुन सक्छ।

तर न्याय परिषद्, जसलाई न्यायिक अनुशासन र नियुक्तिको संवैधानिक निकाय मानिन्छ, पारदर्शी वा विश्वसनीयता बारे निरन्तर प्रश्न उठ्दै आएका छन्। अनुशासनका मुद्दाहरूमा सार्वजनिक सूचना अभाव, निर्णय प्रक्रियामा अस्पष्टता, र राजनीतिक निकटता आरोपले संस्थागत विश्वसनीयता कम गराएको छ। न्याय परिषद्मा उच्च अदालत र जिल्ला अदालका न्यायाधीशहरू उपर खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लङ्घन सम्बन्धमा ठूलो सङ्ख्यामा उजुरीहरू परेकोमा आर्थिक वर्ष २०८१/०८२ को उजुरीको प्रकृतिगत विवरण हेर्दा जम्मा १ सय ९८ उजुरीमध्ये एउटा फर्स्यौट भएको, फर्स्यौट हुन बाँकीमा २२ ओटा दुई वर्ष नाघेका, ५५ ओटा १ देखि २ वर्ष भित्रको र १ वर्ष भित्रको १ सय २० ओटा छन्। ती अधिकांश उजुरी जिल्ला अदालतका न्यायाधीश विरुद्ध रहेका छन्। आ. व. २०८१/०८२ मा उच्च अदालतका ८० र जिल्ला अदालतका १ सय ७५ गरी जम्मा २ सय ५५ जना न्यायाधीशहरूको विरुद्ध विभिन्न प्रकृतिका कारबाहीका लागि उजुरी परेको देखिन्छ (न्याय परिषद् सचिवालय, २०८२)। आ.व. २०८१/०८२ मा परेको १ सय ९८ उजुरी मध्ये जिम्मेवारी सरेर आएका उजुरी समेत सबैभन्दा बढी खराब आचरण वा आचारसंहिता गम्भीर उल्लङ्घन मा ७९, कार्यक्षमताको अभाव मा ६६ ओटा उजुरी परेका छन् भने क्रमशः एक र शुन्ना उजुरी फर्स्यौट भएको देखिन्छ (न्याय परिषद् सचिवालय, २०८२)। खराब आचरण वा आचारसंहिता गम्भीर उल्लङ्घन अर्न्तगत ७९ ओटा उजुरीमा १७ ओटा दुई वर्ष नाघेको, २१ ओटा १ देखि २ वर्ष भित्रको र ४० ओटा १ वर्षभित्रको बाँकी छन् भने कार्यक्षमताको अभाव अर्न्तगत ६६ ओटा उजुरीमा ३ ओटा दुई वर्ष नाघेको, १४ ओटा १ देखि २ वर्ष भित्रको र ४९ ओटा १ वर्ष भित्रको बाँकी छन्।

न्याय परिषद्ले विभिन्न प्रकरणमा काजमा तानेका सात न्यायाधीशहरू र उजुरी परेका दुई जना माथि लामो समय बितिसक्दा पनि अन्तिम निर्णय लिन सकेन। उच्च अदालत, जनकपुरको वीरगञ्ज इजलासका तत्कालीन न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि छानबिन पूरा गरेर अनुसन्धान प्रतिवेदन बुझाएको पाँच महिना बित्दा पनि निर्णयमा पुग्न सकेको छैन। २०८२ जेठ १४ गते थारू र महर्जनको इजलासले अफताब आलमको घरमा भएको भनिएको बम विस्फोटबारे प्रमाण पुष्टि हुन नसकेको भनी अफताब आलमसहित पाँच प्रतिवादीलाई उनीहरूले सफाइ दिएका थिए ।

उच्च अदालतको फैसला विरुद्ध न्याय परिषद्मा उजुरी परेपछि न्यायाधीशद्वयलाई न्याय परिषद् झिकाइएको थियो र छानबिनका लागि सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको संयोजकत्वमा छानबिन समिति गठन भइ समितिले २०८२ भदौको पहिलो साता प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतलाई प्रतिवेदन बुझाएको भए पनि यो आलेख तयारी पार्दा सम्म न्याय परिषद्ले यस विषयको टुंगो लगाउन सकेको थिएन (न्यायपरिषद् ऐन, २०७३, दफा १०-१२)।

रसुवा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापा सेवाग्राही महिलालाई 'यौन प्रस्ताव' गरेको उजुरीपछि जेठ २९ गते परिषद्मा तानिएका थिए। दार्चुलाका न्यायाधीश पुष्पराज पाण्डेविरुद्ध १३ कर्मचारीले सामूहिक राजीनामा दिँदै उजुरी गरेपछि असार ६ गते उनलाई पनि परिषद्मा झिकाइएको थियो। बाजुरामा स्रेस्तेदार रहेर २०८० चैतमा जिल्ला न्यायाधीशमा सिफारिस भएका पाण्डे विवादमा परेका थिए। २०८२ असारमा धनुषा जिल्ला अदालतका न्यायाधीश हरिकृष्ण श्रेष्ठलाई व्यवहारिक समस्या देखिएपछि सर्वोच्चमा हाजिर गर्न बोलाइएको थियो। त्यस्तै, २०८० चैतमा सिफारिस भएकी फणेश्वरी घिमिरे महोत्तरीमा पदस्थापना भएको एक वर्षमै अपहरण तथा व्यक्ति बेपत्तासम्बन्धी मुद्दामा पक्षसँग भेटेको आरोपमा २०८१ फागुनमा परिषद् तानिएकी थिइन्। बारा जिल्ला अदालतका न्यायाधीश भोला ढकालले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा भारतीय नागरिकलाई धरौटीमा छाडेको उजुरी नेपाल बार एसोसिएसन बारा शाखाले दर्ता गरेपछि उनलाई पनि छानबिनका लागि सर्वोच्चमा पठाइएको हो। त्यस्तै वैवाहिक बलात्कार मुद्दामा निलम्बित न्यायाधीश भुवन गिरीलाई सफाइ दिने उच्च अदालत पाटनका न्यायाधीशद्वय लालबहादुर कुँवर र डिल्लीरत्न श्रेष्ठलाई अनुसन्धानको दायरमा ल्याउन न्याय परिषद्मा परेको उजुरीमा कुनै निर्णय गर्न सकेन। न्याय परिषद्मा न्यायाधीशहरू विरुद्ध परेको उजुरीको छानबिन नभएकोले तत्काल छानबिनका लागि परमादेश (*अधिवक्ता प्रेमसिंह धामी वि. न्याय परिषद्, २०८२*) माग गर्दै सर्वोच्च अदालतमा २०८२ मंसिर ४ गते पेस भयो।

## ४. न्याय सम्पादन

न्यायपालिकाले “संविधान, प्रचलित कानुन र न्यायका स्वीकृत सिद्धान्तका आधारमा स्वच्छ र निष्पक्ष न्याय सम्पादन” गर्ने उद्देश्यसहित करिब दुई दशकअघि योजनाबद्ध सुधार प्रक्रिया प्रारम्भ गरे पनि, ती सुधारहरूको प्रभाव इच्छित परिणामसँग तुलना गर्दा अझै अपर्याप्त देखिन्छ। पाँचौं रणनीतिक योजनाको दोस्रो वर्षमा प्रवेश गरिसक्दा पनि निष्पक्षता, गुणस्तर, पहुँच, र उत्तरदायित्वजस्ता आधारभूत मापदण्डमा देखिनुपर्ने संरचनागत सुधारले आवश्यक गति लिन नसकेको तथ्य सर्वोच्च अदालतका वार्षिक प्रतिवेदन, रणनीतिक योजनाका आवधिक समीक्षाहरू तथा न्यायालय स्वयंले व्यक्त गरेका स्वीकारोक्तिहरूले निरन्तर औंल्याइरहेका छन् (सर्वोच्च अदालत, २०८१)। न्यायिक सुधारसँग सम्बन्धित नीतिगत प्रतिबद्धता र वास्तविक उपलब्धिबीचको अन्तर विस्तारै बढ्दै गएको छ। ढिलाइ, अत्यधिक मुद्दा बक्यौता, अपर्याप्त जनशक्ति, कमजोर कार्यान्वयन-संस्कृति, र अन्तरिक समन्वयको अभावजस्ता दीर्घकालीन संरचनागत समस्याले सुधारको प्रभावकारितालाई सीमित बनाइरहेको छ (कानुन व्यवसायी, २०८२)। यी समस्याहरू पहिचान मात्र नभई समाधानका उपायहरूलाई संस्थागत प्राथमिकतामा राख्न नसक्नु सुधार प्रक्रियाको साझा चुनौती बनेको छ।

न्याय सम्पादन मापन गर्ने प्रमुख सूचक मुद्दा फर्स्यौट अवस्था हो। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनले विगत दशकका सबै तहका अदालतहरूको तुलनात्मक विश्लेषणमार्फत मुद्दा-बोझ बढ्दो दरले न्यायिक वहन-क्षमतामा गम्भीर चाप पर्न थालेको देखाउँछ। यद्यपि आर्थिक वर्ष २०७१/०७२ मा सबैभन्दा उच्च ५८ प्रतिशत मुद्दा फर्स्यौट हुन सफल भए पनि, २०७७/०७८ (सर्वोच्च अदालत, २०८१) मा यो दर ४४ प्रतिशतमा झर्नुले सुधारका प्रयासहरू दीर्घकालीन रूपमा टिकाउ हुन नसकेको सङ्केत गर्दछ। दश वर्षमा कूल मुद्दा कार्यभार ९७.९० प्रतिशतले बढ्दा पनि मानव-स्रोत, प्रविधि तथा मुद्दा व्यवस्थापन प्रणालीमा समानुपातिक सुधार गर्न नसकिएको अवस्था नीति-व्यवहारबीचको असन्तुलनको स्पष्ट प्रमाण हो। दर्ता दर निरन्तर फर्स्यौट दरभन्दा उच्च रहिरहनुले बक्यौतामा कमी सम्भव हुन नसक्नु स्वाभाविक नतिजा बनेको छ। यसरी प्रवाह र फर्स्यौटबीचको असन्तुलन बढ्नु न्यायिक प्रणालीको दीर्घकालीन वहन-क्षमतामा गम्भीर प्रश्न उठाउने विषय हो। रणनीतिक योजनाले सुधारको प्रतिबद्धता दोहोर्‍याउने भए पनि–संस्थागत क्षमता अभाव, कमजोर समन्वय, जटिल संरचना, र नीतिगत अस्पष्टताजस्ता व्यवहारगत सीमाहरू यथावत् रहेसम्म अपेक्षित सुधार हासिल हुन कठिन देखिन्छ।

**तालिका ४.१.१ सबै अदालत तथा अन्य न्यायाधिकरणहरूले १० वर्षको फछ्र्यौट प्रतिशत**




(स्रोत : सर्वोच्च अदालत)

सर्वोच्च अदालतको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा मात्र सबै तहका अदालत र अन्य न्यायाधिकरणहरूमा २ वर्ष नाघेका १७ हजार ९ सय ६२ थान मुद्दा बाँकी रहेका छन्। जसमध्ये सर्वोच्च अदालतमा १२ हजार १ सय ८९, उच्च अदालतहरूमा ९५, जिल्ला अदालतहरूमा ५ हजार ६ सय १० र अन्य न्यायाधिकरणहरूमा ७० थान मुद्दा बाँकी रहेका छन् (सर्वोच्च अदालत, २०८१)। सर्वोच्च अदालतमा २ वर्ष नाघेका ६८ प्रतिशत तथा १८ महिना नाघेका ५५ प्रतिशत मुद्दा बाँकी रहनुले सुधार माथिल्लो तहबाटै आवश्यक भएको प्रष्ट हुन्छ। ०८२ साल भदौ यता मुद्दा फर्स्यौटमा भएको बाधाका कारण आगामी आर्थिक वर्ष २०८३/८४ मा मुद्दाचाप झनै बढ्ने सम्भावना स्पष्ट रूपमा देखिन्छ। संवैधानिक इजलासमा रहेको ३ सय थान मुद्दामध्ये यस आर्थिक वर्षमा जम्मा ६९ थान मुद्दा मात्र फर्स्यौट (सर्वोच्च अदालत, २०८१) हुनु पनि शीघ्र न्यायका लक्ष्यसँग असङ्गत देखिन्छ।

सर्वोच्च अदालतले २०८२ असार २२ गते आठ वर्ष पुराना सबै मुद्दा फर्स्यौट भएको घोषणा गर्‍यो। तर १८ वर्ष पुरानो मुद्दाको समेत अझै सुनुवाइ हुन सकिरहेको छैन। उदाहरणको लागि २०६४ माघ १३ मा तत्कालीन पुनरावेदन अदालतबाट विशेष अदालत हुँदै सर्वोच्च अदालत आइपुगेको लाउडा विमान भाडासम्बन्धी मुद्दा अझै विचाराधीन अवस्थामा छ र भदौ २४ गते मिसिल नष्ट भएका कारण निर्णय अनिश्चित बनेको छ। २०८२ साउन २२ मा यो मुद्दा

सर्वोच्च अदालतको पूर्ण इजलासमा पेसी चढेकोमा 'हेर्न नमिल्ने' सूचीमा परेपछि अर्को पेसी भदौ २६ का लागि सरिएको थियो। २०७४ पछि यो मुद्दामा सर्वोच्च अदालतको पूर्ण इजलासमा ३५ पटक पेसी तोकिइसकेको छ। अदालतले पाँच वर्ष पुराना मुद्दालाई प्राथमिकताको सूचीमा राखेर पुराना मुद्दामा निरन्तर सुनुवाइ गर्‍यो । २०७० जेठ १० मा गठन भएको कार्यदलले दिएको कार्ययोजना अनुरूप पुराना मुद्दा फर्स्योटका लागि छुट्टै इजलास र फाँटसमेत गठन गर्ने सुझाव दिएको थियो। तर सर्वोच्च अदालतले गठन गरेको कार्यदलले दिएको सुझावलाई पूर्ण रूपमा कार्यान्वयन गर्न भने सकेको छैन। हाल सर्वोच्च अदालतमा गठन हुन सक्ने १० ओटा इजलासमध्ये चार ओटा पुराना मुद्दाका लागि तोक्न पनि कार्यदलको सुझाव थियो।

न्याय दिनु भनेको मुद्दामा सही फैसला दिनु मात्रै होइन, समयमै फैसलाको पूर्णपाठ मुद्दाका पक्षलाई उपलब्घ गराउनु पनि हो। फैसला लेखन न्यायिक कार्यको आत्मा भएकाले समय र गुणस्तरीयतामा पनि ध्यान दिनुपर्ने हुन्छ। समयमै फैसला लेखन न्यायिक पारदर्शिता र विश्वासको आधार हो, जसले निर्णय प्रक्रियालाई स्पष्ट पार्दै जनसाधारण र सम्बन्धित पक्षलाई परिणाम बुझ्न सजिलो बनाउँछ (जोनसन, २०२४)। यसले प्रभावित पक्षलाई अपिल वा पुनरावलोकन गर्ने अवसर दिन्छ, स्वेच्छाचारिता रोक्छ र भविष्यका मुद्दामा मार्गदर्शन गर्ने मिसाल कायम गर्छ। न्यायिक इमानदारीका मूल मूल्यहरू–स्वतन्त्रता, निष्पक्षता, दक्षता, परिश्रम, शिष्टाचार र कानुनप्रति निष्ठा–न्यायाधीशको आचरणमा देखिनुमात्र होइन, जनमानसमा नैतिक रूपमा देखिनु पनि आवश्यक हुन्छ। न्यायिक जवाफदेहीताले न्यायाधीशलाई जनताप्रति उत्तरदायी बनाउँछ, जसका लागि अपिल प्रक्रिया, संवैधानिक र वैधानिक पालना, आचारसंहिता र अनुशासनात्मक संयन्त्रहरू महत्वपूर्ण हुन्छन्। लिखित कारण नै न्यायाधीशको सोचको प्रमुख प्रमाण हो, जसले व्यक्तिगत मनपरीलाई रोक्छ र जवाफदेहीता सुनिश्चित गर्छ। इमानदारीले समयमै तर्कसंगत निर्णय माग्छ भने जवाफदेहीता लिखित कारणमा निर्भर हुन्छ। ढिलाइ समस्याजनक भए पनि कानुनी रूपमा ठोस र विस्तृत निर्णयले इमानदारी कायम राख्छ। अन्ततः न्यायिक प्रणालीको इमानदारी व्यक्तिगत न्यायाधीशको समयमै लेखन र संस्थागत संयन्त्रको मजबुतीमा आधारित हुन्छ, जसले निष्पक्षता र जनविश्वासलाई दीर्घकालीन रूपमा

**तालिका ४.१.२ सबै अदालत तथा अन्य न्यायाधिकरणहरुले १० वर्षको फछ्र्यौट सङ्ख्या**




(स्रोत : सर्वोच्च अदालत)

बलियो बनाउँछ। तर, सर्वोच्च अदालतको तथ्यांकअनुसार सेवानिवृत्त पाँच जना न्यायाधीशसँग सम्बन्धित मुद्दाका फैसला आउन बाँकी छन्। पूर्वप्रधान न्यायाधीश चोलेन्द्र शम्शेर जबरासँग सम्बन्धित १२ थान मुद्दाका पूर्णपाठ तयार भएका छैनन् (सर्वोच्च अदालत, २०८२)। यस्तै, पूर्वप्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठका १३ थान, पूर्वप्रधान न्यायाधीश हरिकृष्ण कार्कीका ६ थान, पूर्वन्यायाधीशहरू तेजबहादुर केसीका १६ थान र सुष्मालता माथेमासँग सम्बन्धित आठ थान मुद्दाका फैसला लेखिन बाँकी छन् (सर्वोच्च अदालत, २०८२)। कतिपय मुद्दा यी पाँचै जना न्यायाधीशसँग सम्बन्धित पनि छन्। संयुक्त, पूर्ण र संवैधानिक इजलासमा सँगै बसेका न्यायाधीशका एउटै फैसला लेखिन बाँकी देखिएको हो।

रणनीतिक योजनामा फैसला लेखन छिटोछरितो बनाउन विशिष्टीकृत फैसला लेखन समूहको निर्माण गरी जिम्मेवारी दिने, इजलास अधिकृतहरूलाई फैसला लेखन, कानुनी भाषा र कम्प्युटरसम्बन्धी तालिम दिएर मात्र इजलास तोक्ने ( सर्वोच्च अदालत, २०८१) योजना भएता पनि लक्ष्यअनुसार फैसला लेखन हुन सकेको छैन। सर्वोच्च अदालतको १५ मंसिरसम्मको तथ्याङ्कअनुसार फैसला भएका ५ हजार ४ सय ६० थान मुद्दाको पूर्णपाठ लेखिन बाँकी छ। २०७२ सालमा संविधान जारी भएपछि पहिलोपटक विघटित संसद् पुर्नस्थापनासम्बन्धी करिब सात वर्ष २०७७ फागुन ११ गते सर्वोच्च अदालतबाट भएको फैसलाको पूर्णपाठ पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले हस्ताक्षर नगरेका कारण फैसला भएको पाँच वर्षपछि २०८२ पुस २२ गते सार्वजनिक

**तालिका ४.१.३ फैसलाको पूर्ण पाठ लेखन अवस्था**




(स्रोत : सर्वोच्च अदालत,पुस २०८२)

भयो भने औसतमा पूर्णपाठ आउन फैसला भएको मितिले एक वर्ष लाग्ने गरेको छ।

सर्वोच्च अदालत नियमावली, २०७४ ले तोकेको फैसला लेखनको समयसीमा सर्वोच्च अदालतले पूर्णरूपमा पालना गर्न सकेको छैन। इजलासमा मुद्दा हेर्ने न्यायाधीश वा न्यायाधीशहरूको राय कायम भई निर्णय सुनाइसकेपछि सम्बन्धित न्यायाधीशले निर्णय सुनाएको मितिले सामान्यतया सात दिनभित्र पूरा फैसला तयार गर्नुपर्ने (सर्वोच्च अदालत नियमावली, २०७४, नियम ९१) र सार्वजनिक हक वा सरोकारको विषय समावेश भएको वा नयाँ सिद्धान्त वा नजिरको स्थापना हुने गरी निर्णय भएको मुद्दामा पन्ध्र दिनसम्ममा (सर्वोच्च अदालत नियमावली, २०७४, नियम ९१ (२)) फैसला तयार गर्न पर्ने उल्लेख छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ (६) मा मुद्दामा प्रमाण बुझ्ने कार्य समाप्त भएको सामान्यतया एक महिनाभित्र न्यायाधीशले मुद्दाको फैसला गर्नुपर्ने व्यवस्था छ। फैसला लेखनको जिम्मेवारी पाएका कर्मचारीमध्ये कतिपयको सरुवा हुँदा, न्यायाधीश नियुक्ति भएर जाँदा पनि लेखन रोकिने गरेको छ भने न्यायाधीशहरू सेवानिवृत्त भएर जाँदा फैसला बाँकी राख्ने गरेको पनि देखिन्छ। फैसलाको पूर्णपाठमा कसुर स्थापित हुने वा नहुने, निवेदकको मागदाबी पुग्ने कि नपुग्नेबारे आधार र कारण खुलाउँदै सजाय, क्षतिपूर्ति, जरिवाना वा कानुनी दायित्व उल्लेख गरिने हुनाले पूर्णपाठ नआउँदा कार्यान्वयनमा अवरोध पुग्छ र न्यायिक प्रक्रियामै असर पर्छ।

फैसला कार्यान्वयनको अवस्था पनि कमजोर रहेको छ। जिल्ला अदालतहरूमा २०८०/८१ मा ६ महिनाभित्र दर्ता भएका निवेदनमध्ये ४८.९२ प्रतिशत मात्रै कार्यान्वयन हुनु र ५१.०८ प्रतिशत ६ महिना नाघेर पनि बाँकी (सर्वोच्च अदालत, २०८१) रहनु– कार्यान्वयन संयन्त्रको कमजोरीको स्पष्ट प्रमाण हो। त्यस्तै, सर्वोच्च अदालतबाट जारी १ सय ८९ निर्देशकात्मक आदेश तथा परमादेशमध्ये केवल पाँच थान (२.७५ प्रतिशत भन्दा कम) मात्र कार्यान्वयन (सर्वोच्च अदालत, २०८१) हुनु न्यायिक आदेशको प्रभावकारिता, कार्यपालिकाको उत्तरदायित्व, र संस्थागत समन्वयका गहिरा चुनौतीहरूलाई उजागर गर्छ। उदाहरणको लागि सर्वोच्च अदालतले २०७७ चैत ६ गते दलित समुदायको मौलिक हक कार्ययोजनासहित तीन महिनाभित्र नीति निर्माण, कानुनको पुनरावलोकन, सुदृढीकरण, योजना, बजेट, कार्य प्रक्रियासमेत निर्धारण गरी उपयुक्त संयन्त्र गठन गरी कार्य प्रारम्भ गर्न, गराउन निर्देशनात्मक आदेश (*अधिवक्ता प्रकाश नेपाली वि. व्यवस्थापिका संसद सचिवालय, २०७५*) जारी गरेकोमा पाँच वर्ष बितिसक्दा पनि कार्यान्वयन हुन सकेको छैन। यो आदेश गर्ने क्रममा अदालतले *डा. विनयकुमार पञ्जियार वि. चिकित्सा शिक्षा आयोग समेत* (२०७७) मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतका नाममा निर्देशनात्मक आदेश जारी भइसकेको समेत उल्लेख छ। त्यसैगरी २४ माघ २०८० गते सर्वोच्च अदालतको संवैधानिक इजलासले गिरीबन्धु टि स्टेटसम्बन्धी मुद्दाको फैसला (*अधिवक्ता ओमप्रकाश अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपषिद्को कार्यालय, २०७८*) गरेको मा कार्यान्वयन नभएको भन्दै प्रधानमन्त्रीविरुद्ध अवहेलनाको मुद्दा ०८१ माघ २८ गते दायर गरियो। त्यसैगरी सर्वोच्च अदालतले संयुक्त आत्महत्यालाई कसुर परिभाषित गरी सजायको व्यवस्था गर्न कानुन बनाउन २०७८ असार २९ गते निर्देशनात्मक आदेश जारी गरेको चार वर्ष बितिसक्दा पनि कानुन बन्न सकेको छैन।

यी आदेशलाई मन्त्रालय, आयोग र सुरक्षा निकायहरूले प्राथमिकतामा नराख्ने प्रवृत्ति सुधार गर्न अत्यन्त जरुरी छ। कार्यान्वयन संयन्त्रमा दायित्व-निश्चितता, निगरानी प्रणाली र समयसीमा-आधारित अनुगमन कमजोर रहँदा आदेशहरू दोहोरिरहने जोखिम रहन्छ। निर्देशणात्मक आदेश वा परमादेश कार्यान्वयन नहुनु सर्वोच्च अदालतका निर्णयको बाध्यकारी स्वरूप कमजोर पार्ने मात्र होइन, नागरिकका मौलिक अधिकारमा प्रत्यक्ष असर पार्दै न्यायको अनुभूति क्षीण बनाउने खतरा पनि हुन्छ। त्यसैले कार्यान्वयन निर्देशनालयले कारण पहिचान, जोखिम मूल्याङ्कन, स्पष्ट जिम्मेवारी निर्धारण र समयसीमा-आधारित

योजना तयार गर्ने संरचनागत सुधारमा गम्भीर पहल गर्न आवश्यक छ। यस्ता कदमले मात्र न्यायिक आदेशहरूको प्रभावकारिता, राज्य संयन्त्रको जबाफदेहिता र न्यायप्रणालीप्रतिको सार्वजनिक विश्वास पुन:स्थापित गर्न सहयोग पुऱ्याउँछ।

विवाह र सम्बन्धविच्छेद, मातृत्त्व वा पितृत्त्वको स्थापना वा रद्द, दत्तक ग्रहण, सम्पति विभाजन, र अभिभावकत्वसम्बन्धी परिवारसम्बन्धी विवाद निरूपण गर्ने उद्देश्यले महानगरपालिका र उप-महानगरपालिकामा केन्द्रित गरी हाल ६ ओटा जिल्ला अदालतमा (काठमाडौं, मोरङ, धनुषा, कास्की, रूपन्देही र बाँके) पारिवारिक इजलास सञ्चालन (कार्यविधि) निर्देशिका, २०८१ अनुसार परिवार इजलास सञ्चालन भइरहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा यी अदालतहरूले ७९ हजार ८ सय ९७ परिवारसम्बन्धी मुद्दा दर्ता गरेका थिए, जसमध्ये ५४ हजार ६ सय १८ मुद्दा समाधान भएका थिए भने बाँकी मुद्दा विचाराधीन अवस्थामा रहेको थियो (सर्वोच्च अदालत, २०८१)। जिल्ला अदालतमा दर्ता हुने कुल मुद्दाको लगभग ३०.९० प्रतिशत परिवार सम्बन्धी हुने हुँदा, न्यायिक स्तरमा यस्ता विवाद समाधानका लागि विशेष इजलासको आवश्यकता सर्वोच्च अदालतले समेत औंल्याएको छ। यसैवर्ष, सर्वोच्च अदालतले करिब ६ प्रतिशत र उच्च अदालतहरूले करिब १० प्रतिशत मुद्दा समाधान गरेका छन्।

संरचनागत समस्यालाई सम्बोधन नगर्ने प्रवृत्ति न्यायापालिकामा जड समस्याको रूपमा रहेको छ। योजना एवम् कार्ययोजनाहरू भए पनि बक्यौता घट्ने गति निकै सुस्त छ। सर्वोच्च अदालतको २०८०/८१ को प्रगति प्रतिवेदनका अनुसार नयाँ दर्ता हुने मुद्दा दर बढिरहेको छ तर टुङ्गिने दर घट्दो छ, जसले सुधार कार्यक्रमहरूको प्रभावकारितामाथि प्रश्न उठाउँछ। उदाहरणको रूपमा, धेरै जिल्लाका अदालतमा मुद्दा दर्ता काउन्टरहरू डिजिटलाइजेशन गरिएको छ, तर मुद्दा ट्र्याकिङ प्रणाली भने अझै कागजी प्रक्रियामै निर्भर छ।

समग्रमा, न्यायपालिकामा करिब एक चौथाइ मुद्दा जसमा जिल्ला अदालत स्तरमा करिब एक तिहाइ– परिवार सम्बन्धी विवादसँग सम्बन्धित छ। यी तथ्यांकले सकारात्मक प्रगतिका सङ्केत देखाउँछन् यद्यपि केही जिल्लामा कार्यक्षमता सुधार गर्न अझै प्रक्रियागत सहयोग आवश्यक देखिन्छ।

त्यसैगरी उपत्यका मुकाम रहने गरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका मुद्दा

**तालिका ४.१.४ परिवार इजलासहरूबाट मुद्दा फर्स्यौट अवस्था प्रतिशतमा**




(स्रोत : सर्वोच्च अदालत,पुस २०८२)

किराना लगाउन २०८१ चैत्र २ गते उपभोक्ता अदालत गठन गरियो। उपभोक्ता संरक्षण ऐन २०७५ ले उपभोक्ता अदालतको प्रस्ट व्याख्या गरेको ६ वर्षपछि र सर्वोच्च अदालतबाट आदेश भएको तीन वर्षपछि उपभोक्ता अदालत गठन भएको हो। ऐनमा भएको व्यवस्थाअनुसार सरकारले अदालत गठन नगरेको भन्दै उपभोक्ता हित संरक्षण मञ्च नेपालले दर्ता गराएको रिट निवेदनमा (*उपभोक्ता हित संरक्षण मञ्च वि. प्रधानमन्त्रि तथ मन्त्रिपरिषद्को कार्यालय,* २०७५) २०७८ फागुन ८ मा सर्वोच्च अदालतले सातवटै प्रदेशमा उपभोक्ता अदालत गठन गर्न सरकारको नाममा आदेश जारी गरेको थियो । उपभोक्ता अदालतमा न्यायपरिषद्को सिफारिसमा सरकारले तोकेको जिल्ला न्यायाधीश अध्यक्ष र दुई जना सदस्य हुनेछन् भने अदालतको फैसलाविरुद्ध उच्च अदालतमा पुनरावेदन लाग्छ । यससम्बन्धमा व्यवस्थापिका संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले २०७२ असोजमा उपभोक्ता अदालत वा उपभोक्ता इजलासको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको थियो ।

## ५. न्यायमा पहुँच

न्यायाधीश र अन्य न्यायिक कर्मचारीहरूको नियुक्ति, दरबन्दी र उचित व्यवस्थापन न्यायमा पहुँच सुनिश्चित गर्नका लागि कुनै पनि अवस्थामा सम्झौता गर्न नसकिने आधारभूत विषय हो। २१ जना न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित २० जना न्यायाधीशहरू कार्यरत छन्। संविधानको धारा १२९(२) बमोजिम वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालत दिपायलका मुख्य न्यायाधीश शान्तिसिंह थापालाई ०८२ असार २६ गते सर्वोच्च

अदालतको न्यायाधीश नियुक्त गरियो। एक दरबन्दी अझै रिक्त छ। प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले उमेर हदका कारण २०८२ चैतमा अवकाशमा जानेछन्। त्यसपछि रोलक्रममा रहेका न्यायाधीशमध्येबाट नेपालको न्यायापालिकाले दोश्रो महिला प्रधानन्यायाधीशको रूपमा न्यायाधीश सपना प्रधान मल्ललाई करिब २ वर्ष ७ महिनाका लागि पाउनेछ।

उच्च अदालतमा दुई जना मुख्य न्यायाधीशसहित रिक्त न्यायाधीशको सङ्ख्या तीन छ भने जिल्ला अदालतमा २१ जना न्यायाधीशको दरबन्दी रिक्त छ। न्यायाधीश लगायत अन्य कर्मचारीको नियुक्ति, दरबन्दी र उचित व्यवस्थापन गर्ने सन्दर्भमा महिला समानता र सामाजिक समावेशिकरणको सिद्धान्तको अनुसरणलेपनि न्यायमा पहुँच सुनिश्चित गर्न उतिकै महत्व राख्दछ। हाल सर्वोच्च अदालतमा रहेका २० जना न्यायाधीशमध्ये १७ जना पुरुष र तीन जना महिलाको उपस्थिति रहेकोमा बाहुल्यता पुरुष ब्राहमणको रहेको छ।

कानुनी सेवा महँगो हुनु, कानुनी सहायता कमजोर हुनु, स्थानीय तहमा न्यायिक संरचनाको अभाव, तथा न्यायालयसम्म पुग्ने प्रक्रियामा भेदभावले विशेषगरी महिला, दलित, आदिवासी, लैङ्गिक तथा लैङ्गिक-अल्पसङ्ख्यक, गरिब तथा द्वन्द्वपीडित समुदायहरू बढी प्रभावित छन्। यसले "न्याय सम्पन्न वर्गको लागि मात्र उपलब्ध" भन्ने धारणा बलियो बनाएको छ। महिला तथा ज्येष्ठ नाागरिक पीडित भएको मुद्दाहरूलाई मुद्दा-व्यवस्थापन प्रणालीमा लैङ्गिक संवेदनशीलता तथा समान्तकृत समुदायप्रति प्रभावकारी प्रक्रियागत सुधार आवश्यक रहेको देखिन्छ। जस्तै उच्च अदालतहरूमा महिला पीडित भएका मुद्दा ६९.९७ प्रतिशत, महिला प्रतिवाादी भएका मुद्दा ६२.१३ प्रतिशत र ज्येष्ठ नागरिक पीडित भएको मुद्दा ६८.४४ प्रतिशत, ज्येष्ठ नागरिक प्रतिवादी भएका मुद्दा ६७.०५ प्रतिशत फर्स्यौट भएको छ (सर्वोच्च अदालत, २०८१)। त्यसैगरी जिल्ला अदालतहरूमा बालबालिका, महिला तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित मुद्दाहरूको कार्यभार र फर्स्यौट अवस्थाले न्यायिक पहुँच तथा संवेदनशील समूहप्रति राज्यको दायित्व पूरा गर्न अझै संरचनागत कमजोरी कायम रहेको देखाउँछ (सर्वोच्च अदालत, २०८१)।

प्रतिवेदन वर्षमा बालबालिका पक्षसम्बन्धी मुद्दाहरू केवल ५४.७४ प्रतिशत मात्र फर्स्यौट हुन सकेको तथ्याङ्कले न्यायिक प्रक्रियामा बालबालिकासम्बन्धी मुद्दाहरू प्राथमिकतापूर्ण शीघ्र समाधान सुनिश्चित गर्न चुनौती यथावत् रहेको सङ्केत गर्दछ। प्रतिवेदन वर्षमा महिलापक्षबाट दर्ता वा प्रभावित भएका मुद्दामध्ये ६०.०१ प्रतिशत र महिलालाई वादी वा प्रतिवादीका रूपमा समेट्ने मुद्दाहरू ६०.३८ प्रतिशत मात्र फर्स्यौट हुन सकेको तथ्याङ्कले न्यायिक सेवा वितरणमा लैङ्गिक परिप्रेक्ष्यका मुद्दाहरू पनि संरचनागत बाधाबाट मुक्त हुन नसकेको पुष्टि गर्छ। त्यसैगरी ज्येष्ठ नागरिकसँग सम्बन्धित मुद्दाहरूमा पनि समान रूपमा बोझ र फर्स्यौटबीच असन्तुलन स्पष्ट छ। प्रतिवेदन वर्षमा ज्येष्ठ नागरिक पीडित भएका ५९.१२ प्रतिशत र ज्येष्ठ नागरिक वादी वा प्रतिवादी भएको ५७.४० प्रतिशत मुद्दा फर्स्यौट हुनुले यस समूहको विशेष आवश्यकता र संवेदनशीलता अनुरूप प्रभावकारी न्यायिक सेवा नपुगेको देखिन्छ। सामूहिक रूपमा हेर्दा, यी सबै सूचकहरूले संवेदनशील समूहसँग सम्बन्धित मुद्दाहरूमा अदालतहरूको फर्स्यौट क्षमताले मुद्दा-बोझलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको मात्र होइन, न्यायिक पहुँच, प्रक्रियागत दक्षता, र संवेदनशील समूहको हक-हित संरक्षणका राज्यका संवैधानिक दायित्वहरू पूर्ण रूपमा कार्यान्वयन गर्न बाँकी रहेको गम्भीर सङ्केत पनि दिन्छ।

संविधानको मौलिक हक अन्तर्गत धारा २१ मा 'अपराध पीडितको हक' प्रत्याभूत गरेको छ। पीडित न्याय प्रणालीलाई संस्थागत गर्न अपराधपीडित संरक्षण ऐन, २०७५ र पीडित राहत कोष नियमावली, २०७७ जस्ता कानुन बनाइएको छ। तर पनि पीडितले यो हकको उपभोग गर्न पाएका छैनन्, अनुसन्धान पद्धति पीडितकेन्द्रित छैन। सुनुवाइको समयमा बन्द इजलास लेखिएको भरमा पीडितमैत्री व्यवस्थापन मान्न मिल्दैन। अदालत प्रवेश गरेदेखि विवाद निरूपण, कार्यान्वयन, कार्यान्वयन पश्चात पनि पीडितको गोपनीयता र सुरक्षा भङ्ग नहुने व्यवस्था हुनुपर्छ। उदाहरणकालगि बलात्कार जस्तो गम्भीर फौजदारी अभियोगमा प्रतिवादीलाई धरौटीमा छोड्न जिल्ला अदालतले दिएको आदेशमाथि उच्च अदालत पाटनमा परेको पुनरावेदनमा उच्च अदालतले पनि प्रतिवादीलाई धरौटीमा छाड्ने काठमाडौँ जिल्ला अदालतको निर्णय सदर गर्नु फौजदारी न्यायको सिद्धान्तको उपहास गर्नुका साथै अदालत पीडितप्रति संवेदनशील हुन नसकेको उदाहरण हो।

भदौ २४ गतेको आन्दोलनका क्रममा भएको आगजनीले सर्वोच्च अदालत सहित देशभरका २३ अदालतको सेवा प्रभावित भएपछि, भदौ २६ गतेको पूर्ण

बैठकले सेवाहरू आंशिक रूपमा मात्र सञ्चालन गर्ने निर्णय गऱ्यो। यसै अनुरूप, भदौ २९ गतेदेखि बन्दी प्रत्यक्षीकरण (सर्वोच्च अदालत, २०८२) र मङ्सिर १ गतेदेखि एनेक्स भवनबाट अन्य मुद्दाको कारबाही सुरु गरिएकोमा, मङ्सिर २१ गतेदेखि सर्वोच्च अदालतको नयाँ भवनका ६ ओटा इजलासमार्फत सुनुवाइलाई निरन्तरता दिइएको छ। अदालतले सुरक्षा संवेदनशीलता र भौतिक क्षतिको विवरण संकलनलाई प्राथमिकता दिँदै, मिसिलहरू सुरक्षित रहेकाले मङ्सिर १ गतेदेखि नै पूर्ववत् रूपमा नियमित सुनुवाइ र पेसी तारेखका कार्यहरू सुचारु गरेको जानकारी सरोकारवालाहरूलाई गराएको छ।

सर्वोच्च अदालतमा आगजनी हुँदा ठूलो सङ्ख्यामा मुद्दाका फाइल नष्ट भए, जसमा चर्चित भ्रष्टाचार र मानवअधिकारसँग जोडिएका मुद्दाहरू केही मुद्दा अन्तिम चरणमा पुगेर पनि सुनुवाइ हुन सकेका थिएनन् भने कतिपय मुद्दा फैसला लेखन र निर्णय सुनाउने (निसु) मा राखिएको थियो। ट्रान्सफर्मर घोटाला सम्बन्धी भ्रष्टाचार मुद्दा भदौ १२ गतेदेखि 'हेर्दाहेर्दै'मा राखेर सुनुवाइका क्रममा थियो। २०६४ माघ १३ गते तत्कालीन पुनरावेदन अदालतबाट विशेष अदालत हुँदै सर्वोच्च अदालत आइपुगेको लाउडा विमान भाडासम्बन्धी मुद्दा १८ वर्षदेखि विचाराधीन अवस्थामा रहेको थियो। ११ वर्ष पुरानो छायादेवी सेन्टर विवादसम्बन्धी मुद्दा पूर्ण इजलासमा विचाराधीन रहेकोमा २०८२ असोज २३ गतेलाई पेशी तोकिएको थियो। पप्पु कन्सट्रक्सनका मालिक हरिनारायण रौनियारसहितको भ्रष्टाचार मुद्दाको सुनुवाइ भदौ १६ गते सुनुवाइ नसकिएपछि भदौ १७ गतेका लागि पेसी तोकिएको थियो। चार वर्षदेखि एकीकृत समाजवादीको वैधानिकता विवादसम्बन्धी मुद्दामा २०७८ भदौ १८ गते पहिलो पेसी राखिएको थियो। त्यसैगरी, सशस्त्र द्वन्द्वकालमा नेपाली सेनाबाट हत्या गरिएकी काभ्रेकी मैना सुनुवारको हत्या मुद्दामा २०८२ असार २२ गते सुनुवाइ सकिएपछि २०८२ भदौ ८ गते निर्णय सुनाउन (निसु) पेसी तोकेको थियो। तर उक्त दिन इजलास नतोकिँदा मुद्दा स्थगित सूचीमा राखिएको थियो। त्यसैगरी टीकापुर हत्याकाण्डको मुद्दामा तीन तहकै अदालतबाट दोषी ठहर भई जन्मकैदको सजाय भोगिरहेका चौधरी २०८० जेठ १५ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट भएको आममाफी विरुद्धको मुद्दा दुई वर्षदेखि सुनुवाइ हुनै नपाई सबै मिसिल जलेको छ। सुनुवाइको अन्तिम चरणमा पुगेको यी मुद्दाहरु भदौ २४ गतेको आगजनीपछि अनिश्चित बन्न पुगेको छ।

सर्वोच्च अदालतले नष्ट भएका फाइलहरू पुन: प्राप्त गर्न र प्रमाणीकरण गर्न विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ती र प्रमाणीकरण सम्बन्धी निदेर्शिका, २०८२ जारी गऱ्यो। निर्देशिका अनुसार नष्ट भएका मिसिल प्राप्त गर्न विभिन्न तरिका र उपाय अपनाउने भनिएको छ। कुनै अदालत वा निकाय समक्ष रहेको मुद्दासम्बन्धी कागज र अभिलेखको प्रतिलिपि संकलन गर्ने, सर्वोच्च अदालत तथा अन्य सरकारी निकायका वेबसाइटमा अपलोड गरिएका फैसला तथा कागजात सङ्कलन गर्ने, अदालतको कार्यसम्पादनका क्रममा न्यायाधीश तथा कर्मचारीसँग रहेका कागजात संकलन गर्ने निदेर्शिकामा उल्लेख छ। विभिन्न अदालत, अन्य सरकारी निकाय र न्यायाधीश तथा इजलास अधिकृतहरूबीच विद्युतीय माध्यमबाट आदानप्रदान भएका कागजात संकलन गर्ने र 'उपयुक्त माध्यम' बाट संकलन गर्ने, संकलन गरिएका फाइल तथा अन्य मुद्दाका विवरण कसरी तयार पार्ने भनेर आधार पनि तयार पारेको छ। मुद्दाका पक्षहरूको नाम, थर, वतन, सम्पर्क नम्बर, मुद्दाको प्रकृति, मुद्दा नम्बरसमेतका आधारमा देवानी, फौजदारी, रिट, अदालतको अवहेलना, निवेदन, प्रतिवेदन वा अन्य के, कुन प्रकृतिका मिसिलका आधारमा र कारबाहीको चरणमा रहेका, फैसला भई फैसलाको पूर्णपाठ तयार हुन बाँकी रहेका वा फैसला कार्यान्वयनको चरणमा रहेका वा फैसला कार्यान्वयनको काम समेत सम्पन्न भई अभिलेखका रूपमा रहेका गरी के कुन चरणका हुन् भन्ने आधारमा वर्गीकरण गरिनेछ।

आगलागीका क्रममा विभिन्न मुद्दासँग सम्बन्धित करिब २४ हजार मिसिलमध्ये करिब २० हजार मिसिल जलेर नष्ट भएका थिए, जबकि करिब चार हजार मिसिल मात्र सुरक्षित रहन सके। जलेका मिसिलमध्ये १० हजारभन्दा बढी पुन: तयार पार्न सम्भव भइसकेको छ भने बाँकी मिसिल पुन:प्राप्तीका लागि प्रयास जारी छ। २०८२ पुस २१ गतेसम्म सेवाग्राही संस्था तथा महान्यायाधिवक्ताको कार्यालयको सहयोगमा कुल १० हजार ३ सय ४० मुद्दाका मिसिल पुन:तयार गरिएको सर्वोच्च अदालतले जनाएको छ (सर्वोच्च अदालत, २)८२)। महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन तथा सम्बन्धित मुद्दाका पक्षहरूसँग मिसिल उपलब्ध गराइदिन आग्रह गरेपछि करिब चार महिनामा उक्त मिसिलहरू सङ्कलन गर्न सकिएको हो।

यस घटनाले न्यायपालिकामा सुरक्षित, व्यवस्थित र विश्वसनीय डिजिटल अभिलेख प्रणालीको गम्भीर अभावलाई उजागर गरेको छ। विद्युतीय तथ्याङ्क व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा विकास हुन नसक्दा सर्वोच्च अदालतमा कति मुद्दामा सुनुवाइ सम्पन्न भइसकेको छ भन्ने यकिन तथ्याङ्कसमेत उपलब्ध छैन। पुन:प्राप्त गरिएका मिसिलहरू प्रमाणीकरण भएपछि मात्र मुद्दा प्रक्रियामा अघि बढ्न सक्ने अवस्था रहेको छ, जसले न्याय सम्पादन प्रक्रियालाई थप जटिल र ढिलो बनाएको छ। यद्यपि मुद्दा दर्ता मिति, तारिख, दर्ता नम्बर तथा वादी-प्रतिवादीसम्बन्धी आधारभूत विवरण विद्युतीय प्रणालीमार्फत उपलब्ध भए पनि मिसिलको पूर्ण डिजिटल प्रतिलिपि सुरक्षित राख्ने व्यवस्था अझै कार्यान्वयनमा आउन सकेको छैन।

सर्वोच्च अदालतले आर्थिक वर्ष २०८२ देखि डिजिटल अभिलेख प्रणाली लागू गर्ने योजना बनाइरहेको भए पनि आवश्यक स्रोतसाधन र बजेटको अभावका कारण यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ (सर्वोच्च अदालत, २०८१ह २०८२)। मिसिल हराउने वा नष्ट हुने अवस्थाले मुद्दाको समयसीमा, सुनुवाइ र फैसला प्रक्रियामा प्रत्यक्ष असर पार्ने, कार्यविधि अपूरो रहने र न्यायिक ढिलासुस्ती बढ्ने जोखिम रहन्छ, जसले समग्र न्याय सम्पादनमै नकारात्मक प्रभाव पार्दछ। यदि मिसिलहरू सुरुदेखि नै डिजिटल रूपमा अभिलेख गरिएको भए आगलागीपछिको अवस्थामा पनि सेवाप्रवाह तत्काल नियमित गर्न सकिन्थ्यो। त्यसैले मिसिल व्यवस्थापनलाई पूर्ण रूपमा डिजिटलाइज गर्ने स्पष्ट, चरणबद्ध र कार्यान्वयनयोग्य योजना तत्काल तयार गरी शीघ्र लागु गर्नु आजको आवश्यकता हो।

**६. जनआस्था**

कानुनको शासन र न्यायपालिकाको संरक्षकको रूपमा अदालत र न्यायपालिकाहरूले आफ्नो कार्य र कर्तव्यहरू प्रभावकारी रूपमा पूरा गर्न सार्वजनिक विश्वास र आस्था आवश्यक पर्छन् (चापागाई, २०२५)। नेपालको संविधानले शक्ति-पृथकिकरण र न्यायिक स्वतन्त्रतालाई मजबुत बनाएको दाबी गरे पनि संविधान मार्फत नै न्यायिक संरचनालाई दीर्घकालीन संरचनागत समस्या, राजनीतिकरण, तथा पहुँचका असमानताहरूले जनविश्वासमा नकारात्मक प्रभाव पारेका छन्।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतका अनुसार “पदमा रहेका व्यक्तिले जिम्मेवारपूर्वक धारणा राख्नु पर्छ, कानुन व्यवसायीले गलत धारणाका आधारमा प्रभावित पार्ने कार्य गर्नु उचित हुँदैन, न्यायपरिषद् र संवैधानिक इजलासको संरचना प्रधानन्यायाधीशले मात्रै केही गर्न सक्दैन, अदालतको जनआस्था भनेको अदालतको प्राण हो, यसका लागि विश्वास आर्जन गर्नुपर्छ। जनआस्था भनेको विश्वास हो, अहिले देशमा विश्वास धरमराएको छ, निष्ठापूर्वक काम गर्दा मात्रै विश्वास जन्मिन्छ” (प्रधानन्यायाधीश, सर्वोच्च अदालत, २०८२)। तर नेपाल बार एशोसिएशनको अध्ययनले न्यायालय, न्यायाधीश र वकिलप्रति आम नागरिकको धारणा नकारात्मक रहेको देखाएको छ (नेपाल बार एशोसिएशन, २०८१)। ४२.१७ प्रतिशत उत्तरदाताले न्यायालय र न्यायाधीशप्रति नकारात्मक धारणा व्यक्त गरेका छन् भने १८.३ प्रतिशतले मात्र सकारात्मक धारणा राखेका छन्। बाँकी ३९.४५ प्रतिशत उत्तरदाता तटस्थ रहेका छन्। यसले न्यायपालिकाप्रति जनमानसमा गहिरो विभाजन रहेको स्पष्ट गर्छ। न्यायाधीशहरूको कानुन व्याख्या गर्ने दक्षताबारे पनि प्रश्न उठाइएको छ। ३६.७५ प्रतिशत उत्तरदाताले न्यायाधीशहरू दक्ष छन् भनेका छन् तर १५.६६ प्रतिशतले अक्षम रहेको बताएका छन्। समग्रमा ३७.३५ प्रतिशत उत्तरदाताले मात्र न्यायालय निष्पक्ष छ भन्ने विश्वास गर्नुले न्यायालयको व्यावसायिक क्षमता र निष्पक्षताप्रति गहिरो शंका रहेको देखाउँछ।

अदालतमा घुस लेनदेन सामान्यीकरण हुँदै गएको छ भने मुद्दा किनारा लगाउन वर्षौं लाग्ने प्रक्रियाले नागरिकलाई निराश बनाएको, कानुन र नजिरले निर्देशित हुनुपर्ने फैसलाहरू भ्रष्टाचारले निर्देशित हुँदै असङ्गतपूर्ण हुने गरेको गुनासो छ। पछिल्लो समय केही महत्त्वपूर्ण निर्णय र सुधार पहल भए पनि ती पर्याप्त, समन्वित र दीर्घकालीन प्रभावकारी देखिएका छैनन्। यसले न्यायपालिकाप्रति जनमानसमा गहिरो शङ्का र असन्तोष पैदा गरेको छ। अदालतहरू जलाएको आरोपमा कानुनको विद्यार्थी नेतासम्म पक्राउ पर्नुले न्यायालयप्रति आस्था कमजोर भएको देखिन्छ। यसले केवल अभियोग प्रमाणित भएका व्यक्तिहरू मात्र नभई कानुनका विद्यार्थीहरू समेतले न्यायालयप्रति विश्वास राख्न नसकेको सङ्केत गर्दछ। यसरी न्यायालयप्रति विश्वासको कमीले न्यायिक संस्थाको वैधानिकता र सामाजिक स्वीकार्यता नै चुनौतीमा परेको देखिन्छ।

अदालतका कतिपय आदेशहरूले नजीरको स्थान लिने गर्दछन्। हरेक आदेश र ती आदेशहरूमा गरिने संविधान र कानुनको व्याख्या जनआस्थासँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। यस वर्ष नागरिकहरूको आधारभूत अधिकार प्रत्याभूति गर्ने सम्बन्धमा न्यायपालिकाबाट थुप्रै आदेश तथा निर्देशन जारी हुनुका साथै ती आदेशमा भएका व्याख्यात्मक टिप्पणीले न्यायपालिका नागरिकहरूको अधिकारप्रति सजग भएको भान हुन्छ। यस वर्ष सर्वोच्च अदालतले मानसिक स्वास्थ्यको अवस्थालाई सम्बोधन गर्न सबै कानुनलाई मानवअधिकार अनुकूल बनाइ अन्तर्राष्ट्रिय मापदण्डअनुसार सहयोगीसहितको निर्णय पद्धति लागु गर्न परमादेश *(राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठनको तर्फबाट र आफनो हकमा समेत मातृका देवकोटा समेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,* २०७७), विदेशी अदालतबाट भएको सम्बन्ध विच्छेद नेपालमा मान्यता पाउने सम्बन्धमा आदेश (*नारायण सापकोटा वि प्रमिसा दवाडी,* २०७७), फौजदारी अभियोगमा अभियोजन अधिकार कानुनले तोकेबमोजिमको संवैधानिक वा कानुनी निकायलाई मात्र हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अधिकार महान्यायाधिवक्ताको कार्यालय र सोअन्तर्गतका सरकारी वकिल कार्यालयलाई मात्र हुने आदेश, कैदीहरूको कैद मिनाहाका लागि राष्ट्रपति समक्ष प्रस्ताव लैजाने र निर्णय गराउने कानुनी व्यवस्था परिर्माजन गर्ने आदेश *(राजन माझी समेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,* २०८१), जघन्य अपराधहरूमाा प्रभावकारी र वैज्ञानिक अनुसन्धान गरी निरअपराधीलाई सजाय भागी नबनाउन निर्देशनात्मक आदेश (*नेपाल सरकार विरुद्ध अम्मर वि. क भन्ने लालबहादुर वि.क,* २०७६), दोहोर्याइ पाउन निवेदन दर्ता सम्बन्धमा फैसला (*सुदिप सिंह वि मानपवय बचत तथा ऋण सहकारी संस्था समेत,* २०८०), शरणर्थीको हैसियत समाप्त नभएका विदेशीको हकमा अध्यागमन ऐन आकर्षित नहुने *(संरक्षक भई आफनो हकम समेत रोयन बस्नेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मसेत,* २०८२) अभिव्यक्ति स्वतन्त्रतामा वैध र न्यायोचित उद्देश्यको निमित्त तर्कसंगत तरिकाले बन्देज लगाउन सकिने र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७(१) को प्रतिबन्धात्मक वाक्यांश असंवैधानिक मान्न नमिल्ने सम्बन्धमा भएको आदेश (*अधिवक्ता प्रत्युस नाथ उप्रेती वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,* २०७२), कानुनबमोजिम इजाजत नलिएका सामाजिक सञ्जाल र विभिन्न माध्यम ओटीटी एप्सलगायत इन्टरनेट ब्राउजरको माध्यमबाट विज्ञापनसहित प्रसारण हुने सामग्रीमाथि रोक लगाउन परमादेश, महिला तथा किशोरीहरूबाट डिम्ब निष्कासन तथा भण्डारणको कार्य रोकेर सरकारको नियमन र निगरानी प्रभावकारी बनाउन सरकारका नाममा, जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका बालबालिकाहरूका सन्दर्भमा बाल मनोविज्ञ र समाजसेवीबाट बालिका दुर्व्यवहारका विषयमा तयार पारिएको प्रतिवेदनबाट मुद्दाका लागि दाबी पुग्ने फैसला, सार्वजनिक शैक्षिक संस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई नि:शुल्क उच्च शिक्षा उपलब्ध गराउन आदेश (*मदन रोकाया वि. जनप्रशासन क्याम्पस,* २०८१) मार्फत न्यायिक स्वतन्त्रता, जवाफदेहिता र सकृयता प्रदर्शन गर्नु अधिकार, न्याय र कानुनी शासनको सम्मान गर्दै विषयमा अन्तर्राष्ट्रिय मान्यतासँग मेल खाने प्रगतिशील निर्णयहरू सुनाएका छन्।

तथापि, न्यायालयको संरचनागत विश्वसनीयता, सेवा-प्रवाह क्षमता, र प्रशासनिक सुधार कमजोर भएकाले यी निर्णयहरूले समग्र सार्वजनिक विश्वासमा ठोस सुधार ल्याउन सकेका छैन। जनआस्था वृद्धि गर्ने सन्दर्भमा न्यायालयको संवेदनशील र सकारात्मक कदम भएको मान्नु पर्छ। न्यायिक जवाफदेहिता र सकृयता प्रदर्शन गर्नु अधिकार, न्याय र कानुनी शासनको सम्मान गर्दै जनआस्था वृद्धि गर्ने सन्दर्भमा न्यायालयको गम्भीर र सकारात्मक कदम भएको मान्नु पर्छ। अदालत आफैले पनि सार्वजनिक सरोकारको विषय सम्बन्धमा पर्ने निवेदनको बारेमा व्याख्या गरेको छ। न्यायाधीश डा. आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संयुक्त इजलासले रिटसम्बन्धी क्षेत्राधिकारको परिधि अत्यन्त व्यापक रहेको स्वीकार गर्दै कार्यकारिणी तथा कानुनद्वारा संस्थापित निकायहरूका काम मात्र नभई कानुनी कर्तव्यको निर्वाहमा भएको हेलचेक्रयाइँ एवम् अकर्मण्यतासमेतको पुनरावलोकन गर्दै संवैधानिक र कानुनी कर्तव्य निर्वाह गर्न र पारदशी ढंगले कार्य गर्न मार्गदर्शन गर्ने राय दिएका छन् (*अधिवक्ता तुलसी सिम्खडा वि. नेपाल सरकार,* २०७६)।

तर, तराई मधेशमा भएको गैरन्यायिक हत्याको अनुसन्धान गर्न पाँच वर्षअघि जारी गरेको आदेश कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतले २०८२ भदौ ६ गते जारी गरेको आदेश, द्वन्द्वकालीन

घटनामा व्यक्ति हत्याको अभियोग लागेका नेकपा (माओवादी केन्द्र) का नेता अग्नि सापकोटालाई अनुसन्धानको दायरामा ल्याउनुपर्ने माग सहित परेको रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले निर्णय सुनाउनु पर्ने गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घन तर राजनीतिक विषयवस्तु पनि समावेश भएका विवादको निर्णय नसुनाइ पदमुक्त हुने, सरकारको प्रत्यक्ष सरोकार भएका राजनीतिक व्यक्ति समावेश भएका मुद्दाको अवस्था अनुसार दरपीठ गर्ने वा विभिन्न कारण देखाइ पेसी सार्ने वा शीघ्र निर्णय गर्ने अवस्थाले न्यायालयमा राजनीतिक दल र कार्यकारी हावी भएको स्पष्ट प्रतिबिम्बित हुन्छ। उदाहरणका लागि फैसला सुनाउने मिति तोकेको चार महिनापछि अन्य आदेश दिएर टारेका कारण संवैधानिक इजलासमा प्रधानन्यायाधीशको मुख्य भूमिका रहने हुनाले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ पदमुक्त भएपछि प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको नेतृत्वमा गठन भएको संवैधानिक इजलासले अग्नि सापकोटा विरुद्धको मुद्दाको अगं पुगेको भए तापनि कारबाही दोहोऱ्याउनु पर्ने अवस्था आयो।

यद्यपि, न्यायपालिका र न्यायाधीशको कार्यप्रणालीमा केही गम्भीर संस्थागत चुनौतीहरू देखिन्छन्, जसले न्याय प्रवाहको विश्वासनीयता र कार्यक्षमता दुवैमा प्रतिकूल प्रभाव पारेको छ। मुख्यतया, कानुनले तोकेको अवधिभित्र मुद्दा कारबाही तथा किनारा नगर्ने, एकैपटक गर्न मिल्ने आदेश वा निर्णयलाई अनावश्यक रूपमा चरण-चरणमा विभाजित गर्ने, तथा कानुन बमोजिम मुलतवी राख्नुपर्ने वा नपर्ने मुद्दाहरूमा अनुचित ढंगले मुलतवी राख्ने जस्ता व्यवहारहरूले प्रक्रिया लम्बिने प्रवृत्ति देखिन्छ। यससँगै, मुद्दाको किनारा गर्दा असान्दर्भिक कानुनी आधार प्रयोग गर्ने, स्पष्ट कानुनी प्रावधान वा स्थापित व्याख्यालाई बेवास्ता गरेर वैकल्पिक तर कमजोर व्याख्या अँगाल्ने, तथा एउटै किसिमको कानुनी प्रश्न रहेको अलग-अलग मुद्दामा असङ्गत राय वा निर्णय दिने अवस्था पनि चुनौतीका रूपमा पहिचान हुन्छ (चापागाई र श्रेष्ठ, २०२४)। प्रक्रियागत व्यवहारमा पनि कमी देखिन्छ–पक्षकारलाई उपस्थित गराइएको तारिखमा उचित कारण बिना काम पन्छ्याउने, प्रमाण बुझ्ने आदेश गर्दा मुद्दाका विवादित बुँदाहरूलाई स्पष्ट नपारी केवल औपचारिक आदेश दिने जस्ता अभ्यासले प्रक्रियागत स्पष्टता र पारदर्शितामा प्रश्न उठाएको छ।

न्याय नपाएका नागरिकहरूले न्यायालयप्रति वितृष्णा बढेको अवस्था देखिन्छ। मुद्दाहरूको कारबाही अगाडि नबढाएको कारणले न्यायप्रतिको निराशाका कारण पीडितहरूले सर्वोच्च अदालतमा कालो मसी छ्याप्ने, अदालतमा विचाराधीन विवाद सम्बन्धमा टिकाटिप्पणी गर्ने, न्यायाधीशहरूको विगतको राजनीतिक आस्थाले न्यायलय प्रभावित र प्ररिचालित हुन्छ भन्ने विश्वास हुनुले न्यायालयप्रति जनताको घृणा उजागर गर्दछ। उदाहरणको लागि मिति २०८२ पुष ४ गते उच्च अदालत पाटनले बलात्कारका आरोपित सरकारी कार्यालयमा कार्यरत अधिकृतले धरौटीमा रिहा गर्न आदेश गरेको ३० वर्षीया बलात्कार पीडित एक युवतीले किटनाशक औषधि सेवन गरेकी आत्महत्या प्रयास गर्नु र न्यायाधीश भुवन गिरीकी पूर्वपत्नी आरती रावलले २०७५ मंसिरमा दायर गरेको वैवाहिक बलात्कार र बलात्कार कसुर मुद्दामा काठमाडौँ जिल्ला अदालत र उच्च अदालत पाटनले न्यायाधीश गिरीलाई धरौटीमा छाड्न आदेश दिएको उपर सर्वोच्च अदालतमा बहस चलिरहँदा इजलासमै विष सेवन गर्नु न्यायलय प्रतिको अविश्वास, आक्रोष र असन्तुष्टि स्पष्ट गर्दछ। न्यायलयमा हुने यस्ता अस्वाभाविक कामहरूले न्यायालयप्रति जनविश्वास घटाएकोछ।

न्यायपालिकामा जनआस्था खस्कँदै गएका कारण जनआस्था वृद्धि गर्न न्यायपालिका रणनीतिक रूपमा अगाडि बढेको २० वर्ष भइसक्दा पनि जनआस्था वृद्धि हुनुको साटो खस्कँदै गएको सेवाग्राही, सञ्चार माध्यम र कानुन व्यवसायीहरूको भनाइ रहेको छ (कानुन व्यवसायी, मंसिर २०८२)। न्यायपालिकाबाट न्याय प्राप्त गर्न वा आफू निर्दोष भएको प्रमाणित गर्न 'पहुँच' राजनीतिक वा आर्थिक वा व्यक्तिगत आवश्यक हुनुपर्नेमा दृढविश्वास गर्दछन् (सेवाग्राही, मंसिर २०८२)। न्यायमा 'मोलमोलाहिजा' नातावाद, पक्षपात, राजनीतिक हस्तक्षेप र प्रभाव विद्यमान रहेको सर्वोच्च अदालतको प्रतिवेदनहरूले नै स्वीकारेका छन्। राजनीतिक प्रकृतिका विवादहरूले अदालतमा प्रवेश पाउने र ती विवादहरूको निरूपणमा अदालतको समय बढी खर्च हुनाले आमनागरिकका विवाद निरूपणमा ढिलासुस्ती भयो फलस्वरूप जनआस्था प्रति थप नकारात्मक प्रभाव पऱ्यो। समग्रमा, यी चुनौतीहरूले न्यायिक कार्यसम्पादनमा निरन्तर सुधार, कडाइका साथ आत्म-अनुशासन, तथा पारदर्शी र मापनीय उत्तरदायित्व प्रणाली निर्माणको आवश्यकता स्पष्ट रूपमा देखाउँछन्।

## ७. निष्कर्ष र सुझाव

नेपालको न्यायपालिकाप्रतिको सार्वजनिक विश्वास ह्रास हुनुका प्रमुख कारण संरचनागत कमजोरी, राजनीतिकरण, पारदर्शिताको अभाव, र पहुँचमा असमानता हुन्। अत्यधिक मुद्दा थन्किएको समस्या, प्रक्रियागत ढिलाइ, निरन्तर स्थगनले 'समयमै न्याय' प्राप्त गर्ने नागरिक अपेक्षा कमजोर बनाएको छ। नियुक्ति प्रक्रियामा दलीय भागबण्डा, योग्यता-आधारित छनोटको कमी, र पारदर्शिताको अभावले न्यायिक अखण्डता र जबाफदेहिता कमजोर बनाएको छ। सुधारका नाममा अघि सारिएका कार्यक्रमहरू सतही प्रशासनिक व्यवस्थामा सीमित रहँदा संरचनागत समस्यामा प्रभावकारी रूपमा प्रवेश गर्न सकेका छैनन्। संविधानले न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्ने व्यवस्था गरेको भए पनि व्यवहारमा भ्रष्टाचार, ढिलासुस्ती, र प्रक्रियागत जटिलताले जनमानसमा नकारात्मक धारणा बनाएको छ। यसलाई सम्बोधन गर्न संस्थागत सुधार, पारदर्शिता, र उत्तरदायित्वलाई प्राथमिकतामा राख्नुपर्छ। न्यायपालिकाको विश्वसनीयता सुदृढ हुन सक्दैन। संविधानले अपेक्षा गरेअनुसार मूल अधिकारको संरक्षक र न्यायको अन्तिम थलोका रूपमा न्यायालयले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न, अखण्डता, पारदर्शिता, जवाफदेहिता, र समावेशीकरणलाई प्राथमिकतामा राख्दै गहिरो संरचनागत सुधार अनिवार्य देखिन्छ।

**सिफारिसहरू**

- अध्ययन तथा कार्यदल प्रतिवेदनको सिफारिसहरूको कार्यान्वयन: न्यायालयमा विद्यमान विकृति र विसङ्गतिहरूलाई सम्बोधन गर्न विभिन्न समयमा गठित अध्ययन समिति र कार्यदलहरूद्वारा जारी गरिएको निष्कर्ष तथा सिफारिसहरूलाई बिना कुनै ढिलाइ वा छनोटपूर्ण प्रयोग, प्राथमिकताका आधारमा अबिलम्ब कार्यान्वयन गर्नु पर्दछ।
- न्यायाधीश नियुक्ति र संस्थागत अनुशासन: तीनै तहका अदालतहरूमा रहेका रिक्त दरबन्दीहरू समयमै पूर्ति गर्नुपर्छ । नियुक्ति प्रक्रियामा उच्च नैतिक छवि, निष्पक्षता र व्यावसायिक क्षमतालाई प्रमुख आधार बनाइनुपर्छ भने संवैधानिक मापदण्डको पालना, योग्यतामा आधारित छनौट र राजनीतिक हस्तक्षेप न्यूनीकरणका लागि ठोस सुरक्षा उपायहरू अपनाइनु पर्छ।
- मुद्दा व्यवस्थापन र न्याय सम्पादन सुधार: रणनीतिक योजनामा लक्ष्यहरूको स्पष्ट प्राथमिकिकरण गर्दै प्रभावकारी न्याय सम्पादनका लागि मुद्दा फर्स्यौट र मुद्दा व्यवस्थापन पद्धतिमा सुधार, वैकल्पिक विवाद समाधानका उपायहरूको प्रभावकारी अवलम्बन, तीनै तहका अदालतहरूबीच समन्वय सुदृढीकरण, सूचना प्रविधिको अधिकतम प्रयोग, अनावश्यक रूपमा पेसी हटाउने प्रवृत्तिलाई निरुत्साहित गर्ने, सबै तहका अदालतमा स्वचालित पेसी व्यवस्थापन प्रणाली लागु गर्ने फरक-फरक मुद्दा व्यवस्थापन पद्धतिहरूको कार्यान्वयनका लागि स्पष्ट, मापनयोग्य र समयसीमासहितका लक्ष्यहरू निर्धारण गर्नु पर्छ।
- रणनीतिक योजनाको अभिमुखीकरण: न्यायपालिकाको रणनीतिक योजना व्यवहारिक, परिणाममुखी र सेवाग्राहीको आवश्यकताप्रति उत्तरदयी हुनुपर्छ। योजना तर्जुमा गर्दा केवल संस्थागत प्राथमिकतामा मात्र केन्>त नभई नागरिक समाज, सेवाग्राही र सरोकारवालाहरूसँग निरन्तर संवादलाई आधार बनाइनुपर्छ।
- न्यायाधीशको क्षमता अभिवृद्धि: न्यायको गुणस्तर सुनिश्चित गर्न न्यायाधीशहरूको व्यावसायिक विकासमा निरन्तर लगानी आवश्यक छ। सबै तहका न्यायाधीशहरूको अनिवार्य सहभागिता रहने गरी विस्तृत क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई संस्थागत गर्नु पर्छ।
- न्यायिक स्वायत्तता र बजेट व्यवस्थापन: वास्तविक न्यायिक स्वायत्तताका लागि बजेट तर्जुमा र परिचालनमा न्यायपालिकाको पूर्ण अधिकार हुनुपर्छ । अर्थिक स्वयत्तता सुदृढ गर्न न्यायिक कोष ऐन, २०४६ लाई कार्यान्वयनमा आवश्यक नियमावली तत्काल तर्जुमा गर्नु पर्छ।
- न्यायमा पहुँच र जवाफदेहिता: न्यायिक प्रक्रियाहरू पूर्वानुमानयोग्य, दक्ष र जनउत्तरदयी हुनुपर्छ। दैनिक पेसी सूची सुनुवाइ गर्न सकिने क्षमताका आधारमा तय गरिनुपर्छ र फैसला लेखन तथा कार्यान्वयनमा हुने ढिलाइलाई सम्बोधन गर्न प्रभावकारी जवाफदेही संयन्त्रको विकास गर्नु पर्छ।

- फैसला लेखन र कार्यान्वयन: अनुसन्धानमा आधारित र तर्कसङ्गत निर्णय प्रक्रियालाई संस्थागत गर्दै फैसला लेखन र कार्यान्वयनका लागि तोकिएको कानुनी समयसीमाको कडाइका साथ पालना गरिनुपर्छ । सार्वजनिक सरोकारका विषयमा हुने न्याय सम्पादनलाई मार्गदर्शन गर्न संवैधानिक इजलासले स्पष्ट मापदण्डहरू तय गर्नु पर्छ।
- डिजिटल अभिलेख र मुद्दा व्यवस्थापन: सबै तहका अदालतहरूमा एकीकृत, सुरक्षित र अनिवार्य डिजिटल मुद्दा व्यवस्थापन तथा अभिलेख प्रणाली लागू गरिनुपर्छ । यसमा विद्यमान कागजी मिसिलहरूको चरणबद्ध डिजिटलाइजेसन, विद्युतीय मिसिललाई कानुनी मान्यता, नियमित तथ्याङ्क ब्याकअप र आपतकालीन अवस्थामा पनि सेवा निरन्तरताका लागि पर्याप्त प्राविधिक स्रोतको व्यवस्था गरिनुपर्छ।
- समावेशिता र समानता: न्यायपालिकाभित्र महिला र सीमान्तकृत समूहहरूको समानुपातिक प्रतिनिधित्व, नेतृत्व विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न दीर्घकालीन नीतिहरू अवलम्बन गरिनुपर्छ।
- जनआस्थाको पुन:स्थापना: न्यायालयप्रतिको विश्वास पुन: जागृत गर्न नियुक्ति र पदोन्नतिमा पारदर्शी मापदण्ड लागु गर्ने, नियमित रूपमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने र सुधारका परिणामहरूको अनुगमन तथा सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न एक स्वतन्त्र अनुगमन संयन्त्र स्थापना गरिनु पर्छ ।

**सन्दर्भ सामग्री**


अर्थ मन्त्रालय (२०८२), *आर्थिक वर्ष २०८२/२०८३ को बजेट वक्तव्य,* अनुसूची ४, अर्थ मन्त्रालय।

नेपाल कानुन आयोग, न्याय प्रशासन ऐन, २०७३।

नेपाल कानुन आयोग, राजदूत नियुक्तिसम्बन्धि निर्देशिका, २०७५।

नेपाल कानुन आयोग, बालबालिकासम्बन्धी ऐन, २०७५

नेपाल कानुन आयोग, मुलुकी अपराध संहिता, २०७४।

नेपाल कानुन आयोग, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४।

नेपाल कानुन आयोग, नेपालको संविधान, २०७२।

नेपाल कानुन आयोग, अपाङ्गता भएको व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४।

नेपाल कानुन आयोग, अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५।

नेपाल बार एशोसिएशन (२०८१), *युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदन २०८१,* युवा कानुन व्यवसायी सरोकार समिति।

नेपाल बार एशोसिएसन (साउन १९, २०८२)।

नयाँ पत्रिका (२४ साउन, २०८२), *न्यायाधीश नियुक्तिमा भागबन्डा,*
https://nayapatrikadaily.com/news-details/174882/2025-08-09

न्याय परिषद् (२०७४), न्याय परिषद् नियमावली २०७४, न्याय परिषद्।

न्याय परिषद् (२०७९), न्यायाधीश नियुक्ति प्रक्रियासम्बन्धी निर्देशिका २०७९, न्याय परिषद्।

न्याय परिषद् सचिवालय (२०८२), *न्याय परिषद् बुलेटिन,* न्याय परिषद्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् (३० असोज, २०८२) मन्त्रिपरिषद्को निर्णय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

सर्वोच्च अदालत (२०६०), शर्मिला पराजुली वि. नेपाल सरकार, ने का प (२०६०), रिट नं.३४३४, फैसला नं.७४४९।

सर्वोच्च अदालत (०६९), पूर्णीमाया लामा वि. अग्निप्रसाद सापकोटा, ६९–WO–०५३३।

सर्वोच्च अदालत (२०७३ पौष ६ गते), अधिवक्ता तुलसी सिम्खडा विरुद्ध नेपाल सरकार, ०७२-ध्इ-०१४०।

सर्वोच्च अदालत (२०७५), अधिवक्ता प्रकाश नेपाली विरुद्ध व्यवस्थापिका संसद सचिवालय, सिंहदरबार समेत, ०७५-WO-०५९९।

सर्वोच्च अदालत (०७५ माघ २५ गते), उपभोक्ता हित संरक्षण मञ्च वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०७५(WO-०७४१।
सर्वोच्च अदालत (०७७), अधिवक्ता ओमप्रकाश अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७७–WC–०२६६।
सर्वोच्च अदालत (२०७६), संवैधानिक कानुन व्यवसायी मञ्च वि. राष्ट्रपति कार्यालयसमेत, ०६९-WO-०९७६।
सर्वोच्च अदालत (२०८०), राजुप्रसाद चापागाई वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, ०८०-WO-०८१८।
सर्वोच्च अदालत (२०८१), *वार्षिक प्रतिवेदन (२०८०/२०८१)*, सर्वोच्च अदालत।
सर्वोच्च अदालत (२०८१), अधिवक्ता यज्ञमणि न्यौपानेसहित स्वतन्त्र कानुन व्यवसायी सङ्घ वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, ०८१-WC-००५३।
सर्वोच्च अदालत (२०८१), रवि लामिछाने वि. नेपाल सरकार, सहकारी ठगीसम्बन्धी कसुर र सङ्गठित अपराध, ०८१-RE-०३४२।
सर्वोच्च अदालत (२०८१), छविलाल जोशी वि. नेपाल सरकार, सहकारी ठगी सम्बन्धी कसुर र सङ्गठित अपराध, ०८१-RE-०३४३।
सर्वोच्च अदालत (२०८१), *न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (२०८१/०८२-२०८५/०८६)*, सर्वोच्च अदालत।
सर्वोच्च अदालत (२०८१),पारिवारिक इजलास सञ्चालन (कार्यविधि) निर्देशिका, २०८१।
सर्वोच्च अदालत (२०८१ मङ्सिर १७ गते), राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन सङ्गठनको तर्फबाट र आफ्नो हकमा समेत मातृका देवकोटा समेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०७७-WO-००३५।
सर्वोच्च अदालत (२०८१ माघ १४ गते), मदन रोकाया वि. जनप्रशासन क्याम्पस, ०८१-WO-०७८९।
सर्वोच्च अदालत (२०८१ चैत २१ गते), अधिवक्ता प्रत्युसनाथ उप्रेती वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ०७२-WS-००१३।
सर्वोच्च अदालत (२०८२), रकीप्रसाद साह वि. सुमित्रा सुवेदी भण्डारी, प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यलय मधेश प्रदेश, जनकपुरधाम समेत, ०८२-WO-०४१०।
सर्वोच्च अदालत (१७ पुस, २०८२),प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सञ्चारकर्मीहरूसँग व्यक्त गरेको धारणा।
सर्वोच्च अदालत (२०८२), यज्ञमणि न्यौपाने वि. सर्वोच्च अदालत पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर ज.ब.रा।
सर्वोच्च अदालत (२६ भदौ, २०८२) पूर्ण इजलासको निर्णय सम्बन्धमा जारी सूचना।
सर्वोच्च अदालत (२०८२), विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२।
सर्वोच्च अदालत (८ पुस, २०८२), सर्वोच्च अदालतका प्रधानन्यायाधीशद्वारा बार दिवस २०८२ को सन्दर्भमा दिइएको अभिव्यक्ति।
सर्वोच्च अदालत (२०८२ वैशाख ३० गते), नारायण सापकोटा वि. प्रमिसा दवाडी, ०७७-CI-०३८९।
सर्वोच्च अदालत (२०८२ असार १० गते), राजन माझी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ०८१-WF-०००७।
सर्वोच्च अदालत (२०८२ जेठ २२ गते), नेपाल सरकार विरुद्ध अम्मर वि. क. भन्ने लालबहादुर वि. क., ०७६-CR-१७६८।
सर्वोच्च अदालत (२०८२ असार ११ गते), सुदिप सिंह वि. मानपवय बचत तथा ऋण सहकारी संस्था समेत, ०८०-RE-०३४९।
सर्वोच्च अदालत (२०८२ कात्तिक ९ गते), संरक्षक भई आफ्नो हकम समेत रोयन बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मसेत, २०८२-WO-००३९।
Chapagain, B. (September 2025) Judicial Trust in Nepal: Demand-and Supply-side Perspectives, *International Journal of Court Administration*, 16(2).

Chapagain, B. (2025) Upholding Public Trust and Confidence in the Judicial System in Nepal: Reinforcing Judicial Competency and Values, *NJA Law Journal*, 18(1).

Chapagain, B. and Shrestha, R. (October 2024), *Child Marriage in Nepal: A Review and Assessment of Child Marriage Laws and Court Decisions (An Analysis of Impact on Boys and Girls)*, Forum for Women Law and Development.

Donnelly, J (2024), The Critical Role of Preparing Timely Written Reasons in Decision-Making: Enhancing Rationality, Objectivity, and Legal Accuracy, *Alternative Law Journal*, Vol 50 (1), p. 126-142.

World Justice Project (2025), *Rule of Law Index 2025*, https://worldjusticeproject.org/sites/default/files/documents/Nepal_3.pdf.

परिच्छेद

४

# ४.२ राज्य र मानव अधिकार

## कार्यपालिका

सरकार परिवर्तन र राजनीतिक अस्थिरता

छानविन आयोग

सङ्क्रमणकालीन न्याय

मानव अधिकारको मुद्दा

स्वच्छ वातावरणको हक र जलवायु न्याय

शिक्षा र स्वास्थ्यको अधिकार

**पृष्ठभूमि**

सन् २०२५ मानव अधिकारको दृष्टिले नेपालका लागि संवेदनशील वर्षका रूपमा अभिलेखित भयो। यो वर्ष सरकारले अभिव्यक्ति स्वतन्त्रताको महत्त्वपूर्ण माध्यमका रूपमा स्थापित सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउने निर्णय गऱ्यो, जसले नागरिक अधिकार र स्वतन्त्रतासम्बन्धी गम्भीर प्रश्न खडा गऱ्यो। उक्त निर्णयको विरोधमा सङ्घीय राजधानी केन्द्रित भई देशका विभिन्न भागमा २०८२ भदौ २३ र २४ गते प्रदर्शनहरू भए। नवयुवा पुस्ताको उल्लेख्य सहभागिता रहेको यी प्रदर्शनहरूमा राज्यले अत्यधिक बल प्रयोग गऱ्यो। सरकारी दमन र गैरन्यायिक हत्याका घटनाले नेपालको मानव अधिकारको अवस्था अन्तर्राष्ट्रिय चासोको विषय बन्यो। विद्यालय तथा कलेजको पोशाकमै प्रदर्शनमा सहभागी भएका निहत्था युवा तथा विद्यार्थीहरूमाथि प्रहरीले अत्यधिक बल प्रयोग गरे। निहत्था प्रदर्शनकारीहरूमाथि गरिएको अत्यधिक बल प्रयोगप्रति इन्सेकसहित मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले विज्ञप्ति जारी गर्दै विरोध जनाए (इन्सेक विज्ञप्ति, २०८२ भदौ २४)। यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेशनलले 'प्रदर्शनकारीहरूमाथि नेपालको घातक दमन' शीर्षकको अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै राज्यको दमनकारी कार्यशैलीप्रति गम्भीर चिन्ता व्यक्त गऱ्यो। *(रिसर्च ब्रिफिङ, २०८२ )*

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको धारा १६ अनुसारको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ अनुसारको स्वतन्त्रताको हक तथा धारा १९ अनुसारको सञ्चारको हक प्रतिकूल हुने गरी राज्य पक्षबाट गरिएको दमन मानव अधिकारका दृष्टिले अक्षम्य रह्यो। २०८२ भदौ २३ गते बानेश्वर क्षेत्रमा भएको घटनामा राज्य पक्षले गरेको अत्यधिक बल प्रयोगका कारण १७ जना प्रदर्शनकारीको ज्यान गएको थियो। यसैक्रममा देशका विभिन्न स्थानमा भएका घटनाहरूमा २०८२ पुसको दोस्रो सातासम्म आइपुग्दा ७७ जनाले ज्यान गुमाएका छन्। जसमा ७३ जना पुरुष र चार जना महिला छन्।

नवयुवा पुस्ताको नेतृत्व र व्यापक सहभागिता रहेको आन्दोलनमाथि भएको अत्यधिक बल प्रयोगले नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरू प्रतिकूल हुने अवस्था सिर्जना गऱ्यो। विशेषत: जीवनको अधिकार, शान्तिपूर्ण रूपमा भेला हुने अधिकार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्नुपर्ने दायित्वबाट राज्य चुक्दा नेपालमा मानव अधिकार संरक्षणप्रतिको प्रतिबद्धता व्यवहारमा कमजोर देखियो। *(ल कमिसन नेपाल, २०३२)*

आन्दोलनमा सुरक्षाकर्मीले भिड नियन्त्रणका अन्य उपाय हुँदाहुँदै घातक हतियारको प्रयोग गरेका कारण क्षणभरमै १९ जना प्रर्दशनकारीको मृत्यु भएको थियो। राष्ट्रिय मानव अधिकार आयोगले सरकारले आन्दोलनका समयमा भिडनियन्त्रण भन्दा हतियारलाई बढी प्रयोग गर्नुलाई मानव अधिकार विरोधी क्रियाकलापका रूपमा अर्थ्यायो। नेपाल सरकारले सामाजिक सञ्जाल प्लेटफर्महरूमा कडा नियमहरू लागु गर्ने प्रयासको विषयमा समेत आयोगले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा पुर्न विचार गर्न आग्रह गरेको थियो। आयोगले नवयुवा पुस्ताको सुरूआती बिन्दु सामाजिक सञ्जालमाथि सरकारले लगाएको प्रतिबन्धलाई पुर्न विचार गर्न विज्ञप्तिमार्फत आग्रह गरेको थियो। *(राष्ट्रिय मानव अधिकार आयोग, विज्ञप्ति २०८२)*

भ्रष्टाचारको विरोध, सुशासनको माग, सरकारको संरचना र कार्यशैलीप्रति असन्तोष, तथा प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ व्यक्तिहरू र तिनका परिवार तथा नातागोताले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विलासी जीवनशैली र आम नेपाली नागरिकको जीवनस्तरबीचको तीव्र असमानताको तुलनालाई आधार बनाएर नवयुवा पुस्ताले लामो समयदेखि सामाजिक सञ्जालमै विरोध अभिव्यक्त गर्दै आएको थियो। यस्ता माग र असन्तोषलाई सम्बोधन गर्नुको सट्टा नेपाल सरकारले २०८२ भदौ १९ गतेदेखि सामाजिक सञ्जालमाथि नै प्रतिबन्ध लगाएपछि नवयुवा पुस्ता २०८२ भदौ २३ गते माइतीघर मण्डलामा भेला भई सडक आन्दोलनमा उत्रिएको थियो।

यस आन्दोलनको बिजारोपणका रूपमा मानिएको सामाजिक सञ्जालमाथिको प्रतिबन्धका लागि नेपाल सरकारले २०८० सालदेखि नै विभिन्न तयारी र प्रयास गर्दै आएको थियो। अन्तत: २०८२ भदौ १९ गतेदेखि सामाजिक सञ्जालमा प्रत्यक्ष प्रतिबन्ध लागु गरिएपछि नवयुवा पुस्ताको असन्तोष सडकमा प्रकट भएको देखियो, जसले राज्य-नागरिक सम्बन्धमा बढ्दो दूरी र संवादको अभावलाई उजागर गऱ्यो। नेपाल सरकारको विद्युतीय कारोबार ऐन, २०६३ अर्न्तगत १५ बुँदे सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८२ नेपाल सरकारले २०८० मङ्सिर

११ गते  प्रकाशन गरेको थियो। सोही निर्देशिका कार्यान्वयनका लागि सामाजिक सञ्जाल व्यवस्थापन इकाइलाई प्रयोगकर्ताको गुनासो सम्बोधन गर्न र प्लेटफर्महरूलाई निषेधित सामग्री हटाउन निर्देशन सरकारले दिएको थियो।

गृह मन्त्रालयको प्रतिवेदनमा नवयुवा पुस्ताको पहिलो दिनको प्रर्दशनमा २० पुरूष, दोस्रो दिन ३३ पुरूष र चार महिला र त्यसपछि ०८२ पुस १६ गतेसम्म २० पुरूष र चार जना महिला गरी कूल ७७ जनाको मृत्यु भएको उल्लेख छ। घटनामा २ हजार ४ सय २९ बढी घाइते भएका थिए।

भदौ २३ को घटनाको प्रतिक्रिया स्वरूप भदौ २४ गते देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास बालुवाटारसहित देशका विभिन्न ठाउँमा आगजनी र तोडफोड भयो। प्रर्दशनमा सरकारी भौतिक संरचनासँगै निजी व्यापरिक केन्द्र, होटल, प्रतिष्ठान, निजी आवाससहितका संरचनामा आगजनी र तोडफोड भएको थियो। प्रहरीको काबुभन्दा बाहिर गएको प्रर्दशनमा आगजनी र तोडफोडका अत्यासलाग्दा घटनाहरू भएका थिए। जसका कारण भौतिक संरचनामा मात्रै ८४ अर्ब ४५ करोड ७७ लाखको क्षति भयो। जुन देशको कूल ग्राहस्थ उत्पादनको १ दशमलव ३८ प्रतिशत र चालु आर्थिक वर्षको ४ दशमलव तीन शुन्य प्रतिशत हो। *(राष्ट्रिय योजना आयोग, २०८२)*

नेपाल सरकार, मन्त्रिपरिषद्को ०८२ असोज ५ गतेको बैठकले नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएको सार्जवजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन गर्न समिति गठन गरेको थियो। सो समितिले मङ्सिर २४ गते प्रतिवेदन सार्वजनिक गरेको थियो।

आन्दोलनका क्रममा सबैभन्दा बढी बागमती प्रदेशमा ४४ अर्ब ९३ करोड ७३ लाख रुपियाँको क्षति भएको थियो। देशभर भएको आगजनी र तोडफोडका घटनामा सङ्घीय सरकारका १ हजार १ सय २० भवन, प्रदेशका ३ सय ९, स्थानीय तहका ५ सय ५७ गरी २ हजार १ सय ३४ ओटा संरचनामा क्षति पुगेको सरकारको प्रतिवेदनमा उल्लेख छ। सङ्घीय सरकारका ८ हजार ५ सय ३१, प्रदेशका १ हजार ४ सय १८, स्थानीय तहका २ हजार १ सय ३३ गरी १२ हजार ८२ ओटा सवारी साधनमा क्षति पुगेको थियो। (राष्ट्रिय योजना आयोग,२०८२)

## सरकार परिवर्तन र राजनीतिक अस्थिरता

भदौ २३ गते सरकारले नवयुवा पुस्ता प्रदर्शनकारीमाथि गरेको अत्यधिक बल प्रयोगका कारण मारिएका प्रदर्शनकारीको मृत्युको नैतिक जिम्मेवारी प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले लिनुपर्ने दबाब बढेको थियो। भदौ २३ गते राती गृहमन्त्री रमेश लेखकको राजीनामा र सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसभित्र सरकारबाट फिर्ता आउनु पर्ने बढ्दो मतले सरकारको नेतृत्व गरिरहेका केपी शर्मा ओलीमाथि सरकारको नेतृत्व त्याग्नु पर्ने अवस्था सिर्जना भएको थियो। भदौ २३ गते राती बसेको मन्त्रिपरिषद्को बैठक पश्चात पत्रकारहरूसँग कुरा गर्दै सूचना तथा सञ्चार मन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सरकारले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता लिएको बताएका थिए। (देशसञ्चार,२०८२)

नवयुवा पुस्ताको भदौ २३ गतेको प्रर्दशनमा सरकारी दमनको विरूद्धमा भदौ २४ गते देशभर आगजनी र तोडफोडका घटना भएका थिए।

**तालिका ४.२.१  आन्दोलनका क्रममा क्षति भएका सरकारी, निजी तथा सामुदायिक भवनको विवरण**

| विवरण | क्षति भएका भवन | | | कूल | स्वामित्व | | |
|---|---|---|---|---|---|---|---|
| | पूर्ण | आंशिक | सामान्य | | आफ्नै | भाडा | अन्य |
| सङ्घ | २९४ | ६३४ | १९२ | ११२० | ९४७ | ४२ | १३१ |
| प्रदेश | ६९ | १६१ | ७९ | ३०९ | २१४ | २२ | ७३ |
| स्थानीय तह | ११७ | ३८६ | २०२ | ७०५ | ६७० | १८ | १७ |
| निजी तथा सामुदायिक | १५८ | २७३ | १०३ | ५३७ | ४३० | ९४ | १३ |
| **कूल** | **६३८** | **१४५७** | **५७६** | **२६७१** | **२२६१** | **१७६** | **२३४** |

***स्रोत**, ०८२ भदौ २३ र २४ गतेको आन्दोलन, पुर्ननिर्माण प्रतिवेदन, राष्ट्रिय योजना आयोग २०८२*

काठमाडौँमा प्रदर्शनकारीले सङ्घीय संसद भवनलाई पहिलो निशाना बनाएका थिए। जहाँ सुरक्षा संयन्त्रको नियन्त्रण प्रयासका बाबजुद भवनमा तोडफोड र पूर्ण आगलागी भएको थियो। (हिमालखबर, पंगेनी रुद्र र अहमद शमसाद २०८२)

संसद भवनमा आगजनी र तोडफोडसँगै काठमाडौँका सरकारी कार्यालय र राजनीतिक दलका नेताहरूका घरमा तोडफोड र आगजनी सुरू भएपछि प्रधानमन्त्री ओलीले मध्यान्हतिर राजीनामा बुझाउनु भएको थियो। 'नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम ०८१ असार ३१ गते प्रधानमन्त्री नियुक्त भएकोमा हाल मुलुकमा उत्पन्न असामान्य परिस्थितीलाई ध्यानमा राख्दै संविधानसम्मत राजनीतिक निकास र समस्या समाधानको थप पहलको लागि संविधानको धारा ७७(१) बमोजिम आजैका मितिबाट लागू हुने गरी प्रधानमन्त्री पदबाट राजीनामा दिएको छु'। *(प्रधानमन्त्रीको राजीनामा पत्र)*

राष्ट्रपति रामचन्द्र पौडेललाई सम्बोधन गर्दै ओलीले दिएको राजीनामा र राष्ट्रपति कार्यालय शीतल निवासमा आगजनी र तोडफोडको घटना पश्चात मुलुकमा संवैधानिक रिक्तता देखिएको थियो। जुन भदौ २७ गते पूर्व प्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त भएपछि अन्त्य भएको थियो। भदौ २४ गते प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि पनि दिनैभरि आगजनी र तोडफोडका घटना भएका थिए। २४ गते राती ९ बजे प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रलाई सम्बोधन गर्दै राती १० बजेदेखि सुरक्षाको कमाण्ड सेनाले लिने जानकारी गराएका थिए। *(नेपाली सेनाको विज्ञप्ति,०८२)*

प्रतिनिधि सभाले निर्वाचित गरेको प्रधानमन्त्रीको राजीनामा, अर्को प्रधानमन्त्री निर्वाचित गर्नुपर्ने प्रतिनिधि सभा बैठक बस्न सक्ने अवस्थामा थिएन। प्रधानमन्त्रीको नियुक्ति गर्ने अधिकार भएको राष्ट्रपति कार्यालयमा तोडफोड, आगजनी र राष्ट्रपतिको स्थिति समेत अज्ञात रहेको अवस्थामा अर्को प्रधानमन्त्री नियुक्त हुनसक्ने अवस्था थिएन।

नेपालको संविधान २०७२, ले दुई सदनात्मक सङ्घीय संसदको तल्लो सदन अर्थात प्रतिनिधि सभालाई मात्रै प्रधानमन्त्री निर्वाचन गर्ने अधिकार दिएको छ। त्यस्तै, संविधानको धारा ७६ ले प्रधानमन्त्री नियुक्तिको प्रक्रियालाई व्याख्या गरेको छ तर, नवयुवा पुस्ताको आन्दोलनपछि संविधानको उक्त प्रावधानलाई केलाएर सरकार निर्माण गर्ने अवस्था थिएन। भदौ २३ र २४ गतेको आन्दोलनरत शक्तिले प्रधानसेनापति अशोकराज सिग्देल र राष्ट्रपति रामचन्द्र पौडेलसँगको बैठकमा प्रतिनिधि सभाको विघटनलाई प्रमुख र वार्ताको सुरुवाती बिन्दु बनाएपछि २०७९ सालमा निर्वाचित भएर आएको प्रतिनिधि सभाले संवैधानिक सङ्कटलाई टार्न सकेन। संविधानले निर्दिष्ट गरेको उपाय अवलम्बन गरेर सरकार बन्ने वातावरण निर्माण भएन। राष्ट्रपति पौडेलले आन्दोलनकारी पक्षको सर्त बमोजिम पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नु भएको थियो।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री कार्कीलाई संविधानले प्रधानमन्त्री नियुक्तिका लागि कल्पना गरेको प्रावधान भन्दा फरक तर्कको सहारा लिनु परेको थियो। राष्ट्रपति कार्यालयले भदौ २७ गते जारी गरेको विज्ञप्तिमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकाङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरू सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान बमोजिम राष्ट्रपतिका अन्तर्निहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सहमतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ महिनाभित्र प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशीला कार्की, मोरङलाई नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको छ'। उल्लेख थियो। *(राष्ट्रपति कार्यालयको विज्ञप्ति,२०८२)*

गणतन्त्र स्थापना भएपछि दोस्रो संविधान सभाको निर्वाचन गराउन तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा मन्त्रिपरिषद् गठन गर्नको बेला बाहेकका अन्य निर्वाचित प्रधानमन्त्रीहरू सबै सदनबाट नै निर्वाचित भइरहेको अवस्थामा नवयुवा पुस्ताको आन्दोलनको बलबाट प्रधानमन्त्री कार्कीको नियुक्ति र पदभार ग्रहण विषम परिस्थितिलाई निश्चित संवैधानिक टुङ्गोमा पुऱ्याउनको लागि थियो भनेर तर्क गर्न सक्ने अवस्था भने रहन्छ।

**नवयुवा पुस्ताको आन्दोलन र छानविन आयोग**

नवयुवा पुस्तामाझ अभिव्यक्तिका लागि पर्याय

बनेका सामाजिक सञ्जालमाथि सरकारले लगाएको प्रतिवन्धकाविरुद्ध भएको आन्दोलनमा ७७ जनाले ज्यान गुमाएको घटना छानविन, आगजनी र तोडफोडको घटनाको सत्यतथ्य पत्ता लगाउने कार्यादेशसहित सरकारले असोज ६ गते उच्चस्तरीय छानविन आयोग गरेको गठन थियो। पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको उच्चस्तरीय जाँचबुझ आयोगमा नेपाल प्रहरीका पूर्वएआईजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य छन्। घटनाबारे अध्ययन, बयान र प्रमाण सङ्कलनका साथै सरकार पक्षबाट मारिएकाहरूलाई न्याय र राहत प्रदान गर्ने उद्देश्यसहित दोषी किटान गर्ने र कारबाहीका लागि सरकारलाई सिफारिस गर्ने आयोगको मुख्य जिम्मेवारी थियो। आयोग गठनपछि मन्त्रिपरिषद्को कात्तिक १७ गतेको निर्णय अनुसार सरकारले नवयुवा पुस्ताको प्रर्दशनका क्रममा मृत्यु भएका ४५ जनालाई जेनजी सुशासन योद्धा भनि शहिद घोषणा गरेको थियो। पीडित परिवारलाई सरकारले १० लाख रुपियाँ राहत प्रदान गरेको छ। *(नेपाल राजपत्र, २०८२)*

जाँचबुझ आयोग ऐनअन्तर्गत गठित आयोगलाई प्रतिवेदन बुझाउन ९० दिनको समय दिइएको थियो। अध्यक्ष कार्कीले आयोगले प्रमाण सङ्कलन, दोषी किटान र कारबाहीका लागि सिफारिस गर्ने बताएका थिए । असोज ८ गतेदेखि कार्य सम्पादन थालेको आयोगको म्याद पुस ९ गते नै सकिएको छ। तर, आयोगले तोकिएको समयमा मुख्य जिम्मेवारी पूरा गर्न नसक्दा आन्दोलनमा ज्यान गुमाएका परिवारका सदस्यले राज्यबाट पाउने राहत र परिपूरणको सुनिश्चितामा समेत मानव अधिकारकर्मीहरूले खबरदारीसँगै शङ्का गर्नुपर्ने वातावरण बनेको छ।

नवयुवा पुस्ताको आन्दोलनका विषयमा मुख्य जिम्मेवार व्यक्तिहरूले छानविन आयोगलाई दिएको जवाफले नागरिकको मानव अधिकारलाई सुनिश्चित गर्न सक्छ वा सक्दैन भन्ने कुरा आगामी दिनमा प्रष्ट हुनेछ। जब नागरिकप्रति सरकार जबाफदेही हुन्न त्यसपछि नागरिकले आधारभूत मानव अधिकार उपभोगबाट वञ्चित हुनुपर्ने अवस्था नवयुवा पुस्ताको आन्दोलनपछि पनि देखिएको छ।(अनलाइनखबर,२०८२)

**मानव अधिकार र प्रतिनिधिसभा निर्वाचन**

प्रधानमन्त्री सुशीला कार्कीको नियुक्तिमा राष्ट्रपतिले रामचन्द्र पौडेलले ६ महिनाभित्र निर्वाचन गराएर जिम्मेवारी हस्तान्तरण गर्न उल्लेख गर्दै कार्कीलाई प्रधानमन्त्रीमा नियुक्ति दिनु भएको थियो। सो नियुक्तिको मर्म बमोजिम कार्की नेतृत्व सरकारले ०८२ फागुन २१ गतेलाई प्रतिनिधिसभा सदस्यको निर्वाचन तय गरेर निर्वाचनको प्रक्रिया अघि बढाएको छ। नवयुवा पुस्ताको आन्दोलनपछि विकसित राजनीतिक घटनालाई सर्वोच्च अदालतमा विघटित संसदमा नेकपा एमाले संसदीय दल र विघटित प्रतिनिधि सभाको ठूलो दल नेपाली कांग्रेसले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका छन्। जुन अदालतमा विचारधीन छ।

धाकधम्की र कुनै बेइमानीबिना, कोही कसैको प्रभावमा नपरी आफ्नो मताधिकार प्रयोग गर्न पाउनु सार्वभौम नागरिकहरूको स्वतन्त्र मताधिकारसँग प्रत्यक्ष जोडिएको विषय समेत हो। प्रधानमन्त्री कार्कीले प्रतिनिधि सभा विघटन गर्न राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गर्दै फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने भनेर भनेर समेत सिफारिस गर्नु भएको थियो। संविधानको धारा २४६ बमोजिम निर्वाचन आयोगलाई संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने अधिकार दिएको छ। सोही धारामा निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्यसमेत निर्वाचन आयोगले गर्ने भनेर लेखिएको छ। (नेपालको संविधान,२०७२)

अन्तरिम सरकारको निर्णय बमोजिम निर्वाचन आयोगले ०८२ असोज ५ गतेदेखि मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गऱ्यो। लोकतान्त्रिक समाज र राज्यमा आधुनिक राजनीतिशास्त्रले निर्वाचित जनप्रतिनिधिले बनाएको कानुनले मात्रै जनतासँग कर असुल्ने र थितिले बसाल्ने अभ्यासलाई प्रोत्साहित गर्दछ। भयरहित वातावरणमा मताधिकार प्रयोग गर्न पाउनु सार्वभौम नागरिकहरूको संविधानले समेत संरक्षण गरेको अधिकार हो।

संविधानको धारा ८५ मा अगावै विघटन भएको अवस्थामा बाहेक प्रतिनिधिसभाको आयु पाँच वर्षको हुने उल्लेख छ। नवयुवा पुस्ताको आन्दोलनले तत्कालीन प्रतिनिधिसभाले आन्दोलनको माग र मर्मलाई सम्बोधन गर्न नसक्ने भन्दै प्रतिनिधिसभाको विघटनलाई मागको प्राथमिक सर्त राखेका थिए।

नवयुवा पुस्ताको भदौ २४ गतेको प्रर्दशनका क्रममा सङ्घीय राजधानीसहित देशभर आगजनी र

तोडफोड भयो। सोही मौकामा सहकारी ठगी मुद्दामा नख्खु कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने कारागारबाट निस्किएका थिए। कारागार व्यवस्थापन विभागले अवस्था गम्भीर भएको र सुरक्षा चुनौतीसमेत मूल्याङ्कन गरी रिहा गरेको लामिछानेले कारागारबाट निस्कनासाथ आफ्ना समर्थकलाई बताएका थिए। नाराबाजी गर्दै कारागारबाट लामिछाने निस्किएको भिडियो र समाचार सार्वजनिक भएसँगै देशका विभिन्न कारागारमा कैदीबन्दीले तोडफोड गरेका थिए। सुरक्षाकर्मीको काबुभन्दा बाहिर गएपछि कारागार र सुरक्षागृहबाट १४ हजार बढी कैदीबन्दी फरार भए। कैदीबन्दी भगाउने मुख्य जिम्मेवार रवि लामिछाने भएको भन्दै सामाजिक सञ्जालमा टिकाटिप्पणी भएपछि सोही दिन साँझ कारागारले नै रिहा गरेको भन्दै लामिछानेले एउटा चिठी सार्वजनिक गरेका थिए। नख्खु कारागारका प्रशासक सत्यराज जोशीले लामिछानेले सार्वजनिक गरेको चिठी प्रथम दृष्टिमै फर्जी र सरकारी किर्ते भएको बताएका थिए। (हिमालप्रेस २०८२)

नख्खुसहित देशभरका कारागारबाट कैदीबन्दी भागेपछि गृह मन्त्रालयले असोज ११ गते भागेकाहरूलाई १० दिनभित्र कारागार फर्कन समयसीमा दिएको थियो। निर्धारित समयमा कारागार नफर्किएपछि प्रचलित कानुन बमोजिम कारबाही गरिने गृहमन्त्रालयले जनाएको थियो। (गृहमन्त्रालय विज्ञप्ति, २०८२)

आन्दोलनको मौकामा देशभरका विभिन्न कारागार र सुधारगृहबाट १४ हजार १ सय ६१ जना कैदीबन्दी भागेका थिए। जसमध्ये ०८२ पुस १६ गतेसम्मको अवधिमा ४ हजार ५७ कैदीबन्दी बाहिरै छन्। (कारागार व्यवस्थापन विभाग,२०८२)

देशभरका प्रहरी कार्यालयमा तोडफोड र आगजनी हुँदा प्रर्दशनकारीबाट लुटिएका हातहतियार केही सरकारको नियन्त्रणमा आए पनि अझै धेरै हतियार प्रहरी, प्रशासनको पहुँचन्दा बाहिर छन्। निर्वाचन प्रक्रिया सुरूआत भएदेखि नै सुरक्षा संवेदनशीलता महत्त्वपूर्ण हुन्छ। निर्वाचनमा उम्मेदवारहरू स्वयम् आफ्नो वर्चस्व देखाउन निर्वाचन आचारसंहिता विपरीतका गतिविधिमा संलग्न हुने गरेको विगतका निर्वाचनमा देखिएको छ। सरकारले भयरहित, निष्पक्ष ढङ्गले निर्वाचन गराइरहेको आम मतदातालाई अनुभव भएमा मात्रै मतदाताहरू आफ्नो घरबाट मतदान केन्द्रसम्म पुग्ने देखिन्छ। मतदाताहरूले प्रत्यक्ष र परोक्षको रूपमा निर्वाचनको गाम्भीर्य र गरिमालाई अनुभव गर्न असफल भएमा निर्वाचनले ठूलो अर्थ राख्दैन। निर्वाचन हुनुमात्रै प्रमुख विषय होइन, निर्वाचनका दिन भयरहित र स्वतन्त्र ढङ्गले मतदाताले मतमेटिकामा खसालेका मतपत्रले मात्र निर्वाचनको ओज र गरिमा बढाउने गर्दछ।

**सङ्घीय सरकार र प्रदेश सरकारबीचको टकराव**

संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड निश्चित गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ। त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुन बमोजिम वितरण गर्नु पर्नेछ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ, जस्ता अधिकारलाई संविधानले साझा अधिकारका रूपमा व्याख्या र व्यवस्था गरेको छ। तर, कार्यान्वयनमा सबैभन्दा बढी सङ्घीय सरकारबाट हस्तक्षेप हुँदा सङ्घीय सरकार र प्रदेश सरकारबिच टकराव हुँदै आएको छ।

सुशीला कार्की नेतृत्वको सरकारका अर्थमन्त्री रामेश्वर खनालले पद सम्हालेको केही समयमा राष्ट्रियसभाका सांसदहरू, सात ओटै प्रदेश सभाका सदस्यहरूलाई दिइँदै आएको स्वकीय सचिवको सुविधा, प्रदेशका मुख्यमन्त्रीहरूले राख्ने गरेका सल्लाहकारका टोलीले राज्यलाई अधिक आर्थिक भार सिर्जना गरिरहेको भन्दै उक्त पद सिर्जना गरेको व्यक्तिहरूलाई पदमुक्त गर्न र त्यस्ता पदहरू खारेज गर्न ०८२ असोज ५ गते पत्राचार गर्नु भएको थियो। उक्त निर्णय स्वीकार गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आफ्नो सचिवालयका व्यक्तिहरूलाई पदमुक्त गर्नु भएको थियो भने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सङ्घीय अर्थ मन्त्रालयले गरेको निर्णय स्वीकार गर्न प्रदेश सरकार बाध्य नभएको भन्दै उक्त निर्णय कोशी प्रदेशमा लागु नहुने निर्णय गर्नु भएको थियो। सङ्घीय सरकारले गरेको परिपत्र विपरीत कोशी प्रदेश सरकारले ०८२ कात्तिक १६ गते ३९ जनाको अस्थायी दरबन्दी स्वीकृत गरेको थियो। (अनलाइनखबर,२०८२)

कोशीका मुख्यमन्त्री कार्कीले सो निर्णयको केही

समयपछि प्रधानमन्त्री सुशीला कार्कीले मुख्यमन्त्रीहरूसँग गर्नु भएको बैठकमा समेत उक्त निर्णयले सङ्घीय सरकारले प्रदेश सरकारको क्षेत्राधिकारमा हस्तक्षेप गरेको धारणा राख्नु भएको थियो। जसका कारण सङ्घीय सरकार र प्रदेश सरकारबिच टकराव उत्पन्न भएको देखिन्छ।

सङ्घीय सरकारले प्रदेश सरकारलाई अधिकार नदिँदा प्रदेश सरकारहरूले प्रदेश शिक्षा ऐन, प्रदेश प्रहरी गठन र परिचालनजस्ता विषयमा विमति रह्यो। नवयुवा पुस्ताको आन्दोलनका क्रममा कोशी प्रदेश सरकारले सवारीधनीले राजश्व बापत तिर्नुपर्ने करलाई छुट दिने निर्णय गरे पनि सङ्घीय सरकार मातहत रहेको यातायात व्यवस्था विभागको सफ्टवेयरमा त्यस किमिसको छुट दिने व्यवस्था नहुँदा कोशी प्रदेश सरकारले सेवाग्राहीलाई दिने भनेको छुट कार्यान्वयन नभई अलपत्र प¥यो।

**सङ्क्रमणकालीन आयोगका पदाधिकारी नियुक्ति र विवाद**

सरकारले लामो समयदेखि पदाधिकारीविहीन रहेको  बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अध्यक्षमा महेश थापा र सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा लीलादेवी गड्तौलालाई यसै वर्ष नियुक्त ग¥यो। *(इन्सेकअनलाइन, २०८२)*

१० वर्ष लामो सशस्त्र द्वन्द्व र शान्ति सम्झौतापछिका १९ वर्ष गरी नेपालको सङ्क्रमणकालीन न्यायको विषय २९ वर्षयता अलपत्र छ। विस्तृत शान्ति सम्झौतापछि हतियार सरकारलाई बुझाएर सक्रिय राजनीतिमा प्रवेश गरेको तत्कालीन माओवादी पटकपटक सरकारमा पुगेको छ। द्वन्द्व पीडितका मुद्दालाई सधैं राजनीतिक सौदाबाजी बनाउने परिपाटीले पीडित परिवारको न्याय, परिपूरण र क्षतिपूर्तिको विषय अझै सुनिश्चत हुन सकेको छैन। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको समितिले सिफारिस गरेका नामलाई मन्त्रिपरिषद्ले अनुमोदन पूर्णता दिए पनि द्वन्द्व पीडितहरूले भने पदाधिकारी नियुक्तिमा राजनीतिक भागबण्डा भएकाले न्याय पाउने विषय सुनिश्चित हुन नसकेको भनी विरोध जनाउँदै आएका छन्। ‘विधि प्रक्रिया र मापदण्ड मिचेर तेस्रोपटक पनि दलीय भागबण्डा र नेताको खल्तीबाट गठित र राजनीतिक नेतृत्वबाट नियन्त्रित सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तत्काल खारेज गर’ भन्दै विरोध जनाए। *(अनलाइनखबर,२०८२)*

सङ्क्रणमकालीन न्यायको विषय गम्भीर र जटिल भएकाले आयोगमा रहने पदाधिकारीका विषयमा इन्सेकले समेत सरकारको ध्यानार्षण गरायो। दुवै आयोगमा राजनीतिक आग्रह पूर्वाग्रह भन्दा पनि सक्षम पदाधिकारी हुनुपर्ने र १९ वर्षयता न्यायको प्रतीक्षामा रहेको द्वन्द्व पीडित परिवारलाई न्याय दिलाउनु पर्ने विषयमा खबरदारी गरिएको थियो। *(इन्सेक अनलाइन, २०८१)*

सशस्त्र द्वन्द्वको अवधिमा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादती घटनाका दोषीमाथि कारबाही गरी पीडित परिवारलाई न्याय दिलाउने विषय राज्यको प्राथमिकतामा नपर्नुले मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा राज्य उदासिन भएको प्रष्ट हुन्छ।

सङ्क्रमणकालीन न्यायका मुद्दामा पीडित परिवार न्याय पाउने आशामा १९ वर्षयता सरकारको बाटो हेरिरहेको छ। सरकारले द्वन्द्वकालीन घटनाका पीडितलाई न्याय, क्षतिपूर्ति र परिपूरणको व्यवस्था ६० दिन गर्ने भनि शान्ति सम्झौता गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। जसका कारण सरकार मानव अधिकारका सवालमा गम्भीर नभएको पुष्टि हुन्छ। शान्ति सम्झौतापछिका १९ वर्षको अवधिमा मानव अधिकार संरक्षण, संवर्द्धन र प्रर्वद्धनका लागि नेपालले अन्तर्राष्ट्रियस्तरमा अनुमोदन गरेको विषय प्रभावहीन हुँदै आएको छ। शान्ति सम्झौतामा उल्लेख गरिएका र राज्यले सम्बोधन नगरी नहुने विषयमा समेत सरकार उदासिन छ। सङ्क्रणकालीन न्यायको विषयसँगै भिडभाडयुक्त कारागारमा उचित समयमा उपचार नपाउँदा कैदीबन्दीको मृत्यु भएको अवस्था, बालबालिकाबिच वयस्क राखिएको बाल सुधारगृहको अवस्था, जातीय विभेद, पिछाडि पारिएका सीमान्तकृत वर्गको अवस्था, शिक्षा, स्वास्थ्यजस्ता विषयमा राज्यले सम्बोधन गर्न अबेर भइसकेको छ। नेपालका नागरिक आधारभूत मानव अधिकारबाट वञ्चित हुनु परेको विषयमा पटकपटक संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्बाट प्राप्त सुझावहरूको उचित सम्बोधन नहुनुले नेपाल सरकार मानव अधिकारप्रति कति जिम्मेवार छ ? भन्ने कुरामा विश्व समुदायले बारम्बार सचेत गराउनु परेको छ। कानुन, न्याय तथा मानवअधिकार समितिले संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा नेपाल सरकारले मानव अधिकार संरक्षणका लागि गरेका कानुनी व्यवस्थाका

बारेमा विवरण पेस गरे पनि त्यहाँबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गराउने विषयमा सरकार गम्भीर एवम् जिम्मेवार नहुने परिपाटीले नेपालको मानव अधिकार सुधार हुनुपर्ने भन्दा कमजोर हुँदै गएको छ।

द्वन्द्वकालीन घटनाका ६३ हजार ७ सय १७ ओटा उजुरी सरकारद्वारा गठित आयोगमा छन्। (सत्य निरूपण तथा मेलमिलाप आयोग, २०८२) ती उजुरीमाथि कहिले र कसरी कारबाही भएर पीडितले न्याय पाउने हो त्यसको जवाफ न सरकारसँग छ न आयोगका दुवै पदाधिकारीसँग नै। सशस्त्र द्वन्द्वका समयमा राज्य पक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गम्भीर प्रकतिका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना भएका छन्। (इन्सेक अनलाइन, २०८२)

सत्य निरूपण तथा मेलमिलाप आयोगले समयमा र प्रभावकारी ढङ्गले काम नगर्दा द्वन्द्व पीडितले न्याय प्राप्तीका लागि अझै कति लड्नुपर्ने हो त्यसको सहजै अनुमान लगाउन सकिँदैन।

**मानव अधिकार र दण्डहीनताको अवस्था**

मानव अधिकार र न्यायालय एक अर्काका परिपूरक हुन्। राज्यबाट मानव अधिकार उल्लङ्घन वा ज्यादती भएको खण्डमा अदालतले पीडितलाई न्याय र मानव अधिकारको प्रत्याभूति दिलाउनु न्यायालयको प्राथमिक जिम्मेवारी हो। न्यायालय सक्रिय हुँदामात्र दण्डहीनताको अन्त्य हुन्छ। तर, नेपालमा दण्डहीनताले प्रश्रय पाएका कारण नागरिकले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा न्यायबाट विमुख हुनुपरेको छ। (सेतोपाटी, २०८१)

न्यायालयलाई राजनीतिक दलको प्रभावमा पारेर दण्डहीनतालाई प्रश्रय दिने आरोप लाग्दै आएको नेपालको न्याय प्रणालीमा नवयुवा पुस्ताको आन्दोलनपछि गठित नागरिक सरकारले समेत दण्डहीनतालाई अझ मलजल गरेको देखिन्छ। न्यायालय प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित भए खोटो सिक्का नचले झैँ नागरिकले राज्यबाट मानव अधिकारको प्रत्याभूति पाउनु कल्पनाभन्दा बाहिरको कुरा हुन्छ। नवयुवा पुस्ताको दबाबमा प्रधानमन्त्री सुशीला कार्कीले संविधानले गरेको व्यवस्था भन्दा बाहिर गएर २१ वर्ष उमेर पूरा भएको व्यक्ति राजनीतिमार्फत राष्ट्रको प्रमुख बनाउन सहज हुने गरी गरेको सम्झौताले आगामी दिन दण्डहीतनालाई अझ प्रश्रय पुग्ने देखिन्छ। *नवयुवा पुस्ताका प्रतिनिधि र प्रधानमन्त्री सुशीला कार्कीबिच २४ मङ्सिरमा भएको सम्झौतामा भदौ २३ र २४ गते आन्दोलनका गतिविधिमा सहभागी भएकै कारण कसैलाई पनि फौजदारी अनुसन्धान र अभियोजन नगरिने सर्तमा भएको सम्झौताले दण्डहीनतालाई अझ संस्थागत गरेको छ।* (अनलाइनखबर,२०८२)

नवयुवा पुस्ताको आन्दोलनका क्रममा भएको घटना बारे अध्ययन, बयान र प्रमाण सङ्कलन आदिका विषयमा छानविन आयोग खरो सावित नभएको खण्डमा नेपालमा बढ्दो दण्डहीनताका कारण नेपालमाथि अन्तर्राष्ट्रियस्तरबाट बढ्ता निगरानी हुने निश्चित प्राय छ। (दाहाल फणीन्द्र, २०८२)

सरकारले दण्डहीनतालाई मलजल गरेको विषयले नेपालको मानव अधिकार सुधार भन्दा खराबतिर उन्मुख भएको अर्थ लगाउन सकिन्छ। जसको ज्वलन्त उदाहरण, महान्यायाधिवक्ताको कार्यालयले डिम्ब तस्करीमा मुद्दा नचलाउने गरेको निर्णय हो। संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा समान हकको प्रत्याभूति उल्लेख गरेको छ। राज्यलाई सार्वजनिक स्वास्थ्य, मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चितता गर्ने संवैधानिक दायित्व तोकेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा २ मा मानव वेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०७५ को विपरीत हुने गरी महान्यायधिवक्ताको कार्यालयले डिम्व तस्करीमा मुद्दा नचलाउन गरेको निर्णयले महिला अधिकार र बालअधिकारको उल्लङ्घन गरेको छ। जसका कारण डिम्ब तस्करहरूले छुट पाएका छन् भने पीडित अझ पीडित हुनु परेको छ (राई विद्या,२०८२) ।

**मानव अधिकारका मुद्दा सिफारिस र कार्यान्वयनमा सरकारको जवाफदेहिता**

व्यक्तिको स्वतन्त्रता र जीवनको सुरक्षा मानव अधिकारको आधार हो। तर, तिनै स्वतन्त्रता र जीवनको आधारसँग प्रत्यक्ष जोडिएको द्वन्द्वकालीन मुद्दाका दोषीलाई कानुनको कठघरामा उभ्याएर पीडितलाई न्याय दिलाउनले काम सरकारले गर्न सकेको छैन। त्यसपछि भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा समेत दोषीलाई कारबाही गरिएको छैन। मानव अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि संवैधानिक निकायका हैसियतले राष्ट्रिय मानव अधिकारले हरेक वर्ष कारबाहीका लागि सरकारलाई सिफारिस गर्दै आएको छ। तर, सिफारिस कार्यान्वयन

कहिल्यै भएको छैन। आयोगले ०८१/०८२ मा परेका उजुरी, उजुरीउपर भएका छानविन, अनुसन्धान तथा अनुगमनका गरी राष्ट्रपतिलाई प्रतिवेदन बुझाएको छ। यस वर्ष आयोगमा मानव अधिकारसम्बन्धी उल्लङ्घनका १ सय ५ ओटा उजुरी परेका थिए। जसमध्ये आयोगले ४९ ओटा उजुरीगत र आठ ओटा नीगिगत सिफारिस गरेको छ। सात जना पीडित तथा पीडित परिवारका नाममा ४७ लाख ७२ हजार ४ सय ८९ रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरेको छ। तर, त्यसको कार्यान्वयन नहुँदा वर्षेनी आयोगले कारबाहीका लागि सिफारिस मात्र गर्ने नियमित तालिकाजस्तो मात्रै भएको छ। जसका कारण सरकार नै मानव अधिकार प्रत्याभूति दिलाउन गम्भीर नभएको देखिन्छ। (राष्ट्रिय मानव अधिकार आयोग,२०८२)

**स्वच्छ वातावरणको हक र जलवायु न्याय**

विश्व स्वास्थ्य सङ्ठनका अनुसार विश्वमा प्रत्येक वर्ष वायु प्रदूषणका कारण ७० लाख मानिसको मृत्यु हुन्छ। नेपालमा मात्र वार्षिक ४२ हजार बढी नेपालीको मृत्यु वायु प्रदूषणका कारण हुने गरेको छ । गत चैत २८ गते काठमाडौंको वायु प्रदूषणको स्तर विश्वमा सबैभन्दा बढी अस्वस्थकर अवस्थामा पुगेको थियो। (एअर क्वालिटी इन्डेक्स,२०८१)

वायु प्रदूषणले फोक्सो, मुटु रोग, मस्तिष्क रोग, श्वासप्रश्वास र रक्तनलीसँगै सम्पूर्ण शरीरमा नै असर गर्ने चिकित्सकको भनाइ छ। जसका कारण स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको विपरित हाम्रो देशमा वार्षिक ४२ हजार नागरिक वञ्चित हुनु परेको छ। (खबरहब,२०७९)

स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार अर्थात जीवनको अधिकारलाई आधारभूत मानव अधिकार मानिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार प्रदान गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवन जिउने हक प्रदान गरेको छ। स्वच्छ र स्वस्थ वातावरण नै मानव जीवनको पहिलो आधार हो। संविधानले धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा व्यवस्था एमव् व्याख्या गरेको छ। पर्यावरण स्वच्छ राख्न वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ निर्माण भई लागु भएको छ। तर, सङ्घीय राजधानीका २९ लाख ९६ हजारसहित देशभरका २ करोड ९१ लाख ६३ हजार ५ सय ८७ जना नेपाली फोहोरमैला एवम् धुवाँ धुलोका कारण स्वच्छ वातावरणको अधिकारबाट वञ्चित हुनु परेको छ। सरकारले वातावरणीय प्रभाव मूल्याङ्कन बिना जथाभावी उद्योग सञ्चालनको अनुमति दिँदा समस्या दिनप्रतिदिन बढ्दै गएको छ।

वातावरण र मानव जीवनको पारस्परिक सम्बन्धलाई दृष्टिगत गरेर वर्तमान विश्वमा स्वच्छ वातावरणको हकलाई मानव अधिकारको रूपमा स्वीकार गरेको पाइन्छ। संसारका धेरै मुलुकहरूले आफ्नो देशको संविधानमा स्वच्छ तथा स्वस्थ वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी वातावरण संरक्षण सम्बन्धमा कानूनी र संस्थागत संयन्त्रको निर्माण गरेका छन्। हाम्रो देशमा पनि प्रत्यक्ष र अप्रत्यक्षरूपमा कैयन् कानुनमा वातावरण संरक्षणसम्बन्धी व्यवस्था छ। विशेष कानुनको रूपमा वातावरण संरक्षण ऐन, २०५३ जारी भई ऐनका प्रावधानहरूको कार्यान्वयनको लागि कार्यविधिगत व्यवस्थासहितको वातावरण संरक्षण नियमावली, २०५४ समेत निर्माण भएको छ। सो ऐनमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन मात्र भए संविधानले व्यवस्था गरेको स्वच्छ वातावरण हक नागरिकले प्रत्याभूति गर्ने अवस्था हुने थियो।

विश्वका धनी राष्ट्रले अत्यधिक मात्रामा गरेको कार्बन उत्सर्जनको मूल्य नेपालजस्ता गरिब राष्ट्रले प्राकृतिक विपत्का घटनाबाट चुकाउनु परेको छ। कार्वन उर्त्सजनको प्रभाव सिङ्गो पृथ्वीमा भएका कारण जलवायु परिर्वतन आज विश्वका लागि सबैभन्दा चुनौतीपूर्ण बनेको छ। यस वर्ष पूर्वी नेपालदेखि पश्चिम नेपालसम्म प्राकृतिक विपत्का घटना अत्यधिक भएका थिए। पूर्वी नेपालको इलाममा असोज १७ गतेदेखिको २४ घण्टाको अवधिमा ३९ जना नागरिकले बाढीपहिरोका कारण ज्यान गुमाएका थिए। ०८१ वैशाखदेखि पुसम्मको अवधिमा देशभर बाढीका ३ सय १६ घटनामा ३ हजार ३ सय ४ जना नागरिक पीडित हुनु परेको थियो। सोही अवधिमा पहिरोका ४ सय २७ घटनामा १ हजार ५ सय ६३ जना प्रभावित भएका थिए। भारी वर्षाका ४ सय २७ घटनामा १ हजार १३ जना पीडित भएको तथ्याङ्कले देखाउँछ। (*राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,२०८२)*

जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक असर र त्यसको न्यूनीकरणको भारका साथै जलवायु

परिवर्तनसँग जुध्ने जिम्मेवारीसमेतको न्यायपूर्ण विभाजन, उचित साझेदारी र समतामूलक वितरण हुनु पर्दछ भन्ने मान्यता जलवायु न्याय हो। जलवायु न्यायले मुलुकहरूको ऐतिहासिक जवाफदेहिता, मुलुकहरूबिचको जलवायुजन्य सङ्कटापन्नताको फरकपना, आर्थिक प्रभाव, मानव अधिकार तथा विश्व अन्तर आबद्धताजस्ता विषय समेटेको हुन्छ। जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपत्को जोखिममा छन्। वार्षिक ३ लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेका छन्।

**प्राकृतिक विपत् र सरकारको क्रियाशीलता**

जलवायु परिर्वतनको बदलिँदो प्रभावसँगै प्राकृतिक विपत्का घटनामा निकै वृद्धि भएको छ। मौसमविद् भुषण तुलाधारका अनुसार समयमा वर्षा नहुनु र अत्यधिक वर्षा हुनुलाई जलवायु परिर्वतनको सङ्केत मानिन्छ। पूर्वी नेपालको इलाममा यस वर्ष अत्यधिक वर्षासँगैको पहिरोले ३९ जनाको ज्यान लिएको छ। (*अनलाइनखबर, २०८२*) मधेश प्रदेशमा डुवान भएका कारण जनजीवन प्रभावित भएको थियो भने बर्दियामा बाढीपहिरोका कारण जनजीवन अस्तव्यस्त भएको थियो।

प्राकृतिक विपत्का घटना अघि उद्धार, राहत र पुर्नस्थापनाका कार्य सबैभन्दा पहिले गर्नुपर्ने हुन्छ। तर, हाम्रो देशमा समय बितिसकेपछि थालनी गरिने उद्धारलगायतका कार्य सधैँ प्रभावहीन हुँदै आएका छन्। गृहमन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत विपत् व्यवस्थापन पूर्व तयारीका कार्यक्रममा बेलामा सञ्चालन नगर्दा बर्षेनी विपद्का घटनामा जनधनको क्षति भइरहेको छ। ०८२ जेठ २८ गतेदेखि पूर्वी नेपालबाट प्रवेश गरेको मनसुनजन्य विपद्का घटनामा यस वर्ष १२ अर्ब रुपियाँ बराबरको सडक, पुललगायतका संरचनामा क्षति पुगेको छ। (*अनलाइनखबर २०८२*)

सङ्घीय सरकारले जलवायु परिवर्तन र विपत् व्यवस्थापन भनी आर्थिक वर्ष ०८१/०८२ को बजेटमा उल्लेख गरे पनि विनियोजन गरेको बजेट नै उल्लेख छैन। प्राकृतिक विपत्जन्य घटनामा जोखिमका हिसाबले नेपाल विश्वकै चोथौ स्थानमा छ। तर, सङ्घीय सरकारले विपत् व्यवस्थापन र प्रतिकार्यका लागि बजेट नै विनियोजन छुट्याएको छैन। जसका कारण प्राकृतिक विपत्जन्य घटनामा प्रभावित नागरिकहरूले सरकार हुनुको महसुस गर्न पाएका छैनन्। विपत्का घटनामा सरकार आँफै जिम्मेवार भएर अघि बढ्नुपर्नेमा रेडक्रसलगायतका सामाजिक संघसंस्थाप्रति भर पर्नुपर्ने अवस्थाले सरकारले नागरिकको जीवनसँग खेलवाडको देखिन्छ।

**आधारभूत मानव अधिकारका सवाल**

मानिसले मानिस भएकै कारण पाउने अधिकार मानव अधिकार हो। मानव अधिकारलाई जन्मसिद्ध अधिकार वा नैसर्गिक अधिकार पनि भन्छन्। पोषिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, सबैसरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्ति स्वतन्त्रता पाउनु, आफूलाई असर पर्ने विषयको निर्णय गर्ने प्रक्रियामा सहभागी हुन पाउनु, पेशा तथा रोजगारी छनौट स्वतन्त्रता आदि मानिसका आधारभूत अधिकार हुन्। संविधानले ३१ ओटा मौलिक हकहरूको व्यवस्था गरेको छ। तर, न्यूनतम मानव अधिकारका सवाल समेत सम्बोधन हुन सकेका छैनन्। अझै पनि शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारीजस्ता आधारभूत अधिकारबाट नागरिक वञ्चित हुनु परेको छ।

नेपालमा मानव अधिकारको सवाल सबैभन्दा जटिल र टड्कारो विषय हो। औषधि र समयमा उचित उपचार नपाएका कारण सयौँले ज्यान गुमाउने गरेका छन्। (अनलाइन खबर,२०८२)

अदालत वा न्याय निरूपण गर्ने निकायबाट कसुरदार ठहर भएका व्यक्तिहरूलाई सजायसँगै सुधारका लागि सरकारले कारागारलाई सुधारगृह भनेको छ। तर, कारागारमा आवश्यक न्यूनतम मानव अधिकारको उपभोग कैदीबन्दीले प्रत्याभूत गर्न पाएका छैनन्। धनुषा, बारा, भक्तपुर, पूर्वी नवलपरासी र पूर्वी रुकुम गरी पाँच ओटा जिल्ला बाहेक ७२ ओटा जिल्लामा ७४ ओटा कारागार कार्यालयहरू छन्। कारागारको क्षमता १४ हजार ८ सय ६ जनाको छ। कारागारमा २५ हजार भन्दा बढीलाई राखिएको छ। अधिकांश कारागारमा क्षमता भन्दा तीन गुणा कैदीबन्दी छन्। भिडभाडयुक्त कारागार भएका कारण कैदीन्दी आधारभूत मानव अधिकारबाट वञ्चित छन्। क्षमता भन्दा बढी कैदीबन्दी राखिएका कारण कारागारमा कैदीबन्दीबिच झडप, कुटपिट सामान्य घटना भइसकेका छन्। ७४ ओटा कारागारमा केन्द्रीय

कारागारमा ११ औँ तहका एक जना, आठौँ तहका दुई जना र जिल्ला कारागारहरूमा अहेव ५० जना र स्वास्थ्य सहायक आठ जना गरी ६१ जना स्वास्थ्यकर्मीको दरबन्दी छ। औसतमा एक जना स्वास्थ्यकर्मीलाई ४ सय ४२ जना कैदीबन्दीको स्वास्थ्य जाँच गर्नुपर्ने बाध्यता छ। यस वर्ष मात्र कोशी प्रदेशमा २६ र अन्य प्रदेशमा १३ गरी ३९ जना कैदीबन्दीको ज्यान गएको छ। त्यसरी ज्यान गुमाउने अधिकांशले समयमा उचित र उपयुक्त उपचार नपाएको हुन सक्ने देखियो। स्वास्थ्यकर्मी सुगम क्षेत्रमा रहेका कारागारमा मात्र बस्न रुचाउने गरेका कारण अधिकांश कारागारका कैदीबन्दी आधारभूत स्वास्थ्य अधिकारबाट समेत वञ्चित छन्।

**शिक्षा र स्वास्थ्यको अधिकार**

संविधानले शिक्षा, स्वास्थ्य, रोजगारीलगायत ३१ ओटा हकलाई मौलिक हकका रूपमा व्यवस्था गरे पनि तिनको कार्यान्वियन चुनौती पूर्ण छ। सरकारले स्वास्थ्यलाई आधारभूत मौलिक हक भनेको छ। नागरिकको आधारभूत स्वास्थ्य अधिकारका लागि सरकारले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको छ। तर, स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी नभएका कारण अधिकांश सो कार्यक्रमभन्दा बाहिर छन्।

बीमितहरूले सरकारी स्वास्थ्य संस्थामा उपचार पाउन निकै कठिन छ। अधिकांश औषधि बिमाले भरण नगर्ने र किन्नुपर्ने बाध्यताकारी अवस्थामा बीमितहरू छन्।

नाागरिक तथा राजनीतिक अधिकारपछि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार नागरिकका जीवनयापनका आधार अधिकारहरू हुन्। तर, तिनको प्रत्याभूति भएको छैन। रोजगारी माग गर्दै सरकारी अड्डामा धर्नामा बस्नु पर्ने अवस्था नागरिकको छ। सरकारले नि:शुल्क सार्वजनिक शिक्षा भने पनि विद्यालयमा शुल्क बुझाउन नसकेर सीमान्तकृत समुदाय र पिछाडि पारिएको समुदायका बालबालिका अहिले पनि विद्यालय बाहिर छन्। आर्थिक रूपले सम्पन्नहरूले उपचार पाउने तर गरिबीको रेखामुनि रहेको नागरिकले उपचार नपाउने अवस्था छ।

**निष्कर्ष**

सन् २०२५ नागरिक तथा राजनीतिक अधिकारका दृष्टिले नेपालको मानव अधिकार अवस्था संवदेनशील रह्यो। सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसकेको आरोप लगाएर नवयुवा पुस्ता सामाजिक सञ्जाल हुँदै सडकमा निस्कियो। नवयुवा पुस्ताले सरकारको आलोचना र अभिव्यक्ति स्वतन्त्रताको पर्याय बनाएको सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णयका कारण सङ्घीय राजधानी सहित देशभर हिंसात्मक प्रर्दशन भयो। नवयुवा पुस्ताको आन्दोलनमा सरकारले अत्यधिक बल प्रयोग गरेका कारण नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घन भयो। दुई दिनको आन्दोलनमा ७७ जनाको मृत्यु भयो। जसका कारण नागरिक तथा राजनीतिक अधिकारको विषयमा नेपालको मानव अधिकारको अवस्था अन्तर्राष्ट्रिय चासोको विषय बन्यो। देशको प्रमुख प्रशासकीय भवन सिंहदरबार, राष्ट्रपति कार्यालयलगायत देशभरका भौतिक संरचनाको भएको क्षतिमा ८४ अर्ब रुपियाँ बढीको क्षति भयो।

**सुझावहरू**

१. नवयुवा पुस्ताको आन्दोलनमा शहिद भएका परिवारका सदस्यलाई परिपूरण, दोषीलाई कारबाही र घाइतेको उपचार सरकारले गर्ने कार्य सुनिश्चित गरिनु आवश्यक छ।

२. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, पक्ष राष्ट्रका रूपमा अनुमोदन गरिएका मानव अधिकारसम्बन्धी महासन्धिप्रति राज्य जिम्मेवार हुन आवश्यक छ।

३. संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि राज्य जिम्मेवार हुनु पर्छ।

## सन्दर्भ सामग्री


एम्नेष्टी इन्टरनेशनल (२०८२ मङ्सिर २२ गते) *सन्दर्भ नेपाल: "हामी त्यहाँ आवाज उठाउन गएका थियौं, मारिन होइन": प्रदर्शनकारीहरूमाथि नेपालको घातक दमन,* https://www.amnesty.org/en/documents/asa31/0529/2025/en

ल कमिसन नेपाल, (२०३२), *नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,* https://lawcommission.gov.np/content/12363/12363-international-covenant-on-civi/

*राष्ट्रिय मानव अधिकार आयोग, (२०८२ भदौ २०), सामाजिक सञ्जाल बन्द गर्ने निर्णयमा पुनर्विचार गर,* https://nhrcnepal.org/press_release/detail/837

देशसञ्चार (*२०८२ भदौ २३) खुल्यो सामाजिक सञ्जालमाथिको प्रतिबन्ध,* https://deshsanchar.com/2025/09/08/1090047/

पंगेनी रुद्र र अहमद शमसाद (२०८२ पुस २८) भदौ २४ आगजनी : ४० घण्टासम्म शीतल निवास जलिरह्यो, एउटै दमकल गएन निभाउन, https://www.himalkhabar.com/144751/gen-z-protest-kathmandu

बीबीसी नेपालीसेवा, (२०८२ भदौ २४), प्रधानमन्त्री केपी शर्मा ओलीले दिए पदबाट राजीनामा, https://www.bbc.com/nepali/articles/cn0x89rq9wdo

अनलाइनखबर, (२०८२ पुस ६), बयान दिन्नँ, गोली ठोके हुन्छ : केपी शर्मा ओली, https://www.onlinekhabar.com/2025/12/1833192/if-you-dont-give-a-statement-you-will-be-

*हिमालप्रेस (२०८२ भदौ २७) रवि बाहिरिँदाको पत्र 'नक्कली', सम्पर्कमा आउन कारागारको अनुरोध,* https://himalpress.com/2025/09

(कारागार व्यवस्थापन विभाग (२०८२ पुस) २०८२ पुस महिनाको मास्केवारी, https://dopm.gov.np/content/105/2082-maskewari-of-the-month-of-january/

अधिकारी हरि, (२०८२ कार्तिक १६), संघको परिपत्रविपरीत कोशी प्रदेशले स्वीकृत गऱ्यो ३९ अस्थायी दरबन्दी), https://www.onlinekhabar.com/2025/11/1794352/koshi-province-approves-39-

शिलापत्र, (२०८२ वैशाख ३१), *सत्य निरुपण र बेपत्ता आयोगमा पदाधिकारी नियुक्त (सूचीसहित),* https://shilapatra.com/detail/160548

आले चन्द्रबहादुर (२०८२ मङ्सिर ५), सत्यनिरुपण आयोगमा द्वन्द्वपीडितको धर्ना, पदाधिकारीको राजीनामा माग, https://www.onlinekhabar.com/2025/11/1808632/conflict-victims-stage-sit-in-

(इन्सेक अनलाइन,२०८१) *कोशी प्रदेशमा सङ्क्रमणकालीन न्याय निगरानी समिति गठन।* INSEC Online. https://inseconline.org/main_news/77317/

(सत्य निरूपण तथा मेलमिलाप आयोग, २०८२) https://trc.gov.np/

इन्सेकअनलाइन, (२०८२ पुस २३), *अत्यधिक बल प्रयोग घटनाको भर्त्सना: इन्सेक,* https://inseconline.org/press-release

(सेतोपाटी, २०७७ चैत २९), फुजेल हत्याकाण्डका १२ जनालाई सफाइ दिने जिल्ला अदालतको निर्णय उच्चद्वारा सदर, https://www.setopati.com/social/234242

(अनलाइनखबर,२०८२ मङ्सिर २४ गते), यस्तो छ सरकार-जेनजी सम्झौता (पूर्णपाठ), https://www.onlinekhabar.com/2025/12/1825166/this-is-the-government-genji-agreement-full-text

दाहाल फणीन्द्र (२०८२ मङ्सिर १८), जेन-जी आन्दोलन: 'अत्यधिक बल प्रयोग'बारे आरोपितले भोग्नसक्ने अन्तर्राष्ट्रिय प्रतिबन्ध, https://www.bbc.com/nepali/articles/c62d9e9ld40o

राई विद्या, (२०८२ भदौ १०), नेपालमा पनि छिऱ्यो डिम्ब तस्करी : पीडितलाई सम्बोधन गर्ने कानून नै छैन, https://www.himalkhabar.com/144656/ivf

बस्नेत, पुस्पाञ्जली (२०७९ फागुन ४), वायु प्रदूषणका कारण हरेक वर्ष नेपालमा ४२ हजारको मृत्यु हुन्छ, https://khabarhub.com/2023/16/477587/

इन्सेक, (२०८१) नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५, https://inseconline.org/human-rights-year-book-2025/

*(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,२०८२)* https://ndrrma.gov.np/np/daily-bulletin/2069

अनलाइन खबर, *(२०८२, वैशाख २), उपचार नै नपाएर भन्दा 'झुर उपचार'ले धेरैको मृत्यु,* https://www.onlinekhabar.com/2025/04/1662659/more-people-die-from-mistreatment-than-

*अनलाइनखबर, (२०८२, आसोज १९), इलामको आर्तनाद : भीषण पहिरोले एकैदिन लग्यो ३७ को ज्यान,* https://www.onlinekhabar.com/2025/10/1776664/ilams-cry-massive-landslide-claims-37-lives-in-a-single-day

*अनलाइनखबर, (२०८२ असोज २२), बाढीपहिरोबाट क्षति पुगेका सडक पुनर्निर्माणमा १२ अर्ब लाग्ने अनुमान,* Online Khabar. https://www.onlinekhabar.com/2025/10/1777962/it-is-estimated-that-it-will

परिच्छेद

४

# ४.३ राज्य र मानव अधिकार

## व्यवस्थापिका

प्रतिनिधि सभा विघटन

संसदीय सर्वोच्चता र ह्वीप

अध्यादेश, संसद छल्ने परम्पराको निरन्तरता

संसदीय समितिको भूमिका

संसदीय विशेष छानविन समिति

## भूमिका

निर्वाचित प्रतिनिधिसभाले कार्य अवधि पूरा गर्न नसक्ने विगतको नियति यो संसदले पनि भोग्नुपर्‍यो। २०४६ सालको जनआन्दोलन र २०४८ सालमा भएको संसदीय निर्वाचनपछि गठित संसददेखि २०७९ सालमा गठित प्रतिनिधि सभाले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्न सकेनन्। गत भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलन र त्यसपछि करिब तीन दिन कायम सरकारविहीन अवस्थामा संसद विघटनलाई बटम लाइन मानियो। जननिर्वाचित प्रधानमन्त्रीले २०८२ भदौ २४ गते राजीनामा दिइसकेपछि संसद विघटनको माग अकस्मात आयो। राष्ट्रपतिले भदौ २७ गते नियुक्त गर्नुभएको प्रधानमन्त्री सुशीला कार्कीले भदौ २७ गते मध्यराती संसद विघटनको निर्णय गर्नुभयो। योसँगै करिब दुई वर्ष कार्यकाल बाँकी रहेको संसद विघटन भयो। सिद्धान्ततः शक्ति सन्तुलनलाई संविधानले आत्मसात गरेको भए पनि व्यवहारमा व्यवस्थापिका सधैँ कार्यपालिकाको छायाँको रूपमा नै रहन पुग्यो। नेपालको संविधान बमोजिम जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्ने थलो सधै कार्यपालिकाको छायाको रूपमा रहनु संसदीय व्यवस्थाका लागि सुखद् कुरा होइन। संसद विघटन भए पनि पदमा कायम रहेका सभामुखले यसबारेमा प्रष्ट धारणा बनाउन सकेनन्। नेपालको संविधान अनुसार प्रधानमन्त्रीले राजीनामा दिएपछि अर्को प्रधानमन्त्री चयन गर्न संसद नै चाहिन्छ। आन्दोलनकारीको निशानामा परेको संसद भवन नभएको भए पनि अनलाइन बैठकको आयोजना गरी संसद जीवित रहेको सन्देश दिन सभामुख देवराज घिमिरेले सक्थे तर, सभामुखले यो भूमिका निर्बाह गर्न सकेनन्। सिद्धान्ततः शक्ति सन्तुलनलाई संविधानले आत्मसात गरेको भए पनि व्यवहारमा व्यवस्थापिकाले सधै कार्यपालिकाको छायाको भूमिका निर्वाह गर्‍यो।

कुनै पनि दलको स्पष्ट बहुमत नहुँदा बारम्बार सत्ता परिवर्तन र अस्थिर सरकारबाट स्थिर सरकारको जनआकांक्षा अनुरूप दुई ठूला दल मिलेर अघिल्लो वर्ष सरकार गठन हुनुलाई आम नागरिकले स्थिरता, विकस र शान्तिका लागि सकारात्मक रूपमा हेरेका थिए। तर, दुई तिहाइको सरकारले संसदलाई पर्याप्त बिजनेश दिन नसक्दा संसदको प्रमुख कार्य कानुन निर्माणको विषयमा उल्लेख्य काम हुन सकेन। बहुमतको सरकार भए पनि कानुन निर्माणमा सरकारी उदासिनता कायम रह्यो। सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट लगायत आर्थिक विनियोजन विधेयकमा बाहेक अन्य अवस्थामा कानुन तर्जुमा जस्तो महत्त्वपूर्ण काम तथा संसदमा विगत लामो समयदेखि थाँती रहेका महत्वपूर्ण विधेयक पारित गराउने कार्यमा संसदले उल्लेख्य भूमिका निर्वाह गर्न सकेन। यसले पनि जनतामा निराशा थप्न सहयोग पुग्यो।

नेपालको अन्तर्राष्ट्रिय दायित्व बमोजिम तर्जुमा हुनुपर्ने कानुन तथा वर्षौंदेखि संसदमा विचाराधीन विधेयकहरू प्राथमिकताका साथ पर्याप्त छलफल गरी कानुनहरू बन्न नसेकेको अवस्था रह्यो भने विधेयकहरूलाई प्राथमिकताको साथ संसदीय समिति र संसदमा छलफलमा समेत लगिएन। मूलतः: सार्वभौम नागरिकको प्रतिनिधि संस्था संसदबाट जनआकाङ्क्षा अनुरूप कार्य हुन सकेन। जनताको दैनिक जीवनसँग सम्बन्धित आवाज बोल्ने, कार्यपालिकालाई जनउत्तरदायी र जवाफदेही बनाउनुपर्ने निकाय नै कार्यपालिकाको छायाँमा रहेको देखियो। सरकारलाई जवाफदेही बनाउने, निगरानी गर्ने निकाय प्रभावकारी नहुँदा र दुई ठूला दलले संविधान संशोधन सहित गरेका सहमति बमोजिम कार्य सम्पादन हुन नसक्दा जनतामा जागेको उत्साहलाई संसदले कायम राख्न सकेन।

सार्वभौमसत्ता सम्पन्न नागरिकको प्रतिनिधमूलक संस्था संसद यस वर्षको नवयुवा पुस्ताले गरेको आन्दोलनको तारो हुन पुग्यो। राजावादी समूहले २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा गरेको प्रदर्शनमा संसदमाथि आक्रमण गर्ने प्रयास भएको थियो भने (अन्नपूर्ण पोष्ट, २०८२) नवयुवा पुस्ताले २०८२ भदौ २३ गते गरेको शान्तिपूर्ण आन्दोलनमा भएको दमनको विरोधमा भदौ २४ गते भएको आन्दोलनको निशानामा संसद भवन पर्‍यो। प्रदर्शनकारीले संसद भवनमा गरेको आगजनी र तोडफोडका कारण संसदका महत्त्वपूर्ण सामग्री तथा सभाहल जलेर नष्ट भयो।

## परिचय

प्रतिनिधि सभामा रहेको सांसद सङ्ख्या अर्थात अङ्क गणितको कारण पटकपटक सरकार असफल भएपछि संसदका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले संविधान संशोधनको मुख्य एजेण्डामा

सहमत भई संसदको बाँकी समयको आधा आधा समय सरकारको नेतृत्व गर्ने सहमतिमा नेकपा एमालेको नेतृत्वमा सरकार बनेको भए पनि संविधान संशोधनतर्फ सरकारले कुनै पहलकदमी लिएन। सरकारको निर्माण गर्ने, कानुन बनाउने, संसदीय अनुगमन गर्ने, बजेट पारित गर्ने र संसदीय सुनुवाइ गर्ने जिम्मेवारी पाएको प्रतिनिधि सभाले यस अवधिमा जनताको आकाङ्क्षा अनुरूप उल्लेख्य काम भने गर्न सकेन। संसदको अधिकांश समय सरकार र विपक्षी दलहरूबीच आरोप प्रत्यारोप, बैठक बहिष्कार तथा बैठक अवरोधजस्ता गतिविधिहरूले जनसवाल, जनचासो तथा जनजीविकाका विषयले संसदमा कम महत्त्व पाए। मिनी पार्लियामेन्ट भनेर चिनिने संसदीय समितिहरू पनि प्रभावकारी देखिएनन्।

लामो समयदेखि अड्किएर बसेका विधेयकहरूमा पर्याप्त छलफल हुन सकेन। जसमध्ये मानव अधिकार आयोग ऐन २०६८ लाई संशोधन गर्न बनेको संशोधन विधेयक र बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयकहरू समेत रहेका थिए। प्रतिनिधि सभा बैठकमा पेश हुने विषयको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा पदेन सदस्य बाहेक बढीमा एक्काइस जना सदस्य रहेको कार्यव्यवस्था परामर्श समिति गठन गर्न सकिने व्यवस्था (प्रतिनिधिसभा नेपाल, २०८२) रहेको छ। यो समिति पनि जनताका दैनिक जीवनसँग सम्बन्धित एजेण्डा भन्दा पनि सरकार र विपक्षी दलबीचको विवाद तथा ससंदीय छानविन समिति गठन गर्ने कि नगर्ने विषयमा केन्द्रित हुन पुग्यो।

## प्रतिनिधिसभा विघटन

नेपालमा २०४६ सालपछिको इतिहास हेर्ने हो भने कार्यपालिकाको लहडमा संसद विघटन अत्यन्त सामान्य घटना हुन पुगेको छ। प्रतिनिधिसभाले संविधान बमोजिम पाँच वर्षे कार्यकाल सहज रूपमा पूरा गर्न सकेको छैन। अझ एउटै प्रधानमन्त्रीले अत्यन्त छोटो अवधिमा दुईपटक संसद विघटन गरेको र दुवै पटक सर्वोच्च अदालतबाट संसद पुनर्स्थापित भए। नवयुवा पुस्ताको आन्दोलनले यस वर्ष संसद विघटन भयो (राष्ट्रपतिको कार्यालय, २०८२)। संविधानत: प्रधानमन्त्रीको सिफारिसमा संसदको विघटन हुनुपर्ने हो। यो विघटन प्रधानमन्त्रीबाट नै भएता पनि संविधानले निर्दिष्ट गरे बमोजिम गैरनिर्वाचित प्रधानमन्त्रीको सिफारिसमा भएको यो पहिलो विघटन थियो। यद्यपि प्रतिनिधि सभा विघटन विरुद्ध सर्वोच्च अदालतमा मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

## संवैधानिक परिषद् संशोधन विधेयक विवादमा

दुई ठूला दलको सहभागितामा नेकपा एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार गठन भएता पनि संवैधानिक परिषद्मा सत्तापक्षको स्पष्ट बहुमत नभएपछि यस वर्ष सत्तारूढ दलले उपसभामुखलाई हटाउने तयारी गरेका थिए । नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरूले उपसभामुखलाई हटाउन हस्ताक्षर नै सङ्कलन सुरु गरी संवैधानिक परिषद्मा सत्तापक्षको बहुमत पुऱ्याउन (अनलाइनखबर, २०८२ भदौ ४) संवैधानिक परिषद्सम्बन्धी कानुनमा संशोधन गर्ने प्रयास सफल हुन सकेन। विशेषत: संवैधानिक निकायहरूमा योग्यता प्रणालीको आधारमा पदाधिकारी नियुक्ति गर्नुपर्ने र त्यस्तो पदाधिकारी राजनीतिक दलप्रति उत्तरदायी नभई संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुनु पर्ने नागरिक समाजको माग र आवाज विपरीत संवैधानिक निकायमा नियुक्ति हुँदै आएका छन्। बहुमतका आधारमा तथा संसदीय सुनुवाइबिना नियुक्त गरिएका संवैधानिक निकायका ५२ पदाधिकारीहरूको नियुक्ति विवादित भई सर्वोच्च अदालतमा लामो समयसम्म विचाराधीन रहेकोमा करिब साढेचार वर्षपछि मात्र संवैधानिक इजलासको बहुमतले संवैधानिक नियुक्ति सदर गरेको थियो।

## नियमित संसद अवरोध

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र .सहित विपक्षी दलहरूले भिजिट भिसा अनियमितता प्रकरणमा गृहमन्त्री रमेश लेखकसमेत मुछिएको भन्दै उनको राजीनामा माग्दै संसद अवरुद्ध गर्ने कामले निरन्तरता पायो (अनलाइनखबर, २०८२)। २०८२ जेठ १५ गते बजेट प्रस्तुत गर्न दिएका विपक्षी दलहरूले बजेटको प्रस्तुतिपछि बैठक अवरोधलाई निरन्तरता दिएका थिए। रास्वपा र राप्रपाले गरेको अवरोध तथा बहिष्कार ५८ दिन *(अनलाइन खबर, २०८२)* भन्दा बढी समय जारी

रह्यो । घुस डिल गरेको आरोप लागेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले राजीनामा दिएको तर भूमि व्यवस्था मन्त्रीले राजीनामा नदिएको विरोधमा संसदमा अवरोध, नाराबाजी र बहिष्कार जस्ता कार्य भए। संसदको अवरोध खुलाउने तथा विश्वासको मत लिने आदि उद्देश्यले आह्वान गर्ने गरिएको कार्यव्यवस्था समितिको बैठक कुनै दल विशेष अनुपस्थित हुने परम्पराले प्रभावित हुन पुग्यो *(अनलाइन खबर, २०८२)*। नियमित संसद अवरोधको कारण जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित सवालहरूमा संसदमा छलफल हुन सकेन भने अर्कोतर्फ संसदले नियमित रूपमा विधेयक उपर दफावार सुझाव संशोधन जस्ता कार्यले पनि गति लिन सकेनन्। जनप्रतिनिधिको थलोको रूपमा परिचित संसदले जनतालाई महसुस हुने र दैनन्दिनका समस्याका विषय, कार्यक्रम, कानुन तथा नीति निर्माणका काममा अवरोध हुन गयो।

**संसदीय सर्वोच्चता र ह्वीप**

प्रतिनिधसभामा ह्वीपको माध्यमबाट विधेयक पास गर्ने चलनले यस वर्ष निरन्तरता पायो। तर, सरकारले ल्याएको भूमिसम्बन्धी विधेयकको विपक्षमा सत्तारूढ दल नै रहेपछि भूमिसम्बन्धी विधेयकलाई सरकारले अध्यादेशमा रूपान्तरण गऱ्यो। केही समय अध्यादेशलाई सरकारले प्रकृयामा समेत लागेन *(अनलाइनखबर, २०८२ फागुन २०)* सरकारको नीति तथा कार्यक्रम पास गर्नसमेत सत्ता गठबन्धनले आफ्ना सांसदहरूलाई ह्वीप लगाएको थियो। नेपाली कांग्रेसले आफ्ना सांसदहरूलाई एसएमएस पठाइ अध्यादेशहरूको पक्षमा समर्थन गर्न ह्वीप लगाएको थियो *(खबर हब, २०८२)*। नेपाली कांग्रेससगँको गठबन्धनमा रहेको केपी ओलीको सरकारले लिएको विश्वासको मतमा समेत नेकपा एमालेले आफ्ना सांसदहरूलाई अनिवार्य रूपमा विश्वासको मतको पक्षमा मतदान गर्न ह्वीप जारी गरेको थियो *(खबरहब, २०८२)*। संसदीय स्वतन्त्रताको सिद्धान्त बमोजिम ह्वीपले सांसदहरूको स्वतन्त्रतालाई सीमित गरिदिएकोले राजनीतिक एजेण्डा बाहेक कानुन, नीति निर्माण जस्ता कार्यहरूमा ह्वीप लगाउनु हुँदैन भन्ने मान्यता रही आएको छ।

**संसदमा विचाराधीन विधेयक**

नागरिकतासम्बन्धी ऐनका सन्दर्भमा सधै बहस र छलफल हुँदै आएको छ। नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई राष्ट्रपतिले २०८२ असोज ५ गते प्रमाणिकरण गर्नुभयो *(राष्ट्रपतिको कार्यालय, २०८१)। त्यसैगरी,* नवयुवा पुस्तालाई यसपटकको निर्वाचनमा भाग लिन दिने उद्देश्यले मन्त्रिपरिषद्ले संशोधन गरी पठाएको मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेशलाई समेत राष्ट्रपतिले २०८२ असोज ८ गते प्रमाणिकरण गर्नुभएको थियो *(राष्ट्रपतिको कार्यालय, २०८१)* भने नेपाल विशेष सेवा (दोश्रो संशोधन) अध्यादेश २०८२ मंसिर ८ मा प्रमाणिकरण भयो *( राष्ट्रपतिको कार्यालय, २०७८)।*

विपक्षी दलहरूको व्यापक विरोध र दवावका कारण भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक यस वर्ष पारित हुन सकेन। मानव अधिकारको दृष्टिले महत्वपूर्ण रहेका मानव बेचविखन तथा ओसारपसार नियन्त्रण पहिलो संशोधन विधेयक, २०८१ र जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय) विधेयक, २०८१ पनि विधेयककै रूपमा रहे *( प्रतिनिधिसभा नेपाल, २०८२)*।

संवैधानिक परिषद् (काम, कर्तब्य र अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई पनि फास्ट ट्र्याकमा संशोधन गर्ने सरकारले तयारी गरिरहँदा प्रमुख विपक्षी दल लगायतका अन्य सांसदहरूको पनि दफावार छलफल र संसदीय समितिमा छलफल गरिनुपर्ने मागको कारण यी विधेयकहरू पारित हुन सकेनन्। नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्न, भ्रष्टाचारको कमजोर सूचकाङ्कबाट माथि उक्लन संसदले तत्काल बनाउनुपर्ने कानुनहरू पनि मस्यौदाकै रूपमा रहन पुगे।

२०७९ मंसिर ४ मा चुनाव सम्पन्न भएदेखि २०८२ भदौ २७ मा प्रतिनिधिसभा विघटन हुँदासम्मको अवधिमा २४ वटा कानुन बने। यो अवधिमा सङ्घीयता

कार्यान्वयनसँग सम्बन्धित एउटा पनि ऐन बनेनन् *(रघुनाथ भण्डारी, २०८२)*। प्रतिनिधिसभाको ३२ महिनाको अवधिमा बजेटबाहेक जम्मा २४ वटा कानुन बनेका छन् र ३० वटा विधेयक संसदको विघटनसँगै निष्क्रिय भएका छन्। सङ्क्रमणकालीन न्यायसम्बन्धी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप ऐन बनेर कार्यान्वयनमा आई आयोगहरू भने गठन भए।

विघटित प्रतिनिधिसभाको ३२ महिनाको अवधिमा सबैभन्दा धेरै चर्चामा रहेको विधेयक विद्यालय शिक्षा विधेयक थियो। यो विधेयक संसदीय विषयगत समितिबाट पारित भई २०८० भदौ २७ गते प्रतिनिधिसभामा पुगेको थियो। प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा २०८० असोज २५ देखि झन्डै दुई वर्षसम्म दफावार छलफल भएको शिक्षकसँग सम्बन्धित कानुन सम्बन्धमा शिक्षक प्रतिनिधिसँग सम्झौता भएको विधेयक समेत पारित हुन सकेन।

विघटित प्रतिनिधिसभाले गर्न नसकेको अर्को काम मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित कानुन तर्जुमा हुन नसक्नु थियो। प्रतिनिधिसभाको अघिल्लो कार्यकालमै सङ्घीय संसद्ले मौलिक हक कार्यान्वयन सम्बन्धी कानुनहरू बनाएको थियो। संविधानले नै तीन वर्षभित्र कानुनहरू संविधान अनुकूल बनाउने भनेको थियो। १६ ओटा मौलिक हकसम्बन्धी कानुन तर्जुमा भए पनि आवश्यक नियमावलीहरू बन्न सकेनन्। संविधानले आवासको हक, शिक्षाको हक, स्वच्छ वातावरणको हक, रोजगारीको हक लगायत १६ वटा हकलाई मौलिक हकको रूपमा राख्यो। तथापि नियमावली र कार्यविधिको अभावमा कार्यान्वयन गर्ने आधार र कानुनी प्रावधानले पूर्णता पाएको छैन।

२०८१ सालको सङ्घीय संसद्को ६१ दिने हिउँदे अधिवेशन २५ दिन चल्दा २७ वटा बैठक सम्पन्न भएको थियो। विधेयक अधिवेशनका रूपमा लिइने यो हिउँदे अधिवेशनमा प्रतिनिधिसभाबाट ११ र राष्ट्रिय सभासहित दुवै सदनबाट १० वटा विधेयक पारित भएका थिए *(महरा जयसिंह)*। दुवै सदनबाट पारित ती १० विधेयकमध्ये नौ ओटा राष्ट्रपतिबाट प्रमाणीकरण भई कानुनको तर्जुमा भएको छ। जसमा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन संशोधन, सहकारीसम्बन्धी केही नेपाल ऐन संशोधन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ संशोधन, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐन संशोधन, निजीकरण ऐन, २०५० संशोधन, सुरक्षित कारोबार ऐन, २०६३ संशोधन, विद्युतीय व्यापार (ई-कमर्स), विधायनसम्बन्धी व्यवस्था, भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन र बैंकिङ कसुर तथा सजायसम्बन्धी रहेका थिए।

सत्ता गठबन्धनमा रहेको जसपा नेपालले आपत्ति जनाएपछि भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न ल्याइएको अध्यादेश भने स्वतः निष्क्रिय भएको थियो । पाँच ओटा विधेयक भने अध्यादेश प्रतिस्थापन गर्न ल्याइएका थिए। ती अध्यादेश प्रतिस्थापनबाहेक सरकारले नियमित प्रक्रियाबाट ल्याएका चार ओटा विधेयक पनि पारित भएर कानुन बनेका छन्। जसमा सुरक्षित कारोबार, विद्युतीय व्यापार (ई-कमर्स), विधायनसम्बन्धी व्यवस्था र भ्रष्टाचार निवारण विधेयक रहेका छन्। सङ्घीयता कार्यान्वयन र तीन तहको सरकार सबलीकरण गर्ने तथा प्रदेश र स्थानीय तहसँगको क्षेत्राधिकार स्पष्ट गर्ने कानुन निर्माण हुन सकेन।

## सरकार निर्माण र विश्वासको मत

नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनमा नेकपा एमालेको नेतृत्वमा गठन भएको सरकारलाई शुरुमा विश्वासको मत दिएको जसपा र नागरिक उन्मुक्ति पार्टीले विश्वासको मतको समर्थन फिर्ता लिए पछि प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने विपक्षीको मागलाई प्रधानमन्त्रीले अस्वीकार गरे। यस विषयमा सर्वोच्च अदालतमा रिट निवेदन दायर भयो। सर्वोच्च अदालतले रिटमा कारण देखाऊ आदेश जारी गरेको भए पनि *(नयाँ पत्रिका, २०८२)* नवयुवा पुस्ताको आन्दोलनका क्रममा भदौ २४ गते प्रधानमन्त्रीले राजीनामा दिएसँगै रिट स्वतः निष्कृय हुन गयो। यस अघि संसद्का दुई ठूला दल मिलेर गठन गरेको नेकपा एमालेका अध्यक्ष नेतृत्वको सरकारले प्रतिनिधिसभामा दुईतिहाइ सांसदको विश्वासको मत प्राप्त गरेको थियो। संविधान संशोधन गर्ने सहमति गरेका प्रधानमन्त्रीलाई प्रतिनिधिसभाका २ सय ७५ सदस्यमध्ये १ सय ८८ जनाले विश्वासको मत दिएका थिए। संसद् बैठकमा २

सय ६३ जना सांसद् मात्र उपस्थित थिए *(बीबीसी न्यूज नेपाली, २०८२)* विपक्षमा ७४ मत मात्र परेको थियो।

**अध्यादेश संसद छल्ने परम्पराको निरन्तरता**

मन्त्रिपरिषद्को बैठकले २०८१ पुस महिनामा निर्णय गरेअनुसार भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८१ *(राष्ट्रपतिको कार्यालय, २०८२)* र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ *(राष्ट्रपतिको कार्यालय, २०८१)* लाई राष्ट्रपतिले जारी गरेका थिए। संसदको अधिवेशन नभएको अवस्था कानुन बनाउने मुख्य थलो संसद छलेर संसदको अधिवेशन नबोलाई विपक्षीको विरोधको बाबजुद अध्यादेश जारी गर्ने परम्परालाई सरकारले निरन्तरता दियो। सरकारसँग संसदमा स्पष्ट बहुमत हुँदाहुँदै पनि कानुन निर्माण गर्न सकिने स्थितिमा पनि सरकारले अध्यादेशलाई नै निरन्तरता दियो।

संसद् अधिवेशनलाई धकेलेर विवादित अध्यादेश ल्याउने काम विगतका सरकारहरूले गरेझैं सत्ता स्वार्थ पूरा गर्न र सरकारको आयुलाई गठबन्धन वा सहमतिको नाममा लम्ब्याउन अध्यादेश महत्त्वपूर्ण अस्त्रको रूपमा प्रयोग हुने गरेको छ। संसदीय समितिले छलफल र पारित गरेका विधेयकमा दखल दिनेजस्ता काम सरकारबाट बेलाबेलामा भए। उदाहरणको लागि नीतिगत भ्रष्टाचारको व्याख्या गरिएको अख्तियार दुरुपयोग निरूपण विधेयक प्रधानमन्त्री केपी ओली र सत्ता साझेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका कारण रोकिएको थियो *(कान्तिपुर, २०८२)*।

**संसदीय समितिको भूमिका**

लोकतान्त्रिक शासन प्रणालीमा नै नागरिकका हक, अधिकार र स्वतन्त्रताको सुनिश्चितता हुन्छ। लोकतन्त्र नै जनताको शासन व्यवस्था हो। जनप्रतिनिधि मार्फत शासन सञ्चालन हुने व्यवस्थामध्ये संसदीय प्रणाली अबलम्बन गरेका मुलुकमा संसदले नै कानुन निर्माणजस्तो महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दछ। संसदको कार्यप्रणालीलाई सहयोग पुऱ्याउने र सरकारलाई संसदप्रति जिम्मेवार र जवाफदेही बनाउने भूमिकाको लागि संसदीय समितिहरू गठन गरिन्छ। मिनी पार्लियामेन्ट समेत भनिने संसदीय समितिले सरकारलाई जवाफदेही बनाउने निर्देशन, राय सल्लाह सुझावसहित ध्यानकर्षण गराउने कार्य गर्दछ।

मूलत: सङ्घीय संसदको दुई सदनकाबीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मत भिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समिति गठन गरिने *(नेपालको संविधान, २०७२)* संवैधानिक व्यवस्था देखिन्छ। प्रतिनिधि सभा अर्न्तगत गठित विषयगत समितिमध्ये कानुन, न्याय तथा मानव अधिकार समिति *(प्रतिनिधिसभा, २०८१)* समेत रहेको छ। यस समितिले कानुन र न्यायको क्षेत्रमा सकारात्मक सुधार गरी लोककल्याणकारी राज्य र कानुनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई रचनात्मक सुझाव एवं निर्देशन दिने गर्दछ। यसका अतिरिक्त अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, शान्ति प्रकृया र मौलिक हक कार्यान्वयनको अवस्थाको विषयमा समेत समितिले अध्ययन, अनुगमन गरी आवश्यक राय, सुझाव तथा निर्देशन दिने गर्दछ।

समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्दछ। यस अवधिमा समितिले राष्ट्रिय मानव अधिकार आयोग र विषयगत आयोगका वार्षिक प्रतिवेदनमाथि छलफल गरेको छ *(प्रतिनिधिसभा, २०८२)*।

शीर्ष नेतृत्व, मन्त्रीहरूको समितिमा अनुपस्थिति, बैठकमा गणपूरक सङ्ख्या नपुगेर बैठक बस्न नसक्नु तथा यसका सिफारिस तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन नहुनु जस्ताविषय चुनौतीका रूपमा रहे। तथापि प्रतिनिधि सभा अर्न्तगत रहेका दश ओटा समितिहरूले गरेका उल्लेख्य कार्यहरूमध्ये अर्थ समितिले अन्य विषयहरूको अलवा यसले मुख्य रूपमा वैकल्पिक वित्त परिचालनसम्बन्धी विधेयकमा यस समितिले दफावार छलफल गरेको थियो। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले नेपाल हवाइसेवा प्राधिकरण विधेयक २०८१ को सम्बन्धमा छलफल गरेको थियो। उद्योग वाणिज्य तथा उपभोक्ता हित समितिले विभिन्न जिल्लाहरूमा उपभोक्त हितको सम्बन्धमा अनुगमनको कार्य सम्पन्न गरेको थियो भने निकासी पैठारी नियमन विधेयक, २०८१ को सम्बन्धमा समेत छलफल गरेको थियो। त्यसैगरी कानुन, न्याय तथा मानव अधिकार समितिले कानुन व्यवसायी परिषद् संशोधन विधेयक,

छैठौँ मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, तेस्रो विश्वव्यापी आवधिक समीक्षाको कार्यान्वयन तथा समीक्षाको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीसँग समेत छलफल गरेको थियो।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमिसम्बन्धी ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक उपर छलफल गरेको थियो। महिला तथा सामाजिक मामिला समितिले मधेशी आयोगको प्रतिवेदन, बाल अधिकार परिषद्को प्रतिवेदनको सम्बन्धमा छलफल गरेको थियो। राज्य व्यवस्था तथा सुशासन समितिले सौर्य एअरलाइन्स दुर्घटना सम्बन्धमा एअरलाइन्ससँग र नेपाल प्रहरी विधेयक २०८१ को संशोधन सम्बन्धमा समेत छलफल गरेको थियो। पूर्वाधार विकास समितिले विभिन्न कारणले सडक निमार्णको कार्य ठप्प भएको स्थानमा तत्काल निर्माण कार्य शुरु गर्न निर्देशन गरेको थियो। सुनकोशी मरिन आयोजनाको कार्य प्रगतिको सम्बन्धमा समितिले जानकारी लिएको थियो। शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले मिडिया काउन्सिल विधेयक, विद्यालय शिक्षा विधेयक सम्बन्धमा छलफल गरेको थियो। शिक्षा विधेयकमा समितिले व्यापक संशोधनहरू गरेको थियो। मिडिया काउन्सिल विधेयक सम्बन्धमा विज्ञहरूसँग राय परामर्श लिने समेत निर्णय गरेको थियो। सार्वजनिक लेखा समितिले विभिन्न व्यक्तिले गरेको उजुरी सम्बन्धमा छलफल, महालेखा परीक्षकको प्रतिवेदन उपर छलफल, वेरुजु आयतन उच्च भएका मन्त्रालयहरूसँग छलफल, गौतम बुद्ध विमानस्थलमा भएको अनियमितता छानविन गर्न उपसमितिको समेत गठन गरी जाँचबुझ गरेको थियो।

प्रतिनिधिसभा अन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिले २०८२ असार ४ गते विश्वव्यापी आवधिक समीक्षाका बारेमा छलफल गर्न प्रधानमन्त्री केपी ओलीलाई बोलाएकोमा उक्त बैठकमा प्रधानमन्त्री अनुपस्थित भए *(अनलाइनखबर, २०८२)* पछि प्रधानमन्त्रीको तर्फबाट सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्वा गुरुङले भाग लिएका थिए। त्यसैगरी अर्थ समितिको बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेपछि बैठक स्थगित भएको थियो *(हिमाल प्रेस, २०८१)*। समितिको बैठकमा कायम रहेको सदस्य सङ्ख्याको ५१ प्रतिशत सङ्ख्याको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिएको छ।

संसद बैठकको समय पटकपटक सार्ने अभ्यासले पनि यस अवधिमा निरन्तरता पायो। नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयले गर्दा बिहान ११ बजेका लागि बोलाइएको बैठक २ बजेका लागि सारिएको थियो *(कान्तिपुर, २०८१)* प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिने कार्यसूची रहेको भए पनि प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले अवरोध गरेसँगै प्रतिनिधिसभाको बैठक १५ मिनेटका लागि स्थगित भएको थियो *(कान्तिपुर, २०८१)* प्रतिपक्षी दलहरूले भिजिट भिसा प्रकरणमा नाम मुछिएका गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै संसदमा अवरोध पुऱ्याएपछि ३० मिनेटका लागि स्थगित भएको संसद सञ्चालन हुन सकेन *(कान्तिपुर, २०८२)*।

**संसदीय प्रश्नोत्तरः सवाल जवाफबाट जनतामा निराशा**

संसदको छैठौं अधिवेशन २०८२ वैशाख १२ मा प्रारम्भ भई भदौ २७ गते संसद नै विघटन हुन पुग्यो। यस अवधिमा संसदमा सांसदहरूले मौखिक प्रश्नको रूपमा सरकार समक्ष १ सय ७९ ओटा प्रश्नहरू राखेका थिए। त्यसैगरी, सङ्घीय संसदमा सांसदहरूले राखेका प्रश्नहरूको विषयगत रूपमा विभिन्न मन्त्रालयहरूले सम्बन्धित मन्त्रीहरू मार्फत संसदमा जवाफ दिएका थिए। यस्तो लिखित प्रश्नहरूको सङ्ख्या नौ रहेको थियो *(प्रतिनिधिसभा नेपाल, २०८२)* । उखु किसान, भिजिट भिसा, तीनकुने घटना र टेलिभिजन पत्रकारको मृत्यु र क्षतिपूर्ति, सहकारी ठगी र बचतकर्ताको बचत फिर्ता,नागरिकता विहिन दलितहरूले सामाजिक सुरक्षा भत्ता नपाएको, वैदेशिक रोजगारीमा ज्यान गुमाउनेको विवरण, जलवायु परिवर्तन, मोबाइल नेटवर्क लगायतका विषयहरू रहेका थिए *(संसदीय समिति, २०८२)*। त्यसैगरी प्रधानमन्त्रीसँग १० जना सांसदहरूले प्रश्नहरू राखेका थिए। जसको जवाफ प्रधानमन्त्रीले दिएता पनि एकजना सांसदको प्रश्नको जवाफ भने प्रधानमन्त्रीले दिएका थिएनन् *(रातोपाटी, २०८१)*।

प्रतिनिधिसभाको हिउँदे अधिवेशनमा दुई पटक प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम भएको थियो। २०८१ फागुन ४ गते र चैत ७ गते प्रधानमन्त्रीले प्रतिनिधिसभाको बैठकमा सांसदहरूको प्रश्नको उत्तर

दिएका थिए। सांसदले सोधेका प्रश्नको उत्तरले मात्रै सरकारले संसदको अधिकार क्षेत्रलाई सम्मान गरेको पाइँदैन। संसदीय अभ्यासमा प्रश्नको उत्तर दिइसकेपछि एकपटक पुनः प्रश्न सोध्न दिनुपर्ने मान्यता छ। तर, प्रतिनिधिसभाको नियमावली २०७९ मा प्रधानमन्त्रीलाई पुनः प्रश्न सोध्ने व्यवस्था हटाइएको छ। जसले प्रधानमन्त्रीलाई सांसदले सोधेको उत्तर दिने तर त्यसमा प्रतिप्रश्न गर्न नपाइने हुँदा प्रधानमन्त्रीले उल्टै सांसदहरूलाई प्रश्न सोध्ने, अपमान गर्ने गरेको भन्दै सांसदहरूले आपत्ति जनाएका थिए र केही सांसदले प्रश्नोत्तर कार्यक्रम बहिष्कार गरेका थिए *(सुवेदी, ईश्वर, २०८१)*।

प्रधानमन्त्रीसँग दुईओटा प्रत्यक्ष प्रश्नोत्तर चलेता पनि सांसदका प्रश्नमा जवाफ दिने क्रममा प्रधानमन्त्रीबाट सांसदहरूमाथि नै प्रतिप्रश्नको ओइरो लगाउने कार्य भयो। मन्त्री र सांसदबीच प्रश्नोत्तरको त अभ्यासै भएन। संसदप्रति मन्त्रीहरूलाई बढी जवाफदेही बनाउन सडक, समाजमा उठेका प्रश्न सोधिनुपर्थ्यो। त्यो उत्साह हाम्रा सांसदहरूबाट प्रदर्शित भएको पाइएन। संसदले मन्त्री-सांसद प्रश्नोत्तरको कार्यसूची बनाएको पनि देखिएन *(१२खरी, २०८२)*।

प्रतिनिधिसभाको शून्य समयमा सांसदहरूले जनसरोकारका विषय उठान गर्ने महत्त्वपूर्ण कार्यले भने यस अवधिमा निरन्तरता पायो। क्षमता भन्दा बढी कैदीबन्दी राखिएको तथा कारागरामा उचित बजेट व्यवस्थापन नभएको, उखु किसानको अनुदान रकम केन्द्रबाट भुक्तानी नभएकाले यथाशीघ्र उखु किसानलाई अनुदान रकम उपलब्ध गराउने, मधेशलाई सुख्खा क्षेत्र घोषणा गर्नुपर्ने, बजारमा बढिरहेको कालोबजारी नियन्त्रणमा पहलकदमी लिनुपर्ने, विद्युत् प्राधिकरण व्यापक रूपमा विद्युत् कटौती गरिरहेको, महिला तथा बालबालिकामाथिको हिंसा नियन्त्रणमा कार्य गर्नुपर्ने, प्राकृतिक विपतमा परेका नागरिकहरूलाई राहत तथा पुनर्स्थापनामा ध्यान दिनुपर्ने, बढ्दो प्रदूषण नियन्त्रणका लागि सरकारले पहलकदमी लिनुपर्ने लगायतका विषयमा सांसदले सरकारको ध्यानाकर्षण गराएका थिए *(खबरडबली, २०८१)*।

**संसदीय छानबिन विशेष समिति गठन**

सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठनका लागि सत्तारूढ दलहरू र प्रमुख प्रतिपक्षी बीच भएको चार बुँदे सहमतिको आधारमा सांसद सूर्य थापाको नेतृत्वमा संसदीय छानबिन विशेष समिति गठन भई सहकारी ठगी सम्बन्धमा संसदले महत्त्वपूर्ण कार्य गरी सोको प्रतिवेदन समेत सार्वजनिक गरेको थियो। २०८२ जेठ १५ गते प्रतिनिधि सभा बैठकबाट सात सदस्यीय छानविन समिति गठन गरी उक्त समितिलाई तीन महिनाको कार्यादेश दिइएको थियो।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ठेक्का प्रकृयादेखि निर्माण सकिँदासम्मको अवधिमा भएको आर्थिक अनियमितताको छानविन गर्न लेखा समितिको उप समितिको संयोजक राजेन्द्र लिङदेन नेतृत्वमा १० सदस्यीय छानविन समिति गठन भएको थियो। उक्त समितिले लेखा समितिका सभापतिलाई प्रतिवेदन बुझाएको थियो। दुवै छानविन समितिले दिएको सुझाव एवम् सिफारिसहरूको प्रभावकारी कार्यान्वयन भने हुन सकेन।

त्यसैगरी सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ को कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्थामा भएको गडबडीबारे छानबिन गर्न ७ सदस्यीय संसदीय विशेष छानबिन समिति प्रतिनिधिसभाले बनाएको थियो। नेपाली कांग्रेसका सांसद जीवन परियार संयोजक रहेको छानबिन समितिमा सर्वदलीय सदस्यहरू संलग्न रहेका थिए *रातोपाटी, २०८२)*।

**निजामती विधेयकमा चलखेल**

सङ्घीय निजामती सेवा विधेयकको कुलिङ अफ पिरियडको चलखेलबारे छानबिनका लागि ७ सदस्यीय संसदीय समिति गठन भयो। सभामुखले गठन गरेको समितिले राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मत पारित भएको सङ्घीय निजामती सेवा विधेयकमा राखिएको दुई वर्ष कुलिङ पिरियडको व्यवस्था प्रतिनिधि सभाबाट पारित भएर आउँदा मुख्यसचिव, सचिव र सहसचिवका हकमा कुलिङ पिरियड लागु नहुने प्रावधान थपिएको थियो। समितिले प्रतिनिधि सभामा छानविन प्रतिवेदन पेश गरेता *(अनलाइनखबर, २०८२)* पनि यसका सुझाव तथा सिफारिसहरू बमोजिम दोषीलाई कारबाही भएन। यो घटनाले नेपालको संसद कसरी कर्मचारतिन्त्र र कार्यपालिकाबाट निर्देशित हुन्छ भन्ने कुरा उजागर गर्न

सहयोग पुग्यो । विधेयक पारित नगर्न मुख्य सचिव लगायत उच्चपदस्थ कर्मचारीहरूले सरकारसँग गरेको बार्गेनिङका बारेमा व्यापक चर्चा भयो । आमअपेक्षा विपरीत प्रधानमन्त्री र उसको दलले नै विधेयक अगाडि नबढाउन र ढिलासुस्ती गरेको सार्वजनिक भयो।

राष्ट्रिय सभाले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सङ्घीय निजामती सेवा विधेयक संशोधन सहित २०८२ भदौ १८ गते सर्वसम्मतिबाट पारित गऱ्यो। २०८२ भदौ १७ गते मध्यरातीसम्म विधेयक पारित गर्ने वा फिर्ता पठाउनु पर्ने बाध्यताकाबीच राष्ट्रिय सभाले सो विधेयक समयसीमाको अन्तिम दिन पारित गरेको थियो। राजीनामा दिएका वा अवकाश प्राप्त निजामती कर्मचारीले दुई वर्षको विश्राम अवधि बिताएपछि मात्रै राजनितिक वा कुटनितिक नियुक्ति लिन पाउने व्यवस्था राष्ट्रिय सभाले विधेयकमा राखेको थियो।

राष्ट्रिय सभाले पारित गरेको विधेयक अनुसार सङ्घीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश प्राप्त भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले २ वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैन भन्ने व्यवस्था कायम भएकोमा प्रतिनिधिसभामा प्रतिवेदन लेखनका क्रममा त्रुटि फेला परेपछि विधेयक विवादित बनेको थियो। साथै अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार निकाय वा गैर सरकारी सेवामा सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न अवकास पाएको दुई वर्षसम्म नपाउने गरी राष्ट्रिय सभाले बन्देज लगाएको थियो। प्रतिनिधिसभाले पारित गर्न करिब १६ महिना लगाएको सङ्घीय निजामती विधेयक २०८० राष्ट्रिय सभाले संशोधन सहित १६ दिनमा पारित गरेको थियो। उक्त विधेयक राष्ट्रिय सभाले संशोधन सहित पारित गरेकोले प्रतिनिधिसभाले स्वीकार गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाउनु पर्नेमा प्रतिनिधि सभाको विघटनसँगै उक्त विधेयक अलपत्र पऱ्यो।

### संवैधानिक अङ्ग र विवादित राजदुत नियुक्ति

नेपाल राज्यका उच्च पदाधिकारी,संवैधानिक निकायका पदाधिकारी र राजदूतका *(नेपालको संविधान २०७२, २०७२)* नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा *(ल कमिसन अफ नेपाल, २०८२)* संसदीय सुनुवाइ हुने *(ल कमिसन अफ नेपाल, २०८२)* व्यवस्था एक उत्कृष्ट लोकतान्त्रिक अभ्यास हो। यस मार्फत जनतामा निहित सार्वभौम सत्ताको सैद्धान्तिक र व्यवहारिक सुनिश्चितता गर्न खोजिएको स्पष्ट देखिन्छ। सन् २०२५ को सुरुमै निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानको नैतिक चरित्रमा संसदीय सुनुवाइ समितिले प्रश्न उठाएको थियो। नेपालको संविधान बमोजिम *(ल कमिसन अफ नेपाल, २०८२)* उच्च नैतिक चरित्र भएको व्यक्ति निर्वाचन आयुक्तका लागि योग्य हुने उल्लेख छ। निर्वाचन आयुक्तमा नियुक्तिको लागि संवैधानिक परिषद्बाट सिफारिस भएका प्रधानको संसदीय सुनुवाइ समितिले सिफारिस गरेन *(ल कमिसन अफ नेपाल, २०८२)*। त्यसैगरी सरकारले राजदूतका लागि सिफारिस गरेका व्यक्ति समानुपातिक र समावेशिता अनुरूप नभएको, राजदूत नियुक्तिसम्बन्धी निर्देशिका पालना नगरेको, राजदूत सिफारिसमा दलीय, मुस्लिम र मधेशी समुदायबाट नपरेको भनी निरन्तर प्रश्न उठ्ने गरेको छ। तथापि दलिय भागबण्डाको आधारमा भएको नियुक्ति संसदीय सुनुवाइबाट समर्थन गरेको भनी सर्वोच्च अदालतमा रिटसमेत पुग्ने गरेको छ।

### विषयगत संवैधानिक आयोगको पुनरावलोकन

नेपालको संविधानको भाग २७ अन्तर्गत रहेका राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगहरूको सङ्घीय संसदले संविधान प्रारम्भ भएको मितिले दश वर्षपछि पुनरावलोकन गर्ने *(ल कमिसन अफ नेपाल, २०८२)* व्यवस्था गरेको छ। विषयगत आयोगहरूको कामको मूल्याङ्कन गरि यसै वर्ष पुनरावलोकन गर्नुपर्ने संवैधानिक दायित्व बमोजिम सङ्घीय संसदले यसै वर्ष पुनरावलोकन गर्नुपर्नेछ।

### प्रदेश सभाहरू

नेपालको संवैधानिक व्यवस्था बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्थापिका रहेको छ। सङ्घीय संसदका अतिरिक्त प्रदेश सभा र स्थानीय व्यवस्थापिकाको संवैधानिक व्यवस्था छन्। जसअन्तर्गत

सात ओटा प्रदेश सभा र ७ सय ५३ ओटा स्थानीय व्यवस्थापिका अर्न्तगत गाउँसभा र नगरसभाको व्यवस्थासमेत रहेको छ। मूलत: प्रदेश सभालाई संविधानको अनुसूची ६, ७ र ९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम व्यवस्थापकीय अधिकार हुने उल्लेख छ। प्रदेश सभाको प्रभावकारीता सम्बन्धमा विभिन्न टिकाटिप्पणी भएता पनि सीमित स्रोत साधनका बाबजुद प्रदेश सभाले आफ्नो कार्य सम्पादन गरी आएका छन्। सङ्घीयताको कार्यान्वयनसँग प्रदेश सभाको अहम् भूमिका भने रही आएको छ।

**कोशी प्रदेश**

कोशी प्रदेशमा प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफल पछि अस्वीकृत भएको थियो। कोशी प्रदेश तथ्याङ्कसम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक दर्ता र छलफल मात्र हुन पुग्यो। सामाजिक विकास संस्था ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक भने छलफल पश्चात पारित भई प्रमाणिकरण भएको थियो *(कोशी प्रदेशसभा सचिवालय, २०८२)*। तथापि आमजनसरोकारको विषयसँग सम्बन्धित विधेयक न त तर्जुमा भए न त यसले प्रदेश संसदमा प्रवेश नै पायो। संसदको अधिकांश समय मुख्यमन्त्रीको नियुक्तिमा केन्द्रित रह्यो। नेकपा एमाले र नेपाली कांग्रेसको संसदीय दलको नेताबाट मुख्यमन्त्री बन्ने कसरत तथा सर्वोच्च अदालत सम्मको पुगेको विवादको अन्त्य भई २०८१ वैशाखदेखि नेकपा एमालेले कोशी प्रदेशको निरन्तर नेतृत्व गरिरहेको छ।

**मधेश प्रदेश**

मधेश प्रदेशमा अप्रत्याशित रूपमा विकसित नयाँ घटनाक्रमले संवैधानिक प्रावधान र परम्परा विपरीत प्रदेश प्रमुखबाट नयाँ मुख्यमन्त्रीलाई होटलमा शपथ ग्रहण गराई नियुक्ति गरिएको थियो। मधेशमा विपक्षी राजनीतिक दलहरूको लगातारको विरोध कार्यक्रम पश्चात नेपाल सरकारले प्रदेश प्रमुखलाई जिम्मेवारीबाट हटाई नयाँ प्रदेश प्रमुखको रूपमा सुरेन्द्र लाभ कर्णलाई राष्ट्रपतिले नियुक्ति गरेका थिए *(मधेश प्रदेशसभा सचिवालय, २०८२)*। यस अघि विपक्षी दलहरूले सभामुख समक्ष संसदको अधिवेशन माग गरेकोमा सभामुखले अधिवेशन बोलाएका थिएनन्। नया प्रदेश प्रमुख र मुख्यमन्त्री आएपछि सभामुख पनि नयाँ नियुक्ति गरिएको थियो। प्रदेशसभाबाट विनियोजन विधेयक बाहेक अन्य महत्त्वपूर्ण कानुनहरू बन्न सकेको पाइएन।

**बागमती प्रदेश**

बागमती प्रदेश सभाले विधेयकहरूमा राय सुझाव तथा प्रतिक्रियाका लागि अनलाइनमा प्रकाशन गरिएता पनि महत्वपूर्ण पमा विधेयकहरू पारित भएन। २०८० भदौदेखि विधेयकहरू पारित नभएको अवस्था भएता पनि *(बागमती प्रदेशसभा सचिवालय, २०८२)* आर्थिक विनियोजन विधेयक र बजेट भने प्रदेश सभाबाट पास भएको देखिन्छ। प्रदेशसभा अर्न्तगत रहेका समितिहरूबाट पनि उल्लेख्य रूपमा काम भएको देखिँदैन। यस वर्ष प्रदेश सभामा नेपाली कांग्रसेको अन्तरिक विवादको कारणले गर्दा मुख्यमन्त्रीको फेरबदली समेत हुन पुग्यो।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशको प्रदेश संसदको सातौँ अधिवेशनबाट आ.व.२०८२-८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेशको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक पारित गरेको छ। गण्डकी विश्व विद्यालय (पहिलो संशोधन) विधेयक २०८२ लाई प्रदेश सभाले पारित गरेको थियो *(गण्डकी प्रदेशसभा सचिवालय, २०८२)।*

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सभाबाट कार्यविधिगत कुरा मिलाउन तथा सुविधा प्रदान गर्न र संचित कोषबाट रकम विनियोजन गर्न सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, स्थानीय पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक लगायतका विधेयकहरू प्रमाणित भएता पनि महत्त्वपूर्ण पमा मानव अधिकार, सुशासन सम्बन्धमा कानुनहरू बनेनन्। आम जनसरोकारसँग सम्बन्धित कुनै पनि विधेयक दर्ता, छलफल तथा प्रमाणिकरण भएनन्।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशमा पनि अन्य प्रदेशको जस्तो विनियोजन विधेयकदेखि बाहेक कुनै विधेयक पारित भएन। दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक *(कर्णाली प्रदेशसभा सचिवालय, २०८२)* पनि सभामा दर्ता मात्र भएको छ। आमजनचासोसँग सम्बन्धित र मानव अधिकार तथा सामाजिक न्यायसँग सम्बन्धित विधेयकहरू मस्यौदा समेत भएनन्।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपशचिम प्रदेश सभाबाट प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) विधेयक, २०८२, प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, दलित सशक्तिकरण ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, प्रदेश बडघर र भलभन्सा प्रथा संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्ने लगायतको विधेयकहरू प्रदेश सभामा दर्ता मात्र भए। तर, पनि प्रदेश सभाले पास गरेको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, आर्थिक वर्ष २०८२-८३ को विनियोजन विधेयक आर्थिक मामिला मन्त्रालय तथा प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकहरू प्रमाणिकरण *(सुदूरपश्चिम प्रदेशसभा सचिवालय, २०८२)* भएका थिए।

**निष्कर्ष**

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ को कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा भएको गडबडी, चोरबाटोबाट कानुनी प्रावधान परिवर्तन गरेर संसदलाई झुक्याउने कार्य प्रकृति हेर्दा गलत र अक्षम्य कार्यमा प्रथमत: राज्य व्यवस्था तथा सुशासन समितिको पदाधिकारीहरूको दोष देखिन्छ। यसका साथै सामान्य प्रशासन मन्त्रालय र कानुन मन्त्रालयका पदाधिकारीहरूको पनि दोष देखिन्छ। विधेयकका व्यवस्थाहरू समितिको आशय र निर्णय अनुरुप छन् वा छैनन् भनी प्राविधिक पमा जाँच गर्ने काम यी तिनै संस्थाहरूको हो। यस हिसाबले यस कार्यको जिम्मेवारी सम्बन्धित पदाधिकारीहरूले पनि लिनुपर्ने हुन्छ।

लोकतान्त्रिक शासन व्यवस्थामा जनप्रतिनिधबाट शासन सञ्चालन गरिन्छ। संसदीय शासन पद्धति अवलम्बन गरेको देशमा संसदले कानुन निर्माण, बजेट पारित जस्ता महत्त्वपूर्ण कार्य सम्पादन गर्दछन्। सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने संस्था नै प्रतिनिधिसभा हो। नवयुवा पुस्ताको भ्रष्टाचार विरोधी अभियान र सुशासनको लागि भएको आन्दोलनको पहिलो आक्रोश नै व्यवस्थापिका संसद हुन पुग्यो। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद हिंसात्मक आन्दोलनको पहिलो निशाना हुन गई संसद भवन आगजनीको कारण ध्वस्त हुन पुग्यो।

जनजीविका र दैनिक आम नागरिकको इच्छा आकाक्षा सम्बोधन गर्नेतर्फ व्यवस्थापिका संसदले प्रभावकारी काम गर्न नसकेको, सांसदहरू सरकार गठन र फेरबदलमा मात्र केन्द्रित रहन पुगेको, स्वार्थ समूहसँगको हिमचिम सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन असफल नै रहेको कारण समेत जनआक्रोशहरू विद्रोहमा परिणत हुन पुग्यो।

जननिर्वाचितप्रतिनिधि सभाले आफनो पाचँवर्षे कार्यकाल सहजताका साथ पूरा गर्न पाएन। २०८२ भदौ २७ गते संविधानले तोकेको परिधि भन्दा बाहिरबाट सांसद नै नभएको व्यक्ति पूर्वप्रधान न्यायाधीशलाई प्रधानमन्त्री नियुक्ति गरी निजको सिफारिसमा प्रतिनिधिसभा भङ्ग गरियो।

संसदीय प्रजातन्त्रको अभ्यास रहेका देशमा विरलै देखिने घटना नेपालमा देखियो। राष्ट्रपतिबाट २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिदिएकोले सबैको ध्यान आगामी निर्वाचनतर्फ मोडिएको छ। समग्रतामा यस वर्ष व्यवस्थापिका संसदको प्रभावकारिता र भूमिका निराशाजनक रह्यो।

संसदले जनताको आवश्यकता र हितलाई सम्बोधन गर्ने गरी आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न सकेन भने यसको महत्त्वमा कमी आउँछ। एक प्रभावहीन संसदले यसको निर्णय प्रक्रियामा पारदर्शिताको अभाव खड्कन्छ। प्रभावहीन संसदले सरकारलाई आफ्नो कामको लागि जवाफदेही बनाउन असफल हुन सक्छ, जसले गर्दा जनतालाई सरकारको कार्यसम्पादनको लागि जवाफदेही बनाउन गाह्रो हुन्छ। संसदले जनताको विचार र सरोकारलाई पर्याप्त रूपमा प्रस्तुत गर्न नसक्दा संसद र जनताबीचको सम्बन्धविच्छेद हुन सक्छ। संसदमा सांसद र जनताको

कम सहभागिता हुन सक्छ, जसले गर्दा अर्थपूर्ण बहस र निर्णय गर्न गाह्रो हुन्छ। जनताको आवश्यकता र हितलाई पूरा गर्ने तरिकाले आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न असमर्थ हुने संसद प्रभावहीन हुन्छ। सरकार जनताको आवश्यकता र सरोकारप्रति जवाफदेही र उत्तरदायी छ भन्ने सुनिश्चित गर्न संसदहरू प्रभावकारी हुनु महत्त्वपूर्ण छ।

हाम्रो संविधानले समावेशी संसदको परिकल्पना गरेको छ। समाजका सबै सदस्यहरूलाई विधायकी प्रक्रियामा प्रतिनिधित्व गर्ने र संलग्न हुने व्यवस्था संविधानमा रहेको छ। संसद समावेशी भयो भने देशका कानुन र नीतिहरूले समाजका सबै सदस्यहरूको आवश्यकता र सरोकारलाई प्रतिबिम्बित गर्दछ र निर्णय प्रक्रियामा सबै आवाजहरू सुनिन्छ र विचार गरिन्छ भनेर सुनिश्चित गर्न मद्दत गर्न सक्छ।

राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन्। संसदमा उठेको विषयले महत्व नपाउने र उठेका विषयको सम्बोधन भएनन्। बरु संसद् छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो। लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे। संसदमा हुने न्यून उपस्थिति, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो। संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निणर्यहरूको औचित्यमाथि प्रश्न उठ्यो।

कुनै एउटा विषयमा असहमति हुने बित्तिकै संसदमा उपस्थित एक दलले महिनौंसम्म संसद अवरुद्ध गर्ने परिपाटीले निरन्तरता पायो भने लोकतन्त्र अनुकूलको अभ्यास भएको ठान्न सकिने छैन। कुनै पनि बहानामा अध्यादेशबाटै सरकार चलाउने मानसिकताले संसदमा सांसदहरूको उपादेयता र बहस गरेर जनताका आवश्यकता र सरोकारका विषयलाई सम्बोधन गर्ने अवस्था देखिँदैन। नवनिर्वाचित सांसदको संसदमा हुने उपस्थिति र प्रभावकारी बहसले मात्र उनीहरूको कार्यक्षमताको सही मूल्याङ्कन गर्न सकिएला।

**सुझाव**

- संविधान प्रदत्त मौलिक हकहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन तर्जुमा, संशोधन गरी नागरिकलाई संविधान प्रदत्त अधिकारको उपभोगको वातावरण बनाउन।
- कानुन तर्जुमा पूर्व आम सरोकारवालाबीच सार्थक सहभागिता गराई कानुनको संशोधन र तर्जुमा गर्न।
- राष्ट्रिय मानव अधिकार आयोग लगायत विषयगत आयोगहरूका वार्षिक प्रतिवेदन संसदमा छलफल गराई कार्यान्वयनका लागि नेपाल सरकारलाई जवाफदेही बनाउने।
- कार्यकारी निकायबाट हुनसक्ने मानव अधिकार उल्लङ्घनप्रति सचेत गराउने र आवश्यक पर्ने कानुन तर्जुमा गर्नु पर्ने।
- नेपालको संविधानको धारा २६५ बमोजिम संविधान जारी भएको दश वर्षपछि विषयगत संवैधानिक आयोगको कामबारे मूल्याङ्कन गरी पुनरावलोकनको लागि तत्काल काम, कारबाही अगाडि बढाउनु पर्ने।
- संसदीय समितिले सरकारलाई दिएको सुझावको प्रगति विवरण माग गरी प्रभावकारी कार्यान्वयनको लागि सुनिश्चित गर्ने।

## सन्दर्भ सामग्रीहरू


अनलाइनखबर। (२०८२ जेठ १६ गते), *सभामुखले बोलाए कार्यव्यवस्थाको बैठक,* Online Khabar. https://www.onlinekhabar.com/2025/05/1692008/speaker-calls-for-business-meeting-to-

अनलाइनखबर, (२०८२ भदौ ४), *कार्यव्यवस्था परामर्श समितिको बैठक बस्दै, संवैधानिक परिषद् विधेयक अगाडि बढाउनेबारे छलफल हुने,* https://www.onlinekhabar.com/2025/08/1746218/business

अनलाइनखबर, (२०८२ साउन ७), *५८औं दिन पनि संसद् मा रास्वपा र राप्रपाको अवरोध,* https://www.onlinekhabar.com/2025/07/1728502

अनलाइनखबर, (२०८२ जेठ ७), *कांग्रेसका प्रतिनिधि नआउँदा कार्यव्यवस्थाको बैठक प्रभावित,* https://www.onlinekhabar.com/2024/05/1482327/executive-meeting-affected-as-congress

अनलाइन खबर, (२०८१ फागुन २१), सिंहदरबारमा कार्यव्यवस्था परामर्श समितिको बैठक, https://www.onlinekhabar.com/2025/03/1635655/business-advisory-committee-meeting-at-singha-durbar.

खबरहब, (२०८१ माघ २४ ), *अध्यादेशको पक्षमा उभिन कांग्रेस सांसदलाई 'ह्वीप',* खबरहब, https://khabarhub.com/2025/06/744344/

काठमाण्डुपाटी, (२०८१ साउन ५), एमाले सांसदलाई लगाए ह्विप, विश्वासको मत दिन निर्देशन

सन्दर्भ सामग्रीहरू, https://www.kathmandupati.com/news/uml-lawmaker-whip/327859/

महरा जयसिह, २०८२ ६१ दिने हिउँदे अधिवेशन : संघीयता कार्यान्वयन र जनजीवनसँग जोडिएका विधेयक थाती.

अनलाइनखबर, (२०८२ असोज २), *प्रतिनिधिसभाको ३२ महिने अवधिमा २४ ऐन बने, संघीयता कार्यान्वयनमा शून्य प्रगति,* https://www.onlinekhabar.com/2025/09/1767268/24-acts-passed-during-32-month-tenure-of-house-of-representatives-zero-progress-in-implementing

नयाँ पत्रिका, (२०८२ भदौ ७), *विश्वासको मत नलिनुको कारण देखाउन सर्वोच्चको आदेश, नयाँ पत्रिका,*

https://www.nayapatrikadaily.com/news-details/175984/2025-08-23

*विविसी न्यूज (२८१ साउन ६), जुलाई प्रधानमन्त्री ओलीले पाए दुईतिहाइ बहुमत, विपक्षमा कति भोट?* https://www.bbc.com/nepali/articles/cgr5nvl0gd6o

कान्तिपुर, (२०८२ असार ३*), ब्रह्मास्त्र पनि निस्तेज बनाउने सरकारका वर्ष दिन,*

https://ekantipur.com/opinion/2025/07/14/the-year-of-the-government-that-makes-even-the-brahmastra-dull-06-20.html

सुवेदी ईश्वर, (२०८१ चैत ८), *प्रभावकारी छैन प्रधानमन्त्रीसँग प्रश्नोत्तर,* https://nagariknews.nagariknetwork.com/politics/1469069-1742528060.html

रातोपाटी, (२०८१ फागुन ४), *प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रश्नोत्तर, १० सांसदले सोधे प्रश्न। रातोपाटी,*

https://www.ratopati.com/story/473496/live-updates-qa-with-the-prime-minister-in-the-house-of-representatives-whose-questions-are-what

हिमालप्रेस, (२०८१ पुस १), *सांसद नआउँदा गणपुरक संख्या पुगेन, स्थगित भयो अर्थ समितिको बैठक,* https://himalpress.com/2024/12

बारखरीडटकम, (२०८१ चैत २०), *आशा जगाइरहनुपर्ने संसद्ले दिएको निराशा,* https://baahrakhari.com/detail/447880

महरा जयसिह, (२०८१ चैत २०), *६१ दिने हिउँदे अधिवेशन : संघीयता कार्यान्वयन र जनजीवनसँग जोडिएका विधेयक थाती। कान्तिपुर दैनिक,* https://ekantipur.com/news/2025/04/02/61-day-winter-session-10-bills-passed-13-pending-35-54.html

प्रदेशसभा सचिवालय सुदूरपश्चिम (२०८२), *प्रमाणीकरण भएका विधेयक. गृह - प्रदेश सभा सचिवालय,* https://assembly.sudurpashchim.gov.np/bill-types/paramanaekaranae-bhaeka-vathhayaka

रघुनाथ भण्डारी, (२०८२), *प्रतिनिधिसभाको ३२ महिने अवधिमा २४ ऐन बने, संघीयता कार्यान्वयनमा शून्य प्रगति,* https://www.onlinekhabar.com/2025/09/1767268/24-acts-passed-during-32-month-tenure-of-house-of-representatives-zero-progress-in-implementing-federalism

रातोपाटी, (२०८२), *कुलिङ पिरियडको विवाद छानबिन गर्ने समितिको संयोजकमा परियार,* https://www.ratopati.com/story/499446/pariyar-to-be-coordinator-of-committee-investigating-cooling-period-cyclone

अनलाइनखबर, (२०८२ साउन २० ), *यस्तो छ कुलिङ पिरियड छानबिन समितिको प्रतिवेदन (पूर्णपाठ),* अनलाइनखबर, https://www.onlinekhabar.com/2025/08/1736476/this-is-the-report-of-the-cooling-period-investigation-committee-full-text

अनलाइनखबर, (२०८२ साउन ४), *संसदीय समितिको बैठकमा प्रधानमन्त्री ओली अनुपस्थित,* https://www.onlinekhabar.com/2025/07/1726335/prime-minister-oli-absent-from-parliamentary-committee-meeting

परिच्छेद

५

## ५.१ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरु

# कोशी प्रदेश



# ५.१.१ ताप्लेजुङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,२०,५९० |
| महिला | ५९,८१७ |
| घर परिवार सङ्ख्या | २७,७७६ |
| घरजग्गामा महिलाको स्वामित्व | ४,९२८ |
| साक्षरता प्रतिशत | ८२.२१ |
| आश्रित जनसङ्ख्या | ५९,४५० |
| अपाङ्गता भएका | २,९९९ |

यस वर्ष ताप्लेजुङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच महिला र २६ जना पुरुष गरी ३१ जना पीडित भए । ज्यादतीका घटनामा ३५ जना महिला र २२ जना पुरुष गरी ५७ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

**तालिका ५.१.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | २२ | २७ | | | |
| घाइते | | | ४ | ४ | ३ | १९ | २२ |
| हत्या | | | | | | २ | २ |
| धम्की | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | ७ | | ७ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | जम्मा | | | | ८ | | ८ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १९ | | १९ |
| | बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | २ | | २ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | १ | | १ |
| | जम्मा | | | | २४ | | २४ |
| **कूल जम्मा** | | ५ | २६ | ३१ | ३५ | २२ | ५७ |

(स्रोत : इन्सेक, २०२५)

### घाइते

**राज्यपक्षबाट**

तेह्रथुम जिल्ला, म्याङलुङ नगरपालिका-९ का ३६ वर्षीय यामबहादुर लिम्बू, मिक्लाजुङ गाउँपालिका-५ का २३ वर्षीय सगुन लावती, फुङलिङ नगरपालिका-८ का २० वर्षीय धर्म पालुङ्वा र मिक्लाजुङ गाउँपालिका-४ का १७ वर्षीय बालक मंगोल लावती ०८१ माघ १२ गते पाथीभरा-मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माणका क्रममा भएको झडपमा प्रहरीले प्रहार गरेको गोली लागेर घाइते भए। यामबहादुरको बाँया गोडामा, सगुन लावतीको बाँया छातीमा, धर्म पालुङ्वाको बाँया कुममा, मंगोल लावतीको बाँया आँखामा चोट लागेको मुकुम्लुङ संयुक्त संरक्षण सङ्घर्ष समितिका संयोजक श्रीलिङखिमले बताए। यामबहादुरको माघ १२ गते जिल्ला अस्पतालमा प्राथमिक उपचार पश्चात नोबेल अस्पताल, विराटनगरमा उपचार भयो। सगुन लावती, धर्म पालुङ्वा र मंगोल लावतीलाई थप उपचारका लागि माघ १४ गते नेपाली सेनाको हेलिकोप्टरबाट काठमाडौँ लगियो। घाइते सबैको उपचार ०८१ चैत १६ गतेसम्म भयो।

**तालिका ५.१.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

**अन्यपक्षबाट**

सशस्त्र प्रहरी बल नेपालका असइ ३६ वर्षीय समदेव यादव, नेपाल प्रहरीका जवान २५ वर्षीय अनुज विक र सशस्त्र प्रहरी बल नेपालका जवान २८ वर्षीय सञ्जीव बस्नेत माघ १२ गते पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केवलकार निर्माणको विषयमा भएको विवादका क्रममा नो केवलकारका बढी समूहका कार्यकर्ताले प्रहार गरेको ढुङ्गा लागेर घाइते भए। विकको गोडामा, असइ यादवको टाउकोमा र बस्नेतको कानमा चोट लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवि रावलले बताए। घाइते सबैको जिल्ला अस्पतालमा उपचार भयो। फुङलिङ नगरपालिका-११, बलुडाँडामा रहेका केही घरमा नो केवलकार समूहका कार्यकर्ताले घरेलु हतियार लुकाएको सूचना प्राप्त भएको र सो बुझ्न जाने प्रहरीको टोलीमाथि ढुङ्गा प्रहार भएको डिएसपी रावलले बताए।

**झडप**

केवलकार निर्माण विवादका क्रममा ०८१ फागुन ८ गते फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा प्रहरी र नो केवलकार समूहबिच झडप भयो। झडपका क्रममा फुङलिङ नगरपालिका-११ अस्थायी ठेगाना भएका सशस्त्र प्रहरीका हवल्दार २८ वर्षीय रामप्रवेश राय यादव र २७ वर्षीय सञ्जय तामाङ घाइते भए। सशस्त्र प्रहरीका जवान २६ वर्षीय रामप्रसाद रिजाल, २९ वर्षीय किरण लोप्चन र ३४ वर्षीय सुमन कार्की घाइते भएको सशस्त्र प्रहरीका डिएसपी नरेश मर्हजनले बताए। झडपमा नेपाल प्रहरीका सइ ३२ वर्षीय सुरेश थापा मगर, प्रहरी जवान ३२ वर्षीय विवेक राई, इन्स्पेक्टर ३४ वर्षीय विवेक बस्नेत, असइ २९ वर्षीय युवराज पोखरेल, प्रहरी जवान ३३ वर्षीय दीपक परियार र २७ वर्षीय विशाल राई घाइते भएको इन्स्पेक्टर बस्नेतले बताए। घाइते सबैको जिल्ला अस्पतालमा फागुन ८ र ९ गते उपचार भयो।



***केबलकार निर्माणको विरोधमा फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा प्रहरीसँगको झडपमा परी घाइते भएका सगुन लावती***

## कुटपिट

**अन्यपक्षबाट**

मिक्वाखोला गाउँपालिका-१ निवासी इन्सेक ताप्लेजुङ प्रतिनिधि २८ वर्षीया एलिना दियाली, फुङलिङ नगरपालिका-९ निवासी रेडक्रसका जिल्ला सभापति ४१ वर्षीय इन्द्र गुरूङ र उद्योग वाणिज्य सङ्घ ताप्लेजुङका महासचिव ३४ वर्षीय कलम लिम्बू सवार को १ ज २५७९ नम्बरको गाडीमा ०८१ फागुन ८ गते तोडफोड र सवारी चालक फुङलिङ नगरपालिका-९ का ३५ वर्षीय राजकुमार पौडेललाई नो केवलकार समूहका कार्यकर्ताले कुटपिट गरेको आरोपमा पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले तेह्रथुम जिल्ला, आठराई गाउँपालिका-७ स्थायी घर भइ झापा जिल्ला, अर्जुनधारा नगरपालिका-११ मा बस्ने ३० वर्षीया दिक्षा भनिने निर्मला दर्नाल, ताप्लेजुङ जिल्ला, फक्ताङलुङ गाउँपालिका-६ का २९ वर्षीय सन्दीप लिम्बू, मोरङ जिल्ला मिक्लाजुङ गाउँपालिका-३ का ३५ वर्षीय गणेश मिभक लिम्बूलाई फागुन १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले सोही दिन जिल्ला अदालतमा ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको चैत ४ गतेको आदेशले जनही ४० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सबैले सोही दिन धरौटी बुझाएर रिहा भए। फुङलिङ नगरपालिका-११ काफ्लेपाटी क्षेत्रमा नो केवलकार समूह र प्रहरीबिच भएको झडपमा परी घाइते

भएकाहरूको उद्धार गर्न फागुन ८ गते गएको इन्सेक प्रतिनिधिसहितको टोलीलाई नो केवलकार समूहका कार्यकर्ताले आक्रमण गरेका थिए। अधिकारकर्मीमाथि आक्रमण भएको घटनाको इन्सेकले फागुन ९ गते विज्ञप्ति जारी गरी विरोध गऱ्यो। विज्ञप्तिमा अधिकारकर्मीलाई स्वतन्त्रतापूर्वक काम गर्न दिन दुवै पक्षलाई आह्वान गरिएको थियो। कुटपिटबाट टाउकोमा गम्भीर चोट लागेका राजकुमार पौडेलको फागुन ८ गते जिल्ला अस्पताल र फागुन ९ गतेदेखि झापाको बि एण्ड बि अस्पतालमा एक साता उपचार भयो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## गिरफ्तारी

पाथीभरा, मुकुम्लुङ क्षेत्रमा केबलकार निर्माण विवादका क्रममा ०८१ माघ १२ गते प्रहरीमाथि ढुङ्गा प्रहार गरेको आरोपमा प्रहरीले फुङलिङ नगरपालिका-११ अस्थायी ठेगाना भएका ३२ वर्षीय लक्ष्मण लिम्बू र ३१ वर्षीय चन्द्रसागर लिम्बूलाई माघ १२ गते गिरफ्तार गऱ्यो। माघ २२ गते नेपाल सरकार र नो केवलकार समूहबिच भएको वार्तामा सहमति भएपछि माघ २३ गते हाजिरी गराई दुवै जनालाई जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला अदालतका सूचना अधिकारी विष्णु राईले बताए।

पाथीभरा क्षेत्रमा निर्माणाधीन केबलकारको विषयलाई लिएर फुङलिङ नगरपालिका-५ स्थित वीरेन्द्र चोकमा ०८१ फागुन १० गते प्रहरीलाई ढुङ्गा र आगोको लप्का फ्यालेको आरोपमा प्रहरीले १८ जनालाई गिरफ्तार गऱ्यो। ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिका-१ का ४५ वर्षीय नवीन पोमू, फक्ताङलुङ गाउँपालिका-५ का ३७ वर्षीय सुवास तुम्बाहाङफे, पाँचथर जिल्ला याङवरक गाउँपालिका-२ की ४३ वर्षीया इन्दिरा धौराली, फिदिम नगरपालिका-११ का २२ वर्षीय एमन राई, फालेलुङ, गाउँपालिका-८ स्थायी घर भइ फिदिम नगरपालिका-१ मा बस्दै आएकी ४० वर्षीया सुनिता केरुङ, हलिहाङ गाउँपालिका-६ घर भई झापाको अर्जुनधारा नगरपालिका-११ मा बस्दै आएका ४८ वर्षीय मित्र लिङदेन, मिक्लाजुङ गाउँपालिका-५ स्थयी घर भई इलाम नगरपालिका-७ मा बस्दै आएका ५१ वर्षीय योगेन्द्र लावती, तेह्रथुम जिल्ला, आठराई गाउँपालिका-७ घर भई झापा अर्जुनधारा नगरपालिका-११ मा बस्दै आएकी ३० वर्षीया दीक्षा क्षेत्री, शिवसतासी नगरपालिका-२ स्थायी घर भई बिर्तामोड नगरपालिका-२ मा बस्दै आएकी २० वर्षीया ईक्सा लिम्बू, अर्जुनधारा नगरपालिका-४ की २१ वर्षीया निहा चेम्जोङ, सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका-३ का २३ वर्षीय विवेक लिम्बू, सोही ठाउँका १९ वर्षीय जुरन राई, इटहरी उपमहानगरपालिका-२ का ३२ वर्षीय अर्जुन भनिने बिर्खबहादुर तामाङ, इटहरी उपमहानगरपालिका-२० का ३२ वर्षीय अनुप सुब्बा र इटहरी उपमहानगरपालिका-१० का १९ वर्षीय विशेष सुब्बा, मोरङ जिल्ला ग्रामथान गाउँपालिका-६ घर भई सुन्दरहरैँचा नगरपालिका-१० मा बस्दै आएका ५८ वर्षीय तुलाराम तामाङ र उर्लाबारी नगरपालिका-१ का ३९ वर्षीय हरि लिम्बू र पाँचथर जिल्ला मिक्लाजुङ गाउँपालिका-१ का २९ वर्षीय राजकुमार लिम्बूलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको ०८१ चैत ७ गतेको इजलासलले आरोपितहरूलाई जनही २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। आरोपित सबैले सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका सूचनाका अधिकारी विष्णु राईले बताए।

## कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय ४६ जना कैदीबन्दी छन्। क्षमता भन्दा पाँच गुणा कैदीबन्दी भएका कारण व्यवस्थापनमा समस्या हुने गरेको कारागार प्रमुख कुलेन्द्र खबासले बताए। कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा खेलकुदका सामग्रीहरू उपलब्ध छन्। कारागारमा एक जना ज्येष्ठ नागरिक छन्। कैदीबन्दीले सारी, टोपी, चौबन्दी, बाँसका विभिन्न सामान उत्पादन गरी आयआर्जन गर्ने गरेको कारागार प्रमुख खबासले बताए।

## बाल अधिकार

यस वर्ष ताप्लेजुङ जिल्लामा बलात्कार घटनामा सात र यौन दुर्व्यवहारका घटनामा एक जना गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ पुस २७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले भारतको उत्तर प्रदेश स्थायी घर भई बाँके जिल्लाको नरैनापुर

गाउँपालिका-४ दौलतपुरका २२ वर्षीय सञ्जयसिंह ठकुरीविरूद्ध वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ९ गते भयो । आरोपितलाई प्रहरीले ०८२ साउन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ असोज १२ गतेको इजलासले ८ वर्ष कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो ।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ३९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी घर कलहका २१, कुटपिटका १७ र घर निकालाका एक ओटा उजुरी छन्। यी सबै उजुरीमा प्रहरीले मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर विवेक बस्नेतले बताए।

यो वर्ष ताप्लेजुङ जिल्लामा बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई र घरेलु हिंसाका घटनामा १९ जना गरी २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

सिरिजङ्घा गाउँपालिका-५ की ३० वर्षीया शान्ति राईको घरायसी विवादका क्रममा ०८२ साउन ८ गते कैँची प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले ३२ वर्षीय पति विजय भनिने सञ्चमान लिम्बूलाई साउन ११ गते गिरफ्तार गऱ्यो। कैँची प्रहारबाट घाइते पीडितको उपचारका लागि झापा लैजाने क्रममा साउन १० गते मृत्यु भएको थियो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको भदौ २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा साउन ११ गते भयो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचनामा क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा फुङलिङ नगरपालिकाको कार्यालय, हेल्थ डेस्क पाथीभरा क्षेत्र काफ्लेपाटी, सिदिङ्वा गाउँपालिकाको कार्यालय, नेपाली कांग्रेसको पार्टी कार्यालय, तत्कालीन नेकपा माओवादीको पार्टी कार्यालय, राप्रपाको पार्टी कार्यालयको तोडफोड भयो।

**तालिका ५.१.१.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ६ | ७ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | ७ | ८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | १९ | | | १९ |
| बलात्कार | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | १ | २ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | १९ | १ | ४ | २४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.२ सङ्खुवासभा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५८,०४१ |
| महिला | ७८,४६२ |
| घर परिवार सङ्ख्या | ३९,११८ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,१०० |
| साक्षरता प्रतिशत | ७९.७० |
| आश्रित जनसङ्ख्या | ७७,७९८ |
| अपाङ्गता भएका | ५,२४२ |

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ४९ जना महिला र दुई जना पुरुष गरी ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

## घाइते

### राज्यपक्षबाट

खाँदबारी नगरपालिका-६ का ३१ वर्षीय रुद्रबहादुर विश्वकर्मा ०८२ कात्तिक ३० गते प्रहरीले प्रहार गरेको गोली तीघ्रामा लागेर घाइते भए। खाँदबारी नगरपालिका-१ स्थित अस्पताल चोकको पाँचखपन चुङखुरुङ होटलमा बसेका विश्वकर्मालाई प्रहरीले सोधपुछ गर्दा प्रहरीलाई खुकुरी देखाइ आक्रमण गरी भाग्न खोजेपछि गोली चलाएर विश्वकर्मालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी, कुमारप्रसाद मैनालीले बताए। विश्वकर्माले प्रहरीलाई कुकरले प्रहार गरेपछि प्रहरीले आत्मरक्षाका लागि गोली चलाउनु परेको डिएसपी मैनालीले बताए। विश्वकर्माको जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कात्तिक ३० गतेदेखि मङ्सिर ३ गतेसम्म उपचार भयो।

## कारागार र बन्दी

५५ जना क्षमता भएको जिल्ला कारागारमा १ सय ३४ पुरुष र आठ महिला गरी १ सय ४२ जना कैदीबन्दी छन्। कारागारमा दुई जना आश्रित बालबालिका छन्। क्षमता भन्दा तीन गुणा कैदीबन्दी भएका कारण दैनिक क्रियाकलापमा समस्या छ। कारागारमा आठ जना ज्येष्ठ नागरिक र दुई जना भारतीय नागरिक छन्। कारागारमा ०८२ साउन २८ गतेदेखि स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुँदा बिरामीलाई अस्पताल ल्याउँदालैजाँदा खर्च बढ्नुका साथै असहज भएको छ। कैदीबन्दीको क्षमता विकासका लागि समय समयमा टोपी, मुढा बुन्ने सीपमूलक तालिम दिइने गरिएको जेलर राजन घिमिरेले बताए।

## बाल अधिकार

यस वर्ष सङ्खुवासभा जिल्लामा बलात्कार घटनामा २० जना र यौन दुर्व्यवहार घटनामा एक जना गरी २१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

नौ वर्षीया बालिकालाई ०८१ चैत १२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले पाँचखपन नगरपालिका-१ का ३० वर्षीय केशव दाहालविरुद्ध चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पताल, खाँदबारीमा भयो। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको साउन १८ गतेको इजलासले कसुर गरेको ठहर गर्दै २५ वर्ष कैद सजायको फैसला गर्‍यो। कसुरदारलाई ७ लाख ३० हजार रूपियाँ जरिबाना, १ लाख रुपियाँ क्षतिपूर्ति र २९ हजार २ सय रुपियाँ कसुरदारबाट पीडित राहत कोषमा जम्मा गर्ने फैसला भएको अदालतका स्रेस्तेदार भरतमणि पोखरेलले बताए।

**तालिका ५.१.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | | | |
| घाइते | | १ | १ | १ | १ | २ |
| हत्या | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | २० | | २० |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | २१ | | २१ |
| महिला अधिकार | घरेलु हिंसा | | | २१ | | २१ |
| | बलात्कार | | | ४ | | ४ |
| | साइबर अपराध | | | २ | | २ |
| | जम्मा | | | २७ | | २७ |
| **कूल जम्मा** | | २ | २ | ४९ | २ | ५१ |

(स्रोत : इन्सेक, २०२५)

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ३१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ११ र खान लगाउन नदिएका २० उजुरी छन्। सबै उजुरीमा मेलमिलाप गराइएको सेवा केन्द्रकी असइ जानुका खड्काले बताइन्।

यो वर्ष सङ्खुवासभा जिल्लामा बलात्कारका घटनामा चार, साइबर अपराधमा दुई र घरेलु हिंसाका घटनामा २१ जना गरी २७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### बलात्कार

६८ वर्षीया महिलालाई ०८१ फागुन ९ गते बलात्कार गरेको आरोपमा सिलिचोङ गाउँपालिका-५ का २७ वर्षीय अजय मेवाहाङविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ११ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको ०८२ जेठ २२ गतेको इजलासले कसुर गरेको ठहर गर्दै १० वर्ष ६ महिना कैद र ३ लाख ३० हजार रुपियाँ जरिबानाको फैसला गर्‍यो।

### साइबर अपराध

२५ वर्षीया युवतीको टिकटक आइडीमा ०८२ वैशाख २५ गते अश्लील फोटो पोष्ट गरेको आरोपमा पीडितले सुनसरी जिल्ला, हरिनगरा गाउँपालिका-१ का २५ वर्षीय जुबेर आलम मियाँविरुद्ध वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका-६ बाट ०८२ जेठ १ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा जेठ २१ गते साइबर अपराध शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको जेठ २२ गतेको इजलासले आरोपितसँग १ लाख ५० हजार रुपियाँ माग गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२७ वर्षीया युवतीको ०८२ जेठ २५ गते सामाजिक सञ्जालमा अश्लिल फोटो र भिडियो पोष्ट गरी चरित्र हत्या गरेको आरोपमा पीडितले भोजपुर जिल्ला, षडानन्द नगरपालिका-१ का २९ वर्षीय सुजन भुजेलविरुद्ध जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ २७ गते

**तालिका ५.१.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असार १७ गते विद्युतीय कारोबारसम्बन्धी ऐन २०६३ बमोजिम साइबर अपराध शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज त्रिपाठीको असार १८ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**तालिका ५.१.२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | १८ | २० |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | १ | १९ | २१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | २१ | | २१ |
| बलात्कार | २ | | २ | ४ |
| साइबर अपराध | | | २ | २ |
| जम्मा | २ | २१ | ४ | २७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.३ सोलुखुम्बु

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,०४,८५१ |
| महिला | ५२,१०४ |
| घर परिवार सङ्ख्या | २६,२३९ |
| घरजग्गामा महिलाको स्वामित्व | ५,३८६ |
| साक्षरता प्रतिशत | ७६.९५ |
| आश्रित जनसङ्ख्या | ५१,२२२ |
| अपाङ्गता भएका | ३,२८० |




यस वर्ष सोलुखुम्बु जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३८ जना महिला र एक जना पुरुष गरी ३९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३४ जना महिला पीडित भए।

### कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा ११ जना महिला र ८७ जना पुरुष गरी ९८ जना कैदीबन्दी छन्। गत भदौ २४ गते कारागारको फलामे गेट तोडेर ८६ जना पुरुष कैदीबन्दी फरार भए। जसमध्ये वर्षको अन्त्यसम्म ८५ जनालाई कारागार फर्काइएको र एक जना सम्पर्क बाहिर रहेको कारागारका जेलर सुमन कार्कीले बताए। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कैदीबन्दीको व्यक्तित्व विकास, सीप विकास तथा कला विकासका लागि पर्याप्त सुविधा नभएको जेलर कार्कीले बताए। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले दैनिक क्रियाकलापमा समस्या हुने गरेको कैदीबन्दीको गुनासो छ।

### बाल अधिकार

यस वर्ष सोलुखुम्बु जिल्लामा बलात्कार घटनामा तीन बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### हत्या

थुलुङ दुधकोशी गाउँपालिका-९ लोखिमकी पाँच वर्षीया बालिकालाई घरायसी विवादका क्रममा ३२ वर्षीय बाबु चमकुमार तामाङले ०८२ वैशाख ४ गते खुकुरी प्रहार गरी गम्भीर घाइते पारेकोमा उनको उपचारको क्रममा वैशाख १३ गते काठमाडौँस्थित एक

**तालिका ५.१.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | जम्मा | ३ | | ३ |
| महिला अधिकार | घरेलु हिंसा | २८ | | २८ |
| | बलात्कार | ६ | | ६ |
| | जम्मा | ३४ | | ३४ |
| **कूल जम्मा** | | ३८ | १ | ३९ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.१.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

अस्पतालमा मृत्यु भयो। आरोपितलाई प्रहरीले वैशाख ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको भदौ ९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै २५ वर्ष कैद सजायको फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै २८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यी मध्ये २२ उजुरीमा मेलमिलाप र ६ उजुरी कानुनी प्रक्रियामा पठाइएको सेवा केन्द्रकी असइ राधिका श्रेष्ठले बताइन्।

यो वर्ष सोलुखुम्बु जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा २८ जना गरी ३४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

२३ वर्षीया युवतीलाई ०८१ माघ २ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले नेचासल्यान गाउँपालिका-५ का ६१ वर्षीय शेरजोर राईविरुद्ध माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रकुमार पोखरेलको ०८२ असार ३० गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै सात वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति र १२ हजार रुपियाँ पीडित राहत कोषमा कसुरदारबाट भराउने फैसला गऱ्यो।

**तालिका ५.१.३.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | २ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | २२ | ६ | २८ |
| बलात्कार | २ | | ४ | ६ |
| जम्मा | २ | २२ | १० | ३४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.४ ओखलढुङ्गा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३९,५५२ |
| महिला | ७१,४७२ |
| घर परिवार सङ्ख्या | ३४,२८६ |
| घरजग्गामा महिलाको स्वामित्व | ८,४०९ |
| साक्षरता प्रतिशत | ७३.८९ |
| आश्रित जनसङ्ख्या | ६९,३७६ |
| अपाङ्गता भएका | ४,२६० |

यस वर्ष ओखलढुङ्गा जिल्लामा ज्यादतीका घटनामा ५१ जना महिला र एक जना पुरुष गरी ५२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४२ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

चिशंखुगढी गाउँपालिका-६ भदौरे गैरीगाउँमा किराना पसल सञ्चालन गरी बसेका ६० वर्षीय शोभितमान थापा मगर र उनकी ६० वर्षीया पत्नी रत्नमाया थापा मगरको ०८२ पुस १५ गते हत्या गरेको आरोपमा प्रहरीले चिशंखुगढी गाउँपालिका-३ का २८ वर्षीय मिलन भनिने सङ्गम राई, चिशंखुगढी गाउँपालिका-४ का ३० वर्षीय विनोद राई, ३० वर्षीय प्रकाश भुजेल र चिशंखुगढी गाउँपालिका-८ का ३२ वर्षीय दोर्जे भनिने अशोक भुजेललाई प्रहरीले गिरफ्तार गरी पुस २० गते सार्वजनिक गऱ्यो। लुटपाट गर्ने उद्देश्यले हत्या घटना भएको प्रहरीले जनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा पुस १६ गते भयो।

### कारागार र बन्दी

३० जना कैदीबन्दीको क्षमता रहेको जिल्ला कारागारमा ५५ कैदी र २७ थुनुवा गरी ८२ जना कैदीबन्दी छन्। जसमध्ये चारजना ज्येष्ठ नागरिक छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। क्षमताभन्दा साढे दुई गुणा बढी कैदीबन्दी भएकाले दैनिक व्यवस्थापनमा समस्या रहेको जेलर लेखनाथ दाहालले बताए। महिला कैदीबन्दीका लागि बनेको भवनको निर्माण कार्य यस वर्ष पूरा भए पनि अन्य व्यवस्थापकीय कार्य हुन नसक्दा यो वर्षको अन्त्यसम्म पनि सञ्चालनमा आउन सकेन। कारागारमा खेल सामग्री तथा पुस्तकालयको सुविधा छ। कैदीबन्दीले नाङ्लो, डालो, डोको, मुढा, ढाकाको टोपी र दाम्लो लगायतको सामान कारागारमा उत्पादन गर्ने गरेको जेलर लेखनाथ दाहालले बताए।

### बाल अधिकार

यस वर्ष ओखलढुङ्गा जिल्लामा बलात्कार घटनामा दुई, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कार घटनामा एक र यौन दुर्व्यवहार घटनामा दुई जना गरी ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

१६ वर्षीया बालिकालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा सिद्धिचरण गाउँपालिका-९ ज्यामिरेका ३८ वर्षीय राजकुमार भुजेलविरूद्ध पीडित पक्षले ०८१ माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश

**तालिका ५.१.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | | १ |
| हत्या | | २ | १ | ३ |
| बाल अधिकार | यौन दुर्व्यवहार | २ | | २ |
| | बलात्कार | २ | | २ |
| | हाडनाता करणी | १ | | १ |
| | सामुहिक बलात्कार | १ | | १ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | घरेलु हिंसा | २७ | | २७ |
| | बलात्कार | ११ | | ११ |
| | साइबर अपराध | १ | | १ |
| | हाडनाता करणी | १ | | १ |
| | पारिवारिक हत्या | २ | | २ |
| | जम्मा | ४२ | | ४२ |
| **कूल जम्मा** | | ५१ | १ | ५२ |

(स्रोत : इन्सेक, २०२५)

गिरिराज गौतमको ०८२ असार १६ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १० वर्ष कैद सजायसँगै कसुरदारबाट ५ लाख रुपियाँ जरिबाना र १८ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**सामूहिक बलात्कार**

१३ वर्षीया बालिकालाई ०८२ जेठ ११ गते सामूहिक बलात्कार गरेको आरोपमा १६ वर्षीय तीन बालक, १५ वर्षीय दुई बालकविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १३ गते भयो। आरोपित सबै जनालाई प्रहरीले जेठ १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको असार ३ गतेको इजलासले पुर्पक्षका लागि तीन जनालाई बाल सुधार गृह, भक्तपुर र दुई जना १५ वर्षीय बालकलाई अभिभावकको जिम्मा लगाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**तालिका ५.१.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष जिल्ला घरेलु हिंसा भएको भन्दै ७७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर विक्रमबहादुर भट्टराईले बताए।

यो वर्ष ओखलढुङ्गा जिल्लामा बलात्कारका घटनामा ११, हाडनाता करणी घटनामा एक, साइबर अपराध घटनामा एक र घरेलु हिंसाका घटनामा २७ जना गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

**बलात्कार**

७१ वर्षीया महिलालाई ०८२ कात्तिक ८ गते बलात्कार गरेको आरोपमा मानेभन्ज्याङ गाउँपालिका-२ का ३५ वर्षीय राजेन्द्र राईविरूद्ध पीडित पक्षले कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण कात्तिक ९ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले कात्तिक ९ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा मङ्सिर २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको मङ्सिर ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**पारिवारिक हत्या**

मानेभञ्ज्याङ गाउँपालिका-४ केत्तुकेकी ५९ वर्षीया रुपी तामाङलाई घरायसी विवादका क्रममा ०८२ भदौ १८ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपित ६७ वर्षीय पति सनबहादुर तामाङविरुद्ध भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। कुटपिटबाट घाइते पीडितको उपचारका क्रममा भदौ ३० गते जिल्ला अस्पतालमा मृत्यु भएपछि आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम भदौ ३० गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको भदौ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**तालिका ५.१.४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ | २ |
| हाडनाता करणी | | १ | १ |
| सामूहिक बलात्कार | | १ | १ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | २८ | | | २८ |
| साइबर अपराध | | | १ | १ |
| हाडनाता करणी | | १ | | १ |
| बलात्कार | | १ | १० | ११ |
| पारिवारिक हत्या | | | २ | २ |
| जम्मा | २८ | २ | १३ | ४२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.५ खोटाङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७५,२९८ |
| महिला | ८८,६६१ |
| घर परिवार सङ्ख्या | ४१,७२० |
| घरजग्गामा महिलाको स्वामित्व | ७,५८५ |
| साक्षरता प्रतिशत | ७५.९९ |
| आश्रित जनसङ्ख्या | ९१,५३५ |
| अपाङ्गता भएका | ४,९२५ |




यस वर्ष खोटाङ जिल्लामा ज्यादतीका घटनामा २३ जना महिला र चार जना पुरुष गरी २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

### कारागार र बन्दी

९९ जनाको क्षमता रहेको जिल्ला कारागारमा १ सय ३७ पुरुष र तीन महिला गरी १ सय ४० जना कैदीबन्दी रहेका छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी भए पनि रिक्त छ। कारागारको भौतिक पूर्वाधार जीर्ण छ। कारागार भवन वरपरको पर्खाल चर्किएको भए पनि यस वर्षको अन्त्यसम्म मर्मत नभएको कारागारका प्रमुख प्रदीप श्रेष्ठले बताए।

### बाल अधिकार

यस वर्ष खोटाङ जिल्लामा बलात्कार घटनामा तीन, सामूहिक बलात्कारका घटनामा एक र यौन दुर्व्यवहार घटनामा एक जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

दिप्रुङ चुईचुम्मा गाउँपालिका-३ छोरम्बुका एकैघरका ११ वर्षीया बालिका मेनिषा बस्नेत र ६ वर्षीय बालक मेगराज बस्नेतको शव ०८२ साउन २५ गते खाल्डो खनेर गाडिएको ठाउँबाट उत्खनन् गरेर प्रहरीले नियन्त्रणमा लियो। भीरबाट लडेर मृत्यु भएको भनी गाउँलेसहित पीडित परिवारले प्रहरीलाई खबरै नगरी ०८२ साउन २३ गते सद्गत गरी गाडेको शव प्रहरीले

**तालिका ५.१.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | | २ |
| धम्की | | | १ | १ |
| हत्या | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ५ | | ५ |
| महिला अधिकार | घरेलु हिंसा | ११ | | ११ |
| | बलात्कार | ४ | | ४ |
| | बलात्कारपछि हत्या | १ | | १ |
| | जम्मा | १६ | | १६ |
| **कूल जम्मा** | | २३ | ४ | २७ |

(स्रोत : इन्सेक, २०२५)

साउन २५ गते उत्खनन् गरी नियन्त्रणमा लियो।

दिप्रुङ चुईचुम्मा गाउँपालिका-३ छोरम्बका ६ जना बालबालिका साउन २२ गते हराएकामध्ये साउन २२ गते दुई जना मृत फेला परेका थिए। उनीहरू साप्सु खोला तरेर थ्रिस्टार हाइड्रोपावरसम्म पुगेर फर्किएको अनुसन्धानका क्रममा पाइएको प्रहरीले जनायो। घर फर्किंदा बाटो बिराएर उनीहरू दिप्रुङ चुईचुम्मा गाउँपालिका-२ स्थित खमारे भन्ने ठाउँमा पुगेका थिए। साँझसम्म बालबालिका घर नपुगेपछि खोज्दै जाँदा बुबा नवराजले आफ्ना दुई सन्तान मृत भेटेको बताए। बाटोमा भेटिएको चप्पल खोज्दै जाँदा खरुवा खोलामा जेठी छोरीको शव भेटिएको थियो। त्यसपछि विद्यालयका प्रधानाध्यापक लगायत गाउँलेलाई बुबा नवराजले खबर गरेको स्थानीयले बताए। छोरीको भन्दा केही माथि छोराको पनि शव भेटिएको थियो। नवराजकै माइली छोरीसहित अन्य तीन जना बच्चा भने बाटोमुनि ओढारमा भेटिएका थिए। सँगै आइरहेका साथी एक्कासि पछाडि नदेखिएपछि उनीहरू पनि खोज्दै फर्किएको तर, नभेटेपछि आफूहरू अलपत्र परेर ओडारमा बसेको बताएका थिए। यस वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ११ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका तीन, मादक पदार्थ सेवन गरी घर कलहका ६ र घरनिकाला दुई उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी प्रहरी जवान प्रमिला खड्काले बताइन्।

यो वर्ष खोटाङ जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा ११ जना गरी १५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कारपछि हत्याको घटनामा एक जना महिलाको मृत्यु भयो।

### बलात्कारपछि हत्या

दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेकी २८ वर्षीया रेश्मिका सिवा परियारको ०८२ भदौ ३० गते बलात्कारपछि हत्या गरेको आरोपमा सोही ठाउँका १६ वर्षीय बालकविरूद्ध पीडित पक्षले असोज २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। दिप्रुङ चुइचुम्मा गाउँपालिका-५ सछितापोखरीस्थित अजम्बरी साना किसान कृषि सहकारी संस्थामा कार्यरत रेश्मिकाको शव भदौ ३० गते राति दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेको ह्याकुले र रमितेडाँडाको बीचमा पर्ने मार्से सामुदायिक वनमा फेला परेको थियो। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा भदौ ३१ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी इटहरी उपमहानगरपालिका-४ स्थित बुढीगङ्गा विष्णु मुक्तिघाटमा सद्‌गत गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा असोज १ गते कर्तव्य ज्यान र बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको असोज २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**तालिका ५.१.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

### घरेलु हिंसा

घरायसी विवादका क्रममा कोपिलासगढी गाउँपालिका-७ सुङदेलकी ७८ वर्षीया गौमाया राई र छिमेकी ५५ वर्षीया देशमाया राईलाई ०८१ माघ २७ गते पेट्रोल छर्किएर आगो लगाएको आरोपमा गौमायाका ३८ वर्षीय छोरा नीरकुमार राईविरूद्ध सोही दिन इलाका प्रहरी कार्यालय, बाक्सीलामा मौखिक उजुरी दियो। गौमाया र देशमायाको पेट्रोल छर्किएर आगो लगाएका कारण कम्मरमुनिको भाग, दुई ओटा हात र अनुहार जलेको प्रहरीले जनायो। घाइते दुवै जनाको जिल्ला अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि माघ २८ गते बर्न अस्पताल, काठमाडौं रेफर गरिएको जिल्ला अस्पतालका प्रमुख डाक्टर रूपेश संग्रौलाले बताए। घरायसी विवादमा आरोपित नीरकुमारले आमा र छिमेकीलाई पेट्रोल छर्किएर आगो लगाएको सूचना स्थानीयले प्रहरीलाई दिएका थिए। यस वर्षको अन्त्यसम्म आरोपितलाई गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। आगो लगाउने क्रममा आरोपित समेत

जलेर घाइते भए। पीडितसँगै आरोपित उपचारका लागि बर्न अस्पतालमा भर्ना भए । आमा गौमायाले घरायसी विवाद भएकाले पीडितले उजुरी नदिएको वडाध्यक्ष तेजकुमार राईले बताए।

**तालिका ५.१.५.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ३ | ३ |
| सामूहिक बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ११ | | | ११ |
| बलात्कार | | १ | ३ | ४ |
| बलात्कारपछि हत्या | | | १ | १ |
| जम्मा | ११ | १ | ४ | १६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.६ भोजपुर

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५७,९२३ |
| महिला | ७९,७१२ |
| घर परिवार सङ्ख्या | ३८,५८० |
| घरजग्गामा महिलाको स्वामित्व | ७,१०३ |
| साक्षरता प्रतिशत | ७८.८७ |
| आश्रित जनसङ्ख्या | ७९,२७६ |
| अपाङ्गता भएका | ५,४९० |




यस वर्ष भोजपुर जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा २५ जना महिला र चार जना पुरुष गरी २९ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

रामप्रसादराई गाउँपालिका-१ धोत्लेखानीका नौ वर्षीय बालकसहित एकै परिवारका चार जनाको ०८२ असार २१ गते राति सामूहिक हत्या गरेको आरोपमा प्रहरीले भोजपुर नगरपालिका-२, हेलौछा घर भएका ३० वर्षीय राजेन्द्र राईलाई असार २२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको असार २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। आरोपित राईले घरायसी विवादमा असार २१ गते राति ६८ वर्षीय ससुरा बेलबहादुर गिरी, ४५ वर्षीया सासु मञ्जु गिरी, १५ वर्षीया पत्नी  र नौ वर्षीय सालोको खुकुरी प्रहार गरी हत्या गरेपछि प्रहरीलाई फोन गरी घटनाबारे जानकारी गराएका थिए। १५ वर्षीया बालिकालाई भगाएर विवाह

**तालिका ५.१.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | २ | २ |
| हत्या | | | २ | २ |
| बाल अधिकार | बलात्कार | २ | | २ |
| | हाडनाता करणी | १ | | १ |
| | जम्मा | ३ | | ३ |
| महिला अधिकार | घरेलु हिंसा | १७ | | १७ |
| | बलात्कार | १ | | १ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | पारिवारिक हत्या | ३ | | ३ |
| | जम्मा | २२ | | २२ |
| **कूल जम्मा** | | २५ | ४ | २९ |

(स्रोत : इन्सेक, २०२५)

गरेको र ससुरालीमा पत्नी लिन जाँदा छोरी लैजान दिनुको सट्टा आक्रमण गरेपछि आफूले परिवारका सबै सदस्यलाई खुकुरी प्रहार गरी हत्या गरेको आरोपितले बयान दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी युवराज तिम्सिनाले बताए। शवहरूको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा असार २३ गते भयो। पीडित पक्षले शव बुझी सोही दिन सेउती खोलामा सद्गत गरे। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

४० जनाको क्षमता भएको जिल्ला कारागार, भोजपुरमा ९७ पुरुष र नौ महिला गरी १ सय ६ जना कैदीबदी छन्। कारागारमा एक आश्रित बालिका छन्। जसमध्ये ६० वर्ष नाघेका ६ जना ज्येष्ठ नागरिक छन्। एकजना अहेबको दरबन्दी रहेकोमा कार्यरत छन्। क्षमताभन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या हुने गरेको, खेलकुदका सामग्री पर्याप्त भए पनि खेल्ने ठाउँको अभाव रहेको छ। कैदीबन्दीका लागि सीप विकास तालिमको व्यवस्था गरिएको कारागार प्रमुख, खगेन्द्रप्रसाद खनालले बताए।

## बाल अधिकार

यस वर्ष भोजपुर जिल्लामा बलात्कार घटनामा दुई र हाडनाता करणी घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै १८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरेलु हिंसाका आठ, खान लगाउन नदिएका चार र मादक पदार्थ सेवन गरी घर कलहका ६ ओटा उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रले जनायो ।

यो वर्ष भोजपुर जिल्लामा बलात्कारका घटनामा एक, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा १७ जना गरी १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

## पारिवारिक हत्या

पौवादुङमा गाउँपालिका-१ हिलेभञ्ज्याङ ६३ वर्षीया दानुरी शेर्पा तामाङलाई घरायसी विवादका क्रममा ०८२ जेठ १५ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ३७ वर्षीय छोरा निमा शेर्पालाई सोही दिन गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम जेठ १६ गते जिल्ला अस्पताल, भोजपुरमा भयो। जिल्ला अदालतका न्यायाधीश तीर्थराज केसीको असार ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**तालिका ५.१.६.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | २ | २ |
| हाडनाता करणी | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १६ | १ | १७ |
| बलात्कार | | १ | १ |
| सामूहिक बलात्कार | | १ | १ |
| पारिवारिक हत्या | | ३ | ३ |
| जम्मा | १६ | ६ | २२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.७ धनकुटा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५०,५९९ |
| महिला | ७६,७७५ |
| घर परिवार सङ्ख्या | ३७,६१६ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,२३९ |
| साक्षरता प्रतिशत | ८१.३६ |
| आश्रित जनसङ्ख्या | ७०,३२२ |
| अपाङ्गता भएका | ५,१९७ |



यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा २७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १८ जना महिला पीडित भए।

**तालिका ५.१.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | जम्मा |
| कुटपिट | | १ | १ | | |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | ८ | ८ |
| | जम्मा | | | ८ | ८ |
| महिला अधिकार | घरेलु हिंसा | | | १० | १० |
| | बलात्कार | | | ७ | ७ |
| | बलात्कार प्रयास | | | १ | १ |
| | जम्मा | | | १८ | १८ |
| **कूल जम्मा** | | १ | १ | २७ | २७ |

(स्रोत : इन्सेक, २०२५)

## कुटपिट

### राज्यपक्षबाट

साँगुरीगढी गाउँपालिकाका योजना अधिकृत ३८ वर्षीय द्रोण राईले आफूलाई साँगुरीगढी गाउँपालिका-१ का वडाध्यक्ष ४७ वर्षीय गोविन्द लिम्बूले ०८२ कात्तिक २७ गते कार्यकक्षमै कुटपिट गरेको आरोप लगाए। सम्झौता नै नगरेको खेलकुद कार्यक्रमको १ लाख रुपियाँ भुक्तान नहुने भनेपछि आफूलाई वडाध्यक्षले कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट अनुहारमा चोट लागेको पीडित राईको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा कात्तिक २७ गते उपचार भयो। पीडितले आरोपितविरुद्ध उजुरी दिएनन्।

## कारागार र बन्दी

५० जना क्षमताको कारागारमा ६ जना महिला र १ सय ६३ जना पुरुष कैदीबन्दी छन् । क्षमता भन्दा बढी कैदीबन्दी भएका सुत्न, सरसफाइ लगायतका व्यवस्थापनमा कठिनाइ हुने गरेको छ। जिल्ला कारागारमा दरबन्दी अनुसार स्वास्थ्यकर्मी छैनन्। खानेपानी नियमित आपूर्ति नहुँदा समस्या खानेपानीको समस्या हुने गरेको छ। खानेपानीको समस्या समाधानका लागि तीनै तहको सरकारबाट पहल नभएको कारागारका सूचना अधिकारी सुवास भण्डारीले बताए।

## बाल अधिकार

यस वर्ष धनकुटा जिल्लामा बलात्कार घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै १० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ६, खान लगाउन नदिएका दुई, विवाह दर्ता र जन्म दर्ता नगरिदिएको एक/एक उजुरी छन्। यी सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पाण्डव राजवंशीले बताए।

यो वर्ष धनकुटा जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा १० गरी १८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.१.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ८ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १० | | | १० |
| बलात्कार | | १ | ६ | ७ |
| बलात्कार प्रयास | | | १ | १ |
| जम्मा | १० | १ | ७ | १८ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.८ तेह्रथुम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८८,७३१ |
| महिला | ४५,१५० |
| घर परिवार सङ्ख्या | २१,८४५ |
| घरजग्गामा महिलाको स्वामित्व | ५,२७९ |
| साक्षरता प्रतिशत | ८१.९४ |
| आश्रित जनसङ्ख्या | ४२,९६५ |
| अपाङ्गता भएका | २,५४५ |

यस वर्ष तेह्रथुम जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३२ जना महिला र एक जना पुरुष गरी ३३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

**कारागार र बन्दी**

३५ जनाको कैदीबन्दीको भएको जिल्ला कारागारमा चार महिला र ८६ पुरुष गरी ९० जना छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको जेलर अनिलकुमार तिवारीले बताए। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेका छन्।

**बाल अधिकार**

यस वर्ष तेह्रथुम जिल्लामा बलात्कार घटनामा चार र हाडनाता करणी घटनामा एक जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

१३ वर्षीया बालिकालाई ०८२ जेठ ३ गते बलात्कार गरेको आरोपमा आठराई गाउँपालिका-७ का ३७ वर्षीय जीवन सागर कन्दङ्वाविरुद्ध पीडित पक्षले ०८२ जेठ ४ गते जिल्ला प्रहरी कार्यालय उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको ०८२ भदौ १७ गतेको इजलासले आंशिक अभियोग दाबी पुग्ने ठहर गर्दै १ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिँसा भएको भन्दै १९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ११, गालीगलौजका तीन, मादक पदार्थ सेवन गरी कुटपिटका पाँच उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रले जनायो।

यो वर्ष तेह्रथुम जिल्लामा बलात्कारका घटनामा पाँच, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा १८ गरी २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

**पारिवारिक हत्या**

लालीगुराँस नगरपालिका ३ मुसाङखेलकी ८१ वर्षीया गंगामाया खड्काको घरायसी विवादका क्रममा

०८२ साउन २३ गते लाठीले टाउको र हातमा प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ५४ वर्षीय छोरा होमबहादुर खड्काविरूद्ध साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन २४ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा साउन २४ गते भयो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको भदौ ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### जातीय विभेद

आठराई गाउँपालिका-७ की २२ वर्षीया एलिसा विश्वकर्मालाई ०८२ भदौ ११ गते जातीय विभेद तथा छुवाछूत गरेको आरोपमा पीडित पक्षले आठराई गाउँपालिका-७ पिप्लेकी ३२ वर्षीया तारादेवी खतिवडाविरुद्ध भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको भदौ ३१ गतेको इजलासले आरोपितलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। आठराई गाउँपालिका-७ नाम्जा स्थित नाम्जा आधारभूत विद्यालयमा ०८२ भदौ ११ गते खाजा खाने क्रममा आरोपितले तपाईले छोएको खाना अरूले खान नमानेको भन्दै जातीय विभेद गरेको पीडितको आरोप छ। घटनाकी आरोपित प्रधानाध्यापक

**तालिका ५.१.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.१.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| जातीय विभेद | | १ | | १ |
| बाल अधिकार | बलात्कार | ४ | | ४ |
| | हाडनाता करणी | १ | | १ |
| | जम्मा | ५ | | ५ |
| महिला अधिकार | घरेलु हिंसा | १८ | | १८ |
| | बलात्कार | ५ | | ५ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | हाडनाता करणी | १ | | १ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | २६ | | २६ |
| **कूल जम्मा** | | ३२ | १ | ३३ |

(स्रोत : इन्सेक, २०२५)

तारादेवी खतिवडाले इन्सेक प्रतिनिधिसँगको कुराकानीमा 'आफूले सधैं एलिसा मिससँगै खाजा खाने गरेको तर, भदौ ११ गते विद्यालयमा दर खाने कार्यक्रममा ज्येष्ठ नागरिकलाई समेत खाना बनाएकाले भान्साभन्दा अलि अलग बस्नमात्र भनेको' बताइन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

आठराई गाउँपालिका-४ इवास्थित प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर नवयुवा पुस्ताको आन्दोलनका क्रममा भदौ २४ गते आगजनी भयो।

**तालिका ५.१.८.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | ३ | ४ |
| हाडनाता करणी | | १ | १ |
| जम्मा | १ | ४ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १८ | | १८ |
| बलात्कार | | ५ | ५ |
| हाडनाता करणी | | १ | १ |
| सामूहिक बलात्कार | | १ | १ |
| पारिवारिक हत्या | | १ | १ |
| जम्मा | १८ | ८ | २६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.९ पाँचथर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७२,४०० |
| महिला | ८६,७१७ |
| घर परिवार सङ्ख्या | ४२,४३७ |
| घरजग्गामा महिलाको स्वामित्व | ६,९१३ |
| साक्षरता प्रतिशत | ८२.२९ |
| आश्रित जनसङ्ख्या | ८३,२२० |
| अपाङ्गता भएका | ४,५८७ |

यस वर्ष पाँचथर जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३४ जना महिला र तीन जना पुरुष गरी ३७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २५ जना महिला पीडित भए।

### कारागार र बन्दी

२० जना पुरुष र पाँच जना महिला गरी २५ जनाको क्षमता भएको जिल्ला कारागारमा ३६ जना कैदी र ३१ जना बन्दी गरी ६७ जना छन्। कारागारमा ६० वर्षमाथिका तीन जना ज्येष्ठ नागरिक रहेको जेलर सुरेन्द्र मुखियाले बताए। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। १ सय ९६ जना क्षमताको निर्माणाधीन भवनको ४० प्रतिशत काम सम्पन्न भएको जेलर मुखियाले बताए।

### कुटपिट

#### अन्यपक्षबाट

फिदिम नगरपालिका-११ नागिनका ३९ वर्षीय पत्रकार तथा केन्जो खबर डटकमका अध्यक्ष विष्णु अधिकारी र उनको परिवारका अन्य दुई जनालाई ०८२ मङ्सिर २२ गते राति घरभित्रै प्रवेश गरी अज्ञात पक्षले कुटपिट गरेको पीडितले बताए। घाइतेको बी एण्ड सी, बिर्तामोडमा मङ्सिर २३ देखि २६ गतेसम्म उपचार भयो। पीडितले मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

### बाल अधिकार

यस वर्ष पाँचथर जिल्लामा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहार घटनामा दुई गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

१६ वर्षीया बालिकालाई ०८१ चैत ७ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-४ का २६ वर्षीय द्रोण रसाइलीविरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको ०८२ मङ्सिर १६ गतेको इजलासले कसुर ठहर गर्दै १२ वर्ष कैद, पीडितले पाउने गरी कसुरदारबाट ५ लाख रुपियाँ क्षतिपूर्ति र ३० हजार रुपियाँ जरिवाना भराउने फैसला गऱ्यो।

#### यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०८२ वैशाख १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा तुम्बेवा गाउँपालिका-१ का ४१ वर्षीय माइला भनिने वीरबहादुर तामाङविरुद्ध पीडित पक्षले वैशाख १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको ०८२ साउन २७ गतेको इजलासले आरोपितलाई २० दिन कैद सजाय, पीडितले

**तालिका ५.१.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| घाइते | | ३ | | ३ |
| धम्की | | १ | | १ |
| हत्या | | १ | २ | ३ |
| बाल अधिकार | बलात्कार | २ | | २ |
| | यौन दुर्व्यवहार | २ | | २ |
| | जम्मा | ४ | | ४ |
| महिला अधिकार | घरेलु हिंसा | १७ | | १७ |
| | बलात्कार | २ | | २ |
| | बलात्कार प्रयास | १ | | १ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | हाडनाता करणी | १ | | १ |
| | पारिवारिक हत्या | ३ | | ३ |
| | जम्मा | २५ | | २५ |
| **कूल जम्मा** | | ३४ | ३ | ३७ |

(स्रोत : इन्सेक, २०२५)

पाउने गरी ३० हजार रुपियाँ क्षतिपूर्ति, २० हजार रुपियाँ र कसुरदारबाट पीडित राहत कोषमा ८ सय रुपियाँ भराउने फैसला गऱ्यो।

**हत्या**

मिक्लाजुङ गाउँपालिका-८ दुर्दिम्बा, भदौरेका १७ वर्षीय बालकको ०८२ कात्तिक ९ गते गोली प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले ५२ वर्षीय बाबुलाई सोही दिन गिरफ्तार गऱ्यो। मादक पदार्थ सेवन गरेका आरोपितले भनाभनका क्रममा छोरालाई गोली प्रहार गरेका थिए। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको कात्तिक २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै १७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिटका नौ, घरनिकालाका पाँच र खान लगाउन नदिएका तीन ओटा उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रूपेश तामाङले बताए।

यो वर्ष पाँचथर जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा एक, सामूहिक बलात्कार घटनामा एक, हाडनाता करणी घटनामा एक र घरेलु हिंसाका घटनामा १७ जना गरी २२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन महिलाको हत्या भयो।

**बलात्कार प्रयास**

२६ वर्षीया महिलालाई ०८१ फागुन २ गते बलात्कार प्रयास गरेको आरोपमा फालेलुङ गाउँपालिका-८ का ४० वर्षीय लदु केरुङविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको ०८२ असार २५ गतेको इजलासले कसुर ठहर गर्दै १२ वर्ष कैद, पीडितले पाउने गरी कसुरदारबाट १२ हजार ५ सय रुपियाँ क्षतिपूर्ति, ५ हजार रुपियाँ जरिवाना र ५ सय रुपियाँ पीडित राहत कोषमा कसुरदारबाट भराउने फैसला गऱ्यो।

**पारिवारिक हत्या**

याङवरक गाउँपालिका-४ दाहाल गाउँकी ४० वर्षीया सम्झना भट्टराईलाई घरायसी विवादका क्रममा ०८२ वैशाख ६ गते ४२ वर्षीय पति कृष्ण लिङदेनले कुटपिट गरी घाइते बनाए। जिल्ला अस्पतालमा उपचार सम्भव नभएपछि घाइतेलाई जेठ ११ गते थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा लगिएकोमा सोही दिन चिकित्सकले मृत घोषणा गरे। आरोपितलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुमार मास्केको असार ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

हिलिहाङ गाउँपालिका-१ फेदापका ६९ वर्षीय युवराज राईलाई ०८२ कात्तिक १७ गते अंशसम्बन्धी विवादमा चिर्पट प्रहार गरी हत्या गरेको आरोप प्रहरीले ३१ वर्षीय छोरा सन्देश राईलाई सोही दिन घटनास्थलबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायधीश कुमार मास्केको मङ्सिर ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

**तालिका ५.१.९.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ | २ |
| यौन दुर्व्यवहार | १ | १ | २ |
| जम्मा | २ | २ | ४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | १७ | | १७ |
| बलात्कार | | | २ | २ |
| बलात्कार प्रयास | १ | | | १ |
| हाडनाता करणी | | | १ | १ |
| सामूहिक बलात्कार | | | १ | १ |
| पारिवारिक हत्या | | | ३ | ३ |
| जम्मा | १ | १७ | ७ | २५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.१० इलाम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,७९,५३४ |
| महिला | १,४०,१०३ |
| घर परिवार सङ्ख्या | ७०,५०१ |
| घरजग्गामा महिलाको स्वामित्व | १२,५८३ |
| साक्षरता प्रतिशत | ८३.३७ |
| आश्रित जनसङ्ख्या | १,२२,३७६ |
| अपाङ्गता भएका | ६,७५९ |

गत ०८२ असोज १७ गतेदेखि २१ गतेसम्म भएको अत्यधिक वर्षाका कारण आएको बाढीपहिरोका घटनामा इलाम जिल्लामा १६ जना महिला र २३ पुरुषको मृत्यु भयो। सूर्योदय नगरपालिकामा चार जना महिला र एक पुरुषको मृत्यु हुनुका साथै ५३ घरमा पूर्ण र १ सय ९४ घरमा आंशिक क्षति भयो। इलाम नगरपालिकामा दुई जना महिला र पाँच जना पुरुषको मृत्यु हुनुका साथै ९८ घर पूर्ण र २ सय ६३ घरमा आंशिक क्षति भयो। देउमाइ नगरपालिकामा तीन महिला र पाँच पुरुषको मृत्यु हुनुका साथै ४० घरमा पूर्ण र १ सय ११ घरमा आंशिक क्षति भयो। माइ नगरपालिकामा १६ ओटा घरमा पूर्ण र ७६ ओटा घरमा आंशिक क्षति भयो।

माङसेबुङ गाउँपालिकामा तीन पुरुषको मृत्यु हुनुका साथै १२ घरमा पूर्ण र ९ ओटामा आंशिक क्षति भयो। फाक्फोक्थुम गाउँपालिकामा एक जना पुरुषको मृत्यु हुनुका साथै २८ ओटा घरमा पूर्ण र २० घरमा आंशिक क्षति भयो। सन्दकपुर गाउँपालिकामा चार महिला र तीन पुरुषको मृत्यु हुनुका साथै ४२ घरमा पूर्ण र ७५ घरमा आंशिक क्षति भयो। माइजोगमाइ गाउँपालिकामा पाँच पुरुष र तीन जना महिलाको मृत्यु हुनुका साथै आठ घरमा पूर्ण र १२ घरमा आंशिक क्षति भयो। जिल्लामा विपत्का घटनामा १९ जना घाइते र एक जना बेपत्ता भए। ३ सय ३६ घरमा पूर्ण र ८ सय २८ घरमा आंशिक क्षति भयो।

कोशी प्रदेश सरकारले ०८२ असोज २२ गते जिल्लाका सात ओटा स्थानीय तहलाई तीन महिना सङ्कटग्रस्त घोषणा गर्न सङ्घीय सरकारलाई सिफारिस गऱ्यो। सङ्घीय

**तालिका ५.१.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| घाइते | | २ | २ | ४ |
| हत्या | | १ | ३ | ४ |
| बाल अधिकार | बलात्कार | ११ | | ११ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | यौन दुर्व्यवहार | ५ | | ५ |
| | जम्मा | १७ | | १७ |
| महिला अधिकार | घरेलु हिँसा | ९ | | ९ |
| | बलात्कार | १९ | | १९ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | पारिवारिक हत्या | २ | | २ |
| | जम्मा | ३१ | | ३१ |
| **कूल जम्मा** | | ५१ | ६ | ५७ |

(स्रोत : इन्सेक, २०२५)

सरकारले असोज २३ गते ती स्थानीय तहलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गऱ्यो। सरकारले आकस्मिक उद्धारका लागि प्रति स्थानीय तह ४० लाखका दरले निकासा उपलब्ध गरायो। यो वर्षको अन्त्यसम्म अरू रकम सङ्घीय सरकारबाट नआएको जिल्ला विपत् व्यवस्थापन समितिले जनायो। सरकारले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको भए पनि पहिरोका कारण अवरुद्ध भएका सडक खुलाउन, पहिरो पन्छाउन मात्र सङ्घीय सरकारले सहयोग गरेको नागरिक समाजले जनायो। प्राकृतिक विपत्का कारण ५ अर्ब बढीको क्षति भएको जिल्ला विपत् व्यवस्थापन समितिले जनायो।

यस वर्ष इलाम जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ५१ जना महिला र ६ जना पुरुष गरी ५७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए।

## कारागार र बन्दी

१ सय जना पुरुष र २५ जना महिला कैदीबन्दीको क्षमता भएको जिल्ला कारागारमा ३ सय ९ जना पुरुष, २० जना महिला र अढाइ वर्षको आश्रित बालकसहित ३ सय ३० जना छन्। ताप्लेजुङ जिल्ला कारागारमा महिला बन्दीगृह नभएकाले त्यहाँका महिला कैदीबन्दीलाई समेत इलाम कारागार ल्याइने गरेकाले क्षमता भन्दा बढी चाप परेको कारागार प्रमुख मधुर नेपालीले बताए। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारमा १८ ओटा शौचालय रहेकाले शौचालय प्रयोगमा समस्या नभएको कारागार जेलर मधुर नेपालीले बताए। यस कारागारमा ६५ देखि ९२ वर्ष उमेर समूहका ११ जना ज्येष्ठ नागरिक छन्।

## घाइते

### अन्यपक्षबाट

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालयमा भएको झडपमा प्रमुख जिल्ला अधिकारीका सुरक्षागार्ड प्रहरी हवल्दार निरानन्द न्यौपाने र उच्च अदालत, इलाम इजलासका सुरक्षा गार्ड प्रहरी जवान सञ्जीव राई घाइते भए। घाइते दुवै जनाको सोही दिन जिल्ला अस्पतालमा उपचार भयो।

**तालिका ५.१.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

## कुटपिट

### अन्यपक्षबाट

चुलाचुली गाउँपालिकाका अध्यक्ष ५५ वर्षीय राजेन्द्र केरुङ्गलाई आपसी विवादका क्रममा ०८१ पुस २२ गते चुलाचुली गाउँपालिका-४ का ४२ वर्षीय कुमार साङपाङले हातपात गरेको आरोपमा पीडितले आरोपित विरुद्ध पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। चुलाचुली गाउँपालिका-४ स्थित बालज्योति माविमा आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका क्रममा आरोपितले हातपात गरेको अध्यक्ष केरुङले बताए। प्रहरीले जिल्ला प्रशासन कार्यालयमा माघ ६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको टुङ्गो लागेन।

## बाल अधिकार

यस वर्ष इलाम जिल्लामा बलात्कार घटनामा ११, सामूहिक बलात्कार घटनामा एक र यौन दुर्व्यवहार घटनामा पाँच गरी १७ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१४ वर्षीया बालिकालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-८ मालुमका १९ वर्षीय राजीव परियारविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको ०८२ जेठ २५ गतेको इजलासले आरोपितलाई १८ वर्ष कैद सजाय, पीडित राहत कोषबाट २ लाख ५० हजार रुपियाँ र कसुरबाट २८ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

### यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०८२ जेठ २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले भारत स्थायी घर भई सन्दकपुर गाउँपालिका-४ बस्दै आएका ५१ वर्षीय मसुरी मियाँलाई जेठ २३ गते गिरफ्तार गऱ्यो।

जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको ०८२ कात्तिक १७ गतेको इजलासले आरोपितलाई १२ वर्ष ६ महिना १५ दिनको कैद सजाय र पीडितले पाउने गरी १ लाख ९८ हजार रुपियाँ कसुरदारबाट क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै नौ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। कुटपिटका नौ उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मौसम उदासले बताए।

यो वर्ष इलाम जिल्लामा बलात्कारका घटनामा १९, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिँसाका घटनामा नौ गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

**पारिवारिक हत्या**

फाकफोकथुम गाउँपालिका-३ सल्लेरीकी १९ वर्षीया विमला कट्टेलको ०८१ चैत १ गते हत्या गरेको आरोपमा प्रहरीले पति २५ वर्षीय उमेश गिरीलाई चैत १५ गते गिरफ्तार गऱ्यो। ०८१ चैत १ गतेदेखि बुहारी हराएको भनि ससुरा कृष्णलाल गिरीले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। विमलाको शव हराएको १५ दिनपछि ०८१ चैत १४ गते गाडिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानबहादुर राईले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत १५ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी फाकफोकथुम गाउँपालिका-३ सल्लेरीमा सद्गत गऱ्यो। घरेलु हिंसाका कारण पत्नीको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। आरोपितलाई प्रहरीले चैत १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रोशन गजुरेलको असार १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचनामा क्षति/सम्पत्ति क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको प्रर्दशनका क्रममा इलाम नगरपालिका-७ मा रहेका जिल्ला प्रशासन कार्यालय, इलाम नगरपालिका-७ अस्थायी नगर प्रहरी पोष्ट, अस्थायी प्रहरी चौकी बिल्ल्याटे, नेपाली सेनाको अतिथि गृह, नेकपा एमाले पार्टी कार्यालय, राष्ट्रिय प्रजातन्त्र पार्टी कार्यालय, रेडियो नेपालवाणी, मुनाल मेनपावर र सूर्यरत्न बचत तथा ऋण सहकारी संस्थामा आगजनी र तोडफोड भयो। आगजनी र तोडफोडबाट ३ करोड रुपियाँ बराबरको क्षति भएको कोशी प्रदेश क्षति अध्ययन तथा मूल्याङ्कन समितिले जनायो।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले ०८२ मङ्सिर २० गते इलाम नगरपालिका-१ का ३० वर्षीय सागर संग्रौला, इलाम नगरपालिका-७ का ५२ वर्षीय कमलकुमार साह हलुवाई, इलाम नगरपालिका-६ का २९ वर्षीय विशाल नौभाङ, इलाम नगरपालिका-७ का ४० वर्षीय पवित्तर मल्लिक, इलाम नगरपालिका-४ का ३६ वर्षीय यादव तिवारी, इलाम नगरपालिका-६ का ३० वर्षीय अर्जुन त्रिखत्री, मिक्वाखोला गाउँपालिका-२ ताप्लेजुङका ३२ वर्षीय तेजकुमार विक, इलाम नगरपालिका-५ का २३ वर्षीय मन भनिने मोहनकुमार लिम्बू, झापा स्थायी घर भई इलाम नगरपालिका-५ बस्दै आएका ४३ वर्षीय सुरज भनिने सुरज गुरुङ, इलाम नगरपालिका-९ का ४६ वर्षीय टिकाराम चौहान र इलाम नगरपालिका-९ का ३६ वर्षीय सविन राईलाई गिरफ्तार गऱ्यो। यसैगरी, प्रहरीले मङ्सिर २१ गते इलाम नगरपालिका-९ का ३९ वर्षीय होमबहादुर खवास, फाकफोकथुम गाउँपालिका-३ का २३ वर्षीय आदर्श राई, सन्दकपुर गाउँपालिका-२ का २५ वर्षीया अञ्जु राई र इलाम नगरपालिका-१२ का २८ वर्षीय अनिष राईलाई गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा मङ्सिर २३ गते आपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले आरोपितहरूलाई हाजिरी जमानीमा रिहा गर्न आदेश गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लक्ष्मी भण्डारीले बताए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको प्रर्दशनका क्रममा इलाम नगरपालिकाको कार्यालय र त्यहाँ रहेका तीन ओटा मोटरसाइकल, नेपाली कांग्रेस पार्टी कार्यालय इलाम नगरपालिका-२ मा आगजनी र तोडफोडबाट ७५ लाख रुपियाँ, इलाम नगरपालिका-६ मा रहेको जिल्ला निर्वाचन कार्यालय, इलाम नगरपालिकाका दुई ओटा चार पाङ्ग्रे र एक

ओटा मोटरसाइकल, सव डिभिजन वन कार्यालय, माई नगरपालिका-२ भित्र राखिएको मेयरको गाडीमा तोडफोड र आगजनी भयो। आगजनी र तोडफोडबाट १ करोड १० लाख रुपियाँ बराबरको क्षति भएको कोशी प्रदेश क्षति अध्ययन तथा मूल्याङ्कन समितिले जनायो।

रोङ गाउँपालिका-२ को वडा कार्यालयमा तोडफोड र एउटा मोटरसाइकलमा आगजनी भयो। आगजनी र तोडफोडबाट ९ लाख रुपियाँ बराबरको क्षति भएको कोशी प्रदेश क्षति अध्ययन तथा मूल्याङ्कन समितिले जनायो।

माइ नगरपालिका-१, २, ३, ४, ५ ६, ७, ८, ९ र १० नम्बर वडा कार्यालयमा तोडफोड र कागजपत्रमा आगजनी भयो। आगजनी र तोडफोडबाट ९९ लाख रुपियाँ बराबरको क्षति भएको कोशी प्रदेश क्षति अध्ययन तथा मूल्याङ्कन समितिले जनायो।

माइ नगरपालिका-४ मा रहेको सुखानी अध्ययन केन्द्र र माओवादी पार्टी कार्यालयमा आगजनीका साथै तोडफोड भयो। आगजनी र तोडफोडबाट १५ लाख रुपियाँ बराबरको क्षति भएको कोशी प्रदेश क्षति अध्ययन तथा मूल्याङ्कन समितिले जनायो।

**तालिका ५.१.१०.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ९ | ११ |
| सामूहिक बलात्कार | | १ | १ |
| यौन दुर्व्यवहार | १ | ४ | ५ |
| जम्मा | ३ | १४ | १७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा नल्याइएका | जम्मा |
| घरेलु हिंसा | ९ | | | ९ |
| बलात्कार | | २ | १७ | १९ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| पारिवारिक हत्या | | | २ | २ |
| जम्मा | ९ | २ | २० | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | ४ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.११ झापा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ९,९८,०५४ |
| महिला | ५,१९,५४५ |
| घर परिवार सङ्ख्या | २,४५,०१९ |
| घरजग्गामा महिलाको स्वामित्व | ८०,६६५ |
| साक्षरता प्रतिशत | ८२.८३ |
| आश्रित जनसङ्ख्या | ४,५६,४४१ |
| अपाङ्गता भएका | २३,९२६ |

यस वर्ष झापा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला र १ सय ९ जना पुरुष गरी १ सय १५ जना पीडित भए। ज्यादतीका घटनामा १ सय ४३ जना महिला र ७५ जना पुरुष गरी २ सय १८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७५ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार

#### हत्या

**राज्यपक्षबाट**

अर्जुनधारा नगरपालिका-११ का ३९ वर्षीय ज्ञानेन्द्र भनिने गोपाल सेढाई बिर्तामोड नगरपालिका-५ मा ०८२ भदौ २३ गते नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा प्रहरीको गोली लागेर घाइते भए। उनको उपचारका क्रममा बिर्तासिटी, अस्पतालमा भदौ २३ गते मृत्यु भयो। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पतालमा भदौ २७ गते भयो। पीडित पक्षले भदौ २७ गते शव बुझी कन्काई नगरपालिका-४ स्थित माइधारमा सद्गत गऱ्यो।

पाँचथर हिलिहाङ गाउँपालिका-२ का ३१ वर्षीय कमल भण्डारी बिर्तामोड नगरपालिका-५ मा ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर घाइते भएकोमा उनको बी एण्ड सी अस्पतालमा उपचारका क्रममा सोही दिन मृत्यु भयो। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पतालमा भदौ २७ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी कन्काई नगरपालिका-४ स्थित माइधारमा सद्गत गऱ्यो।

अर्जुनधारा नगरपालिका-८ हात्तीकिल्लाका ३२ वर्षीय दिनेश राजवंशी बिर्तामोड नगरपालिका-५ मा ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलनमा प्रहरीको गोली लागेर घाइते भएकोमा बीएण्डीसी अस्पतालमा उपचारका क्रममा भदौ २७ गते मृत्यु भयो। शवको पोष्टमार्टम भदौ २८ गते मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भयो। सोही दिन पीडित पक्षले शव बुझी कन्काइ नगरपालिका-४ स्थित माइधारमा सद्गत गरे।



*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः गोपाल सेढाई, कमल भण्डारी र दिनेश राजवंशी*

### अन्यपक्षबाट

झापा गाउँपालिका-१ का लसुनाका ६० वर्षीय जतन सोरेनलाई मादक पदार्थ सेवन गरी हल्ला गरेको आरोपमा ०८२ साउन २० गते रूखमा बाँधेर हत्या गरेको आरोपमा प्रहरीले २७ वर्षीय छोरा अनतलाल सोरेन र छिमेकी ५० वर्षीय महादेव टुडु, २० वर्षीय लुखीराम टुडु र २१ वर्षीय लखीराम टुडुलाई साउन २१ गते गिरफ्तार गर्‍यो। मादक पदार्थ सेवन गरेर हल्ला गरेको भन्दै साउन २० गते राति रूखमा बाँधेर राखिएका जतन सोरेन साउन २१ गते मृत अवस्थामा फेला परेका थिए। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पतालमा साउन २१ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी झापा गाउँपालिका-१ लसुनामा सद्‌गत गर्‍यो।

**तालिका ५.१.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ७ | ७ | | | |
| कुटपिट | | | | | १ | १ | २ |
| घाइते | | ६ | ९६ | १०२ | १० | ६६ | ७६ |
| हत्या | | | ३ | ३ | १ | ८ | ९ |
| कारागारमा मृत्यु | | | २ | २ | | | |
| हिरासतमा मृत्यु | | | १ | १ | | | |
| जातीय विभेद | | | | | १ | | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | २ | | २ |
| | बलात्कार | | | | ३२ | | ३२ |
| | हाडनाता करणी | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | २० | | २० |
| | जम्मा | | | | ५५ | | ५५ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ४३ | | ४३ |
| | बेचबिखन तथा ओसारपसार | | | | ७ | | ७ |
| | बलात्कार | | | | १६ | | १६ |
| | हाडनाता करणी | | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | बलात्कार प्रयास | | | | ५ | | ५ |
| | पारिवारिक हत्या | | | | २ | | २ |
| | जम्मा | | | | ७५ | | ७५ |
| **कूल जम्मा** | | ६ | १०९ | ११५ | १४३ | ७५ | २१८ |

(स्रोत : इन्सेक, २०२५)

## घाइते

### राज्यपक्षबाट

कचनकवल गाउँपालिका-५ का ५५ वर्षीय नसरुद्दिन मियाँ ०८२ असार २४ गते प्रहरीको गोली प्रहारबाट घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी खगेन्द्रबहादुर खड्काले बताए। जिल्ला प्रहरी कार्यालय, झापा र लागू औषध नियन्त्रण व्युरो काठमाडौँको टोलीले असार २४ गते गिरफ्तारको प्रयास गर्दा चलाएको गोली मियाँको दायाँ गोडाको पिँडुलामा लागेको डिएसपी खड्काले बताए। घाइते मियाँको ०८२ असार २४ गते भद्रपुर नगरपालिका-७ स्थित ओमसाइ पाथीभरा मेडिकलमा उपचार भयो।

### झडप

नवयुवाले ०८२ भदौ २३ र २४ गते गरेको आन्दोलनका क्रममा दमक नगरपालिका-६ स्थित इलाका प्रहरी कार्यालयमा भएको झडपमा दमक नगरपालिका-९ का २९ वर्षीय चन्द्र अधिकारी, दमक नगरपालिका-९ का २४ वर्षीय अजय साह, दमक नगरपालिका-६ का १९ वर्षीय नितिन कोइराला, दमक नगरपालिका-७ का ३० वर्षीय प्रकाश थापा, दमक नगरपालिका-९ का १९ वर्षीय जेनिश बस्नेत, दमक नगरपालिका-७ का ३६ वर्षीय हेमन्त श्रेष्ठ, पाँचथर स्थायी घर भइ दमक नगरपालिका-६ का २४ वर्षीय दीपेश केरुङ, दमक नगरपालिका-८ का १७ वर्षीय दिप्सन न्यौपाने, इलाम स्थायी घर भई दमक नगरपालिका-६ का २३ वर्षीय पुनम लिम्बू, दमक नगरपालिका-७ का २२ वर्षीय एलेक्स मुर्मु, दमक नगरपालिका-६ का ४६ वर्षीय दुर्गा खनाल, दमक नगरपालिका-५ की २३ वर्षीया स्तुति कार्की, दमक नगरपालिका-९ का २० वर्षीय निशान्त बरुवाल, दमक नगरपालिका-६ का १७ वर्षीय मनिष राई र दमक नगरपालिका-५ का १८ वर्षीय करुण लिम्बू घाइते भए। घाइते सबैको निम्स अस्पताल, दमकमा उपचार भयो।

नवयुवाहरूले ०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा बिर्तामोड नगरपालिका-५ अनारमनीस्थित इलाका प्रहरी कार्यालय, बिर्तामोडमा भएको झडपमा परी बिर्तामोड नगरपालिका-४ का १५ वर्षीय बालक, बिर्तामोड नगरपालिका-९ का १६ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १६ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १६ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १४ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १३ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १७ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १७ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १५ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १७ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ का १५ वर्षीय बालक, बिर्तामोड नगरपालिका-२ की १७ वर्षीया बालिका, बिर्तामोड नगरपालिका-२ का १३ बालक र बिर्तामोड नगरपालिका-२ का १५ वर्षीय बालक गरी १४ जना बालबालिका घाइते भए। यसैगरी, कन्काइ नगरपालिका-३ का ३२ वर्षीय चिरञ्जीवी खनाल,बिर्तामोड नगरपालिका-४ का ५० वर्षीय रामभजन साह, हल्दिबारी गाउँपालिका- २ का २३ वर्षीय अनिष श्रेष्ठ र इलाम माइ नगरपालिका- २ का २८ वर्षीय रुपेश श्रेष्ठ घाइते भए। घाइते सबैको सोही दिन बिर्तासिटी अस्पतालमा उपचार भयो। यसैगरी, प्रहरीसँगको झडपमा बिर्तामोड नगरपालिका-२ का २० वर्षीय सागर हेमरम, बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय प्रकाश भट्टराई, बिर्तामोड नगरपालिका-२ का ३५ वर्षीय प्रदीप खरेल, बिर्तामोड नगरपालिका-२ का १८ वर्षीय अभिशेक लिम्बू, बिर्तामोड नगरपालिका-२ का २३ वर्षीय सागर पाँचकोटी, बिर्तामोड नगरपालिका-२ का २१ वर्षीय आशिक पाण्डे, बिर्तामोड नगरपालिका-२ का २५ वर्षीय दिनेश राजवंशी, बिर्तामोड नगरपालिका-२ का ४६ वर्षीय गोपाल भट्टराई, बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय विवेक दनुवार, बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय कुमार पाठक, बिर्तामोड नगरपालिका-२ का २४ वर्षीय समीर खान, बिर्तामोड नगरपालिका-२ का २२ वर्षीय रवि विक, बिर्तामोड नगरपालिका-२ की १९ वषीया आशिका तिम्सिना, बिर्तामोड नगरपालिका-२ का ५६ वर्षीय विष्णुप्रसाद राजवंशी, बिर्तामोड नगरपालिका-२ का ४४ वर्षीय राजु सिलवाल, बिर्तामोड नगरपालिका-२ का ३४ वर्षीय दावा तामाङ, बिर्तामोड नगरपालिका-२ का ३४ वर्षीय पावा तामाङ, बिर्तामोड नगरपालिका-२ का २१ वर्षीय सुवास केरुङ, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीय निशान विक, बिर्तामोड नगरपालिका-२ का ३० वर्षीय दीपक राजवंशी, बिर्तामोड नगरपालिका-२ का २० वर्षीय समिक खान, बिर्तामोड नगरपालिका-२ का १८ वर्षीय तोसी बलाम, बिर्तामोड नगरपालिका-२ का ३१ वर्षीय युवराज श्रेष्ठ, बिर्तामोड नगरपालिका-२ का ३६ वर्षीय कृष्णप्रसाद पौडेल, बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय रोहित बराइली, बिर्तामोड नगरपालिका-२ का २८ वर्षीय दीपक बास्कोटा, बिर्तामोड नगरपालिका-२ का ३१ वर्षीय लालबहादुर भट्टराई, बिर्तामोड नगरपालिका-२ का ३० वर्षीय राजेश पोखरेल, बिर्तामोड नगरपालिका-२ का २९ वर्षीय किरण राई, बिर्तामोड नगरपालिका-२ का ३० वर्षीय सञ्जीव सापकोटा, बिर्तामोड नगरपालिका-२ का २५ वर्षीय चन्द्रबहादुर लिम्बू, बिर्तामोड नगरपालिका-२ का ५६ वर्षीय अनुपकुमार विक, बिर्तामोड नगरपालिका-२ का २८ वर्षीय चन्द्रबहादुर लिम्बू, बिर्तामोड नगरपालिका-२ का २५ वर्षीय प्रयास राई, बिर्तामोड नगरपालिका-२ का २६ वर्षीय दिपु राजवंशी, बिर्तामोड नगरपालिका-२ का २७ वर्षीय होमप्रसाद पाण्डे, बिर्तामोड नगरपालिका-२ का ३८ वर्षीय बिर्जु महतो, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीय सन्दीप थापा, बिर्तामोड नगरपालिका-२ का ३६ वर्षीया सुनीता मर्डी, बिर्तामोड नगरपालिका-२ का ३३ वर्षीय विजय खड्का, बिर्तामोड नगरपालिका-२ का २८ वर्षीय हरिशंकर राजवंशी, बिर्तामोड नगरपालिका-२ का २७ वर्षीय ओमप्रकाश पौडेल, बिर्तामोड नगरपालिका-२ का २४ वर्षीय विवेक राजवंशी, बिर्तामोड नगरपालिका-२ का २४ वर्षीय मानव राजवंशी, बिर्तामोड नगरपालिका-२ का २० वर्षीय निरज सोरेन, बिर्तामोड नगरपालिका-२ का १८ वर्षीय अङ्कित राजवंशी, बिर्तामोड नगरपालिका-२ का ३२ वर्षीय रोहित आलम, बिर्तामोड नगरपालिका-२ का २४ वर्षीय प्रितम राई, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीय सुशान्त रणपहेली, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीय मुस्ताखिम अन्सारी, बिर्तामोड नगरपालिका-२ का ४६ वर्षीय देवराज खरेल, बिर्तामोड नगरपालिका-२ का २४ वर्षीय मोहमद सहदेक मिया, बिर्तामोड नगरपालिका-२ का १८ वर्षीय रिगल लिम्बू, बिर्तामोड नगरपालिका-२ का १८ वर्षीय सुमित राजवंशी, बिर्तामोड नगरपालिका-२ का २२ वर्षीय रितेश गिरी, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीया ऋचा क्षेत्री, बिर्तामोड नगरपालिका-२

का १९ वर्षीय सौरन गौतम, बिर्तामोड नगरपालिका-२ का ३१ वर्षीय महेश थापा, बिर्तामोड नगरपालिका-२ का २० वर्षीय समित विश्वकर्मा, बिर्तामोड नगरपालिका-२ का ३० वर्षीय देवचन्द्र राजवंशी, बिर्तामोड नगरपालिका-२ का २० वर्षीय अपर्ण गुरुग, बिर्तामोड नगरपालिका-२ का २२ वर्षीय पुरव मगर, बिर्तामोड नगरपालिका-२ का ३९ वर्षीय चित्रकुमार चौधरी, बिर्तामोड नगरपालिका-२ का १९ वर्षीय नारायण खड्का, बिर्तामोड नगरपालिका-२ का २० वर्षीय प्रनित दाहाल, बिर्तामोड नगरपालिका-२ का ३२ वर्षीय प्रदीप सुवेदी, बिर्तामोड नगरपालिका-२ का ३९ वर्षीया कमला अधिकारी र बिर्तामोड नगरपालिका-२ का ३४ वर्षीय खेमनारायण राजवंशी घाइते भए। घाइते सबैको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा सोही दिन उपचार भयो।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा भद्रपुर नगरपालिका-१० स्थित रजतजयन्ती चौकमा भएको झडपमा कोशी प्रदेश प्रहरी व्यवस्थापन गुल्म चन्द्रगढी झापामा कार्यरत प्रहरी हवल्दार विष्णुप्रसाद राजवंशी र मोहन केसी घाइते भए। दुवै जना भदौ २४ गतेसम्म मेची प्रादेशिक अस्पताल, भद्रपुरमा उपचारपछि डिस्चार्ज भए। बिर्तामोड नगरपालिका-५ अनारमनीमा रहेको इलाका प्रहरी कार्यालय बिर्तामोडमा कार्यरत प्रहरी हवल्दार विजय खड्का दाहिने हाँच भाँचिएर गम्भीर घाइते भए। उनको सोही दिन बीएण्डसी अस्पताल, बिर्तामोडमा उपचार भयो।

भदौ २४ गते इलाका प्रहरी कार्यालय, बिर्तामोड भएको झडपमा प्रहरी जवान प्रयास राई, भदौ २४ गते भद्रपुर नगरपालिका-१० स्थित दुर्गाजयन्ती चोकमा भएको झडपमा कोशी प्रदेश व्यवस्थापन गुल्म, चन्द्रगढीमा कार्यरत प्रहरी जवान विष्णुप्रसाद राजवंशी, इन्स्पेक्टर विजय चौहान, डिएसपी गणेशकुमार श्रेष्ठ, असइ प्रभु राई, असइ इन्द्रकुमार कार्की, प्रहरी वरिष्ठ हवल्दार भोला ठाकुर, प्रहरी हवल्दार सन्तकुमार लिम्बू, सन्तोषकुमार साह, विजय खड्का, असइ सुनिता मर्डी, असइ बिजुरी महतो नुनिया, प्रहरी सहायक हवल्दार मुकेश यादव, सन्तोष यादव, तेजेन्द्र श्रेष्ठ, प्रहरी जवान आदित्य न्यौपाने, प्रयास राई, हरिशङ्कर राजवंशी, अर्जुन राई सामान्य घाइते भए। घाइते सबैको सोही दिन सामान्य उपचारपछि डिस्चार्ज भए।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय, दमकमा भएको झडपमा सोही कार्यालयमा कार्यरत इन्स्पेक्टर लक्ष्बहादुर श्रेष्ठलाई आन्दोलनकारीले खुकुरी प्रहार गर्दा गम्भीर घाइते भए। उनको सोही दिन वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। सोही क्रममा डिएसपी दुर्गा खनाल गम्भीर घाइते भए। उनको सोही दिन बीएण्डसी अस्पतालमा उपचार भयो।

इलाका प्रहरी कार्यालय, दमकमा भएको प्रदर्शनका क्रममा इन्स्पेक्टर नवीन राई, असइ पुष्पराज बराइली, असइ यमकुमार खड्का, असइ रोशनप्रसाद राजवंशी, असइ हरिबहादुर खत्री, असइ सन्देश साँवा, प्रहरी हवल्दार चन्द्रकुमारी थापा, प्रहरी हवल्दार प्रेमबहादुर खड्का, प्रहरी हवल्दार राजेशकिशोर यादव, असइ मनबहादुर प्रधान, प्रहरी हवल्दार रविशङ्कर यादव, प्रहरी हवल्दार गोपालबहादुर कार्की, प्रहरी हवल्दार महेश यादव, प्रहरी हवल्दार उमेशकुमार नुनिया, प्रहरी हवल्दार नेत्रबहादुर लामा, प्रहरी सहायक हवल्दार युवराज सुवेदी, प्रहरी सहायक हवल्दार सुनिलकुमार साह, प्रहरी जवान अमन धिमाल, सन्तोष तामाङ, सविता मुखिया, असइ मुना विष्ट, प्रहरी वरिष्ठ हवल्दार दीपेन्द्र राजवंशी, प्रहरी वरिष्ठ हवल्दार ठोमरलाल खवास, प्रहरी हवल्दार सन्तोष तामाङ, सुकदेव चौधरी, प्रहरी सहायक हवल्दार दीवाकुमारी चौधरी, वीरेन्द्र यादव, प्रहरी सहायक हवल्दार मनोजकुमार यादव, श्रवणकुमार ऋषिदेव, सन्तोष थापा मगर, सुवोध राजभर, गङ्गामाया श्रेष्ठ, प्रहरी जवान सन्तोष प्रधान, मनोज खत्वे, सुनिलकुमार पाल, लालुकुमार यादव, पिण्टुकुमार मण्डल, विसन श्रेष्ठ, सविन्द्रप्रसाद यादव, अजयकुमार राई, प्रकाश श्रेष्ठ, उमानन्दकुमार यादव, विवेककुमार राई, कलिम मन्सुरी, अरूणकुमार सरदार, आइन्द्रविक्रम आङदेम्वे, आनन्दकुमार खवास, इन्द्रबहादुर मगर, डम्वर सुन्दास र अरूणा तामाङ गरी ५० जना घाइते भए। घाइते सबै सोही दिन उपचारपछि डिस्चार्ज भए।

## कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ७ सय ५० जनाको छ। कारागारमा ७ सय ६१ जना पुरुष र ७५ जना महिला गरी ८ सय ३६ जना कैदीबन्दी छन्। क्षमता भन्दा बढी कैदीबन्दी राखिएका कारण सुत्न समस्या हुने गरेको कारागारका जेलर रेवन्त भट्टराईले बताए। एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा

कार्यरत छन्। २०२० सालमा निर्माण भएको कारागारको भौतिक संरचना जीर्ण छ। कारागारको सबैभन्दा ठूलो समस्या ढल निकासको भए पनि सम्बन्धित निकायले चासो नदिएको जेलर भट्टराईले बताए। कारागारमा सीप विकासका लागि विभिन्न किसिमका सामग्री बनाउने सुविधा भएको जेलर भट्टराईले बताए। यस वर्ष कारागारमा एकजनाको मृत्यु भयो।

जिल्ला कारागार कार्यालय, झापामा ठगी मुद्दामा कैद भुक्तान गरिरहेका भद्रपुर नगरपालिका-१ का ४० वर्षीय मदन सिलवालको माघ २९ गते लडेर मृत्यु भएको कारागार प्रशासनले जनायो। अचानक लडेका सिलवाललाई उपचारका लागि तत्कालै मेची प्रादेशिक अस्पताल, भद्रपुर पुऱ्याउना साथ चिकित्सकले मृत घोषणा गरेको कारागार जेलर रेवन्त भट्टराईले बताए। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पतालमा माघ ३० गते भयो। सोही दिन पीडित पक्षले शव बुझी भद्रपुर नगरपालिका-१ स्थित घाटमा सद्गत गऱ्यो।

### हिरासतमा मृत्यु

जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका भद्रपुर नगरपालिका-२ का ३९ वर्षीय थपेन्द्रबहादुर कार्कीको उपचारका क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा ०८२ असोज ८ गते मृत्यु भएको प्रहरीले जनायो। बलात्कार मुद्दामा अनुसन्धानका लागि ०८२ भदौ ३१ गतेदेखि जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका कार्कीमा टाउकोसम्बन्धी समस्या देखिएपछि असोज ८ गते मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भर्ना गरिएको थियो। कार्कीको त्यहाँ उपचार हुन नसकेपछि थप उपचारका लागि असोज ८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपा लगिएको थियो। उपचारकै क्रममा कार्कीको असोज ८ गते राति मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, झापाले जनायो। असोज ९ गते पीडित पक्षले शव बुझी शिवसताक्षी नगरपालिका-१० माइ कोटीहोममा सद्गत गऱ्यो।

### कुटपिट

#### अन्यपक्षबाट

कोशी प्रदेशका पूर्व मुख्यमन्त्री ५८ वर्षीय उद्धव थापालाई ०८१ माघ ५ गते कन्काई नगरपालिका-७ जामुनबारी चोकमा कुटपिट गरेको आरोपमा प्रहरीले शिवसताक्षी नगरपालिका-११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई नगरपालिका-३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठलाई माघ ५ गते गिरफ्तार गऱ्यो। नेपाल प्रेस युनियन, झापाले दोमुखामा ०८१ माघ ५ गते आयोजना गरेका वार्षिक साधारण सभाबाट फर्किँदै गर्दा कन्काई नगरपालिकास्थित जामुनबारी चोकमा रोडमा गाडीलाई साइड दिने विषयमा कुटपिट भएको जिल्ला प्रहरी कार्यालय, झापाका डिएसपी कृष्णकुमार चन्दले बताए। कुटपिटका कारण थापाको देब्रे आँखाको माथिल्लो भागमा चोट लागेको प्रहरीले जनायो। घाइते थापाको माघ ५ गते बिर्तासिटी हस्पिटल, बिर्तामोडमा उपचार भयो। पीडितले माघ ६ गते घटनाका आरोपितलाई सार्वजनिक रूपमा माफी दिएको बताएपछि प्रहरीले दुवै जनालाई बिना सर्त रिहा गऱ्यो।

### बाल अधिकार

यस वर्ष झापा जिल्लामा बलात्कार घटनामा ३२, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा २० र बेचबिखन तथा ओसारपसार घटनामा दुई गरी ५५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### कुटपिट

१५ वर्षीया बालिका स्वस्तिका विष्टलाई छुट्टीका दिन घरमा नबसेको र साथीसँग हिडेको आरोपमा ०८१ माघ १६ गते निर्घात कुटपिट गरेको आरोपमा बिर्तामोड नगरपालिका-९ का ४५ वर्षीय बाबु नीरकुमार विष्टविरुद्ध पीडितकी आमा रेनुका विष्टले सोही दिन इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दिइन्। पीडितको उपचार मेची प्रादेशिक, अस्पतालमा माघ १७ गते भयो। छुट्टीका दिन घरमा नबसेको आरोपमा छोरीलाई पिलासले प्रहार गरी टाउको फुटाइ दिएको र भाटाले शरीरभरि निलडाम हुने गरी कुटपिट गरेको बालिकाकी आमाले बताइन्। जिल्ला अदालतका न्यायाधीश ऋतबहादुर पुलामी मगरको फागुन १३ गतेको आदेशले आरोपित ३५ हजार रुपियाँ धरौटीमा रिहा भए। मुद्दाको फैसला भएको छैन।

#### यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८१ फागुन १६ गते यौन दुर्व्यवहार गरेको पीडित पक्षले कन्काइ नगरपालिका-८ बागेडाडीका ५५ वर्षीय हरिराम बुढाथोकीविरुद्ध फागुन १९ गते इलाका प्रहरी कार्यालय,

अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुईंटेलको ०८२ असार १९ गतेको इजलासले कसुर गरेको ठहर गर्दै १ महिना १५ दिन कैद सजायको फैसला गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै १ सय ८९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी घरकलहका ३५, कुटपिटका ५५, मानसिक तनावका ३१ र मोवाइलका कारण घरायसी कलहका ६८ उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी असइ सजना प्रसाईंले बताइन्।

यो वर्ष झापा जिल्लामा बलात्कारका घटनामा १६, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कार एक, बलात्कार प्रयासका घटनामा पाँच, बेचबिखन तथा ओसारपसार घटनामा सात र घरेलु हिंसाका घटनामा ४३ जना गरी ७३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट दुई जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

कन्काइ नगरपालिका-५ की ४० वर्षीया मनिषा सार्कीलाई पूर्व पतिसँग बोलेको आरोपमा ३९ वर्षीय पति लालबहादुर मङ्ग्राती भनिने लालबहादुर सार्कीले ०८१ चैत ११ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध चैत १२ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। शवको पोष्टमार्टम मेची प्रादेशिक अस्पताल, भद्रपुरमा चैत १३ गते भयो। आरोपितलाई प्रहरीले चैत १२ गते गिरफ्तार गर्‍यो। चैत १३ गते पीडित पक्षले शव बुझी कन्काइ नगरपालिका-४ मा माइधारमा सद्गत गर्‍यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको जेठ २ गतेको इजलासले १ लाख २५ हजार रुपियाँ धरौटी माग गरेकोमा आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### जातीय विभेद

अर्जुनधारा नगरपालिका ५ कुशलचोककी ४० वर्षीया रीता नेपालीलाई ०८२ असार ३ गते जातीय विभेद हुने गरी गाली गलौज गरेको आरोपमा अर्जुनधारा नगरपालिका ५ का वडाध्यक्ष सोही ठाउँका ५८ वर्षीय गीताराज खड्का,४२ वर्षीया सुनीता राजवंशी, ६० वर्षीया सुमित्रा राजवंशीविरुद्ध पीडित पक्षले ०८२ असार १७ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २१ गते घरबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुईंटेलको साउन २२ गतेको इजलासले आरोपितहरूसँग जनही २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गर्‍यो। आरोपित सबै सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका सूचना अधिकारी रामचन्द्र बस्नेतले बताए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवाको प्रर्दशनका क्रममा ०८२ भदौ २३ र २४ गते जिल्लाका १५ ओटा स्थानीय तहमध्ये १२ ओटा स्थानीय तहका ५५ वडा वडा कार्यालयमा आगजनी र तोडफोड भयो। दमक नगरपालिका, दमक भ्यू टावर, इलाका प्रहरी कार्यालय, बिर्तामोड, कर कार्यालय दमक, घरेलु तथा साना उद्योग कार्यालय बिर्तामोड, सघन शहरी कार्यालय बिर्तामोड, प्रहरी चौकी बाघखोर, जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड, ट्राफिक कार्यालय झापा, मेची भन्सार कार्यालय, भद्रपुर भन्सार कार्यालय, बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, इलाका प्रहरी कार्यालय बुधवारे, इलाका प्रहरी कार्यालय अनारमनी, इलाका प्रहरी कार्यालय सुरुङ्गा, मेचीनगरपालिकाको कार्यालय, गौरादह नगरपालिकाको कार्यालय, भद्रपुर नगरपालिकाको कार्यालय, गौरीगञ्ज गाउँपालिकाको कार्यालय, कन्काइ नगरपालिकाको कार्यालय, बुद्धशान्ति गाउँपालिका, झापा गाउँपालिकाको कार्यालय, बिर्तामोड नगरपालिकाको कार्यालय र शिवसताक्षी नगरपालिकाको कार्यालयमा आगजनी भयो । नवयुवा पुस्ताको प्रर्दशनका क्रममा नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालय भवन, अर्जुनधारा नगर पार्टी कार्यालय भवन, क्षेत्र न.१ धुलाबारीको गिरिजाप्रसाद स्मृति प्रतिष्ठानमा आगजनी, सहिद उद्रकान्त राजवंशी प्रतिष्ठान बिर्तामोडमा तोडफोड, नेपाली कांग्रेसको दमक नगरपालिका पार्टी कार्यालयमा तोडफोड, नेकपा एमालेको जिल्ला पार्टी कार्यालय, मेचीनगर पार्टी कार्यालय, वुद्धशान्ति गाउँपालिका पार्टी कार्यालय, गौरादह नगरपालिका पार्टी कार्यालय, गौरादह पार्टी

कार्यालय, नेकपा माओवादीको दमक नगर पार्टी कार्यालय भवनमा आगजनी, जिल्ला पार्टी कार्यालय भवनमा आगजनी भयो। निजी सम्पत्तितर्फ गौरीगञ्ज गाउँपालिका अध्यक्ष फूलसरी राजवंशीको घर, लीला चिमरियाको घर, मेयर राजेन्द्र पोखरेल, नेपाली कांग्रेस सभापति देउमान थेवेको घर, युवराज चौलागाईको घर, आशा शिवाकोटीको घर, कारविन्द्र लम्सालको घर, भीष्म निरौलाको घर, मनोज प्रसाइको घर, प्रदेश सांसद तिलचन पाठकको घर, मधु प्रसाइको घर र हार्डवेयर पसल तोडफोड, कोशी प्रदेशका मन्त्री एकराज कार्कीको घर, नगेन्द्रप्रसाद सङ्ग्रौलाको घर, एमाले बिर्तामोड नगरपालिका-६ का अध्यक्ष सुवास भट्टराईको घर, बिर्तामोड नगरपालिकाका पूर्व मेयर ध्रुव शिवाकोटीको घर, राहुलकुमार शर्माको घर, बिर्तामोड उपमेयर पवित्रादेवी महताराको घर, हरि न्यौपानेको घर, नविन बरालको घर, केपी ओली निवास, रोम ओलीको घर, दमक नगरपालिकाका मेयर राम थापाको घर, उपमेयर रेगिना प्रसाइको घर, एमाले केन्द्रीय सदस्य गोविन्द थापाको घर, गगन पुरीको घर, सासंद लालप्रसाद साँवाको घर,  प्रदेश सांसद राधाकृष्ण खनालको घर,कृष्णप्रसाद सिटौलाको घर, माओवादी नेता रेवतराज पुरीको घर, भद्रपुरका मेयर गणेशराज पुरीको घर, भद्रपुरकी उपप्रमुख राधा कार्कीको घर, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहालको घरमा आगजनी र तोडफोड भयो। त्यसैगरी भाटभटेनी सुपर मार्केट वितामोड र दमकमा आगजनी भयो। आगजनीमा १ सय ५२ ओटा संरचनामा क्षति भयो। आन्दोलनका क्रममा तीन ओटा सरकारी चार पाङ्ग्रे र २२ ओटा मोटरसाइकल गरी २५ ओटा सवारी साधनमा आगजनी भयो।

**तालिका ५.१.११.२** **सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| **बाल अधिकार** | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | | १ | १ | २ |
| बलात्कार | | ६ | २६ | ३२ |
| हाडनाता करणी | | १ | | १ |
| यौन दुर्व्यवहार | २ | १ | १७ | २० |
| जम्मा | २ | ९ | ४४ | ५५ |

| **महिला अधिकार** | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ४३ | | | ४३ |
| बेचबिखन तथा ओसारपसार | | ७ | | ७ |
| बलात्कार | | ४ | १२ | १६ |
| हाडनाता करणी | | | १ | १ |
| सामूहिक बलात्कार | | | १ | १ |
| बलात्कार प्रयास | | १ | ४ | ५ |
| पारिवारिक हत्या | | | २ | २ |
| जम्मा | ४३ | १२ | २० | ७५ |

| **मारिएकाको घटना सङ्ख्या** | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | ३ | ७ | १२ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.१२ मोरङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ११,४८,१५६ |
| महिला | ५,९०,६४४ |
| घर परिवार सङ्ख्या | २,७२,१६० |
| घरजग्गामा महिलाको स्वामित्व | ९५,३०४ |
| साक्षरता प्रतिशत | ७८.६१ |
| आश्रित जनसङ्ख्या | ५,२७,९६२ |
| अपाङ्गता भएका | २२,१२८ |




यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र १ सय १२ जना पुरुष गरी १ सय १६ जना पीडित भए। ज्यादतीका घटनामा १ सय १६ जना महिला, ३९ जना पुरुष र नखुलेको एक जना गरी १ सय ५६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८७ जना महिला पीडित भए।

### कारागार र बन्दी

३ सय जना कैदीबन्दी क्षमता रहेको जिल्ला कारागार कार्यालय, मोरङको नयाँ कारागार भवन ०८२ वैशाख ३० गते उद्घाटन भएपछि २ सय ६७ जनाको क्षमता वृद्धि भई हाल यसको क्षमता ५ सय ६७ कायम भएको छ। कारागारमा १ सय ६ जना महिला र १ हजार ८० जना पुरुष कैदीबन्दी रहेका छन्। नयाँ कारागार भवन बनेपछि व्यवस्थापनमा केही सजिलो भएको जेलर गौरव ढुङ्गेलले बताए। कारागारमा ६ जना महिला र १७ जना पुरुषसहित २३ जना ज्येष्ठ नागरिक छन्। दुई जना चिकित्सक दरबन्दी रहेको छ। कोशी अस्पताल र अरु निजी अस्पताल नजिकै भएका कारण दीर्घ रोगी र नियमित औषधि सेवन गर्नुपर्ने अवस्थाका कैदीबन्दीलाई प्रदेशका अन्य कारागारबाट मोरङ कारागार पठाउने गरिएको छ। यस वर्ष उपचारका क्रममा १७ जना कैदीबन्दीको मृत्यु भएको र एक जना महिलाले आत्महत्या गरेको जेलर ढुङ्गेलले बताए। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालयको प्रयोग कुरेर गर्नुपर्ने अवस्था कायम रहेको जेलर ढुङ्गेलले बताए।

### बाल सुधार गृह

विराटनगर महानगरपालिका-३ मा रहेको बाल सुधार गृहको क्षमता ५० जनाको भए पनि यस वर्षको अन्त्यसम्म २ सय ४० जना छन्। गत भदौ २४ गते सुधारगृहबाट फरार भएका २ सय ६ जनामध्ये १ सय ९१ जनालाई सुधार गृहमा फर्काइएको छ। भदौ २४ गते फरार भएकामध्ये १५ जना र कात्तिक २५ गते फरार भएका ६ जना गरी २१ जना वर्षको अन्त्यसम्म सम्पर्कविहीन भएको बाल सुधार गृहका प्रमुख सञ्जीव न्यौपानेले बताए। यस वर्ष बाल सुधार गृहबाट १८ वर्ष उमेर पूरा भएका १४ जनालाई ०८१ फागुन २६ गते बाँके जिल्लाको डुडुवा गाउँपालिका-६ नौबस्तास्थित जयेन्दु बाल सुधार गृहमा स्थानान्तरण गरिएको छ। त्यसैगरी १८ वर्ष उमेर पूरा भएका ६० जनालाई मोरङ कारागारको पुरानो भवनमा स्थानान्तरण गरिएको छ।

**तालिका ५.१.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| गिरफ्तारी | | १ | २१ | २२ | | | | |
| कुटपिट | | | | | | १ | | १ |
| कारागारमा मृत्यु | | १ | १७ | १८ | | | | |
| अमानवीय व्यवहार | | | | | १ | २ | | ३ |
| अपहरण | | | | | | १ | | १ |
| घाइते | | २ | ६९ | ७१ | ५ | ३२ | | ३७ |
| हत्या | | | | | २ | २ | १ | ५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | | ४ | ४ | | | | |
| धम्की | | | १ | १ | १ | १ | | २ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | १ | | | १ |
| | बलात्कार | | | | १३ | | | १३ |
| | बलात्कारपछि हत्या | | | | २ | | | २ |
| | यौन दुर्व्यवहार | | | | ४ | | | ४ |
| | जम्मा | | | | २० | | | २० |
| महिला अधिकार | घरेलु हिंसा | | | | ८१ | | | ८१ |
| | बलात्कार | | | | १ | | | १ |
| | बलात्कार प्रयास | | | | १ | | | १ |
| | साइबर अपराध | | | | १ | | | १ |
| | पारिवारिक हत्या | | | | ३ | | | ३ |
| | जम्मा | | | | ८७ | | | ८७ |
| **कूल जम्मा** | | ४ | ११२ | ११६ | ११६ | ३९ | १ | १५६ |

(स्रोत : इन्सेक, २०२५)

विराटनगरस्थित बालसुधार गृहमा २०८१ फागुन २३ गते दुई समूहबिच भएको झडपमा पाँचथर पाँचथर जिल्ला, फिदिम नगरपालिका-४ का २० वर्षीय गोपाल शङ्कर, हिलिहाङ गाउँपालिका-६ का २१ वर्षीय अस्मिन तामाङ र फाल्गुनन्द गाउँपालिका-१ का २० वर्षीय सुमन तामाङ घाइते भए। आफूहरूलाई हेपेको भन्दै एउटा समूहले अर्को समूहमाथि आक्रमण गर्दा झडप भएको बालसुधार गृह विराटनगरका प्रमुख सञ्जीव न्यौपानेले बताए। घाइते सबैको फागुन २३ गते कोशी अस्पतालमा उपचार भयो। सोही दिन डिस्चार्ज भए। १७ वर्ष मुनिका बालकलाई राख्नुपर्ने भए पनि कानुनी प्रक्रिया ढिलो सम्पादन हुँदा बाल सुधारगृहमा २२ वर्षसम्मका भएको प्रमुख सञ्जीव न्यौपानेले बताए।

## घाइते

### राज्यपक्षबाट

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको प्रदर्शन हिंसात्मक हुँदा मोरङमा ७१ जना घाइते भए। घाइतेहरूमध्ये कोशी अस्पतालमा ४६ जनाको, रङ्गेली अस्पतालमा पाँच जनाको, विराट मेडिकल कलेजमा तीन जनाको, नोबेल अस्पतालमा ११ जनाको उपचार भएको जिल्ला प्रशासन कार्यालयले जनायो। विराटनगर महानगरपालिकाभित्र देवकोटा चोक, रोडशेष चोक, मुख्यमन्त्री कार्यालय अगाडि, जिल्ला प्रशासन कार्यालयलगायतका क्षेत्रमा भएको झडपमा रतुवामाई नगरपालिका-८ की २० वर्षीया लिजा अधिकारी, २९ वर्षीया आरती साह, २६ वर्षीय जयकृष्ण मण्डल, १८ वर्षीय आर्दश चौधरी, २२ वर्षीय पुजन भट्टराई, २४ वर्षीय विशाल मण्डल, २० वर्षीय विलोङ

गुरुङ, ६५ वर्षीय रामकुमार चौधरी, १८ वर्षीय विकेशकुमार सिंह, १८ वर्षीय रोहनकुमार रोय, ३२ वर्षीय सुनिल कामत, ३२ वर्षीय राकेश पौडेल, २४ वर्षीय विशाल मण्डल, ४२ वर्षीय दीपेन्द्र राजवंशी, २२ वर्षीय सुवास सिंह, १९ वर्षीय रञ्जित रजक, १९ वर्षीय मुकेश सहनी, २८ वर्षीय जय साह, २६ वर्षीय रञ्जन राई, २५ वर्षीय गोविन्द साह, १९ वर्षीय विष्णु ठाकुर, २५ वर्षीय अजितकुमार चौधरी, २५ वर्षीय राजदीप साह, १९ वर्षीय रकस अहमद, २३ वर्षीय अमन भण्डारी, १९ वर्षीय श्याम सहनी, २४ वर्षीय प्रज्वल थापा, २२ वर्षीय कृष्ण यादव, १८ वर्षीय आलोककुमार झा, २९ वर्षीय अशिमन्य यादव, १८ वर्षीय अनिकेतकुमार झा, १८ वर्षीय विश्वदीप राम, २५ वर्षीय अभिषेक बराल, २१ वर्षीय एमडी हसन, २२ वर्षीय रवि साह, ३० वर्षीय रोशन उप्रेती, २० वर्षीय उज्वल काठुर ब्राहृमण, १८ वर्षीय पियु सिंह, ३० वर्षीय भगवान कामत, २१ वर्षीय सुन्नु नेपाल, २२ वर्षीय सुमित राम, २४ वर्षीय अजयकुमार सरदार, २५ वर्षीय अजितकुमार चौधरी, २२ वर्षीय सुशील सरदार, २६ वर्षीय केशव सरदार, २७ वर्षीय सुरजकुमार मण्डल, ४८ वर्षीय भुवन तामाङ, २५ वर्षीय रञ्जित गिरी, २४ वर्षीय सुरज पासवान, २५ वर्षीय राजेश विक, ३१ वर्षीय अमरजीत सहनी, २२ वर्षीय सुमित न्यौपाने, २५ वर्षीय विष्णु विष्ट, २३ वर्षीय प्रदीप बम्जन, २२ वर्षीय आनन्द साह, ३० वर्षीय धिरज मण्डल, २५ वर्षीय किशोर कार्की, २९ वर्षीय अजय राजवंशी, २० वर्षीय सोनु मण्डल, २३ वर्षीय निरज मण्डल र २२ वर्षीय प्रदीपकुमार मण्डल घाइते भए। घटनामा १७ वर्षीय दुई जना,नौ वर्षीय एकजना,१६ वर्षीय एकजना, १५ वर्षीय एक जना घाइते भए।

**अन्यपक्षबाट**

विराटनगर महानगरपालिका-१२ रोडशेषमा ०८२ भदौ २३ गते नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा लागेर वडा प्रहरी कार्यालय, विराटनगरका ३१ वर्षीय इन्स्पेक्टर अप्रिल चापागाईं घाइते भए। उनको न्यूरो अस्पतालमा उपचार भयो।

## झडप

नवयुयवा पुस्ताको आन्दोलनका क्रममा भदौ २४ गते विराटनगर महानगरपालिका-८ देवकोटा चोक, कोशी प्रदेशसभा अगाडि भएको झडपमा इन्स्पेक्टर दीपक लिम्बू, असइ जागेन्द्रप्रसाद फुयाल, प्रहरी हवल्दार डोलबहादुर खत्री, प्रहरी सहायक हवल्दार युगेन राई, प्रहरी जवान नरेन्द्र मगर, मैतराज राई, विक्रम खड्का, प्रहरी हवल्दार रुद्र विष्ट, प्रहरी सहायक हवल्दार राजकुमार ठाकुर घाइते भए। मुख्यमन्त्री कार्यालय अगाडि भएको झडपमा प्रहरी हवल्दार प्रेम चर्माकार, प्रहरी हवल्दार मनिषकुमार ढुंगेल, घाइते सबैको सोही दिन कोशी अस्पतालमा उपचारपछि डिस्चार्ज भए। भदौ २४ गते पथरीशनिश्चरे नगरपालिका -१ नगरपालिकाका कार्यालय परिसरमा भएको झडपमा डिएसपी तुलसीराम अर्याल, प्रहरी जवान फारुक अन्सारी घाइते भए। घाइते सबै सोही दिन पथरी नगर अस्पतालमा उपचारपछि डिस्चार्ज भए। भदौ २४ गते रंगेली नगरपालिका कार्यालय परिसरमा भएको झडपमा इन्स्पेक्टर नरेन्द्रकुमार बोगटी, डिएसपी दिनेश राजवंशी, प्रहरी सहायक हबल्दार प्रेम पौडेल, प्रहरी जवान कोमल गुरुङ, रेशम कार्की, शेखर श्रेष्ठ र दिवाकर खड्का घाइते भए। घाइते सबै रंगेली अस्पतालमा उपचारपछि डिस्चार्ज भए।

## धम्की

**अन्यपक्षबाट**

विराटनगर महानगरपालिका-८ का ३३ वर्षीय पत्रकार सोनुकुमार दासलाई समाचारको विषयलाई लिएर सिरहा, लहान स्थायी घर भई विराटनगर महानगरपालिका-५ मा बस्दै आएकी ५० वर्षीया पुनमदेवी शाह र उनकी छोरी २७ वर्षीया कोमलदेवी साहले ०८२ कार्तिक १३ गते मार्ने धम्की दिएको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। अदालतको नक्कली कागजात खडा गरी सर्वसाधारणलाई जिल्ला अदालत, मोरङमा जागिर लगाइदिने भनी ठगी गरेको समाचार लाइभ न्यूज रफ्तारमा प्रसारण भएपछि पुनमकुमारी साहले फोन गरी मार्ने धम्की दिएको पीडितले बताए। नेपाल पत्रकार महासङ्घ, मोरङ, शाखाले कात्तिक १३ गते विज्ञप्ति जारी गरी घटनाप्रति विरोध जनायो। आरोपित आमाछोरीलाई प्रहरीले कात्तिक १६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले माग गरेको ५० हजार रुपियाँ धरौटी बुझाउन नसकी मङ्सिर ११ गते पुर्पक्षका लागि कारागार चलान भए।

**तालिका ५.१.१२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| हत्या | १ | १ |
| महिला अधिकार | २ | २ |
| जम्मा | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

### अमानवीय व्यवहार

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मधुमल्ला सेवा केन्द्रका कर्मचारी २८ वर्षीय रमेश राई र फिल्ड मेनेजर २४ वर्षीया सुशीला लामिछानेलाई ०८२ असार २८ गते जुत्ताको माला लगाइ दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले मिक्लाजुङ गाउँपालिका-२ की ४२ वर्षीया दुर्गामाया लिम्बु र ३३ वर्षीया माया मगरविरुद्ध असार २९ गते इलाका प्रहरी कार्यालय, मधुमल्लामा उजुरी दियो। आरोपितविरूद्ध प्रहरीले असार २९ गते अभद्र व्यवहार शीर्षकमा उजुरी दर्ता गरी कारबाही अघि बढाएको जिल्ला प्रहरी कार्यालयकी डिएसपी कोपिला चुडालले बताइन्। आरोपितद्वयलाई प्रहरीले ०८२ भदौ ५ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलको इजलासले जनही २४ हजार धरौटीमा रिहा गर्ने आदेश गर्‍यो।

### बाल अधिकार

यस वर्ष मोरङ जिल्लामा बलात्कार घटनामा १३, यौन दुर्व्यवहार घटनामा चार र बेचबिखन तथा ओसारपसार घटनामा एक जना गरी १८ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कारपछि दुई जनाको हत्या भयो।

### बलात्कारपछि हत्या

लेटाङ नगरपालिका-२ फडानी, स्कूल चोकको १३ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले ०८२ मङ्सिर १९ गते ५९ वर्षीय पदमबहादुर अधिकारीलाई गिरफ्तार गर्‍यो। लेटाङ नगरपालिका-२ फडानीस्थित लक्ष्मी माध्यमिक विद्यालयमा कक्षा पाँच अध्ययनरत बालिका ०८२ असोज २१ गते देखि हराएकी थिइन्। घरबाट हराएको १८ दिनपछि पीडित बालिकाको शव ०८२ कात्तिक ७ गते लेटाङ नगरपालिका-२ र बेलबारी नगरपालिकालाई जोड्ने बेलवारी चिसाङ सामुदायिक वन क्षेत्रमा विभत्स अवस्थामा फेला परेको थियो। बालिका घरबाटै हराएसँगै पीडित परिवारले असोज २१ गते इलाका प्रहरी कार्यालय, लेटाङमा खोजी गरीपाउँ भनी निवेदन दिएको थियो। शरीरका विभिन्न अ टुक्राटुक्रा पारिएको र कपडासमेत च्यातचुत पारिएको अवस्थामा बालिकाको शव स्थानीय लोचन शाहीले देखेपछि प्रहरीलाई खबर गरेकी थिइन्। घटनाको अनुसन्धानको क्रममा प्रहरीले स्थानीय ५० जना भन्दा बढीसँग लिखित बयान लिएको थियो। अनुसन्धानकै क्रममा पीडितकी छिमेकी पदमबहादुर अधिकारी ०८२ कात्तिक १९ गते भारतको मेघालय हिँडेपछि उनीमाथि सुक्ष्म अनुसन्धान गरेको प्रहरीले मङ्सिर १९ गते भारतको मेघालयबाट घर फर्किएका उनलाई गिरफ्तार गरेको एसपी कवित कटुवालले बताए। आरोपितले ०८२ असोज २१ गते बालिकालाई मोबाइल चलाउने दिने र घाँस काट्न सघाउने बहानामा घरभन्दा झण्डै चार किलोमिटर टाढा जङ्गलमा पुर्‍याएर पारिवारिक रिसइवीका कारण बलात्कारपछि हत्या गरेको स्वीकारेका थिए। जिल्ला अदालतका न्यायाधीश टङ्कबहादुर महतको पुस १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

धनपालथान गाउँपालिका-५ की सात वर्षीया बालिकाको ०८२ असार १४ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले २२ वर्षीय काकालाई असार १४ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम कोशी अस्पतालमा असार १४ गते भयो। पीडित पक्षले शव बुझी धनपालथान गाउँपालिका-५ मा सोही दिन सद्गत गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बाबुराम सुवेदीको साउन ५ गतेको इजलासले आरोपितलाई आजीवन कैद सजायको आदेश गरेको अदालतका स्रेस्तेदार मणिराम पोखरेलले बताए।

### बेचबिखन तथा ओसारपसार प्रयास

१५ वर्षीया बालिकालाई ०८२ जेठ २ गते वेचबिखनका लागि नेपाल-भारत सीमा नाका हुँदै भारततर्फ लैजान खोजेको आरोपमा पीडित पक्षले कटहरी गाउँपालिका-३ की ४२ वर्षीया रीना खातुन र २२ वर्षीय मोहम्मद सद्दाम मियाविरुद्ध असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको

स्वास्थ्य परीक्षण असार १० गते कोशी अस्पतालमा भयो। आरोपितद्वयविरूद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा साउन १ गते मानव बेचबिखन ओसारपसार र बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुराम सुवेदीको साउन २ गतेको इजलासले आरोपितद्वयलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई झारफुक गर्ने बहानामा ०८१ चैत १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा विराटनगर महानगरपालिका-६ का ३५ वर्षीय महमद साविरविरूद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा जेठ १३ गते भयो। आरोपितलाई प्रहरीले जेठ १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भीष्मराज प्रसाईको ०८२ मङ्सिर ५ गतेको इजलासले आरोपितलाई तीन वर्ष कैद र पीडितले पाउने गरी १ लाख २५ हजार रुपियाँ कसुरदारबाट क्षतिपूर्ति भराउन फैसला गऱ्यो।

### बलात्कार

१४ वर्षीया बालिकालाई ०८१ चैत २३ गते बलात्कार गरेको आरोपमा लेटाङ नगरपालिका-२ बुधबारेका ३५ वर्षीय अनिल राईविरुद्ध पीडित पक्षले चैत २४ गते इलाका प्रहरी कार्यालय, लेटाङमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको असार ३० गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका विभेद, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ५ सय ८० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरेलु हिंसाका १ सय ९९, खान लगाउन नदिएका १ सय, घर निकाला गरेका १ सय २३, मादक पदार्थ सेवन गरी कुटपिट गरेका १ सय ८, विवाह दर्ता नगरिदिएका २३ ओटा र जन्मदर्ता नगरिदिएका २७ ओटा छन्। यी मध्ये ५ सय ५० उजुरीमा मेलमिलाप, २६ उजुरी कानुनी प्रक्रियामा र चार उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कोपिला चुडालले बताइन्।

यो वर्ष मोरङ जिल्लामा बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, साइबर अपराधका घटनामा एक र घरेलु हिंसाका घटनामा ८१ जना गरी ८४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

### साइबर अपराध

४० वर्षीया महिलाको सामाजिक सञ्जालमा चरित्रहत्या गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-१० विराट चौकका ६२ वर्षीय देवराज कार्कीविरूद्ध पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ८ गते गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयमार्फत प्रहरीले जिल्ला अदालतमा चैत १९ गते विद्युतीय कारोबार अन्तरगतको कसुर शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद घिमिरेको चैत २० गतेको इजलासले १ लाख रूपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। जिल्ला अदालतका न्यायाधीश दुर्गाबहादुर भुसालको ०८२ भदौ २३ गतेको इजलासले अभियोग दाबी पुग्ने फैसला गऱ्यो। कसुरदाले ३५ हजार रुपियाँ जरिबाना र पीडितले पाउने गरी कसुरदारबाट ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला भएको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए।

### पारिवारिक हत्या

बेलबारी नगरपालिका-२ सिंहदेवी टोलकी ७७ वर्षीया इन्द्रमाया राई र ७० वर्षीय भक्तबहादुर राईलाई ०८२ मङ्सिर २० गते खानामा विष दिएर हत्या प्रयास गरेको आरोपमा पीडित पक्षले बुहारी ३२ वर्षीया सुनीता कार्कीविरूद्ध सोही दिन इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। इन्द्रमायाको घर नजिकै शव फेला परेको थियो भने ससुरा भक्तबहादुरको मङ्सिर २० गतेदेखि २४ गतेसम्म नोबेल अस्पतालमा उपचार भयो। जिल्ला अदालतका न्यायाधीश चित्रबहादुर गुरुङको ०८२ पुस १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचनाको क्षति/**

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको आन्दोलनका क्रममा विराटनगर महानगरपालिकाभित्र रहेका ४९ ओटा सरकारी कार्यालय र एउटा सशस्त्र प्रहरीको गाडी गरी ५० ओटा संरचनामा आगजनीका साथै तोडफोड भयो। प्रदर्शनकारीहरूले कोशी प्रदेश खेलकुद विकास बोर्ड, राष्ट्रिय परीक्षा बोर्ड, कृषि विकास बैङ्क, सामुदायिक प्रहरी सेवा केन्द्र, विराटनगर महानगरपालिका-१ को वडा कार्यालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय, श्रम तथा रोजगार कार्यालय, नापी कार्यालय, प्रदेश योजना आयोग, भूमि सुधार तथा मालपोत कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सङ्घीय सहकारी विकास तथा भवन निर्माण कार्यालय, कर्मचारी सञ्चय कोष, आन्तरिक राजश्व कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, सिआरभी जतुवा, कोष तथा लेखा नियन्त्रण कार्यालय, विराटनगर महानगरपालिका-१९ को कार्यालय, भौतिक पूर्वाधार तथा सडक डिभिजन कार्यालय, सामाजिक विकास मन्त्रालय, प्रदेशसभा सचिवालय, प्रदेश प्रमुखको कार्यालय र निवास, उच्च सरकारी वकिलको कार्यालय, विराटनगर महानगरपालिका-१ को कार्यालय, राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय, खानेपानी सिञ्चाइ तथा उर्जा मन्त्रालय, हुलाक निर्देशानलय, प्रहरी चौकी मझारे, प्रहरी चौकी जहदा, जहदा गाउँपालिका-५ को हुलाक कार्यालय, वाणिज्य उपभोक्ता संरक्षण कार्यालय, विराटनगर महानगरपालिका-१२ को कार्यालय, विराटनगर महानगरपालिका-४ को कार्यालय, सशस्त्र प्रहरीको गाडी, विराटनगर महानगरपालिका-९ को कार्यालय, नेपाल टेलिकमको कार्यालय, सहरी विकास तथा भवन कार्यालय, विराटनगर महानगरपालिका-७ को कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक कार्यालय, मुख्यमन्त्री कार्यालय, मुख्यमन्त्री निवास भवन, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रण कार्यालय, विराटनगर महानगरपालिका-५ को कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, विराटनगर महानगरपालिका-३ को कार्यालय, उच्च अदालत विराटनगर, जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला अदालतमा आगजनी भयो।

नवयुवा पुस्ताले भदौ २३ र २४ गते गरेको आन्दोलनका क्रममा मोरङमा विराटनगर महानगरपालिका-७ मा रहेको कांग्रेस नेता शेखर कोइरालाको निवास, विराटनगर महानगरपालिका-११ मा रहेको नेकपा एमालेको पार्टी कार्यालय, विराटनगर महानगरपालिका-१ का वडाध्यक्ष काजीबहादुर बस्नेतको घर, कोशी प्रदेश मुख्य सचिव चन्द्रकला पौडेलको निवास, भाटभटेनी सुपर मार्केट, नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय, बुक्स एण्ड मेडिकल स्टेशसनरी, विराटनगर महानगरपालिका-१ मा रहेको माओवादी नेता शिवकुमार मण्डलको घर, माओवादी नेता जीवन आर्चायको घर, विराटनगर महानगरपालिका-८ मा रहेको एमाले नेता ऋषिकेश पोखरेलको घर, एमाले नेता जीवन घिमिरेको घर, भाटभटेनी सुपरमार्केट, होटल ह्यारिसन, माइती नेपालको सिमा निगरानीकर्ता टहरोमा आगजनी र तोडफोड भयो।

नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा मोरङको सुन्दरहरैंचा नगरपालिकाको प्रशासनिक भवनमा आगजनी भयो। आगजनीका कारण भवनको भौतिक संरचनामा र फर्निचर लगायतका समाग्रीजलेर ७ करोड रुपियाँ बराबरको क्षति भएको नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत विनोद न्यौपानेले बताए। सुन्दर हरैंचा नगरपालिका १२ स्थित सुन्दरहरैंचा नगरपालिकाका पूर्व प्रमुख शिव ढकालको घरमा तोडफोड, लुटपाट र आगजनी हुँदा ५० लाख रुपियाँ बराबरको क्षति पुग्यो। सुन्दरहरैंचा नगरपालिका-९ स्थित नेपालीरिका होटलमा आन्दोलनकारीले तोडफोड र आगजनी गर्दा २८ करोड रुपियाँको क्षति पुग्यो। सुन्दरहरैंचा नगरपालिका- ९ स्थित नेपाली कांग्रेसको पार्टी कार्यालयमा आन्दोलनकारीहरूले तोडफोड र आगजनी गर्दा ५ लाख रुपियाँ बराबरको क्षति भएको नेपाली कांग्रेस मोरङका सचिव ललित श्रेष्ठले बताए। सुन्दरहरैंचा नगरपालिका-१० स्थित नगरपालिकाका प्रमुख केदारप्रसाद गुरागाईको घरमा तोडफोड र आगजनी हुँदा २० लाख रुपियाँ बराबरको क्षति पुगेको नगर प्रमुख गुरागाईले बताए। एमाले नेता भानुभक्त ढकालको सुन्दरहरैंचा १२ स्थित घरमाभएको तोडफोड र आगजनी गरी १५ लाख रुपियाँ बराबरको क्षति पुग्यो।

जहदा गाउँपालिका तरिगामास्थित गाउँपालिकाको प्रमुख प्रशासनिक भवनमा नवयुवा प्रदर्शनकारीहरूले आगजनी र तोडफोड गर्दा एक करोड ५० लाख रुपियाँ बराबरको क्षति भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोशनकुमार गुप्ताले बताए। जहदा गाउँपालिका -५ तगिमास्थित

वडा कार्यालय र पोखरीयास्थित ६ नम्बर वडा कार्यालयमा आगजनी र तोडफोड हुँदा ४० लाख रुपियाँ बराबरको क्षति पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोशनकुमार गुप्ताले बताए। रंगेली नगरपालिका ७ स्थित रंगेली नगरपालिकाको प्रमुख प्रशासनिक भवनमा आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीका कारण २ करोड २० लाख रुपियाँ बराबरको क्षति भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदिप साहले बताए। यसैगरी, रंगेली वडा नं ६ रंगेलीस्थित वडा कार्यालय, रंगेली वडा नम्बर ७ कार्यालय, वडा नं ८ कार्यालय र ९ नम्बर वडा कार्यालयमा तोडफोड र आगजनी हुँदा एक करोड रुपियाँको क्षति भयो।

रङ्गेली नगरपालिकाका मेयर दिलिप बगडियाको घरमा आन्दोलनकारी तोडफोड गर्दा १ लाख ५० हजार रुपियाँको क्षति भएको मेयर बगडियाले बताए। धनपालथान गाउँपालिका ४ कर्सिया स्थित गाउँपालिकाको प्रमुख प्रशासनिक भवनमा आगजनी र तोडफोड गर्दा १ करोड ५० लाख रुपियाँ बराबरको क्षति भएको गाउँपालिकाले जनायो। धनपालथान गाउँपालिका ४ कसिंयास्थित वडा कार्यालयमा तोडफोड र आगजनी गर्दा ५० लाख रुपियाँ बराबरको क्षति भएको वडाध्यक्ष श्रीराम चौधरीले बताए। धनपालथान गाउँपालिका ६ दादरबैरियास्थित वडा कार्यालयमा तोडफोड र आगजनी हुँदा ५० लाख रुपियाँ बराबरको क्षति भएको वडाध्यक्ष महमद हुसेनले बताए। धनपालथान गाउँपालिका ७ कदमाहा स्थित वडा कार्यालयमा आगजनी र तोडफोड हुँदा ३० लाख रुपियाँ बराबरको क्षति भएको वडाध्यक्ष सन्तोषकुमार यादवले बताए। नवयुवा पुस्ताले भदौ २५ गते बेलबारी नगरपालिकाको मुख्य प्रशासनिक भवनमा तोडफोड, लुटपाट र आगजनी गर्दा १ करोड ९९ लाख २१ हजार ५ सय ४२ रुपियाँ बराबरको क्षति भएको प्रमुख प्रशासकीय अधिकृत संजयबहादुर राजलवटले बताए। बेलबारी नगरपालिका वडा नं १ को कार्यालयमा तोडफोड हुँदा ३ लाख ६७ हजार रुपियाँ बराबरको क्षति भएको अधिकृत राजलवटले बताए। बेलबारी नगरपालिका वडा नं २ को कार्यालयमा तोडफोड आगजनी र चोरी हुँदा ३१ लाख ५५ हजार, वेलवारी नगरपालिका वडा नं ३ को कार्यालयमा तोडफोड हुँदा १० लाख ८ हजार रुपियाँ, बेलवारी नगरपालिका वडा नं ६ को कार्यालयमा तोडफोड र चोरी हुँदा १२ लाख ३१ हजार रुपियाँ, बेलबारी नगरपालिका वडा नं ९ को कार्यालयमा तोडफोड हुँदा १० लाख ७ हजार रुपियाँ, बेलबारी नगरपालिका वडा नं ११ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ११ लाख ८६ हजार रुपियाँ बराबरको क्षति भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत संजयबहादुर राजलवटले बताए। बेलबारी नगरपालिका शिसौलीटोलस्थित एमाले पार्टी कार्यालयमा तोडफोड, आगजनी हुँदा ९१ हजार रुपियाँ बराबरको क्षति भएको एमाले मोरङले जनायो। नेकपा एमाले बेलवारी नगरपालिका कार्यालयमा क्षति ५४ लाख, नेपाली कांग्रेस बेलवारी नगर पार्टी कार्यालयमा क्षति ८ लाख ५० हजार, नेकपा माओवादी पार्टी कार्यालय क्षति २ लाख ५० हजार, लक्ष्मी सामुदायिक वन उपभोक्ता समितिको कार्यालय क्षति ७ लाख, वेतना सामुदायिक वन कार्यालयमा क्षति ५२ लाख ५३ हजार, लोहन्द्रा चिसाङ साझेदारी वन उपभोक्ता समितिको कार्यालयमा क्षति २५ लाख रुपियाँ बराबरको क्षति भयो। उर्लाबारी नगरपालिकाको कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा भवनमा १६ लाख र जिन्सी सामाग्रीतर्फ ७ लाख रुपियाँ बराबरको क्षति भएको मेयर गङ्गा खरेलले बताए। उर्लाबारी नगरपालिका वडा नं १ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ९ लाख २९ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं २ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ११ लाख १५ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ३ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ६ लाख ८२ हजार, उर्लाबारी नगरपालिका वडा नं ४ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ८ लाख ९७ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ६ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ८८ लाख ७१ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ७ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ७ लाख ६६ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ८ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ९ लाख ७७ हजार रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ९ को कार्यालयमा तोडफोड, आगजनी र चोरी हुँदा ७ लाख रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं ३ मंगलबोस्थित आधारभूत स्वास्थ्य केन्द्रमा तोडफोड, आगजनी र चोरी हुँदा. १० लाख रुपियाँ, उर्लाबारी नगरपालिका वडा नं २ कटहरेस्थित आधारभूत स्वास्थ्य केन्द्रमा तोडफोड र आगजनी हुँदा २ लाख रुपियाँ, उर्लाबारी नगरपालिका -५ उर्लाबारी मधुमल्ला लाइनस्थित आधारभूत स्वास्थ्य

केन्द्रमा तोडफोड र आगजी  हुँदा आधारभूत स्वास्थ्य केन्द्रका उपकरण र औषधि नष्ट  हुँदा १० लाख रुपियाँ, उर्लाबारी वडा नं ६ आहाले स्थित आधारभूत स्वास्थ्य केन्द्रमा तोडफोड हुँदा ६० हजार रुपियाँ, उर्लाबारी वडा नं ७ बरगाछीस्थित आधारभूत स्वास्थ्य केन्द्रमा तोडफोड हुँदा ७० हजार रुपियाँ बराबरको क्षति भएको नगरपालिकाका मेयर गङ्गा खरेलले बताए। नेकपा एमाले उर्लाबारी नगर पार्टी कार्यालय, नगर सम्पर्क कार्यालय र वडा न.८ को कार्यालयमा क्षति १ लाख ६० हजार, इलाका प्रहरी कार्यालयको पुरानो भवनमा आगजनी तोडफोड र सामान चोरी २२ लाखको क्षति, राष्ट्रिय प्रजातन्त्र पार्टी उर्लाबारी नगर कमिटीको कार्यालयमा तोडफोड र चोरी २ लाख, नेपाली कांग्रेस उर्लाबारी नगर समितिको कार्यालयमा तोडफोड हुँदा २ लाख क्षति, उर्लाबारी नगर प्रमुख गङ्गा खरेलको घरमा तोडफोड हुँदा २८ हजार हजारको क्षति भयो। त्यसैगरी प्रदर्शनका क्रममा सुनवर्षी  नगरपालिकाको मुख्य प्रशासनिक भवनमा तोडफोड, आगजनी र चोरी हुँदा भवनमा १ करोड रुपियाँ बराबरको क्षति भयो। सुनवर्षी  नगरपालिकाको अमरदह स्थित वडा नं २ को कार्यालयमा तोडफोड, आगजनी  हुँदा भवनमा ५ लाख रुपियाँ, सुनवर्षी  नगरपालिकाको टकुवास्थित वडा नं ५ को कार्यालयमा तोडफोड, आगजनी  हुँदा भवनमा ५ लाख  रुपियाँ, सुनवर्षी नगरपालिका मिरादेवी दासको घरमा तोडफोड र सामान चोरी ३ लाख क्षति, सुनवर्षीका मेयर श्याम राजवंशीको घरमा तोडफोड ५५ हजार क्षति भएको पीडितहरुले बताए। रतुवामाई नगरपालिका वडा नं ३ महादेवास्थित वडा कार्यालयमा तोडफोड हुँदा ७० हजार  मूल्य बराबरको क्षति भएको वडाध्यक्ष देवीलाल ताजपुरियाले बताए । रतुवामाई नगरपालिका वडा नं ६ सौंठास्थित वडा कार्यालयमा तोडफोड हुँदा ७ लाख  मूल्य बराबरको क्षति भएको वडाध्यक्ष टेकबहादुर लिम्बुले बताए। नेकपा एमाले रतुवामाइ नगरको ६ न वडामा रहेको मदन भण्डारी भवनमा सौठामा तोडफोड हुँदा ५० हजार रुपियाँको क्षति भएको वडाध्यक्ष लिम्बूले बताए। कानेपोखरी गाउँपालिका-६ मा रहेको कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासनिक भवनमा आगजनी र क्षति ९२ लाख २४ हजार ८ सय ७१ रुपियाँको क्षति भएको गाउँपालिका अध्यक्ष राजमती इङ्गनामले बताइन्। कानेपोखरी गाउँपालिका-२ केरौनामा रहेको वडा कार्यालयमा आगजनी र तोडफोड १६ लाख रुपियाँको क्षति, कानेपोखरी गाउँपालिका-३ हरकपुरस्थित वडा कार्यालयमा आगजनी र तोडफोड १७ लाख रुपियाँको क्षति, कानेपोखरी गाउँपालिका-४ बयरवयनमा रहेको वडा कार्यालयमा आगजनी १६ लाखको क्षति, कानेपोखरी गाउँपालिका-६ रमाइलोमा रहेको वडा कार्यालयमा १२ लाख रुपियाँको क्षति, कानेपोखरी गाउँपालिका-७ आइतवारे कार्यालयमा क्षति ७६ लाखको क्षति, कानेपोखरी गाउँपालिका-५ कानेपोखरीमा रहेको पुरानो कार्यालय भवनमा ७ लाख रुपियाँको क्षति भएको गाउँपालिका अध्यक्ष राजमती इङ्गनामले बताइन्।

पथरी शनिश्चरे  नगरपालिकाको कार्यालयमा आगजनी हुँदा ३५ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं १ को कार्यालय पथरीमा तोडफोड हुँदा  २ लाख, शनिश्चरे नगरपालिका वडा नं २ को कार्यालय पथरीमा तोडफोड हुँदा  ८ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं ३ को कार्यालय आइतबारेमा आगजनी हुँदा ८ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं ४ को कार्यालय शनिश्चरेमा आगजनी हुँदा ५ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं ५ को कार्यालय हसन्दहमा आगजनी हुँदा ६ लाख , पथरी शनिश्चरे नगरपालिका वडा नं ६ को कार्यालयमा आगजनी हुँदा  ६ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं ७ को कार्यालय किराँत चोकमा आगजनी हुँदा ७ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं ८ को कार्यालय सोमबारेमा आगजनी हुँदा ७ लाख, पथरी शनिश्चरे  नगरपालिका वडा नं ९ को कार्यालय शनिश्चरेमा आगजनी हुँदा ६ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं १० को कार्यालय शिविरडाँडामा आगजनी हुँदा ४ लाख रुपियाँ बराबरको क्षति भएको मेयर मोहनप्रसाद तुम्वाहाम्पोले बताए। मेयरको घरमा आगजनी हुँदा ३० लाख, उपमेयर देवीमाया काफ्लेको घरमा आगजनी हुँदा ५ लाख, पथरी शनिश्चरे नगरपालिका वडा नं १ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा आगजनी हुँदा ८ लाख  रुपियाँ बराबरको क्षति भएको मेयर मोहनप्रसाद तुम्वाहाम्पोले बताए। पथरी शनिश्चरे नगरपालिकास्थित एमाले नगर पाटी कार्यालय तोडफोड र चोरी हुँदा ३ लाख ५० हजार क्षति भएको एमाले केन्द्रीय सदस्य युवराज बास्कोटाले बताए। बास्कोटाको घरमा तोडफोड हुँदा ३ लाख ६० हजार क्षति, पथरीशनिश्चरे नगरपालिका-१ स्थित भुपाल श्रेष्ठको घरमा तोडफोड हुँदा १ लाख ५० हजार क्षति भयो। विराटनगर महानगरपालिका १ स्थित

नेपाली कांग्रेसको पार्टी कार्यालय आगजनी हुँदा २० लाख रुपियाँ बराबरको क्षति पुगेको कांग्रेस जिल्ला सचिव ललित श्रेष्ठले बताए।

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको प्रदर्शनका क्रममा मोरङमा सरकारी र निजी गरी २ सय २६ ओटा सवारीसाधनमा आगजनी तथा तोडफोड भयो

**तालिका ५.१.१२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | ३ | ३ | ७ | १३ |
| यौन दुर्व्यवहार | १ | | ३ | ४ |
| बलात्कारपछि हत्या | १ | | १ | २ |
| जम्मा | ५ | ३ | १२ | २० |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | ७५ | २ | ४ | ८१ |
| बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | | | | १ | १ |
| साइबर अपराध | १ | | | | १ |
| पारिवारिक हत्या | | | | ३ | ३ |
| जम्मा | १ | ७५ | २ | ९ | ८७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ३ | ५ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.१३ सुनसरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ९,२६,९६२ |
| महिला | ४,७७,९३९ |
| घर परिवार सङ्ख्या | २,१२,४०७ |
| घरजग्गामा महिलाको स्वामित्व | ६८,२५३ |
| साक्षरता प्रतिशत | ७८.१० |
| आश्रित जनसङ्ख्या | ४,२८,४५५ |
| अपाङ्गता भएका | १६,६६३ |

यस वर्ष सुनसरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र ७० जना पुरुष गरी ७४ जना पीडित भए। ज्यादतीका घटनामा ९३ जना महिला, ५४ जना पुरुष र नखुलेको चार जना गरी १ सय ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६० जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्न पाउने अधिकार
### हत्या

**राज्यपक्षबाट**

सुनसरीको इटहरी उपमहानगरपालिका-१ मा ०८२ भदौ २३ गते नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा प्रहरीको गोली प्रहारबाट घाइते भएका इनरुवा नगरपालिका-६ का २३ वर्षीय अभिषेक श्रेष्ठ र इटहरी उपमहानगरपालिका-१४ का ३५ वर्षीय मोहन सरदारको उपचारका क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा सोही दिन मृत्यु भएको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए। भदौ २५ गते पीडित पक्षले शव बुझी इटहरी उपमहानगरपालिका-४ स्थित मुक्ति घाटमा सद्गत गऱ्यो।




*प्रहरीको गोली लागेर मृत्यु भएका*
*अभिषेक श्रेष्ठ र मोहन सरदार*

**अन्यपक्षबाट**

सुनसरीको धरान भाटभटेनी सुपरमार्केटमा नवयुवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनका क्रममा आगजनी भयो । आगजनीका कारण जलेर नष्ट भएको धरानको भाटभटेनीमा भदौ २७ गते चार जनाको शव पूर्ण रूपमा जलेको अवस्थामा फेला पऱ्यो । शवको पहिचानका लागि डीएनए परीक्षण गर्न प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाइएको भए पनि यस वर्षको अन्त्यसम्म प्रतिवेदन नआएको प्रदेश प्रहरी कार्यालय रानी, विराटनगरले जनायो।

### घाइते

**राज्यपक्षबाट**

सुनसरीको बराहक्षेत्र नगरपालिका-३ का ५५ वर्षीय रामप्रसाद लिम्बू ०८२ जेठ १० गते प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। तीघ्रामा गोली लागेर घाइते भएका लिम्बूको सोही दिनदेखि

| तालिका ५.१.१३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| गिरफ्तारी | | ३ | ११ | १४ | | | | |
| अपहरण | | | | | २ | | | २ |
| कुटपिट | | | | | २ | ५ | | ७ |
| घाइते | | १ | ४८ | ४९ | ७ | ४० | | ४७ |
| कारागारमा मृत्यु | | | ६ | ६ | | | | |
| धम्की | | | १ | १ | | १ | | १ |
| अमानवीय व्यवहार | | | | | | १ | | १ |
| यातना | | | १ | १ | | | | |
| हिरासतमा मृत्यु | | | १ | १ | | | | |
| हत्या | | | २ | २ | | ३ | ४ | ७ |
| जातीय विभेद | | | | | १ | २ | | ३ |
| बाल अधिकार | विद्यालयमा दिइने शारीरिक सजाय | | | | | २ | | २ |
| | बलात्कार | | | | १३ | | | १३ |
| | सामूहिक बलात्कार | | | | १ | | | १ |
| | यौन दुर्व्यवहार | | | | ७ | | | ७ |
| | जम्मा | | | | २१ | २ | | २३ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ४२ | | | ४२ |
| | बलात्कार | | | | ९ | | | ९ |
| | बलात्कार प्रयास | | | | १ | | | १ |
| | बोक्सीको आरोपमा | | | | १ | | | १ |
| | पारिवारिक हत्या | | | | ७ | | | ७ |
| | जम्मा | | | | ६० | | | ६० |
| **कूल जम्मा** | | ४ | ७० | ७४ | ९३ | ५४ | ४ | १५१ |

(स्रोत : इन्सेक, २०२५)

एकसातासम्म वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा उपचार भयो। बराहक्षेत्र नगरपालिका-३ स्थित कालिन्द्र सामुदायिक वनमा लागुऔषध तस्करी भइरहेको सूचनाका आधारमा जेठ १० गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगर चक्रघट्टीबाट खटिएको प्रहरी टोलीले तस्करहरूलाई नियन्त्रणमा लिने क्रममा भुलवश निहत्था नागरिकमाथि गोली प्रहार हुन गएको कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरका एसएसपी भीमबहादुर दाहालले बताए। यस वर्षको अन्त्यसम्म कोही कसैविरुद्ध प्रहरीमा उजुरी दर्ता भएन।

**अन्यपक्षबाट**

नवयुवा पुस्ताले ०८२ भदौ २३ गते इटहरी उपमहानगरपालिका-१को मुख्य चोकसहित इटहरी उपमहानगरपालिका कार्यालय क्षेत्रमा भएको प्रर्दशनका क्रममा इलाका प्रहरी कार्यालयका डिएसपी लक्ष्मी भण्डारी, इन्स्पेक्टर कमल ठाकुर, सोमनाथ ढुङ्गाना, इन्चनाथ प्रधान, असइ भूपेन्द्रप्रसाद मण्डल, महेन्द्रप्रसाद यादव, प्रहरी वरिष्ठ हवल्दार यामबहादुर कार्की, रेनुका सुनाम, प्रहरी हवल्दार कमला थापा, प्रहरी जवान युगदीप लुईटेल, प्रहरी वरिष्ठ हवल्दार पोष्टराज राय, इन्स्पेक्टर मेघराज अर्याल, प्रहरी सहायक हवल्दार पुरूषोत्तम थानदार, प्रहरी जवान नितेशकुमार मण्डल,रविन दर्जी र विनबहादुर खत्री घाइते भए। भदौ २४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, परिसरमा भएको आन्दोलनका क्रममा डिएसपी गणेशचन्द्र कोइराला, इन्स्पेक्टर गणेश दाहाल, एसपी अश्विन कार्की, डिएसपी रविन्द्र राई, प्रहरी

वरिष्ठ हवल्दार रमीना राई, प्रहरी वरिष्ठ हवल्दार रुपक अधिकारी,प्रहरी हवल्दार तोरण बोहरा, प्रहरी हबल्दार मुनादेवी कार्की, प्रहरी हबल्दार अग्निप्रसाद अधिकारी, धनकुमारी बस्नेत, प्रहरी सहायक हबल्दार नवीन ढकाल, प्रहरी जवान गीता श्रेष्ठ घाइते भए। भदौ २४ गते इनरुवा नगरपालिकामा भएको प्रर्दशनका क्रममा इन्स्पेक्टर प्रकाश पराजुली, प्रहरी वरिष्ठ हवल्दार देवराम यादव, छत्रबहादुर मगर र प्रहरी सहायक हवल्दार जीतेन्द्रप्रसाद यादव घाइते भए। घाइते सबैको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

### झडप

सुनसरीको इटहरी उपमहानगरपालिका-१ मा ०८२ भदौ २३ गते नवयुवा पुस्ताले गरेको आन्दोलनमा प्रहरीसँगको झडपमा ४८ जना विद्यार्थी घाइते भए। मोरङको बुढीगङ्गा गाउँपालिका-७ का १९ का सान्तनु ढकाल, इटहरी उपमहानगरपालिका-४ का १६ वर्षीय अनमोल पन्त, इटहरी उपमहानपालिका-१० का १६ वर्षीया सम्झना विक, रामधुनी नगरपालिका-८ का १६ वर्षीय आशिष चौधरी, १८ वर्षीय आदर्श चौधरी, इटहरी उपमहानगरपालिका-५ का १८ वर्षीय विपुल साह, इटहरीका २२ वर्षीय सागिर मन्सुरी, विराटनगर महानगरपालिका-२ का २४ वर्षीय विशाल मण्डल, विराटनगरका २० वर्षीय विलोङ्ग गुरुङ, सुन्दरहरैंचा नगरपालिका-८ का १८ वर्षीय विकेशकुमार साह, झापा दमक नगरपालिका-२ का १९ वर्षीय अविनाश राई, इटहरी-६ का २३ वर्षीय अनुप मल्ल, झापा दमक नगरपालिका-४ का १९ वर्षीय प्रयुस चौहान, झापा बिर्तामोड नगरपालिकाका २३ वर्षीय अनिकेत चम्लागाई र झापा दमक नगरपालिका-२ का १९ वर्षीय जेनिशराज भण्डारी घाइते भए। प्रहरीसँगको झडपमा बराहक्षेत्र नगरपालिका- १० का ४० वर्षीय गुमानसिंह सशांक, झापा दमक नगरपालिका-१ का २० वर्षीय भुपेन्द्र खड्का, धरान उपमहानगरपालिका-१ का २३ वर्षीय प्रमिल थापा, धरानका २० वर्षीय सचिन कटुवाल, धरानका २५ वर्षीय विशाल विश्वकर्मा, धरानका १८ वर्षीय अनिश गुरुङ, धरानका २२ वर्षीय पूर्ण परियार, इटहरी उपमहानगरपालिका-१ का ३१ वर्षीय सुजन श्रेष्ठ, धरानका १६ वर्षीय समीर लामा,इटहरीका ४५ वर्षीय लंकबहादुर श्रेष्ठ, ४५ वर्षीय मनबहादुर प्रधान, इटहरीका २२ वर्षीय समिम मिया, २३ वर्षीय सुरज कुमार यादव, २२ वर्षीय शम्शेर अलि, १९ वर्षीय राजु मलाह, ३२ वर्षीय राजु मण्डल, १७ वर्षीय सक्षम यादव, २१ वर्षीय निजर शर्मा, १६ वर्षीय रवि पोद्दार, ३२ वर्षीय नवीन सोनी, २८ वर्षीय सञ्जय श्रेष्ठ, ४० वर्षीय पीआर यादव, २० वर्षीय देवलाल खत्वे, २० वर्षीय रामकुमार साह, १६ वर्षीय कन्हैया चौधरी, २६ वर्षीय अमन सोनी, २४ वर्षीय चन्दनकुमार मेहता, २८ वर्षीय अनुराग सोनी, २५ वर्षीय राम साह, ४१ वर्षीय चन्द्रबहादुर मगर, ४२ वषीय देवराम यादव, ३१ वर्षीय जीतेन्द्र यादव र ४२ वर्षीय प्रकाश पराजुली घाइते सबैको सोही दिन वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा उपचार भयो। भदौ २७ गते सबै जना डिस्चार्ज भएर घर फर्किए।

### कारागार र बन्दी

१ हजार ६ सय जना पुरुष कैदीबन्दी क्षमता भएको झुम्का कारागारमा १ हजार २ सय ४६ जना कैदीबन्दी छन्। भदौ २४ गते कारागारबाट १ हजार ५ सय ७२ जना कैदीबन्दी भागेकोमा यस वर्षको अन्त्यसम्म ५ सय ८ जना सम्पर्क बाहिर रहेको कारागार प्रशासक सुवास लामिछानेले बताए। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दीमा कार्यरत छन्। कारागारको भौतिक पूर्वाधार जीर्ण भएका कारण असुरक्षा हुने गरेको छ। कैदीबन्दीले डोको, नाङ्लो, मुढा बनाउने र त्यसको बिक्रीको व्यवस्थापन कारागार प्रशासनले मिलाइ दिएको छ। व्यायामशाला, पत्रपत्रिका, भलिवल, लुँडोलगायतका खेल कारागारभित्र उपलब्ध छ। यस वर्ष पुर्पक्षमा रहेका एक जना र कैद भुक्तान गरिरहेका पाँच जना गरी ६ जनाको मृत्यु भयो।

### हिरासतमा यातना

दुहवी नगरपालिका-१० सिमरीया जगुवा चोकबाट अनुसन्धानका लागि गिरफ्तार गरिएका १६ वर्षीय गौरव झालाई मङ्सिर १५ गते इलाका प्रहरी कार्यालय, दुहवीको हिरासतमा प्रहरीले यातना दिएको पीडितका बाबुले मङ्सिर १८ गते इनरुवामा पत्रकार सम्मेलन गरी आरोप लगाए। जिल्ला प्रहरी कार्यालयका एसपी केशवकुमार थेवेले प्रहरीका कुनै पनि युनिटमा हिरासतमा रहेकाहरूलाई यातना नदिएको बताए।

### बाल अधिकार

यस वर्ष सुनसरी जिल्लामा बलात्कार घटनामा १३, सामूहिक बलात्कार घटनामा एक, यौन दुर्व्यवहार घटनामा सात र विद्यालयमा दिइने दण्ड सजायका घटनामा दुई जना गरी २३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### विद्यालयमा दिइने दण्ड सजाय

देवानगञ्ज गाउँपालिका-१ का १० र ११ वर्षीय दुई जना बालकलाई स्कूल नआएको आरोपमा ०८२ असार २२ गते ३२ वर्षीय प्रिन्सिपल देवराज यादवले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। देवानगञ्ज गाउँपालिका-१ मा रहेको राजाजी बोर्डिङ स्कूलका प्रिन्सिपल यादवले कुटपिट गरेको पीडित १० वर्षीय बालकका हजुरबुबाले बताए। कक्षा कोठामा थुनेर दुई जना बालकलाई कुटपिट गरेको पीडित पक्षको आरोप छ। पीडित पक्षले कानुनी कारबाहीका लागि कहींकतै उजुरी गरेनन्।

### यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई ०८२ वैशाख ७ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले बराहक्षेत्र नगरपालिका-७ का ५९ वर्षीय अर्थराज कोइरालाविरूद्ध इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा वैशाख ८ गते उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मुकेश उपाध्यायको ०८२ असार ३२ गते इजलासले कसुर गरेको ठहर गर्दै दुई वर्ष कैद, २५ हजार रूपियाँ जरिबाना र पीडितले पाउने गरी कसुरदारबाट २ लाख रूपियाँ क्षतिपूर्ति भराउने फैसला गर्‍यो। अदालतको आदेशपछि फरार भएका कसुरदारलाई प्रहरीले ०८२ साउन २० गते विराटनगरस्थित महेन्द्र चोकबाट गिरफ्तार गर्‍यो।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ५ सय ४२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ३ सय ३३, घर निकालाका ७२, मादक पदार्थ सेवन गरी घर कलहका ४२, नागरिकता नबनाइदिएको ९५ उजुरी छन्। यीमध्ये ३ सय ५६ उजुरीमा मेलमिलाप भयो भने १ सय ८६ उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शारदा उप्रेतीले बताइन्।

यो वर्ष सुनसरी जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयासका घटनामा एक, बोक्सीको आरोप घटनामा एक र घरेलु हिंसाका घटनामा ४२ जना गरी ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट सात जना महिलाको हत्या भयो।

### बलात्कार

३० वर्षीया महिलालाई ०८१ चैत २० गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-१७ का ३६ वर्षीय राम राईविरूद्ध पीडित पक्षले चैत २१ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २१ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश इन्द्रकुमार खड्काको वैशाख १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको ०८२ मङ्सिर २९ गतेको इजलासले आरोपितलाई ८ वर्ष कैद सजायको फैसला गर्‍यो।

### पारिवारिक हत्या

इनरूवा नगरपालिका-९ बविया शिवमन्दिर टोलकी ३३ वर्षीया नविता खातुनको ०८२ असार २९ गते ४२ वर्षीय पति सुदीप शर्मा खत्वेले घाँटी थिचेर हत्या गरेको प्रहरीले जनायो। घरायसी विवादका क्रममा आरोपितले पत्नीको हत्या गरेको अनुसन्धानका क्रममा खुलेको डिएसपी योगराज खतिवडाले बताए। आरोपितले पत्नीको हत्यापछि साडीको पासो लगाएर आत्महत्या गरेको इलाका प्रहरी कार्यालय, धरानका डिएसपी योगराज खतिवडाले बताए। दुवै शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपामा असार ३० गते भयो। सोही दिन पीडित पक्षले शव बुझी इनरुवा नगरपालिका-९ मा सद्गत गर्‍यो।

### दाइजोको कारण हत्या

बर्जु गाउँपालिका-५ अमाहीबेलाकी २१ वर्षीया अफाफ आरिफको ०८२ जेठ १७ गते दाइजोको निहुँमा हत्या गरेको पीडित पक्षले जेठ २७ गते पत्रकार सम्मेलन गरी आरोप लगायो। हरिनगर गाउँपालिका-१ रामनगर भुटाह माइती भएकी २१ वर्षीया अफाफ आरिफको दाइजोको निहुँमा ०८२ जेठ १७ झुण्ड्याएर हत्या गरेको माइती पक्षले आरोप लगायो। बर्जु गाउँपालिका-५ अमाहीबेलाका २५ वर्षीय सदाव आलम अन्सारीसँग ०८० मा विवाह भएकी छोरी अफाफको दाइजोको निहुँमा परिवारका सदस्यले मिलेर जेठ १७ गते झुण्ड्याएर हत्या गरेको मृतकका बाबु आरिफ हुसेन अन्सारीले पत्रकार सम्मेलनमा बताए। दाइजोको विषयमा सधैं विवाद भइरहने र जेठ १७ गते छोरी अफाफको पति सदाव अन्सारीको समेत मिलेमतोमा ५० वर्षीय ससुरा सफाज अन्सारी, ४४ वर्षीया सासु रेहेना खातुन, ३२ वर्षीया नन्द  नासरिन र ३५ वर्षीय

नन्दे ज्वाइ नसरूद्धिन अन्सारीले हत्या गरेको पीडित पक्षले बताए। ज्वाईं विदेशमा भएको र दाइजोको निहुँमा ज्वाईंको समेत मिलेमतोमा परिवारका सदस्यले छोरीको हत्या गरी घटनालाई झुण्डिएर आत्महत्या जस्तो बनाएको मृतक अफाफ आरिफका बाबु आरिफ हुसेन अन्सारीले पत्रकार सम्मेलनमा बताए। छोरीको मृत्यु शङ्कास्पद भएकाले हत्या भएको भन्दै परिवारका सदस्यविरुद्ध जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि प्रहरीले उजुरी दर्ता नगरेको पीडित पक्षले पत्रकार सम्मेलनमा बताए। शवको पोष्टमार्टम कोशी अस्पतालमा जेठ १७ गते भयो। पीडित पक्षले जेठ १८ गते शव बुझी सोही दिन बर्जु गाउँपालिका-५ अमाहीबेलामा सद्गत गर्‍यो। जिल्ला प्रहरी कार्यालयका डिएसपी योगराज खतिवडाले पीडित पक्षले हत्या आरोपमा जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि उजुरी दर्ता हुन बाँकी भएको बताए। शवको फरेन्सिक रिपोर्ट आएपछि मात्र हत्या वा आत्महत्या पुष्टि हुने भएकाले तत्काल आरोपितलाई गिरफ्तार नगरिएको डिएसपी खतिवडाले बताए। यस वर्षको अन्त्यसम्म फरेन्सिक रिपोर्ट नआएको प्रहरीले जनायो।

**'बोक्सी'को आरोप**

गढी गाउँपालिका-६ की ३६ वर्षीया खगनी खत्वेलाई ०८२ साउन ३१ गते 'बोक्सी' आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले सोही ठाउँकी २५ वर्षीया पिंकीदेवी यादव, ३० वर्षीय जयकुमार विराजी, ६० वर्षीय उपेन्द्र विराजी, ५५ वर्षीया लिलियादेवी यादव र २० वर्षीया पुजाकुमारी यादवविरुद्ध भदौ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले उजुरी नलिएको भन्दै पीडितले भदौ ३ गते पत्रकार सम्मेलन गरिन्। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दिनेश अधिकारीले घटनाका बारेमा बुझ्दा बोक्सी आरोपमा कुटपिट नभएको र घरायसी झगडा भएकाले घटना बुझेपछि मात्र कानुनी कारबाही अघि बढ्ने बताए। कुटपिटबाट घाइते पीडितको साउन ३१ गते स्थानीय क्लिनिकमा उपचार भयो। यस वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचनामा क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारीले भोक्राहा नरसिंह गाउँपालिका, कोशी गाउँपालिका, बराहक्षेत्र नगरपालिका, धरान उपमहानगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, गढी गाउँपालिका, इनरुवा नगरपालिका, इटहरी उपमहानगरपालिका, देवानगञ्ज गाउँपालिका, सवारी परीक्षण कार्यालय, इटहरी, राजश्व अनसन्धान कार्यालय इटहरी, आन्तरिक राजश्व कार्यालय इटहरी, यातायात व्यवस्था कार्यालय सवारी इटहरी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र इटहरी, अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय इटहरी, नेपाल प्रहरी राजमार्ग सुरक्षा ट्राफिक व्यवस्थापन कार्यालय, इलाका प्रहरी कार्यालय इटहरी, इलाका प्रहरी कार्यालय पकली, प्रहरी चौकी खनार, प्रहरी बिट, झुम्का, सामुदायिक प्रहरी बिट हलगडा सुनसरी, अस्थायी ट्राफिक प्रहरी पोष्ट पकली, प्रहरी चौकी भरौल, अस्थायी प्रहरी चौकी, रेल्वे धरान, अस्थायी प्रहरी चौकी, चाँदबेला, अस्थायी प्रहरी पोष्ट एकम्बा सुनसरी, अस्थायी प्रहरी चौकी नयाँ बसपार्क धरान अस्थायी ट्राफिक प्रहरी पोष्ट खनार, अस्थायी प्रहरी चौकी, पुष्पलाल चोक, अस्थायी प्रहरी चौकी पञ्चायान, हुलाक कार्यालय र नेपाल प्रहरी विशेष सुरक्षा गण, दुहवी सुनसरीमा आगजनी र तोडफोड गरेको जिल्ला प्रशासन कार्यालयले जनायो। यसैगरी, नेकपा एमाले पार्टी कार्यालय, नेपाली कांग्रेस पार्टी कार्यालय, तत्कालीन नेकपा माओवादी पार्टी कार्यालय, इनरुवा नगरपालिकाका मेयर केदार भण्डारीको घर, कोशी गाउँपालिका अध्यक्ष अयुव अञ्सारीको घर, कोशी प्रदेशका पूर्व मुख्यमन्त्री भीमप्रसाद आचार्य घर, नेकपा एमाले इटहरी नगरपालिका ९ को नगर पार्टी कार्यालय, इटहरी उपमहानगरपालिका मेयर हेमकर्ण पौडेलको घर, इटहरी उपमहानगरपालिका ८ का उपाध्यक्ष रोहित चौधरीको घर, कोशी प्रदेशका कानुनमन्त्री रेवतीरमण भण्डारीको घर, दुहवीस्थित सात तले फरवर्ड कम्प्लेक्स सुपर मार्केट, भाटभटेनी सुपरमार्केट धरान र इटहरीमा पनि लुटपाट, आगजनी तथा तोडफोड भयो। आगजनी र तोडफोडबाट १ अर्ब १७ करोड ३ लाख ३८ हजार ८ सय ३५ रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो।

**तालिका ५.१.१३.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **कानुनी दायरामा नल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | | | | २ | २ |
| बलात्कार | | | १३ | | १३ |
| सामूहिक बलात्कार | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | २ | ४ | | ७ |
| जम्मा | १ | २ | १८ | २ | २३ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | ३३ | ९ | | ४२ |
| बलात्कार | २ | | | ७ | ९ |
| बलात्कार प्रयास | | | | १ | १ |
| 'बोक्सी'को आरोपमा | | | १ | | १ |
| पारिवारिक हत्या | १ | | ४ | २ | ७ |
| जम्मा | ३ | ३३ | १४ | १० | ६० |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | ५ | २ | ९ |

(स्रोत : इन्सेक, २०२५)

# ५.१.१४ उदयपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,४०,७२१ |
| महिला | १,७६,९८३ |
| घर परिवार सङ्ख्या | ८१,०५१ |
| घरजग्गामा महिलाको स्वामित्व | १७,३८१ |
| साक्षरता प्रतिशत | ७७.१७ |
| आश्रित जनसङ्ख्या | १,६७,३२२ |
| अपाङ्गता भएका | ९,२१८ |

यस वर्ष उदयपुर जिल्लामा ज्यादतीका घटनामा १ सय ९२ जना महिला र चार जना पुरुष गरी १ सय ९६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ५१ जना महिला पीडित भए।

### ज्येष्ठ नागरिक हत्या प्रयास

**अन्यपक्षबाट**

त्रियुगा नगरपालिका-४ का ६६ वर्षीय ज्येष्ठ नागरिक राजन विश्वकर्मालाई आसपी विवादका क्रममा सोही ठाउँका १६ वर्षीय बालकले ०८१ पुस २० गते खुकुरी प्रहार गरी हत्या प्रयास गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। खुकुरी प्रहारबाट टाउकामा चोट लागेका पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ ३ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको चैत ३ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै पाँच वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

### घाइते

**अन्यपक्षबाट**

जेनजी आन्दोलनका क्रममा ०८२ भदौ २४ गते जिल्ला प्रशासन कार्यालयमा भएको झडपमा जिल्ला प्रहरी कार्यालय उदयपुरमा कार्यरत प्रहरी जवान रमन बुर्जा मगर घाइते भए। उनको सोही जिल्ला अस्पतालमा उपचार भयो। ०८२ पुस ७ गतेसम्म घटनामा संलग्न भएको आरोपमा प्रहरीले कोही कसैलाई गिरफ्तार गरेन।

त्रियुगा नगरपालिका-१० बोक्सेका ३७ वर्षीय लालहिरा राईलाई आपसी विवादका क्रममा सोही ठाउँका ३८ वर्षीय इन्द्र तामाङले ०८१ पुस २३ गते खुकुरी प्रहार गरी घाइते बनाएको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उपचार वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पुस २३ गतेदेखि २८ गतेसम्म भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ ७ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्गनामको माघ ८ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार भेषराज भट्टराईले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### कारागार र बन्दी

उदयपुर कारागारमा यस वर्ष अदालतबाट मुद्दाको फैसला भएर कैद भुक्तान गरिरहेका १ सय ३८ जना पुरुष र ६ जना महिला छन्। अदालतमा मुद्दा चालु अवस्थामा रहेर पुर्पक्षमा रहेका ८४ जना पुरुष र चार जना महिला छन्। ५० जना क्षमता रहेको उदयपुर कारागारमा क्षमता भन्दा चार गुणा भन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या भएको कारागार

प्रशासनले जनायो। ०३६ सालमा त्रियुगा नगरपालिका-१० बोक्सेमा बनाईएको जिल्ला कारागारमा २ सय २२ जना पुरुष र १० जना महिला कैदीबन्दीलाई राखिएको छ। कारागार भवनको छत, पर्खाल लगायतका भौतिक संरचना चर्किएर जीर्ण भएका कारण जोखिम बढेको कारागार प्रशासनले जनायो। २ सय जना क्षमताको कारागार निमार्णका लागि डिपिआर निर्माण गरी चार बर्ष अघि नै अर्थ मन्त्रालयमा फाइल पेस गरे पनि मन्त्रालयले बजेट विनियोजन नगर्दा कैदीबन्दी जीर्ण भवनमा जोखिम मोलेर बस्न बाध्य भएको कारागार प्रशासक उज्वल सुवेदीले बताए। ५० जना क्षमताको कारागारमा चार गुणा भन्दा बढी कैदीबन्दी राख्नुपर्दा व्यवस्थापनमा निकै असहज छ। ठाउँ सानो भएकाले खेलकुद, शारीरिक व्यायाम जस्ता क्रियाकलाप गर्न असहज हुने गरेको छ। आय आर्जनका लागि मुढा बुन्ने, टोपी बनाउने लगायतका सीपमूलक तालिम सञ्चालन गरिएको र उनीहरूले उत्पादन गर्ने सामान बजारसम्म पुर्‍याउने व्यवस्था मिलाइएको छ।

**तालिका ५.१.१४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | | १ |
| घाइते | | १ | २ | ३ |
| अमानवीय व्यवहार | | | १ | १ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | बलात्कार | २५ | | २५ |
| | हाडनाता करणी | १ | | १ |
| | सामूहिक बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | १० | | १० |
| | जम्मा | ३९ | | ३९ |
| महिला अधिकार | घरेलु हिंसा | १३७ | | १३७ |
| | बलात्कार | १० | | १० |
| | सामूहिक बलात्कार | १ | | १ |
| | बलात्कार प्रयास | ३ | | ३ |
| | जम्मा | १५१ | | १५१ |
| **कूल जम्मा** | | १९२ | ४ | १९६ |

(स्रोत : इन्सेक, २०२५)

## बाल अधिकार

यस वर्ष उदयपुर जिल्लामा बलात्कार घटनामा २५, सामूहिक बलात्कार घटनामा तीन, हाडनाता करणी घटनामा एक र यौन दुर्व्यवहार घटनामा १० गरी ३९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै १ सय ३७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ३९, मादक पदार्थ सेवन गरी घरकलहका ४१, घरनिकालाका १७, खान लगाउन नदिएका २३, विवाह दर्ता नगरिदिएको १३ र जन्मदर्ता नबनाइदिएको चार ओटा उजुरी रहे। विवाह दर्ता र जन्म दर्तालाई सम्बन्धित निकायमा जाने सहमतिसहित सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी केदार दोडले बताए।

यो वर्ष उदयपुर जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा तीन, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ३७ जना गरी १ सय ५१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

नवयुवा पुस्ताको आन्दोलनका क्रममा ०८२ भदौ २३ र २४ गते जिल्लामा सरकारी संरचनासहित निजी सम्पत्तिमा आगजनी र तोडफोड भयो। प्रदर्शनकारीले त्रियुगा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला भेटेनरी कार्यालय, मालपोत कार्यालय, नेपाल बार एशोसिएशनको कार्यालय, जिल्ला अदालत, खानेपानी कार्यालय, नापी कार्यालय, सिंचाइ कार्यालय, गाईघाट दिक्तेल सडक आयोजना, कृषि ज्ञान केन्द्र, डिभिजन वन कार्यालय गाइघाट, नेपाल टेलिकम, कर्मचारी मिलन केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइमा आगजनी र तोडफोड भयो। त्यसैगरी नेकपा एमाले पार्टी कार्यालय, नेपाली कांग्रेस पार्टी कार्यालय, नेकपा माओवादी पार्टी कार्यालय, नेकपा एसको पार्टी कार्यालय, त्रियुगा नगरपालिकाका मेयर बसन्त बस्नेतको घर, त्रियुगा नगरपालिकाका पूर्व मेयर

**तालिका ५.१.१४.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

बलदेव चौधरीको घर र त्रियुगा नगरपालिका उपमेयर महेश्वरी राईको घर, कोशी प्रदेश सभाका उपसभामुख सिर्जना दनुवारको घरमा आगजनी र तोडफोड भयो।

**तालिका ५.१.१४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ३४ | ३५ |
| हाडनाता करणी | १ | | १ |
| सामूहिक बलात्कार | २ | १ | ३ |
| यौन दुर्व्यवहार | | १० | १० |
| जम्मा | ४ | ३५ | ३९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | १२० | | १७ | १३७ |
| बलात्कार | | १ | ९ | १० |
| सामूहिक बलात्कार | | | १ | १ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| जम्मा | १२० | १ | ३० | १५१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

# ५.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## मधेश प्रदेश



# ५.२.१ सप्तरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,०६,२५५ |
| महिला | ३,५४,८८७ |
| घर परिवार सङ्ख्या | १,४६,८१६ |
| घरजग्गामा महिलाको स्वामित्व | ३७,५६५ |
| साक्षरता प्रतिशत | ६७.६९ |
| आश्रित जनसङ्ख्या | ३,५३,१०३ |
| अपाङ्गता भएका | १०,७८३ |

यस वर्ष सप्तरी जिल्लामा राज्यपक्षबाट एक जना पुरुषको हत्या भयो। मानव अधिकार ज्यादतीका घटनामा ९१ जना महिला र २७ जना पुरुष गरी १ सय १८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७६ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### राज्यपक्षबाट

राजगढ गाउँपालिका-२ कमलपुरस्थित श्री खुबलाल जग्रनाथ शक्ति आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ३६ वर्षीय लालु यादव ०८२ साउन २० गते राति प्रहरीले प्रहार गरेको गोली लागेर घाइते भएकोमा उनको उपचारको क्रममा गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा मृत्यु भयो। तस्करी भइरहेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय, सप्तरीबाट खटिएका इन्स्पेक्टर वीरेन्द्रकुमार यादवको टोली घटनास्थल पुगेको थियो। प्रहरीले लालुप्रसाद यादवले सञ्चालन गर्दै आएको रक्सी पसलमा छापामारी गर्ने क्रममा विवाद भएपछि प्रहरीले गोली प्रहार गरेको थियो। घटनामा प्रहरीले आत्मरक्षाका लागि भन्दै सात राउण्ड फायरिङ गरेको थियो। शवको पोष्टमार्टम गजेन्द्रनारायण सिंह अस्तालमा साउन २२ गते भयो। उक्त घटनामा प्रहरी निरीक्षक वीरेन्द्रकुमार यादव र प्रहरी सहायक हवल्दार सिकेन्द्र थारु घाइते भए। घाइतेहरूको प्राथमिक उपचार गजेन्द्र नारायण सिंह अस्पतालमा भयो भने थप उपचार मधेश प्रदेश प्रहरी अस्पताल, रुपनीमा भयो।

घटनाको विरोधमा साउन २१ गते बिहान मृतकका आफन्त र स्थानीयले जिल्ला प्रहरी कार्यालय अगाडि टायर बालेर प्रदर्शन गरेका थिए। भीड तितरबितर पार्न सुरक्षाकर्मीले दुई राउण्ड अश्रुग्यास प्रहार गरेको थियो। सो क्रममा प्रहरी हवल्दार मणिभूषणप्रसाद यादव, हवल्दार शम्भुनारायण माझी, अनिलकुमार कानु, सहायक प्रहरी बरिष्ठ हवल्दार मो.फारुप मियाँ, प्रहरी सहायक हबल्दार किशोर लामिछाने, प्रहरी जवान अजयकुमार कुशवाहा, चन्दनकुमार यादव, राधेश्याम यादव,प्रहरी जवान विकासकुमार मुखिया घाइते भए। सबै घाइतेहरूको उपचार गजेन्द्र नारायण अस्पताल, राजविराजमा भयो।

घटनाको बारेमा इन्सेक मधेस प्रदेश कार्यालय र एड्भोकेसी फोरम नेपालको संयुक्त टोलीले साउन २५ गतेदेखि स्थलगत अनुगमन गरेको थियो। घटनामा संलग्न भएको आरोपमा इन्स्पेक्टर वीरेन्द्रकुमार



*प्रहरीले प्रहार गरेको गोली लागेर मृत्यु भएका लालु यादव*

यादवलाई जिल्ला प्रहरी कार्यालयबाट साउन २५ गते सरुवा गरिएको एसपी गौतम केसीले बताए।

**तालिका ५.२.१.१** **घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | २१ | २२ |
| हत्या | | १ | १ | १ | ३ | ४ |
| अमानवीय व्यवहार | | | | | २ | २ |
| धम्की | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | ७ | | ७ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ५ | | ५ |
| | जम्मा | | | १३ | | १३ |
| महिला अधिकार | घरेलु हिंसा | | | ७३ | | ७३ |
| | पारिवारिक हत्या | | | ३ | | ३ |
| | जम्मा | | | ७६ | | ७६ |
| **कूल जम्मा** | | १ | १ | ९१ | २७ | ११८ |

(स्रोत : इन्सेक, २०२५)

### अन्यपक्षबाट

बोदेबर्साइन नगरपालिका-८ काचनको रजकपट्टीस्थित कबिर बाबा मन्दिरका पुजारी ७३ वर्षीय रामदुलार साहको ०८२ कात्तिक २ गते बिहान पहिचान नखुलेको समूहले गोली प्रहार गरी हत्या गर्‍यो। मन्दिरमा एक्लै बस्दै आएका पुजारीको हत्याबारे स्थानीयले काचनस्थित प्रहरी चौकीमा खबर गरेपछि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय, कडरबोनाबाट समेत प्रहरी टोली घटनास्थल पुगेको थियो। शवको पोष्टमार्टम कात्तिक ३ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। घटनामा संलग्न आरोपितको पहिचान हुन नसकेको र घटनाको अनुसन्धान जारी रहेको इन्स्पेक्टर प्रमोदकुमार साहले बताए।

### अमानवीय व्यवहार

ज्योति विकास बैंक लिमिटेड, बर्दिबासमा कार्यरत ३० वर्षीय सुनित श्रेष्ठ र २८ वर्षीय सविनकुमार श्रेष्ठलाई ०८२ मङ्सिर २४ गते कर्जा असुलीका क्रममा मोसो दली कुटपिट गरेको आरोपमा सप्तकोशी नगरपालिका-७ स्थित चौधरी टोलका ५२ वर्षीय सञ्जीवकुमार चौधरी, ४८ वर्षीया रीताकुमारी चौधरी, ३१ वर्षीय सिरजकुमार चौधरी, शम्भुनाथ नगरपालिका-६ का ५१ वर्षीय प्रभुनारायण चौधरी, अग्नीसाइर कृष्णासवरन गाउँपालिका-१ का ४७ वर्षीय उमाकान्त चौधरी, ५२ वर्षीय पाँचदेव चौधरी र ५० वर्षीय रविन्द्र स्वर्णकारविरुद्ध पीडितहरूले मङ्सिर २५ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। यो वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

### झडप

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा राजविराज नगरपालिका-५ का ३० वर्षीय मनोज चौरसिया, सिरहा जिल्ला धनगढी नगरपालिका-१ का १५ वर्षीय आयनकुमार मण्डल, राजविराज नगरपालिका-६ का २१ वर्षीय तौहिक राजा, रुपनी गाउँपालिका-३ कटैयाका १८ वर्षीय धिरज मण्डल, राजविराज नगरपालिका-३ का १७ वर्षीय सर्फोरज आलम, राजविराज नगरपालिका-७ का १८ वर्षीय राधे यादव र झापा जिल्लाका ४९ वर्षीय रामकुमार मङ्ग्राती घाइते भए। झडपमा परी प्रहरीतर्फ रौतहट जिल्ला गुजरा नगरपालिका-७ का ३० वर्षीय सुनिलकुमार पासवान र मक्सुदनकुमार यादव घाइते भए।  घाइते सबैको उपचार गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भयो।

### कारागार र बन्दी

जिल्ला करागार सप्तरीको क्षमता १ सय २५ रहेको छ। करागारमा ३ सय ६९ जना कैदीबन्दी रहेका छन्। जसमा २० महिला र ३ सय ४९ पुरुष छन्। कारागारमा आश्रित बालक दुई जना छन्। कारागारमा मानसिक रोगी एक पुरुष र एक महिला गरी दुई जना रहेको निमित्त जेलर सुशील कर्णले बताए।

नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा ०८२ भदौ २५ गते कारागार भवन आगजनी र तोडफोड गरी २ सय ५ जना फरार भए। प्रहरीको सक्रिय चेकजाँच र खोजतलासबाट १ सय २५ जना कैदीबन्दी कारागार फर्किएका छन् भने ७८ जना फरार छन्। भागेका कैदीबन्दीमध्ये दुईजनाले आत्महत्या गरेको अवस्थामा शव फेला परेको निमित्त कार्यालय प्रमुख कर्णले बताए।

## कुटपिट

### अन्यपक्षबाट

राजविराज नगरपालिका-७ खर्सालटोल निवासी नयाँपत्रिका दैनिकका संवाददाता २५ वर्षीय सौरभ यादवमाथि ०८२ साउन ३० गते कुटपिट गरेको भन्दै छिन्नमस्ता गाउँपालिका-१ वीरपुरका 'क्याप्टेन' भनिने २८ वर्षीय कृष्णनाथ यादव, राजविराज नगरपालिका-११ का २५ वर्षीय राजु यादव र विष्णुपुर गाउँपालिका-७ का ३० वर्षीय राजबाबु झाविरुद्ध पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। गजेन्द्रनारायण सिंह अस्पतालको दक्षिण गेट अगाडि उभिइरहेको समय मोटरसाइकलमा आएका उनीहरूले चक्कु, हेलमेट र पेटी प्रयोग गरी आक्रमण गरेको पत्रकार यादवले बताए। आक्रमणबाट उनको टाउको, हात र शरीरको विभिन्न भागमा चोट लागेको थियो। आरोपितमध्ये राजु यादवलाई प्रहरीले भदौ १ गते गिरफ्तार गर्‍यो भने अन्य फरार रहे। जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको भदौ २२ गतेको इजलासले आरोपित राजुलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## बाल अधिकार

यस वर्ष सप्तरी जिल्लामा बलात्कार घटनामा सात, सामूहिक बलात्कारका घटनामा एक र यौन दुर्व्यवहार घटनामा पाँच जना गरी १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ९ सय ७३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरेलु हिंसा अन्तर्गत खान लाउन नदिएको, खर्च नदिएको १ सय ७, गालीगलौज गरेको नागरिकता, विवाह दर्ता नबनाइ दिएको ३ सय ७०, कुटपिट गरी शारीरिक र मानसिक यातना दिएको ४ सय ९६ उजुरी छन्। यीमध्ये ४ सय २० उजुरीमा मेलमिलाप भएको, ४ सय ६७ उजुरी फर्स्योट हुन बाँकी र ८६ उजुरी छलफल प्रक्रियामा रहेको सेवा केन्द्रका हिरेन्द्र राय यादवले बताए।

यो वर्ष सप्तरी जिल्लामा घरेलु हिंसाका घटनामा ७३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट तीन जना महिलाको हत्या भयो ।

## पारिवारिक हत्या

सुरुङ्गा नगरपालिका-३ भुसिमहुलियास्थित माइती घरमा बस्दै आएकी ३५ वर्षीया सुनीता सदालाई हत्या गरेको आरोपमा प्रहरीले मिर्चैया नगरपालिका-१० मटलेश्वरका पति ३८ वर्षीय रतन सदालाई कात्तिक ११ गते गिरफ्तार गर्‍यो। आरोपित रतनले घरायसी विवादका क्रममा कात्तिक ११ गते दिउँसो पत्नी सुनीताको टाउकोमा बञ्चरो प्रहार गरी घाइते बनाएका थिए। घाइते सुनीतालाई स्थानीयहरूले तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल, लहान लगेकोमा थप उपचारका लागि कात्तिक १२ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो। तर, उपचार खर्च अभावका कारण सुनीतालाई कात्तिक १६ गते घर फर्काइएपछि कात्तिक १७ गते साँझ मिर्चैया नगरपालिका-१० मटलेश्वरस्थित घरमा मृत्यु भएको परिवारले बताए। शवको पोष्टमार्टम कात्तिक १८ गते प्रादेशिक अस्पताल, लहानमा गरी आफन्तले जिम्मा लिए। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको कात्तिक ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

सुरुङ्गा नगरपालिका-११ अराहा भजका टोलकी २१ वर्षीया सन्जुकुमारी पासवानलाई ०८१ फागुन १५ गते घरायसी विवादको कारण कुटपिट गरी हत्या गरेको आरोपमा पति २५ वर्षीय दिपेशकुमार पासवान, दाजु दिनेश भनिने जितेन्द्र पासवान, भाइ २० वर्षीय रुपेस पासवान र बुबा ६५ वर्षीय रामनारायण पासवानविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, कडरबोनामा फागुन २१ गते उजुरी दिए। आरोपित पतिलाई फागुन २१ गते प्रहरीले गिरफ्तार गर्‍यो। अन्य आरोपितहरू फरार छन्। कुटपिटबाट घाइते भएकी सञ्जु कुमारीलाई उपचारको लागि गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा फागुन

२१ गते भयो। जिल्ला अदालतका न्यायाधीश उदविर नेपालीको ०८२ जेठ १९ गतेको इजलासले आरोपितसँग धरौटी माग गर्ने आदेश भएको सप्तरी जिल्ला अदालतले जनायो।

**दाइजोको कारण हत्या**

महादेवा गाउँपालिका-१ सोनराकी २१ वर्षीया दीपाकुमारी यादवको ०८२ भदौ १४ गते हत्या गरेको आरोपमा प्रहरीले पति २४ वर्षीय दीपककुमार यादव र ५९ वर्षीय ससुरा पर्शुराम यादवलाई गिरफ्तार गऱ्यो। ११ लाख रुपियाँ दाइजो दिएर ०८२ असार ४ गते विवाह गरेको र थप ५० हजार रुपियाँ दाइजो माग गर्दै एक महिनाअघि देखिनै उनलाई निरन्तर यातना दिइँदै आएको माइती पक्षले बतायो। शवको पोस्टमार्टम भदौ १५ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरिएको प्रहरीले जनायो। जिल्ला अदालतको असोज २१ गतेको इजलासले ससुरा पर्शुराम यादवलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने र पति दीपककुमार यादवलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना क्षति**

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा राजविराज नगरपालिका-७ स्थित जिल्ला अदालतका दुई ओटा सरकारी गाडी, राजविराज नगरपालिकाको कार्यालय भवनमा पार्किङ गरी राखेको दुई ओटा स्करपियो, दुई ओटा मोटरसाइकल, एक ओटा ट्याक्टर, राजविराज नगरपालिका-७ स्थित जिल्ला समन्वय समितिको एक ओटा बस र एक ओटा स्कारपियो गाडी, जिल्ला वन डिभिजन कार्यालय, करदाता कार्यालय, मालपोत कार्यालय, शहरी सदन तथा भवन निर्माण आयोजना कार्यालयको पाँच ओटा स्कारपियो र मोटरसाइकल, राजविराज नगरपालिका-५ स्थित पूर्व शिक्षामन्त्री उमेश यादवको घर, राजविराज  नरपालिका-४ स्थित जनता समाजवादी पार्टी कार्यालय, राजविराज नगरपालिका-४ स्थित जनमत पार्टी कार्यालय, राजविराजन नगरपालिका-८ स्थित एमाले पार्टी कार्यालयमा तोडफोड र आगजनी भयो।

## स्वास्थ्य सेवा

सप्तरी जिल्ला छिन्नमस्ता गाउँपालिका-५ मुसहरी टोलमा फैलिएको झाडा पखालाबाट दुई बालबालिका र एक ज्येष्ठ नागरिकको मृत्यु भयो। मुसहरी टोलका ३० वर्षीय बुचन सदाको घरबाट कात्तिक ३ गते झाडा पखाला फैलिएको थियो। बुचनका छोरा र छोरी र बाबुको मृत्यु भएको वडा सदस्य बेचन सदाले बताए। झाडा पखालाका कारण गाउँका अन्य तीन जना बिरामी भए।

झाडा पखालाको प्रकोप फैलिएका कारण स्वास्थ्य सर्तकता अपनाउन छिन्नमस्ता गाउँपालिकाले अपिल गऱ्यो। सो गाउँ ५९ जना स्थानीयमा झाडा पखालाको सङ्क्रमण देखिएको थियो।

**तालिका ५.२.१.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | ३ | ४ | ७ |
| सामूहिक बलात्कार | | १ | १ |
| यौन दुर्व्यवहार | | ५ | ५ |
| जम्मा | ३ | १० | १३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ६१ | २ | १० | ७३ |
| पारिवारिक हत्या | | १ | २ | ३ |
| जम्मा | ६१ | ३ | १२ | ७६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ४ | १ | ५ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.२ सिरहा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,३९,९५३ |
| महिला | ३,७६,२२९ |
| घर परिवार सङ्ख्या | १,४८,५४९ |
| घरजग्गामा महिलाको स्वामित्व | ३७,७३६ |
| साक्षरता प्रतिशत | ६५.११ |
| आश्रित जनसङ्ख्या | ३,८९,२०५ |
| अपाङ्गता भएका | ११,९४५ |




यस वर्ष सिरहा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ८३ जना महिला र ३३ जना पुरुष गरी १ सय १६ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५७ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

धनगढीमाइ नगरपालिका–११ का ८५ वर्षीय फनिलाल यादवलाई ०८२ साउन १४ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले सोही नगरपालिका–२ का १९ वर्षीय प्रशान्त कुमार मण्डललाई साउन २३ गते र ३३ वर्षीय महेश चौधरीलाई साउन २७ गते गिरफ्तार गर्‍यो। आरोपित पीडितको घरमा चोरी गर्न गएका बेला फनिलालले हल्ला गर्न थालेपछि उनीमाथि खुकुरी प्रहार भएको थियो। खाना खाएर एक्लै सुतेको र बिहान नउठेपछि छिमेकीहरू हेर्न जाँदा ओछ्यानमा रगतै रगत देखेपछि प्रहरीलाई खबर गरेका थिए। शवको पोष्टमार्टम साउन १४ गते धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। जिल्ला अदालतको भदौ १८ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र १ सय ३५ पुरुष गरी १ सय ५० जनाको छ। कारागारमा ४ सय ३९ जना पुरुष कैदीबन्दी छन्। कारागारमा आश्रित दुई बालक छन्। कारागारमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा समस्या रहेको जेलर सुबोध महतोले बताए। कारागार भवन जीर्ण हुनुका साथै खानेपानी र शौचालयको समस्या रहेको छ। कारागारमा ६८ वर्ष नाघेका १६ जना ज्येष्ठ नागरिक छन्।

सिरहा नगरपालिका-१ स्थित जिल्ला कारागारमा ०८२ कात्तिक २३ गते कैदीबन्दीबीच नाइके नियुक्तिको विषयमा विवाद हुँदा मिर्चैया नगरपालिका-८ का ३० वर्षीय प्रमेश्वर सदा घाइते भए। घाइते सदाको टाउको तथा शरीरका विभिन्न अंगहरुमा चोट लागेको करागार प्रमुख सुबोध महतोले बताए। घाइतेको उपचार प्रादेशिक अस्पताल सिरहामा भयो। प्रमेश्वर सदा लगायतलाई कारागार प्रशासनले सिन्धुली कारागार सरुवा गर्‍यो।

सिरहा कारागारमा ०८२ साउन ४ गते झडप हुँदा १३ जना घाइते भए। कारागारभित्र नाइके नियुक्तिको विषयलाई लिएर दुई पक्षीय कैदीबन्दीबिच विवाद भएपछि झडप भएको थियो। झडपमा ३५ वर्षीय विजय महतो, ३० वर्षीय वरुण महतो, शिवा भनिने २५ वर्षीय शिवकुमार राम, ३३ वर्षीय दीपक ठाकुर, शिवम् भनिने ३१ वर्षीय जयप्रकाश चौधरी, जङ्गली

**तालिका ५.२.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | २० | २५ |
| हत्या | | | ३ | ३ |
| धम्की | | | १ | १ |
| जातीय विभेद | | | ७ | ७ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | २ | २ |
| | बलात्कार | १२ | | १२ |
| | सामूहिक बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | ६ | | ६ |
| | जम्मा | २१ | २ | २३ |
| महिला अधिकार | घरेलु हिंसा | २७ | | २७ |
| | बलात्कार | १६ | | १६ |
| | बलात्कार प्रयास | ११ | | ११ |
| | दाइजोजनित हिंसा | १ | | १ |
| | बलात्कारपछि हत्या | १ | | १ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | ५७ | | ५७ |
| **कूल जम्मा** | | ८३ | ३३ | ११६ |

(स्रोत : इन्सेक, २०२५)

भनिने ३८ वर्षीय अन्जनी कुशवाहा, ३४ वर्षीय छोटु भनिने रिपेन्द्र झा, ४५ वर्षीय सन्तोषकुमार सिंह, ५० वर्षीय बैजु दास, ३२ वर्षीय मकेश्वर महतो, २२ वर्षीय दीपेन्द्र यादव, २३ वर्षीय जितन साह र २७ वर्षीय सत्यनारायण कारक घाइते भए। घाइतेहरूको प्राथमिक उपचार प्रादेशिक अस्पताल, सिरहामा भयो। उनीहरूलाई सोही दिन केन्द्रीय कारागार, काठमाडौँ सरुवा गरिएको कारागार प्रमुख सुबोध महतोले बताए।

### बाल अधिकार

यस वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १२, सामूहिक बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा ६ र विद्यालयमा दिइने दण्ड सजायका घटनामा दुई जना गरी २३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### हत्या

गोलबजार नगरपालिका-१३ का १६ वर्षीय अभिषेक सिंहलाई ०८२ असोज ५ गते पहिचान नखुलेको समूहले अपहरण गरेकोमा उनको शव असोज ७ गते बिहान घरनजिक आँप बगैँचामा फेला पऱ्यो। पीडित परिवारका अनुसार असोज ५ गते पीडित बालकको मोबाइल फोनबाट अपहरणमा परेको र ५ करोड रुपियाँ फिरौती माग गरेको सूचना आएको थियो। लगत्तै पीडितकी आमाले इलाका प्रहरी कार्यालय, गोलबजारमा उजुरी दिएकी थिइन्। बालक अपहरणमा परेको जानकारी असोज ६ गते आएको जिल्ला प्रहरी कार्यालय, सिरहाका एसपी अनन्तराम शर्माले बताए। शवको पोष्टमार्टम बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा असोज ८ गते भयो। अंशको लागि अंशियारहरूले मिलेर हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। प्रहरीले गोलबजार नगरपालिका-१३ का १७ वर्षीय बालकलाई असोज ७ गते, २० वर्षीय अमितकुमार यादवलाई असोज १० गते, ३० वर्षीय विजयकुमार सिंह, २५ वर्षीय मनोज सिंह, ६५ वर्षीय बिन्देश्वरप्रसाद सिंह र १८ वर्षीय बालकलाई असोज १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असोज २९ गतेको इजलासले १७ वर्षीय बालकलाई बाल सुधार गृह, २० वर्षीय अमितकुमार यादवलाई पुर्पक्षका लागि थुनामा र अन्यलाई जनही ७५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### बलात्कारपछि हत्या

कर्जन्हा नगरपालिका-१ बल्टिया घर भई बन्दीपुरस्थित नेपाल राष्ट्रिय फूलकुमारी माविको कक्षा नौमा अध्ययनरत १७ वर्षीया बालिकाको शव ०८२ मङ्सिर २२ गते दिउँसो विद्यालयकै दक्षिणपट्टी कमला नहर छेउको झाडीमा अर्धनग्न अवस्थामा फेला पऱ्यो। बालिकाको शरीरका विभिन्न भागमा घाउचोट लागेको र घटनास्थल भन्दा करिब ५० मिटर पर उनले लगाएको कपडा जुत्ता समेत फेला परेको जिल्ला प्रहरी कार्यालय, सिरहाका डिएसपी रमेशबहादुर पालले बताए। शवको पोष्टमार्टम मङ्सिर २३ गते धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी परिवारको जिम्मा लगाइएको प्रहरीले जनायो। घटना संलग्न रहेको आरोपमा धनुषा जिल्ला क्षिरेश्वरनाथ नगरपालिका-३ का ४५ वर्षीय रामबालक चौधरीलाई ०८२ पुस २१ गते प्रहरीले गिरफ्तार गऱ्यो।

**विद्यालयमा दिइने दण्ड सजाय**

नरहा गाउँपालिका-३ स्थित सिरहा पब्लिक स्कुलमा कक्षा नौमा अध्ययरत १४ वर्षीय बालकलाई विद्यालयका प्रधानाध्यापक रामप्रकाश यादवले कुटपिट गरेको भन्दै पीडित पक्षले २०८२ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। साउन १९ गते बेलुका विद्यालय परिसरमा रहेको रिडमा उभिँदा लडेपछि प्रधानाध्यापकलाई जानकारी गराउन जाँदा उल्टै हात र लाठीले कुटपिट गरेको पीडितका बाबु रामवृक्ष यादवले बताए। कुटपिटबाट बेहोस भएका बालकलाई उपचारका लागि प्रादेशिक अस्पतालमा लगिएकोमा अस्पतालले विराटनगर रेफर गरेको थियो। बालकको थप उपचार विराटनगरस्थित न्यूरो अस्पतालमा भएको र घाँटीमा समस्या देखिएको रामवृक्षले बताए। पीडित पक्षले महिला बालबालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएको भए पनि उपचार खर्च व्यहोर्ने सर्तमा साउन २८ गते मेलमिलाप यो।

**सामूहिक बलात्कार**

१७ वर्षीया बालिकालाई ०८१ माघ २७ गते अपहरण तथा शरीर बन्धक बनाई १३ वर्षीय बालक, नवराजपुर गाउँपालिका-१ का १८ वर्षीय चन्दन साह र १८ वर्षीय रामविनय मण्डलले बलात्कार गरेको घटनामा माघ २९ गते पञ्चायती बसी मेलमिलाप गराएपछि पीडित बालिकाले माघ ३० गते घरमै आत्महत्या गरिन्। आरोपितहरूलाई पञ्चायतले १ लाख ४० हजार रुपियाँ जरिबाना गरेको थियो। मेलमिलाप कार्यमा संलग्न नवराजपुर गाउँपालिका-१ का वडा सदस्य ४६ वर्षीय नथुनी साह, ५५ वर्षीय रामकृपाल मण्डल, ४१ वर्षीय बिन्देश्वर साह र ४८ वर्षीय राजेन्द्र मण्डल र ४५ वर्षीय कारी सदाय विरुद्ध फागुन ८ गते पीडितकी आमाले उजुरी दिइन्। शवको पोष्टमार्टम धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा फागुन ३ गते भयो। इलाका प्रहरी कार्यालय, लहानका डिएसपी बिष्णुप्रसाद सोतीले नवराजपुर गाउँपालिका-१ का ८४ वर्षीय चन्देश्वर मण्डल, ४५ वर्षीय रामबिनोद मण्डल र ४५ वर्षीय कमलेश दासलाई ०८१ फागुन ११ गते, १३ वर्षीय बालकलाई फागुन २१ गते, नवराजपुर गाउँपालिका-१ का वडा सदस्य ४६ वर्षीय नथुनी साह, ५५ वर्षीय रामकृपाल मण्डल, ४१ वर्षीय विन्देश्वर साह र ४८ वर्षीय राजेन्द्र मण्डललाई ०८१ फागुन २३ गते गिरफ्तार गरेको बताए। जिल्ला अदालतको ०८१ चैत १२ गतेको इजलासले आरोपित बालकलाई संरक्षकको जिम्मा लगाउने, वडा सदस्य नथुनी साहलाई पुर्पक्षको लागि थुनामा पठाउने, रामबिनोद मण्डल र कमलेश दासलाई साधारण तारेख र रामकृपाल मण्डल, कारी सदा, विन्देश्वर साह र रामदेव सदालाई जनही १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। यो वर्षको अन्तसम्म मुद्दाको फैसला भएको छैन।

**तालिका ५.२.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |
| महिला अधिकार | १ | १ |
| जम्मा | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

१६ वर्षीया बालिकालाई ०८२ वैशाख १४ गते सामूहिक बलात्कार गरेको आरोपमा बरियारपट्टी गाउँपालिका-१ का १९ वर्षीय सुरज साह र १९ वर्षीय विवेक साहविरुद्धपीडित पक्षले इलाका प्रहरी कार्यालय, महेशपुर पतारमा वैशाख १५ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख १५ गते प्रादेशिक अस्पताल, सिरहामा भयो। आरोपित विवेक साहलाई इलाका प्रहरी कार्यालय, महेशपुर पतारले वैशाख २० गते गिरफ्तार गऱ्यो र अर्का आरोपित फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्रकुमार पासवानले बताए। जिल्ला अदालतको जेठ ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। वर्षको अन्तसम्म मुद्दाको फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष महिला हिंसा पीडित भएको भन्दै ९ सय २७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा नागरिकता नबनाइदिएको ७२, मादक पदार्थ सेवन गरेर कुटपिट गरेको २ सय ८१, खाना लाउन नदिएको २ सय ५७ र घरेलु हिंसा गरेको ३ सय १७ उजुरी छन्। यी मध्ये ८ सय ५७ उजुरीमा मेलमिलाप भएको, ४० उजुरी अन्य कार्यालयमा गएको र ३० उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रमेशबहादुर पालले बताए।

यो वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १६, बलात्कार प्रयासका घटनामा ११, दाइजोजनित हिंसाका घटनामा एक र घरेलु हिंसाका घटनामा २७ गरी ५५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष बलात्कारपछि एक जना र परिवारबाट एक जना महिलाको हत्या भयो।

**दाइजोको कारण भएका हिंसा**

अर्नमा गाउँपालिका-२ की २३ वर्षीया मनिषाकुमारी गामीलाई थप दाइजोको निहुँमा घर निकाला गरेको आरोपमा ४८ वर्षीया सासु ललिता प्रधानलाई जिल्ला प्रहरी कार्यालय सिरहाले ०८२ असार ३ गते गिरफ्तार गऱ्यो। पीडितले आरोपित २४ वर्षीय पति मुकेश प्रधान सुडी र ५० वर्षीय ससुरा गौरीशंकर प्रधान सुडीविरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहामा जेठ ६ गते उजुरी दिएकी थिइन्। पीडित गामीका अनुसार काठमाडौंमा बसी अध्ययनको क्रममा आरोपित मुकेश प्रधान सुडीसँग प्रेम भई काठमाडौंमा सँगै बस्दै आएको र घर परिवारको सहमतिमा ०८० वैशाख २८ गते विवाह भएको थियो। विवाहमा मुकेशका बुबा गौरीशंकर प्रधान सुडीले माग गरेको अनुसार १० लाख रुपियाँ नगद, एक थान मोटरसाइकल, सात तोला सुन, ४ लाख रुपियाँ बराबरको फर्निचर लगायतका सामग्रीहरू दाइजो स्वरुप दिएको पीडित महिलाले बताइन्। तर, विवाह पश्चात ०८० भदौ ५ गते थप दाइजो माग गर्दै आरोपितहरूले गालीगलौज र कुटपिट गर्नुका साथै दाइजोमा दिइएका गरगहनाहरू खोसेर घरबाट निकालेकाले आरोपितहरूविरुद्ध अदालतमा घरेलु हिंसा र माना चामलसम्बन्धी मुद्दा दायर गरेको पीडितले बताइन्। त्यसैगरी, आरोपितहरूले मुद्दा फिर्ता लिन आफूलाई फकाइ फुल्याइ घर ल्याई ०८२ जेठ १ गते थप दाइजो स्वरूप ६० लाख रुपियाँ नगद, कार, २० तोला गहना र बन्दीपुरमा जग्गा किन्नका लागि नगद ल्याएमात्र घरमा बस्न दिने भनी कुटपिट गरी घरबाट निकालेको पीडितले बताइन्। जिल्ला अदालतको ०८२ असार १८ गतेको इजलासले ललितालाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। साउन १९ गते र साउन २७ गते अदालतमा हाजिर भएका गौरीशंकर र मुकेशलाई जनही १ लाख धरौटीमा रिहा गर्ने अदातलले आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**जातीय छुवाछुत**

लहान नगरपालिका-१४ स्थित बस्तीपुर मावि कक्षा १० मा अध्ययनरत १६ वर्षीय कृष्ण रामले ०८१ माघ २१ गते सरस्वती पूजाको दिन पूजामा बस्न नदिई आफूमाथि विद्यालयले जातीय विभेद गरेको आरोप लगाए। उक्त विद्यालयमा कक्षा १० मा अध्यनरत प्रथम विद्यार्थीले सरस्वतीको पूजा गर्ने चलन रहेको छ। तर, उनी दलित भएका कारण सरस्वती पूजामा बस्न नदिई छैठौं रोल नम्बरका विद्यार्थीबाट पूजा गराइएको थियो। पीडित परिवारले सम्बन्धित निकायमा उजुरी दिएन।

धनगढी उपमहानगरपालिका-११, सुँखपुरस्थित गगनखोला किनारमा बसोबास गर्दै आएका डोम समुदायका ४५ वर्षीय सुमित्रा मल्लिक र उनका ज्वाइँ ४८ वर्षीय सञ्जय मल्लिकलाई ०८१ असोज २० गतेसोही स्थानका ५५ वर्षीय सत्यदेव महतो, ४५ वर्षीय सुखदेव महतो, ३५ वर्षीय श्यामसुन्दर महतो, ३८ वर्षीय नागेन्द्रमहतो र ४५ वर्षीया रिना महतोको समूहले कुटपिट गरी घाइते बनाएको पीडित पक्षको आरोप छ। पीडित सुमित्रा मल्लिकका अनुसार घर अगाडिको झाडी सफा गरिरहेका बेला ज्वाइँमाथि एक्कासि कुटपिट सुरु भएपछि छुट्याउन जाँदा उनलाई पनि कुटपिट गरिएको हो। "तिमीहरू अछुतको मुख हेर्नु हुँदैन, यहाँ बस्न पाउँदैनौ" भन्दै जातीय अपमानजनक शब्द प्रयोग गरी कुटपिट गरिएको पीडितको भनाइ छ। कुटपिटबाट घाइते सुमित्रा मल्लिकको धनगढी उपमहानगरपालिका-४ स्थित मेगा हेल्थ केयर सेन्टरमा उपचार भयो। चिकित्सक रामचरण महतोका अनुसार उनको छाती, पेट र गालामा चोट लागेको थियो। घटनापछि पीडित पक्षले असोज २१ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दियो। यसअघि पनि आफूहरूलाई पटक-पटक जातीय आधारमा दुर्व्यवहार गरिएको भन्दै पीडित पक्षले असोज १५ गते जातीय छुवाछुतसम्बन्धी उजुरी दिएको भए पनि थप प्रमाणसहित पुनः उपस्थित हुन भन्दै उजुरी फिर्ता गरिएको इलाका प्रहरी कार्यालय, महेन्द्रनगरका प्रहरी निरीक्षक रविन्द्रराज मैनालीले जानकारी दिए। प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय, महेन्द्रनगरले आरोपितमध्ये सुखदेव महतोलाई कात्तिक २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशअनुसार उनलाई मंसिर १ गते ३५ हजार रुपैयाँ धरौटीमा रिहा भए। अन्य आरोपितहरू मङ्सिर १४ गते अदालतमा हाजिर भई जनही ३५ हजार रुपैयाँ धरौटीमा रिहा भए। घटनासम्बन्धी मुद्दाको फैसला

वर्षअन्त्यसम्म हुन सकेको छैन। सुँखपुरस्थित गगन खोला किनारमा बसोबास गर्ने डोम परिवारहरू करिब १५ वर्षअघि गोदावरी नगरपालिका-१३, दुर्गापुरबाट बसाइँ सरी आएको थियो।

कल्याणपुर नगरपालिका-८ मा दलित समुदायको घरमा तोडफोड र लुटपाट गरेको आरोपमा प्रहरीले सोही वडाका वडाध्यक्ष ४५ वर्षीय रामकिशोर यादव, ६० वर्षीय गणेश कामती र ४० वर्षीय शैलेन्द्र सिंहलाई ०८२ असोज १८ गते गिरफ्तार गर्‍यो। यसैगरी असोज २० गते मनोज यादव र रामनारायण सिंहलाई पनि प्रहरीले गिरफ्तार गर्‍यो। पीडित पक्षका अनुसार असोज १ गते विश्वकर्मा पूजाको क्रममा स्थानीय प्रभास सिंह लगायतको समूहसँग विवाद भएको थियो। सो घटनासम्बन्धी पीडितहरूले असोज ३ गते इलाका प्रहरी कार्यालय, मिर्चैयामा उजुरी दिएका थिए। प्रहरीको पहलमा छलफलका लागि बोलाइएको भए पनि आरोपित पक्ष छलफलमा उपस्थित भएन। पीडित सोभित पासवानका अनुसार असोज १७ गते आरोपितहरूले ४० वर्षीय राजकुमार पासवान, ३७ वर्षीय रासलाल पासवान, ५५ वर्षीय अशोक पासवान, २५ वर्षीय बिन्दे पासवान र ४८ वर्षीय साविनेभित पासवानको घरमा तोडफोड, लुटपाट तथा दुर्व्यवहार गरेका थिए। पीडित पक्षले वडाध्यक्ष रामकिशोर यादव, शैलेन्द्र यादव, ३५ वर्षीय नितेश सिंह, ४० वर्षीय प्रभास सिंह, ४० वर्षीय गणेश कामती, ४५ वर्षीय कैलाश सिंह, ३७ वर्षीय रामनारायण सिंह, मोहमद मोस्तफा राइन, ३७ वर्षीय हरिदेव चमार, ३९ वर्षीय मनोज अधिकारी यादव, ४३ वर्षीय भोला पासवान, ३७ वर्षीय पवन यादव र ३९ वर्षीय राजकुमार सिंह विरुद्ध पीडित पक्षले असोज १८ गते इलाका प्रहरी कार्यालय, मिर्चैयामा उजुरी दिएका थिए।

जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रहरी उपरीक्षक अन्तराम शर्माका अनुसार वडाध्यक्ष रामकिशोर यादव र शैलेन्द्र सिंहलाई असोज १८ गते तथा गणेश कामतीलाई असोज १७ गते गिरफ्तार गरिएकोमा अन्य फरार आरोपितहरूको खोजी भइरहेको प्रहरीले जनायो। जिल्ला अदालतको आदेशअनुसार आरोपितहरू ०८२ कार्तिक २७ गते जनही १ लाख रुपैयाँ धरौटीमा रिहा भए। घटनासम्बन्धी मुद्दाको फैसला यो वर्षअन्त्यसम्म भएन।

विष्णुपुर गाउँपालिका-४, थलहामा दलित बस्तीले प्रयोग गर्दै आएको बाटो छेकेर दुर्गा मन्दिरमा पर्खाल निर्माण गरिएपछि एकमात्र बाटो अवरुद्ध भएको स्थानीय अरुण महराले बताए। पर्खाल निर्माणका लागि ०८२ जेठ १३ गते खाल्डो खन्ने क्रममा दलित समुदायले विरोध गरेका थिए। स्थानीय वीरेन्द्र यादवका अनुसार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ५० लाख रुपियाँ बजेटमा पर्यटन विकास कार्यालयमार्फत दुर्गा मन्दिरमा कम्पाउन्ड वाल र गेट निर्माण भइरहेको छ। बाटो अवरुद्ध हुँदा दलित समुदायको आवत-जावतमा गम्भीर असर पर्‍यो।

औरही गाउँपालिका-५ का ३५ वर्षीय डोम समुदायका दिपक मल्लिकको घर ०८१ फागुन १० गते औरही गाउँपालिकाका अध्यक्ष ५५ वर्षीय शिवजी यादव, जनमत पार्टीका अध्यक्ष ३६ वर्षी दिलिप यादव र नाम ठेगाना नखुलेको ७५ वर्षीय मुल पुरोहित बजरंगी बाबाले चैत १७ गतेदेखि गर्न लागेको बिष्णु महायज्ञका लागि भन्दै डोजर लगाइ भत्काइदिए। घटनाका आरोपितरुिद्ध पीडितले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। 'महायज्ञमा डोमले छुइने' भन्दै बजरंगी बाबाको निर्देशनमा ०८१ फागुन १० गते गाउँपालिकाको डोजर लगाइ आरोपितहरूले घर भत्काइदिएकाले उजुरी दिएको पीडितले बताए। प्रहरीले गाउँपालिका अध्यक्ष र जनमत पार्टीका अध्यक्षलाई चैत ८ गते नै गिरफ्तार गर्‍यो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०८१ चैत १५ गते जनही १ लाख धरौटीमा रिहा भए। 'आफू दलितकै भोटले जितेको र कुनै भेदभाव नगरेको' गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा लहान नगरपालिका-८ स्थित जिल्ला अदालतको अभिलेख शाखा, नापी कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, डिभिजन वन कार्यालय, लहान नगरपालिका-१ स्थित इलाका प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, मिर्चैया नगरपालिका-९ चोहर्वास्थित नेकपा एमालेका सङ्घीय सांसद तथा पूर्व मन्त्री लिलानाथ श्रेष्ठको घर, गोलबजार नगरपालिका-९ स्थित मेयर श्यामकुमार श्रेष्ठको घर, गोलबजार नगरपालिका-५ स्थित मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधनप्रसाद सिंहको घर, लहान नगरपालिका-१० स्थित नगरपालिकाको कार्यालय, मिर्चैया नगरपालिका-

५ स्थित नगरपालिकाको कार्यालय, नरहा गाँउपालिका-५ स्थित गाँउपालिकाको कार्यालय र भगवानपुर गाउँपालिका -३ स्थित गाउँपालिकाको कार्यालयमा ताडफोड तथा आगजनी भयो।

विष्णुपुर गाउँपालिकाको सरकारी गाडीमा ०८१ पुस २१ गते उपाध्यक्ष गीताकुमारी सिंहले आफूलाई चढ्न नदिएको भन्दै गाडी तोडफोड गरेकी थिइन्। उनले बा २ भ ३६४३ नम्बरको सरकारी स्कर्पियोमा इँट्टा र ढुंगा प्रहार गर्दा झ्याल, ढोकाको सिसासहित विभिन्न भागमा क्षति पुगेको छ। पुस २१ गते बिहान १० बजे आफूलाई घरमा लिन आउन गाडी चालकलाई भने पनि नमानेका कारण गाडी तोडफोड गर्नुपरेको उपाध्यक्ष सिंहले बताइन्।

**प्राकृतिक विपत्**

गत असोज १७ र १८ गतेको अविरल वर्षाका कारण कमला नदीको बाढीले कमला नदीका तटीय क्षेत्रका गाउँहरू डुबानमा परे। कल्याणपुर नगरपालिका-१२ बेलहामा पानी निकासका लागि बनाएको संरचनाबाट बाढी पस्दा बेलहा हुँदै सिराहा नगरपालिका अन्तर्गतका सारश्वर, कठकोल्वा, बसबिट्टा लगायतका गाउँ डुबानमा परे। सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले आफ्नो वडाको करिब १५-२० घर डुबानमा परेकाले उनीहरूलाई सुरक्षित रूपले स्थानीय सामुदायिक विद्यालयमा सारेर राखिएको बताए। वडा अध्यक्ष यादवका अनुसार डुबानमा परेकाहरूलाई नेपाल प्रहरीको सहयोगमा स्थानीय युवाहरूले घरका सामानसहित उद्धार गरेका थिए। कमला तटीय क्षेत्रमा पर्ने सिराहा नगरपालिका-५, ६, १२ र १३ वडाका बस्ती डुबानमा परेको सिराहा नगरपालिकाका प्रमुख डा. नवीनकुमार यादवले बताए।

**तालिका ५.२.२.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | २ | | | २ |
| बलात्कार | | ४ | ८ | १२ |
| सामूहिक बलात्कार | | | ३ | ३ |
| यौन दुर्व्यवहार | | ३ | ३ | ६ |
| जम्मा | २ | ७ | १४ | २३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १३ | २ | १२ | २७ |
| बलात्कार | | १ | १५ | १६ |
| बलात्कारपछि हत्या | | | १ | १ |
| बलात्कार प्रयास | | ४ | ७ | ११ |
| दाइजोजनित हिंसा | | १ | | १ |
| पारिवारिक हत्या | | १ | | १ |
| जम्मा | १३ | ९ | ३५ | ५७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | १ | ३ |

(स्रोत : इन्सेक, २०२५)




# ५.२.३ धनुषा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,६७,७४७ |
| महिला | ४,३७,८५४ |
| घर परिवार सङ्ख्या | १,७७,०९१ |
| घरजग्गामा महिलाको स्वामित्व | ५२,३५९ |
| साक्षरता प्रतिशत | ६५.२२ |
| आश्रित जनसङ्ख्या | ४,५९,५५५ |
| अपाङ्गता भएका | १३,२३१ |

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र २९ जना पुरुष गरी ३१ जना पीडित भए। ज्यादतीका घटनामा ७ सय ९९ जना महिला र ४५ पुरुष गरी ८ सय ४४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३१ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७ सय ३० जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिकअधिकार
## सम्मानित रूपले बाँच्न पाउने अधिकार
### हत्या
#### अन्यपक्षबाट

मिथिला बिहारी नगरपालिका-९ अनुपट्टी निवासी मिथिला बिहारी नगरपालिका- ९ का वडाध्यक्ष ४५ वर्षीय बिन्देश्वर यादवलाई ०८२ कार्तिक २८ गते सोही ठाउँका ३८ वर्षीय शम्भु यादवले गोली र ४० वर्षीय धर्मनाथ यादवले खुकुरी प्रहार गरी घाइते बनाए। उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा लगिएकोमा पीडितको बाटोमै मृत्यु भएको चिकित्सकले बताए। स्थानीय दुःखी यादवको मृत्युपछि आयोजित भोजको क्रममा खाना ढिलो भएको विषयमा दुई पक्षबीच विवाद भई झडप हुँदा विन्देश्वर यादव घाइते भएका थिए। आरोपित शम्भु जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार हुन्। उनी बिदामा घर आएका थिए। शम्भु यादव र धर्मनाथ यादवलाई कात्तिक २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। घटनामा २० वर्षीय अविनाश यादव, ४२ वर्षीय दीपेन्द्र यादव र ५० वर्षीय रामवरण यादव घाइते भए। घटनामा गम्भीर घाइते रामवरण यादवको थप उपचार काठमाडौँस्थित बि एण्ड बी अस्पतालमा भयो भने अन्य घाइतेहरूको प्रादेशिक अस्पताल जनकपुरमा भयो। जिल्ला अदालतको मङ्सिर २२ गतेको इजलासले आरोपितहरूलाई कसुर ठहर गर्दै १०/१० वर्षको कैद सजायको फैसला सुनायो।

#### झडप

सहिद नगर नगरपालिका-१ का २० वर्षीय सन्तोष यादव ०८१ चैत ४ गते प्रहरीले प्रहार गरेको गोली लागेर घाइते भए। सबैला नगरपालिका-९ भठिहनस्थित चोकको नाम राख्ने विषयमा दुई समुदायबीच विवाद भई झडप हुँदा स्थितिलाई नियन्त्रण लिने क्रममा प्रहरीले चलाएको गोली लागेर उनी घाइते भएका थिए। भठिहनस्थित चोकको नाम यादव चोक राखिएको थियो। तर, अन्य समुदायका मानिसहरूले चोकको उक्त नामको विरोध गर्दै चोकको नाम लेखिएको बोर्ड हटाएका थिए। झडप नियन्त्रणमा लिन १३ राउण्ड अश्रुग्यास र पाँच राउण्ड हवाइफायर गरेको भए पनि अवस्था सामान्य हुन नसक्दा बाध्य

| तालिका ५.२.३.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | १ | ६ | ७ | | | |
| अपहरण | | | | | १५ | | १५ |
| कुटपिट | | | | | ९ | ८ | १७ |
| धम्की | | | १ | १ | ३ | | ३ |
| घाइते | | १ | २१ | २२ | ६ | ३१ | ३७ |
| हत्या | | | १ | १ | ३ | २ | ५ |
| अमानवीय व्यवहार | | | | | | १ | १ |
| जातीय विभेद | | | | | ४ | १ | ५ |
| बाल अधिकार | विद्यालयमा दिइने शारीरिक सजाय | | | | | १ | १ |
| | बेचबिखन तथा ओसारपसार | | | | | १ | १ |
| | बलात्कार | | | | ११ | | ११ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | १७ | | १७ |
| | जम्मा | | | | २९ | २ | ३१ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ४४९ | | ४४९ |
| | बेचबिखन तथा ओसारपसार | | | | २ | | २ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | | १ | | १ |
| | बलात्कार | | | | ५७ | | ५७ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | बलात्कार प्रयास | | | | ४३ | | ४३ |
| | यौन दुर्व्यवहार | | | | १० | | १० |
| | साइबर अपराध | | | | २५ | | २५ |
| | 'बोक्सी'को आरोप | | | | ७ | | ७ |
| | दाइजोजनित हिंसा | | | | १२९ | | १२९ |
| | परिवारजनबाट हत्या | | | | ६ | | ६ |
| | जम्मा | | | | ७३० | | ७३० |
| **कूल जम्मा** | | २ | २९ | ३१ | ७९९ | ४५ | ८४४ |

(स्रोत : इन्सेक, २०२५)

भई प्रहरीले गोली प्रहार गर्नु परेको जिल्ला प्रहरी कार्यालयका एसपी भुवनेश्वर तिवारीले बताए। घाइते यादवको प्राथमिक उपचार जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा गरी थप उपचार सोही दिन काठमाडौंस्थित ट्रमा अस्पतालमा भयो। उपचारको सम्पूर्ण खर्च नेपाल सरकारको गृह मन्त्रालयले व्यहोरेको एसपी तिवारीले बताए।

क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर निवासी नेकपा एमालेका जिल्ला सदस्य ६२ वर्षीय सत्यनारायण महासेठ र मिथिला विहारी नगरपालिका-१० ठेराका ६० वर्षीय महेश दास ०८२ वैशाख २३ गते नेकपा एमाले, धनुषा जिल्लाको आठौँ अधिवेशनमा दुई पक्षबीच झडप हुँदा घाइते भए। घाइतेहरूको उपचार प्रादेशिक अस्पताल, जनकपुरधाममा भयो। दुवै जनाको टाउकोमा चोट लागेको थियो। एमालेको जिल्ला अधिवेशन जनकपुरधामको महेन्द्र नारायण निधि सांस्कृतिक भवनमा वैशाख २० गते देखि सुरु भएको थियो। अधिवेशन सर्वसम्मतिको प्रयास नभएपछि पदाधिकारी चयन निर्वाचन प्रक्रियाबाट सुरु गरिएको थियो। अधिवेशनमा अन्तिम नामावली प्रकाशनको

विषयलाई लिएर भोला यादव र लक्ष्मी नारायण यादव पक्षबीच विवाद हुँदा कुर्सी हानाहान भएको र निर्वाचन समितिमा केही नेता कार्यकर्ताले कुर्सी प्रहार गरी आक्रमण गरेको एमालेका नेता दिपेन ठाकुरले बताए। नेकपा एमाले केन्द्रीय कमिटीको समन्वयमा विवाद समाधान गरिएको ठाकुरले बताए।

क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित वन्डरल्याण्ड वाटरपार्कमा ०८२ जेठ ३ गते विद्यार्थीले तोडफोड गरेपछि स्थिति नियन्त्रणमा लिने क्रममा प्रहरी र विद्यार्थीबीच झडप भयो। सो क्रममा असई पतिराम मण्डल, वरिष्ठ हबल्दार अरविन्द तिवारी, सहायक हबल्दार विपिनप्रसाद यादव, चन्द्रशेखर यादव र प्रहरी जवान चन्द्रबहादुर पुन घाइते भए। घाइतेहरूको जानकी मेडिकल कलेज, रामदैयामा उपचार भयो। कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरूलाई लक्षित गरेर कृष्ण फाउण्डेसनले वन्डरल्यान्ड वाटर पार्कमा मनोरञ्जनात्मक कार्यक्रमको आयोजना गरेको थियो। प्रदर्शन नियन्त्रणमा लिन प्रहरीले ६ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो।

नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, बटेश्वर गाउँपालिका-२ घर भई जनकपुरधाम उपमहानगरपालिका-९ बस्ने नेपाल पत्रकार महासङ्घका महासचिव शैलेन्द्र महतो क्रान्ति, महोत्तरी जिल्ला जलेश्वर नगरपालिका-७ निवासी पत्रकार अनिल निराला, सिरहा जिल्ला सखुवानान्कारट्टी गाउँपालिका-३ की पत्रकार बिनीता यादव, महोत्तरी जिल्ला मटियानी नगरपालिका-२ हाल जनकपुरधाम उपमहानगरपालिका -२४ का दिवाकर साह ०८२ साउन २७ गते जनकपुरधाम उपमहानगरपालिका-४ स्थित गुठी संस्थानको लिजको जग्गासम्बन्धमा पत्रकार र वकिलबीच झडप हुँदा घाइते भएको नेपाल पत्रकार महासङ्घ धनुषा शाखाले बतायो। घाइते पत्रकारहरूको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। जसमध्ये महासङ्घका महासचिव क्रान्तिको खुट्टा भाँचिएको थियो। पत्रकार साहको टाउकोमा गम्भीर चोट लागेको थियो। अन्य घाइतेहरूलाई सामान्य चोटपटक लागेको प्रादेशिक अस्पताल जनकपुरधामका मेडिकल अधिकृत डाक्टर सन्जितकुमार शाहले बताए। गुठी संस्थानले चार कठ्ठा जग्गा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश कार्यालयलाई २० वर्षका लागि वार्षिक ३ लाख १ हजार १ सय रुपियाँमा लिजमा दिएको थियो। गुठी संस्थानको जेठ ७ गते सार्वजनिक

**तालिका ५.२.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

बोलपत्र प्रक्रिया मार्फत आर्थिक तथा प्राविधिक मूल्याङ्कन नगरी महासङ्घको प्रस्ताव छनोट भई साउन १९ गते कानुनी प्रक्रिया पूरा गर्दै सम्झौता भएको महासङ्घका मधेश प्रदेश अध्यक्ष श्याम बञ्जाराले बताए। गत साउन २० गते नेपाल बार एशोसिएसन जनकपुरधामले उक्त जग्गा आफ्नो पार्किङ स्थल भएको दाबी गर्दै सम्झौतापछि एकतर्फी रूपमा सवारी पार्किङको निर्णय गरेको थियो। त्यसपछि बारले त्यहाँ फलामे पिलर गाडेर घेराबार समेत सुरु गरेको थियो। महासङ्घले साउन २८ गते जग्गा विवादबारे पत्रकार सम्मेलन गर्दै बारको कदमलाई गैरकानुनी भन्दै विरोध जनाएको थियो। नेपाल पत्रकार महासङ्घको केन्द्रीय टोली र कानुन व्यवसायीहरूबीच ०८२ भदौ ५ गते भएको छलफलमा नेपाल बारको लागि १ कठ्ठा पार्किङ ठाउँ दिने सहमतिमा जग्गा विवाद टुङ्गिएको महासङ्घका महासचिव क्रान्तिले बताए।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच धनुषाको जनकपुर सहित विभिन्न स्थानमा झडप हुँदा १६ जना घाइते भए। घटनामा ५३ वर्षीय वैधनाथ यादव, १३ वर्षीय आदित्य कर्ण, १६ वर्षीय अनिषकुमार झा, १८ वर्षीय अभिषेककुमार यादव, २३ वर्षीय श्याम साह, १८ वर्षीय धिरज मण्डल, तीन वर्षीया बालिका, १८ वर्षीय अमितकुमार यादव, दिपेश मण्डल, १६ वर्षीय अमन कापर, २५ वर्षीय दीपक मण्डल, ४० वर्षीय रोशनकुमार कापर, १६ तथा १४ वर्षीय बालक र ३२ वर्षीय अजयकुमार यादव घाइते भए। घाइतेहरूको मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको सूचना अधिकारी डा. रामज्ञान यादवले बताए।

## गिरफ्तार

धनुषाधाम नगरपालिका-१ निवासी राम सागर राम स्वरुप बहुमुखी क्याम्पसका पूर्व सभापति २८ वर्षीय मनिष यादव र गणेशमान चारनाथ नगरपालिका-१० निवासी नेपाल विद्यार्थी सङ्घका सदस्य २४ वर्षीय समनप्रसाद गोइतलाई ०८२ असार

५ गते क्याम्पस प्रमुख वसन्त कर्णसँग विवाद हुँदा प्रहरीले गिरफ्तार गऱ्यो। बीबीएस तेस्रो वर्षका विद्यार्थीलाई परीक्षा प्रवेश पत्र बाँड्न ढिलाइ भएपछि क्याम्पस प्रमुख वसन्त कर्णसँग विवाद भएको थियो। विवादको क्रममा प्रहरीसँग झडप हुँदा प्रहरीको लाठीचार्जबाट जनक नन्दिनी गाउँपालिका-१ का २७ वर्षीय नेविसङ्घका केन्द्रीय सदस्य इन्द्रजित गोइत, मिथिला बिहारी नगरपालिका-३ निवासी विद्यार्थी नेता २५ वर्षीय सोनु झा, गणेशमान चारनाथ नगरपालिका-१० का २४ वर्षीय रोशन कर्ण, धनौजी गाउँपालिकाका २७ वर्षीय सिद्धार्थ यादव घाइते भए। घाइतेहरूको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। क्याम्पस प्रमुख कर्णलाई विद्यार्थीहरूले दुर्व्यवहार गरिरहेको बेला प्रहरीले स्थितिलाई नियन्त्रणमा लिने क्रममा लाठी चार्ज गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी बरुणबहादुर सिंहले बताए। झडपमा परी जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर जीवछ सिंहको हातको औंला भाँचिएको र उनको उपचार सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। गिरफ्तार गरिएकाहरूलाई असार ६ गते अभद्र व्यवहार मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालयको असार ८ गतेको आदेशले उनीहरूलाई १०/१० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रशासन कार्यालय मुद्दा शाखाका खरिदार अनिल मण्डलले बताए।

लक्ष्मीनिया गाउँपालिकाका-४ का २५ वर्षीय राकेश यादव, विदेह नगरपालिका-१ का ५६ वर्षीय सरीता मण्डल, सर्लाही जिल्ला मलङ्गवा नगरपालिका-१ का ३२ वर्षीय प्रमोद कापर, सप्तरी जिल्ला राजविराज नगरपालिका-८ का ५४ वर्षीय ब्रहमदेव साह, जनकपुरधाम उपमहानगरपालिका-१९ बनिनियाका २४ वर्षीय सत्येन्द्र यादव र सिरहा जिल्ला अर्नामा गाउँपालिका-३ का ३८ वर्षीय कारी यादवलाई ०८२ असार २१ गते मधेश भवनको दुई नम्बर गेट अगाडि धर्नामा बसेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। मधेश प्रदेश सरकारले सहिद परिवारको बजेट कटौती गरेको भन्दै उनीहरू धर्ना बसेका थिए। गिरफ्तार गरिएका सबै जनालाई सोही दिन साँझ रिहा गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनायो।

## कुटपिट

### अन्यपक्षबाट

मधेश प्रदेश मुख्यमन्त्री कार्यालयमा कार्यरत नासु २४ वर्षीय पंकज यादव र कार्यालय सहयोगी ५७ वर्षीय शिवलाल महारालाई ०८२ कात्तिक २३ गते कुटपिट गरेको आरोपमा प्रहरीले धनुषा निर्वाचन क्षेत्र नम्बर ३ (क) मा लोसपाबाट निर्वाचित पूर्व प्रदेश सांसद ५४ वर्षीय परमेश्वर साह र सोही पार्टीका धनुषा जिल्ला अध्यक्ष ५० वर्षीय जिवेन्द्र झालाई मङ्सिर २ गते प्रहरीले गिरफ्तार गऱ्यो। मुख्यमन्त्री सरोज यादवलाई गैर संवैधानिक तरिकाले नियुक्ति गरिएको भन्दै कात्तिक २३ गते सात दलीय गठबन्धन आन्दोलनमा उत्रिएको बेला मुख्यमन्त्री कार्यालयमा तोडफोड गर्ने क्रममा पूर्वसांसद साह र जिल्ला अध्यक्ष झाले कर्मचारीहरूलाई हातपात गरेका थिए। नेपाल निजामती कर्मचारी युनियनले कुटपिट घटनामा संलग्न आरोपितहरूलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा कात्तिक २४ गते ज्ञापन पत्र बुझाए। जिल्ला प्रहरी कार्यालय धनुषाले आरोपित दुवै जनालाई कात्तिक २४ गते गिरफ्तार गरी आवश्यक कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय, धनुषामा पठाएको थियो। जिल्ला प्रशासन कार्यालयको मङ्सिर २ गतेको आदेशले दुवै जनालाई १-१ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्ने आदेश दियो।

सोनारपट्टीमा रहेको सञ्जय पायल ज्वेलर्समा प्रहरीले ०८२ असोज २९ गते राती छापा मार्ने क्रममा स्थानीय सुन व्यवसायीहरूले हस्तक्षेप गर्न खोजेपछि प्रहरीले लाठीचार्ज गर्दा जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जनकपुरधाम उपमहानगरपालिका-५ निवासी ४५ वर्षीय सुरेन्द्रकुमार भण्डारीको टाउको, दाहिने खुट्टा र पेटमा चोट लागेर घाइते भए। घाइते भण्डारीको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भयो। जिल्ला प्रहरी कार्यालय, धनुषाका डिएसपी गणेशबहादुर बमका अनुसार विशेष सूचनाका आधारमा राजस्व अनुसन्धान विभाग पथलैयासँगको समन्वयपछि मात्र प्रहरी टोली छापा मार्न गएको बताए। व्यवसायीहरू आक्रामक बनेका कारण सात राउन्ड हवाइफायर र दुई सेल अश्रु ग्याँस प्रहार गर्नुपरेको डिएसपी बमले बताए। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश कार्यालयले घटनास्थलको अनुगमन गर्नुका साथै घाइतेसँग भेटघाट गरी घटनाबारे जानकारी लिएको थियो। जिल्ला प्रहरी कार्यालय, धनुषाले सुन पसलमा छापा मारी नियन्त्रणमा लिएको चाँदी फिर्ता गरिएको र उद्योग वाणिज्य सङ्घका पदाधिकारी र नागरिक समाजको उपस्थितिमा दुवै पक्षबीच कात्तिक २ गते सहमति भएको उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र

भण्डारीले बताए।

विदेह नगरपालिका-९ वैदेहीस्थित स्वास्थ्य चौकीका प्रमुख विदेह नगरपालिका-२ दुहबी निवासी ३१ वर्षीय ओम पण्डितलाई ०८१ माघ ११ गते अपरिचित व्यक्तिहरूको समूहले कुटपिट गऱ्यो। पीडितले शान्ति सुरक्षाको माग गर्दै माघ १३ गते जिल्ला प्रशासन कार्यालय, धनुषामा मुद्दा दर्ता गराई उक्त पत्र जिल्ला प्रहरी कार्यालय धनुषामा पठाए। स्वास्थ्य चौकीबाट घर फर्कंदै गर्दा कमला नदी नजिक पुगेपछि भारतीय नम्बर भएको तीन ओटा मोटरसाइकलमा आएका ६ जना अपरिचित व्यक्तिहरूको समूहले बाटोमा घेरा हाली मरनासन्न हुने गरी कुटपिट गरेको पीडित मण्डलले बताए। कुटपिटका कारण घाइते भएका पीडितको मुख र नाकबाट रगत आएको थियो भने उनको दाहिने हातको हड्डी भाँचिएको थियो। पीडितको उपचार सोही दिन जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भएको विदेह नगरपालिका-२ दुहबीका वडा अध्यक्ष रामपुकार यादवले बताए।

## बाल अधिकार

यस वर्ष धनुषा जिल्लामा बलात्कार घटनामा ११, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा १७, बेचबिखन तथा ओसारपसार घटनामा एक र विद्यालयमा दिइने दण्ड सजायका घटनामा एक गरी ३१ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### विद्यालयमा दिइने दण्ड सजाय

नगराइन नगरपालिका-३ का नौ वर्षीय प्रवीण शाहलाई जनकपुरधाम उपमहानगरपालिका-८ स्थित हयाप्पी ल्याण्ड स्कुलका शिक्षक ३२ वर्षीय अजित ठाकुरले ०८२ साउन ११ गते गृहकार्य नगरेको आरोपमा लाठीले कुटपिट गर्दा दाहिने हातको एउटा औँला भाँचिएको भन्दै पीडित पक्षले साउन १३ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा उजुरी दियो। आरोपित शिक्षकलाई प्रहरीले साउन २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको साउन २९ गतेको आदेशले आरोपित २० हजार रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालय, धनुषाका डिएसपी बरुणबहादुर सिंहले बताए।

### बेचबिखन तथा ओसारपसार

लक्ष्मीनिया गाउँपालिका-३ का आठ वर्षीय रोशन शाहलाई ०८१ माघ ८ गते बेचबिखनका लागि भारततर्फ लैजाँदै गर्दा २८ वर्षीय कमलेश शाहलाई जलेश्वरको भिठामोठ बोर्डरबाट जिल्ला प्रहरी कार्यालय महोत्तरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ जेठ १९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ७ वर्ष कैद र २५ हजार रुपियाँ जरिबाना गरेको अदालतका शाखा अधिकृत हेमकुमार महतोले बताए।

### बलात्कार

१७ वर्षीय बालिकालाई ०८१ पुस २७ गते बलात्कार गरेको आरोपमा बटेश्वर गाउँपालिका -४ का २२ वर्षीय अजय शाहविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दियो। अरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत १२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै आठ वर्ष कैद सजायको फैसला गरेको अदालतका शाखा अधिकृत आत्माराम विश्वकर्माले बताए ।

### यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०८२ मङ्सिर १० गते यौन दुर्व्यवहार गरेको आरोपमा मुखियापट्टी मुसर्नीया गाउँपालिका-२ का २० वर्षीय राकेश पासवान विरुद्ध पीडित पक्षले मङ्सिर १४ गते इलाका प्रहरी कार्यालय, फुलगम्बामा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको पुस ३ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ६ वर्ष कैद र ८ हजार रुपियाँ जरिबाना गर्ने फैसला गरेको जिल्ला अदालत, धनुषाका अधिकृत आत्माराम विश्वकर्माले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै १ हजार ८ सय ३६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये ९ सय ३७ उजुरीमा मेलमिलाप, ३५ उजुरीकर्ता सम्पर्कमा नआएको, २९ उजुरीकर्ता जिल्ला अदालत गए भने ८ सय २० उजुरी फर्स्यौट हुन बाँकी रह्यो। १५ उजुरीकर्ता गाउँघरमा सहमति गरी मेलमिलाप गरेको जानकारी प्राप्त भएको सेवा केन्द्रका बरिष्ठ सइ टेकबहादुर कार्कीले बताए।

यो वर्ष धनुषा जिल्लामा बलात्कारका घटनामा ५७, सामूहिक बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा ४३, यौन दुर्व्यवहार घटनामा १०,

दाइजोजनित हिंसाका घटनामा १ सय २९, बोक्सीको आरोपमा सात, साइबर अपराधका घटनामा २५, बेचबिखन तथा ओसारपसार घटनामा दुई, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा एक र घरेलु हिंसाका घटनामा ४ सय ४९ जना गरी ७ सय ७२४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट ६ जना महिलाको हत्या भयो।

**बलात्कार**

२२ वर्षीया महिलालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका-१ का २४ वर्षीय सुजित शाहविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस १९ गते प्रादेशिक अस्पताल, जनकपुरधाममा भयो। जिल्ला अदालतको फागुन २३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ वर्ष कैद, १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

**बलात्कार प्रयास**

१८ वर्षीया युवतीलाई ०८१ माघ २१ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका २२ वर्षीय सुनिल शाहविरुद्ध पीडित पक्षले सोही दिन कुर्था प्रहरी चौकीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले चैत १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ वैशाख ७ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ५ वर्ष कैद र २६ हजार रुपियाँ जरिबाना फैसला गरेको अदालतका अधिकृत आत्मराम विश्वकर्माले बताए।

**यौन दुर्व्यवहार**

२८ वर्षीया महिलालाई ०८२ साउन २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-८ का ३२ वर्षीय लालु शर्माविरुद्ध पीडितले भदौ १ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले भदौ १२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको भदौ १६ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ८ वर्ष कैद र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

**'बोक्सी'को आरोप**

जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाकी २९ वर्षीया इन्द्रादेवी मण्डललाई बोक्सी भन्दै दुर्व्यवहार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका ४४ वर्षीय रामलखन दासविरुद्ध पीडितले ०८१ फागुन २६ गते कुर्था प्रहरी चौकीमा उजुरी दिइन्। आरोपित दासको भैंसी चार दिनदेखि बिरामी भई उपचार गर्दा समेत सुधार नआएको निहुँमा आरोपितले फागुन २१ गते बोक्सीको आरोप लगाइ गालीगलौज गरी दुर्व्यवहार गरेको पीडितको आरोप छ। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ साउन ११ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ३ महिना कैद सजायको फैसला सुनायो।

**पारिवारिक हत्या**

जनकपुरधाम उपमहानगरपालिका-४ कटैया चौरकी २८ वर्षीया रोशनी झाको ०८२ मङ्सिर ११ गते हत्या गरेको आरोपमा प्रहरीले सोही नगरपालिका-३ देवान पोखरीका २५ वर्षीय सचिन झा र १५ बालकलाई मङ्सिर २३ गते गिरफ्तार गर्‍यो। घटनामा संलग्न रहेको आरोपमा रोशनीको पति ३४ वर्षीय प्रशान्तकुमार मिश्रलाई मङ्सिर १४ गते नै गिरफ्तार गरेको प्रहरीले जनायो। माइती पक्षले पति प्रशान्त र भान्जा सचिनविरुद्ध मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। भऱ्याङबाट लडेर रोशनी घाइते भएको भनी स्वास्थ्य उपचारको लागि जनकपुरधामस्थित गोदावरी अस्पतालमा भर्ना गर्न लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको मृतककी आमाले बताइन्। घटना ढाकछोप गर्नका लागि रातिको समयमा कसैलाई जानकारी नगराइकन सोही दिन सद्गत गरेको पीडित पक्षले बतायो। माइती पक्षले सोधखोज गर्दा पासो लगाई आत्महत्या गरेको भनी उम्किन खोजेका थिए तर, माइती पक्षले शवको प्रकृति शंकास्पद देखेपछि घाँटी थिचेर हत्या गरेको आरोप लगाउँदै प्रहरीमा उजुरी दिएको थियो। जिल्ला अदालतको ०८२ पुस १६ गतेको इजलासले आरोपित प्रशान्त मिश्रालाई थुनामा राखी मुद्दाको प्रक्रिया अगाडि बढाउने, सचिन झालाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने, डा. धिरेन्द्र झालाई साधारण तारेखमा रिहा गर्ने र नाबालकलाई अभिभावकको जिम्मा लगाउने आदेश दियो।

बटेश्वर गाउँपालिका-१ चित्रपुरकी २३ वर्षीया अंशुकुमारी महतोको ०८२ असोज १३ गते हत्या गरेको आरोपमा माइती पक्षले असोज १५ गते अंशुकुमारीको पति ३० वर्षीय शिवकुमार महतो र ससुरा ६४ वर्षीय रामदलार महतोविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। माइती पक्षले छोरीको शंकास्पद मृत्यु भएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएको एसपी नरहरी रेग्मीले जानकारी दिए। अंशुकुमारी सात महिनाकी गर्भवती थिइन्। सामाजिक परम्परा अनुसार दुई वर्ष अघि विवाह भएको अंशुलाई घर परिवारले पटक पटक यातना दिने गरेको दिदीले गुनासो गर्ने गरेको मृतककी बहिनी आकृती कुमारी महतोले बताइन्। शवको पोष्टमार्टम असोज १५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। यो वर्षको अन्त्यसम्म आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय, धनुषाका बरिष्ठ सई अर्जुन खतिवडाले बताए।

लक्ष्मीनियाँ गाउँपालिका-५ की २० वर्षीया अञ्जली यादवको हत्या गरेको आरोपमा पति २४ वर्षीय हरिराम यादवलाई २०८२ जेठ ८ गते प्रहरीले गिरफ्तार गर्‍यो। उनले पत्नीको ०८१ फागुन १७ गते हत्या गरी शव घरकै पूजाकोठामा गाडेका थिए। प्रहरीले शवको उत्खनन गरी सोही दिन प्रादेशिक अस्पताल, जनकपुरधाममा पोष्टमार्टम गरायो। घटना पश्चात १० महिने छोरी लिएर घरबाट सम्पर्क विहीन भएका आरोपितलाई जनकनन्दनी गाउँपालिका-४ स्थित खजुरी रेलवे स्टेशनबाट लुकिछिपी बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको धनुषाका एसपी नरहरि रेग्मीले जानकारी दिए ।

**दाइजो कारण हत्या**

जनकपुरधाम उपमहानगरपालिका-१३ पिरारीकी १८ वर्षीया ज्योति शाहको ०८२ वैशाख २० गते हत्या गरेको आरोपमा पति २४ वर्षीय कृष्णकुमार शाह, सासु ४० वर्षीया रौलीदेवी शाह, देवर २२ वर्षीय नारायणकुमार शाह र ससुरा ३९ वर्षीय रामचन्द्र शाहविरुद्ध माइती पक्षले ०८२ वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दियो। ज्योतिको विवाह ०८१ मङ्सिर १७ गते आरोपित कृष्णकुमार साहसँग सामाजिक परम्परा अनुसार भएको थियो। विवाहमा दाइजो स्वरूप एक थान मोटरसाइकल दुई वर्षभित्र दिने कुरा भएको तर, मोटरसाइल नदिएको भन्दै आरोपित साहले आठ महिनामै बहिनीको हत्या गरेको पीडितका दाजुले बताए। विवाह भएदेखि नै मोटरसाइकलको लागि बहिनीलाई कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिदैं आएको मृतकका दाजुले बताए। मृतक चार महिनाकी गर्भवती थिइन्। आरोपितहरूले उनको हत्या गरी घटनालाई ढाकछोप गर्न पासोमा झुण्ड्याएको पीडित पक्षको आरोप छ। शवको पोष्टमार्टम वैशाख २१ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित पतिलाई घटना भएकै दिन गिरफ्तार गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी बरुणबहादुर सिंहले जानकारी दिए।



*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको मधेश प्रदेश सभा भवन*

क्षिरेश्वरनाथ नगरपालिका-३ की २४ वर्षीया सविता माझीको ०८२ कात्तिक १५ गते हत्या गरेको आरोपमा पति २६ वर्षीय सुरेश माझीविरुद्ध माइती पक्षले कार्तिक १६ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दियो। माइती पक्षका अनुसार मृतकको विवाह सामाजिक परम्परागत अनुसार दुई वर्ष अगाडि भएको थियो। विवाहपछि पतिका परिवारले अपेक्षित दाइजो नपाएको कारण कुटपिट गर्दै आएका थिए। सामाजिक र आर्थिक दबाब, पारिवारिक इज्जतका कारण सामाजिक स्तरमै बसेर पटकपटक छलफल पनि गरेको मृतककी आमाले बताइन्। शवको पोस्टमार्टम कात्तिक १७ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भएको थियो। आरोपितलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गर्‍यो। धनुषा जिल्ला अदालतको पुस ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश गर्‍यो।

**दाइजोको कारण भएका हिंसा**

नगराइन नगरपालिका-३ की २५ वर्षीया रेणुदेवी मण्डललाई दाइजोको निहुँमा कुटपिट गरेको आरोपमा पति २७ वर्षीय सुजित मण्डललाई इलाका प्रहरी कार्यालय, फुलगामाले असार ३ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको विवाह आरोपित मण्डलसँग ०८१ फागुन ८ गते भएका थियो। विवाहमा २ लाख



*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको जनकपुरधाम उपमहानगरपालिका*

रुपियाँ, दुई आना सुन, १२ तोला चाँदी दिएको भएता पनि थप दाइजो स्वरुप एक थान मोटरसाइकल नदिएको भन्दै आरोपितपतिले पीडित महिलालाई ०८२ जेठ २६ गते कुटिपट गरी शारीरिक तथा मानसिक यातना दिएको पीडित पक्षको आरोप छ। आरोपितविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, फूलगामामा ०८२ जेठ २७ गते उजुरी दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नव युवापुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा जनकपुरधाम उपमहानगरपालिका-९ स्थित नेकपा एमालेका केन्द्रीय सचिव तथा पूर्वमन्त्री रघुवीर महासेठको घर, नेपाली कांग्रेसको मधेस प्रदेश कार्यसमितिको कार्यालय, जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित नेपाली कांग्रेसका नेता महेन्द्र यादवको घर, सोही ठाउँस्थित वडा प्रहरी कार्यालय, भाटभटेनी सुपरमार्केट, जनकपुर यातायात कार्यालय, सोही उपमहानगरपालिका-१२ स्थित मधेस प्रदेश सभाको भवन, मुख्यमन्त्रीको कार्यालय, मन्त्री क्वाटरहरू, सोही उपमहानगरपालिका-१३ स्थित नेपाली कांग्रेसका नेता एवम् मधेश प्रदेश सरकारका उर्जा जल स्रोत तथा सिंचाइमन्त्री शेषनारायण यादवको घर, सोही उपमहानगरपालिका-१ मिल्स एरियास्थित नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको घर, सोही उपमहानगरपालिका-१ स्थित जनकपुर भन्सार कार्यालय, सोही उपमहानगरपालिका-१ वडा प्रहरी कार्यालय, सशस्त्र प्रहरी पोष्ट, समाजवादी पार्टी एवम् मधेश प्रदेश प्रमुख सचेतक तथा प्रदेश सांसद रामआशिष यादवको घर, धनुषा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा पूर्व सङ्घीय कृषि मन्त्री रामकृष्ण यादवको घर, सोही उपमहानगरपालिका-२२ स्थित प्रदेश सभा प्रमुख रामचन्द्र मण्डलको घर, सोही उपमहानगरपालिका -२ स्थित जनकपुरधाम उप महानगरपालिकाको प्रशासकीय भवन, सोही उपमहानगरपालिका -४ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश भवन, जनकपुर बसपार्कस्थित ट्राफिक प्रहरी कार्यालय, सोही उप महानगरपालिका-८ को भवन, नेकपा एमालेका नेता एवं धनुषा क्षेत्र नं ३ क का प्रदेश सांसद दीपेन्द्र ठाकुरको घर, सोही उप महानगरपालिका-१० स्थित प्रहरी चौकीमा प्रहरीहरू बस्ने कोठा, सोही उप महानगरपालिका-२४ निला अर्जुन इन्जिनियरिङ्ग कलेज र विदेह नगरपालिका-२ को कार्यालयमा तोडफोड तथा आगजनी भयो।

### स्वास्थ्य सेवा

नेपाल सरकारको ऐन अनुसार तलब स्केल लागु गर्न माग राख्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूले ०८२ कार्तिक १९ गते बिहान जिल्ला प्रशासन कार्यालय धनुषा आगाडि प्रर्दशन गर्दै धर्ना दिए। यसैगरी जनकपुरधामको पिडारी चोकमा स्वास्थ्यकर्मीहरूले कात्तिक १८ गते गरेको धर्नामा प्रहरीले हस्तक्षेप गर्दा स्वास्थ्यकर्मी रिमा मण्डल, रोशनी चौधरी, मधु कापर, अम्बिका यादव र संस्कार यादव



*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको आन्तरिक राजश्व कार्यालय*




*नेपाल सरकारले लागु गरेको न्यूनतम पारिश्रमिकको माग गर्दै निजी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु*

घाइते भए। स्वास्थ्यकर्मीहरूले कात्तिक १८ गते जनकपुर-ढल्केवर सडकखण्डस्थित पिडारी चोकमा बिहान ११ बजेदेखि चक्काजाम गरेपछि सडक सुचारु गर्न प्रहरीले स्वास्थ्यकर्मी ओम कापर, पशुपति यादव र आतिश सिंहलाई गिरफ्तार गऱ्यो। उनीहरू सोही दिन साँझ रिहा भए।

**तालिका ५.२.३.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| विद्यालयमा दिइने दण्ड सजाय | १ | | | १ |
| बलात्कार | १ | ९ | १ | ११ |
| सामूहिक बलात्कार | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | १३ | ३ | १७ |
| जम्मा | ४ | २३ | ४ | ३१ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ४२५ | १ | २३ | ४४९ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ | २ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | | १ |
| साइबर अपराध | १ | | १९ | ५ | २५ |
| दाइजोजनित हिंसा | | ९७ | १९ | १३ | १२९ |
| 'बोक्सी' आरोपमा | २ | | २ | ३ | ७ |
| बलात्कार | ८ | | ३७ | १२ | ५७ |
| सामूहिक बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | १० | | २४ | ९ | ४३ |
| यौन दुर्व्यवहार | २ | | ६ | २ | १० |
| पारिवारिक हत्या | १ | | १ | ४ | ६ |
| जम्मा | २४ | ५२२ | १११ | ७३ | ७३० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | १ | ३ | ६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.४ महोत्तरी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,०६,९९४ |
| महिला | ३,५७,८३५ |
| घर परिवार सङ्ख्या | १,३७,८८६ |
| घरजग्गामा महिलाको स्वामित्व | ३४,९७२ |
| साक्षरता प्रतिशत | ५९.७७ |
| आश्रित जनसङ्ख्या | ३,८०,४१६ |
| अपाङ्गता भएका | ११,०४५ |

यस वर्ष महोत्तरी जिल्ला कारागारमा दुई जना पुरुषको मृत्यु भयो। ज्यादतीका घटनामा ३ सय ६३ जना महिला र तीन पुरुष गरी ३ सय ६६ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ४१ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको छ। कारागारमा कैदीबन्दी ५ सय ७६ जना छन्। जसमा सबै पुरुष रहेका छन्। महिला कैदीबन्दी राख्ने भवन जीर्ण रहेकाले महिला कैदीबन्दीलाई सिन्धुली कारागार पठाइने गरेको सूचना अधिकारी रविनचन्द ठाकुरले बताए। कैदीबन्दी सुत्न र बस्नका लागि तीन ओटा हल छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण व्यवस्थापनमा समस्या हुने गरेको ठाकुरले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा कारागार भवन तोडफोड गरी ५ सय ७३ जना कैदीबन्दी फरार भए। कारागारबाट नभागी बसेका तीन जना कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा राखिएको डिएसपी सर्वेन्द्रकुमार भट्टले बताए। कारागार प्रशासनले अपिल जारी गर्दै कैदीबन्दीहरुलाई पुन: कारागार फर्कन आग्रह गरेको थियो। प्रशासनको आग्रह र प्रहरीको सक्रियतामा ३ सय १० जनालाई कारागारमा ल्याइएको कारागारका निमित्त प्रमुख रविन ठाकुरले बताए। कारागारमा यो वर्षको अन्त्यसम्म पुरानो ३ सय १३ र नयाँ ३० जना गरी ३ सय ४३ जना कैदीबन्दी रहेको निमित्त प्रमुख ठाकुरले बताए। यो वर्षको अन्त्यसम्म फरार रहेका २ सय ६३ जना कैदीबन्दी अझै फिर्ता नभएको उनले बताए।

कारागारमा ३१ जना पुरुष ज्येष्ठ नागरिक रहेको सूचना अधिकारी ठाकुरले बताए। यस वर्ष कारागारका दुई जना कैदीबन्दीको उपचारका क्रममा मृत्यु भयो।

तालिका ५.२.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ३ | २ | ५ |
| कारागारमा मृत्यु | | २ | २ | | | |
| हत्या | | | | | १ | १ |
| जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | बलात्कार | | | १३ | | १३ |
| | सामूहिक बलात्कार | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | जम्मा | | | १८ | | १८ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३१५ | | ३१५ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | | १ |
| | बलात्कार | | | १६ | | १६ |
| | बलात्कार प्रयास | | | ४ | | ४ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | बोक्सीको आरोपमा | | | १ | | १ |
| | पारिवारिक हत्या | | | ३ | | ३ |
| | जम्मा | | | ३४१ | | ३४१ |
| **कूल जम्मा** | | २ | २ | ३६३ | ३ | ३६६ |

(स्रोत : इन्सेक, २०२५)

### घाइते
**अन्यपक्षबाट**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा बर्दिबास नगरपालिका-१४ स्थित पावन मिथिला होटलमा प्रदर्शनकारीले आगजनी गर्दा होटेलका लेखापाल धनुषा जिल्ला मिथिला नगरपालिका- ६ का ४० वर्षीय प्रदीप महतो जलेर गम्भीर घाइते भए। घाइते महतोको प्राथमिक उपचार जिल्ला अस्पतालमा गरी थप उपचार कीर्तिपुर बर्न अस्पतालमा भयो। उपचारपछि महतो मङ्सिर २५ गते घर फर्किए।

### बाल अधिकार

यस वर्ष महोत्तरी जिल्लामा बलात्कार घटनामा १३, सामूहिक बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहार घटनामा दुई र बेचबिखन तथा ओसारपसार घटनामा एक गरी १८ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार ६ सय १ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान लाउन नदिइ कुटपिट गरी घरनिकाला गरिएका ४ सय १२, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका १ सय १७, दाइजोको कारण कुटपिट र यातना दिएको १३ र घरायसी झगडाको ५ सय १९ उजुरी छन्। यीमध्ये प्रहरीले ७ सय ३४ उजुरीमा मेलमिलाप गरायो भने ३ सय २७ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका सई श्याम श्रेष्ठले बताए।

यो वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा १६, बलात्कार प्रयासका घटनामा चार, यौन दुर्व्यवहार घटनामा एक, 'बोक्सी'को आरोपमा एक र घरेलु हिंसाका घटनामा ३ सय १५ जना गरी ३ सय ३८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

औरही नगरपालिका-६ बैरीया टोलकी २६ वर्षीया कविता चौधरीको ०८२ कार्तिक २९ गते हत्या गरेको आरोपमा प्रहरीले पति ३० वर्षीय मनोज चौधरीलाई सोही दिन गिरफ्तार गर्‍यो। घरायसी विवादका क्रममा आरोपितले पत्नीलाई छाती र कञ्चटमा कैँची प्रहार गरी घाइते बनाएकोमा उपचारका लागि रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमी अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका इलाका प्रहरी कार्यालय, गौशालाले जनायो। आरोपितविरुद्ध माइती पक्षले मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोष्टमार्टम कात्तिक २९ गते बर्दिबास अस्पताल भयो। जिल्ला अदालतको पुस १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।



*प्रदर्शनका क्रममा कारागार तोडफोड गरी ५ सय ७३ जना कैदीबन्दी फरार भएपछि सुनसान देखिएको महोत्तरी कारागार*

**'बोक्सी'को आरोपमा कुटपिट**

सोनमा गाँउपालिका-८ की ३६ वर्षीया नगिनादेवी मण्डललाई बोक्सीको आरोपमा कुटपिट गरेको आरोपमा सोही ठाउँका २० वर्षीय पारस यादव र ५० वर्षीया उकक्षी यादवविरुद्ध पीडितले ०८२ मङ्सिर १६ गते इलाका प्रहरी कार्यालय गौशालामा उजुरी दिइन् । आरोपितहरूले मङ्सिर १५ गते घरमा भैंसी बिरामी भएपछि 'तँ टुनामुना जान्दछेस्, तैले मेरो भैंसी मार्न खोजेको' भन्दै गालीगलौज र कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी पीडितको गौशलास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनापछि आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहेको इलाका प्रहरी कार्यालय गौशालाका इन्सपेक्टर रमेश लामाले बताए।

## जातीय विभेद

औरही नगपालिका-३ श्रीपुरकी १८ वर्षीया इन्द्रा मण्डल खत्वेलाई दलित भएकै कारण घरमा बस्न नदिएको आरोपमा सासु ४५ वर्षीया बबिता यादवविरुद्ध पीडितले ०८२ असोज ५ गते इलाका प्रहरी कार्यालय, गौशालामा उजुरी दिइन्। आरोपितका छोरा १९ वर्षीय मेघनाथ यादव र इन्द्राले ०८२ वैशाख २५ गते प्रेम विवाह गरेका थिए। सानो जातको छोरीलाई बुहारी स्वीकार नगर्ने भन्दै मेघनाथलाई समेत लुकाएको पीडितकी आमाले बताइन्। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी शैलेन्द्र भट्टले बताए।

सोनमा गाउँपालिका-५ निवासी रेडियो नेपालको जिल्ला सम्वाददाता ३० वर्षीय मन्जिकुमार राम, उनकी भाउजु ४० वर्षीया पवनदेवी राम र आमा ६८ वर्षीया फूलकुमारी देवी महरालाई ०८१ चैत ३ गते घरमा बसिरहेको अवस्थामा सोही ठाउँका ६० वर्षीय कुञ्ज बिहारी यादव, छोराहरू ४६ वर्षीय राजीव यादव, २५ वर्षीय ओमप्रकाश यादव र २० वर्षीय दिपेश यादवले दुवै हात बाँधेर सडकमा घिसार्दै कुटपिट गरी घाइते बनाए। घाइतेहरूको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भयो। मन्जित रामका १७ वर्षीय भतिज र सोही ठाउँकी १६ वर्षीया बालिकाले ०८१ माघ १४ गते भागेर प्रेमविवाह गरेका थिए। रोहितको परिवारलाई छोरी पक्षले चैत ३ गते 'तँ सानो जातको छोराले मेरो छोरी भगाउने' भनी दुर्व्यवहार गरेका थिए। दुवै पक्षले खोजतलासको लागि माघ १५ गते प्रहरीमा उजुरी दिए। माघ १६ गते चितवनको भरतपुरमा उनीहरूलाई फेला पारी प्रहरीले आ-आफ्नो परिवारको जिम्मा लगायो। 'सानो जातको छोराले गुवारको छोरी ताकेको' भन्दै रामको परिवारलाई दुर्व्यवहार र गालीगलौजको धम्की दिएका कारण पीडित परिवार माघ १६ गतेदेखि गाउँबाट बिस्थापित भएकोमा ०८२ वैशाख २३ गते गाउँमै मेलमिलाप गरिएको पीडितले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

महोत्तरी जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित ट्राफिक प्रहरी कार्यालयमा २०८२ भदौ २६ गते पहिचान नखुलेको समूहले आगजनी गर्‍यो। महोत्तरी जिल्ला अदालतको पूर्वतर्फ रहेको ट्राफिक प्रहरी कार्यालयमा दिउँसो पेट्रोल छर्की आगजनी गरिएको थियो। नव युवापुस्ताले गरेको प्रदर्शनका कारण प्रहरी आफ्नो सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालयमै रहेको अवस्थामा ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी हेरम्ब शर्माले बताए।

**खडेरी**

गत साल महोत्तरीमा समयमा वर्षा नहुँदा सुक्खा तथा खडेरीका कारण किसानहरू आक्रान्त बने। समयमा पानी नपर्दा खानेपानीको मुहान सुके। समयमा धान रोपाई हुन नसक्दा धानका बीउ खेतमै डढे। पायक परेका क्षेत्रहरुमा नदी, नहर, कुलो तथा बोरिङको सहायताले रोपाई भए पनि पानीको अभावमा धान खेत सुक्खा भई चीरा परेको थियो।



*समयमा पानी नपर्दा सुक्खा भएको खेतियोग्य जमिन*

**तालिका ५.२.४.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | ८ | ५ | १३ |
| सामूहिक बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | ८ | १० | १८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा नल्याइएका | जम्मा |
| घरेलु हिंसा | २७१ | | ४४ | ३१५ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | १ |
| 'बोक्सी'को आरोप | | १ | | १ |
| बलात्कार | | १२ | ४ | १६ |
| बलात्कार प्रयास | | | ४ | ४ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| पारिवारिक हत्या | | ३ | | ३ |
| जम्मा | २७१ | १७ | ५३ | ३४१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.५ सर्लाही




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,६२,४७० |
| महिला | ४,२७,३३९ |
| घर परिवार सङ्ख्या | १,६४,८२४ |
| घरजग्गामा महिलाको स्वामित्व | ४०,५०२ |
| साक्षरता प्रतिशत | ६०.३१ |
| आश्रित जनसङ्ख्या | ४,५२,८५५ |
| अपाङ्गता भएका | १३,४७४ |

यस वर्ष सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए । ज्यादतीका घटनामा १ सय २० जना महिला र १२ पुरुष गरी १ सय ३२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८८ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

हरिपुर्वा नगरपालिका-६ स्थित एक निजी विद्यालयका शिक्षक ४६ वर्षीय रामपुकार यादवको ०८२ साउन ३० गते राति घरमै बसिरहेको अवस्थामा मोटरसाइकल चढेर आएका दुई जनाले प्रहार गरेको गोली लागेर मृत्यु भयो। शिक्षक यादव आफ्नै घर अगाडि छिमेकीसँग बसिरहेको अवस्थामा मोटरसाइकलमा आएका दुई जना व्यक्तिले टाउकोमा गोली प्रहार गरेका थिए। घाइते यादवलाई उपचारका लागि जानकी एकेडेमी अस्पताल, रामगोपालपुर लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। घटनामा संलग्न भएको आरोपमा हरिपूर्वा नगरपालिका-५ का २७ वर्षीय धिरु भनिने धिरेन्द्र राय यादवलाई प्रहरीले भदौ ३ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम साउन ३१ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतको भदौ १६ गतेको इजलासले आरोपित धिरेन्द्रलाई पुर्पक्षका लागि थुनामा पठायो। अर्का आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे।



*गोली प्रहार गरी हत्या गरिएका रामपुकार यादव*

### यातना

बरहथवा नगरपालिका-३ का २८ वर्षीय सुशील महतोलाई मोटरसाइकल चोरीको आरोपमा प्रहरीले ०८२ वैशाख ४ गते गिरफ्तार गरेको र हिरासतमा रहँदा आफूलाई प्रहरीले यातना दिएको आरोप लगाए। इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर राजन पटेलले डिएसपीको कार्यकक्षमै बुटले प्रहार गर्नुका साथै कुटपिट समेत गरेको पीडितले बताए। “मैले चोरी स्वीकारिनँ, त्यसैले म माथि कुटपिट भयो”। उनको उपचार नगर प्राथमिक स्वास्थ्य केन्द्र, बरहथवामा र थप उपचार वीरगञ्जको नेसनल मेडिकल कलेजमा भयो। पीडितको कानमा गम्भीर चोट देखिएको चिकित्सकीय रिपोर्टमा उल्लेख छ। युवकमाथि केही नभएको र कुटपिट समेत कसैले नगरेको इलाका प्रहरी कार्यालय, बरहथवाका डिएसपी गौतम थापाले बताए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन गएपछि प्रहरीले उजुरी दर्ता नगरेको पीडितले आरोप लगाए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २ सय १० जनाको छ। कारागारमा ३ सय ६८ जना कैदीबन्दी छन्। जसमा ३८ महिला र ३ सय ३० जना पुरुष गरी ३ सय ४८ जना रहेका छन्। कारागारमा आश्रित बालक दुई र बालिका तीन जना गरी जम्मा पाँच जना छन्।

## बाल अधिकार

यस वर्ष सर्लाही जिल्लामा बलात्कार घटनामा २४, यौन दुर्व्यवहार घटनामा दुई र बेचबिखन तथा ओसारपसार घटनामा तीन गरी २९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**तालिका ५.२.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | २ | २ | ४ |
| घाइते | | | | | २ | २ |
| हत्या | | | | | ३ | ३ |
| यातना | | १ | १ | | | |
| जातीय विभेद | | | | २ | ४ | ६ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | २ | १ | ३ |
| | बलात्कार | | | २४ | | २४ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | जम्मा | | | २८ | १ | २९ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५२ | | ५२ |
| | 'बोक्सी'को आरोप | | | ५ | | ५ |
| | दाइजोजनित हिंसा | | | ९ | | ९ |
| | बलात्कार | | | ६ | | ६ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | बलात्कार प्रयास | | | १४ | | १४ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | ८८ | | ८८ |
| **कूल जम्मा** | | १ | १ | १२० | १२ | १३२ |

(स्रोत : इन्सेक, २०२५)

### बलात्कार

१६ वर्षीया बालिकालाई ०८२ वैशाख १७ गते बलात्कार गरेको आरोपमा कौडेना गाउँपालिका-१ का २२ वर्षीय रामप्रवेश पटेलविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २३ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जीवनकुमार भण्डारीको कार्तिक २१ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै सात वर्षको कैद र ३५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने गरी मुद्दाको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

### सामूहिक बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ चैत २३ गते बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका-१७ का २८ वर्षीय बिन्देश्वर महतो र २९ वर्षीय विनय यादवविरुद्ध पीडित पक्षले ०८२ वैशाख १९ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २० गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश पुष्पराज थपलियाको कात्तिक १२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ७ वर्षको कैद र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

### यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०८१ पुस २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा बसबरिया गाउँपालिका-३ का २९ वर्षीय शंकर रायविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २९ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण माघ ४ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश यामबहादुर बानियाँको ०८२ मङ्सिर १२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै आठ वर्ष कैद, ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने गरी फैसला गरेको अदालतका स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार २ सय ५२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घर निकाला गरिएका ६४, विवाह दर्ता र नागरिकता नबनाएका २ सय ७६, कुटपिट गालीगलौजका ५ सय ५४, घरेलु हिंसा, शारीरिक यातना दिने र खान नदिने ३ सय ५८ उजुरी छन्। यीमध्ये प्रहरीले १ हजार ५८ उजुरीमा मेलमिलाप गरायो। १ सय ५४ उजुरीमध्ये ३४ उजुरीका पीडित सम्पर्कमा नआएको र ६ उजुरीको मुद्दा जिल्ला अदालतमा गएको छ भने २२ उजुरीकर्ताले गाउँ घरमा नै मेलमिलाप गरे। ९२ उजुरीकर्ता यो वर्षको अन्त्यसम्म सम्पर्कमा नआएकाले प्रकृया अगाडी नबढेको सेवा केन्द्रकी असइ फूलमाया मगरले बताइन्।

यो वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा ६, सामूहिक बलात्कारका घटनामा एक, बलात्कार प्रयासका घटनामा १४, दाइजोजनित हिंसाका घटनामा नौ, बोक्सीको आरोपमा पाँच र घरेलु हिंसाका घटनामा ५२ जना गरी ८७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो ।

**पारिवारिक हत्या**

बिष्णु गाउँपालिका-३ स्थित मधुवनगोठका ३६ वर्षीया रेनुदेवी पासवानको ०८२ वैशाख १४ गते जेठाजु ४० वर्षीय साहेब पासवानले फर्सा प्रहार गरी हत्या गरे। आरोपितले उनीसँग खाना मागेको र सोही क्रममा विवाद हुँदा हत्या गरेको जिल्ला प्रहरी कार्यालय मलङ्गवाका एसपी रविन्द्रबहादुर सिंहले बताए। आरोपितलाई प्रहरीले वैशाख १४ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम वैशाख १४ गते प्रादेशिक अस्पतालमा भयो। जिल्ला अदालतको जेठ ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

**दाइजोजनित हिंसा**

ईश्वरपुर नगरपालिका-५ की २३ वर्षीया रविनाकुमारी पटेललाई ०८२ जेठ ७ गते पति २४ वर्षीय सुरेशकुमार पटेल र सासु ४८ वर्षीया जसोधा देवी पटेलले थप दाइजोको निहुँमा कुटपिट गरेको भन्दै पीडितले जेठ १४ गते इलाका प्रहरी कार्यालय, केशरगञ्जमा उजुरी दिइन्। पीडित र आरोपित सुरेशकुमार पटेलबीच ०७० जेठ ११ गते विवाह भएको थियो। विवाहमा २ लाख रुपियाँ नगद र एक तोला सुनको सिक्री दिएको पीडितका बुबाले बताए। तर, थप दाइजो बापत १ लाख रुपियाँ र एउटा फ्रिज नल्याएको भन्दै आरोपित पति र सासुले पीडितलाई गालीगलौज र कुटपिट गर्ने गरेको पीडितका बुबाले बताए। कुटपिटका कारण घाइते भएकी रविना कुमारीको उपचार जेठ ७ गतेदेखि ९ गतेसम्म जिल्ला अस्पतालमा भयो। दुवै पक्षले भदौ ६ गते इलाका प्रहरी कार्यालय, केशरगञ्जमा मेलमिलाप गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सरोज राईले बताए।

**जातीय विभेद**

कविलासी नगरपालिका-८ का २३ वर्षीय सरोज पासवानलाई जातीय छुवाछुत गरेको आरोपमा सोही वडाका वडाध्यक्ष ४५ वर्षीय विरेन्द्रप्रसाद साहविरुद्ध पीडित पक्षले ०८२ असोज २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। वडाध्यक्ष साहले सबैसँग चन्दा उठाएर असोज १२ गते मन्दिरमा पुजा कार्यक्रम आयोजना गरेका थिए। सोही क्रममा उनले 'तल्लो जातको भएर यहाँ किन आएको' भन्दै मन्दिर भित्रमा प्रवेश नगर्न धम्की दिएको पीडितले बताए। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, मलङ्गवाका डिएसपी सरोज राईले बताए।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा लालबन्दी नगरपालिका-५ स्थित नगरपालिकाको कार्यालय परिसरमा रहेको स्काभेटर, सोही नगरपालिका-१ स्थित नवलपुर बजारको पार्क, मलङ्गवा नगरपालिका-३ स्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालय, सोही नगरपालिका-८ स्थित नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालय, जिल्ला प्रशासन कार्यालय, सोही नगरपालिका-९ स्थित कारागार कार्यालय, सोही नगरपालिका-१० स्थित कृषि ज्ञान केन्द्र, हरिवन नगरपालिका- ११ स्थित नगरपालिकाको कार्यालय, बरहथवा नगरपालिका- ७ स्थित नगरपालिकाको कार्यालय र ईश्वरपुर नगरपालिका-५ स्थित नगरपालिकाको कार्यालयमा तोडफोड र आगजनी भयो। तोडफोड र आगजनीका कारण ६३ करोड ५५ लाख रुपियाँ बराबरको क्षति

भएको जिल्ला प्रशासन कार्यालय, सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी शिवहरि पोखरेलले बताए।

## विस्थापित

गत असोज १८ र १९ गतेको अविरल वर्षापछि आएको बाढीका कारण १ हजार ६ सय १९ परिवार विस्थापित भए। १९ जनालाई सुरक्षाकर्मीले उद्धार गरेका थिए। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार, जिल्लाभर १ हजार ६ सय १९ परिवार बाढीबाट विस्थापित भई सुरक्षित स्थानमा बसेका थिए। तीमध्ये चक्रघट्टा गाउँपालिका-१, पडरियामा लखन्देही नदीको पानी पस्दा २० ओटा कच्ची घरमा पूर्ण क्षति पुगेको प्रहरी नायब उपरीक्षक सरोज राईले बताए। जिल्लामा सबैभन्दा बढी लखन्देही खोलाले क्षति पुऱ्याएको थियो। मनुष्मारा, झिम, सोती, बागमतीलगायत खोलाले पनि ठाउँठाउँमा कटान तथा डुबानको समस्या निम्त्याएको प्रहरीले जनायो। अविरल वर्षापछि बलरा नगरपालिका-२ का ७ सय घरमा पानी पसेको थियो। वर्षाको पानीसहित लखन्देही खोलामा आएको बाढी पस्दा मलङ्गवा नगरपालिका-५, भाडसरमा करिब २ सय घर डुबानमा परेका थिए। कौडेना गाउँपालिका-७, शिवनगरमा लखन्देही खोलाले बाँध कटान गरेर बस्तीमा पसेपछि करिव ४ सय घरधुरी घर फर्कन सकेका थिएनन्। बाढी र वर्षाको पानी पस्दा हरिवन, कबिलासी, बरहथवा नगरपालिका तथा चक्रघट्टा, कौडेना, बसबरिया गाउँपालिकामा दर्जनौँ घर डुबानमा परेका थिए। अविरल वर्षापछि सदरमुकाम मलङ्गवास्थित जिल्ला भन्सार कार्यालय, प्रहरी चौकी गोरखकालीसहित मलङ्गवा-सोनवर्षा मुख्य नाका पनि डुबानमा परेको थियो। नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले सीमा नजिक भारतले सुरक्षा गस्तीका लागि सडक बनाउँदा पानीको निकास हुन नसकी मलङ्गवा डुबानमा परेको बताए।

## वातावरणीय अधिकार

यो वर्ष सर्लाहीका अधिकांश क्षेत्रमा खानेपानीको हाहाकार भयो। वर्षको समयमा पनि पानी नपर्दा पूरै जमिन सुख्खा भयो। मलङ्गवा नगरपालिकाका सबै चापाकल सुके। मलङ्गवा नगरपालिकाले ट्याङ्करबाट घरघरमा पानी पुऱ्याएको थियो।

## स्वास्थ्य सेवा

मलङ्गवा नगरपालिका-२ निवासी मलङ्गवास्थित प्रादेशिक अस्पतालका डाक्टर २६ वर्षीय कृष्णजङ्ग साहलाई ०८२ साउन ६ गते बिरामीको उपचारको क्रममा रेफर गरिएको विषयमा विवाद हुँदा हातपात गरेको भन्दै पीडितले साउन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। चिकित्सकमाथि हातपात भएपछि अस्पतालको ओपीडी बाहेकका सेवा बन्द गरिएको थियो। साउन ६ मलङ्गवा नगरपालिका-३ स्थित आर्दश चौकका २८ वर्षीय दिनेशकुमार यादव दुर्घटनापछि हड्डी भाँचिएर उपचारका लागि अस्पतालमा आएको र उपचारको क्रममा रेफर गरिएको विषयमा उनीमाथि हातपात भएको थियो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सञ्जीव सिंहले दोषीमाथि कानुनी कारबाहीको माग गर्दै अस्पतालको आकस्मिक बाहेकका सम्पूर्ण सेवा बन्द गरिएको बताए। नेपाल चिकित्सक सङ्घले प्रेस विज्ञप्ति जारी गरी चिकित्सकमाथि हातपात गर्ने व्यक्तिलाई तत्काल गिरफ्तार गरी कारबाही गर्न माग गरेको थियो। आरोपित हालसम्म फरार रहेको जिल्ला अस्पतालका डा. कृष्णजङ्ग साहले बताए।

**तालिका ५.२.५.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | २ | ३ |
| बलात्कार | २ | १७ | ५ | २४ |
| यौन दुर्व्यवहार | १ | १ | | २ |
| जम्मा | ३ | १९ | ७ | २९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ३१ | ४ | १७ | ५२ |
| दाइजोजनित हिंसा | ६ | ३ | | ९ |
| बलात्कार | | ६ | १ | ७ |
| बलात्कार प्रयास | | ३ | १२ | १५ |
| 'बोक्सी'को आरोप | | १ | ४ | ५ |
| सामूहिक बलात्कार | | | १ | १ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | ३७ | १७ | ३६ | ९० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | १ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.६ रौतहट

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ८,१३,५७३ |
| महिला | ४,०५,१७० |
| घर परिवार सङ्ख्या | १,३७,०२५ |
| घरजग्गामा महिलाको स्वामित्व | ३१,७७१ |
| साक्षरता प्रतिशत | ५७.७५ |
| आश्रित जनसङ्ख्या | ४,५१,१४९ |
| अपाङ्गता भएका | १०,८४७ |




यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उज्यादतीका घटनामा १ सय ४४ जना महिला र १५ जना पुरुष गरी १ सय ५९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ३४ जना महिला पीडित भए।

## कुटपिट

### अन्यपक्षबाट

कटहरीया नगरपालिका-२ घर भई मध्यान्तर पत्रिकाका संवाददाता ४० वर्षीय कृष्ण तिवारीमाथि ०८१ माघ २३ गते बाबा बैजनाथ सुगर एण्ड केमिकल प्रा.लि.मा समाचार सङ्कलन गर्न गएको समयमा सुगर एण्ड केमिकल प्रालिका सञ्चालकहरूले कुटपिट गरे। किसानले चिनी मिलमा लगेको १ सय क्विन्टल उखुलाई ७० क्विन्टलमात्र भएको चिनी मिलले बताएपछि आन्दोलित किसानका समाचार सङ्कलनका लागि पत्रकार तिवारी उक्त ठाउँमा गएका थिए। कटहरियाका मेयर ३५ वर्षीय अजय प्रकाश जैसवाल समेत रहेका बाबा बैजनाथ सुगर एण्ड केमिकल प्रालिका सञ्चालककै मिलेमतोमा आफूमाथि कुटपिट भएको पत्रकार तिवारीले बताए। पत्रकार तिवारीको मोबाइल र क्यामरा खोसेर लगेको उनले आरोप लगाए। छाती र आँखा छेउमा चोट लागेका तिवारीको गरुडास्थित हेल्थ ल्याण्ड अस्पतालमा उपचार भयो। तिवारीसँगै

**तालिका ५.२.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १० | ११ |
| कुटपिट | | | १ | १ |
| हत्या | | २ | ४ | ६ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | ४ | | ४ |
| | जम्मा | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | १२१ | | १२१ |
| | बलात्कार | ६ | | ६ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | पारिवारिक हत्या | ६ | | ६ |
| | जम्मा | १३४ | | १३४ |
| **कूल जम्मा** | | १४४ | १५ | १५९ |

(स्रोत : इन्सेक, २०२५)

गएका अर्का पत्रकार धीरज यादवको मोबाइल र क्यामरा खोसिएको पत्रकार यादवले बताए। उपचार खर्च व्यहोर्ने सर्तमा दुवै पक्षबीच मेलमिलाप भयो।

औषधी व्यवस्था विभाग, वीरगञ्जका फार्मेसी सुपर मेनेजर ओम जयसवाल, फार्मेसी अधिकृत अमर शर्मा, नायब सुब्बा वीरेन्द्र महतो, कार्यालय प्रमुख शम्भु साह, प्रहरी निरीक्षक रुद्र कँडेललाई ०८२ जेठ ५ गते राजपुर नगरपालिका-४ स्थित मेदनी चोकमा औषधी पसलहरूको अनुगमन गर्दै गर्दा स्थानीयले कुटपिट तथा दुर्व्यवहार गरे। जिल्ला प्रहरी कार्यालयका डीएसपी दीपककुमार रायका अनुसार स्थानीयको कुटपिटबाट स्थानीय सुमित्रा देवी समेत घाइते भइन्। घाइतेको प्रादेशिक अस्पताल गौरमा उपचार भयो। पीडितहरूले चार जना आरोपित विरुद्ध जेठ ५ गते अभद्र व्यवहारसम्बन्धी उजुरी दिएकामा यो वर्षको अन्त्यसम्म सबै आरोपित फरार रहेको प्रहरीले जनायो।

देबाही गोनाही नगरपालिका-९ धरहरि टोलमास्थित श्रीराम जानकी ब्रम्हाबाबा मठमा कृष्ण जन्माष्टमी मेलाको उद्घाटनका क्रममा ०८२ साउन ३१ गते झडप हुँदा नगरप्रमुख ४५ वर्षीय प्रेमलाल साह कानु घाइते भए। झडपमा नगरप्रमुख प्रेमलालसहित इलाका प्रहरी कार्यालय, गोनाहीका प्रहरी जवान ३५ वर्षीय जगदिश राय यादव, प्रहरी जवान ३२ वर्षीय धनसुन्दर ठाकुर, २५ वर्षीय श्यामविनय साह र ३८ वर्षीय रामविकाश साह घाइते भए। घाइतेहरूको गरुडा स्थित वेटर मल्टिस्पेस्लिटी अस्पतालमा उपचार भयो। नगर प्रमुख कानुको थप उपचार वीरगञ्जस्थित नेशनल मेडिकल कलेज अस्पतालमा भएको इलाका प्रहरी कार्यालय, गरुडाका डिएसपी राजन कार्कीले बताए। कृष्ण जन्माष्टमी मेलाको उद्घाटनका क्रममा तीन-चार जनाको समूहले आफूमाथि ढुङ्गा प्रहार गरेको नगर प्रमुख कानुले बताए। झडपमा संलग्न भएको आरोपमा प्रहरीले साउन ३१ गते देबाही गोनाही नगरपालिका-९ का ३० वर्षीय राधामोहन साह, २८ वर्षीय विनोद साह र १६ वर्षीय बालकलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ भदौ १४ गतेको आदेशमा आरोपितहरू जनही २५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २ सय जनाको छ। कारागारमा १ सय ९८ जना कैदीबन्दी रहेका छन्। जसमध्ये १ सय ९६ पुरुष र दुई जना महिला छन्। कारागारमा तीन जना ज्येष्ठ नागरिक पुरुष छन्। नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनको क्रममा कारागारमा रहेका २ सय ९१ कैदीबन्दी मध्ये २ सय ६४ कारागार तोडफोड गरी फरार भए। कारागार प्रशासनले सूचना जारी गरी फरार कैदीबन्दीलाई आफै फर्केर आउन आग्रह गर्नुका साथै प्रहरीको सहयोगमा पुस १६ गतेसम्म १ सय ३७ जना कैदीबन्दी पुन: कारागार फर्काइयो भने १ सय २७ जना कैदीबन्दी अझै फरार रहेको कारागार प्रशासनले जनायो।

## बाल अधिकार

यस वर्ष रौतहट जिल्लामा बलात्कार घटनामा तीन र यौन दुर्व्यवहार घटनामा चार गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### हत्या

बृन्दावन नगरपालिका-७ का १४ वर्षीय कृष्णप्रसाद यादवको शव ०८२ वैशाख ११ गते गरुडा नगरपालिका-८ स्थित चाँदी खोलामा फेला पऱ्यो। कृष्णप्रसाद वैशाख ६ गते साँझ घरबाट निस्केकोमा घर नफर्केपछि पीडित परिवारले खोजतलासका लागि इलाका प्रहरी कार्यालय, गरुडामा वैशाख ९ गते निवेदन दिए। बालकको हत्या गरेको आरोपमा प्रहरीले बृन्दावन नगरपालिका-७ का २५ वर्षीय नागेन्द्र सहनी र २२ वर्षीय साधु भनिने नागेन्द्र सहनीलाई ०८२ वैशाख १२ गते र अर्का अरोपितहरू गौर नगरपालिका-४ का २४ वर्षीय विकास पटेल र २२ वर्षीय अनिल साहलाई वैशाख १३ गते गिरफ्तार गऱ्यो। प्रहरीका अनुसार आरोपित नागेन्द्र सहनीले वैशाख ६ गते बालकलाई फोन गरी टिकटक बनाउन भनी गरुडा नगरपालिका-८ स्थित चाँदी खोलामा बोलाएका थिए। आरोपितहरूले बालकलाई नियन्त्रणमा लिई उनको मोबाइल खोसेर सोही मोटरसाइकलमा बिचमा यादवलाई राखी तीनै जना चाँदी खोलामा गएका थिए। नागेन्द्र सहनी र मृतक बालकको परिवारबीच पुरानो रिसइबी रहेको र त्यसैको रिसमा आरोपित सहनीले

बालकको हत्या गरेको उल्लेख छ। शवको पोष्टमार्टम चन्द्रपुर अस्पतालमा वैशाख ११ गते भयो। जिल्ला अदालतको जेठ ८ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। भदौ २४ गते कारागार तोडफोड गरी आरोपितहरू फरार भएको कारागारका खरिदार सौरभ सिंहले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय २० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरनिकाला गरेको ८४, विवाह दर्ता/नागरिकता नबनाई दिएको ७२, कुटपिट र गाली गलौज गरेको ५ सय ७१, मानसिक तथा शारीरिक यातना दिएको ७७ र खान लाउन नदिएका १ सय १६ उजुरी छन्। यीमध्ये प्रहरीले ८ सय ३ उजुरीमा मेलमिलाप गरायो भने १ सय ३ उजुरी कारबाही प्रक्रियामा रहेको र १४ उजुरी अदालतमा गएको सेवा केन्द्रले जनायो।

यो वर्ष रौतहट जिल्लामा बलात्कारका घटनामा ६, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय २१ जना गरी १ सय २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट ६ जना महिलाको हत्या भयो।

### दाइजोका कारण हत्या

कटहरिया नगरपालिकामा-३ बडेरवा घर भई हाल कटहरिया नगरपालिका-५ की २१ वर्षीया सानीया प्रविनको शव ०८२ वैशाख २८ गते दिउँसो साडीको पासो लगाएर पङ्खामा झुण्डिएको अवस्थामा कोठामा फेला पऱ्यो। सानीया प्रविनको विवाह २५ वर्षीय अर्मान राय भाटसँग मुस्लिम परम्परा अनुसार ६ महिना अगाडि भएको थियो। विवाहको भएको ६ महिनामै छोरीको मृत्युको घटना शङ्कास्पद रहेको र दाइजोको कारण उनको हत्या गरिएको भन्दै मृतकका बुबा मोलजिम रौसनले ज्वाइँ अर्मानविरुद्ध वैशाख २९ गते इलाका प्रहरी कार्यालय, गरुडामा उजुरी दिए। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल, गौरमा भयो। आरोपितलाई प्रहरीले जेठ २० गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको असार १४ गतेको इजलासले १ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको अदालतका स्रेस्तेदार केदारनाथ अर्यालले बताए ।

दुर्गा भगवती गाउँपालिका-४ छत्तौनाकी २३ वर्षीया लालुकुमारी महत्तोको ०८२ जेठ १६ गते सोही ठाउँमा झाडीमा हत्या गरी फालिएको अवस्थामा शव फेला पऱ्यो। जेठ २ गते बिहानदेखि छोरी सम्पर्कमा नआएकोले खोजतलास गरी पाउँ भनी मृतकका बुबा सुगही महतोले सोही दिन जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए। दाइजोको निहुँमा हत्या गरेको आरोपमा प्रहरीले पति २६ वर्षीय राजकुमार महतो र देवर २१ वर्षीय रुपेश महतोलाई जेठ १६ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम जेठ १८ गते प्रादेशिक अस्पताल गौरमा भयो। जिल्ला अदालतको भदौ ३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका स्रेस्तेदार केदारनाथ अर्यालले बताए।

कटहरिया नगरपालिका-१ भासेढवाकी २२ वर्षीया अल्का यादवको हत्या गरेको आरोपमा प्रहरीले ५१ वर्षीय ससुरा रामपुकारप्रसाद यादवलाई २०८२ जेठ २१ गते गिरफ्तार गऱ्यो। अल्का यादवको हत्या २०८२ जेठ २० गते पति २१ वर्षीय अनकेश यादव, ससुरा रामपुकार प्रसाद यादव र सासु ४६ वर्षीया शान्तिदेवी यादवले दाइजोको निहुँमा कुटपिट गरी हत्या गरेको पीडित पक्षको आरोप छ। अलका यादव कोठामा मृत अवस्थामा भेटिएकी थिइन्। मृतकको माइती पक्षले पति, ससुरा र सासुविरुद्ध जेठ २१ गते जिल्ला प्रहरी कार्यालय, गौरमा उजुरी दियो। आरोपित अनकेस यादव र शान्तिदेवी यादव फरार रहेकोमा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपककुमार रायले बताए। शवको पोष्टमार्टम जेठ २१ गते प्रादेशिक अस्पताल, गौरमा भयो।

## प्राकृतिक विपत्

गत असोज १८ र १९ गतेको अविरल वर्षाले सदरमुकाम गौरलगायत विभिन्न स्थानमा आएको बाढीबाट ४ सय १२ परिवार विस्थापित भएको जिल्ला प्रहरी कार्यालयका एसपी नेत्रमणि गिरीले बताए। पूर्वतर्फ रहेको बागमती नदी र पश्चिमतर्फ रहेको लालबकैया नदीको बाढी पसेपछि जिल्ला सदरमुकाम

गौर जलमग्न भएको थियो। बाढीका कारण दुर्गा भगवती गाउँपालिकामा २ सय ३६ परिवार विस्थापित भएका थिए। उक्त क्षेत्रमा १ हजारभन्दा बढी घर बाढीले प्रभावित बनेको थियो। भ्mाभ्mखोला र बागमती नदीको बीचमा रहेको सो गाउँपालिकाको वडा नं ४ पचरुखीर, वडा नं ५ बडर्हवा बढी प्रभावित भएका थिए। गौरसँगै जोडिएको राजदेवी नगरपालिकामा बाढीबाट ८९ परिवार विस्थापित भएको एसपी गिरीले बताए। सो क्षेत्रको वडा नं ८ र ९ प्रभावित भएको थियो। बाढीले गौर, राजपुर, गुजरा, कटहरिया, इशनाथ, माधवनारायण, गढीमाइ, बृन्दावन, मौलापुर, फतुवाविजयपुर नगरपालिका तथा यमुनामाई गाउँपालिमा बढी क्षति पुगेको थियो। बाढीबाट सरकारी कामकाज समेत ठप्प भएका थिए। बाढीले जिल्ला प्रशासन, गौर नगरपालिका, मालपोत, नापी, जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, गौर भन्सार, जिल्ला निर्वाचन, जिल्ला हुलाक कार्यालय लगायत डुबानमा परेका थिए। यसैगरी सशस्त्र प्रहरी बल नेपाल ११ नम्बर हेड क्वाटर हजमनियाको कार्यालय पनि पूर्णरूपमा डुबानमा परेको सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
### भौतिक संरचना क्षति

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनको क्रममा प्रदर्शनकारीहरूले चन्द्रनिगाहपुर नगरपालिका-४ स्थित इलाका प्रहरी कार्यालय, वडा कार्यालय, मालपोत कार्यालय, सडक डिभिजन कार्यालय, वन डिभिजन कार्यालय, प्रदेश लेखा इकाइ कार्यालय, चन्द्रनिगाहपुर नगरपालिका-६ स्थित नगरपालिकाको कार्यालय, गौर नगरपालिका-३ स्थित नगरपालिको कार्यालय, गौर नगरपालिका-१ स्थित जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान विभागको भवन, गौर नगरपालिका-५ स्थित कर दाता कार्यालय, गरुडा नगरपालिका-५ स्थित मालपोत कार्यालयमा, इलाका प्रशासन कार्यालय, नापी कार्यालय, मौलापुर नगरपालिका-५ स्थित नगरपालिकाको कार्यालय, बृन्दावन नगरपालिका-१ स्थित नगरपालिकाको कार्यालय, कटहरिया नगरपालिका-४ स्थित नगरपालिकाको कार्यालय, फतुवा बिजयपुर नगरपालिका-८ स्थित नगरपालिकाको कार्यालय र गौर नगरपालिका-३ स्थित कारागार कार्यालयमा प्रदर्शनकारीहरूले तोडाफोड तथा आगजनी गरे।

तोडफोड तथा आगजनी गरी सरकारी सम्पत्तिमा क्षति पुऱ्याएको आरोपमा चन्द्रनिगाहपुर नगरपालिका-४ का ३२ वर्षीय दीपक बस्नेत र वडा-८ का ४३ वर्षीय हरिनारायण चौधरीलाई ०८२ मङ्सिर १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर २४ गतेको आदेशमा उनीहरू जनही १ लाख रुपियाँ धरौटीमा रिहा भए।

**तालिका ५.२.६.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | २ | ३ |
| यौन दुर्व्यवहार | २ | २ | ४ |
| जम्मा | ३ | ४ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ७६ | १८ | २७ | १२१ |
| बलात्कार | | १ | ५ | ६ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| पारिवारिक हत्या | | ४ | २ | ६ |
| जम्मा | ७६ | २३ | ३५ | १३४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | ३ | २ | ६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.७ बारा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,६३,१३७ |
| महिला | ३,७३,३५० |
| घर परिवार सङ्ख्या | १,३१,१७९ |
| घरजग्गामा महिलाको स्वामित्व | २८,९९९ |
| साक्षरता प्रतिशत | ६४.५४ |
| आश्रित जनसङ्ख्या | ३,९४,८५० |
| अपाङ्गता भएका | १०,७३१ |

यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए । ज्यादतीका घटनामा ७८ जना महिला र ५५ पुरुष गरी १ सय ३३ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६६ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

कलैया उपमहानगरपालिका-९ घर भई सोही उपमहानगरपालिका-१ बैंक रोडस्थित नवजन्म सुधार केन्द्रमा रहेका ३२ वर्षीय धिरेन्द्र मण्डलको ०८१ फागुन १ गते राति सुधार केन्द्रको अनुशासन पालना नगरेको भन्दै सुधार केन्द्र सञ्चालकलगायतले कुटपिट गर्दा मृत्यु भयो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सुधार केन्द्रका सञ्चालक कलैया उपमहानगरपालिका-३ भवानीपुरका २२ वर्षीय साहेब बाबु मन्सुर, सोही ठाउँका १९ वर्षीय सर्फराज मन्सुरी, २२ वर्षीय साहिल अली, २९ वर्षीय सागर गुप्ता र २९ वर्षीय तमन्ना अली, कलैया उपमहानगरपालिका-४ का २२ वर्षीय निरज सरार्फ, सोही उपमहानगरपालिका-२ का २१ वर्षीय प्रमेश्वर साह कानु र २१ वर्षीय सुरज शेख, सोही उपमहानगरपालिका-१ का २४ वर्षीय अरुण सर्राफ, सोही उपमहानगरपालिका-६ का २० वर्षीय राहुल भनिने महमद आशु मियाँ शेखलाई फागुन २ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश कोमलप्रसाद आचार्यको फागुन २३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार राजकुमार दाहालले बताए।

### झडप

नेकपा (एमाले) पार्टीको भातृ सङ्गठन युवा सङ्घ नेपाल र नवयुवा पुस्ताबिच सिमरा विमानस्थल अगाडिको चोकमा ०८२ मङ्सिर ३ गते झडप भयो। नेकपा (एमाले) को भातृ सङ्गठनले परवानीपुर गाउँपालिका-६ मा आयोजना गरेको युवा जागरण अभियानलाई सम्बोधन गर्न एमालेका महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत आउने भएपछि नवयुवा पुस्ताले विरोध प्रदर्शन गरेका थिए। सोही क्रममा झडप हुँदा जितपुर सिमरा उपमहानगरपालिका-२ का २५

वर्षीय सम्राट उपाध्याय, सोही उपमहानगरपालिका-१ का २३ वर्षीय सुजल पाठक, सोही ठाउँका २४ वर्षीय रमेश भण्डारी, सोही उपमहानगरपालिका-४ का २० वर्षीय शेष सफिद र सोही उपमहानगरपालिका-३ का २५ वर्षीय सौरभ कार्की घाइते भए। घाइतेहरूको जितपुरस्थित सिमरा नगर अस्पतालमा उपचार भयो।

घटनाका दोषीहरूलाई कारबाहीको माग गर्दै मङ्सिर ४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शन अनियन्त्रित भएपछि प्रहरीले लाठी चार्ज गर्नुका साथै अश्रुग्यास र दुई राउण्ड हवाइ फायर गरेको थियो। सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा जितपुर सिमरा उपमहानगरपालिका-४ का ३२ वर्षीय निलहरि सापकोटा, सोही उउपमहानगरपालिका-२ का १९ वर्षीय सुमित चौधरी, सोही ठाउँका २३ वर्षीय निशान्त श्रेष्ठ र सोही उपमहानगरपालिका-६ का २२ वर्षीय सन्देश घिमिरे घाइते भए। घाइतेहरूमध्ये निलहरि र निशान्तको थप उपचार वीरगञ्जस्थित न्यूरो हस्पिटलमा भयो भने बाँकीको स्थानीय अस्पतालमा भयो। सो घटनामा इलाका प्रहरी कार्यालय सिमराका डिएसपी प्रकाश जोशी, इन्स्पेक्टर जीवन लामिछाने, रञ्जन मिश्र, सई कृष्णनन्दन ठाकुर, असई टंकप्रसाद आचार्य, वरिष्ठ हवल्दार रामबाबु साह, हवल्दार ओजिर अंसारी, अशोक दास, रामबाबु प्रसाद पटेल, श्यामकिशोर महतो, प्रहरी जवान गोल्सन राउत, रानारायण साह, राजेश मगर, हेमराज चौधरी र धिरज कुमार महतो घाइते भए। घाइतेहरूको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो।

युवाहरूले आफूमाथि नेकपा (एमाले) जितपुर सिमरा उपमहानगरपालिकाका नगर अध्यक्ष २९ वर्षीय त्रिलोक साह ठाकुरी, सोही नगरपालिका-२ का वडाध्यक्ष ३२ वर्षीय धनबहादुर श्रेष्ठ, सोही उपमहानगरपालिका- ६ का वडाध्यक्ष २८ वर्षीय कैमुदिन अन्सारी, सोही उपमहानगरपालिका-२ बस्ने २१ वर्षीय सम्राट भनिने साइकुल उपाध्याय, सोही उपमहानगरपालिका-१ बस्ने ४३ वर्षीय तारा बस्नेतले कुटपिट गरेको भन्दै इलाका प्रहरी कार्यालय, सिमरामा उजुरी दिए। प्रहरीले धनबहादुर श्रेष्ठ र कैमुदिन अन्सारी, त्रैलोक साहलाई मङ्सिर ४ गते गिरफ्तार गऱ्यो। उनीहरू सबै मङ्सिर ११ गते जनही ५/५ हजार रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विजयराज पण्डितले बताए। जिल्ला प्रशासन कार्यालयले मङ्सिर ३ गते दिउँसो १ बजेदेखि राति ८ बजेसम्म कर्फ्यु आदेश जारी गरेको थियो।

**तालिका ५.२.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | २ | | २ |
| घाइते | | १ | १ | | ५३ | ५३ |
| हत्या | | | | | २ | २ |
| बाल अधिकार | बलात्कार | | | ५ | | ५ |
| | सामूहिक बलात्कार | | | ४ | | ४ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | १० | | १० |
| महिला अधिकार | घरेलु हिंसा | | | ५४ | | ५४ |
| | 'बोक्सी'को आरोपमा | | | २ | | २ |
| | बलात्कार | | | ६ | | ६ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | ६६ | | ६६ |
| **कूल जम्मा** | | १ | १ | ७८ | ५५ | १३३ |

(स्रोत : इन्सेक, २०२५)

## कुटपिट

महागढीमाइ नगरपालिका-१० गन्जभवानीपुर स्थित भोला माध्यमिक विद्यालयका शिक्षक ३० वर्षीय नागेश्वर यादवलाई ०८२ साउन २८ गते प्रसौनी गाउँपालिका-६ का वडाध्यक्ष ४५ वर्षीय बृजकिशोर कुशवाहले अपहरण गरी बन्धक बनाई कुटपिट गरेको भन्दै पीडितले भदौ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितले शिक्षकलाई वडा कार्यालयमा बोलाएर ट्युसन पढाउने क्रममा छात्राहरूलाई दुर्व्यवहार गर्ने गरेको भन्दै अर्धनग्न बनाइ हात बाँधेर मादक

पदार्थ सेवन गरी कुटपिट गरेका थिए। प्रहरीले आरोपितलाई भदौ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ भदौ २७ गतेको इजलासले आरोपितलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

**बालअधिकार**

यस वर्ष बारा जिल्लामा बलात्कार घटनामा पाँच, सामूहिक बलात्कारका घटनामा चार र यौन दुर्व्यवहार घटनामा एक गरी १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै १ हजार ६ सय ८४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरबाट निकालिएको ८४, विवाह दर्ता र नागरिकता नबनाएको १ सय १३, कुटपिट र गालिगलौज गरेको ४ सय २६, खान लाउन नदिई मानसिक यातना दिएको ७ सय ११ र शारीरिक यातनाका ३ सय ५० उजुरी छन्। यी मध्ये १ हजार ४ सय १० उजुरीमा मेलमिलाप, फर्स्यौट हुन बाँकी र सम्पर्कमा नआएको ७१ तथा अनुसन्धान २ सय ३ उजुरी रहेको सेवा केन्द्रकी सई रुपा लाबुङले बताइन्।

यो वर्ष बारा जिल्लामा बलात्कारका घटनामा ६, सामूहिक बलात्कार घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, यौन दुर्व्यवहार घटनामा एक, 'बोक्सी'को आराप घटनामा दुई र घरेलु हिंसाका घटनामा ५४ जना गरी ६५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

**'बोक्सी'को आरोप**

विश्रामपुर गाउँपालिका-२ की ७५ वर्षीया सोविता देवी अहिरलाई ०८१ माघ २४ गते सोही ठाउँका ३८ वर्षीय विनोदप्रसाद यादव, ३० वर्षीय धिरेन्द्रप्रसाद यादव, २६ वर्षीय दिपेन्द्र यादव, ३६ वर्षीया रमलीदेवी यादव र ३४ वर्षीया सवितादेवी यादवले बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितमध्ये धिरेन्द्रलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतकी न्यायाधीश इन्दिरा शर्माको फागुन १८ गतेको इजलासले धिरेन्द्रलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा चैत १० गतेको इजलासले १ लाख २५ हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका स्रेस्तेदार राजकुमार दाहालले बताए। अन्य आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका सई धर्मेन्द्र ठाकुरले बताए।

**पारिवारिक हत्या**

कलैया उपमहानगरपालिका-१० मटिअर्वाकी २३ वर्षीय साहिना खातुनलाई ०८२ असार १८ गते घरायसी विवादका क्रममा धारिलो हतियारले टाउको र गर्दनमा प्रहार गरी हत्या गरेको आरोपमा पति ३५ वर्षीया बच्चा मियाँलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध माइती पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोस्टमार्टम कलैया अस्पतालमा असार १९ गते भयो। जिल्ला अदालतको साउन १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार राजकुमार दाहालले बताए।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा कलैया उपमहानगरपालिका-६ स्थित उपप्रमुख रोशन परविनको घर, प्रदेश सांसद मो. समीरको घर, सोही उपमहानगरपालिका-५ स्थित प्रदेश सांसद रविनदास श्रेष्ठको घर, कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोद साहको कलैया उपमहानगरपालिका-१ स्थित घर, कोल्हवी नगरपालिका-११ स्थित कांग्रेसका महामन्त्री उमाकान्त चौधरीको घर, कोल्हवी नगरपालिकाका नगर प्रमुख रामप्रसाद चौधरीको घर, कलैया उपमहानगरपालिका-२ स्थित नेपाली कांग्रेस पार्टी कार्यालय, कलैया उपमहानगरपालिका-४ स्थित नेकपा एमाले पार्टी कार्यालय, जनता समाजवादी पार्टीको जिल्ला पार्टी कार्यालय, कलैया उपमहानगरपालिका-४ स्थित जिल्ला सरकारी वकिलको कार्यालय, नापी शाखा तथा मालपोत कार्यालय, पिलुवा नगरपालिका-१६ मा रहेको पूर्व भूमिसुधार मन्त्री ज्वाला साहको घर, निजगढ नगरपालिकाका प्रमुख सुरज पुरीको निजगढ नगरपालिकाका-४ स्थित घर, जीतपुर उपमहानगरपालिका कार्यालय, इलाका प्रशासन

कार्यालय सिमराको कार्यालय, कर कार्यालय, पथलैयास्थित राष्ट्रिय अनुसन्धान कार्यालय, निजगढ नगरपालिकाको कार्यालय, कोल्हवी नगरपालिकाको कार्यालय, संघीय सांसद किसान श्रेष्ठको जीतपुर उपमहानगरपालिका-४ सिमरास्थित घरमा तोडफोड तथा आगजनी भयो।

**तालिका ५.२.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | २ | ३ | ५ |
| सामूहिक बलात्कार | २ | २ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ५ | ५ | १० |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ५२ | | २ | ५४ |
| 'बोक्सी'को आरोप | | १ | १ | २ |
| बलात्कार | | २ | ४ | ६ |
| सामूहिक बलात्कार | | १ | | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | ५२ | ४ | १० | ६६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.२.८ पर्सा




- जम्मा जनसङ्ख्या ६,५४,४७१
- महिला ३,१६,१८५
- घर परिवार सङ्ख्या १,१३,०१३
- घरजग्गामा महिलाको स्वामित्व २७,४८८
- साक्षरता प्रतिशत ६९.१२
- आश्रित जनसङ्ख्या ३,३४,९३२
- अपाङ्गता भएका ९,३४४

यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा सात जना पुरुष पीडित भए। ज्यादतीका घटनामा १ सय १५ जना महिला र ६७ पुरुष गरी १ सय ८२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८८ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिकअधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

#### हत्या

**अन्यपक्षबाट**

सखुवा प्रसौनी गाउँपालिका-१ की ५० वर्षीया सुशीलादेवी हजारा ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनको क्रममा बीरगञ्ज महानगरपालिका-१३ पावर हाउसस्थित नेपाली कांग्रेसका नेता तथा संविधान सभा सदस्य अनिल रुङ्गटाको घरमा प्रदर्शनकारीहरूले तोडफोड र आगजनी गर्दा घाइते भइन्। घरमा आगलागी हुँदा उनको शरीरको ५० प्रतिशत भाग जलेको थियो। हजाराको काठमाडौंस्थित कीर्तिपुर बर्न अस्पतलमा उपचारको क्रममा असोज ७ गते मृत्यु भयो। उनी अनिल रुङ्गटाको घरमा घरेलु कामदार रहेकी थिइन्। रुङ्गटाको तीन ओटा घरमा आन्दोलनकारीहरूले तोडफोड र आगजनी गरेका थिए।

**झडप**

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा बीरगञ्ज महानगरपालिकाका १६ वर्षीय रियाज हुसैन, कलैया उपमहानगरपालिका-४ का २८ वर्षीय सुरज दास, पर्सागढी नगरपालिका-७ की २७ वर्षीया अञ्जली पटेल, बीरगञ्ज महानगरपालिका–१५ का २२ वर्षीय मनु कुमार, बीरगञ्ज महानगरपालिका-२० का दिपेश चौरसिया, बीरगञ्ज महानगरपालिका-१६ का १६ वर्षीय र १४ वर्षीय बालक, २७ वर्षीया सुनिता बस्नेत, ३० वर्षीय बरकत अली, जगरनाथ गाउँपालिकाका १८ वर्षीय अमरनाथ दास, बीरगञ्ज महानगरपालिका-१ का २० वर्षीय अभय सर्राफ, विन्दबासिनी गाउँपालिकाका सात वर्षीय बालक, बीरगञ्ज महानगरपालिकाका २५ वर्षीय प्रेम नाथ, १० वर्षीय बालक, २९ वर्षीय उत्सव थापा, २५ वर्षीय सोनु गुप्ता, १७ वर्षीय बालक, बीरगञ्ज महानगरपालिका-८ का ३५ वर्षीय दिपककुमार गुप्ता, बीरगञ्ज महानगरपालिका-२० की ३० वर्षीया निशा लामा, रौतहट जिल्ला अक्लोनाका २० वर्षीय सनोज कुमार, बीरगञ्ज महानगरपालिका-२ का १९ वर्षीय सोहेल शेष, बीरगञ्ज महानगरपालिका-१३ का ५५ वर्षीय

लक्ष्मण साह, बीरगञ्ज महानगरपालिका-४ का ३२ वर्षीय विकास जैसवाल, ३३ वर्षीय विकास लामा, ३२ वर्षीय सञ्जीव साह, २५ वर्षीय राजकुमार सोनी र बीरगञ्ज महानगरपालिका-३ का राजु राजपुत घाइते भए। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा उपचार भएको मेसु डा.चितरञ्जन साहले बताए।

**तालिका ५.२.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | ४ | | ४ |
| कुटपिट | | ३ | ३ | | १ | १ |
| घाइते | | ४ | ४ | ३ | ६१ | ६४ |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | १ | ३ | ४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | ३ | | ३ |
| | बलात्कार | | | १३ | | १३ |
| | हाडनाता करणी | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | १९ | | १९ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५१ | | ५१ |
| | बेचबिखन तथा ओसारपसार | | | १३ | | १३ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | ५ | | ५ |
| | बलात्कार | | | ९ | | ९ |
| | सामूहिक बलात्कार | | | ३ | | ३ |
| | बलात्कार प्रयास | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | साइबर अपराध | | | १ | | १ |
| | परिवारबाट हत्या | | | १ | | १ |
| | जम्मा | | | ८८ | | ८८ |
| **कूल जम्मा** | | ७ | ७ | ११५ | ६७ | १८२ |

(स्रोत : इन्सेक, २०२५)

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ८ सय जनाको रहेको छ। कारगारमा १ हजार २ सय ७२ जना कैदीबन्दी छन्। जसमध्ये ५९ महिला र पाँच जना आश्रित बालबालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि दुई जनाको दरबन्दी रहेको छ। यस वर्ष कारागारमा रहेका दुई जना कैदीको मृत्यु भएको कारागार प्रसाशनले जनायो।

नवयुवा पुस्ताको आन्दोलनका क्रममा ०८२ भदौ २४ गते बिहान बीरगञ्ज कारागारबाट भाग्न खोज्दा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी चार जना कैदीबन्दी घाइते भए। घाइते हुनेहरूमा ३२ वर्षीय विकास रुम्बा, २१ वर्षीय विकास जयसवाल, २१ वर्षीय सन्दिप चौधरी र २५ वर्षीय राजकुमार सोनी भनिने राजकुमार रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए। उनीहरूलाई घाइते अवस्थामै गिरफ्तार गरी नारायणी अस्पतामा उपचार गरियो।

बीरगञ्ज कारागारको पर्खाल फोरेर भाग्न थालेपछि सुरक्षाकर्मीले बल प्रयोग गरी नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक मिश्रले बताए। सुरक्षाकर्मीको गोली लागी घाइते भएका कैदीबन्दीहरूको बीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा ६ दिन उपचारपछि केन्द्रीय कारागार काठमाडौं पठाइएको बीरगञ्ज कारागार जेलर बाबुलाल रेग्मीले बताए।

## बाल सुधार गृह

बीरगञ्ज महानगरपालिका-४ बिर्तास्थित बालसुधार गृहको क्षमता ५० जनाको रहेको छ। सुधार गृहमा ८९ जना बालकैदी रहेको सुधार गृहका प्रमुख टिकाकृष्ण काफ्लेले बताए। बालकैदी र थुनुवाहरुको रेखदेख, स्वास्थ्य निगरानी लगायत व्यवस्थापन हेर्ने कार्यालय र सुरक्षाकर्मीको कार्यकक्ष समेत सगोलमा नै छ। पटक पटक बालसुधार गृह व्यवस्थापनका लागि सम्बन्धित उपल्लो निकायमा अवगत गराइएको भएपनि समन्वय नभएको प्रमुख काफ्लेले बताए।

**कुटपिट**

बीरगञ्ज महानगरपालिका-६ निवासी एभिन्युज टेलिभिजनका पत्रकार ३६ वर्षीय अर्जुन गुप्ता, सोही महानगरपालिका-१२ निवासी मध्य नेपाल सन्देशका पत्रकार ३६ वर्षीय अनिल ओझा र सोही महानगरपालिका-१६ निवासी चन्द्र सूर्यवाणी दैनिकका सम्पादक ४२ वर्षीय धिरेन्द्र तिवारी ०८२ वैशाख २ गते प्रहरीको लाठी प्रहार घाइते भए। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पताल, बीरगञ्जमा उपचार भयो। बीरगञ्ज महानगरपालिका-२ मा भएको प्रदर्शनको समाचार सङ्कलन गर्न गएको बेला प्रहरीले लाठी प्रहार गरेको थियो।

**अमानवीय व्यवहार**

उच्च अदालत जनकपुरको अस्थायी इजलास बीरगञ्जका न्यायाधीश डा. खुसीराम थारूमाथि ०८२ जेठ २९ गते प्यूठान जिल्ला गौमुखी गाउँपालिका-६ का नेकपा बहुमतका केन्द्रीय सदस्य ३८ वर्षीय अविनास भनिने किशोर कुँवर,सर्लाही जिल्ला बरहथवा नगरपालिका-२ का नेकपा बहुमतका जिल्ला इन्चार्ज ४३ वर्षीय पदमबहादुर मगर र सिराहा जिल्ला गोलबजार नगरपालिकाका नेकपा बहुमतका जिल्ला समिति सदस्य ४८ वर्षीय गर्भु महतोले न्यायाधीशको कार्यकक्षमै गएर मोसो छ्यापे। हत्या घटनाका आरोपित नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री राजपुर नगरपालिका-४ का मोहम्मद अफताब आलमलाई उच्च अदालत बीरगञ्जका न्यायाधीश डा. खुसीराम थारू र अर्जुन महर्जनको जेठ १४ गतेको इजलासले सफाइ दिएको आरोपमा मोसो छ्यापेको उनीहरूले बताए। प्रहरीले जेठ २९ गते उनीहरूलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असार २४ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको जिल्ला प्रहरी कार्यालय, पर्साका डिएसपी किशोर लम्सालले बताए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बाल अधिकार**

यस वर्ष पर्सा जिल्लामा बलात्कार घटनामा १३, हाडनाता करणी घटनामा दुई, यौन दुर्व्यवहार घटनामा एक र बेचबिखन तथा ओसारपसार घटनामा तीन गरी १९ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बेचबिखन तथा ओसारपसार प्रयास**

१४ वर्षीया बालिकालाई बेचबिखनका लागि भारततर्फ लगेको आरोपमा सखुवाप्रसौनी गाउँपालिका-५ बस्ने २५ वर्षीय हिरा माझीलाई ०८२ साउन १६ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले सुरक्षा जाँच गर्ने क्रममा बीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटबाट बालिकालाई साउन १६ गते उद्धार गरी आरोपितलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा डिएसपी किशोर लम्सालले बताए। बालिकालाई काठमाडौँबाट नेपाल भारत सीमा नजिक ल्याइपुऱ्याएको अवस्थामा प्रहरीले पीडित बालिकालाई उद्धार गरी माइती नेपाल संस्थामार्फत पीडित परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयका एसपी गौतम मिश्रले बताए। जिल्ला अदालतको भदौ १० गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार ६१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिइ कुटपिट गरी घरनिकाला गरिएका ४ सय १२, विवाह, जन्मदर्ता र नागरिकता नबनाएका १ सय १७, दाइजोका कारण कुटपिट र यातना दिएको १३ र घरायसी झगडाका ५ सय १९ उजुरी छन्। यी मध्ये प्रहरीले ७ सय ३४ उजुरीमा मेलमिलाप गरायो भने ३ सय २७ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका सई श्याम श्रेष्ठले बताए।

यो वर्ष पर्सा जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयास घटनामा तीन, यौन दुर्व्यवहार घटनामा दुई, सामूहिक बलात्कार घटनामा तीन, हाडनाता करणी घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा १३, साइबर अपराधका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा पाँच र घरेलु हिँसाको घटनामा ५१ गरी ८९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो ।

**बेचबिखन तथा ओसारपसार प्रयास**

१९ वर्षीया, २८ वर्षीया र ३५ वर्षीया महिलालाई ललाइफकाइ बेचबिखनका लागि भारत लैजाँदै गरेको अवस्थामा प्रहरीले गोरखा जिल्ला गोरखा नगरपालिका-४ बस्ने २८ वर्षीय सरीता सिर्मललाई

०८२ भदौ ३ गते बीरगञ्जबाट गिरफ्तार गर्‍यो। आरोपितले महिलाहरूलाई राम्रो काम लगाइदिने, राम्रो केटासँग विवाह गराइदिने, नयाँ-नयाँ लुगाकपडा किनिदिनेजस्ता प्रलोभनमा पारी मानव बेचबिखन तथा ओसार पसार कार्य गरेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी किशोर लम्सालले बताए। पर्सा जिल्ला अदालतको भदौ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

**साइबर अपराध**

२९ वर्षीया महिलाको नक्कली प्रोफाइल बनाएर चरित्र हत्या हुने गरी सामाजिक सञ्जाल फेसबुकमा सार्वजनिक गरेको आरोपमा बीरगञ्ज महानगरपालिक-२३ का ३३ वर्षीय नन्दलाल दासविरुद्ध पीडितले ०८१ फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितका अनुसार आरोपित दासले फागुन २८ गते पीडितको चरित्र हत्या हुने गरी सामाजिक सञ्जालमा फोटो पोस्ट गरेका थिए। आरोपितलाई चैत ११ गते प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला अदालतको चैत २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**सामूहिक बलात्कार**

२२ वर्षीया महिलालाई ०८२ वैशाख २० गते अपहरण गरी सामूहिक बलात्कार गरेको भन्दै बीरगञ्ज महानगरपालिका-१३ राधेमाई स्थित नेक मोटरसाइकल वर्कसपका सञ्चालक ४० वर्षीय नेक मोहमद र सोही ठाउँका सोही वर्कसपमा काम गर्ने २१ वर्षीय अफताब अन्सारीविरुद्ध पीडित पक्षले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूले महिलालाई अपहरण गरी बीरगञ्ज बसपार्क स्थित गणेश होटल एण्ड लजमा बन्धक बनाइ सामूहिक बलात्कार गरेका थिए। घटनापछि फरार रहेका आरोपितहरूलाई प्रहरीले साउन २० गते बीरगञ्ज महानगरपालिका-१५ प्रतिमा चोकबाट गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २३ गते नारायणी उपक्षेत्रीय अस्पताल। बीरगञ्जमा भयो। जिल्ला अदालतको भदौ १६ गतेको इजलासले नेक महमदलाई पुर्पक्षका लागि थुनामा पठाउने र अफताब अन्सारीलाई ७५ हजार रुपियाँ धरौटी माग गर्ने आदेश



*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको जीराभवानी गाउँपालिका भवन*

गर्‍यो। धरौटी रकम बुझाउन नसकेपछि अन्सारी पनि थुनामा छन्।

**दाइजोको कारण हत्या**

जगरनाथपुर गाउँपालिका-४ की २२ वर्षीया लालबिबी खातुनको ०८२ असार ७ गते घरायसी विवादका कारण घाँटी थिची हत्या गरेको आरोपमा पति २४ वर्षीय सफी राज मियाँ, सासू ५५ वर्षीया नुरकलिमा खातुन, ससुरा ५८ वर्षीय इसराफिल मिया मन्सुरीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असार ७ गते उजुरी दियो। प्रहरीले आरोपित पति र सासूलाई असार ७ गते गिरफ्तार गर्‍यो। अर्का आरोपित ससुरा फरार रहेका छन्। आरोपितहरूले दाइजोको निहुँमा कुटपिट गरी हत्या गरेको पीडित पक्षको आरोप छ। शवको पोस्टमार्टम असार ८ गते नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा भयो। जिल्ला अदालतको असार ३१ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना क्षति**

नव युवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा बीरगञ्ज महानगरपालिका-१३ तेगारथस्थित मधेश प्रदेश सरकारका पूर्व मुख्यमन्त्री मो. लालबाबु राउतको घर, सोही महानगरपालिका-१३ राधेमाई स्थित पूर्व खानेपानी मन्त्री एवं नेपाली कांग्रेसका नेता प्रदिप यादवको घर, सोही महानगरपालिका-११ ओमआश्रममा रहेको पूर्व कानुन मन्त्री एवं नेपाली काँग्रसका नेता अजय चौरसियाको

घर, सोही महानगरपालिका-११ ओम आश्रमस्थित पूर्व सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री एवम् नेकपा एमालेका नेता राजकुमार गुप्ताको घर, सोही महानगरपालिका-१४ पावरहाउसस्थित नेपाली कांग्रेस नेता अनिल रुङ्गटाको घर, सोही महानगरपालिका प्रगतिनगर-३ स्थित नगर प्रमुख राजेशमान सिंहको घर, सोही महानगरपालिका -१० आदर्शनगरस्थित महानगरपालिकाको कार्यालय, सोही महानगरपालिका-२ छपकैयास्थित नारायणी उपक्षेत्रीय अस्पताल, सोही महानगरपालिका-२४ रामगढवास्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालय, ज्योतिनगरस्थित नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय, सोही महानगरपालिका-९ घण्टाघरस्थित नेपाल टेलिकमको कार्यालय, नेपाल प्रहरीको बिट, सोही महानगरपालिका-१० घरिअर्वास्थित कर कार्यालय, सोही महानगरपालिका-७ माइस्थानमा रहेको नेपाल प्रहरीको बिटमा तोडफोड तथा आगजनी भयो।

**तालिका ५.२.८.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | ३ | ३ |
| बलात्कार | ४ | ९ | १३ |
| हाडनाता करणी | | २ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ४ | १५ | १९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ३० | १७ | ४ | ५१ |
| बेचबिखन तथा ओसारपसार | | ४ | ९ | १३ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | १ | ४ | ५ |
| साइबर अपराध | | | १ | १ |
| बलात्कार | | ३ | ६ | ९ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| सामूहिक बलात्कार | | | ३ | ३ |
| यौन दुर्व्यवहार | | १ | १ | २ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | ३० | २६ | ३२ | ८८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कानुनी दायरामा नल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | २ | १ | ४ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

# ५.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरु

# बागमती प्रदेश



# ५.३.१ दोलखा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७२,७६७ |
| महिला | ८९,०४७ |
| घर परिवार सङ्ख्या | ४९,४९३ |
| घरजग्गामा महिलाको स्वामित्व | १०,५१९ |
| साक्षरता प्रतिशत | ७२.३१ |
| आश्रित जनसङ्ख्या | ८४,८६९ |
| अपाङ्गता भएका | ५,६०० |

यस वर्ष दोलखा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा २१ जना महिला र दुई जना पुरुष गरी २३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.३.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | | १ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | १ | १ |
| | बलात्कार | ४ | | ४ |
| | हाडनाता करणी | १ | | १ |
| | यौन दुर्व्यवहार | २ | | २ |
| | जम्मा | ७ | १ | ८ |
| महिला अधिकार | घरेलु हिंसा | ८ | | ८ |
| | बलात्कार | २ | | २ |
| | हाडनाता करणी | १ | | १ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | बलात्कार प्रयास | १ | | १ |
| | जम्मा | १३ | | १३ |
| **कूल जम्मा** | | २१ | २ | २३ |

(स्रोत : इन्सेक, २०२५)

जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

### कारागार र बन्दी

५१ कैदीबन्दीको क्षमता भएको जिल्ला कारागारमा १ सय १० जना कैदी र ३५ जना बन्दी गरी १ सय ४५ जना पुरुष कैदीबन्दी छन्। यस वर्ष कारागार प्रशासनले २० कैदीबन्दीलाई सीपमूलक तालिम प्रदान गऱ्यो। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको जेलर गुणबहादुर भुजेलले बताए।

### बाल अधिकार

यस वर्ष दोलखा जिल्लामा बलात्कार घटनामा चार, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई र विद्यालयमा दिइने दण्ड सजाय घटनामा एक जना गरी आठ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१० वर्षीया बालिकालाई ०८१ माघ २ गते बलात्कार गरेको आरोपमा भीमेश्वर नगरपालिका-५ का ५१ वर्षीय कृष्णबहादुर दमाईलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुवेदीको ०८२ जेठ १३ गतेको इजलासले आरोपितलाई १८ वर्ष कैद र ७ लाख रुपियाँ जरिबाना गर्ने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै आठ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यी मध्ये सात

उजुरीमा मेलमिलाप भएको र एक उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका प्रमुख इन्स्पेक्टर श्रीराम तिमल्सिनाले बताए।

यो वर्ष दोलखा जिल्लामा बलात्कारका घटनामा दुई, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कार घटनामा एक, बलात्कार प्रयास घटनामा एक र घरेलु हिंसाको घटनामा आठ गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

२७ वर्षीया महिलालाई ०८१ माघ ९ गते बलात्कार गरेको भन्दै कालिञ्चोक गाउँपालिका-६ का २८ वर्षीय मनिकुमार थामीविरुद्ध पीडितले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ मङ्सिर २४ गतेको इजलासले आरोपितलाई सात वर्ष कैद र ४ लाख रुपियाँ जरिबाना गर्ने आदेश गऱ्यो।

**तालिका ५.३.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |
| महिला अधिकार | २ | २ |
| जम्मा | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा दोलखाको कालिञ्चोक गाउँपालिका-१ कुरी बजारस्थित कालिञ्चोक केबुलकारमा तोडफोड र आगजनी भयो। घटनाको प्रारम्भिक अध्ययन अनुसार तोडफोड र आगजनीका कारण ३ करोड रुपियाँ बराबरको क्षति भयो।

**तालिका ५.३.१.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| विद्यालयमा दिइने दण्ड सजाय | १ | | | १ |
| बलात्कार | २ | १ | १ | ४ |
| हाडनाता करणी | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | | १ | २ |
| जम्मा | ५ | १ | २ | ८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ७ | १ | | ८ |
| बलात्कार | १ | | | १ | २ |
| सामूहिक बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | | १ |
| हाडनाता करणी | १ | | | | १ |
| जम्मा | २ | ७ | २ | २ | १३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.२ सिन्धुपाल्चोक

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६२,६२४ |
| महिला | १,३३,४१९ |
| घर परिवार सङ्ख्या | ७१,६९७ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,३८४ |
| साक्षरता प्रतिशत | ६८.०४ |
| आश्रित जनसङ्ख्या | १,२६,७१२ |
| अपाङ्गता भएका | ८,२२६ |




यस वर्ष सिन्धुपाल्चोक जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ६९ जना महिला र ६ जना पुरुष गरी ७५ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना महिला पीडित भए।

**तालिका ५.३.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | २ | २ | ४ |
| घाइते | | | | १ | १ | २ |
| हत्या | | | | | २ | २ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | १ | १ |
| | बलात्कार | | | ११ | | ११ |
| | हाडनाता करणी | | | २ | | २ |
| | सामूहिक बलात्कार | | | २ | | २ |
| | सामूहिक बलात्कारपछि हत्या | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १० | | १० |
| | जम्मा | | | २६ | १ | २७ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३५ | | ३५ |
| | बलात्कार | | | ३ | | ३ |
| | हाडनाता करणी | | | १ | | १ |
| | 'बोक्सी'को आरोप | | | १ | | १ |
| | जम्मा | | | ४० | | ४० |
| **कूल जम्मा** | | १ | १ | ६९ | ६ | ७५ |

(स्रोत : इन्सेक, २०२५)

### घाइते

#### अन्यपक्षबाट

इन्द्रावती गाउँपालिका-७ मा रहेको भीमटार प्रहरी चौकीमा ०८२ भदौ २५ गते नवयुवा पुस्ताको समूहले आक्रमण गर्दा ३६ वर्षीय प्रहरी जवान रामप्रसाद नेपाल घाइते भए। घाइतेको नवलपुर अस्पतालमा उपचार भयो।

इन्द्रावती गाउँपालिका- १ सिम्पालकाभ्रे स्थित श्री भुवनेश्वरी आधारभूत विद्यालयकी प्रधानाध्यापक अन्जना भण्डारीलाई ०८२ कात्तिक १८ गते सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष खाम्सुङ तामाङले कुटपिट गरी घाइते बनाए। विद्यालय व्यवस्थापन समितिका अध्यक्षले

भनेको कुरा प्रधानाध्यापक भण्डारीले नमानेको भन्दै अध्यक्ष तामाङले पीडितलाई कुटपिट गरेको स्थानीय डबले लामाले बताए। आँखामा गम्भीर चोट लागेकी पीडितको नवलपुर अस्पतालमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय, नवलपुरमा कात्तिक १९ गते उजुरी दिइन्। आरोपित फरार छन्।

## कुटपिट

### राज्यपक्षबाट

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा कार्यालय सहयोगी पदमा कार्यरत २४ वर्षीय शंकर कार्कीलाई ०८२ साउन २२ गते डिएसपी माधवराज खरेल र इन्स्पेक्टर रुपेश शाहले खाना नमीठो बनाएको भन्दै कुटपिट गरी आफूलाई तीन दिनसम्म हिरासतमा राखेको पीडितले बताए। खाना मीठो नभएको भन्दै डीएसपी माधवराज खरेलले गालीगलौज र कुटपिट गरी क्वाटरगार्डमा थुनेर राखेको, साउन २३ गते इन्स्पेक्टर रुपेश शाहले बेहोस हुने गरी कुटपिट गरेको र साउन २६ गते सेवाबाट हटाइएको पत्र दिइएको पीडित शंकर कार्कीले इन्सेकमा दिएको निवेदनमा उल्लेख छ।

प्रहरी आचरण विपरीत कार्य गरेकाले कार्कीलाई प्रहरी ऐन २०१२ को दफा १४ तथा प्रहरी नियमावली २०७१ अनुसार कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी रामेश्वर कार्कीले बताए। आफूलाई अन्यायपूर्वक सेवाबाट हटाइएको भन्दै पीडितले प्रहरी प्रदेश कार्यालयमा उजुरी दिएको भए पनि प्रदेश कार्यालयले जिल्लाकै निर्णयलाई सदर गऱ्यो।

## कारागार र बन्दी

५० जना कैदीबन्दीको क्षमता रहेको कारागारमा कैद तोकिएका ८९ जना र कैद नतोकिएका ३७ जना गरी १ सय २६ जना पुरुष कैदीबन्दी छन्। कारागारमा सात जना ज्येष्ठ नागरिक कैदीबन्दी रहेको कारागारका चौकीदार भिमबहादुर बस्नेतले बताए।

## बाल अधिकार

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कार घटनामा ११, हाडनाता करणी घटनामा दुई, सामूहिक बलात्कार घटनामा दुई, यौन दुर्व्यवहार घटनामा १० र विद्यालयमा दिइने दण्ड सजाय घटनामा एक गरी २६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष सामूहिक बलात्कारपछि एक जना बालिकाको हत्या भयो।

**तालिका ५.३.२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

### सामूहिक बलात्कारपछि हत्या

भोटेकोशी गाउँपालिका- ५ की ११ वर्षीया बालिकालाई ०८२ असार १० गते सामूहिक बलात्कार पछि हत्या गरेको आरोपमा सोही ठाउँका २१ वर्षीय नवीन भनिने निमा तेन्जिङ तामाङ, २२ वर्षीय वाङनिमा तामाङ, २५ वर्षीय दावा तामाङ, ३२ वर्षीय नामग्याल शेर्पा र २६ वर्षीय लाक्पा भनिने पासाङ तमाङविरुद्ध पीडित पक्षले असार ११ गते इलाका प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी दियो। आरोपितहरूलाई असार १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ साउन २ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### कुटपिट

११ वर्षीया बालिकालाई ०८२ असोज ६ गते निर्घात कुटपिट गरेको आरोपमा चौतारा साँगाचोकगढी नगरपालिका-१ स्याउलेकी ४२ वर्षीया मंगली भनिने सुस्मिता श्रेष्ठ, सोही ठाउँका ३९ वर्षीय राकेश श्रेष्ठ, १९ वर्षीय सुशील श्रेष्ठ र ५४ वर्षीया दिलमाया भनिने डिलकुमारी श्रेष्ठविरुद्ध पीडित पक्षले असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले असोज ८ गते गिरफ्तार गऱ्यो।

आरोपितहरूले बालिकालाई दाम्लोले बाँधेर तातो रडले शरीरको विभिन्न भागमा डामेको, सिस्नोपानी लगाएको, टाउकोबाट पानी खन्याएर रातभरी दाम्लोले बाँधेर यातना दिएको आरोप छ। बालिकालाई दाम्लोले बाँधेकै अवस्थामा फेला पारेर उद्धार गरी स्वास्थ्य चौकी लगेको स्थानीय मिठु तामाङले बताइन्। बालिकाको शरीरको विभिन्न भागमा तातो रडले पोलेको डाम रहेको, लाठीले कुटेको नीलडाम रहेको र दाम्लोले बाँधेको हातमा नीलडाम रहेको स्वास्थ्य चौकी इन्चार्ज अस्मिता कार्कीले बताइन्।

बालिकालाई उपचारसहित न्यायका लागि आफूले पहल गरेको चौतारा साँगाचोकगढी नगरपालिका-१ का वडाध्यक्ष युवलाल श्रेष्ठले बताए। पीडित बालिकाको उपचार चौतारा अस्पतालमा भयो।

जिल्ला अदालतको असोज २७ गतेको इजलासले आरोपित राकेश श्रेष्ठलाई ५० हजार, मंगली श्रेष्ठलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा र अन्य आरोपितलाई साधारण तारेखमा रिहा गर्ने आदेश गऱ्यो। मुद्दाको हालसम्म फैसला भएन।

**बलात्कार**

६ वर्षीया बालिकालाई ०८२ वैशाख १ गते बलात्कार गरेको आरोपमा चौतारा साँगाचोकगढी नगरपालिका- १३ का ५६ वर्षीय रेशमबहादुर सार्की विरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भगवती शर्मा ढुंगानाको असार १५ गतेको इजलासले आरोपितलाई आंशिक दाबी पुग्ने भन्दै १ वर्ष ६ महिना कैद, १५ हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने आदेश गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा घरेलु हिंसा पीडित भएको भन्दै ३५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये शारीरिक हिंसाका १९, मानसिक हिंसाका १४ र आर्थिक हिंसाका दुई उजुरी छन्। दर्ता भएका सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्र प्रमुख असइ सजिना चौगुठीले बताइन्।

यो वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कारका घटनामा तीन, हाडनाता करणी घटनमा एक, 'बोक्सी'को आरोप घटनामा एक र घरेलु हिंसाका घटनामा ३५ गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**'बोक्सी'को आरोप**

५२ वर्षीया महिलालाई ०८२ भदौ १४ गते 'बोक्सी'को आरोपमा अमानवीय व्यवहार गरेको भन्दै जुगल गाउँपालिका-२ लिदीकी ४० वर्षीया लाकमाई दोडविरुद्ध पीडित पक्षले भदौ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षले दिएको उजुरीका आधारमा प्रहरी चौकी तेम्बाथानले दुवै पक्षलाई कार्यालयमा बोलाइ छलफल गर्दा आरोपितले माफी मागेपछि दुवै पक्षबीच भदौ २१ गते मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी हबल्दार दिनेश गोलेले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचनाक्षति**

चौतारा साँगाचोकगढी नगरपालिका-५ स्थित चौतारा बहुमुखी क्याम्पसमा ०८१ चैत ८ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का कार्यकर्ताको समूहले क्याम्पस प्रमुखको कार्यकक्षमा तोडफोड गऱ्यो । तोडफोडबाट क्याम्पस प्रमुखको कार्यकक्षमा भएको टेबल, कुर्सी, दराज, झ्यालका सिसा लगायतमा क्षति पुगेको क्याम्पस प्रमुख नगेन्द्र दंगालले बताए।

**तालिका ५.३.२.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा दिइने दण्ड सजाय | | १ | | | १ |
| बलात्कार | १ | | ३ | ७ | ११ |
| हाडनाता करणी | १ | | | १ | २ |
| सामूहिक बलात्कार | | | | २ | २ |
| सामूहिक बलात्कारपछि हत्या | | | | १ | १ |
| यौन दुर्व्यवहार | १ | २ | ३ | ४ | १० |
| जम्मा | ३ | ३ | ६ | १५ | २७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ३५ | | | ३५ |
| बलात्कार | | १ | २ | ३ |
| हाडनाता करणी | | | १ | १ |
| 'बोक्सी'को आरोप | १ | | | १ |
| जम्मा | ३६ | १ | ३ | ४० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.३ रसुवा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४६,६८९ |
| महिला | २२,६५४ |
| घर परिवार सङ्ख्या | ११,१३१ |
| घरजग्गामा महिलाको स्वामित्व | १,७७६ |
| साक्षरता प्रतिशत | ६९.६० |
| आश्रित जनसङ्ख्या | २२,१२१ |
| अपाङ्गता भएका | १,२९३ |

यस वर्ष रसुवा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ६ जना महिला र दुई जना पुरुष गरी आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला पीडित भए।

### कारागार र बन्दी

रसुवा जिल्ला कारागारको क्षमता १ सय ३० जनाको रहेको छ । कारागारमा सात महिला र ८८ पुरुष गरी ९५ जना कैदीबन्दी छन्। एक जना आश्रित बालक छन्। कारागारमा खानेपानी, शौचालय, पुस्तकालय छ तर समयसापेक्ष पुस्तकको अभाव छ। टेलिभिजन र खेलकुदका सामग्रीको व्यवस्था रहेको निमित्त कारागार प्रशासक कैलाश देवकोटाले बताए। नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा भदौ २५ गते कारागारबाट ९७ जना कैदीबन्दी फरार भए। जसमध्ये ९४ जना कारागार फर्किए भने तीन जना यो वर्षको अन्त्यसम्म फरार छन्।

### बाल अधिकार

यस वर्ष रसुवा जिल्लामा बलात्कार घटनामा दुई, हाडनाता करणी घटनामा एक र यौन दुर्व्यवहार घटनामा एक जना गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रसुवा जिल्लामा बलात्कारका घटनामा एक र सामूहिक बलात्कार घटनामा एक गरी दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा गोसाइकुण्ड गाउँपालिका-१ का वडाध्यक्ष उर्केनछिरिङ तामाङ, गोसाइकुण्ड गाउँपालिका- १ का पूर्व वडाध्यक्ष फुर्पुसोनाम तामाङको घर र गोसाइकुण्ड गाउँपालिका-१ को कार्यालयमा तोडफोड र आगजनी भयो। प्रदर्शनकारीले वडा सचिव पारस न्यौपानेलाई कुटपिट गरे। घाइते पीडितको थुमन स्वास्थ्य चौकीमा उपचार भयो।

### सुरक्षित आवासको अधिकार

विद्युत आयोजनाले अत्यधिक विस्फोटक पदार्थ प्रयोगका गरेका कारण घरहरू चर्केको र स्थानीयले घर छाड्नुपर्ने अवस्था आएको भन्दै आवासको अधिकार सुरक्षा गर्न माग राखेर स्थानीयले माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनामा प्रदर्शन गरे। विद्युत गृह निर्माणस्थल उत्तरगया गाउँपालिका-१ मैलुङ्गको बस्ती क्षेत्रमा भूकम्प तथा अत्यधिक विस्फोटक पदार्थ प्रयोगका गरेका कारण घरहरू चर्केको र स्थानीयले घर छाड्नुपर्ने स्थिति आएको भन्दै स्थानीयले ०८१ पुस २१ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। आमाछोदिङमो गाउँपालिका-१ मा बाँध बनाइ निर्माणाधीन २ सय १६ मेगावाट क्षमताको माथिल्लो त्रिशुली १ जलविद्युत आयोजनाका कारण आवास तथा

अन्य क्षेत्रमा प्रभाव परेको छ। आफूहरूले बस्ती पुनर्स्थापनाको माग गरेको स्थानीय निमा यान्जेन घलेले बताइन्। पक्की ढलान घर तथा कच्ची गरी मैलुङ्गमा चार ओटा घर चर्किनुका साथै चिरु र गोगनेमा १७ ओटा घरहरू जोखिममा परेका छन्। जलविद्युत आयोजनाको निर्माणका क्रममा नौ घरपरिवार विस्थापित भएको स्थानीय नोर्साङ तामाङले बताइन्। उनले भनिन् "हामीलाई आयोजनाका लागि आवास र जग्गा छाड्न बाध्य पारियो। तर, उचित क्षतिपूर्ति र पुनर्वासको व्यवस्था भएन।

**भूमिहीन, सुकुमबासी तथा बिर्ता समस्या**

२०१६ सालमा उन्मूलन भएको बिर्ता प्रथा व्यवहारमा अझै अन्त्य भएको छैन। जिल्लाको कालिका, नौकुण्ड र उत्तरगया गाउँपालिकामा १ हजार ५ सयबढी परिवार बिर्ता समस्याबाट पीडित छन्। आमाछोदिङमो गाउँपालिकामा ८ सय ७० परिवारले जोतभोग तथा आवास प्रयोग गरेको जग्गा पुरानो स्वयम्भुघ्याङ गुठीको नाममा रहेको छ। पुस्तौंदेखि जमिन जोत्दै आएका तर किसानले स्वामित्व नपाएको भन्दै बिर्ता, गुठी, भूमिहीन र सुकुम्बासीका समस्या समाधान गर्न माग गर्दै मालपोतको काम ठप्प पारेपछि ०७१ जेठ ९ गते सरकारसँग नौ बुँदे समझदारी भए पनि अझै सहमति कार्यान्वयन भएको छैन। जिल्लाको सुकुम्बासी समस्या समाधानका लागि जिल्ला भूमि आयोगमा २ सय ५८ जना किसानले आवेदन दिएका थिए।

०७२ सालको विनाशकारी भूकम्पका कारण विस्थापित भएका १ हजार १ सय ५० परिवारमध्ये अझै १ सय ७४ परिवारको सुरक्षित स्थानमा जग्गा नहुँदा सुरक्षित आवास निर्माण गर्न सकेनन्। उनीहरू अझै उत्तरगया गाउँपालिका-५ स्थित खाल्टे बगरमा जोखिमपूर्ण तरिकाले टिनको छाप्रामा बस्दै आएका छन्। खाल्टे क्याम्पमा बस्दै आएका १ सय ७४ परिवारका लागि तल्लो पैरेमा एकीकृत बस्ती बसाउन सरकारले जग्गा अधिग्रहण गरेको तीन वर्ष बित्दा पनि यस वर्षको अन्त्यसम्म उनीहरूको सुरक्षित आवास निर्माण हुन सकेन।

**तालिका ५.३.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | बलात्कार | २ | | २ |
| | हाडनाता करणी | १ | | १ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ४ | | ४ |
| महिला अधिकार | बलात्कार | १ | | १ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | जम्मा | २ | | २ |
| **कूल जम्मा** | | ६ | २ | ८ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.३.३.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | **महिला** | **जम्मा** |
| बाल अधिकार | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.३.३.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | २ | २ |
| हाडनाता करणी | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | १ | १ |
| सामूहिक बलात्कार | १ | १ |
| जम्मा | २ | २ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.४ धादिङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२५,७१० |
| महिला | १,६६,६६२ |
| घर परिवार सङ्ख्या | ८३,६२२ |
| घरजग्गामा महिलाको स्वामित्व | १४,२३१ |
| साक्षरता प्रतिशत | ७२.४० |
| आश्रित जनसङ्ख्या | १,६०,०२४ |
| अपाङ्गता भएका | ९,०१७ |

यस वर्ष धादिङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ११ जना महिला पीडित भए। ज्यादतीका घटनामा ५० जना महिला र चार जना पुरुष गरी ५४ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपमा बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

नीलकण्ठ नगरपालिका-१० का ८५ वर्षीय जगन्नाथ लम्साललाई ०८२ वैशाख २५ गते भतिज नाता पर्ने नीलकण्ठ नगरपालिका- ९ नियालपानी बस्ने ६२ वर्षीय रामहरि लम्सालले फलामको दाउले हानेर घाइते बनाएपछि उपचारको क्रममा जेठ ७ गते त्रिवि शिक्षण अस्पताल, काठमाडौंमा मृत्यु भयो। प्रहरीले आरोपितलाई वैशाख २५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको असार २२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै जन्मकैद (२५ वर्ष) र मृतकका हकवालालाई १० लाख




रुपियाँ उपचार खर्च तथा क्षतिपूर्ति भराउने आदेश गर्‍यो। आरोपित यसअघि ०५० कात्तिक ३ गते पत्नीको हत्या गरी करिब ८ वर्षको जेल सजाय भुक्तान गरी रिहा भएका थिए।

### कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ५० महिला र १ सय ५० पुरुष गरी २ सय जनाको रहेको छ। कारागारमा २ सय २८ जना कैदीबन्दी छन्। जसमा १२ महिला र २ सय १६ पुरुष रहेको जेलर सरस्वती अधिकारीले बताइन्। कारागारमा १९ पुरुष ज्येष्ठ नागरिक छन्। एकजना अहेबको दरबन्दी रहेको छ।

बेनीघाट रोराङ गाउँपालिका-४ का ६१ वर्षीय जीतबहादुर घले र नवलपरासी पश्चिम सुनवल नगरपालिका-१२ का ३६ वर्षीय इन्द्रबहादुर डालाको ०८२ भदौ २५ गते कारागारको मुख्यगेट तोडफोड गरी भाग्न खोजेपछि प्रहरीले चलाएको गोली लागेर मृत्यु भएको प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीले बताए। जितबहादुर बलात्कार मुद्दामा ०७६ साउन १४ गतेदेखि र इन्द्रबहादुर लागु औषध मुद्दामा ०८१ पुस ३ गतेदेखि कैद भुक्तान गर्दै आएका थिए। घटनामा धुनिबेसी नगरपालिका-७ का ८५ वर्षीय डम्बरबहादुर दाहाल, गजुरी गाउँपालिका-६ का ६७ वर्षीय कृष्णबहादुर मोक्तान, त्रिपुरासुन्दरी गाउँपालिका-१ का ४२ वर्षीय कपिल परियार, गजुरी गाउँपालिका-८ का ४६ वर्षीय देवराज अधिकारी, गङ्गाजमुना

**तालिका ५.३.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ७ | ७ | | | |
| धम्की | | १ | १ | | | |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| हत्या | | २ | २ | १ | ३ | ४ |
| जातीय विभेद | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | ३ | | ३ |
| | हाडनाता करणी | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | ७ | | ७ |
| | जम्मा | | | १२ | | १२ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३० | | ३० |
| | बलात्कार | | | ३ | | ३ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | बलात्कारपछि हत्या | | | १ | | १ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | ३७ | | ३७ |
| **कूल जम्मा** | | ११ | ११ | ५० | ४ | ५४ |

(स्रोत : इन्सेक, २०२५)

शौचालयमा झुण्डिएको अवस्थामा फेला पऱ्यो। सुनुवार जेठ ७ गते ज्यान मार्ने उद्योगमा पुर्पक्षका लागि कारागार चलान भएका थिए। राति १ बजेतिर शौचालय गएको र लामो समयसम्म पनि नफर्किएपछि सुरक्षाकर्मीले चेकजाँच गर्दा मुडा बुन्न प्रयोग हुने दुई हात लामो डोरीले पासो लागाई झुण्डिएको अवस्थामा शव फेला परेको जेलर राममणि मिश्रले बताए। शवको पोष्टमार्टम जेठ १४ गते धादिङ अस्पतालमा भयो।

गाउँपालिका-२ का ४२ वर्षीय मेमबहादुर तामाङ, नीलकण्ठ नगरपालिका-७ का ४१ वर्षीय रामशरण परियार र नेत्रावती डबजोङ गाउँपालिका-५ का ३४ वर्षीय विकास गुरुङ घाइते भए। घाइते सबैको प्राथमिक उपचार धादिङ अस्पतालमा गरी थप उपचारका लागि काठमाडौँ रेफर गरिएको थियो। शवहरूको पोष्टमार्टम भदौ २७ गते धादिङ अस्पतालमा गरी दाहसंस्कारका लागि परिवारलाई जिम्मा लगाइएको अस्पतालकी सूचना अधिकारी डा. अस्मिता कटुवाल क्षेत्रीले बताइन्।

नख्खु कारागारबाट पूर्व गृहमन्त्री रवि लामिछानेसहित अन्य कैदी रिहा भएको भन्दै आफूहरूलाई समेत रिहा गर्न माग गर्दै आन्दोलित कैदीबन्दीले कारागारभित्रै आगो लगाएर तोडफोड समेत गरेका थिए। कैदीबन्दीहरूले कारागारको गेट तोडफोड गरी सुरक्षाकर्मीमाथि ढुङ्गा प्रहार गर्दै बाहिर निस्कने प्रयास गरेपछि सुरक्षाकर्मीले गोली चलाएको थियो।

### कारागारमा मृत्यु

जिल्ला कारागार, धादिङमा थुनुवाको रुपमा राखिएका बेनीघाटरोराङ गाउँपालिका-७ चरौंदीका २० वर्षीय विष्णु सुनारको शव ०८२ जेठ १४ गते

### धम्की

#### राज्यपक्षबाट

सिद्धलेक गाउँपालिकामा शिक्षक सरुवा र विद्यालय समायोजनसम्बन्धी विषयमा समाचार लेखेको आरोपमा नेपाल पत्रकार महासंघका केन्द्रीय प्रतिनिधि तथा धादिङ न्यूज डटकमका प्रधान सम्पादक गल्छी गाउँपालिका-६ का ४८ वर्षीय केशव अधिकारी र नेपाल पत्रकार महासंघ, धादिङका सदस्य एवम् बागमती कलम डटकमका प्रधान सम्पादक सिद्धलेक गाउँपालिका-१ का ३० वर्षीय अनिल कुमार नेपालीलाई ०८२ भदौ ४ गते सिद्धलेक गाउँपालिका अध्यक्ष परशुराम खतिवडाले गाउँपालिका प्रहरी लगाएर कार्यकक्षमा उपस्थित गराइ धम्की दिएको पीडितहरूले आरोप लगाए। सिद्धलेक गाउँपालिकाको शिक्षा समितिको ०८२ साउन २० गते बसेको बैठकको निर्णय अनुसार गाउँपालिकामा शिक्षक सरुवा र विद्यालय समायोजन गरिएको थियो। धादिङन्यूज डटकमले भदौ ३ गते 'सिद्धलेकको नौ ओटा विद्यालय बन्द गरिने' शीर्षकमा समाचार प्रकाशित गरेको थियो। बागमती कलमले पनि सोही दिन 'सिद्धलेकमा नौ ओटा विद्यालयको समायोजन : २८ जना शिक्षकको सरुवासँगै

विद्यालय वर्गीकरण' शीर्षकमा समाचार प्रकाशित गरेको थियो। गाउँपालिकाको वेबसाइटमा राखिएको सूचनालाई आधार मानेर लेखिएको उक्त समाचारको विषयलाई लिएर पालिकाका अध्यक्षबाट पत्रकारहरूलाई धम्की दिएको घटनाप्रति पत्रकार महासंघ, धादिङले आपत्ति जनायो।

### बाल अधिकार

यस वर्ष धादिङ जिल्लामा बलात्कार घटनामा तीन, हाडनाता करणी घटनामा दुई र यौन दुर्व्यवहार घटनामा सात गरी १२ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

#### बलात्कार

१४ वर्षीया बालिकालाई ०८१ फागुन ८ गते बलात्कार गरेको आरोपमा त्रिपुरासुन्दरी गाउँपालिका-४ का १९ वर्षीय संजित पुलामी मगरविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जि.एम. वि.क.को ०८२ वैशाख १७ गतेको इजलासले आरोपितलाई आंशिक दाबी पुग्ने भन्दै एक वर्ष कैद, १० हजार रुपियाँ जरिबाना र पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति दिने फैसला गर्‍यो।

#### यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई ०८२ जेठ २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा त्रिपुरासुन्दरी गाउँपालिका-७ गैरीगाउँका ४३ वर्षीय नकुल थापाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जि.एम. वि.क.को भदौ १८ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै चार महिना कैद, कसुरदारबाट ५० हजार रुपियाँ क्षतिपूर्ति रकम असुल गरी पीडितलाई दिन, २० हजार रुपियाँ जरिबाना र पीडित राहत कोषमा कसुरदारबाट क्षतिपूर्ति स्वरूप ८ सय रुपियाँ जम्मा गर्न आदेश गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय २२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा

**तालिका ५.३.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

कुटपिटका ६४, पालनपोषण तथा खानलाउन नदिएका १७, शारीरिक तथा मानसिक यातनाका १२, झैझगडाका ११ र गालीगलौजका आठ उजुरी छन् । यी मध्ये ८८ उजुरीमा प्रहरीले मेलमिलाप गरायो भने १९ उजुरी कारबाही प्रक्रियामा सम्बन्धित कार्यालयमा पठाइएको र पाँच उजुरी अनुसन्धानमै रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी प्रकाश दहालले बताए ।

यो वर्ष धादिङ जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयास घटनामा दुई र घरेलु हिंसाका घटनामा ३० गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष बलात्कारपछि एक जना र परिवारबाट एक जना महिलाको हत्या भयो।

#### बलात्कार

१९ वर्षीया युवतीलाई ०८१ फागुन १३ गते बलात्कार गरेको आरोपमा काभ्रे जिल्ला पनौती नगरपालिका-२ नांगीका २६ वर्षीय अर्जुन तामाङविरुद्ध पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालय गजुरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गर्‍यो। पीडितको धादिङ अस्पतालमा फागुन १६ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जि.एम. वि.क.को ०८२ वैशाख १५ गतेको इजलासले आरोपितलाई सात वर्ष दुई महिना कैद, ३ लाख रुपियाँ जरिबाना, १ लाख रुपियाँ क्षतिपूर्ति पीडितलाई दिन र पीडित राहत कोषमा १२ हजार रुपियाँ बुझाउन आदेश भयो।

#### पारिवारिक हत्या

त्रिपुरासुन्दरी गाउँपालिका-५ थापा कटेरीकी ५५ वर्षीया राममाया कँडेलको ०८२ असोज १९ गते हत्या गरेको आरोपमा छोरा २७ वर्षीय जिरे भनिने यमबहादुर कँडेलविरुद्ध बाबु गोपबहादुर कँडेलले असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई मौखिक उजुरीको आधारमा असोज १९ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम असोज २०

गते धादिङ अस्पतालमा गरी परिवारले सोही दिन सद्गत गरे। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्माको मङ्सिर २५ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै आजिवन कैद सजायको फैसला गर्‍यो।

### जातीय विभेद

नीलकण्ठ नगरपालिका-१० ढोडेनी ज्यामरुङका २६ वर्षीय रामबहादुर बिसुन्केलाई ०८२ साउन १९ गते खेतमा पानी लगाउने विषयमा विवाद हुँदा जातीय आधारमा अपशब्द बोल्दै कुटपिट गरी हत्या गर्ने धम्की दिएको भन्दै सोही वडाका वडासदस्य ४२ वर्षीय हिमप्रसाद पाठकविरुद्ध पीडित पक्षले ०८२ भदौ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उपचार सोही दिन धादिङ अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत भदौ १९ गते जातीय विभेदको मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको भदौ २० गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्‍यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा नेकपा एमाले धुनीबेसीको कार्यालय र धुनीबेसी नगरपालिका-७ को कार्यालय तोडफोड र लुटपाट भयो। प्रदर्शनकारीले नेपाल प्रहरीको थाक्रे गाउँपालिका-६ धार्केस्थित प्रहरी पोष्ट र सिद्धलेक गाउँपालिका-४ बुङ्चुङस्थित गाउँपालिकाको प्रशासकीय भवन तोडफोड गरेका थिए भने ज्वालामुखी गाउँपालिकाको चारपाङ्ग्रे सवारीसाधनमा तोडफोड र आगजनी गरे।

**तालिका ५.३.४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | २ | ३ |
| हाडनाता करणी | | | २ | २ |
| यौन दुर्व्यवहार | ५ | १ | १ | ७ |
| जम्मा | ६ | १ | ५ | १२ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | २० | ८ | २ | ३० |
| बलात्कार | १ | | | २ | ३ |
| बलात्कार प्रयास | १ | | | १ | २ |
| बलात्कार पछि हत्या | | | १ | | १ |
| पारिवारिक हत्या | १ | | | | १ |
| जम्मा | ३ | २० | ९ | ५ | ३७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | जम्मा |
|---|---|---|---|
| हत्या | ५ | १ | ६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.५ नुवाकोट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,६३,३९१ |
| महिला | १,३४,३९३ |
| घर परिवार सङ्ख्या | ६८,६४६ |
| घरजग्गामा महिलाको स्वामित्व | १२,२३५ |
| साक्षरता प्रतिशत | ६९.०७ |
| आश्रित जनसङ्ख्या | १,२५,८३८ |
| अपाङ्गता भएका | ६,९३९ |

यस वर्ष नुवाकोट जिल्ला कारागारमा एक जना पुरुषको मृत्यु भयो। मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ४५ जना महिला र एक जना पुरुष गरी ४६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना महिला पीडित भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ हजार ३ सय ७० जना रहेको छ। कारागारमा ३० महिला र ८ सय ५६ पुरुष गरी कुल ८ सय ८६ जना कैदीबन्दी रहेको सूचना अधिकारी ईन्द्रबहादुर खतिवडाले बताए। सुविधा सम्पन्न भवन बनेको कारण कैदीबन्दीलाई कोचाकोच गरेर बस्नुपर्ने अवस्था छैन। कारागारमा सिनियर अहेब र स्टाफ नर्सको दरबन्दी भए पनि हाल स्टार्फ नर्सको पद खाली छ। कैदीबन्दीले बाँसको मुढा बनाउने, टेबल कुर्सी जस्ता फर्निचरका सामग्रीहरु बनाउने, कपडा बुन्ने, गलैंचा बुन्ने लगायतका आय आर्जनका कार्य गरिरहेका छन्। गत भदौ २४ गते कारागारबाट फरार भएका कुल १ सय ३८ मध्ये ४२ जनालाई सम्बन्धित कारागार पठाइएको र ९६ जना सोही कारागारमा रहँदै आएको आइटी शाखाका किशोरप्रसाद अवस्थीले बताए।

## बाल अधिकार

यसवर्ष नुवाकोट जिल्लामा बलात्कार घटनामा पाँच, सामूहिक बलात्कार घटनामा एक र यौन दुर्व्यवहार घटनामा दुई गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## सामूहिक बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ माघ १७ गते सामूहिक बलात्कार गरेको आरोपमा ककनी गाउँपालिका-२ बिरुवाका २१ वर्षीय राजेश नेपाली र १८ वर्षीय संयोग परियारविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला

**तालिका ५.३.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| हत्या | | | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | | | ५ | | ५ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | २ | | २ |
| | जम्मा | | | ८ | | ८ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३० | | ३० |
| | बलात्कार | | | ४ | | ४ |
| | पारिवारिक हत्या | | | २ | | २ |
| | जम्मा | | | ३६ | | ३६ |
| **कूल जम्मा** | | १ | १ | ४५ | १ | ४६ |

(स्रोत : इन्सेक, २०२५)

अदालतको ०८१ फागुन ८ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये झैझगडाका ८९ र अन्य हिंसाका २० उजुरी रहेको सेवा केन्द्रका प्रमुख प्रहरी निरीक्षक हरिबोल केसीले बताए। यी उजुरीमध्ये प्रहरीले ६० उजुरीमा मेलमिलाप गरायो भने ३३ उजुरी अदालत र सम्बन्धित निकायमा पठाएको, नौ उजुरीकर्ता सम्पर्कमा नआएको र सात उजुरी फर्स्यौट हुन बाँकी रहेको प्रमुख केसीले बताए।

यो वर्ष नुवाकोट जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा ३० गरी ३४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट दुई जना महिलाको हत्या भयो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा विदुर नगरपालिका-२ स्थित नेपाली कांग्रेसको पार्टी कार्यालय र सोही नगरपालिका-४ स्थित नेकपा एमालेको पार्टी कार्यालयमा तोडफोड र आगजनी भयो। यसैगरी प्रर्दशनकारीहरूले विदुर नगरपालिका-२ स्थित नेकपा माओवादीको कार्यालय र सोही नगरपालिका-४ स्थित राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयका सामानहरू कार्यालय बाहिर ल्याई आगजनी गरे। पूर्वमन्त्री, विघटित प्रतिनिधि सभा सदस्य तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुन नरसिंह केसीको विदुर नगरपालिका-४ स्थित घरमा तोडफोड र आगजनी भयो।

**तालिका ५.३.५.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | २ | २ | ५ |
| सामूहिक बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | | २ | | २ |
| जम्मा | १ | ४ | ३ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २० | ७ | ३ | ३० |
| बलात्कार | | | ४ | ४ |
| पारिवारिक हत्या | | | २ | २ |
| जम्मा | २० | ७ | ९ | ३६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.६ काठमाडौं




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २०,४१,५८७ |
| महिला | १०,०५,८६१ |
| घर परिवार सङ्ख्या | ५,४२,८९२ |
| घरजग्गामा महिलाको स्वामित्व | १,६०,४८१ |
| साक्षरता प्रतिशत | ८९.२३ |
| आश्रित जनसङ्ख्या | ७,७३,०२८ |
| अपाङ्गता भएका | ३०,६८७ |

यस वर्ष काठमाडौं जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ७३ महिला र १ हजार ६ सय २७ जना पुरुष गरी १ हजार ८ सय जना पीडित भए। जसमा एक महिला र ३८ जना पुरुष गरी ३९ जनाको हत्या भयो । १ सय ११ महिला र १ हजार ३ सय ५० पुरुष गरी १ हजार ४ सय ६१ जना घाइते भए । ४८ महिला र १ सय ८४ पुरुष गरी २ सय ३२ जना गिरफ्तारी भएको घटना इन्सेकले अभिलेख गर्‍यो।

ज्यादतीका घटनामा २ सय ९१ जना महिला, २ सय ५७ जना पुरुष र नखुलेको सात गरी ५ सय ५५ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ९१ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार

### हत्या

**राज्यपक्षबाट**

कीर्तिपुर नगरपालिका-४ गाम्चाका २९ वर्षीय सविन महर्जन ०८१ चैत १५ गते दुर्गा प्रसाई नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले काठमाडौंको तीनकुने क्षेत्रमा गरेको विरोध प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर घाइते भए। उनको उपचारको क्रममा त्रिवि शिक्षण अस्पतालमा सोही दिन मृत्यु भयो। शवको पोष्टमार्टम चैत १९ गते त्रिवि शिक्षण अस्पतालमा गरी परिवाजनले सोही दिन सद्गत गरे। पोष्टमार्टम प्रतिवेदनमा मृतकलाई लागेको गोली दायाँ हातको कुहिनो नजिकको भागबाट कोख हुँदै ढाडबाट निस्केको उल्लेख छ। मन्त्रिपरिषद्को ०८२ वैशाख ८ गतेको बैठकले पीडित परिवारलाई १० लाख रुपियाँ राहत दिने निर्णय गर्‍यो। नेपाल सरकारको मङ्सिर २२ गतेको मन्त्रिपरिषद्को बैठकले मृतक महर्जनलाई सहिद घोषणा गर्ने निर्णय गर्‍यो।

काठमाडौं महानगरपालिका-१० स्थित संसद भवन अगाडि निषेधित क्षेत्रमा नवयुवा पुस्ताहरूले ०८२ भदौ २३ गते गरेको प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको गोली लागेर १७ जनाको मृत्यु भयो। मृत्यु हुनेहरूमा कीर्तिपुर नगरपालिका-२ का ४१ वर्षीय बुद्धिबहादुर तामाङ, उदयपुर जिल्ला बेलका नगरपालिका-४ का २९ वर्षीय सन्तोष विश्वकर्मा, बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका-१ का ३३ वर्षीय सुलभराज श्रेष्ठ, मोरङ जिल्ला बेलवारी नगरपालिका-११ स्थायी घर भई कागेश्वरी मनहरा नगरपालिका-९ काडाँघारी बस्ने ग्लोबल कजेल पुरानो बानेश्वरमा कक्षा १२ मा अध्ययनरत १९ वर्षीय श्रीयम चौलागाई, काठमाडौं महानगरपालिका-११ का २६ वर्षीय ईस्वत बहादुर अधिकारी, बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका-१ का १९ वर्षीय आयुष थापा, कैलाली जिल्ला धनगढी

**तालिका ५.३.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | नखुलेको | जम्मा |
| गिफ्तारी | | ४८ | १८४ | २३२ | | | | |
| कुटपिट | | २ | ६ | ८ | ११ | ७४ | | ८५ |
| घाइते | | १११ | १३५० | १४६१ | ३८ | १६२ | | २०० |
| धम्की | | | १ | १ | | ३ | | ३ |
| कारागारमा मृत्यु | | ५ | ४१ | ४६ | | | | |
| हत्या | | १ | ३८ | ३९ | ३ | ८ | ७ | १८ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ६ | ७ | १३ | | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | ६ | | | ६ |
| | बलात्कार | | | | ४० | | | ४० |
| | यौन दुर्व्यवहार | | | | १२ | | | १२ |
| | जम्मा | | | | ५८ | | | ५८ |
| महिला अधिकार | घरेलु हिँसा | | | | ११२ | | | ११२ |
| | बेचबिखन तथ ओसारपसार प्रयास | | | | १ | | | १ |
| | बेचबिखन तथ ओसारपसार | | | | ७ | | | ७ |
| | बलात्कार | | | | २७ | | | २७ |
| | बलात्कार प्रयास | | | | १५ | | | १५ |
| | यौन दुर्व्यवहार | | | | १३ | | | १३ |
| | साइबर अपराध | | | | १२ | | | १२ |
| | पारिवारिक हत्या | | | | ४ | | | ४ |
| | जम्मा | | | | १९१ | | | १९१ |
| **कूल जम्मा** | | १६३ | १६२७ | १८०० | २९१ | २५७ | ७ | ५५५ |

(स्रोत : इन्सेक, २०२५)

उपमहानगरपालिका-५ का २९ वर्षीय गौरब जोशी, सिन्धुपाल्चोक जिल्ला बाह्रबीसे नगरपालिका-६ का २१ वर्षीय योग बहादुर श्रेष्ठ, अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका-४ धारापानीका २० वर्षीय माधव सारु मगर, गोरखा जिल्ला बारपाक सुलीकोट गाउँपालिका-५ का २४ वर्षीय बिमल बाबु भट्ट, पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१२ मुरलीका २४ वर्षीय असहाव आलम ठकुराई, ललितपुर महानगरपालिका-७ का ३० वर्षीय बिनोद महर्जन, काभ्रे जिल्ला तेमाल गाउँपालिका-७ काल्धारका ४२ वर्षीय



*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः सविन महर्जन, बुद्धिबहादुर तामाङ; सन्तोष विश्वकर्मा र सुलभराज श्रेष्ठ*

दिल नारायण तामाङ, सिन्धुली जिल्ला गोलन्जोर गाउँपालिका-१ का २३ वर्षीय योगेन्द्र न्यौपाने, बागलुङ जिल्ला बागलुङ नगरपालिका-४ का ३७ वर्षीय सौरन किशोर श्रेष्ठ, बझाङ जिल्ला खप्तडछान्ना गाउँपालिका-७ घर भई कीर्तिपुर नगरपालिका बस्ने २३ वर्षीय सुभाष कुमार बोहरा, काभ्रे जिल्ला पनौती नगरपालिका-१० घर भई काठमाडौँ महानगरपालिका-१२ बस्ने २४ वर्षीय रसिक खतिवडा खत्रीको मृत्यु भयो।

मृतकहरूमध्ये बुद्धिबहादुरको छातीमा, सन्तोषको कुममुनि, सुलभराज र श्रीयमको टाउकामा, ईस्वत बहादुरको छातीमा, आयुषको छातीमुनि, गौरवको टाउकोमा, योग बहादुरको कोखामा, माधव सारुको पेटमा, बिमल बाबुको छातीमा, असहाव आलमको पेटमा, बिनोद महर्जनको मुखमा, दिल नारायणको बायाँ गर्दनमा, योगेन्द्रको टाउको पछाडि र रसिकको छातीमा गोली लागेको थियो। बुद्धि बहादुर, सन्तोष, सुलभराज, श्रीयम, ईस्वत बहादुर, आयुष, गौरब र योग बहादुरको राष्ट्रिय ट्रमा सेन्टरमा, माधव, बिमल र असहावको बानेश्वरस्थित सिभिल अस्पतालमा, बिनोद, दिल नारायण र योगेन्द्रको एभरेष्ट अस्पतालमा, सौरन र सुभाषको सिनामंगलस्थित काठमाडौँ केएमसी अस्पतालमा र रसिकको त्रिवि शिक्षण अस्पताल, महाराजञ्जमा उपचारको क्रममा भदौ २३ गते मृत्यु भयो। नेपाल सरकारको मन्त्रिपरिषद्को असोज ९ गतेको निर्णयले प्रर्दशनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका परिवारलाई (आन्दोलनको मौका छोपी भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालवन्दी बाहेक) प्रति परिवार १० लाख रुपियाँ र काजकिरिया खर्च, खाना खर्च र यातायात खर्चवापत ५ लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गऱ्यो। मन्त्रिपरिषद्को कात्तिक १७ गतेको निर्णयले मृतकहरूलाई सहिद घोषणा गऱ्यो। प्रदर्शनकारीले निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरीले भीड नियन्त्रण गर्न पानीको फोहरा र अश्रुग्यास प्रहार, हवाइफायर र फायरिङ गरेको थियो।

काठमाडौँ महानगरपालिका-१० स्थित संसद भवन अगाडि निषेधित क्षेत्रमा नवयुवा पुस्तारूले ०८२ भदौ २३ र २४ गते गरेको प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको गोली लागेर १९ जना र आगजनीमा परेर दुई जना घाइतेको उपचारको क्रममा भदौ २४ गते मृत्यु भयो। घटनामा सुनसरी जिल्ला धरान उपमहानगरपालिका-२२ का ४३ वर्षीय साजन राईको कोरियन अस्पतालमा, दोलखा जिल्ला विगु गाउँपालिका-३ बुलुङका २२ वर्षीय महेश बुढाथोकीको पाटन अस्पताल, ललितपुरमा, धनकुटा जिल्ला पाखीवास नगरपालिका-१० का ६३ वर्षीय छत्रमान कुथुमी, गोरखा जिल्ला पालुङटार नगरपालिका-३ का ४२ वर्षीय अनिश पराजुली, उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका-३ का ५० वर्षीय सार कुमार राई, गोरखा जिल्ला गण्डकी गाउँपालिका-४ का २८ वर्षीय अर्जुन भट्ट, नुवाकोट जिल्ला तादी गाउँपालिका-३ का २४ वर्षीय धिरज श्रेष्ठ, सर्लाही जिल्ला लालबन्दी नगरपालिका-५ का ३० वर्षीय देव कुमार सुवेदी, सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका-८ का २१ वर्षीय उमेश महत, सङ्खुवासभा जिल्ला सिलीचोङ गाउँपालिका-३ का २१ वर्षीय प्रविण कुलुङ, चितवन जिल्ला कालिका नगरपालिका-८ की १९ वर्षीया निकिता गौतम, दोलखा जिल्ला शैलुङ गाउँपालिका-४ का २१ वर्षीय अभिषेक चौलागाई, सिरहा जिल्ला लहान नगरपालिका-१५ का २९ वर्षीय बिजय चौधरी, सिन्धुली जिल्ला तीनपाटन गाउँपालिका-६ का १९ वर्षीय दिपेश सुनुवारको उपचारका क्रममा त्रिवि शिक्षण अस्पतालमा, नुवाकोट जिल्ला पञ्चकन्या गाउँपालिका-२ सुवेदीडाँडाका ३५ वर्षीय लच्छुमान राईको राष्ट्रिय ट्रमा सेन्टरमा, बाजुरा जिल्ला स्वामीकार्तिक खापर गाउँपालिका-२ का २३






*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः श्रीयम चौलागाई, ईस्वतबहादुर अधिकारी, आयुष थापा र गौरब जोशी*

वर्षीय ओझन बुढाको बिएण्डबी अस्पतालमा, बझाङ जिल्ला दुर्गाथली गाउँपालिका-१ का २८ वर्षीय भीमराज धामी र बैतडी जिल्ला शिवनाथ गाउँपालिका-२ का २० वर्षीय दीपक सिंह साउदको बीर अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। त्यसैगरी नुवाकोट जिल्ला ककनी गाउँपालिका-१ ओखरपौवाका २७ वर्षीय सुभराज बलामी श्रेष्ठको प्रहरीको गोली प्रहारबाट कालिमाटीमा घटनास्थलमै मृत्यु भयो।

मृतकहरूमध्ये साजनको प्रहरी वृत्त थिमीमा, महेशको कोटेश्वरमा, अनिषको महाराजगञ्जमा, सारकुमारको गौशालामा, अर्जुन, भीमराज, दिपक, सुभराज र देव कुमारको कालिमाटीमा, धिरजको बालाजु प्रहरी वृत्त, उमेश, प्रवीण र निकिताको गौशालामा, अभिषेक, विजय, छत्रमान र दिपेशको बानेश्वर संसद भवन आगाडि, लच्छुमानको बालाजुमा, ओजनको कोटेश्वरमा प्रहरीले प्रहार गरेको गोली टाउको, छाती, पेट र निधारमा लागेर घाइते भएका थिए। मृतकहरूमध्ये महेन्द्र परियार र राजसिंह गोला बाहेक अन्य १९ जनालाई मन्त्रिपरिषद्को कात्तिक १७ गतेको निर्णयले सहिद घोषणा गऱ्यो। नेपाल सरकारको मन्त्रिपरिषद्को असोज ९ गतेको निर्णयले प्रर्दशनका क्रममा मृत्यु भई पहिचान खुलेका मृतक नेपाली नागरिकका परिवारलाई (आन्दोलनको मौका छोपी भाग्ने क्रममा मृत्यु भएका कैदीबन्दी र बालबन्दी बाहेक) प्रति परिवार १० लाख रुपियाँ र काजकिरिया खर्च, खाना खर्च र यातायात खर्च बापत ५ लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गऱ्यो।

काठमाडौँ महानगरपालिका-१० स्थित संसद भवन अगाडि निषेधित क्षेत्रमा नवयुवा पुस्ताहरूले ०८२ भदौ २३ गते गरेको प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको गोली लागेर घाइते भएका बैतडी जिल्ला दशरथचन्द नगरपालिका-६ का ४८ वर्षीय निरज पन्तको भदौ २५ गते उपचारका क्रममा शिक्षण अस्पताल, महाराजगञ्जमा मृत्यु भयो।

**अन्यपक्षबाट**

काठमाडौँ महानगरपालिका-१३ ताहाचल घर भई चन्द्रागिरी नगरपालिका-४ चुनिखेल बस्ने एभीन्युज टेलिभिजनका फोटो पत्रकार ३३ वर्षीय सुरेश रजकको ०८१ चैत १५ गते दुर्गा प्रसाई नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले काठमाडौँको तीनकुने क्षेत्रमा गरेको विरोध प्रदर्शनको क्रममा प्रदर्शनकारीले तीनकुनेस्थित एक घरमा गरेको आगजनीमा परेर मृत्यु भयो। समाचार सङ्कलनका लागि तीनकुने क्षेत्रमा पुगेका उनको शव प्रदर्शनकारीले आगजनी गरेको घरको चौथो तलामा फेला परेको थियो। शवको पोष्टमार्टम चैत १७ गते त्रिवि शिक्षण अस्पतालमा भएपछि परिवारले शव बुझी सोही दिन सद्गत गरे। नेपाल सरकारको मन्त्रिपरिषद्को ०८२ वैशाख ८ गतेको बैठकले पीडित परिवारलाई १० लाख रुपियाँ राहत दिने निर्णय गर्नुका साथै मङ्सिर २२ गतेको बैठकले रजकलाई सहिद घोषण गर्ने निर्णय गऱ्यो। सरकारले रजकको पत्नी सुजन मगियालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको सुरक्षण मुद्रण केन्द्रमा 'कम्प्युटर अपरेटर' पदमा रोजगारी दियो।

कास्की जिल्ला रुपा गाउँपालिका-५ घर भएका प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार ३८ वर्षीय अमृत गुरुङ भदौ २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीको कुटपिटबाट घाइते भए। कुटपिटबाट छाती र पेटमा चोट लागेर गम्भीर घाइते भएका उनको उपचारको क्रममा शिक्षण अस्पताल, महाराजगञ्जमा सोही दिन मृत्यु भयो।






*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः योग बहादुर श्रेष्ठ, बिमलबाबु भट्ट, असहाव आलम ठकुराई र सौरन किशोर श्रेष्ठ*

सिन्धुली जिल्ला दुधौली नगरपालिका-८ घर भई प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत असई २९ वर्षीय मिलन राय र दार्चुला जिल्ला लेकाम गाउँपालिका-३ घर भई सोही वृत्तमा कार्यरत ३२ वर्षीय प्रहरी जवान उत्तम थापा भदौ २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीको कुटपिटबाट गम्भीर घाइते भए। घाइतेहरूको टाउको र छाती गम्भीर चोट लागेकोमा उपचारको क्रममा नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा सोही दिन मृत्यु भयो। नेपाल सरकारको कात्तिक १७ गतेको मन्त्रीपरिषद्‌को बैठकले मृतकहरूलाई शहीद घोषणा गरी अमर प्रहरीको उपमा दियो।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा काठमाडौँ महानगरपालिका-७ चुच्चेपाटीस्थित भाटभटेनी सुपरमार्केटमा आगजनी भयो। आगजनी नियन्त्रण गर्ने क्रममा भदौ २७ र २८ गते सुपरमार्केटमा खोजतलास गर्दा सात जनाको मानव कंकाल फेला पर्‍यो। मानव कंकालबाट नमुना सङ्कलन गरी डिएनए परीक्षणका लागि नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालामा लगियो। वर्षको अन्त्यसम्म परीक्षणको प्रतिवेदन सार्वजनिक भएन। मृतकहरूको सनाखत हुन सकेन।

भारतको उत्तरप्रदेश बालीरामकी ६७ वर्षीया राजसिंह गोलाको चाबहिल चुच्चेपाटीस्थित हायात होटलमा र काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका-५ का ४० वर्षीय महेन्द्र परियारको चन्द्रागिरी नगरपालिका-५ स्थित विशाल ग्रुपको गोदाममा प्रदर्शनकारीहरूले गरेको आगजनीमा परी मृत्यु भयो।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका कममा काठमाडौँ महानगरपालिका- ३५ कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटमा आगजनी भयो। आगजनी नियन्त्रण गर्ने क्रममा असोज १ गते सुपरमार्केटमा खोजतलास गर्दा रामेछाप जिल्ला खाडादेवी गाउँपालिका-६ घर भई ललितपुरको च्यासल बस्ने २२ वर्षीय विकास रसाइलीको शव फेला पर्‍यो। खोजतलासको क्रममा शवको नजिक सीम फेला परेपछि उनको पहिचान खुलेको थियो। शवको पोष्टमार्टम असोज १ गते त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा भयो।

## घाइते

### राज्यपक्षबाट

दुर्गा प्रसाई नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले काठमाडौँको तीनकुने क्षेत्रमा गरेको प्रदर्शनका क्रममा प्रहरीले गोली प्रहार गर्दा झापा जिल्ला भद्रपुर नगरपालिका- ४ घर भई भक्तपुर पुरानो ठिमी बस्दै आएकी ४१ वर्षीय इन्द्रमाया लिम्बु दायाँ खुट्टा (तिघ्रा) मा गोलीको छर्रा लागेर घाइते भइन्। उनी बानेश्वरस्थित निजामती अस्पतालमा उपचार पश्चात चैत १८ गते डिस्चार्ज भइन्। खोटाङ जिल्ला दिप्रुङ चुईचुम्मा गाँउपालिका-४ का १८ वर्षीय कञ्चन राईको बाँया खुट्टामा गोली लागेर घाइते भए। उनी निजामती अस्पतालमा सोही दिन उपचारपछि डिस्चार्ज भए। उदयपुर जिल्लाका २४ वर्षीय दिनेश खत्रीको निजामती अस्पतालमा चैत १९ गतेसम्म उपचार भयो।

भोजपुर जिल्ला टयाम्केमैयुङ गाउँपालिकाका २७ वर्षीय डिल्लीप्रसाद लुईंटेलको पेटमा गोली लागेर गम्भीर घाइते भएका उनको दुईपटक शल्यक्रिया भयो। दायाँ कुममा गोली लागेका भोजपुर जिल्ला रामप्रसाद राई गाँउपालिकाका ३० वर्षीय शम्भु दर्जीको ट्रमा सेन्टरमा उपचार भयो। काभ्रे जिल्ला पनौतीका २६ वर्षीय रामहरि श्रेष्ठको दाहिने हातको पाखुरामा गोली लाग्यो। उनको उपचार बिएण्डबी अस्पताल, ग्वार्कोमा भयो।



***प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः सुभाष कुमार बोहरा, रसिक खतिवडा खत्री, बिनोद महर्जन र दिल नारायण तामाङ***

काठमाडौं शान्तिनगरका ५६ वर्षीय विकासकुमार गौतमको देब्रे गोडामा गोली लाग्यो। उनको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। सोही ठाउँका रोजन पहरीको बुढी औँलामा गोली लाग्यो। उनको पाटन अस्पतालमै उपचार भयो। बैतडी जिल्ला घर भई बानेश्वर बस्ने २२ वर्षीय आशिष बोहरा गोली लागेर घाइते भए। उनको केएमसी अस्पताल सिनामङ्गलमा एकपटक शल्यक्रिया भयो।

सोलुखुम्बु जिल्ला घर भई चाबहिल बस्ने २२ वर्षीय विशाल निरौलाको दोब्रे हातमा तीन ओटा र एउटा गोली कोखमा छोएर बाहिर निस्कियो। उनको काठमाडौँ मेडिकल कलेजमा उपचार भयो। अछामको साफेबगर घर भई काँडाघारी बस्ने १९ वर्षीय राजेन्द्र रावलको देब्रे खुट्टामा गोली लाग्यो।

टेकुका २० वर्षीय प्रिन्स कुमारको देब्रे हात, खुट्टा र दाहिनेतर्फको छातीमा चोट लागेकोमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। कान र गालामा गोली लागेका स्याङ्जाका २५ वर्षीय सुमन गुरुङको काठमाडौँ मेडिकल कलेजमा उपचार भयो। धुम्बाराहीका ४७ वर्षीय कुमारजंग रानाको खुट्टामा, रामचन्द्र बुढाथोकीको हातमा र धादिङ घर भई मैनमैजु बस्ने ३० वर्षीय राजकुमार कार्कीको हातमा गोली लाग्यो। खोटाङको दिक्तेल नगरपालिका-१४ का ३१ वर्षीय जानासेन राई दायाँ खुट्टामा गोली लागेर घाइते भए। जुम्ला जिल्ला तातोपानी गाँउपालिका-४ का ३४ वर्षीय बालकृष्ण चौलागाईं र दार्चुला जिल्ला दुहु गाउँपालिकाका ३६ वर्षीय किसनसिंह महत सामान्य घाइते भए। उनीहरूको उपचार काठमाडौँ मेडिकल कलेज, सिनामङ्गलमा भयो।

प्रदर्शनका क्रममा प्रहरीले ५८ राउन्ड गोली, ७ सय ४६ राउन्ड अश्रुग्यास प्रहार गऱ्यो। प्रदर्शनका क्रममा ५५ जना नेपाल प्रहरी, २३ जना सशस्त्र प्रहरी र ५१ जना प्रदर्शनकारी गरी १ सय २९ जना घाइते भए। ५७ जना घाइतेको काठमाडौँको बानेश्वरस्थित निजामती कर्मचारी, राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौँ मेडिकल कलेज, ललितपुरको पाटन र बीएण्डबी अस्पतालमा उपचार भयो। जसमध्ये १३ जनाको जटिल शल्यक्रिया गरिएको थियो। नेपाल सरकारको ०८१ चैत १५ गतेको बैठकले घाइतेहरूको उपचार निःशुल्क गर्ने निर्णय गऱ्यो। प्रदर्शनका क्रममा घाइते भएका अधिकांश सर्वसाधारण थिए। प्रहरीले सो क्रममा अत्यधिक बल प्रयोग गरेको मानव अधिकार संस्थाहरूले गरेको अनुगमनको निष्कर्ष थियो।

उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका-६ घर भई काठमाडौँ महानगरपालिका-३२ बस्ने २२ वर्षीया रेबिका खत्री नरेफाँटस्थित खाद्यान्न पसलको काम सकेर कोटेश्वरस्थित शंकर मार्गमा रहेको कोठामा फर्कँदै गर्दा ०८१ चैत १५ गते प्रहरीले प्रहार गरेको गोली दायाँ तिघ्रामा लागेर घाइते भइन्। गोली लागेको दुई घण्टापछि उनलाई बानेश्वरस्थित निजामती कर्मचारी अस्पताल पुऱ्याइएको थियो। उनको भेन्टिलेटरमा चार दिन र त्यसपछि आइसीयु कक्षमा राखी उपचार भयो। उक्त अस्पतालमा उनको जेठ १ गतेसम्म उपचार हुँदा सातपटक शल्यक्रिया भयो। उनको थप उपचार ०८२ जेठ २ गतेदेखि त्रिवि शिक्षण अस्पताल र मनमोहन कार्डियोथेरासिक भास्कुलर एन्ड ट्रान्स्प्लान्ट सेन्टरमा असार २ गतेसम्म भयो। यसैगरी, सोही घटनामा रेबिकाका दाई दिनेश खत्री प्रहरीको गोलीको छर्रा देब्रे खुट्टामा लागी घाइते भए। उनको निजामती अस्पतालमा चैत १९ गतेसम्म उपचार भयो।

काठमाडौँ महानगरपालिका-१० स्थित संसद भवन अगाडि नवयुवा पुस्ताहरूले ०८२ भदौ २३ गते गरेको प्रदर्शनको समाचार सङ्कलन गर्न गएका चार जना पत्रकार प्रहरीले प्रहार गरेको छर्रा र रबरको गोली लागेर घाइते भए। घाइते हुनेहरूमा कान्तिपुर टेलिभिजनका श्याम श्रेष्ठ, नयाँ पत्रिका दैनिकका दिपेन्द्र






***प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः योगेन्द्र न्यौपाने, माधव सारु मगर, महेश बुढाथोकी र छत्रमान कुथुमी***

ढुङ्गाना, नेपाल प्रेसका उमेश कार्की र स्वतन्त्र पत्रकार शम्भु दंगाल रहेका छन्। घाइतेहरू मध्ये शम्भुको ट्रमा सेन्टरमा र अन्यको उपचार सिभिल अस्पताल बानेश्वरमा भयो। नेपाल सरकारले ०८२ पुस ४ गते घाइते पत्रकारहरूमध्ये शम्भुलाई १ लाख र अन्यलाई जनही २५-२५ हजार रुपियाँ राहत प्रदान गर्‍यो।

काठमाडौँ महानगरपालिका- १५ डल्लुकी प्राध्यापक रविलक्ष्मी चित्रकार उनको घरमा ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको आगजनीमा परी गम्भीर घाइते भइन्। पीडितलाई कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारका लागि लगिएकोमा थप उपचार भारतको दिल्लीस्थित अपोलो अस्पताल भयो। उनको हात, पिठ्युँ, घुँडा र कुर्कुच्चासहित शरीरका विभिन्न भाग आगोले जलेको थियो। आगोबाट फोक्सोलगायत आन्तरिक अङ्गमा समेत क्षति पुगेको र बायाँ हात अत्यधिक जलेर काम नलाग्ने भएपछि काट्नु परेको थियो।

नवयुवा पुस्ताले भदौ २३ र २४ गते काठमाडौँका विभिन्न स्थानमा गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच भएको झडपमा परी बर्दिया जिल्ला मधुवन नगरपालिका-४ का २३ वर्षीय निकेश रिजाल, जुम्ला जिल्ला हिमा गाउँपालिका-६ का २६ वर्षीय हरि अधिकारी, सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका-१५ का २१ वर्षीय पवन खड्का, सोही ठाउँका २१ वर्षीय सुर्योग राई, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका, धनगढीका १९ वर्षीय शौरभ कठायत, काठमाडौँ जिल्ला तारकेश्वर नगरपालिका-१ का १७ वर्षीय श्रवणकुमार सापकोटा, नवलपरासी जिल्ला देवचुली नगरपालिका-४ का २७ वर्षीय सन्देश प्रधान, सुनसरी जिल्ला इनरुवा नगरपालिका-१२ का १९ वर्षीय आसुतोष बस्नेत, सोही ठाउँका २० वर्षीय सौरभ गौतम, दोलखा जिल्ला गौरीशंकर गाउँपालिका-३ का २७ वर्षीय रुपेश कार्की, जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिकाका १७ वर्षीय हरिबहादुर शाही, दोलखा जिल्ला भीमेश्वर नगरपालिका-७ का ३८ वर्षीय कुमार लामा, दैलेख जिल्ला नारायण नगरपालिका-८ का २९ वर्षीय प्रकाशबहादुर बोहरा, काठमाडौँ महानगरपालिकाका ५२ वर्षीय हरिहर सिलवाल, पर्सा जिल्ला ठोरी गाउँपालिका-२ का ३० वर्षीय नेत्रविक्रम थापा, उदयपुर जिल्ला गाईघाट नगरपालिका का २६ वर्षीय दिलिपकुमार भुजेल, सिन्धुली जिल्ला हरीहरपुरगढी गाउँपालिका-९ का २१ वर्षीय नवीन तामाङ, सिन्धुपाल्चोक जिल्लाका २५ वर्षीय मदन कार्की, दोलखा जिल्लाका १९ वर्षीय अनिल तामाङ, डडेलधुरा जिल्लाका २२ वर्षीय मुकेश अवस्थी, कञ्चनपुर जिल्ला पुर्नबास नगरपालिका-८ का २१ वर्षीय जान्तिसिंह ठकुरी, अछाम जिल्ला बान्नीगढी जयगढ गाउँपालिका-३ का २५ वर्षीय राजेश साउद, सिन्धुपाल्चोक जिल्लाका १७ वर्षीय नोर्बु तामाङ, काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका-१ का ३३ वर्षीय निक मगर, कैलाली जिल्ला जानकी नगरपालिका-९ का २६ वर्षीय प्रकाश धामी, रुकुमपश्चिम जिल्ला बाँफिकोट गाउँपालिका-७ का २२ वर्षीय विजय अधिकारी, भक्तपुर जिल्लाका २६ वर्षीया रुपेश कार्की, काठमाडौँ महानगरपालिका-११ बबरमहलका अभिक तण्डुकार, बझाङ जिल्ला छबिस पाथिभेरा गाउँपालिका-१ का १७ वर्षीय अभिषेक भण्डारी, सुनसरी जिल्ला धरान उपमहानगरपालिका-१३ का ऐमन मगर, झापा जिल्ला शिवसतासी नगरपालिका-५ का २१ वर्षीय सागर भट्टराई, पर्सा जिल्ला बिरगञ्ज महानगरपालिका-१ का २० वर्षीय आदित्य राजवंशी, बागलुङ जिल्ला बागलुङ नगरपालिका-३ का ३० वर्षीय सोम शर्मा, स्याङ्जा जिल्ला चापाकोट नगरपालिका-७ का २० वर्षीय किशोर ढकाल, काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका-५ का २७ वर्षीय क्षितिजसिहं परियार,






*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः ओभन बुढा, साजन राई, अनिश पराजुली र सार कुमार राई*

झापा जिल्ला बिर्तामोडका २२ वर्षीय लुसन योकफाङ्देन, सङ्खुवासभा जिल्ला खाँदबारी नगरपालिका-४ का १९ वर्षीय नविन श्रेष्ठ, मकवानपुर जिल्ला हेटौँडा नगरपालिका-४ का २२ वर्षीय समिर लामा, काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका-११ का ३० वर्षीय कपिल श्रेष्ठ, सोही नगरपालिका-२ का २० वर्षीय साहिल अहमद, बैकुण्ठ गाउँपालिका ३२ वर्षीय केशव अधिकारी, काठमाडौँ जिल्ला शंकरापुर नगरपालिकाका ३७ वर्षीय शम्भु डङ्गोल, काठमाडौँ जिल्लाका ४० वर्षीय थिरप्रसाद कठरिया, सर्लाही जिल्ला चक्रघट्टा गाउँपालिका-७ का २५ वर्षीय राकेशकुमार महतो, कैलाली जिल्ला घोडाघोडी नगरपालिका-१ का २३ वर्षीय आकाश शाही, मोरङ जिल्ला विराटनगर नगरपालिकाका २६ वर्षीय जयकिशन मण्डल, जुम्ला जिल्ला तातोपानी गाउँपालिकाका २७ वर्षीय भुपेन्द्र केसी, काठमाडौँ जिल्लाका ५३ वर्षीय लक्ष्मण दिपकर, काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका-६ बौद्धका २० वर्षीय निभा शेर्पा, काठमाडौँ जिल्ला बुढानीलकण्ठ नगरपालिका-५ का १५ वर्षीय आयुष केसी, कैलाली जिल्ला लम्कीचुहा नगरपालिका-४ का २३ वर्षीय रामबहादुर ओली, कञ्चनपुर जिल्ला महेन्द्रनगरका १९ वर्षीय सुशील पन्त, रानिवन, काठमाडौँ जिल्ला रानिवनका २३ वर्षीय रबिन लामा, धादिङ जिल्ला गङ्गाजमुना गाउँपालिकाका २३ वर्षीय सन्दिप थापा, सिन्धुपाल्चोक जिल्ला बलेफी गाउँपालिकाका २१ वर्षीय समिर आचार्य, कालीकोट जिल्ला तिलगुफा नगरपालिका-१ का २८ वर्षीय धनराज बुढा, झापा जिल्ला दमकका १९ वर्षीय समी श्रेष्ठ, रुकुम पश्चिम जिल्ला सानीभेरी गाउँपालिकाका २० वर्षीय सन्तोष चन्द, कैलाली जिल्ला लम्कीचुहा नगरपालिकाका २९ वर्षीय आकाशविक्रम सिंह, दैलेख जिल्ला नारायण नगरपालिकाका २९ वर्षीय प्रकाशबहादुर अधिकारी, दोलखा जिल्ला मेलुङ गाउँपालिकाका अच्यूत कार्की, सर्लाही जिल्ला चन्द्रनगर गाउँपालिका-२ का २७ वर्षीय उदयप्रकाश साह, काठमाडौँ जिल्लाका २८ वर्षीय दिपेन पोखरेल, काठमाडौँ जिल्लाका ३४ वर्षीय मदनसिंह भट्टराई, सोही ठाउँका २७ वर्षीय श्याम न्यौपाने र १९ वर्षीय दावा डोल्मा शेर्पा, म्याग्दी जिल्ला बङला गाउँपालिका-२ का २० वर्षीय दिलिप पुन मगर, धादिङ जिल्ला गल्छी गाउँपालिका-५ का १९ वर्षीय अनिल तामाङ, दोलखा जिल्ला कालिञ्चोक गाउँपालिकाका २२ वर्षीय देवराज पाण्डेय, खोटाङ जिल्ला रुपाकोट मजुवागडी गाउँपालिका-१५ का १८ वर्षीय उज्जवल ढुङ्गाना, सर्लाही जिल्ला हरिवन नगरपालिका-८ का २३ वर्षीय प्रजिता बुढाथोकी, काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका-१२ नैकापका १७ वर्षीया एलिना शाक्य, कालिकोट जिल्ला पलाँता गाउँपालिकाका २६ वर्षीय गुप्तराज बम, बारा जिल्ला जीतपुर सिमरा नगरपालिकाका ३२ वर्षीय दिपेश लामा, सिन्धुली जिल्ला सुनकोशी गाउँपालिकाका ४३ वर्षीय शान्त श्रेष्ठ, जाजरकोट जिल्ला छेडागाड नगरपालिका-८ का १८ वर्षीय ललित रावत, कास्की जिल्ला पोखरा उपमहानगरपालिकाका २३ वर्षीय सञ्जय पौडेल, धनुषा जिल्ला मिथिलाबिहारी नगरपालिका- १ का ६४ वर्षीय बुद्धिनारायण ठाकुर, दाङ जिल्ला तुल्सीपुर नगरपालिकाका २१ वर्षीय सुरेश पोखरेल, काभ्रेपलाञ्चोक जिल्लाका ३१ वर्षीय सुरेश सापकोटा, दोलखा जिल्लाका २४ वर्षीय बाबुलाल तामाङ, झापा जिल्ला दमक नगरपालिका-४ का २३ वर्षीय दीपराज राई, बाजुरा जिल्ला बुढीनन्द नगरपालिकाका २२ वर्षीय साजन रोकाया, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका-२ का ४२ वर्षीय लालबाबु साह, रौतहट जिल्ला राजपुर गाउँपालिका-२ का ४५ वर्षीय नौसत मिया, सर्लाही जिल्ला बागमती नगरपालिका-११ का ३९ वर्षीय महेश थापा, रौतहट जिल्लाका २५



*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः अर्जुन भट्ट, धिरज श्रेष्ठ, देव कुमार सुवेदी र उमेश महत*

वर्षीय दानिस आलम, धादिङ जिल्ला थाक्रे गाउँपालिका-५ का ३७ वर्षीय सुरेश लामा, मकवानपुर जिल्ला हुमानेका १५ वर्षीय रोज मोक्तान, कञ्चनपुर जिल्लाका १९ वर्षीय मेनुका बुढा, रौतहट जिल्ला चन्द्रपुर नगरपालिकाका २० वर्षीय सुमन राई, सिन्धुपाल्चोक जिल्ला चौथेलीका ३३ वर्षीय आर्यन श्रेष्ठ, रामेछाप जिल्ला खाडाँदेवी गाउँपालिका-६ का २८ वर्षीय विशाल तामाङ, काभ्रेपञ्चोकका ३२ वर्षीय बालकृष्ण राक्से ठकुरी, गोरखा जिल्ला गोरखा नगरपालिका-१ फुजेलका ३१ वर्षीय सन्तोष गुरुङ, कालिकोट जिल्ला रासकोट नगरपालिका-१ का १८ वर्षीय शैलेन्द्र बि.क., सिन्धुली जिल्ला सुनकोसी गाउँपालिका-१ का २० वर्षीय तिलक बहादुर मगर, लमजुङ जिल्ला दोर्दि गाउँपालिका-१ का २९ वर्षीय सुजन अधिकारी, ओखलढुङ्गा जिल्ला मेलुङ गाउँपालिका-५ का २४ वर्षीय सन्तोष विक, उदयपुर जिल्ला त्रियुगा नगरपालिका-१४ का २८ वर्षीय दिनेश नेपाली, महोत्तरी जिल्ला गौशाला नगरपालिका-९ का ३१ वर्षीय अरविन्द साह, दोलखा जिल्ला शैलुङ गाउँपालिका-८ का ४२ वर्षीय कृष्ण बस्नेत, कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-६ का ३१ वर्षीय दीपक भट्ट, मुगु जिल्ला खत्याड गाउँपालिका-४ का २० वर्षीय मिलन रोकाया, काभ्रेपलाञ्चोक जिल्ला तेमाल गाउँपालिका-४ काभ्रेपलाञ्चोकका २६ वर्षीय रमेश लामा, काठमाडौँ जिल्लाका २८ वर्षीय सुमन श्रेष्ठ, जुम्ला जिल्ला चन्दनाथ नगरपालिका-८ का २९ वर्षीय हरिकृष्ण महत, काभ्रेपलाञ्चोकका २५ वर्षीय प्रचण्ड खनाल, रामेछाप जिल्ला खाँडादेवी गाउँपालिका-६ का ४७ वर्षीय बमबहादुर खत्री, डोटी जिल्ला केआइसिंह गाउँपालिका-७ का २४ वर्षीय नेस्नल धामी, नुवाकोट जिल्ला तारकेश्वर नगरपालिका-३ का ३२ वर्षीय रमेश सुवेदी, मकवानपुर जिल्ला मनहरी गाउँपालिका-५ का ३२ वर्षीय राजकुमार भण्डारी, जाजरकोट जिल्ला कुशे गाउँपालिका-५ का २२ वर्षीय कृष्ण थापा, काठमाडौँ जिल्ला चन्द्रागिरि नगरपालिका-१ का ३६ वर्षीय मोहन श्रेष्ठ, गुल्मी जिल्ला गुल्मी दरबार गाउँपालिका-६ का १९ वर्षीय सुवाष अर्याल सोही ठाउँकी २४ वर्षीय मनिषा बोहरा, काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका-५ का २६ वर्षीय विवेशजंग शाही, कालिकोट शुभकालिका गाउँपालिका-८ का २१ वर्षीय प्रकाश महतारा, जुम्ला जिल्ला सिंजा गाउँपालिका-३ का १९ वर्षीय विवेक बुढा, धादिङ जिल्लाका १८ वर्षीय विवेकलाल श्रेष्ठ, रामेछाप जिल्लाका २८ वर्षीय सन्देश तामाङ, इलाम जिल्लाका १८ वर्षीय आमोस राई, काठमाडौँ जिल्लाका ४५ वर्षीय दिनेश शाक्य, २० वर्षीय मनिस स्याङतान, ४६ वर्षीय मनोज राज भण्डारी, २७ वर्षीय ध्रुव पाल, १९ वर्षीय आकास परियार र २० वर्षीय आयुस मगर, सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका-१३ का १९ वर्षीय सुजिन दनुवार, धादिङ जिल्लाका ८२ वर्षीय डम्बर बहादुर दाहाल, सोही ठाउँका ६६ वर्षीय कृष्ण बहादुर मोक्तान, काठमाडौँ महानगरपालिका-१४ कलंकीका २८ वर्षीय डोर बहादुर बुढाथोकी, बैतडी जिल्ला शिवनाथ गाउँपालिकाका १९ वर्षीय दिपक साउद, नुवाकोट जिल्ला बिदुर नगरपालिका-१ का २२ वर्षीय छिरोजा बाँनिया, सिन्धुली जिल्ला मरिण गाउँपालिकाका ३४ वर्षीय निरु माझी, रुकुमपश्चिम जिल्ला मुसिकोट नगरपालिकाका २३ वर्षीय बादल सिंह, धादिङ जिल्ला त्रिपुरासुन्दरी गाउँपालिकाका ४२ वर्षीय कपिल परियार, धादिङ जिल्ला नीलकण्ठ नगरपालिकाका ४० वर्षीय रामशरण परियार, धादिङ जिल्ला गजुरी गाउँपालिकाका ४५ वर्षीय देवराज अधिकारी, धादिङ जिल्ला गजुरी गाउँपालिकाका ३४ वर्षीय विकास गुरुङ, चितवन जिल्ला राप्ती नगरपालिकाकाका २७ वर्षीय अनिस घिमिरे, नुवाकोट जिल्ला विदुर नगरपालिकाका २७ वर्षीय सुमन श्रीमाला, काभ्रे जिल्ला रोशी गाउँपालिका-१ का १५ वर्षीय संगीता लामा, दोलखा जिल्ला जिरी नगरपालिका-१ का



*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः प्रविण कुलुङ, निखिता गौतम, अभिषेक चौलागाई र बिजय चौधरी*

१९ वर्षीय समिर खत्री, काठमाडौं जिल्लाका ३२ वर्षीय इन्द्रबहादुर तामाङ, दोलखा जिल्ला आठबिसकोट नगरपालिका-६ का २१ वर्षीय तपेन्द्र शाही र काठमाडौं जिल्लाका २२ वर्षीय सुजन मोक्तान तामाङ घाइते भए। घाइतेहरूको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भयो।

त्यस्तै गुल्मीका १७ वर्षीय अर्जन ज्ञवाली, काभ्रेका ३८ वर्षीया सिमरन तामाङ, गौशालाका २२ वर्षीय जनक रावल, नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका-८ का २९ वर्षीय ललितमान तामाङ, उदयपुर जिल्ला त्रियुगा नगरपालिका-९ गाईघाटका ३६ वर्षीय अशोक राई, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-९ गौशालाका ५० वर्षीय कुमार उपाध्याय, बझाङ जिल्ला जयपृथ्वी नगरपालिका-७ का ३० वर्षीय मनोजबहादुर बोहरा, भोजपुर जिल्ला साल्पासिलिछा गाउँपालिका-१ का २९ वर्षीय अर्जुन घले, बाँके जिल्ला बैजनाथ गाउँपालिका- ८ का ४४ वर्षीय चक्रबहादुर कटुवाल, महोत्तरी जिल्ला बर्दिवास नगरपालिकाका २४ वर्षीय राकेश ठाकुर, काठमाडौं महानगरपालिका-९, गौशालाका ४९ वर्षीय देवीबहादुर बस्नेत, काठमाडौं जिल्ला घट्टेकुलोका १६ वर्षीय चिरञ्जीवि खडायत, काठमाडौं जिल्ला मैतीदेवीका १३ वर्षीय एमडी फारान हक, काठमाडौंका २३ वर्षीय पाण्डे थर भई नाम नखुलेका अर्को एकजनाको फ्रन्टलाइन अस्पताल उपचार भयो।

त्यस्तै सिन्धुपाल्चोकका ३७ वर्षीय आनन्द शाह ठकुरी, काठमाडौं जिल्लाका ४६ वर्षीय अविनाश अग्रवाल, सोही ठाउँका १६ वर्षीय अमिर सिंजाली, ३१ वर्षीय अनन्तविक्रम सापकोटा, २१ वर्षीय अनिल पाण्डे, ३१ वर्षीय अनिल परियार, २७ वर्षीय अञ्जन राई, १९ वर्षीय आसुतोस विक्रम शाह, २० वर्षीय आयुष घिमिरे, ६० वर्षीय भरतप्रसाद श्रेष्ठ, २५ वर्षीय बिनोद यादव, २९ वर्षीय दीपक नेपाली, २४ वर्षीय फर्साबहादुर मगर, ४३ वर्षीय हरिप्रसाद पौडेल, २४ वर्षीय जेनिस मानन्धर, १७ वर्षीय केशव बिक, २७ वर्षीय महाविर शाह, २५ वर्षीय मुक्तराम दराइ, ४४ वर्षीय नवराज बजगाई, २६ वर्षीय नवीन घिमिरे, २३ वर्षीय निश्चल थापा, ३२ वर्षीय पदमबहादुर भण्डारी, ४० वर्षीय राजु श्रेष्ठ, १८ वर्षीय रोहन फुयाल, ४२ वर्षीय रोशन सुवेदी, २१ वर्षीया सपना राना थारु, ४३ वर्षीय शङ्कर थापा र २३ वर्षीय सोहन दाहाल, बानेश्वरका २१ वर्षीय अभिषेक थापा, २३ वर्षीय आशिष पोखरेल, २४ वर्षीय आयुष बिक, २३ वर्षीय घनश्याम कार्की, १८ वर्षीय अन्जन पहेली, २४ वर्षीय हिरासिंह ओली, २८ वर्षीय कमलप्रसाद निरौला, २८ वर्षीया नविका राई, २६ वर्षीय मिलन खत्री, २६ वर्षीय लोकेन्द्र खड्का, २२ वर्षीय शरद गिरी, २६ वर्षीय श्रीजेन राज काफ्ले, बाँसबारीका ११ वर्षीया सृष्टि बम, २३ वर्षीय विवेक चोङबाङ, ललितपुर जिल्लाका ३२ वर्षीय अंगत मल्ल, काठमाडौं जिल्ला कालोपुलका २१ वर्षीय अंकित भट्टराई, काठमाडौं जिल्ला बुढानीलकण्ठका १७ वर्षीय अनमोल श्रेष्ठ, धादिङ जिल्लाका २४ वर्षीय अनुपराज कार्की, काठमाडौं जिल्ला गोलढुङ्गाका ४२ वर्षीय बद्रि दाहाल, काठमाडौं जिल्ला नारायणथानका २५ वर्षीय भुपेन्द्र सिंह, उदयपुर जिल्लाका ३१ वर्षीय विज्ञान राई, काठमाडौं जिल्ला टोखाका २८ वर्षीय विकास राई, पाल्पा जिल्ला रामपुर नगरपालिकाका २९ वर्षीय विक्रम लमकाहा, भक्तपुर जिल्लाका २३ वर्षीय विपिन बैजु, काभ्रे जिल्ला नालाका २७ वर्षीय विशाल बजगाईं, तेह्रथुम जिल्लाका ३८ वर्षीय बुद्धिबहादुर थापा, नुवाकोट जिल्लाका ३१ वर्षीय दलसिंह तामाङ, जुम्ला जिल्ला गुठीचौर गाउँपालिकाका ३० वर्षीय दयानन्द गिरी, सप्तरी जिल्लाका २० वर्षीय दीपककुमार मण्डल, काठमाडौं जिल्ला सामाखुसीका ४४ वर्षीय दिलबहादुर सारु मगर, काठमाडौं बुढानीलकण्ठका १९ वर्षीय गणेश भण्डारी, धुमबराहीका ३७ वर्षीय गणेश कार्की, बर्दिया जिल्लाका २७ वर्षीय कमल सिंह ठकुरी






*प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः दिपेश सुनुवार, लच्छुमान राई, भीम राज धामी र दिपक सिंह साउद*

चाबहिलका १९ वर्षीय किरन कार्की, नुवाकोट जिल्लाका १७ वर्षीय कुमार तामाङ, धादिङ जिल्लाका २० वर्षीय मनोज परियार, बारा जिल्लाका १७ वर्षीय मासुम अन्सारी, सप्तरी जिल्लाका २४ वर्षीय एमडी सलाउद्दिन, आछाम जिल्लाका २० वर्षीय निशान शाही, सिरहा जिल्ला धनगढीमाइ नगरपालिका २४ वर्षीय निशेष महरा, काठमाडौँ बानेश्वरका २५ वर्षीय पारस बिक, काठमाडौँ महाराजगञ्जका ३३ वर्षीय प्रकाश विष्ट, सर्लाही जिल्लाका १६ वर्षीय प्रतिक शर्मा, सिन्धुली जिल्लाका ४३ वर्षीय प्रेमबहादुर कार्की, ललितपुर जिल्ला धापासीका ४२ वर्षीय पुस्कल मल्ल ठकुरी, सिन्धुली जिल्लाका २८ वर्षीय रवि भण्डारी, काठमाडौँ जिल्ला तारकेश्वर नगरपालिकाका ४६ वर्षीय राजेन्द्र डङ्गोल, रौतहट जिल्ला चन्द्रपुर नगरपालिकाका २७ वर्षीय राजेश भुजेल, काठमाडौँ महानगरपालिका-मित्रपार्कका २५ वर्षीय रमेश मण्डल, बुढानीलकण्ठका २८ वर्षीय रेशान्त उप्रेती, सोही ठाउँका २८ वर्षीया सजिना खड्का, भक्तपुर जिल्लाका २२ वर्षीय सागर लामा, स्याङ्जा जिल्ला सेतिबेनीका १९ वर्षीय साहिल आचार्य, बानेश्वरका २० वर्षीय साहिल अहमद, काठमाडौँ बिष्णुमतीका १४ वर्षीय सैजेन लामा, लालितपुर जिल्लाका १६ वर्षीय समिर मगर, मकवानपुर जिल्लाका २५ वर्षीय सञ्जय घिसिङ, काठमाडौँ बसुन्धराका २१ वर्षीय सञ्जयकुमार शर्मा, काठमाडौँ नारायणथानका २४ वर्षीय सन्तोष तामाङ, भोजपुरका २८ वर्षीय श्याम खत्री, काठमाडौँका २७ वर्षीय सोमबहादुर तामाङ र ४१ वर्षीय सोनम लामा, बझाङ जिल्लाका १६ वर्षीय सुगम बोहरा, काठमाडौँ बानेश्वरका १८ वर्षीया सुहोना पटेल, चितवन जिल्लाका ३१ वर्षीय सुजन लामा, भक्तपुर जिल्ला गोठाटारका ३१ वर्षीय सुन्दर रेग्मी, भक्तपुर जिल्लाका २८ वर्षीय सुनिल लामिछाने खत्री, बझाङ जिल्ला खप्तडछान्ना गाउँपालिकाका १८ वर्षीय सुनिल थापा, ओखलढुङ्गा जिल्लाका १८ वर्षीय सुनिल तामाङ, बाँके जिल्ला कोहलपुरका २३ वर्षीय सुरज सुनार, सिन्धुपाल्चोक जिल्लाका २० वर्षीय सुशान्त बोहोरा, खोटाङ जिल्लाका १८ वर्षीय सुशान्त घिमिरे, काठमाडौँ जिल्ला बानेश्वरका १७ वर्षीय सुशान्त शर्मा, काठमाडौँ धुमबराहीका १६ वर्षीय युकेश बस्नेत, काठमाडौँका २८ वर्षीय योगेन्द्र मगर र २७ वर्षीय युवराज लामाको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार भयो।

चितवन जिल्लाका २१ वर्षीय अभिशेष घिमिरे, काठमाडौँ बागबजारका २० वर्षीय मनिस चौधरी, काठमाडौँ काभ्रेस्थलीका १९ वर्षीय रोशन शाही, गोरखा जिल्लाका २० वर्षीय सुजित थापा, काठमाडौँ सोह्रखुट्टेका २५ वर्षीय राजेश अधिकारी, जुम्ला जिल्लाका ३९ वर्षीय हरिभक्त रेग्मी, डोटी जिल्लाका २२ वर्षीय रत्न कोली, सोलुखुम्बु जिल्लाका २४ वर्षीय आशिष राई, काठमाडौँ सुन्धाराका १९ वर्षीय लक्ष्मण ब्लोन, रामेछाप जिल्लाका २५ वर्षीय सुबास श्रेष्ठ, काठमाडौँ जिल्ला कीर्तिपुरका २२ वर्षीय दौलत योगी, चितवन जिल्लाका ३७ वर्षीय रामप्रसाद सापकोटा, काठमाडौँ बग्गीखानाका २० वर्षीय सुजन खत्री, डडेलधुरा जिल्लाका २६ वर्षीय उद्धवबहादुर ऐडी, दाङ जिल्लाका २६ वर्षीय सुदीप सुनार, दैलेख जिल्लाका ३४ वर्षीय कमल डाँगी, भारत बिहार राज्यका १९ वर्षीय इसाद सैफ, भक्तपुर जिल्लाका ४८ वर्षीय रोशन श्रेष्ठ, सोही ठाउँका २६ वर्षीय साजन ठकुरी, काठमाडौँ बागबजारका २० वर्षीय शिशिर ओली, काठमाडौँ ज्ञानेश्वरका १७ वर्षीय उज्वल महर्जन, काठमाडौँ जिल्ला डिल्लीबजारका १८ वर्षीय यमबहादुर साउद, काठमाडौँ जडिबुटीका १८ वर्षीय सोहेल मिया, भक्तपुर बालकोटका ३६ वर्षीय रामपुकार सुनदास, काठमाडौँ जिल्ला बबरमहलका ६० वर्षीय सीताराम महर्जन, गुल्मी जिल्लाका १८ वर्षीय बिष्णु बस्नेत, सप्तरी जिल्लाका २७ वर्षीय सागर कठायत र सप्तरी जिल्लाका ५९ वर्षीय योगेन्द्र अधिकारीको काठमाडौँ मोडल अस्पतालमा उपचार भयो।

ललितपुर जिल्ला गोदावरी नगरपालिका-११ का २६ वर्षीय शिवपुकार यादव र २० वर्षीय सञ्जय मोहराको बज्रबाराही चापागाँउ अस्पतालमा उपचार भयो। काठमाडौँ जिल्लाका ३४ वर्षीय सिंहविक्रम पाण्डे र २५ वर्षीय सौगात श्रेष्ठको ह्याम्स अस्पतालमा उपचार भयो।

ललितपुर जिल्ला सुनकोठीका २० वर्षीय प्रविण श्रेष्ठ, ललितपुर इमाडोलका ३८ वर्षीय सन्दिप तामाङ




***प्रहरीको गोली लागेर मृत्यु भएका क्रमशः सुभराज बलामी श्रेष्ठ र निरज पन्त***

मकवानपुर जिल्ला हेटौँडाका ४६ वर्षीय उमेश राई, उदयपुर जिल्ला घर भई ललितपुर जिल्ला टिकाथली बस्ने २१ वर्षीय युदिप राउत र ललितपुर इमाडोलका ४१ वर्षीय प्रेम प्रसाद अधिकारीको किष्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालमा उपचार भयो।

भक्तपुर जिल्ला कौशलटारका १८ वर्षीय विराज खतिवडा, ललितपुर जिल्ला टिकाथलीका ३२ वर्षीय खेमबहादुर भण्डारी, भक्तपुर जिल्ला लोकन्थलीका २६ वर्षीय रुपक बादल र २९ वर्षीय राजु गोले, काठमाडौँ जिल्ला जडिबुटीका २३ वर्षीय खेमबहादुर श्रेष्ठ, भक्तपुर जिल्ला सानोठिमीका २३ वर्षीय रामकुमार रोका, भक्तपुर जिल्ला ठिमी नगरपालिकाका २५ वर्षीय जीवनराज न्यौपाने र भक्तपुर जिल्ला पुरानो ठिमीका १९ वर्षीया रबिना अधिकारीको नागरिक अस्पताल, गठ्ठाघरमा उपचार भयो।



*समाचार सङ्कलनका क्रममा तीनकुनेमा आगलागीमा परी मृत्यु भएका पत्रकार सुरेश रजक*

दोलखा जिल्लाका २२ वर्षीय आयुष महत, काठमाडौँ जिल्ला अनामनगरका २४ वर्षीया खुशी कँडेल, दैलेख जिल्लाका २८ वर्षीय दीपेन्द्र बस्नेत, ललितपुर जिल्ला च्यासलका २२ वर्षीय साहिल शाही, सर्लाही जिल्लाका ४० वर्षीय संजयप्रसाद सिंह, काठमाडौँ जिल्ला त्रिपुरेश्वरका ४० वर्षीय नविन केसी, भक्तपुर जिल्ला काँडाघारीका २० वर्षीय निरज कुमार, कैलाली जिल्ला टिकापुरका २६ वर्षीय सन्तोष तिरुवा, कैलाली जिल्ला धनगढीका ४० वर्षीय अशोक शर्मा, भारत दिल्लीका ५० वर्षीय संजिव बंसल, भक्तपुर जिल्ला बालकोटका २१ वर्षीया अश्लेसा लुइँटेल, बारा जिल्लाका ३३ वर्षीय जनकप्रसाद कुसवाहा, काठमाडौँका ५२ वर्षीय बसन्तकुमार चौधरी र ४० वर्षीया दुर्गालक्ष्मी बस्नेतको अन्नपूर्ण न्यूरो अस्पताल, माइतीघरमा उपचार भयो।

काठमाडौँ जिल्लाका २२ वर्षीय विज्ञान काफ्ले, ३६ वर्षीय सूर्य खत्री, २१ वर्षीय साहिल अहमद, १७ वर्षीय केशव बि.क, ३१ वर्षीय अनिल परियार, २४ वर्षीय जगदिश परियार, २६ वर्षीय दिपन गुरुङ, ३२ वर्षीय निर्मल तामाङ, २९ वर्षीय लक्ष्मण कँडेल, १८ वर्षीय निसान साह, ३१ वर्षीय दलसिंह तामाङ, ४४ वर्षीय दिलबहादुर सारुमगर, २० वर्षीय सुशान्त बोहरा, २५ वर्षीय दिपेश सुनवार, ४३ वर्षीय प्रेमबहादुर कार्की, २४ वर्षीय अनुपराज कार्की, २३ वर्षीय सञ्जय घिसिङ, १८ वर्षीय सुशान्त घिमिरे, २८ वर्षीय डोरबहादुर बुढा, ४३ वर्षीय शालिग्राम रिमाल, २४ वर्षीय जगदिश परियार र ३० वर्षीय दयानन्द गिरीको मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर उपचारमा भयो।

धरान, सुनसरीका २१ वर्षीय ऐवान मगर, कास्की घर भई सामाखुसी बस्ने ६० वर्षीय भरतप्रसाद श्रेष्ठ, काठमाडौँ जिल्ला काभ्रेस्थलीका ४४ वर्षीय ज्ञानेन्द्र तिमल्सिना, भोजपुर जिल्ला घर भई काठमाडौँ बुढानीलकण्ठ बस्ने २१ वर्षीय कालाबहादुर रोकाया, दोलखा जिल्ला घर भई काठमाडौँ कलङ्की बस्ने १९ वर्षीय कृष्णमान तामाङ, काठमाडौँ जिल्ला तारकेश्वर नगरपालिकाका ३९ वर्षीय कुमार दाहाल, उदयपुर जिल्लाका १९ वर्षीय फणेन्द्र तामाङ, नुवाकोट जिल्लाका ३१ वर्षीय राजाराम घिमिरे, काठमाडौँ जिल्ला गोंगबुका १९ वर्षीय रोहित ठाकुर, काठमाडौँ बुढानीलकण्ठका २१ वर्षीय समिर मगर, काठमाडौँ बसुन्धराका ३१ वर्षीय सुवास रसैली, सर्लाही जिल्लाका १९ वर्षीय सुबेक कुमार भण्डारी र काठमाडौँ जिल्ला धर्मस्थलीका ३१ वर्षीय सुरज श्रेष्ठको ग्राण्डी अस्पताल, टोखामा उपचार भयो।

काठमाडौँ जिल्ला गोंगबुका २४ वर्षीय जेनिश मानन्धर, काठमाडौँ महाराजगंजका २३ वर्षीय निश्चल थापा र २८ वर्षीय अंकित अधिकारी, काठमाडौँ गागलफेदीका २५ वर्षीय सुशान्त क्षेत्री, झापा जिल्लाका २० वर्षीय रोमन भट्टराई,







*प्रदर्शनकारीको आक्रमणमा परी मृत्यु भएका क्रमशः प्रहरी सहायक हवल्दार अमृत गुरुङ, असई मिलन राय र प्रहरी जवान उत्तम थापा*

झापा जिल्ला घर भई माछापोखरी बस्ने पोनम भट्टराई, काठमाडौँ बसुन्धराका ४२ वर्षीय रोशन सुवेदी, सुर्खेत जिल्लाका ५५ वर्षीय देवि न्यौपाने, रामेछाप जिल्लाका ४५ वर्षीय धननारायण श्रेष्ठ, स्याङ्जा जिल्लाका १८ वर्षीय गणेश भण्डारी, उदयपुर जिल्ला गाईघाटका ३७ वर्षीय गणेश कार्की, लमजुङ जिल्लाका २३ वर्षीय प्रभात गुरुङ, काठमाडौँ जिल्लाका २१ वर्षीय कृष्ण ढकाल, २३ वर्षीय हेमराज तामाङ, ४३ वर्षीय निरजबहादुर खड्का, कीर्तिपुरका राम श्रेष्ठ, काठमाडौँ बसुन्धराका प्रकाश क्षेत्री, २५ वर्षीय दीपक बनियाकोटी र ४० वर्षीय नविन तामाङको मेट्रो काठमाडौँ अस्पतालमा उपचार भयो।

भक्तपुर जिल्ला, हर्षचोकका २४ वर्षीय विवेक श्रेष्ठ, दुवाकोटकी १८ वर्षीया ओजष्वी दुवाल, थिमीका २३ वर्षीय कमल विश्वकर्मा, लोकन्थलीका १९ वर्षीय काइजेन चौलागाई, सूर्यविनायकका ४१ वर्षीया अनिता मैया न्हेमाफुकी, काभ्रे जिल्लाका २७ वर्षीय मिलसराज गिरी, भक्तपुर जिल्ला सरस्वतीखेलका १७ वर्षीय सञ्जोग कुँवर, पनौतीका २३ वर्षीय राजेश गौतम, सिन्धुपाल्चोक जिल्लाका ४२ वर्षीय राजकुमार अधिकारी र काभ्रे जिल्ला गम्छाका २३ वर्षीय शिव सुवेदीको मध्यपुर अस्पताल थिमीमा उपचार भयो।

बैतडी जिल्लाका २५ वर्षीय हरिकृष्ण भट्ट, काठमाडौँ जिल्ला कालिमाटीका १९ वर्षीय सुजन दुनवार, बाफलका ३२ वर्षीय मोहम्मद दिलसाद, कैलाली जिल्ला धनगढीका २५ वर्षीय ऋषिराज यादव, काठमाडौँ जिल्ला कलङ्कीका ३५ वर्षीय सरोज पाण्डे, धादिङ जिल्लाका १८ वर्षीय सुजन श्रेष्ठ र २७ वर्षीय रोजन लामाको शुकराज अस्पताल, टेकुमा उपचार भयो।

ललितपुर जिल्ला मगरगाँउकी १५ वर्षीया दीक्षा केसी, पाँचथर जिल्लाका २३ वर्षीय सुहाङ तुमरोक, काठमाडौँ जिल्ला, जावलाखेलका २८ वर्षीय सुजन घतानी, ललितपुर जिल्ला सानेपाका ३४ वर्षीय प्रविन घिमिरे, काठमाडौँ शंखमुलका २४ वर्षीय लिजेन शेर्पा, ललितपुर जिल्लाका २० वर्षीय प्रनिश गुरुङ, एकान्तकुनाका १७ वर्षीय अमन थापा, ललितपुर खोकनाका ४० वर्षीय दीपक राई, दैलेख जिल्लाका २१ वर्षीय तपेन्द्र शाही, काठमाडौँ जिल्ला नक्खुका १८ वर्षीय सुदीप मगर र वनस्थलीका ३३ वर्षीय सोनामबहादुर पण्डेको नेपाल मेडिसिटी अस्पताल, नख्खु उपचारमा भयो।

ललितपुर जिल्ला सातदोबाटोका १६ वर्षीय



*प्रदर्शनकारीमाथि लाठी प्रहार गर्दै प्रहरी*

तेजस निरौला, काठमाडौँ चमाटीका २३ वर्षीय नविन भट्टराई, वनस्थलीका २२ वर्षीय क्षितिजसिंह परियार, शङ्खमूलका २२ वर्षीय रोशनकुमार महतो, दैलेख जिल्लाका २२ वर्षीय निशान आचार्य, ललितपुर जिल्ला टिकाथलीका २६ वर्षीय सैफुला हरावन, काठमाडौँ थानकोटका २२ वर्षीय अनिश भुजेल, काठमाडौँ सिमपाटीकी २० वर्षीया रितु लिम्बू, काठमाडौँ जिल्ला टोखाका ४७ वर्षीय रोमन शमशेर राना, काठमाडौँ जिल्ला, दिल्लीबजारका १८ वर्षीय जेनिस जोशी, सोलुखुम्बु जिल्लाका २१ वर्षीय फूली शेर्पा र २१ वर्षीय अविन राउतको नर्भिक अस्पताल, थापाथलीमा उपचार भयो।

काठमाडौँ जिल्लाका २३ वर्षीय निकेश रिजाल, २६ वर्षीय हरि अधिकारी, २१ वर्षीय पवन खड्का, १९ वर्षीय सौरभ कडायत, १७ वर्षीय हरि अधिकारी, २७ वर्षीय सन्देश प्रधान, १९ वर्षीय आशुतोष बस्नेत, २० वर्षीय सौरभ गौतम, १८ वर्षीय रोशन रेग्मी, २७ वर्षीय रुपेश कार्की, १७ वर्षीय हरि बहादुर शाही, २९ वर्षीय प्रकाश बोहरा, ५२ वर्षीय हरिहर सिलवाल, ३० वर्षीय नेत्रबिक्रम थापा, २६ वर्षीय दिलिपकुमार भुजेल, २२ वर्षीय नवीन तामाङ, २५ वर्षीय मदन कार्की, २२ वर्षीय अश्विन राई, १९ वर्षीय अनिल तामाङ, २२ वर्षीय मुकेश अवस्थी, २१ वर्षीय जन्तीसिहं ठकुरी, २५ वर्षीय राजेश साउद, १७ वर्षीय नोर्बु तामाङ, ३३ वर्षीय निक मगर, २६ वर्षीय पवन शाही, २० वर्षीया लीजा अधिकारी, २७ वर्षीय प्रकाश धामी, २० वर्षीय साही अहमद, २२ वर्षीय विजय अधिकारी, २७ वर्षीय रुपेश कार्की, १९ वर्षीया सुहानी श्रेष्ठ, २२ वर्षीय अभिषेक




*प्रदर्शनका क्रममा घाइते भएका आन्दोलनकारीलाई उद्धार गर्दै प्रहरी*

तन्डुकार, १७ वर्षीय अभिषेक भण्डारी, २३ वर्षीय ऐयामान मगर, २१ वर्षीय सागर भट्टराई, २० वर्षीय अदियाराज राजवंशी, २२ वर्षीय सन्देश प्रधान, ३० वर्षीय सोम शर्मा, २० वर्षीय ईश्वर ढकाल, २२ वर्षीय सितिसज परियार, ३७ वर्षीय समु ढकाल, २१ वर्षीय लुसन सुब्बा, १९ वर्षीय नवीन श्रेष्ठ, २२ वर्षीय समिर लामा, ३० वर्षीय कपिल श्रेष्ठ, १९ वर्षीय नवीन श्रेष्ठ, २० वर्षीय साहिल अहमद, ३२ वर्षीय केशव अधिकारी, २० वर्षीय अशुतोष झा, २६ वर्षीय रोशन पराजुली, ३८ वर्षीय अभिषेक श्रेष्ठ, ४१ वर्षीय थीरप्रसाद कडरिया, २५ वर्षीय राकेश कुमार महतो, १९ वर्षीय आकाश बिक्रम सिंह, २६ वर्षीय जयकिशन मण्डल, २८ वर्षीय भुपेन्द्र केसी, ५३ वर्षीय लक्ष्मण दीपकर, २० वर्षीय निभा शेर्पा, १५ वर्षीया अंशा केसी, २३ वर्षीय रामबहादुर ओली, १९ वर्षीय सुशील पन्त, सूर्यराई, कुमार लामा, भावना पौडेल र सन्तकुमार महतको वीर अस्पतालमा उपचार भयो।

काठमाडौँ जिल्लाका ४७ वर्षीय सुरज बानिया, ४२ वर्षीय सन्तोष रुपाखेती, ३६ वर्षीय प्रकाश लामा, ४४ वर्षीय शशीकुमार मण्डल, ४९ वर्षीय ज्ञानबहादुर तामाङ, ३० वर्षीय विष्णुराज तिमिल्सेना, २५ वर्षीय प्रमोदकुमार यादव, ४८ वर्षीय गजानन्द महरा, ४२ वर्षीय तिलक बेल्बासे, ४२ वर्षीय प्रेमबहादुर महरा, ३२ वर्षीय तोपबहादुर सिमखडा, ४२ वर्षीय शान्त बस्नेत, ४० वर्षीया मुना खड्का, ३६ वर्षीय रामनाथ कुर्मी, ३७ वर्षीय देवकुमार यादव, ३२ वर्षीय देवराज कोइराला, ३७ वर्षीया मीना परियार, २८ वर्षीया सरस्वती कार्की, ३१ वर्षीय धीरेन्द्र विक, ३० वर्षीय राजकुमार चौधरी, २७ वर्षीय रूपलाल परियार, ३२ वर्षीय कर्णबहादुर खत्री, ३० वर्षीया सम्झना हमाल, २९ वर्षीया कविता दाहाल, २७ वर्षीया उपासना खतिवडा, २७ वर्षीय टेकेन्द्र तिवारी, २९ वर्षीय भूपेन्द्र श्रेष्ठ, २५ वर्षीय डम्मरबहादुर धामी, २९ वर्षीया मीना आलेमगर, ४७ वर्षीय सुरज बानियाँ, ४८ वर्षीय गजेन्द्र महरा, ३७ वर्षीया सरस्वती कार्की, ३७ वर्षीय रामनाथ कुर्मी, ३५ वर्षीय तोपबहादुर सिम्खडा, ३७ वर्षीय देवराज कोइराला, ३६ वर्षीय देवकुमार यादव, ३२ वर्षीया मीना परियार, ३० वर्षीया कविता दाहाल, २८ वर्षीय धीरेन्द्र बिक, २९ वर्षीय भूपेश श्रेष्ठ, ३१ वर्षीय राजकुमार चौधरी, २७ वर्षीय कर्णबहादुर खत्री, ३१ वर्षीया सम्झना हमाल, २४ वर्षीय रुपलाल परियार, २० वर्षीय रोशनकुमार शाही र २२ वर्षीय विशाल कुमाईको श्री वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार भयो।

काठमाडौँ जिल्लाका २२ वर्षीय अमरकुमार महतो, २० वर्षीय अनिल न्यौपाने, ४२ वर्षीय अनिल श्रेष्ठ, १९ वर्षीय भुवन दाहाल, ३० वर्षीय बिजेश तामाङ, २५ वर्षीय विक्रमकुमार यादव, २९ वर्षीय विनय लामा, २० वर्षीय विष्णु कार्की, ३४ वर्षीय दीपक सिंह, १६ वर्षीय दोर्जे तामाङ, १७ वर्षीया एकता शाह, ४८ वर्षीया गीतादेवी शाह, २५ वर्षीय हिक्मत भण्डारी, २८ वर्षीय जीवन पोखेल, २७ वर्षीय कमल घिमिरे, २३ वर्षीय लक्ष्मण राई, ३८ वर्षीया मीठु थापा, ३१ वर्षीय मोहन श्रेष्ठ, १९ वर्षीय निरज मण्डल, १७ वर्षीय पासाङ तामाङ, ३३ वर्षीय प्रतिस श्रेष्ठ, २४ वर्षीय राकेश शर्मा, २६ वर्षीय सञ्जीव यादव, ३१ वर्षीय श्रीकृष्ण गौतम, २४ वर्षीय सोवाङ लिम्बु, २१ वर्षीय सुजल विक, २६ वर्षीय सुरेन्द्र थापा, ४२ वर्षीय सुशीला वाइबा र २७ वर्षीय अनिल रञ्जुको काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो।

भक्तपुर जिल्लाका १२ र १५ वर्षीय बालक, १८ वर्षीय सागर थापा मगर, २५ वर्षीय रूस्तम शाक्य, ३० वर्षीय विकास श्रेष्ठ, ३० वर्षीय जीवन रेग्मी, २४ वर्षीय सागर लामा, २९ वर्षीय विपिन बैजु, ३५ वर्षीय सुरेश प्रजापति, ३६ वर्षीय सुरज राचल, ३८ वर्षीय राजेश राचल, ४० वर्षीय काजीराम कुसुला, २५ वर्षीय सुजन सैजी, ३० वर्षीय पृथ्वीराज काठपति, २८ वर्षीय पङ्कज बटाला, ४० वर्षीय कृष्णराज अंजाख्य, ३२ वर्षीय अनिल श्रेष्ठ, २७ वर्षीय राजु खत्री, ४९ वर्षीय बिदुर क्षेत्री, २५ वर्षीय उज्वल कार्की, ४८ वर्षीय नारायण किलम्बु, ४० वर्षीय मनोज बम, ४७ वर्षीय रूपेश

कार्की र ६८ वर्षीय गोरखबहादुर बुढाथोकीको भक्तपुर अस्पतालमा उपचार भयो।

काठमाडौँ जिल्ला बालाजुका १८ वर्षीय सञ्जे लामा, फुटुङका २८ वर्षीय आशिष खत्री, ठूलोभऱ्याङका २५ वर्षीय अभिषेक खड्गी, बालाजुकी २० वर्षीया एञ्जल राई, बालाजुका ३६ वर्षीय भीमबहादुर मगर, बालाजुका २२ वर्षीय विकास तामाङ, नयाँ बजारका २५ वर्षीय बिक्रम गुरुङ, लमजुङ जिल्लाका ३४ वर्षीय विनय घले, काठमाडौँ जिल्ला बालाजुका २४ वर्षीय विनोद श्रेष्ठ, बालाजुका २८ वर्षीय गणेश खत्री, कास्की जिल्ला पोखराका ४४ वर्षीय हिराबहादुर गुरुङ, रूकुम जिल्लाका २४ वर्षीय जगदिश परियार, काठमाडौँ जिल्ला ढुङ्गेधाराका १९ वर्षीय कपिल पोखरेल सानोभऱ्याङका ३० वर्षीय कृष्ण तामाङ, बालाजुका १९ वर्षीय मीनबहादुर तिवारी, बालाजुका ६० वर्षीय नवराज पौडेल, नुवाकोट जिल्ला त्रिशुली गाउँपालिकाका २९ वर्षीय निरन्जन सापकोटा, काठमाडौँ जिल्ला बालाजुका ३० वर्षीय ओमप्रकाश चौधरी, बालाजुका २२ वर्षीय रमित परियार, गोंगबुका १९ वर्षीय साजन तामाङ, बनस्थलीका २९ वर्षीय सन्देश पनेरु, मनमैजुका ३० वर्षीय शंकर तिम्लसिना, बोहोराटारका १९ वर्षीय सृजन मगर, बालाजुका २० वर्षीय शुभम गुरुङ, बनस्थलीका २७ वर्षीय सुदीप विक, बालाजुका २८ वर्षीय सुमन गुरुङ, बालाजुका ३१ वर्षीय सुसान्त श्रेष्ठ, धादिङ जिल्लाका ४४ वर्षीय यमबहादुर कँडेल, काठमाडौँ जिल्ला तारकेश्वर नगरपालिकाकी नीता तामाङ, काठमाडौँका सान्तापाल मर्हजन र पहिचान नखुलेका दुई जनाको सिल्भरलाइन अस्पताल, बालाजुमा उपचार भयो।

दार्चुला जिल्लाका २१ वर्षीय अविन रावत, काठमाडौँ जिल्ला बल्खुका १७ वर्षीय आफ्ताब अन्सारी, २४ वर्षीय दीपक साउद, ४२ वर्षीय देवराज श्रेष्ठ, ५१ वर्षीय सुरेश धिताल, ३६ वर्षीय अनिलकुमार तामाङ, १६ वर्षीय जोसेफ मण्डल र १६ वर्षीय पिन्टु साह, काठमाडौँ जिल्लाकी २३ वर्षीया अमिसा बुढाथोकी, २४ वर्षीय सुजन चौलागाईं र २५ वर्षीय खगेन्द्र बुढा, काठमाडौँ जिल्ला थानकोटका २२ वर्षीय अनिस भुजेल, टेकुका २७ वर्षीया आरती कुमारी, गोर्खा जिल्लाका २८ वर्षीय अर्जुन भट्ट, काठमाडौँ माइतीघरका ३२ वर्षीय अर्जुन थापा, काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाका ४५ वर्षीय वर्ष धमला, उदयपुर जिल्लाका ३० वर्षीय देवकुमार सुवेदी, काठमाडौँ जिल्ला बनस्थलीका २२ वर्षीय क्षितिजसिंह परियार, काठमाडौँ कुलेश्वरका ४८ वर्षीय कुलबहादुर तामाङ, काठमाडौँ चमाटीका २३ वर्षीय नवीन भट्टराई, काठमाडौँ कलंकीका ३९ वर्षीय नरेन्द्र थापा, दैलेख जिल्लाका २२ वर्षीय निशान आचार्य, काठमाडौँ जिल्ला कीतिपुरका २० वर्षीय पारस बोहरा र ४८ वर्षीय रमेश डङ्गोल, सोलुखुम्बु जिल्लाका २१ वर्षीया फुली शेर्पा, भक्तपुर बालकोटका १४ वर्षीय रणवीर आर्लोमी मगर, काठमाडौँ कालीमाटीका ३७ वर्षीया रीना गुप्ता, सिसम्तीका २० वर्षीया रितु लिम्बू, कैलाली जिल्ला धनगढीका ३० वर्षीय रोहित चन्द, काठमाडौँ जिल्ला टोखाका ४७ वर्षीय रोमन शमशेर राना, शंखमुलका २२ वर्षीय रोशनकुमार महतो, ललितपुर जिल्ला टिकाथलीका २६ वर्षीय सैफुला हरावन, काठमाडौँ जिल्ला लाजिम्पाटका ४१ वर्षीय श्रीगुरुङ, सिन्धुली जिल्लाका ३२ वर्षीय शिखर श्रेष्ठ, रौतहट जिल्लाका ३८ वर्षीय सुनितकुमार झा, ललितपुर जिल्ला सातदोबाटोका १६ बालक र डिल्लीबजारका जेनीस जोशीको बयोधा अस्पताल, बल्खुमा उपचार भयो।

काठमाडौँ जिल्ला माइतीघरका २० वर्षीय नागेन्द्र भण्डारी, १७ वर्षीय प्रेनिल पौडेल, २५ वर्षीय कुमार श्रेष्ठ, बर्दिया जिल्लाकी २३ वर्षीया सन्तोषी रावल, दार्चुला जिल्लाका २४ वर्षीय भूपेन्द्रसिंह ठगुन्ना, काठमाडौँ कीर्तिपुरका २६ वर्षीय लोकेन्द्र खड्का, २४ वर्षीय अमृत माझी, ३६ वर्षीय दिपेन महर्जन, ३३ वर्षीय राजेश बोहरा र २१ वर्षीय अजय थापा, डोटी जिल्लाका २६ वर्षीय जीतबहादुर भण्डारी, धादिङ जिल्लाका १८ वर्षीय सुदीप रम्तेल, काठमाडौँ जिल्लाका १७ वर्षीय अजय लामिछाने, कैलाली जिल्लाका २१ वर्षीय अमन कुँवर, बैतडी जिल्लाका २० वर्षीय बासु पुजारा, सप्तरी जिल्लाका २२ वर्षीय भूपेन्द्र यादव, उदयपुर जिल्लाका ३० वर्षीय विज्ञान राई, सिरहा जिल्लाका ४४ वर्षीय वीरेन्द्रकुमार साह, रुकुम पश्चिम जिल्लाका १८ वर्षीय चित्र घर्ती, ओखलढुङ्गा जिल्लाका २६ वर्षीय दीपक भुजेल, बैतडी जिल्लाका २३ वर्षीय लक्ष्मण भण्डारी र २४ वर्षीय हरिस भुल, दार्चूला जिल्लाका ३१ वर्षीय करनसिंह धामी, काठमाडौँ कीतिपुर-२ का ३३ वर्षीय निक मगर, महोत्तरी जिल्ला बर्दिबासका २९ वर्षीय प्रदीप सिङ, पर्सा जिल्ला वीरगञ्ज महानगरपालिकाका १८ वर्षीय रवि यादव, काभ्रे जिल्लाका २३ वर्षीय राजेश गौतम, सिरहा जिल्ला गोलबजारका २१ वर्षीय शिवम् साह, रामेछाप जिल्लाका २५ वर्षीय सुवास श्रेष्ठ, काभ्रे जिल्लाका ३७ वर्षीया सुकमाया प्रधान, काठमाडौँ सतुङ्गलका ३० वर्षीय सुमन र काठमाडौँ

दक्षिणकालीकी ४५ वर्षीया सुनमाया तामाङको कीर्तिपुर बर्न अस्पतालमा उपचार भयो।

काठमाडौँ जिल्ला धापासीका २६ वर्षीय अविनाश भण्डारी, काठमाडौँका ३८ वर्षीय अमृत गुरुङ, इमाडोलका २६ वर्षीय अनिस खरेल, गौरीघाटका २३ वर्षीय आशिष कार्की, कपनका २६ वर्षीय अशोक अवस्थी, डोल्पा जिल्लाका २२ वर्षीय अशोक रोकाया, काठमाडौँ गौरीघाटका ३९ वर्षीय आसुतोषविक्रम साह, साँखुका १६ वर्षीय आयुष दाहाल, हुम्ला जिल्लाका १२ वर्षीय बेल्जियम रावत, झापा जिल्लाका ५१ वर्षीय विजय पौडेल, काठमाडौँ जिल्ला बुढानीलकण्ठका ३७ वर्षीय बिनोद थापा, काठमाडौँका ५१ वर्षीय चक्रराज जोशी, दोलखा जिल्लाका ४७ वर्षीय इन्द्रबहादुर विश्वकर्मा, ओखलढुङ्गा जिल्लाका २९ वर्षीय इन्द्र सुतार कार्की, सिन्धुपाल्चोक जिल्ला चौताराका ४७ वर्षीय जयराम ढकाल, इलाम जिल्ला फिक्कलका २१ वर्षीय जीवन मगर, काठमाडौँ जिल्लाका ४३ वर्षीय काशीराम कार्की, धापासीका ३४ वर्षीय लक्ष्मण बर्मा, धनुषा जिल्ला जनकपुरकी २० वर्षीया मनिषाकुमारी साह, काठमाडौँ चाबहिलका २३ वर्षीय मनोज तामाङ, बालाजुका ३४ वर्षीय मिलन पोखरेल, काठमाडौँका २८ वर्षीय नितिज अधिकारी, धादिङ जिल्लाका २३ वर्षीय नवराज गुरुङ, ललितपुर जिल्ला सुनकोठीका १८ वर्षीय प्रविण श्रेष्ठ, काठमाडौँ इमाडोलका ३५ वर्षीय प्रकाश पहारी, काठमाडौँ जिल्ला काँडाघारीका ३३ वर्षीय प्रमोद बस्नेत, ललितपुर जिल्लाका ४१ वर्षीय प्रेम बस्नेत, ललितपुर जिल्ला जावलाखेलका ४१ वर्षीय प्रेम बस्नेत, काठमाडौँका ३३ वर्षीय रवि श्रेष्ठ, काठमाडौँ सिफलका ३२ वर्षीय रविन भुजेल, काठमाडौँका १९ वर्षीय राजाबाबु यादव, काठमाडौँका ३० वर्षीय राजु गैरे, पर्सा जिल्ला वीरगञ्जका ३० वर्षीय राजवीर ठाकुर, नुवाकोट जिल्लाका ३८ वर्षीय रामकृष्ण ढुङ्गाना, काठमाडौँ बौद्धका २६ वर्षीय रेश्म तामाङ, गौरीघाटका २० वर्षीय रुपेश चौधरी, हरिसिद्धिका ३५ वर्षीय सवीर महर्जन, नुवाकोट जिल्लाका ४३ वर्षीय शालिग्राम ढुङ्गाना, हुम्ला जिल्ला मुलपानीका २४ वर्षीय सितल बुढा, काठमाडौँ ग्वार्कोका ३३ वर्षीय शुभम पनेरु, ललितपुर जिल्ला सातदोबाटोका ४९ वर्षीय श्याममणि पोखरेल, काठमाडौँ जडीबुटीका २० वर्षीय सुधन्त बोहरा, सांखुका २३ वर्षीय सुदीप थापा मगर, ललितपुर जिल्ला सातदोबाटोका ४६ वर्षीय सुरज बोहरा, भक्तपुर जिल्लाका ३५ वर्षीय सुरेश प्रजापति, काठमाडौँका जडिबुटीका २४ वर्षीय टेकबहादुर बस्नेत, बौद्धका २२ वर्षीय योग तामाङ र ठिमीका २७ वर्षीय युनिक लामाको मेडिकेयर अस्पताल, चाबहिलमा उपचार भयो।

काठमाडौँ जिल्लाका १९ वर्षीय आकाश श्रेष्ठ, २५ वर्षीय आयुष घिमिरे, २१ वर्षीय अभिषेक थापा, ३० वर्षीय अच्युत शर्मा, २० वर्षीय आदित्यराज बस्नेत, २२ वर्षीय आदित्य राजवंशी, २० वर्षीय अग्नाती श्रेष्ठ, २२ वर्षीय आकाश भण्डारी, २९ वर्षीय आकाश बिक्रम, अकक्ष सुवेदी, २८ वर्षीय अमर खावास, २० वर्षीय अमृत भुजेल, १९ वर्षीय आन्नद प्रजापति, ३० वर्षीय अनन्त बुढाथोकी, ३२ वर्षीय अङ्गत मल्ल, २६ वर्षीय अनिश मैनाली, २० वर्षीय अनुराग गुरुङ, २० वर्षीय अर्जुन खड्का, २६ वर्षीय अशोक घोरासैनी, २५ वर्षीय आयुष घिमिरे, भुमेन्द्र केसी, २३ वर्षीय विवेक चोङ, २१ वर्षीय विकास ओझा, २९ वर्षीय विकास पौडेल, ४२ वर्षीय विकास देवारे, २२ वर्षीय विवेक श्रेष्ठ, २८ वर्षीय देहेब भुजेल, २३ वर्षीय धर्मेन्द्र कार्की, २२ वर्षीय दिगमग खड्का, ४२ वर्षीय दिलबहादुर तामाङ, १८ वर्षीय दिनेश भट्ट, २३ वर्षीय घनश्याम कार्की, २३ वर्षीय इमाम मयाब, २१ वर्षीया ज्यासमिन ओझा, २८ वर्षीय जयकृष्ण मण्डल, ३१ वर्षीय खेमबहादुर क्षेत्री, क्षितिजसिंह परियार, ५४ वर्षीय लक्ष्मण दिपकर, २९ वर्षीय मानसिङ शेर्पा, मनिश कटुवाल, २९ वर्षीय मनसिंह शेर्पा, २२ वर्षीय मोहम्मद आशिफ, २२ वर्षीय मिहम्मद मोहिम, २७ वर्षीय मुकेश रानाभाट, २२ वर्षीय नविन भट्टराई, १९ वर्षीय नविन श्रेष्ठ, २२ वर्षीय नेहा पायल, ५३ वर्षीय निमा शेर्पा, २८ वर्षीय निमाग श्रेष्ठ, १६ वर्षीय निश्चल प्रजापति, २२ वर्षीय निश्चल (थर नखुलेको), २३ वर्षीय पदमबहादुर खत्री, १८ वर्षीय पदम बुढाथोकी, २३ वर्षीय पदमबहादुर विक, २३ वर्षीय पङ्कज पन्त, २३ वर्षीय प्रज्वल काफ्ले, २८ वर्षीय प्रज्वल ओझा, उमेर नखुलेका पुरूषोत्तम कार्की, रविना लामा, राज काफ्ले, २६ वर्षीय राजन सुवेदी, २० वर्षीय राजीव नकर्मी, २० वर्षीय रक्षक बस्नेत, २३ वर्षीय रमिद धमला, २३ वर्षीय रामजी धमला, १८ वर्षीय रामराज खड्का, ४२ वर्षीय रेनल गुरुङ, २९ वर्षीया रेश्मा, १७ वर्षीय रिजन मगर, उमेर नखुलेका शम्भु ढुङ्गेल, समेन्द्र कार्की, २२ वर्षीय समिर लामा, २२ वर्षीय (नाम नखेलेका) सामी, १८ वर्षीय समिन्द्र पोखरेल, २२ वर्षीय समिर लामा, १४ वर्षीय सम्राट प्रधान, २८ वर्षीय शसल श्रेष्ठ २० वर्षीय शौरभ (थर नखुलेको), २७ वर्षीय श्यामप्रसाद न्यौपाने, २० वर्षीय सिसन दङ्गाल, १४ वर्षीय स्मारिका प्रधान, २२ वर्षीय सुदीप यादव, २१ वर्षीय सुमित यादव, १९ वर्षीय सुरेन्द्र कटुवाल, वर्षीय

सुरेश पोखेल, काठमाडौँका बानेश्वरका २० वर्षीय आदित्यराज बस्नेत, २० वर्षीय आदित्य राजभण्डारी, भक्तपुर जिल्ला काडाँघारीकी ३३ वर्षीया अलिजा गिरी, प्रहरी परिसर काठमाडौँका २८ वर्षीय चुमनसिंह धामी, काठमाडौँ जिल्ला बलम्बुका ४१ वर्षीय डिएसपी, जग्देश्वर भण्डारी, ललितपुरका नविन भट्टराई, ललितपुर जिल्ला कुपण्डोलका १९ वर्षीय नवीन श्रेष्ठ, काठमाडौँ जिल्ला चाबहिलका १७ वर्षीय निश्चल सुवेदी, काठमाडौँ नयाँ बानेश्वरका २६ वर्षीय प्रदीप ज्ञवाली, ललितपुर जिल्लाका २८ वर्षीय प्रज्वल ओझा, सोही ठाउँका २१ वर्षीय समिर आचार्य, काठमाडौँ जिल्लाका १९ वर्षीय सम्राट तामाङ, कञ्चनपुर जिल्ला महेन्द्रनगरका १९ वर्षीय सुशील पन्त, काठमाडौँ जिल्लाका २० वर्षीय स्वस्तिका प्रधान, २० वर्षीय यमन थापा मगर र २१ वर्षीय युवराज उपाध्यायको एभरेष्ट अस्पताल, बानेश्वरमा उपचार भयो।

भारत घर भएका २२ वर्षीय अभिषेककुमार साही र भारतका २२ वर्षीय सर्वेश यादव, कान्तिपुर टेलिभिजनका फोटो पत्रकार काठमाडौँका २२ वर्षीय सम श्रेष्ठ, काठमाडौँका २२ वर्षीय आदित्य रावल, २० वर्षीय आशिष बिष्ट, २६ वर्षीय आयुस बिक, २१ वर्षीय आयुष सुवेदी, २२ वर्षीय बेकाम देउला, २० वर्षीया भूमिका पोखरेल, १८ वर्षीय विवेक अर्याल, २१ वर्षीय विवेक यादव, ४६ वर्षीय विजय साह, १९ वर्षीय अभिनव साह, २१ वर्षीय निवेश केसी,२२ वर्षीय विनोद विक, २८ वर्षीय बिन्तोस केसी, २४ वर्षीय विशाल बम, २२ वर्षीय विशाल बराल, २२ वर्षीय चासुङ् राइ, ३८ वर्षीय चिजकुमार कुमाल, २० वर्षीया दावा डोल्मा शेर्पा,२३ वर्षीय धड्कार सुब्बा, १८ वर्षीय धनबहादुर शाही, ६० वर्षीय धनराज गिरी, २२ वर्षीय धर्मेन्द्र शाही, २२ वर्षीय डिकेन काफ्ले, २८ वर्षीय दिल तामाङ, २३ वर्षीय दिलिप केसी, २२ वर्षीय दिवकुमार दास, १५ वर्षीया इभालिना मैनाली, २८ वर्षीय फिरोज मियाँ, ३४ वर्षीय गगनप्रसाद कुशवाह, १९ वर्षीय दिनेश ढाँट, ४९ वर्षीय हरिराम जोशी, २१ वर्षीय हिरासिंह ओली, २४ वर्षीय ईश्वर सिंह, १९ वर्षीय इश्या ढकाल, ३४ वर्षीय जनकप्रसाद कुसुवाहा, ३६ वर्षीय जेन रञ्जित, २३ वर्षीय कमलप्रसाद निरौला, २५ वर्षीय केशव लिम्बू, २० वर्षीय किशोर ढकाल, १६ वर्षीय क्रिस गुरुङ, २२ वर्षीय क्रिस श्रेष्ठ, १८ वर्षीय कृष्ण सुनार, २८ वर्षीय क्रिस्टल भट्ट, १८ वर्षीय कुशल बुढाथोकी, २३ वर्षीय लालनाथ योगी, ३५ वर्षीय लक्ष्मण जोशी, २२ वर्षीय लोकेन्द्र खड्का, २३ वर्षीय लोकराज उपाध्याय, २४ वर्षीय मधु तन्को, २७ वर्षीय महादेव बीसी, १९ वर्षीय महेन्द्र रावल, ४५ वर्षीय मानबहादुर चन्द, २७ वर्षीय मन्दीप महर्जन, २४ वर्षीय मनु ठाकुर, २३ वर्षीय मोहम्मद फैजल रैन, २३ वर्षीय मोम्मद नियाज अन्सारी, १६ वर्षीय मोहम्मद जिशान, २२ वर्षीय मिलन गुरुङ, २९ वर्षीय मिलन गुरुङ (प्रहरी), १९ वर्षीय मिर्पा रोकाया, ३१ वर्षीय मोहन श्रेष्ठ, ४९ वर्षीय निमा दोर्जे तामाङ, ४९ वर्षीय नेपबहादुर तामाङ, २४ वर्षीय निलेश कुंवर, १८ वर्षीय निरजसिंह लामा, १६ वर्षीय निराजन कुँवर, १८ वर्षीय निर्पा रोकाया, १४ वर्षीय निशान खत्री, २४ वर्षीय निशेष महरा, १८ वर्षीय नितेश झा, २३ वर्षीय नितेश पटेल, ३८ वर्षीय नोरबहादुर माझी, २० वर्षीय ओम गमल, ३२ वर्षीय ओम प्रकाश महत, २० वर्षीय ओसिन गाईदारु, २५ वर्षीय पारस बिक, २६ वर्षीय प्रविन बिष्ट, २६ वर्षीय प्रकाश बिष्ट, १७ वर्षीय प्रमिस जि.सी, ३३ वर्षीय प्रमोद ढुङ्गाना, २३ वर्षीय प्रनिस तिवारी, २५ वर्षीय प्रशन्न काफ्ले, २० वर्षीय प्रताप बिष्ट, २० वर्षीया प्रिती झा, १८ वर्षीय प्रेम तामाङ, ३२ वर्षीया राधिका सुवेदी, २० वर्षीय राहुल खत्री, २२ वर्षीय रवि बिष्ट, २६ वर्षीय रविन बिष्ट, २० वर्षीय राज कार्की, ३३ वर्षीय राजा विश्वकर्मा, १७ वर्षीय राजासी बस्नेत ३४ वर्षीय राजेन्द्रकाजी रसाइली, ४५ वर्षीय रामभक्त खड्गी, ४३ वर्षीय रामचन्द्र ढकाल, २२ वर्षीय रामेन्द्र धामी, काठमाडौँका २३ वर्षीय रणदीप मिश्रा, काठमाडौँका १८ वर्षीय रिकेस कार्की, काठमाडौँ जिल्लाका २२ वर्षीय रिमेन शाक्य, काठमाडौँ जिल्लाका २१ वर्षीय रिमेन शाक्य, काठमाडौँका १९ वर्षीय रोहित बराल, काठमाडौँका २८ वर्षीय रोहित चन्द, २२ वर्षीय रुपेन्द्र दाहाल, २० वर्षीय रुपेस यादव, २६ वर्षीय रुपिन खड्का, ४३ वर्षीय सबिन मगर, ३६ वर्षीया सावित्री पड्गेनी, ३५ वर्षीय सागर चापागाईं, ३२ वर्षीय सागर प्रधान, २१ वर्षीय साजन कार्की, ५० वर्षीय सालिन शेरचन, १९ वर्षीय समिर लामा, २१ वर्षीय समित न्यौपाने, २८ वर्षीय सञ्जय यादव, २१ वर्षीय सञ्जय सिंह, ५० वर्षीय सञ्जीवकुमार, १७ वर्षीय सङ्कल्प गिरी, २३ वर्षीय सन्तोष वैद्य, २८ वर्षीय सन्तोष केसी, २३ वर्षीय सन्तोष रावल, २४ वर्षीय सन्तोष चन्द, २३ वर्षीय सन्तोष वाइबा, ३८ वर्षीय सरिन मरासैनी, ४४ वर्षीय सतिन मामासु, ३१ वर्षीय सत्यमान थिङ, २१ वर्षीय सौरभ गिरी, १९ वर्षीय सौरभ कठायत, २२ वर्षीय शिव भुजेल, २० वर्षीय शिवम लाभ, २४ वर्षीय श्याम बोहरा, ६२ वर्षीय श्याम श्रेष्ठ, २४ वर्षीया स्मृती राई

, ३४ वर्षीय सोनम पटेल, ३० वर्षीय सुप शर्मा, १९ वर्षीय सुवास दाहाल, १८ वर्षीया सुहाना पटेल, १७ वर्षीया सुहाना श्रेष्ठ, २३ वर्षीय सुजनसिंह अवाली, १८ वर्षीय सुनिल थापा, २२ वर्षीय सुरज शर्मा, २० वर्षीय सूर्यबहादुर(थर नखुलेका), ४३ वर्षीय सूर्यबहादुर खत्री, २२ वर्षीय सूर्यराज परियार, २६ वर्षीय सुशील महतो, २८ वर्षीय युवराज जङ्ग थापा, १७ वर्षीय अभिषेक भण्डारी, २१ वर्षीय अभिषेक गोले, २१ वर्षीय अभिषेकराज मगर, २२ वर्षीय अभिषेक तण्डुकार, २० वर्षीय अभिष्ठ कार्की, ३१ वर्षीय अबिग खरेल, २२ वर्षीय अबिल ताम्राकार, २१ वर्षीय आदित्य साह, २७ वर्षीय आदित्य केसी, २६ वर्षीया आइसा खत्री, २० वर्षीया अलिसा राई, २० वर्षीय अमन ठाकुर, २३ वर्षीय अमिस बुढाथोकी, २४ वर्षीय आनन्द साह, १९ वर्षीय अनिल दास, १९ वर्षीय अङ्कित खनाल, २२ वर्षीय अङ्कित राई, २६ वर्षीय अंश केसी, १८ वर्षीय अनित केसी, २५ वर्षीय अनुप थापा, ४१ वर्षीय अर्जुन सोडारी, २४ वर्षीय आर्यन खतिवडा र २१ वर्षीया आशा आचार्य, धनुषा जिल्ला जनकपुरका २४ वर्षीय अजय साह, उदयपुर जिल्लाका २३ वर्षीय आकाश, ललितपुर जिल्ला पुलचोकका २४ वर्षीय अखिल बम, रौतहट जिल्लाका १८ वर्षीय अमन खान, काभ्रे जिल्लाका ३० वर्षीय अनिल श्रेष्ठ, काठमाडौँ सीतापाइलाका २६ वर्षीय अनिश घिमिरे, ओखलढुङ्गा जिल्लाका २४ वर्षीया अनिता सुनुवार, सिरहा जिल्लाका २४ वर्षीया अञ्जु महरा, काठमाडौँ पेप्सीकोलाका २१ वर्षीय अनुज पौडेल, सोही ठाउँका २१ वर्षीय अनुस पौडेल, बर्दिया जिल्लाका २७ वर्षीय अनुप चौधरी, ललितपुर जिल्लाका २८ वर्षीय अनुप लामा, सिन्धुली जिल्लाका ३१ वर्षीय अनुरोध मगर, काठमाडौँ जिल्लाका २१ वर्षीया अनुसा परियार, ललितपुर जिल्ला टिकाथलीका २२ वर्षीया अनुसा शाक्य, सर्लाही जिल्लाका २४ वर्षीय अर्जुन राई, बारा जिल्लाका २५ वर्षीय अर्पन खरेल, काठमाडौँ गोंगबुका २३ वर्षीय आशिष पोखेल, काठमाडौँ मैतीदेवीका २८ वर्षीय आशिष श्रेष्ठ, ओखलढुङ्गा जिल्लाका २३ वर्षीय अशोक खत्री, काठमाडौँ गोंगबुका २४ वर्षीय आयुष बिक, ललितपुर जिल्ला बङ्गलामुखीका २० वर्षीय बादल नेपाली, रौतहट जिल्लाका ३८ वर्षीय बासुदेव खड्का, स्याङ्जा जिल्लाका २४ वर्षीय बेराज मैना, काठमाडौँ सिनामंगलका ४१ वर्षीय भैरव बुढाथोकी, ओखलढुङ्गा जिल्लाका २४ वर्षीय भरत (थर नखुलेको), काठमाडौँ गोर्कणका २८ वर्षीय भूमिराज राई, दाङ जिल्लाका २७ वर्षीय भूपेन्द्र बस्नेत, रौतहटका २२ वर्षीय भूपेन्द्रकुमार यादव, बाँके जिल्ला कोहलपुरका २० वर्षीय विवेक भण्डारी, भक्तपुर जिल्लाका २४ वर्षीय विवेक श्रेष्ठ, २७ वर्षीय विराट जङ्ग कुँवर र ३६ वर्षीय बिक्की वाइबा, ओखलढुङ्गा जिल्लाका २५ वर्षीय विजय तामाङ, सर्लाही जिल्लाका ५९ वर्षीय भीमबहादुर खड्का, ललितपुर झम्सीखेलका ३१ वर्षीय विराजजङ्ग ठकुरी र ३१ वर्षीय बिराटसिंह ठकुरी, रौतहट जिल्लाका ४० वर्षीय वीरे शाह, काठमाडौँका ललितपुर इमाडोलका २८ वर्षीय वीरेन्द्र चौधरी, कीर्तिपुरका २१ वर्षीय विशाल (थर नखुलेका), बर्दिया जिल्लाका २१ वर्षीय विशाल केसी, मोरङ जिल्ला विराटनगर महानगरपालिका २५ वर्षीय विष्णु बिष्ट, सर्लाही जिल्लाका २० वर्षीय विष्णु कार्की, बाँके जिल्ला कोहलपुरका २० वर्षीय विविध भण्डारी, काठमाडौँ सुन्दरीजलका २८ वर्षीय च्याङ्बा तामाङ, कीर्तिपुरका १८ वर्षीय चित्र घर्ती, डल्लुका २५ वर्षीय डम्बर केसी, सिन्धुली जिल्लाका ४४ वर्षीय डम्बर तामाङ, काठमाडौँ कोटेश्वरका १५ वर्षीय बालक, ओखलढुङ्गा जिल्लाका २६ वर्षीय दीपबहादुर भुजेल, ललितपुर जिल्ला लुभुका २३ वर्षीय दीपक दाहाल, काठमाडौँ पेप्सीकोलाका १९ वर्षीय दीपककुमार मण्डल, काभ्रे जिल्लाका २२ वर्षीय देवराज तामाङ, काठमाडौँ न्यूरोडका २१ वर्षीय धिरेन्द्र राई, बझाङ जिल्लाका १८ वर्षीय धिरेन्द्र ताम्राकार, सुनसरी जिल्ला धरान उपमहानगरपालिकाका २६ वर्षीय दिलिप भण्डारी, ललितपुर जिल्ला इमाडोलका २२ वर्षीय दिलिप पुरुवा, काठमाडौँ जिल्ला तीनकुनेका २२ वर्षीय फणिन्द्र न्यौपाने, अछाम जिल्लाका १९ वर्षीय गणेश राउत, काठमाडौँ जिल्ला जोरपाटीका ५४ वर्षीय गङ्गाबहादुर श्रेष्ठ र ३४ वर्षीय गंगासागर श्रेष्ठ, काठमाडौँ जिल्ला कालीमाटीका १८ वर्षीय गौरव विक, धनुषा जिल्ला जनकपुर उपमहानगरपलिका, २० वर्षीय गौरव जयसवाल, शान्तिनगरका २० वर्षीया गीताञ्जली ठकुरी, सिन्धुली जिल्लाका १८ वर्षीय ज्ञानकुमार श्रेष्ठ, काठमाडौँ जिल्ला बिजुलीबजारका २५ वर्षीय इशा बुढामगर, डल्लुका २५ वर्षीय जगत परियार, धनकुटा जिल्लाका २२ वर्षीय जगदिश भट्ट, सर्लाही जिल्लाका १७ वर्षीय कवि यादव, दोलखा जिल्लाका २९ वर्षीय कमला दाहाल, झापा जिल्लाका ६५ वर्षीया कमला पौडेल, जुम्ला जिल्लाका २४ वर्षीय करिश्मा परियार, भक्तपुर जिल्ला ठिमीका ६० वर्षीय कर्नराज गिरी, झापा जिल्लाका २२ वर्षीय खगेन्द्र न्यौपाने, सिन्धुपाल्चोक जिल्लाका ३६ वर्षीय खुर्पा तेन्जिङ लामा, मोरङ जिल्ला

विराटनगर महानगरपालिकाका २५ वर्षीय किशोर कार्की, ललितपुर जिल्लाका २१ वर्षीय कोशिस राई, काठमाडौँ जिल्ला गणेशस्थानका १८ वर्षीय कृषा सुनार, शंखमुलका १९ वर्षीय कृष्ण चौधरी, रौतहट जिल्लाका १८ वर्षीय कृष्ण कुमार, काठमाडौँ जिल्ला कोटेश्वरका २० वर्षीया कृति झा, गोर्खा जिल्लाका ३६ वर्षीय कुमार अधिकारी, रामेछाप जिल्लाका १८ वर्षीय कुशल केखी, काठमाडौँ कीर्तिपुरका १९ वर्षीय लक्की रावल र ३१ वर्षीय कुशल महातारा, काठमाडौँ जिल्ला जडिबुटीका २६ वर्षीय ललितकुमार यादव, काठमाडौँ जिल्ला अनामनगरका २४ वर्षीय लवन्स स्याङ्तान, काभ्रे जिल्लाका ३० वर्षीय लक्ष्मण ढकाल, रौतहट जिल्लाका ४६ वर्षीय महेन्द्र पारस, भक्तपुर जिल्ला ठिमीका २४ वर्षीय महेश्वर रम्तेल, बैतडी जिल्लाका ३० वर्षीय मनिष ठगुन्ना, सिरहा जिल्ला लहान नगरपालिका १६ वर्षीय मोहम्मद घिस्न, काठमाडौँ जिल्ला कपनका १९ वर्षीय मिङ्मा रेञ्ज शेर्पा, बारा जिल्लाका २१ वर्षीय मुम्ताज मवारी, धनुषा जिल्ला जनकपुरका २६ वर्षीय मुन्ना साह, काठमाडौँ गोर्कणकी १८ वर्षीया नबिका विक, शंखमुलका ३२ वर्षीय नविन अधिकारी, धनकुटा जिल्ला बसन्तपुरका २० वर्षीय नागेन्द्र कपाली, ओखलढुङ्गा जिल्लाका ४३ वर्षीय नारायण घर्ती, बागलुङ जिल्लाका ४२ वर्षीय नारायण सत्याल, काठमाडौँ जिल्ला जडिबुटीका २० वर्षीय नरेश खतिवडा, काठमाडौँ जिल्ला बल्खुका २२ वर्षीय निरज गिरी, काठमाडौँ जिल्ला बानेश्वरका ३१ वर्षीय निकेश भुसेल, काठमाडौँ जिल्ला कोटेश्वरका ४१ वर्षीय निर्मला कार्की, ललितपुर जिल्ला गोदावरीका २७ वर्षीय निश्चल महत, कैलाली जिल्ला कञ्चनपुरका २० वर्षीय निशान्त सापकोटा, बारा जिल्लाका २३ वर्षीय नितेश साह, धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका १७ वर्षीया नितिसा झा, काठमाडौँ जिल्ला बानेश्वरका २३ वर्षीय न्याकु मुसलमान, सिरहा जिल्लाका १९ वर्षीय पाण्डव यादव, काठमाडौँ जिल्ला शान्तिनगरका १७ वर्षीय प्रतीक शर्मा, भक्तपुर जिल्ला ठिमीका २२ वर्षीय परितोस साह, काठमाडौँ नैकापका ३५ वर्षीय पवन अधिकारी, उदयपुर जिल्लाका २८ वर्षीय पवन कुमार राई, कास्की जिल्ला पोखरा उपमहानगरपालिकाका २८ वर्षीय फणिन्द्रध्वज कार्की, सिन्धुपाल्चोक जिल्लाका ३६ वर्षीय फुर्बा तेन्जिङ लामा, काठमाडौँ जिल्ला बानेश्वरका २२ वर्षीय प्रवेश यादव, रामेछाप जिल्लाका ३२ वर्षीय प्रविन तामाङ, सिन्धुली जिल्लाका १९ वर्षीय प्रज्वल गिरी, काठमाडौँ जिल्ला कोटेश्वरका २४ वर्षीय प्रज्वल थापा मगर र १९ वर्षीय रविन लिम्बु, कैलाली जिल्लाका २७ वर्षीय प्रकाश धामी, काठमाडौँ जिल्ला नयाँ बानेश्वरका ३६ वर्षीय पुनम घिसिङ तामाङ, सिन्धुली जिल्लाका ३२ वर्षीय राज कटुवाल, रामेछाप जिल्लाका २३ वर्षीय राजेश बुढाथोकी, बारा जिल्ला कलैयाका १८ वर्षीय राजेश पटेल, काठमाडौँ जिल्ला बानेश्वरका १७ वर्षीय राजक्षी बस्नेत, काठमाडौँ जिल्ला कोटेश्वरका ३६ वर्षीय राजुबाबु चौधरी, महोत्तरी जिल्लाका ५८ वर्षीय रामबाबु सिङ, काठमाडौँ जिल्ला कोटेश्वरका २८ वर्षीय रामबहादुर बिष्ट, काठमाडौँ जिल्ला बानेश्वरका २४ वर्षीय रामबहादुर बिष्ट, ललितपुर जिल्ला सातदोबाटोका २७ वर्षीय रविन श्रेष्ठ, ललितपुर जिल्ला हरिसिद्धिका २३ वर्षीय राहुल नेपाली, ललितपुर जिल्ला लुभुका २४ वर्षीय रविराज साही, काठमाडौँ जिल्ला कोटेश्वरका १९ वर्षीय रामचन्द्र माझी क्षेत्री, कालीकोट जिल्लाका २६ वर्षीय रमेश चौलागाई, काठमाडौँ जिल्ला बसन्तपुरका २० वर्षीय रमेश चौलागाई, चितवन जिल्लाका ४२ वर्षीय रमेश परियार, सुर्खेत जिल्लाका १८ वर्षीय रमित रोकाया, रामेछाप जिल्लाका २४ वर्षीय रामकृष्ण खड्का, महोत्तरी जिल्लाका २८ वर्षीय रन्जनकुमार यादव, मकवानपुर जिल्लाका २१ वर्षीय रञ्जन राई, ललितपुर जिल्लाका ३२ वर्षीय रोमन गुरुङ, काठमाडौँ अनामनगरका १९ वर्षीय रोशन कुँवर, दाङ जिल्लाका ३२ वर्षीय सविन ओली, भक्तपुर जिल्लाका २८ वर्षीय सबिन थापा मगर, कञ्चनपुर जिल्ला, महेन्द्रनगरका २३ वर्षीय सागर धानुक, काभ्रे जिल्ला बनेपाका ३० वर्षीय सागर पन्डन, कञ्चनपुर जिल्ला महेन्द्रनगरका २३ वर्षीय सागर फानुक, दोलखा जिल्लाका १६ वर्षीय समिर खड्का, चितवन जिल्लाका २० वर्षीय समीर पाठक, चितवन जिल्लाका २० वर्षीय समिप पाठक, दोलखा जिल्लाका १६ वर्षीय समीर खड्का, रूपन्देही जिल्ला बुटवलका २४ वर्षीय समीर पौडेल, ललितपुर जिल्ला बालकुमारीका १९ वर्षीय सन्देश खड्का, काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिकाका १८ वर्षीय सन्देश लिम्बू, काठमाडौँ जिल्ला कीर्तिपुरका २४ वर्षीय सन्देश रावत, काठमाडौँ बुढानीलकण्ठका १९ वर्षीय सङ्गम तामाङ, बागलुङ जिल्लाका २७ वर्षीय सङ्घर्ष भुसाल, कैलाली जिल्लाका ३६ वर्षीय सञ्जय महतो, काभ्रे धुलिखेल जिल्लाका २५ वर्षीय सञ्जय मोक्तान, भक्तपुर जिल्ला बालकोटका २७ वर्षीय सञ्जय पौडेल, महोत्तरी जिल्लाका २१ वर्षीय सञ्जय श्रेष्ठ, रोल्पा जिल्लाका २५ वर्षीय सञ्जीव विश्वकर्मा, दाङ जिल्लाका

३६ वर्षीय सञ्जीव डाँगी, भारत दिल्लीका ५६ वर्षीय सञ्जीव कञ्चन, काठमाडौँ जिल्ला मैतिदेवीका ३६ वर्षीय सञ्विक डाँगी, ललितपुर जिल्ला बालकुमारीकी ३५ वर्षीया सञ्जु सापकोटा, काठमाडौँ जिल्ला बानेश्वरका २७ वर्षीय सन्तोष क्षेत्री, सिन्धुपाल्चोक जिल्लाका २९ वर्षीय सन्तोष दुलाल, सुदुरपश्चिमका ३८ वर्षीय सन्तोस तिरुवा, मकवानपुर जिल्ला हेटौडाका २० वर्षीय सन्तोष तिवारी, कैलाली जिल्लाका ३२ वर्षीय सानु ठाकुर, काठमाडौँ शान्तिनगरका २१ वर्षीय सरोज खनाल, काठमाडौँ गोर्कणका २९ वर्षीय सौगात सिमखडा, बर्दिया जिल्लाका २० वर्षीय शिशिर योगी, सुनसरी जिल्लाका २५ वर्षीय श्रवण राई, भक्तपुर लोकलन्थीका ३८ वर्षीय सौरभ राई, काठमाडौँ जिल्ला कलंकीका २२ वर्षीय श्रीकृष्ण उप्रेती, भक्तपुर जिल्ला कौशलटारका २५ वर्षीय श्रीयान्स न्यौपाने, सिरहा जिल्लाका २८ वर्षीय सिरम लहाह, ललितपुर इमाडोलका २४ वर्षीया स्मृति राई, सिन्धुपाल्चोक जिल्लाका ३६ वर्षीय सोबित तामाङ, बारा जिल्लाका ३२ वर्षीय सोनु ठाकुर, काठमाडौँ जिल्ला कोटेश्वरका २० वर्षीय सोयल शाही, रामेछाप जिल्लाका २३ वर्षीय श्रवण श्रेष्ठ, काठमाडौँ जिल्ला कंलकीका २५ वर्षीय सुदीप गौतम, भक्तपुर जिल्ला बालकोटका २२ वर्षीय सुदीप सुनार, काठमाडौँ जिल्ला माछापोखरीका २४ वर्षीय सुजन श्रीमाली, सुनसरी जिल्ला धरान उपमहानरपालिका १६ वर्षीय सुमन कार्की, मोरङ जिल्लाका २२ वर्षीय सुमित न्यौपाने, ललितपुर जिल्ला हात्तीवनका २२ वर्षीय सुनिल राई, काभ्रे जिल्लाका २५ वर्षीय सुनिल सापकोटा, काठमाडौँ कोटेश्वरका २८ वर्षीय सुनराज शशी, काठमाडौँ जिल्ला बानेश्वरका २७ वर्षीय सुरज बोहरा, काठमाडौँ जिल्ला सांखुका ३६ वर्षीय सूर्यबहादुर खाती, काठमाडौँ शान्तिनगरका १८ वर्षीय सुशान्त शर्मा, रुपन्देही जिल्ला बुटवलका २३ वर्षीय उमेश पाण्डे, सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिकाका २२ वर्षीय उत्तम चालिसे, काठमाडौँ जिल्ला बानेश्वरका २४ वर्षीय यज्ञराज भट्ट, भक्तपुर जिल्ला बोडेका २२ वर्षीय यनिस थापा, कैलाली जिल्लाका २१ वर्षीय यस आचार्य, भक्तपुर जिल्लाका २८ वर्षीय युवराज जङ्ग र रामेछाप जिल्लाका ३५ वर्षीय युवराज श्रेष्ठ घाइते भए।

प्रदर्शनका क्रममा काठमाडौँ जिल्लाका उमेर नखुलेका अभि साह, आशा राई, अस्विन राई, भोजप्रसाद, भुषण दाहाल, भुवन काफ्ले विकाश बस्नेत, विकास भुजेल, बिक्रमसिंह, विक्रम तैला, विशाल बजगाईं, विशाल तामाङ, चक्रवती नेपाल, डिकेन तामाङ, डिकेश कार्की, दिलमाया राई, दीपेन्द्र बस्नेत, दीपेन्द्र ढुङ्गाना, घनश्याम मगर, गीता केसी, गोपाल जिसी, गुरु केसी, ज्ञानेन्द्र बम, इशा थापा, कविर तण्डुकार, खिलप्रसाद अधिकारी, किशोर श्रेष्ठ, किशोर दाहाल, ओजश्वी दुवाल, प्रजिता बुढाथोकी, पेम्बा लामा, फुलमाया (थर नखुलेको), पिङ्मा लामा, पिरती शिङ, क्षितिज मल्ल, कुमार लामा (प्रहरी), महेश राउत, मोबिका राई, मुकेश न्यौपाने, प्रतीक शर्मा, प्रतिश श्रेष्ठ, प्रेम कुमार राई, निमेश कुंवर, राम भरोसा, रोशन कुंवर, रमेश मण्डल, रमेश पन्त, साजिद अन्सारी, सनमबहादुर पाण्डे, सञ्जय पौडेल, सन्तोष चन्द, सन्तोष साहिबा, सन्तोष ठाकुर, सौरभबहादुर पाण्डे, सौरभ लामिछाने, सौरभ श्रेष्ठ, शेरबहादुर तामाङ, सोन कुमार राई, श्रीकृष्ण, सुदन सिल्वाली, सुन्दर रेग्मी, युग घर्तीमगर, युवि आचार्य, स्वरूप शर्मा, अबिट तान्डुकार, अनिल तामाङ, अशकुमार गोले, अंशल भण्डारी, आकृति झा र पहिचान नखुलेका अन्य पाँच जनाको निजामती कर्मचारी अस्पताल, मीनभवनमा उपचार भयो।

सर्लाही जिल्लाका २४ वर्षीय रोशनप्रसाद कुशवाहा, काभ्रे जिल्ला भुम्लीका २९ वर्षीय दिपेन्द्र ढुङ्गाना, लमजुङ जिल्ला राइनसका २३ वर्षीय सन्तोष वाइवा, काभ्रे जिल्लाका १७ वर्षीय पेम्बा लामा, चितवन, भरतपुरका २६ वर्षीय विशाल बगाले र रुपन्देही जिल्ला बुटवलका २५ वर्षीया इशा थापा मगरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

दैलेख जिल्लाका २९ वर्षीय प्रकाशबहादुर बोहोराको बायाँ खुट्टामा गोली लागेपछि ०८२ भदौ २३ देखि राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ। सिन्धुपाल्चोक जिल्लाका ३२ वर्षीय दौलत थापा काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पतालमा तीव्र श्वासप्रश्वास समस्याका कारण ०८२ कात्तिक १ गतेदेखि उपचाररत छन्। उनी हालसम्म अचेत छन्। त्यस्तै सर्लाही जिल्लाका २५ वर्षीय राकेशकुमार महतोको स्पाइनल इन्जुरी रिह्याबिलिटेसन सेन्टरमा ०८२ असोज २७ गतेदेखि मेरुदण्डको उपचार भइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डाक्टर समीरकुमार अधिकारीले बताए।

त्यस्तै गोर्खाका २५ वर्षीय दिवसबाबु श्रेष्ठ शरीरका विभिन्न भागहरूमा चोटपटक लागि गम्भीर घाइते भए। सिन्धुलीका २२ वर्षीय सुजन राना मगरको

बायाँ खुट्टामा चोट र बानेश्वरका ३२ वर्षीय जीवन रावतको ढाडमा चोट लागी घाइते भए।

मन्त्रिपरिषद्ले ०८२ असोज ११ गते घाइते भएका व्यक्तिहरूको पहिचान एवम् सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि असोज १२ गतेदेखि सहायता कक्ष स्थापना गरी घाइतेहरूलाई परिचयपत्र वितरण गर्ने, अस्पतालहरूमा जेनजी क्लिनिक सञ्चालन गर्ने, पुनः चेकजाँचमा जानुपर्ने घाइते भएका व्यक्तिहरूलाई आवतजावतको निःशुल्क एम्बुलेन्सहरू उपलब्ध गराउने निर्णय गऱ्यो। मन्त्रिपरिषद्को ०८२ मङ्सिर २ गतेको बैठकले घाइते भएका २ हजार ४ सय २९ जनालाई जनही १५ हजार रुपियाँका दरले राहत रकम उपलब्ध गराउने निर्णय गऱ्यो। मन्त्रिपरिषद्को ०८२ मङ्सिर २२ गतेको बैठकले जेनजी प्रदर्शन तथा आन्दोलनका क्रममा घाइते तथा अपाङ्ग भएका व्यक्तिलाई राहत सहायता उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गऱ्यो।

शिक्षा ऐन माग गर्दै चैत ०८१ चैत २० गते देखि सडक आन्दोलनमा रहेका शिक्षकहरूले बानेश्वरमा ०८२ वैशाख १४ गते निषेधित क्षेत्र तोड्न खोजेपछि प्रहरीले लाठी र पानीको फोहोरा प्रहार गर्दा २६ जना शिक्षक तथा विद्यालय कर्मचारी घाइते भए।

घटनामा सिन्धुपाल्चोकका सुवास गिरी, गोरखाका भगवान शाक्य, बर्दियाका दीपबहादुर घर्ती, सोही जिल्लाका पुण्य शर्मा, सिन्धुलीका कमलबहादुर बस्नेत, महोत्तरीका विकासराज झा, बझाङका हरिप्रसाद जोशी, शोभाजङ्ग केसी, ममताकुमारी साह, कञ्चनपुरका पुण्यमणि जोशी, बाग्लुङका भानुभक्त मैनाली, नुवाकोटका विष्णुकुमारी सुवेदी, कैलालीका खडक मनि, खोटाङका धर्मसिंह सार्की, सोही जिल्लामा लीलाभक्त बस्नेत, सिराहाकी देवकुमारी यादव, धनुषाका महेन्द्र साह, जाजरकोटका तेजबहादुर खत्री, रौतहटका वीरेन्द्र पण्डित, धनुषाका वेचन यादव, जुम्लाका देवी शर्मा धिताल, रामबहादुर शाही, झापाका प्रवीण दियाली, कृष्णमाया रिजाल, शान्ता निरौला, अर्घाखाँचीका यश गौतम, रौतहटकी कुसनकुमारी साह घाइते भए। प्रदर्शनको समाचार संकलन गर्दै गरेकी पत्रकार सबिना कार्की पनि घाइते भइन्।

**अन्यपक्षबाट**

नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच भएको झडपमा प्रहरी प्रधान कार्यालयका ४४ वर्षीया उर्मिला रानाभाटको टाउकोमा, ३० वर्षीय भीमबहादुर तामाङको आँखा र हातमा र ५० वर्षीय बुद्धिकुमार तामाङको खुट्टामा चोट लाग्यो। सोही कार्यालयका ३६ वर्षीय हरि खतिवडा, ४६ वर्षीया कल्पना नेवार सामान्य, ४४ वर्षीय दुर्गालक्ष्मी बस्नेत, ३३ वर्षीय सुशील दङ्गाल र ३० वर्षीया अस्मिता उप्रेती सामान्य घाइते भए।

जिल्ला प्रहरी परिसर, काठमाडौँका ३२ वर्षीय लक्ष्मण जैसीको मेरुदण्डमा, ४१ वर्षीय गर्भुप्रसाद पटेल सुरेन्द्र सुनुवार र ४२ वर्षीय रामबहादुर कार्कीको टाउकोमा, ४८ वर्षीय रामबहादुर कार्की, ३२ वर्षीया प्रनशा भण्डारी र ३५ वर्षीय विशाल तामाङको खुट्टामा, ४५ वर्षीय सुन्दर तिवारी, ४४ वर्षीय सुरेन्द्रप्रसाद यादव र ४४ वर्षीय धननारायण श्रेष्ठको हातमा, ३३ वर्षीय गणेश खड्काको बायाँ हातको औँलामा, ३१ वर्षीय शंकर कट्टेलको शरीरका विभिन्न भागमा र ४३ वर्षीय करण चन्दको छातीमा चोटपटक लागी घाइते भए। यसैगरी, सोही कार्यालयका ४३ वर्षीय ज्ञानबहादुर विष्ट, ३२ वर्षीय कृष्ण श्रेष्ठ, ४९ वर्षीय तेजेन्द्रबहादुर सेन, ४३ वर्षीय सीताराम बोहरा, ४९ वर्षीय रोशनकुमार श्रेष्ठ, ३० वर्षीय हिमाल पौडेल, ३४ वर्षीय हिमाल थापा, ४५ वर्षीय मनोज श्रेष्ठ, २८ वर्षीय तिलकप्रसाद कडेल, ३० वर्षीय विनोद तामाङ, ४५ वर्षीय राजनारायण चौधरी, ४६ वर्षीय हस्त श्रेष्ठ, ४१ वर्षीय सुरेन्द्र चौधरी, ४४ वर्षीया मनमाया महर्जन, ४२ वर्षीय दिलबहादुर सिंह जाली मगर, ४० वर्षीय जोगेकुमार चौधरी, ४२ वर्षीय तुलका गिरी, ४१ वर्षीया गीता पौडेल, ३९ वर्षीया दिलमाया रुचाल, २२ वर्षीय प्रदिप सुनार, ३८ वर्षीया अम्बिकादेवी क्षेत्री, ४२ वर्षीय रामबहादुर कार्की, ४१ वर्षीय राम सुन्दास, ३८ वर्षीय रामनाथ कुर्मी, ३९ वर्षीय पदमबहादुर पाल, ४१ वर्षीय निरजकुमार सिंह, ३२ वर्षीय रामराज गुरुङ, ३२ वर्षीय दीपक चौधरी, ३४ वर्षीय विक्रम बि.क, ३३ वर्षीय प्रकाश बिष्ट, ३६ वर्षीय सुरेन्द्रबहादुर रोकाया, ३७ वर्षीय प्रकाश नेपाली, ३३ वर्षीय विष्णु चौधरी, ३५ वर्षीय स्वर्णमान चौधरी, ३५ वर्षीय रवि कार्की, ३१ वर्षीय शेरबहादुर नेपाली, ३० वर्षीय दयानन्दकुमार राय, २८ वर्षीय विकास गुरुङ, २४ वर्षीय त्रिलोक मक्कड, २९ वर्षीया सञ्जिता गुरुङ, २४ वर्षीय पुष्पराज विष्ट, २५ वर्षीय विष्णुबहादुर बिक, २८ वर्षीय उदय खड्का, २३ वर्षीय बिनोद खड्का, ३६ वर्षीय सन्तोष चन्द, २४ वर्षीय ईश्वरी सुनुवार र ३६ वर्षीय भक्तबहादुर नेपाली र ४४ वर्षीय राजेश्वर प्रसाद पटेल, २७ वर्षीया गीता सञ्ज्याल, ३९ वर्षीय दामोदर

गैरे, २३ वर्षीय गंगा बहादुर विष्ट र ३३ वर्षीय खिलराज मगर सामान्य घाइते भए। त्यस्तै काठमाडौं उपत्यका प्रहरीका ४३ वर्षीया अर्जुनप्रसाद सोडारी र ४२ वर्षीय दिनेश उप्रेतीको खुट्टामा चोट लागी घाइते भए।

सिटी प्रहरी, भृकुटीमण्डपका ३३ वर्षीया भगवती श्रेष्ठको बायाँ खुट्टामा र मिलन लगेजुको बायाँ पाखुरामा चोट लाग्यो। ४१ वर्षीय मन्जिल मुकारुम, ३४ वर्षीय शंकर श्रेष्ठ, ३३ वर्षीय दीपक लोहार, ३० वर्षीय भुपाल राई, २९ वर्षीय आश्वीन तोलांगे, ४३ वर्षीय यमबहादुर थापा, २८ वर्षीय सागर कुमार, २७ वर्षीय धर्मेन्द्रकुमार यादव, २७ वर्षीय शैलेन्द्र यादव, ४२ वर्षीय सुशीलकुमार केसी, ४३ वर्षीय बुद्धि अधिकारी र ४४ वर्षीय दीपेन्द्र थापा, ४३ वर्षीय अरुण बराहुम, ४२ वर्षीय कान्छा राम बोहरा, ३९ वर्षीय केशराज जोशी, ३३ वर्षीया प्रमिलाकुमारी मोक्तान, ३७ वर्षीय मुकबल अली, ४० वर्षीय त्रिभुवनलाल यादव, ४१ वर्षीय धनसिंह साउद, ४० वर्षीय सुरेन्द्र सिंह धामी, ३९ वर्षीय सानुबाबु पाण्डे, ३५ वर्षीय जिमनाथ दमाइ, ३६ वर्षीय हरिबहादुर थापा, ३७ वर्षीय देवीदत्त सन्ज्याल, २५ वर्षीय यमराज परियार, २९ वर्षीय कृष्ण परियार, २९ वर्षीय सुजन पृथी, २५ वर्षीय कमलेश कुर्मी, २३ वर्षीय अर्जुन बि.क ,२२ वर्षीय सनम चौधरी ,२१ वर्षीय प्रशान्त राउत, २५ वर्षीय करुनन्द जोशी, २५ वर्षीय सुशील  साउद, २६ वर्षीय पुष्कर जोशी, २३ वर्षीय घनश्याम आले, ४३ वर्षीय सुनिल नेपाली, ४३ वर्षीय राना भण्डारी, ३९ वर्षिय कुलबहादुर दर्लामी, २६ वर्षीय कृष्ण बहादुर बोहरा, २५ वर्षीय आशिष थापा मगर, २५ वर्षीय राजन गैरे, २६ वर्षीय सुमन भट्टराई र २६ वर्षीय सन्दीपकुमार यादव सामान्य घाइते भए ।

प्रहरी प्रभाग, दरबारमार्गका ३४ वर्षीय भुवन बरामको दाँया खुट्टाका चोट लागेर सामान्य घाइते भए।

विशेष सुरक्षा समूहका २९ वर्षीया सपना कुमालको टाउकोमा, २४ वर्षीया जानकी थापाको बायाँ खुट्टा र बायाँ हातमा, २४ वर्षीय रमेश बिकको दायाँ खुट्टामा, २३ वर्षीय नरेन्द्र घटालको बायाँ खुट्टामा, २६ वर्षीया अन्जु नगरकोटीको हातमा र ३० वर्षीय सुर्वण श्रेष्ठको दाँया कानमा चोट लागेर घाइते भए। साथै, ४७ वर्षीय ज्ञानबहादुर पराजुली र ३८ वर्षीय दिनेश शाह सामान्य घाइते भए।

कालिमाटी प्रहरी विटका २२ वर्षीय धर्मेन्द्रकुमार दासको गोडा र मुखमा र ४२ वर्षीय मधुकुमार थापाको खुट्टामा चोट लागेर घाइते भए। कालिमाटीका २४ वर्षीय प्रवीण राणाभाट र २४ वर्षीय पासाङ गुरुङ सामान्य घाइते भए।

थानकोट प्रहरी परिसरकी ३४ वर्षीया एलिजा गिरी, २८ वर्षीय चौमन सिंह धामी, २३ वर्षीय लिलाधर भाट, २४ वर्षीय रोशनकुमार दास, ३० वर्षीय गोरख खत्री, २४ वर्षीय पुनमकुमारी चौधरी, २५ वर्षीय गोविन्द बिष्ट, २३ वर्षीय वीरेन्द्र कोली, २६ वर्षीय कृष्ण केसी र २९ वर्षीय पुरुषोत्तम गिरी सामान्य घाइते भए।

भक्तपुर प्रहरी परिसरका ५० वर्षीय रमेश थापा टाउकोमा र कपन प्रहरीका विपिन कार्कीको आखाँमा चोट लागेर घाइते भए। कपन प्रहरीका २९ वर्षीय सुनिलकुमार गौतम सामान्य घाइते भए।

प्रहरी प्रभाग, साँखुका ४० वर्षीय रामकृष्ण ढुङ्गानाको टाउकोमा, ३३ वर्षीय रामबहादुर योन्जनको आँखामा, ४५ वर्षीय सूर्यबहादुर माझीको खुट्टामा चोट लागी घाइते भए। ४७ वर्षीय पुरुषोत्तम महत सामान्य घाइते भए।

प्रहरी वृत्त, बानेश्वरका ३९ वर्षीय मनबहादुर चन्दको टाउकोमा चोट लागी गम्भीर घाइते भए। त्यस्तै ४६ वर्षीय विजय शाह, ४६ वर्षीय नगेन्द्रप्रसाद पटेल, ४२ वर्षीय जितकुमार राउत र ४६ वर्षीय चक्रबहादुर कटुवाल सामान्य घाइते भए।

प्रहरी वृत्त, महाराजगञ्जका ३२ वर्षीय रामबहादुर कामीको र ४२ वर्षीय हिमबहादुर बिकको टाउकोमा र ३७ वर्षीय रामकुमार थारुको खुट्टामा चोट लागी घाइते भए। ३५ वर्षीय तिलक श्रेष्ठको आगजनीबाट निस्केको मुस्लोले श्वासप्रश्वास सम्बन्धी समस्या भयो। ४२ वर्षीया पवित्रा गाउँले सामान्य घाइते भइन्।  बल्खु प्रहरीका ४३ वर्षीय हरिनन्द चौधरीको आँखामा, ललितपुरका ४५ वर्षीय राज काफ्ले खत्रीको ओठमा र पहरा गणका ३८ वर्षीय ईश्वरसिंह महराको हातको औँलामा, २७ वर्षीय ऋषि रञ्जन भट्टको बायाँ हातमा, उपत्यका ट्राफिकका ३८ वर्षीय लोकेन्द्रबहादुर बिष्ट दायाँ खुट्टामा, इमाडोलका ४१ वर्षीय प्रेमप्रसाद अधिकारी , कोटेश्वर प्रभागका ३२ वर्षीय मनिष सिंह ठगुना, महानगरीय प्रहरी वृत्त, जनसेवाका ४३ वर्षीय नवराज गौतम र सिआरभिका ३९ वर्षीय अमृत थापाको टाउकोमा, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका ३२ वर्षीय लक्ष्मी अधिकारीको बायाँ खुट्टामा, नारायणीका ३० वर्षीय कुलबहादुर गुरुङको आँखामा, पहरा गणका ३७ वर्षीय प्रमोद राईको खुट्टामा, नारायणहिटीका २५ वर्षीय खगेन्द्र बुढाको दायाँ खुट्टामा, सिनामंगलका २३ वर्षीया यशोदा कुइकेलको टाउकोमा र लैनचौर वृत्तका २९ वर्षीय राकेश शाक्यको दायाँ हातमा चोट लागेर

घाइते भए। कोटेश्वर प्रभागका ४२ वर्षीय चिज कुमार कुमाल र ३३ वर्षीय मेघपुर मगर, गंगबु प्रहरीका ४२ वर्षीय मिनबहादुर लुहार, स्वयम्भू वृत्तका ४१ वर्षीया मुना खड्का र ३८ वर्षीय देवकुमार यादव, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका ३१ वर्षीय भरत अधिकारी, ३६ वर्षीय सुरेन्द्र गुरुङ, ४० वर्षीय सञ्जय राई, ४० वर्षीय कृष्णकुमार श्रेष्ठ र ४० वर्षीय अनिल सुनार, ठिमी वृत्त, भक्तपुरका २७ वर्षीय नरेन्द्र सिंह धामी, तिलिङ्गेटारका गणेश खड्का, सामुदायिक प्रहरी सेवा केन्द्र, जोरपाटीका ३४ वर्षीय गीता चौलागाईं, नारायणहिटीका ३२ वर्षीय पवन मल्ल, २७ वर्षीय शंकर साउद, २३ वर्षीय पूर्णबहादुर कामी र २५ वर्षीय गोविन्द थापा मगर घाइते भए।

प्रदर्शनकारीहरूले कान्तिपुर टिभीका सम्पादक विजय पौडेल लगायतलाई हातपात गरी घाइते बनाएका थिए।

स्वर्गद्वारी गुठी पीडित मोही किसान सङ्घर्ष समिति र प्रहरीबीच नयाँ बानेश्वरमा ०८१ फागुन १८ गते झडप हुँदा ५४ वर्षीय बालकृष्ण चौधरी, ४१ वर्षीय लालबहदुर चौधरी, २८ वर्षीय प्रविण दहित थारू, ३२ वर्षीय शेरबहादुर चौधरी, ४३ वर्षीय भरतलाल चौधरी, ४० वर्षीय धनीराम चौधरी, ३५ वर्षीय पीमा चौधरी, ३५ वर्षीया बिमली चौधरी, ३६ वर्षीया सुनिता चौधरी, ३८ वर्षीया बिन्दु चौधरी, ३७ वर्षीया रामकुमारी चौधरी र ३९ वर्षीय रमेश चौधरीलाई गिरफ्तार गऱ्यो । सोही घटनामा प्रहरी वृत्त, नयाँ बानेश्वरका डिएसपी गंगा पौडेल पनि घाइते भए। पीडितहरूको निजामती कर्मचारी अस्पताल, मीनभवनमा उपचार भयो।

## गिरफ्तारी

नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पतालको रजत जयन्तीको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओली जोरपाटी जाने कार्यक्रममा विरोध जनाउने सूचना पाएपछि प्रहरीले ३५ वर्षीय राजु सुनुवार, ३१ वर्षीय किरण केसी, २९ वर्षीय राजेश दाहाल र ३३ वर्षीय मोहन सिंह गरी चार जनालाई ०८१ फागुन १३ गते गिरफ्तार गऱ्यो। चार जनाले सामाजिक सञ्जालमा प्रधानमन्त्रीको विरोध गर्ने भनेर सूचना राखेकै आधारमा गिरफ्तार गरेको जिल्ला प्रहरी परिसरले जनायो।

शिक्षा ऐन जारी गर्नुपर्ने मागसहित ०८२ असार ३० गते निषेधित क्षेत्रमा प्रदर्शनरत नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरू २२ वर्षीय रणधिर मिश्र, ३० वर्षीय श्यामराज ओझा, २१ वर्षीय पृथ्वीजंग थापा, २५ वर्षीय महेन्द्र खड्का, ३२ वर्षीय सरोज तिमिल्सिना, २४ वर्षीय उत्सव देवकोटा, १७ वर्षीय एलेक्स सिघानिया, २७ वर्षीय सुशील खड्का, २६ वर्षीय अंसुल के.सी, २८ वर्षीय सञ्जय बुढाथोकी,१८ वर्षीय विवेक गिरी, २४ वर्षीय आशिष कार्की, २५ वर्षीय प्रदीप कार्की,२१ वर्षीय सन्दिप कार्कीलाई बानेश्वरबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरू सोही दिन साँझ रिहा भए।

शिक्षा ऐन जारी गर्नुपर्ने मागसहित ०८२ असार ३० गते निषेधित क्षेत्रमा प्रदर्शनरत अखिल क्रान्तिकारीका कार्यकर्ताहरू सर्जन पाण्डे, सक्षम बिक, २० वर्षीय सर्जन कामी, २६ वर्षीय पदम हमाल, २६ वर्षीय बजिर सिंह, २३ वर्षीय आयुष घिमिरे, २९ वर्षीया रुपा बुढा मगर, २२ वर्षीया सम्झना राई, २६ वर्षीया लक्ष्मी शाह, २८ वर्षीया शारदा नेपालीलाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका सबै प्रहरी वृत्त, सिंहदरबाट सोही साँझ रिहा भए।

## झडप

स्वर्गद्वारी गुठी पीडित मोही किसान सङ्घर्ष समिति र प्रहरीबीच नयाँ बानेश्वरमा ०८१ फागुन १८ गते निषेधित क्षेत्र तोड्न खोजेपछि बानेश्वर स्थित बेकरी क्याफे अगाडि भएको झडपमा परेर प्रहरी वृत्त नयाँ बानेश्वरका डिएसपी गंगा पौडेल घाइते भए। घाइतेको सिभिल अस्पतालमा उपचार भयो।

शिक्षा ऐन संशोधनको माग गर्दै ०८१ चैत २० गते देखि सडक आन्दोलनमा रहेका शिक्षकहरूले बानेश्वरमा ०८२ वैशाख १४ गते निषेधित क्षेत्र तोड्न खोजेपछि प्रहरीले लाठी र पानीको फोहोरा प्रहार गर्दा २६ जना घाइते भए। घाइते हुनेहरूमा सिन्धुपाल्चोकका सुवास गिरी, गोरखाका भगवान शाक्य, बर्दियाका दीपबहादुर घर्ती, सोही ठाउँका पुण्य शर्मा, सिन्धुलीका कमलबहादुर बस्नेत, महोत्तरीका विकासराज झा, बझाङका हरिप्रसाद जोशी, शोभाजंग केसी, ममता कुमारी साह, कञ्चनपुरका पुण्यमणि जोशी, बाग्लुङका भानुभक्त मैनाली, नुवाकोटका विष्णुकुमारी सुवेदी, कैलालीका खडकमनि, खोटाङका धर्मसिंह सार्की, सोही ठाउँका लीलाभक्त बस्नेत, सिरहाकी देवकुमारी यादव, धनुषाका महेन्द्र साह, जाजरकोटका तेजबहादुर खत्री, रौतहटका वीरेन्द्र पण्डित, धनुषाका बेचन यादव, जुम्लाका देवीशर्मा धिताल, रामबहादुर शाही, झापाका प्रवीण दियाली, कृष्णमाया रिजाल, शान्ता निरौला, अर्घाखाँचीका यश गौतम, रौतहटकी कुसनकुमारी साह





*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको सिंहदरबार र  सर्वोच्च अदालत*

र पत्रकार सबिना कार्की रहेका छन्। सोही घटनामा समाचार सङ्कलनको लागि गएको अवस्थामा प्राइम टेलिभिजका पत्रकार सविना कार्कीको आँखामा गम्भीर चोट लागि घाइते भइन्। उनको उपचार तिलगंगा आँखा अस्पतालमा भयो।

## कुटपिट

### अन्यपक्षबाट

वरिष्ठ अधिवक्ता डा. दिनेश त्रिपाठीलाई ०८१ माघ २ गते स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारीको मुद्दाका आरोपित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेविरुद्ध बहस गरेको आरोपमा सीतादेवी राई,वर्षीय महेन्द्र पाण्डे, वर्षीय ललितकुमार केसी र रौतहटको चन्द्रनिगाहपुर घर भएका दीपक आलेमगरले जिल्ला अदालत बाहिर कुटपिट तथा दुर्व्यहार गरे। पीडितले सोही दिन प्रहरी वृत्त, सिंहदरबारमा उजुरी दिए। प्रहरीले केसीलाई माघ ४, राई र पाण्डेलाई माघ ६ गते र आलेमगरलाई माघ २५ गते गिरफ्तार गऱ्यो। आरोपित आलेमगरबाहेक अरू तीन जना विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ २३ गते मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको माघ २५ गतेको इजलासले जनही १/१ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित सबै सोही दिन धरौटी बुझाएर रिहा भए। घटनाका आरोपित सबैलाई माफी दिएको अधिवक्ता डा. त्रिपाठीले बताए।



*भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको संसद भवन*

सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारीको काठमाडौँ केन्द्रित प्रदर्शनका क्रममा कैलालीको धनगढी उपमहानगरपालिका-१२ स्थित दुर्गा आधारभूत माध्यमिक विद्यालयमा शिक्षक ५४ वर्षीय केशवराज जोशीमाथि ०८२ वैशाख १३ गते आपसी मतभेदका कारण १५/२० जना शिक्षकले कुटपिट गरे। शरीरका विभिन्न भागमा चोटपटक लागेका जोशीको उपचार निजामती अस्पतालमा भयो।

पत्रकार कमलबहादुर बोहरामाथि चार-पाँच जना अपरिचित व्यक्तिहरूको समूहले कुटपिट गऱ्यो। पालिका समय डटकमका अध्यक्ष तथा कार्यकारी सम्पादक बोहरालाई ०८१ माघ २१ गते साँझ काठमाडौँको मध्यबानेश्वरमा कुटपिट भएको थियो। पीडितले ०८१ माघ २२ गते प्रहरी वृत्त, बानेश्वरमा उजुरी दिए। उनको उपचार चाबहिलको हेल्पिङ हेण्ड्स हस्पिटलमा भयो।

राजावादीले २०८१ चैत १५ गते काठमाडौँको तीनकुने गरेको प्रदर्शनको समाचार संकलनका लागि गएका अनलाइन खबर डटकमका पत्रकार दिनेश गौतममाथि प्रदर्शनकारीहरूले कुटपिट गरे। प्रहरीको

बन्दुक खोस्ने प्रदर्शनकारीको फोटो खिचेको भन्दै प्रदर्शनकारीले उनीमाथि आक्रमण गरेका थिए। कुटपिटबाट खुट्टामा चोट लागेका गौतमको प्लास्टर गरियो।

नेपाल प्रेसका सिन्धुपाल्चोक संवाददाता सुरज खड्कालाई ०८२ जेठ १८ गते माओवादी निकट वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। काठमाडौँको प्रज्ञा भवनमा आयोजित वाईसीएलको भेलामा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रश्न सोधेको निहुँमा आफूमाथि कुटपिट गरिएको खड्काले बताए।




भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको काठमाडौँ जिल्ला अदालत

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

दुर्गा प्रसाई नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' र नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले काठमाडौँको तीनकुने क्षेत्रमा ०८१ चैत १५ गते गरेको विरोध प्रदर्शनमा संलग्न भएको भन्दै प्रहरीले ललितपुर भैँसेपाटीका ५९ वर्षीय रविन्द्र मिश्र, बाँके जिल्ला नेपालगञ्जका ६२ वर्षीय डा. धवल शम्शेर जबरा सहित १ सय १७ जनालाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरू मध्ये धवलशमशेरलाई जिल्ला अदालतको असार २ गतेको आदेशले ३ लाख रुपियाँ धरौटीमा रिहा भए। सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरण रिटमा रविन्द्र मिश्र ४९ दिनपछि रिहा भए। सोही आन्दोलनका संयोजक नवराज सुवेदीलाई घरमै नजनरबन्दमा राखियो। उनी एक महिनाभन्दा बढी समय नजरबन्दमा रहे।

## कारागार र बन्दी

काठमाडौँमा जगन्नाथ देवल र डिल्लीबजार कारागार गरी काठामाडौँमा दुई कारागार छन्। जगन्नाथदेवल कारागारलाई केन्द्रीय कारागार, भद्रबन्दी गृह कारागार र महिला कारागार गरी तीन ओटा क्लस्टरमा छुट्याइएको छ। जग्गननाथ देवल कारागारको क्षमता १ सय महिला र १ हजार ५ सय पुरुष गरी १ हजार ६ सय जनाको छ। कारागारमा २ हजार ७ सय ३२ पुरुष र ३ सय २ महिला गरी ३ हजार ३४ जना कैदीबन्दी छन्। कारागारमा कैद तोकिएका १ हजार ७ सय १० जना पुरुष र १ सय ६५ जना महिला गरी १ हजार ८ सय ७५ जना रहेका छन् भने कैद नतोकिएका १ सय २८ जना महिला र १ हजार ३१ जना पुरुष गरि १ हजार १ सय ५९ जना छन्। कारागारमा ३ जना महिला र १ सय १५ जना पुरुष गरेर जम्मा १ सय १८ ज्येष्ठ नागरिक छन्। आश्रित बालबालिका ९ जना छन्। यस वर्ष कारागारमा ४ महिला र ४१ पुरुष गरी ४५ जनाको मृत्यु भयो। कारागारमा एक जना सिनियर अहेव स्वास्थ्यकर्मी कार्यरत छन्। भदौ २४ गतेसम्म कारागारमा ३ हजार ८ सय ८० जना कैदीबन्दी थिए। नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा ३ हजार ५ सय १७ जना कैदीबन्दी भागेकोमा प्रशासनको समन्वयमा प्रहरीले २ हजार १ सय १७ कैदीबन्दीलाई पुन: कारागारमा फिर्ता





भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको गृह मन्त्रालय र अर्थ मन्त्रालय



भदौ २४ गतेको प्रदर्शनका क्रममा आगजनी गरिएको नेपाल बार एशोसिएसन भवन

ल्यायो। वर्षको अन्त्यसम्म १ हजार ४ सय जना कैदीबन्दी फरार रहेको कारागारका सूचना अधिकारी बैकुण्ठराज रेग्मीले बताए।

त्यस्तै ३ सय जना क्षमता भएको डिल्लीबजार कारागारमा ५ सय ६० जना कैदीबन्दी छन्। जसमा ३ सय ५० जना कैद तोकिएका कैदी र २ सय १० जना बन्दी छन्। यस कारागारमा महिला कैदी राख्ने व्यवस्था छैन। भदौ २५ गते डिल्ली बजार कारागारबाट २० जना कैदीबन्दी तोडफोड गरेर भागेकोमा ९ जनालाई प्रहरीले पुन: कारागारमा फिर्ता गऱ्यो भने वर्षको अन्त्यसम्म ११ जना कैदीबन्दी फरार रहेको कारागार प्रशासक बाबुराम अर्यालले बताए।

### यातना

धादिङ घर भई प्रहरी वृत्त गौशालाको हिरासतमा रहेका थुनुवा अनिल बिसुंखेलाई ०८२ भदौ ८ गते वर्षदेखि गौशाला प्रहरी वृत्तमा कार्यरत प्रहरी जवान मदन भण्डारीले कुटपिट गरे। कुटपिटबाट आफ्नो बायाँ गालाको माथिल्लो भागको हड्डी फुटेको र चेकजाँच गराउँदा चार लाख उपचार खर्च लागेको पीडितले बताए। प्रहरी वृत्त, गौशालाका डिएसपी सुकदेव खनालले आरोपीमाथि कुटपिट भएको अस्वीकार गरे। बिसंखेले एकजना पूर्वसैनिक अधिकृतको घरबाट ल्यापटप लगायतका ग्याजेट चोरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको हो।

### दुर्व्यवहार

नेपाल प्रेसका फोटो पत्रकार उमेश कार्कीमाथि २०८२ जेठ २२ गते नेकपा एकीकृत समाजवादी पार्टी कार्यालय बाहिर आफ्नो फोटो खिचेको भन्दै वरिष्ठ अधिवक्ता शम्भु थापाले दुर्व्यवहार गरे ।

### बाल अधिकार

यस वर्ष काठमाडौँ जिल्लामा बलात्कार घटनामा ४०, यौन दुर्व्यवहार घटनामा १२ र बेचबिखन तथा ओसारपसार घटनामा ६ गरी ५८ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालय काठमाण्डौँको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १४ सय १३ जना महिलाले उजुरी दिए। सबै उजुरीमा मिलापत्र भएको महिला, बालबालिका तथा ज्येष्ठ सेवा केन्द्रले जनायो।

यो वर्ष काठमाडौँ जिल्लामा बलात्कारका घटनामा २७, बलात्कार प्रयास घटनामा १५, यौन दुर्व्यवहारका घटनामा १३, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा सात, साइबर अपराधका घटनामा १२ र घरेलु हिंसाका घटनामा १ सय १२ गरी १ सय ८७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट चार जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

शंखरापुर नगरपालिका-९ सानागाउँकी ४६ वर्षीया पुतलीमाया तामाङलाई घरायसी विवादका क्रममा ०८२ वैशाख ७ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले रामेछाप, खाँडादेवी-७ स्थायी घर भएका ५८ वर्षीय पति पदमबहादुर तामाङ विरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोष्टमार्टम टिचिङ अस्पतालमा वैशाख ८ गते भयो। आरोपितलाई प्रहरीले वैशाख १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ठाकुरप्रसाद खरेलेको वैशाख ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले सिंहदरबार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, बानेश्वरस्थित संसद भवन, नक्सालको प्रहरी मुख्यालय, अख्तियार दुरुपयोग

अनुसन्धान आयोगको कार्यालय, कीर्तिपुर नगरपालिकाको कार्यालय, कलंकी स्थित नापी कार्यालय, मालपोत कार्यालय, प्रधानमन्त्रीको बालुवाटारस्थित सरकारी निवास, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं जिल्ला अदालत, सर्वोच्च अदालत, सडक विभाग, राष्ट्रपति भवन शितल निवास, महान्याधिवक्ताको कार्यालय, महानगरीय प्रहरी वृत्त महाराजगञ्ज, तिलिङ्गटार प्रहरी बिट, सुकेधारा प्रहरी बिट र बालुवाटार प्रहरी बिट, गहनापोखरी प्रहरी बिट, प्रहरी वृत्त बौद्धमा तोडफोड तथा आगजनी भयो। यसैगरी, गौशाला प्रहरी वृत्तको ट्रस, पशुपति क्षेत्र विकास कोषका आठ ओटा संरचना, गौशाला धर्मशालाका सटर, सडकमा भएका ट्राफिक संकेत बत्ती, सीसीटिभी क्यामरा, पिङ्गलास्थानमा रहेको आन्तरिक राजश्व कार्यालय, पञ्चकन्या टोलमा रहेको यातायात व्यवस्था कार्यालयको निजी व्यवसायिक भवन, विशेष अदालत, वन तथा भू संरक्षण विभाग, सहरी विकास तथा भवन निर्माण विभाग, जिल्ला सरकारी वकिलको कार्यालय, उद्योग विभाग, साना तथा घरेलु उद्योग कार्यालय, सडक र किनारामा राखिएका सवारी साधन, पैदल मार्ग र ट्राफिक आइल्याण्ड, नेपाल आयल निगम, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय, चाँगल प्रहरी बिट, बाफल प्रहरी बिट, कालीमाटी प्रहरी वृत्तमा दुई ओटा कार, ६ ओटा मोटरसाइकल, वडा कार्यालय कलङ्कीमा आंशिक क्षति, प्रहरी प्रभाग कलङ्की, ट्राफिक प्रहरी प्रभाग, काठमाण्डौं महानगरपालिका-१५ को वडा कार्यालय, प्रहरी वृत्त स्वयम्भू र प्रहरी वृत्त, वडा नम्बर १५ को कार्यालय केन्द्रीय मत्स्यपालन केन्द्र, प्रहरी वृत्त बालाजु, गुणस्तर तथा नापतौल विभाग, महानगरी प्रहरी वृत्त सोह्रखुट्टे, राष्ट्रपति निवास बोहोराटार, चमती प्रहरी बिट, बालाजु प्रहरी बिट, वनस्थली प्रहरी बिट, अन्य दुई ओटा प्रहरी बिट, प्याफलमा रहेको जोशीको शालिक, परोपकार पार्क, रामघाट पार्कको कम्पाउण्ड, वडा नम्बर २२, २४, २७ का प्रहरी बिटहरू, उपत्यका ट्राफिक प्रहरी कार्यालय, उपत्यका प्रहरी कार्यालय रानीपोखरी, नेपाल बार एशोसिएसनको कार्यालय, महानगरीय प्रहरी वृत्त, रुद्रमती मार्गमा रहेको प्रहरी बिट, कालोपुलमा रहेको प्रहरी बिट, डिल्लीबजार कारागार, राष्ट्रिय वाणिज्य बैंक, यातायात व्यवस्था कार्यालय, प्रहरी वृत्त कोटेश्वर, प्रहरी प्रभाग खहरे चोक र कमलादी प्रहरी वृत्तमा आगजनी र तोडफोड भयो।

**व्यक्तिगत र सार्वजनिक सम्पत्ति**

काठमाण्डौं महानगरपालिका-१ स्थित हिल्टन होटल, नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाको निवास र सम्पर्क कार्यालय, नक्साल, बालाजु, चुच्चेपाटी, कोटेश्वर, महाराजगञ्जमा रहेका भाटभटेनी सुपर मार्केटहरू, युलेन्स स्कूल बाँसबारी, कांग्रेस नेता प्रकाशशरण महतको निवास, वर्णबास म्युजियम होटल, धुम्बाराही, कैलाश सिरोहिया र छिमेकीको घर, जेभियर कलेज, काठमाडौं महानगरपालिका-९ स्थित मारवाडी परिषद् भवन, सेन्ट्रल बिजनेस पार्क (कान्तिपुर पब्लिकेसन), हुण्डाई सोरुम, टाटा सोरुम, एमाले नेता युवराज ज्ञवालीको निवास, एमाले नेता महेश बर्तौलाको निवास, एमाले नेता कृष्णगोपाल श्रेष्ठको निवास, व्यवसायी विनोद चौधरीको निवास, पूर्वसचिव विश्वप्रकाश पण्डितको निवास, सहसचिव गणेश अर्यालको निवास, केएफसी, कलंकी, बल्खु कुलेश्वर गणेश मन्दिर, पूर्व प्रधानमन्त्री झलनाथ खनाल र शिक्षा रघुजी पन्तको घर, बागमती प्रदेशका पूर्व मुख्य मन्त्री राजेन्द्र पाण्डे, पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डे, पूर्वमन्त्री जीवनराम श्रेष्ठ र नेकपा माओवादीका नेता नारायणकाजी श्रेष्ठका भाइको घर, महानगरपालिकाका पूर्व उपप्रमुख स्व. नविन्द्रराज जोशीको घर, उनको शालिक, वडा नम्बर २६ मा रहेका ल्होत्से मल, एनसेल टावर, छायाँ सेन्टर, चौधरी निवास, अख्तियार प्रमुख प्रेम राईको घर, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको टोखाको घर, गृहमन्त्री रमेश लेखक, सचिव योगेश भट्टराई, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवालीको शंखमूलस्थित घर, उपमहासचिव विष्णु रिमालको शान्तिनगर स्थित घर, एमालेका सचिव योगेश भट्टराईको बुढानीलकण्ठ स्थित घर, एमालेका सचिव गोकर्ण विष्टको नयाँ बजार स्थित घर, एमालेका नेता अग्नि खरेलको कोटेश्वर स्थित घर, माओवादीका नेता राम नारायण बिडारीको घर, एमालेका नेता सरोज यादवको घर, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका पूर्व वन तथा वातावरण मन्त्री विशाल खड्काको जोरपाटीस्थित घर र गाडी, माधवकुमार नेपालको घर, नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको घर, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का बस्दै आएको डाक्टर डम्बर खड्काको घर, राष्ट्रपति रामचन्द्र पौडेलको घर, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको घर, सतुङ्गलस्थित चौधरी ग्रुपको डिजिटल पार्क, चौधरी ग्रुपको थापाथलीको गाडी शोरूम, चौधरी

ग्रुपको रविभवनको शो रूम, तिनकुनेस्थित सिम्रिक एयरको कार्यालय, अन्नपुर्ण पोस्ट दैनिकको कार्यालय रहेको कर्पोरेट टावर, व्यवसायी रामेश्वर थापाको निवास, चन्द्रागिरी केबुल कारको बटम स्टेशन, पुरानो बानेश्वरको ग्लोबल कलेज अफ म्यानेजमेन्ट, हितेन्द्रदेव शाक्यको निवास, पवन गोल्यानको बानेश्वर हाइटमा रहेको गोल्यान टावर, लैनचौरमा रहेको एनसेलको प्रधान कार्यालय, नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडा लगायतका संरचनाहरूमा तोडफोड र आगजनी भयो। यसैगरी, कान्तिपुर मिडिया ग्रुपको तनिकुनेस्थित कार्यालयमा तोडफोड र आगजनी भयो। आगजनीका कारण कान्तिपुर टिभीको प्रसारण अवरुद्ध भयो।

**तालिका ५.३.६.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | ५ | ६ |
| बलात्कार | ७ | ३३ | ४० |
| यौन दुर्व्यवहार | २ | १० | १२ |
| जम्मा | १० | ४८ | ५८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | १ |
| साइबर अपराध | | | १२ | १२ |
| घरेलु हिंसा | १०७ | ४ | १ | ११२ |
| बलात्कार | | ९ | १८ | २७ |
| बलात्कार प्रयास | | ७ | ८ | १५ |
| यौन दुर्व्यवहार | | २ | ११ | १३ |
| बेचबिखन तथा ओसारपसार | | २ | ५ | ७ |
| पारिवारिक हत्या | | | ४ | ४ |
| जम्मा | १०७ | २४ | ६० | १९१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | ४५ | १० | २ | ५७ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.७ भक्तपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,३२,१३२ |
| महिला | २,१३,७१४ |
| घर परिवार सङ्ख्या | १,०८,४०६ |
| घरजग्गामा महिलाको स्वामित्व | २८,३१३ |
| साक्षरता प्रतिशत | ८७.९६ |
| आश्रित जनसङ्ख्या | १,६४,६११ |
| अपाङ्गता भएका | ५,९७० |

यस वर्ष भक्तपुर जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ७३ जना महिला र तीन जना पुरुष गरी ७६ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३१ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४१ जना महिला पीडित भए।

### बाल सुधार गृह

भक्तपुर जिल्लास्थित बाल सुधारगृहको स्वीकृत क्षमता १ सय जना बालक र १० जना बालिका गरी १ सय १० जनाको छ। गत भदौ २४ गतेको प्रदर्शनपछि सुधारगृहका २ सय ३१ जना बालक र ३९ जना बालिका गरी २ सय ७० जना फरार भए। फरारमध्ये ३५ जनालाई प्रहरीले पुन: नियन्त्रणमा लियो भने १ सय १२ जना आफैं सुधार गृहमा फर्किए।

यस वर्षको अन्त्यसम्म सुधार गृहमा १ सय ४५ जना बालक र २४ जना बालिका गरी १ सय ६९ जना छन्। जसमध्ये ७१ जना बालक र १५ जना बालिका एक वर्षभन्दा माथिको उमेर समूहमा छन्। उमेर सीमा पार गरिसकेका बालबालिकाको व्यवस्थापन र कानुनी स्थिति स्पष्ट गर्नुपर्ने आवश्यकता देखिएको सुधार गृहका सूचना अधिकारी कृष्ण पौडेलले बताए। सुधारगृहमा ६ जना शिक्षक कार्यरत छन् भने सबै बालबालिकालाई कक्षा १० सम्मको औपचारिक शिक्षा प्रदान गरिँदै आएको छ। सुधारगृहमा क्षमता भन्दा बढी बालबालिका राखिनु, १८ वर्ष नाघेका व्यक्तिहरू अझै सुधार गृहमा रहनुले बाल न्याय प्रणालीको कमजोरी उजागर गरेको छ।

### बाल अधिकार

यस वर्ष भक्तपुर जिल्लामा बलात्कार घटनामा

**तालिका ५.३.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| हत्या | | १ | २ | ३ |
| बाल अधिकार | बलात्कार | २१ | | २१ |
| | यौनदुर्व्यवहार | १० | | १० |
| | जम्मा | ३१ | | ३१ |
| महिला अधिकार | घरेलु हिंसा | १९ | | १९ |
| | बलात्कार | ११ | | ११ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | बलात्कार प्रयास | २ | | २ |
| | बेचबिखन तथा ओसारपसार | ४ | | ४ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | साइबर अपराध | २ | | २ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | ४१ | | ४१ |
| **कूल जम्मा** | | ७३ | ३ | ७६ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.३.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

२१ र यौन दुर्व्यवहार घटनामा १० गरी ३१ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**यौन दुर्व्यवहार**

१७ वर्षीया बालिकालाई ०८१ फागुन २ गते यौन दुर्व्यवहार गरेको आरोपमा गोडैता नगरपालिका-१०, सर्लाही घर भई सूर्यविनायक नगरपालिका बस्ने ४१ वर्षीय केदारप्रसाद श्रेष्ठविरुद्ध पीडित पक्षले ०८१ चैत १ गते प्रहरी वृत्त, जगातीमा उजुरी दियो। जिल्ला अदालतको ०८२ जेठ १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै तीन महिना कैद, ३० हजार रुपियाँ जरिवाना, ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति र पीडित राहत कोषमा १२ सय रुपियाँ भराउने फैसला गर्‍यो।

१७ वर्षीया बालिकालाई ०८२ असार २५ गते सामाजिक सन्जाल म्यासेन्जरको ग्रुपमा सन्देश पठाइ चरित्र हत्या गरेको भन्दै धनुषा जिल्लाको मुखियापट्टी गाउँपालिका-४, घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-४ दधिकोट बस्ने १९ वर्षीय राज साह विरुद्ध पीडित पक्षले साइबर व्युरो भोटाहिटिमा असार २५ गते उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको मंसिर १६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १५ दिन कैद सजाय, एक हजार रुपियाँ जरिवाना र पीडितलाई क्षतिपूर्ति वापत १० हजार रुपियाँ भराई दुई सय रुपियाँ पीडित राहत कोषमा दाखिला गर्नुपर्ने आदेश गर्‍यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १९ उजुरीहरू दर्ता भए। सबै उजुरीमा मेलमिलाप गरिएको जिल्ला प्रहरी कार्यालयकी प्रहरी जवान गोमा महतले बताइन्।

यो वर्ष भक्तपुर जिल्लामा बलात्कारका घटनामा ११, सामूहिक बलात्कार घटनामा एक, बलात्कार प्रयास घटनामा दुई, यौन दुर्व्यवहार घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा चार, साइबर अपराध घटनामा दुई र घरेलु हिंसाका घटनामा १९ गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट एक जना महिलाको हत्या भयो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति/सम्पत्ति क्षति**

नव युवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनका क्रममा सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित प्रधानमन्त्री केपी शर्मा ओलीको घर, सूर्यविनायक नगरपालिका-७, गुण्डस्थित नेकपा एमालेका नेता महेश बस्नेतको घर, सूर्यविनायक नगरपालिकाका नगर प्रमुख बासुदेव थापा बस्दै आएको उनकी छोरीको सूर्यविनायक नगरपालिका दार्जलिङ हाइटस्थित घर, सूर्यविनायक नगरपालिका-७ को कार्यालय, वडा अध्यक्ष एवम् नगरपालिकाका प्रवक्ता रवीन्द्र सापकोटाको घर, सूर्यविनायक नगरपालिका-४ को वडा कार्यालय, मध्यपुर ठिमी नगरपालिकाको कार्यालय,सोही कार्यालयका सात सवारी साधन, नगरपालिकाभित्र रहेको नेपाल बैंकको एटीएम मेसिन, मध्यपुर ठिमी नगरपालिका-१, लोकन्थलीस्थित नेकपा एमालेका नेता गोकुल बास्कोटाको घर र सोही स्थानमा रहेको नेकपा एमाले पोलिटब्यूरो सदस्य एवम् पूर्व पर्यटनमन्त्री आनन्दप्रसाद पोखरेलको घर, मध्यपुरठिमी-३ कौशलटार स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय, ठिमी प्रहरी कार्यालय, मध्यपुर ठिमी नगरपालिका, भक्तपुर नगरपालिका-७ जगातीस्थित प्रहरी कार्यालय, लोकन्थलीस्थित प्रहरी बिट, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, सडक डिभिजन कार्यालय, जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट तथा सवारी साधनमा आगजनी र तोडफोड भयो। यसैगरी, चाँगुनारायण नगरपालिकामा प्रदर्शनकारीहरूले वडा नम्बर ७ को कार्यालय, खरिपाटीमा रहेको प्रहरी प्रभाग, वडा नम्बर २ को कार्यालय, दुवाकोटमा रहेको प्रहरी प्रभाग, रेडक्रस दुवाकोट उपशाखा, वडा नम्बर ८ को कार्यालय, सुडालमा रहेको प्रहरी प्रभाग, वडा नम्बर ४ को कार्यालय, चाँगुनारायणमा रहेको प्रहरी प्रभाग,वडा नम्बर ४ को कार्यालय, वडा नम्बर १ मा रहेको अस्थायी प्रहरी विट, वडा नम्बर ६ मा रहेको नगरकोट पर्यटक प्रहरी विटमा तोडफोड तथा आगजनी भयो।

**तालिका ५.३.७.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | | ३ | १८ | २१ |
| यौन दुर्व्यवहार | २ | ३ | ५ | १० |
| जम्मा | २ | ६ | २३ | ३१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | | | ४ | ४ |
| साइबर अपराध | | | २ | २ |
| घरेलु हिंसा | १९ | | | १९ |
| बलात्कार | | २ | ९ | ११ |
| बलात्कार प्रयास | | | २ | २ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| सामूहिक बलात्कार | | १ | | १ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | १९ | ३ | १९ | ४१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | २ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.८ ललितपुर

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,५१,६६७ |
| महिला | २,७४,५३६ |
| घर परिवार सङ्ख्या | १,४०,१३० |
| घरजग्गामा महिलाको स्वामित्व | ३६,२२२ |
| साक्षरता प्रतिशत | ८८.०८ |
| आश्रित जनसङ्ख्या | २,११,५७८ |
| अपाङ्गता भएका | ७,९५४ |




यस वर्ष ललितपुर जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ८६ जना महिला र नौ जना पुरुष गरी ९५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा ललितपुर महानगरपालिका-२६ सुनाकोठीका २५ वर्षीय सुरज खत्रीको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकी छोरी गंगा दाहालको घरमा जलेर मृत्यु भयो। दाहालको घरमा आन्दोलनकारीले ०८२ भदौ २४ गते आगजनी गरेका थिए। घरको भग्नावशेषमा भदौ २५ गते खत्रीको शव भेटिएको जिल्ला प्रहरी परिसर, ललितपुरका एसएसपी श्यामकृष्ण अधिकारीले बताए। शवको पोष्टमार्टम भदौ २५ गते पाटन अस्पतालमा भयो। परिवारजनले शवको सद्गत भदौ २५ गते गरे।

### कारागार र बन्दी

नख्खु कारागारको क्षमता ७ सय जनाको छ। कारागारमा ६ सय १८ कैदी र २ सय २७ गरी ८ सय ६८ पुरुष कैदीबन्दी छन्। कारागारमा ८ सय ४५ जना नेपाली र २३ विदेशी कैदीबन्दी छन्। कारागारमा ०८२ भदौ २४ गतेसम्म १२ सय ८० जना कैदीबन्दी थिए। नवयुवा पुस्ताको आन्दोलनका क्रममा भदौ २४ गते कारागारमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने फरार भएसँगै अन्य १ हजार १ सय ८० जना कैदीबन्दी पनि कारागारबाट भागे। यस वर्षको अन्त्यसम्म रवि लामिछानेसहित ८ सय २६ जना कारागार फर्किए। ३ सय ५४ कैदीबन्दी बाहिर छन्। कारागारमा दुई जना स्वास्थ्यकर्मीको दरबन्दी छ।

### बाल अधिकार

यस वर्ष ललितपुर जिल्लामा बलात्कार घटनामा ११, यौन दुर्व्यवहार घटनामा पाँच र हाडनाता करणी घटनामा चार गरी २० जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

१५ वर्षीया बालिकालाई ०८१ फागुन १२ गते बलात्कार गरेको आरोपमा ललितपुर महानगरपालिका-२१ खोकनाका ५१ वर्षीय कुलबहादुर भनिने कुलदीप

खत्रीविरुद्ध पीडित पक्षले सोही दिन प्रहरी वृत्त, सातदोबाटोमा उजुरी दियो। जिल्ला अदालतको कात्तिक १८ गतेको इजलासले १२ वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति र २० हजार रुपियाँ पीडित राहत कोषमा कसुरदारबाट भराउने फैसला गऱ्यो।

### यौन दुर्व्यवहार

८ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा महालक्ष्मी नगरपालिका-५ टिकाथलीका २८ वर्षीय प्रवीण शाक्यलाई ०८१ माघ ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ पुस ३ गतेको इजलासले बालबालिका सम्बन्धी ऐन २०७५ (दफा ६६) अनुसार दाबी पुग्ने फैसला गरेको छ। यो वर्षको अन्त्यसम्म सजाय निर्धारण भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा भएको भन्दै ५ सय ११ जनाले उजुरी दिए। जसमध्ये प्रहरीले ५ सय ८ उजुरीमा मेलमिलाप भयो। दुई उजुरी कानुनी प्रक्रियामा पठाइएको र एक उजुरीका पीडित सम्पर्कमा नआएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी वरिष्ठ सई बसन्ता घिमिरेले बताइन्।

यो वर्ष ललितपुर जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा ५६ गरी ६२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट दुई जना महिलाको हत्या भयो ।

### पारिवारिक हत्या

काठमाडौँको चन्द्रागिरी नगरपालिका-८ थानकोट घर भई ललितपुरको गोदावरी नगरपालिका-१४ ठैब बस्ने ४६ वर्षीया सुस्मिता भनिने कमलामाया खड्गीको हत्या गरेको आरोपमा पति ४६ वर्षीय निरोजकुमार खड्गीलाई प्रहरीले ०८२ साउन १८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ भदौ १२ गतेको इजसासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सरकारी भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारीले ललितपुर महानगरपालिका-१ भैँसेपाटीस्थित मन्त्री र मुख्यमन्त्री क्वार्टरमा आगजनी र तोडफोड गरे। क्वार्टरभित्रका ४४ भवनमध्ये ४० ओटा भवनमा पूर्ण रूपमा क्षति पुग्यो। त्यसैगरी ललितपुर-४ स्थित नख्खु कारागार, ललितपुर-३ स्थित पुल्चोक प्रहरी प्रभाग, ललितपुर-१, १२ र ९ स्थित प्रहरी प्रभाग, ललितपुर-१५ सातदोबाटोस्थित प्रहरी वृत्त, ललितपुर-१५ सातदोबाटो स्थित ट्राफिक प्रहरी परिसर, ललितपुर-२ हरिसिद्धीस्थित प्रहरी प्रभाग हरिसिद्धी, ललितपुर-२२ बुङ्मतीस्थित प्रहरी प्रभागमा आगजनी र तोडफोड भयो। यसैगरी, प्रदर्शनकारीले गोदावरी-११ चापागाउँस्थित प्रहरी वृत्त, गोदावरी-१० प्याङगाउँस्थित अस्थायी प्रहरी पोष्ट, गोदावरी-१४ बाँडेगाउँस्थित प्रहरी प्रभाग बाँडेगाउँ, गोदावरी-३ गोदावरीस्थित प्रहरी प्रभाग गोदावरी, महालक्ष्मी नगरपालिका-१ इमाडोलस्थित प्रहरी प्रभाग, महालक्ष्मी नगरपालिकाको कार्यालयमा आगजनी र तोडफोड गरे।

त्यसैगरी प्रदर्शनकारीले महालक्ष्मी नगरपालिका-८ लुभुस्थित प्रहरी प्रभाग लुभु, ललितपुर महानगरपालिका-२५ भैँसेपाटीस्थित प्रहरी प्रभाग भैँसेपाटी, ललितपुर महानगरपालिका लगनखेलस्थित वडा प्रहरी कार्यालय, प्रहरी प्रभाग चुनिखेलमा आगजनी र तोडफोड गरे। प्रदर्शनकारीले ललितपुर महानगरपालिका धापाखेलस्थित प्रहरी प्रभाग, धापाखेल,

**तालिका ५.३.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | ४ | ५ |
| कुटपिट | | | १ | १ |
| हत्या | | १ | ४ | ५ |
| बाल अधिकार | बलात्कार | ११ | | ११ |
| | हाडनाता करणी | ४ | | ४ |
| | यौन दुर्व्यवहार | ५ | | ५ |
| | जम्मा | २० | | २० |
| महिला अधिकार | घरेलु हिंसा | ५६ | | ५६ |
| | बलात्कार | ६ | | ६ |
| | पारिवारिक हत्या | २ | | २ |
| | जम्मा | ६४ | | ६४ |
| **कूल जम्मा** | | ८६ | ९ | ९५ |

(स्रोत : इन्सेक, २०२५)

ललितपुर महानगरपालिका-१० हनुमानस्थानस्थित प्रहरी प्रभाग हनुमानस्थान, गोदावरी नगरपालिका-५ लेलेस्थित प्रहरी चौकी लेलेमा आगजनी र तोडफोड गरे। प्रदर्शनकारीले महालक्ष्मी नगरपालिका-५ टिकाथलीस्थित प्रहरी प्रभाग, गोदावरी नगरपालिका-७ फर्सिडोलस्थित प्रहरी प्रभाग फर्सिडोल, गोदावरी नगरपालिका-३ मोतिचौरस्थित क्षेत्रीय वन तालिम, गोदावरी नगरपालिका-३ मोतिचौरस्थित डिभिजन वन कार्यालयमा आगजनी र तोडफोड गरे। त्यसैगरी, प्रदर्शनकारीले ललितपुर नगरपालिका-१५ हात्तीवनस्थित सब डिभिजन वन कार्यालय, गोदावरी नगरपालिकास्थित सब डिविजन वन कार्यालय, गोदावरी नगरपालिका-३ गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा आगजनी र तोडफोड गरे। प्रदर्शनकारीले महालक्ष्मी नगरपालिका-१ इमाडोलस्थित महालक्ष्मी नगरपालिका कार्यालयमा आगजनी र तोडफोड गरे। प्रदर्शनकारीले महालक्ष्मी नगरपालिका-८ लुभुस्थित महालक्ष्मी नगरपालिकाको ८ नम्बर वडा कार्यालयमा आगजनी र तोडफोड गरे। त्यसैगरी प्रदर्शनकारीले ललितपुर महानगरपालिका-४ वडा कार्यालय, गुमनचोकस्थित ललितपुर महानगरपालिका-२९को वडा कार्यालयमा आगजनी र तोडफोड गरे। प्रदर्शनकारीहरूले गोदावरी नगरपालिकाको १२, १३ र १४ नम्बर वडा कार्यालयमा आगजनी र तोडफोड गरे।

**निजी संरचना**

नवयुवा पुस्ताले भदौ २४ गते गरेको आन्दोलनको क्रममा प्रदर्शनकारीहरूले एमाले उपाध्यक्ष विष्णु पौडेलको भैँसेपाटीमा रहेको घर, उपमहासचिव पृथ्वीसुब्बा गुरुङको घर, सचिव रघुवीर महासेठको भैँसेपाटीको घर, नेता ज्ञानेन्द्र शाक्यको ललितपुरको घर, नेता प्रेम महर्जनको ललितपुरको घर, ललितपुर महानगरपालिका-१ भैसेपाटीस्थित पूर्व मन्त्री बामदेव गौतमको घर, ललितपुर महानगरपालिका-२५ भैँसेपाटीस्थित राष्ट्र बैंकका गभर्नर डाक्टर विश्वनाथ पौडेलको घर, ललितपुर महानगरपालिका-१ भैँसेपाटीस्थित पूर्व श्रममन्त्री शरदसिंह भण्डारीको घर, ललितपुर महानगरपालिका-२५ भैँसेपाटीस्थित पूर्वमन्त्री रघुवीर महासेठको घर, ललितपुर महानगरपालिका-१ भैँसेपाटीस्थित पूर्व अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको घर, ललितपुर महानगरपालिका-२६ ढोलाहिटीस्थित पूर्व सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङको घर, गंगा दाहालको घर, ललितपुर महानगरपालिका-१५ खुमलटारस्थित शारदाप्रसाद अधिकारीको घर, ललितपुर महानगरपालिका-१५ हात्तीवनस्थित पूर्व परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठको घर, ललितपुर महानगरपालिका-२३ हात्तीवनस्थित रेणु दाहालको घर, ललितपुर महानगरपालिका-१३ कुसुन्तीस्थित पूर्वमन्त्री पम्फा भुसालको घर, महालक्ष्मी नगरपालिका-५ टिकाथलीस्थित महेन्द्र राय यादवको घर, ललितपुर महानगरपालिका-१४ स्थित पूर्वमन्त्री वर्षमान पुनको घर, ललितपुर महानगरपालिकास्थित पूर्वमन्त्री एनपी साउदको घर, ललितपुर महानगरपालिका- ९ च्यासलस्थित बेस इन्टेरियर्स इन्टरनेशनल प्राइभेट लिमिटेड, ललितपुर महानगरपालिका-१५ खुमलटारस्थित युलेन्स स्कूल, गोदावरी नगरपालिका हरिसिद्धि स्थित नेपाल क्यान्सर अस्पताल, ललितपुर महानगरपालिका-२ सानेपास्थित नेपाली कांग्रेस पार्टीको केन्द्रीय कार्यालय, ललितपुर महानगरपालिका-९ च्यासलस्थित नेकपा एमाले पार्टीको केन्द्रीय कार्यालय, ललितपुर महानगरपालिका-१४ नखिपोटस्थित नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालय, ललितपुर महानगरपालिका-९ च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठान, ललितपुर महानगरपालिका-९ च्यासलस्थित नेकपा एमाले बागमती प्रदेश कार्यालय, ललितपुर महानगरपालिका-८ बालकुमारीस्थित जनता समाजवादी पार्टी नेपालको कार्यालय, ललितपुर महानगरपालिका-१५ सातदोबाटोस्थित नेकपा एमाले जिल्ला पार्टी कार्यालय, गोदावरी नगरपालिका-१४ बाँडेगाउँस्थित कृष्णप्रसाद भट्टराईको आश्रम र विद्युत प्राधिकरणको कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यको घर तोडफोड र आगजनी गरे।

**सरकारी सवारी साधन**

प्रदर्शनकारीहरूले ललितपुर महानगरपालिका कार्यालयको ६ ओटा चारपाङ्ग्रे र एक दमकल गरी सात ओटा सवारी, प्रहरी परिसर र अन्तर्गतका कार्यालयका ११ ओटा चारपाङ्ग्रे, २४ ओटा दुई पांग्रे गरी ३५ ओटा साधन, सडक डिभिजन कार्यालय, ललितपुरमा रहेका एउटा चार पाङ्ग्रे सवारी साधन, सशस्त्र प्रहरी बल २१ नं. गण अन्तर्गतका तीन ओटा चारपाङ्ग्रे सवारी साधन, कारागार कार्यालय, नख्खुमा भएका दुई ओटा चार पाङ्ग्रे आठ ओटा दुई पाङ्ग्रे सवारी साधन, वन अनुसन्धान प्रशिक्षण केन्द्र, गोदावरीमा एउटा चारपाङ्ग्रे सवारी साधन, डिभिजन वन कार्यालय ललितपुरमा रहेका दुई ओटा चार पाङ्ग्रे

र ६ ओटा दुई पाङ्ग्रे गरी आठ ओटा सवारी साधन, बोर्डिङ स्कूल, कलेज र व्यक्तिका नीजि सवारी साधन, ललितपुर महानगरपालिका-२ गुसिङ्गालस्थित नाइटिङ्गेल इन्टरनेशनल कलेजको पाँच ओटा बस, युलेन्स स्कूलका ८३ ओटा साना बस, ६ ओटा सरकारीसहित २८ ओटा मोटर साइकलमा आगजनी गरे।

**तालिका ५.३.८.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १० | ११ |
| हाडनाता करणी | | ४ | ४ |
| यौन दुर्व्यवहार | ३ | २ | ५ |
| जम्मा | ४ | १६ | २० |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ५२ | ४ | ५६ |
| बलात्कार | | ६ | ६ |
| पारिवारिक हत्या | | २ | २ |
| जम्मा | ५२ | १२ | ६४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.९ काभ्रेपलाञ्चोक




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,६४,०३९ |
| महिला | १,८५,१३० |
| घर परिवार सङ्ख्या | ९१,३३० |
| घरजग्गामा महिलाको स्वामित्व | १८,८४४ |
| साक्षरता प्रतिशत | ७५.६८ |
| आश्रित जनसङ्ख्या | १,६१,२७५ |
| अपाङ्गता भएका | ८,५९३ |

यस वर्ष काभ्रे जिल्लामा हिरासतमा एक जनाको मृत्यु भयो। मानव अधिकार ज्यादतीका घटनामा ८१ जना महिला र १२ जना पुरुष गरी ९३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६३ जना महिला पीडित भए।

### कारागार र बन्दी

८५ जनाको क्षमता भएको जिल्ला कारागारमा २ सय ८१ जना पुरुष कैदीबन्दी छन्। जसमध्ये कैद तोकिएका १ सय २२ र थुनुवा १ सय ५४ जना रहेका छन्। यस कारागारमा महिला र बालबालिकालाई राख्ने गरिएको छैन। कैदी बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेको छ भने बन्दीहरू बिरामी पर्दा नजिकको धुलिखेल अस्पतालमा स्वास्थ्य उपचार हुने गरेको छ। कारागारमा ६ जना कैदीबन्दीहरूमा जटिल मानसिक स्वास्थ्य समस्या छ। कारागारका बन्दीहरूका लागि हरेक वर्ष मौसम अनुसारको कपडा दिइँदै आएको छ।

### हिरासतमा मृत्यु

रोशी गाउँपालिका-१२ का २१ वर्षीय दुधराज तामाङ रोशी गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय, मंगलटारको हिरासतभित्र रहेको शौचालयमा झुण्डिएको अवस्थामा ०८२ मंसिर २९ गते मृत फेला परे। चोरी आरोपमा अनुसन्धानका लागि मङ्सिर २८ गते गिरफ्तार गरिएका दुधराजले हिरासतभित्रको शौचालयमा झुण्डिएर आत्महत्या गरेको इलाका प्रहरी कार्यालय, मंगलटारका प्रहरी निरीक्षक ईश्वर कार्कीले बताए। शवको पोष्टमार्टम पुस १ गते धुलिखेल अस्पतालमा भयो। सोही दिन मृतकका आफन्तले शव बुझी दाहसंस्कार गरेको जिल्ला प्रहरी कार्यालय, काभ्रेका डीएसपी रविन श्रेष्ठले बताए।

### बाल अधिकार

यस वर्ष काभ्रे जिल्लामा बलात्कार घटनामा सात, यौन दुर्व्यवहार घटनामा चार, हाडनाता करणी घटनामा एक, सामूहिक बलात्कार घटनामा एक र विद्यालयमा दिइने दण्ड सजाय घटनामा दुई गरी १५ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### कुटपिट

१३ र १४ वर्षीया दुई बालकलाई बनेपा नगरपालिका-६ गोसाइकुण्डमा रहेको गुरुकुल विद्यालयमा ०८१ माघ ३० गते संस्कृत शिक्षक कौशल आचार्यले कुटपिट गरी घाइते बनाए। शिक्षकले कुटपिट गरेर हात भाँचिदिएको र कान फुटाइदिएको विद्यार्थीले बताए। पीडितहरूको उपचार शीर मेमोरियल अस्पतालमा भयो। बालकहरू कुटिएको अभिभावकको उजुरीपछि गुरुकुल व्यवस्थापन समितिका अध्यक्ष भैरव

केसीको संयोजकत्वमा छानविन समिति गठन भयो। समितिमा वडा प्रतिनिधि लालकृष्ण तिमल्सिना र व्यवस्थापन समितिका पुर्व अध्यक्ष फणिन्द्रराज अधिकारी सदस्य थिए। छानविन समितिको प्रतिवेदनमा बालकहरूलाई मानसिक र शारीरिक यातना दिइएको उल्लेख छ। यसअघि स्वयम् प्राचार्यद्वारा विद्यार्थी कुटपिट भएको भन्दै विद्यार्थीहरूले अभिभावकलाई गुनासो गरेका थिए। गुरुकुलले आरोपित शिक्षकलाई बर्खास्त गऱ्यो। गोसाइस्थान नैमिषारन्य क्षेत्र विकास समितिद्वारा सञ्चालित नैमिषारन्य संस्कृत गुरुकुलमा विगत दुई वर्षदेखि बालकहरूलाई मानसिक र शारीरिक यातना दिइँदै आएको बालकहरूले बताए।

**तालिका ५.३.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | १ | ७ | ८ |
| घाइते | | | | १ | ३ | ४ |
| हिरासतमा मृत्यु | | १ | १ | | | |
| हत्या | | | | २ | | २ |
| जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | २ | २ |
| | बलात्कार | | | ७ | | ७ |
| | यौन दुर्व्यवहार | | | ४ | | ४ |
| | हाडनाता करणी | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | जम्मा | | | १३ | २ | १५ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५६ | | ५६ |
| | बलात्कार | | | २ | | २ |
| | हाडनाता करणी | | | २ | | २ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | ६३ | | ६३ |
| **कूल जम्मा** | | १ | १ | ८१ | १२ | ९३ |

(स्रोत : इन्सेक, २०२५)

**बलात्कार**

५ वर्षीया वालिकालाई ०८१ माघ १८ गते बलात्कार गरेको आरोपमा रोशी गाउँपालिका-९ का २० वर्षीय रूपबहादुर तामाङविरुद्ध पीडित पक्षले ०८१ फागुन २ गते जिल्ला प्रहरी कार्यालय, धुलिखेलमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८१ फागुन ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको ०८२ साउन १९ गतेको इजलासले कसुरदारलाई २५ वर्ष कैद, सात लाख रुपियाँ जरिवाना, तीन लाख रुपियाँ क्षतिपूर्ति र २८ हजार पीडित राहत कोषमा जम्मा गर्न आदेश गऱ्यो।

**यौन दुर्व्यवहार**

आठ वर्षीया बालिकालाई ०८२ वैशाख २९ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले चौरीदेउराली गाउँपालिका-२ नाग्रे गगर्चेका २६ वर्षीय असले भनिने कर्म नाम्गेल तामाङविरुद्ध वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन धुलिखेल अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख ३१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवकुमार पोखरेलेको साउन २६ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ३ वर्ष कैद र ३० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा भएको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ७० जना महिलाले उजुरी दर्ता गराए। यस वर्ष परेका उजुरीमध्ये मानसिक यातनाका ३८ र शारीरिक यातनाका ३२ उजुरी रहेका छन्। उजुरीमध्ये ४४ उजुरीमा मेलमिलाप भयो। २३ जना उजुरीकर्ता सम्पर्कमा आएनन्। तीन उजुरी अदालत पठाएको सेवा केन्द्रले जनायो।

यो वर्ष काभ्रे जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयास घटनामा एक, हाडनाता करणी घटनामा दुई, सामूहिक बलात्कार घटनामा एक र

**तालिका ५.३.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

घरेलु हिंसाका घटनामा ५६ जना गरी ६२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जना महिलाको हत्या भयो।

**बलात्कार**

३८ वर्षीया महिलालाई ०८१ माघ २८ गते बलात्कार गरेको आरोपमा पाँचखाल नपा-१२ भैसेटोलका ३९ वर्षीय मोहनलाल दनुवार विरुद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालय, धुलिखेलमा उजुरी दियो। आरोपितलाई मौखिक उजुरीका आधारमा फागुन ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको ०८२ पुस ९ गतेको इजालासले अभियोग दाबी पुग्ने फैसला गऱ्यो। यो वर्षको अन्त्यसम्म सजाय निर्धारण भएन।

**बलात्कार प्रयास**

४१ वर्षीया महिलालाई ०८१ माघ ८ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले रोशी गाउँपालिका-१२ भिमखोरीका ५२ वर्षीय इन्द्रबहादुर पुलामी विरुद्ध ०८१ माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश शिवकुमार पोखरेलको ०८२ वैशाख १४ गतेको इजलासले ३ वर्ष ६ महिना कैद, एक लाख ५० हजार जरिवाना र पीडित राहत कोषमा छ हजार रुपैँया कसुरदारबाट भराउने आदेश गऱ्यो।

**पारिवारिक हत्या**

पनौती नपा-१२ कलाँती गागलकी ३१ वर्षीया मनिषा घ्यावा तामाङको ०८२ असोज ३ गते हत्या गरेको आरोपमा पति ३४ वर्षीय सन्तबहादुर तामाङ विरुद्ध पीडित पक्षले असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बलात्कार मुद्दामा दोषी करार भई नख्खु कारागारको थुनामा रहेका तामाङ भदौ २४ गते कारागारबाट भागी सोही राती घर पुगेका थिए। कारागारबाट भागेर घर आएका पतिसँग झगडा भएपछि माइतीघर गएकी पीडितलाई दाइले भदौ २८ गते घर पठाएका थिए। मादक पदार्थ सेवन गरेका आरोपितले असोज ३ गते बिहान घरायसी झगडामा पत्नीको हत्या गरी घर पछाडिको बारीमा शव गाडेका थिए। प्रहरीले आरोपितलाई असोज ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको मंसिर २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**जातीय विभेद**

पाँचखाल नपा-१३ निवासी ३५ वर्षीया विमला विश्वकर्मालाई ०८१ चैत २१ गते बिहान नेपाली कांग्रेसको पार्टी कार्यालयमा बैठक बसिरहेको बेला सोही घरकी घरधनी ४२ वर्षीया यमुनादेवी नरालले 'तँ कमिनी मेरो घरमा कसरी छिरिस्, यो कमिनीले गर्दा मलाई देउताले दुःख दियो' भनी अपशब्द बोली घोक्र्याएर घरबाहिर निकालेको भन्दै पीडितले ०८१ चैत २२ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी दिइन्। पीडित गत ०७९ को स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित दलित वडा सदस्य हुन्। स्थानीय स्वास्थ्य स्वयम्सेविका समेत रहेकी आरोपितलाई ०८१ चैत २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ वैशाख ३ गतेको इजलासले आरोपितलाई १० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश गरेकोमा जिल्ला अदालतका न्यायाधीश मातृकाप्रसाद आचार्यको असार १५ गतेको इजलासले अभियोग दाबी पुग्ने आदेश गऱ्यो।

**एसिड प्रहार**

सिन्धुली जिल्ला तीनपाटन गाउँपालिका-३ घर भई रोशी गाउँपालिका-६ लेखपानीमा ज्याला मजदुरी गर्ने ४० वर्षीय सुकराम परियारलाई ०८१ चैत १७ गते सोही ठाँउका ३२ वर्षीय रामबहादुर मानन्धर, २६ वर्षीय विशाल अछामी र ३५ वर्षीय सुमन सार्कीले रोशी गाउँपालिका-६ लेखपानीमा रहेको दूग्ध संकलन केन्द्रको एसिड टाउकोबाट खन्याएर घाइते बनाएको आरोपमा पीडित पक्षले ०८१ चैत १९ गते जिल्ला प्रहरी कार्यालय, धुलिखेलमा उजुरी दियो। पीडितको चैत १७ गते धुलिखेल अस्पतालमा प्राथमिक उपचारपछि थप उपचार काठमाडौँको कीर्तिपुरको बर्न अस्पतालमा भयो। प्रहरीले आरोपित मानन्धर र अछामीलाई चैत १८ गते गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला आदालतको

वैशाख ११ गतेको इजलासको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्। अर्का आरोपित सुमन सार्कीलाई ०८२ वैशाख १४ गते जिल्ला प्रहरी कार्यालय कास्कीले गिरफ्तार गरी ०८२ वैशाख १६ गते जिल्ला अदालत काभ्रेमा पेश गरेकोमा अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। पीडितको अनुहार पूर्ण रूपमा जल्नुका साथै दृष्टिसमेत गुम्यो।

## आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले भदौ २४ देखि २८ गते बिहानसम्म गरेको प्रदर्शनका क्रममा बनेपा नपा-७ मा रहेको नेकपा (एमाले) को पार्टी कार्यालय र बनेपा नपा-११ मा रहेको नेपाली कांग्रेसको पार्टी कार्यालय, इलाका प्रहरी कार्यालय बनेपा, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बनेपा, पाँचखाल र पनौतीका प्रहरी चौकी तथा हिँगुवापाटीसहितका प्रहरी बिटमा तोडफोड र आगजनी गरे।

साथै पनौती नगरपालिका, पाँचखाल नगरपालिका र पाँचखाल खानेपानी कार्यालयमा तोडफोड भयो। पूर्वसांसद शिव हुमागाईंको घरमा रहेको सवारी साधनहरु आगजनी भयो। धुलिखेल नगर प्रमुख अशोक ब्याञ्जु, पनौती नगर प्रमुख रामशरण भण्डारी, उपप्रमुख गीता बञ्जारा, पूर्व नगर प्रमुख भीम न्यौपाने, वडा अध्यक्ष पुरुषोत्तम अधिकारी र व्यवसायी क्याप्टेन रामेश्वर थापाको घरमा तोडफोड र आगजनी भयो।

**तालिका ५.३.९.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएको** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | | २ | | | २ |
| बलात्कार | १ | | १ | ५ | ७ |
| हाडनाता करणी | | | | १ | १ |
| सामूहिक बलात्कार | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | | ३ | ४ |
| जम्मा | २ | २ | २ | ९ | १५ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएको** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिँसा | | ३७ | १८ | १ | ५६ |
| बलात्कार | १ | | | १ | २ |
| सामूहिक बलात्कार | | | | १ | १ |
| हाडनाता करणी | | | | २ | २ |
| बलात्कार प्रयास | १ | | | | १ |
| पारिवारिक हत्या | | | | १ | १ |
| जम्मा | २ | ३७ | १८ | ६ | ६३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएको** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.१० रामेछाप

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७०,३०२ |
| महिला | ८९,४७८ |
| घर परिवार सङ्ख्या | ४६,४६६ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,१११ |
| साक्षरता प्रतिशत | ६८.१२ |
| आश्रित जनसङ्ख्या | ८५,४१७ |
| अपाङ्गता भएका | ५,५०२ |




यस वर्ष रामेछाप जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १४ पुरुष पीडित भए। ज्यादतीका घटनामा १८ जना महिला र तीन जना पुरुष गरी २१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### राज्यपक्षबाट

मोरङ जिल्लाको विराटनगर महानगरपालिका- ६ का ५१ वर्षीय राजकिश्वर यादव र धनुषा जिल्ला साविक भरतपुर गाविस-१ का ५८ वर्षीय बिकरु धोवीको भदौ २६ गते कारागार तोडफोड गरी भाग्न खोज्दा प्रहरीले प्रहार गरेको गोली लागेकोमा उपचारका क्रममा रामेछाप अस्पतालमा मृत्यु भयो। घटनामा घाइते भएका धनुषाको जनकपुर उपमहानगरपालिका-१२ का ४० वर्षीय मनोज महतोको धुलिखेल अस्पतालमा उपचारको क्रममा ०८२ भदौ २८ गते मृत्यु भएको रामेछापका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए। मृतक बिकरु धोवीको शवको पोष्टमार्टम भदौ २६ गते मन्थली अस्पतालमा, राजकिश्वर यादवको शवको पोष्टमार्टम भदौ २७ गते मन्थली अस्पतालमा र मनोज महतोको शवको पोष्टमार्टम असोज ४ गते धुलिखेल अस्पतालमा भई सोही दिन परिवारजनलाई जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी इन्स्पेक्टर राजनप्रसाद तिमिल्सनाले बताए।

घटनामा २९ वर्षीय नारायण बस्याल, ३० वर्षीय नविन्द्र रसाइली, ३१ वर्षीय अरुण साह, २३ वर्षीय बिनोद ढकाल, २८ वर्षीय श्रवण अधिकारी, ३० वर्षीय महोमद मिया, ३५ वर्षीय चन्द्र बिक, ३१ वर्षीय रोहित दनुवार, ३८ वर्षीय रामचन्द्र मण्डल खत्वे, २१ वर्षीय हाकिम सुनुवार र ३३ वर्षीय कमल बिक घाइते भएको सूचना अधिकारी राजेन्द्र बस्नेतले बताए। घाइतेहरूको उपचार रामेछाप र धुलिखेल अस्पतालमा भयो।

### कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको छ। कारागारमा १३ जना महिला र २ सय ५२ जना पुरुष कैदी तथा २ जना महिला र २७ जना पुरुष थुनुवा गरी २ सय ९४ जना कैदीबन्दी छन्। ६५ वर्ष नाघेका पुरुष ६ जना कैदीबन्दी छन्। क्षमताभन्दा बढी कैदीबन्दी हुँदा खानेपानी व्यवस्थापनमा समस्या हुने गरेको कारागार प्रमुख रुपक मण्डलले बताए।

### कुटपिट

#### अन्यपक्षबाट

उमाकुण्ड गाउँपालिका-५ प्रीति निवासी प्रेस चौतारी नेपाल रामेछापका सहसचिव तथा रेडियो इनर्जी १०६.२ मेगाहर्जका उमाकुण्ड संवाददाता २४ वर्षीय मणिराज सुनुवारलाई ०८२ बैशाख २९ गते उमाकुण्ड

गाउँपालिका-४ को चण्डीथानमा चण्डी पूजाको समाचार सङ्कलनको क्रममा कार्यक्रमका स्वयमसेवकहरुले कठालो समातेर तानी हातपात गरेको आरोपमा पीडितले ०८२ बैशाख ३० गते इलाका प्रहरी कार्यालय, प्रितीमा उजुरी दिए। चण्डीगुठीका अध्यक्षको अनुमति लिएर समाचार सङ्कलन गर्न गएका सुनुवारलाई आफूलाई स्वयंसेवक बताउनेहरूले दुर्व्यवहार गरेका थिए। उजुरीमाथि कुनै कारबाही भएन।

**तालिका ५.३.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | २ | २ |
| घाइते | | ११ | ११ | २ | | २ |
| धम्की | | | | | १ | १ |
| हत्या | | ३ | ३ | १ | | १ |
| जातीय विभेद | | | | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | | | १२ | | १२ |
| | पारिवारिक हत्या | | | २ | | २ |
| | जम्मा | | | १४ | | १४ |
| **कूल जम्मा** | | १४ | १४ | १८ | ३ | २१ |

(स्रोत : इन्सेक, २०२५)

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १२ जना महिलाले उजुरी दर्ता गराए। जसमा नौ ओटा उजुरीमा मेलमिलाप भयो भने तीन उजुरी कानुनी प्रकृयामा गएका छन्।

यो वर्ष रामेछाप जिल्लामा घरेलु हिँसाका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट दुई जना महिलाको हत्या भयो।

## पारिवारिक हत्या

रामेछाप नगरपालिका-७ सुकाजोरकी ५८ वर्षीया चिनीमाया हायुको ०८२ असोज ३० गते धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा पति ५४ वर्षीय इन्द्रबहादुर हायुविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असोज ३१ गते उजुरी दियो। प्रहरीले आरोपितलाई मौखिक उजुरीका आधारमा असोज ३० गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र नेपालको कार्तिक २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

मन्थली नगरपालिका १२ गेलुकी २८ वर्षीय पवित्रा बुढाथोकीको ०८२ जेठ ९ गते खुकुरी प्रहार गरी हत्या गरको आरोपमा ससुरा ६१ वर्षीय शम्भु भन्ने मटकबहादुर बुढाथोकी, २८ वर्षीय दीपराज बुढाथोकी र २६ वर्षीय देवकी बुढाथोकी विरुद्ध पीडित पक्षले प्रहरी चौकी खिम्तीमा सोही दिन उजुरी दियो। बुहारीको हत्या गरेपछि बुढाथोकीले सोही दिन प्रहरी चौकी, खिम्तीमा आत्मसमर्पण गरे। पतिले ०८१ साउनमा आत्महत्या गरेपछि पवित्रा मन्थली नगरपालिका-११ गेलुस्थित माइतमा बस्दै आएकी थिइन्। उनका ९ वर्षका छोरा भने हजुरबा मटकबहादुरसँग बस्दै आएका थिए। पवित्राले छोरा आफूसँग राख्न पाउनुपर्ने बताउँदै आएकी थिइन्। मटकबहादुरले नाति आफूसँग राख्न पाउनु पर्ने माग राखेर जिल्ला अदालत, रामेछापमा मुद्दा दायर गरेका थिए। जिल्ला अदालतले बच्चालाई आमासँग राख्न दिने गरी फैसला सुनाए पछि छोरा लिन ससुराको घरमा पुगेकी पवित्रा र ससुराबीच झगडा भएको थियो। सोही क्रममा मटकबहादुरले बुहारीमाथि खुकुरी प्रहार गरेको स्थानीयले बताए। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र नेपालको असार २ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**तालिका ५.३.१०.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ९ | ३ | १२ |
| पारिवारिक हत्या | | २ | २ |
| जम्मा | ९ | ५ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | १ | ४ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.११ सिन्धुली




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,००,०२६ |
| महिला | १,५२,९६१ |
| घर परिवार सङ्ख्या | ६९,३१७ |
| घरजग्गामा महिलाको स्वामित्व | १४,९३१ |
| साक्षरता प्रतिशत | ७२.५९ |
| आश्रित जनसङ्ख्या | १,४८,८१६ |
| अपाङ्गता भएका | ७,६४० |

यस वर्ष सिन्धुली जिल्लामा ज्यादतीका घटनामा ३३ जना महिला र एक जना पुरुष गरी ३४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना महिला पीडित भए।

**कारागार र बन्दी**

जिल्ला कारागार, सिन्धुलीको क्षमता २ सय आठ जनाको रहेको छ। कारागारमा ३८ महिला र ३ सय २७ जना पुरुष गरी ३ सय ६५ जना कैदीबन्दी छन्। कारागारमा दुई जना आश्रित बालबालिका छन्। एक जना अहेवको दरबन्दी छ। कारागारभित्र सीपमूलक तालिमको व्यवस्था रहेको छ। सीप सिकेका कैदीबन्दीहरूले आयआर्जन हुने कार्य गर्ने गरेको कारागार कार्यालय, सिन्धुलीका नायब सुब्बा मातृकाप्रसाद पहाडीले बताए। गत ०८२ भदौ २५ गते सिन्धुली कारागार तोडफोड गरी भागेका ४ सय ७३ कैदीबन्दीमध्ये ३ सय ६० जनालाई पुन: गिरफ्तार गरी कारागार फर्काइएको छ भने १ सय १३ जना अझै फरार छन्।

**बाल अधिकार**

यस वर्ष सिन्धुली जिल्लामा बलात्कार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १ सय १७ जना महिलाले उजुरी दर्ता गराए। सेवा केन्द्रले १ सय १६ उजुरीमा मेलमिलाप गरायो भने एक उजुरी कानुनी प्रकृयामा अगाडि बढेको प्रहरी हबलदार उमा तामाङले बताइन्।

यो वर्ष सिन्धुली जिल्लामा बलात्कार घटनामा एक, बलात्कार प्रयासको घटनामा एक र घरेलु

**तालिका ५.३.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | २ | १ | ३ |
| बाल अधिकार | बलात्कार | १ | | १ |
| | जम्मा | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | २५ | | २५ |
| | बलात्कार | १ | | १ |
| | बलात्कार प्रयास | १ | | १ |
| | पारिवारिक हत्या | ३ | | ३ |
| | जम्मा | ३० | | ३० |
| **कूल जम्मा** | | ३३ | १ | ३४ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.३.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

हिंसाका घटनामा २५ गरी २७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

**पारिवारिक हत्या**

दुधौली नगरपालिका-९, लालपुरकी १८ वर्षीया अनिसा सदाको ०८१ फागुन १८ गते हत्या गरेको आरोपमा पति दुधौली नगरपालिका-८ कछुवाखाडीका २० वर्षीय दिनेश मुसहर (सदा) विरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन १९ गते उजुरी दियो। प्रहरीले आरोपितलाई ०८१ फागुन १९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेश शर्मा पौडेलको चैत १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

कमलामाई नगरपालिका-४ स्थित धुराफाँटकी ३२ वर्षीया सुशीला बम्जनको ०८२ पुस ६ गते पेट्रोल छर्की आगो लगाएर हत्या गरेको आरोपमा प्रहरीले मृतककी सासु ५९ वर्षीया मायारानी बम्जन र नन्द ३५ वर्षीया मीना लामा (बम्जन) लाई पुस ७ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम पुस ८ गते सिन्धुली अस्पतालमा भयो। सुशीलालाई आगो लगाएको घटनामा मृतकका ससुरा दुर्गामान बम्जनसमेत घाइते भएकोले उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भयो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति/सम्पत्ति क्षति**

भदौ २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समितिको कार्यालय, कमलामाइ नगरपालिका वडा नं ४, ५, ६ का कार्यालयहरू, मालपोत कार्यालयमा तोडफोड तथा आगजनी भयो। करदाता सेवा कार्यालयको भवनमा सामान्य क्षति, नेपाल बार एशोसिएशन जिल्ला कार्यालयको भवनमा सामान्य क्षति, सिन्धुली कारागारमा तोडफोड भयो। नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसको पार्टी कार्यालयहरूमा पनि तोडफोड तथा आगजनी भयो।

कमलामाइ नगरपालिकाका प्रमुख एवम् नेपाली कांग्रेसका सभापति उपेन्द्रकुमार पोखरेलको पुर्ख्यौली घर, नेकपा एमालेका अध्यक्ष महेन्द्रदेव श्रेष्ठको घर, विघटित प्रतिनिधिसभा सदस्यद्वय श्याम घिमिरे र लेखनाथ दाहालको घर र कमलामाइ नगरपालिकाका पूर्व मेयर खड्ग खत्रीको घरमा तोडफोड भयो।

**तालिका ५.३.११.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | १ | १ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | २५ | | | २५ |
| बलात्कार | | १ | | १ |
| बलात्कार प्रयास | | | १ | १ |
| पारिवारिक हत्या | | २ | १ | ३ |
| जम्मा | २५ | ३ | २ | ३० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.१२ मकवानपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,६६,०७३ |
| महिला | २,३२,२५७ |
| घर परिवार सङ्ख्या | १,०५,६२० |
| घरजग्गामा महिलाको स्वामित्व | २२,५३६ |
| साक्षरता प्रतिशत | ७७.८२ |
| आश्रित जनसङ्ख्या | २,१२,९०४ |
| अपाङ्गता भएका | १०,१८३ |

यस वर्ष मकवानपुरमा मानव अधिकार ज्यादतीका घटनामा ४२ जना महिला र चार जना पुरुष गरी ४६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना महिला पीडित भए।

### कारागार र बन्दी

भीमफेदीस्थित क्षेत्रीय कारागारको क्षमता १ हजार ५ सय जनाको छ। हाल कारागारमा ९ सय ३६ जना कैदीबन्दी रहेका छन्। जसमध्ये ८ सय ८८ जना पुरुष र ४८ जना महिला कैदीबन्दी छन्। कारागारमा ४७ जना विदेशी पुरुष कैदीबन्दी छन्। भदौ २४ गतेसम्म कारागारमा १ हजार ६६ कैदीबन्दी थिए। नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा भारतीय नागरिकसहित ४ सय ४० जना फरार भए। प्रशासनको समन्वयमा प्रहरीले ३ सय जनालाई गिरफ्तार गरेर पुनः कारागारमा ल्यायो। वर्षको अन्त्यसम्म १ सय ४० जना अझै फरार रहेका छन्।

कारागारको 'क' र 'ख' ब्लकमा पुरुष कैदीबन्दीलाई राखिएको छ भने 'ग' ब्लकमा महिला कैदीबन्दीलाई राखिएको छ। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि दुई जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोगमा भौतिक पूर्वाधार निर्माणको काम भइरहेको छ। कैदीबन्दीलाई आत्मनिर्भर बनाउने उद्देश्यले आयआर्जनका कार्यक्रम समेत सञ्चालनमा छन्।

### बाल सुधार गृह

हेटौँडा उपमहानगरपालिका-११ थानाभञ्याङमा रहेको बाल सुधार गृहको क्षमता ३५ जनाको रहेको छ। हाल बाल सुधार गृहमा ८४ जना छन्। बाल सुधार गृहमा रहेका बालकहरूलाई उनीहरूले अध्ययनरत कक्षा अनुसार वार्षिक परीक्षा दिने व्यवस्था मिलाइएको छ। औपचारिक अध्ययन नगरेका लागि भने सुधार गृहभित्रै पढेका बालकहरूले सामूहिक रूपमा कक्षा सञ्चालन गर्ने गरिएको प्रहरी सहायक हबल्दार सुनीता मुडवरीले बताइन्। भदौ २४ गतेसम्म ९४ रहेकोमा आन्दोलनका क्रममा तोडफोड गरेर ७२ जना फरार भए। प्रशासनको समन्वयमा ६५ जनालाई पुनः कारागार फर्काइएकोमा वर्षको अन्त्यसम्म सात जना फरार छन्।

### बाल अधिकार

यस वर्ष मकवानपुर जिल्लामा बलात्कार घटनामा नौ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१४ वर्षीया बालिकालाई ०८१ चैत २५ गते बलात्कार गरेको भन्दै पीडित पक्षले मकवानपुर गढी गाउँपालिका-२ का २५ वर्षीय गणेश घेवाविरुद्ध चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई चैत २७ गते गिरफ्तार गऱ्यो। जिल्ला

अदालतको कात्तिक २७ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १२ वर्ष कैद र ५ लाख रुपियाँ जरिबानाको फैसला गऱ्यो।

**हाडनाता करणी**

१३ वर्षीया बालिकालाई ०८१ चैत २७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ३६ वर्षीय पुरुषविरुद्ध ०८२ वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई वैशाख १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते हटौंडा अस्पतालमा भयो। जिल्ला अदालतको जेठ १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसाबाट पीडित भन्दै २ सय ७६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार तीमध्ये २ सय ६७ उजुरीमा मेलमिलाप भयो भने नौ उजुरी अनुसन्धान प्रक्रियामा छन्।

यो वर्ष मकवानपुर जिल्लामा बलात्कारका घटनामा दुई, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा २६ गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

**सामूहिक बलात्कार**

१८ वर्षीया किशोरीलाई ०८१ माघ ६ गते हेटौंडा उपमहानगरपालिका-२ स्थित वनसखण्डी मन्दिरको जङ्गलमा सामूहिक बलात्कार गरेको भन्दै उपमहागनगरपालिका-१४ का १८ वर्षीय सुजितकुमार लामासहित आठ जना बालकविरुद्ध पीडितले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितहरूलाई माघ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते जिल्ला अस्पताल, हेटौंडामा भयो। जिल्ला अदालतको फागुन ५ गतेको इजलासले सुजितकुमारलाई पुर्पक्षका लागि कारागार र बालकहरूलाई बाल सुधार गृह, हेटौंडामा पठाउने आदेश गऱ्यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**तालिका ५.३.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | २ | २ |
| हत्या | | | २ | २ |
| अपहरण | | १ | | १ |
| बाल अधिकार | बलात्कार | ८ | | ८ |
| | हाडनाता करणी | १ | | १ |
| | जम्मा | ९ | | ९ |
| महिला अधिकार | घरेलु हिंसा | २६ | | २६ |
| | बलात्कार | २ | | २ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | पारिवारिक हत्या | ३ | | ३ |
| | जम्मा | ३२ | | ३२ |
| **कूल जम्मा** | | ४२ | ४ | ४६ |

(स्रोत : इन्सेक, २०२५)

**पारिवारिक हत्या**

हेटौँडा उपमहानगरपालिका-१ चौकीटोलकी ३५ वर्षीया गुडिया दासको ०८१ चैत १२ गते घरायसी विवादमा हत्या गरेको भन्दै देवर २२ वर्षीय राहुल दासविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १३ गते गिरफ्तार गऱ्यो। आरोपितले मृतकका पति २८ वर्षीय रुपेश दासलाई पनि खुकुरी प्रहार गरी घाइते बनाएकोमा उनको उपचार  हेटौँडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भयो। जिल्ला अदालतको ०८२ असार १२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ३५ वर्ष कैद र मृतकको हकदारलाई १० लाख रुपियाँ क्षतिपूर्ति रकम भराउने फैसला गरेको जिल्ला अदालत, मकवानपुरका सूचना अधिकारी केशवराज कौशिकले बताए।

**'बोक्सोको आरोप'मा हत्या**

राक्सिराङ गाउँपालिका-१ कोलगैरी ठकुरीडाँडाका धामी ६४ वर्षीय ठूले गोलेलाई ७५ वर्षीय इमानसिंह थोकरले गोली हानेर ०८२ कात्तिक २८ गते हत्या गरेको भन्दै पीडित पक्षले आरोपित विरुद्ध कात्तिक २९ गते उजुरी दियो। प्रहरीले आरोपितलाई कट्टुवा पेस्तोलसहित कात्तिक २९ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम कात्तिक २९ गते हेटौँडा अस्पतालमा

**तालिका ५.३.१२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

भयो। आफ्नो ५ वर्षीय नातीलाई चार वर्षअघि र छिमेकका तीन जनालाई पनि पीडितले 'भेदेर मारेको' भन्दै आरोपितले हत्या गरेको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका इन्स्पेक्टर राजु कुर्मीले बताए। जिल्ला अदालतको मङ्सिर २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा जिल्ला अदालतका न्यायाधीश निवास, उच्च सरकारी वकिल कार्यालय, जिल्ला सरकारी वकिल कार्यालयमा आगजनी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सवारी साधन, शहरी विकास मन्त्रालयका सवारी साधन, वन तथा वातावरण मन्त्रालयका सवारी साधन र भवन, आर्थिक मामिला तथा योजना मन्त्रालयका सवारी साधन तथा फर्निचरहरू, हेटौँडा उपमहानगरपालिकाका वडा नम्बर ३, ४, ११ र १९ का कार्यालयहरूमा आगजनी, वडा नम्बर १, ५, १०, १५ र १८ का कार्यालयमा तोडफोड, हेटौँडा उपमहानगरपालिकाको मुख्य कार्यालय, नापी कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, लोकसेवा आयोगको भवन, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा हेटौँडा अस्पताल, नेकपा एमाले, नेपाली कांग्रेस पार्टी कार्यालय, भाटभटेनी सुपरमार्केट, मुख्यमन्त्री इन्द्र बानिया, पूर्व मुख्यमन्त्री डोरमणि पौडेलको घरमा तोडफोड तथा आगजनी भयो। प्रदेश प्रहरी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, जिल्ला प्रशासन कार्यालय, उच्च अदालत पाटन हेटौँडा इजलासमा प्रदर्शनकारीले सामान्य तोडफोड गरे। आगजनी तथा तोडफोडबाट १७ करोड २६ लाख २९ हजार ४ सय ८५ रुपियाँको क्षति भयो।

**तालिका ५.३.१२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ७ | ८ |
| हाडनाता करणी | | १ | १ |
| जम्मा | १ | ८ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | | ३३ | ३ | ३६ |
| बलात्कार | | | २ | २ |
| सामूहिक बलात्कार | | | १ | १ |
| पारिवारिक हत्या | १ | | २ | ३ |
| जम्मा | १ | ३३ | ८ | ४२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.३.१३ चितवन

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ७,१९,८५९ |
| महिला | ३,६८,०७० |
| घर परिवार सङ्ख्या | १,७९,१६७ |
| घरजग्गामा महिलाको स्वामित्व | ५२,३६१ |
| साक्षरता प्रतिशत | ८३.६८ |
| आश्रित जनसङ्ख्या | ३,१४,३४० |
| अपाङ्गता भएका | १६,४९६ |




यस वर्ष चितवन जिल्लामा मानव अधिकार उल्लङ्घन घटनामा १२ महिला र १ सय २६ पुरुष गरी १ सय ३८ जना पीडित भए। ज्यादतीका घटनामा ९५ जना महिला, आठ जना पुरुष र एक जना क्यू (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) गरी १ सय ४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५७ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

सिरानचोक गाउँपालिका-२ घर भई भरतपुर महानगरपालिका-२१ बस्ने १९ वर्षीय सरोज गुरुङ ०८२ भदौ २४ गते भरतपुर महानगरपालिकाका उपमेयर चित्रसेन अधिकारीको घरमा भएको आगजनीका क्रममा ग्याँस सिलिन्डर पड्केर घाइते भएकोमा उनको भरतपुरस्थित पुरानो मेडिकल कलेज शिक्षण अस्पतालमा उपचारका क्रममा भदौ २७ गते मृत्यु भयो। शवको पोष्टमार्टम सोही दिन भरतपुर अस्पतालमा भयो।

रत्ननगर नगरपालिकाका मेयरको कार्यकक्षमा भारतको बिहार घर भएका १८ वर्षका साहिल मियाको शव भदौ २५ गते शव भेटिएको समाचार स्थानीय सञ्चार माध्यमले प्रकाशन गरे। चितवन प्रहरी तथा प्रशासनले भने रत्ननगर नगरपालिकामा आगो लगाउने क्रममा साहिलको मृत्यु भएको पुष्टि गरेको छैन। जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी गोविन्द पुरीले घटनाको खबर आएपछि खोजतलास गर्दा शव नभेटिएको दाबी गरे। रत्ननगर नगरपालिकाका नगर प्रहरी प्रमुख सुदिप घिमिरेले भने साहिलको शव मेयरको कार्यकक्षमा भेटिएको र शव परिवारजनले बुझेर लगेको पुष्टि गरे। साहिलको परिवार रत्ननगर नगरपालिका वडा-२ मा बसोबास गर्दै आएका थिए।

### घाइते

**अन्यपक्षबाट**

नवयुवा पुस्ताहरूले ०८२ भदौ २३ गते चितवनमा गरेको प्रदर्शनका क्रममा प्रहरीसँग भएको झडपमा घाइते भएका रत्ननगर नगरपालिका-२ का २२ वर्षीय गौरव रेग्मी, खैरहनी नगरपालिकाका २८ वर्षीय उत्तम तिमल्सिना, रत्ननगर नगरपालिका-१ का १६ वर्षीय समिर खान, रत्ननगर नगरपालिका-१२ का १९ वर्षीय डेल प्रसाद ढकाल, खैरहनी नगरपालिकाका १९ वर्षीय शशत पौडेल, रत्ननगर नगरपालिका-१ चितवनका १६ वर्षीय क्रिशल मगर, रत्ननगर नगरपालिका-९ का २२ वर्षीय प्रतिक आचार्य, राप्ती नगरपालिका-९ का १८ वर्षीय आयुस सुनुवार, राप्ती नगरपालिका-७ का २८ वर्षीय राजबहादुर गुरुङ, रत्ननगर नगरपालिका-२ का १९ वर्षीय अरुण रौनियार, रत्ननगर नगरपालिका-१३ का २३ वर्षीय रोहन मगर, रत्ननगर

**तालिका ५.३.१३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | क्यू | जम्मा |
| गिरफ्तारी | | | १ | १ | | | | |
| कुटपिट | | | १ | १ | | ४ | | ४ |
| घाइते | | १२ | १२३ | १३५ | | | | |
| हत्या | | | | | १ | ३ | १ | ५ |
| यातना | | | १ | १ | | | | |
| अमानवीय व्यवहार | | | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | | २२ | | | २२ |
| | हाडनाता करणी | | | | ५ | | | ५ |
| | सामूहिक बलात्कार | | | | २ | | | २ |
| | यौन दुर्व्यवहार | | | | ८ | | | ८ |
| | जम्मा | | | | ३७ | | | ३७ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ३७ | | | ३७ |
| | बलात्कार | | | | ११ | | | ११ |
| | बलात्कार प्रयास | | | | ४ | | | ४ |
| | बोक्सीको आरोपमा | | | | १ | | | १ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | | १ |
| | पारिवारिक हत्या | | | | ३ | | | ३ |
| | जम्मा | | | | ५७ | | | ५७ |
| **कूल जम्मा** | | १२ | १२६ | १३८ | ९५ | ८ | १ | १०४ |

(स्रोत : इन्सेक, २०२५)

नगरपालिका-१ का ५८ वर्षीय चन्द्रा बि.क, रत्ननगर नगरपालिका-१ का २० वर्षीय जाभिद आलम, रत्ननगर नगरपालिका-१२ का ३३ वर्षीय सन्तोष धमला, रत्ननगर नगरपालिकाका २२ वर्षीय विश्व भण्डारी, २२ वर्षीय सुजन महतो २२ वर्षीय सन्देश गुप्ता, ३४ वर्षीया मिना बानिया, १५ वर्षीय विवेक सापकोटा, २५ वर्षीय आजाद मियाँ, ३१ वर्षीय सुमनकुमार उपाध्याय, ४५ वर्षीय राम कुमार पाण्डे, ३७ वर्षीया आशा तिथुङ, १८ वर्षीय आयुस खातुन र ४१ वर्षीय नारायण चौधरी, रत्ननगर नगरपालिका-१४ का १३ वर्षीय अखिलेस तामाङ, राप्ती नगरपालिका-७ का २३ वर्षीय सुमन कोइराला र रत्ननगर नगरपालिका-१ का २२ वर्षीय सुमन कुँवरको बकुलहर रत्ननगर अस्पतालमा उपचार भयो।

त्यस्तै घाइतेमध्ये भरतपुर महानगरपालिकाका आशन बोमजन लामा, अभिषेक रौनियार, अलाना साप्कोटा र अनिल कुमार महतो, चन्द्रपुर नगरपालिका रौतहट अनिल राम, भरतपुर महानगरपालिकाका अनुग खत्री र अर्जुन कोइराला, कावासोती नगरपालिका, नवलपरासी पूर्वका आशिषप्रसाद खनाल, भरतपुर महानगरपालिकाका विजयराज खनाल, बिमल गौतम, विपिन शर्मा, विश्वास श्रेष्ठ, बुद्धिसागर थापा, दीपक नेपाली, गिरिजाकुमारी सुवेदी, गोमा रिमाल, इसान केसी, कमल सुवेदी, लखन गिरी, मधुसुधन पुरी, मार्सल क्षेत्री, मुन्ना गुप्ता, पवनकुमार चौधरी, प्रकाश राना मगर, प्रसिद्ध घिमिरे, पुजन रेग्मी, रमेश कुमाल, सूर्य श्रेष्ठ, उत्तम तिमिल्सेना, समुन्द्र अधिकारी, आलिसा घिमिरे, भुवन चालिसे, छायाँ गुरुङ, सर्विन थिङ, रासिन न्यौपाने, रसु रेग्मी, सागर क्षेत्री, समिरजङ्ग थापा, सन्दीप गुरुङ, सन्दीप पौडेल, सपना सुनार, सौरभ बास्तोला, शिवप्रसाद भट्टराई, शितल पौडेल, सोहाना प्रजा, सोयेन्द्र सुवेदी, सुबोध थापा मगर, सुनिल सापकोटा, सुरेन्द्रकुमार श्रेष्ठ र सुशान्त पौडेल, रत्ननगर नगरपालिकाका हरिप्रसाद सापकोटा, बडीमालिका नगरपालिका, बाजुराका रामबहादुर बिक, गेरुवा गाँउपालिका, बर्दियाका बिनोद परियार, राप्ती नगरपालिकाका ओम तामाङ, माडी नगरपालिका, चितवनका प्रमिता महतो, बीरगञ्ज महानगरपालिकाका सन्देश महतो, खैरहनी नगरपालिकाका सुशान्त पौडेल, कालिका नगरपालिकाका सुमन लामा र रत्ननगर नगरपालिकाका सुरज थापा मगरको चितवन मेडिकल कलेजमा उपचार भयो।

चितवनका २० वर्षीय अश्विन श्रेष्ठ, विवेक बस्नेत, अनिस तामाङ, बालकृष्ण बस्याल,

सुरेशजङ्ग कुमाल रिजन अधिकारी, सन्देश अधिकारी र २१ वर्षीया अनु सामिया, माडी नगरपालिकाका २६ वर्षीय सुदीप बास्ताकोटी, चितवनका १९ वर्षीय सुशील न्यौपाने, शंकर माली, हेटौँडा उपमहानगरपालिकाका बिरमान लामा, २४ वर्षीय मनोज गजमेर, ३० वर्षीय राजन शर्मा र १८ वर्षीय अच्युत न्यौपाने, भरतपुर महानगरपालिका-३ का ३२ वर्षीय अरिफ मियाँ अन्सारी र १७ वर्षीय सञ्जय बि.क, भरतपुर महानगरपालिका-७ का १८ वर्षीय आयुस प्रजा, भरतपुर महानगरपालिका- १० का ३९ वर्षीय रूपलाल चौधरी, १४ वर्षीय अभिषेक परियार, ४३ वर्षीय रामप्रसाद चालिसे, १९ वर्षीय निर्पन क्षेत्री र १९ वर्षीय विश्वास खनाल, भरतपुर महानगरपालिका- १ का ५० वर्षीय सुमनराज भट्टराई, भरतपुर महानगरपालिका- ६ का ३५ वर्षीय सुशील गोदार, भरतपुर महानगरपालिका- ८ का ६१ वर्षीय केशव पौडेल, भरतपुर महानगरपालिका- १ का ३४ वर्षीय सुमन पराजुली, भरतपुर महानगरपालिका- १० का २४ वर्षीय राजेश गौतम, भरतपुर महानगरपालिका- ३ का ३६ वर्षीय रामचन्द्र कँडेल र २० वर्षीय आलोककुमार गुरुङ, भरतपुर महानगरपालिका- १० का ३६ वर्षीय प्रकाश धिताल, गैँडाकोट नगरपालिका-१, नवलपरासी पूर्वका रमेश कुमाल, भरतपुर महानगरपालिका- ७ का १८ वर्षीय कपिल अर्याल, भरतपुर महानगरपालिका- ६ का ४१ वर्षीय नवीनराज तिवारी, चितवनका १४ वर्षीय आदित यादव र २७ वर्षीय सोनी गुरुङ, रत्ननगर नगरपालिकाका २४ वर्षीय रोहन मगर, भरतपुर महानगरपालिका- २२ का ५३ वर्षीय श्रीप्रसाद अधिकारी, भरतपुर महानगरपालिका-९ का २३ वर्षीय अमृत गुरुङ, चितवनका १८ वर्षीय राजकुमार श्रेष्ठ, भरतपुर महानगरपालिका-१० का ३६ वर्षीय रामचन्द्र कँडेल, २९ वर्षीय रोशन आचार्य, २८ वर्षीय रवि चौधरी २३ वर्षीय शालिग्राम पराजुली र ३५ वर्षीय अनिल थापा, भरतपुर महानगरपालिका- १ का ५३ वर्षीय केशव महत र १८ वर्षीय विश्वास यादव घाइते भए। उनीहरूको भरतपुर अस्पतालमा उपचार भयो।

घटनामा घाइते भएकामध्ये राप्ती नगरपालिकाका २७ वर्षीय अनिस घिमिरेको राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौँ चितवनका ४२ वर्षीय रमेश परियार, २० वर्षीय समिप पाठक र २० वर्षीय समिर पाठकको निजामती कर्मचारी अस्पताल काठमाडौँमा र चितवनका २१ वर्षीय अभिषेक घिमिरे र ३७ वर्षीय रामप्रसाद सापकोटाको मोडल अस्पताल, काठमाडौँमा उपचार भयो। जसमध्ये २१ जना घाइतेले राहत र परिचयपत्र लिएको र घाइतेहरूको वर्गीकरण नभएको सहायक प्रमुख जिल्ला अधिकारीले चूडामणि शर्मा गौतमले जानकारी दिए। मन्त्रिपरिषद्को ०८२ भदौ ३० गतेको बैठकले घाइतेहरूको नि:शुल्क उपचारको व्यवस्था मिलाउने निर्णय गरेको थियो। सरकारले घाइतेहरूलाई राहतस्वरूप २० हजार रुपियाँ र मन्त्रिपरिषद्को मङ्सिर २ गतेको बैठकले घाइते भएकाहरुलाई जनही १५ हजार रुपियाँका दरले राहत उपलब्ध गराउने निर्णय गऱ्यो।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३० महिला र ४ सय ७५ पुरुषको रहेको छ। कारागारमा ४० महिला र ६ सय १ पुरुष गरी ६ सय ४१ जना कैदीबन्दी रहेका छन्। जसमा कैद तोकिएका ३५ महिला र ३ सय ६७ पुरुष छन्। कैद नतोकिएका ५ महिला र २ सय ३४ पुरुष छन्। कारागारमा दुई जना आश्रित बालबालिका समेत रहेका छन्।

अन्य जिल्लाहरूबाट क्यान्सर लगायत जटिल प्रकृतिका रोगहरूको उपचारका लागि यस कारागारमा कैदीबन्दीलाई स्थानान्तरण गरिने भएकाले औषधी खरिद गर्न र औषधी उपचार खर्चमा व्यवस्थापनका लागि बजेट अपर्याप्त हुने गरेको कारागार प्रशासक रविन्द्र ढुङ्गानाले बताए। भवनभित्र सुत्ने ठाउँ अभाव भएपछि यस वर्ष कारागारमा ३० जना कैदीबन्दीले त्रिपालमुनि रात काट्न बाध्य भए।

**तालिका ५.३.१३.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

कारागारमा गलैँचा र मुडा बनाउने उद्योगहरू छन्। स्कुल ब्याग बनाउने, चुरापोते बनाउने, बत्ती काट्नेजस्ता कार्यमा महिला कैदीबन्दी व्यस्त हुन्छन्। औषधी खरिद र भवन मर्मतका लागि भरतपुर महानगरपालिकाले सहयोग पुऱ्याउँदै आएको छ भने रामेश्वर पुस्तकालयले पुस्तकहरू सहयोग गर्दै आएको छ। नवयुवा पुस्ताको आन्दोलनका क्रममा फरार भएका ७ सय ३९ जना कैदीबन्दीहरू मध्ये १ सय १४ जना हालसम्म पनि कारागारमा फर्किएका छैनन्।

## यातना

रत्ननगर नगरपालिका-७ का ३० वर्षीय गोविन्द राउतलाई निकुञ्ज संरक्षणमा सुरक्षाकर्मीको टोलीले नियन्त्रणमा लिई कुटपिट गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, टाँडीमा ०८२ साउन १ गते उजुरी दिए। नेचर गाइडको रूपमा कार्यरत राउतलाई निकुञ्ज संरक्षणमा दुधौरा पोष्टबाट गस्तीमा गएका सैनिकको टोलीले निकुन्ज भित्रबाट नियन्त्रणमा लिइ कुटपिट गरेको पीडित पक्षले आरोप लगाए। कुटपिटबाट घाइते भएका राउतको चितवन मेडिकल कलेजमा उपचार भयो। घटनापछि उत्पन्न विवाद साम्य पार्न सौराहास्थित श्री नयाँ गोरख गण (क) गुल्मले राउतको सम्पूर्ण उपचार खर्च व्यहोर्ने सहमति भयो। जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धानका क्रममा पीडित पक्ष र सौरहास्थित नयाँ गोरखगणका सैनिक अधिकृतसँग साउन २ गते सर्वपक्षीय बैठक गऱ्यो। बैठकमा कुटपिटमा संलग्न सैनिकहरूमाथि आवश्यक छानबिन जारी रहेको र छानबिनपश्चात सैनिक ऐनअनुसार विभागीय कारबाही गरिने सहमति भयो।

## बाल अधिकार

यस वर्ष चितवन जिल्लामा बलात्कार घटनामा २२, यौन दुर्व्यवहार घटनामा आठ, हाडनाता करणीका घटनामा पाँच र सामूहिक बलात्कारका घटनामा दुई गरी ३७ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

६ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते बलात्कार गरेको आरोपमा कावासोती नगरपालिका -१५ का ७३ वर्षीय  कासी राम थारु विरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ११ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार ढकालको ०८२ वैशाख ४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै जन्म कैदको सजाय, सात लाख रुपियाँ जरिवाना, ७५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति र २८ हजार रुपियाँ पीडित राहतकोषमा भराउन आदेश गऱ्यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ५ सय ४२ उजुरी दर्ता भए। जसमध्ये ४ सय ६९ उजुरीमा मेलमिलाप भयो भने ७३ उजुरी अदालती प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी रविन्द्र खनालले बताए।

यो वर्ष चितवन जिल्लामा बलात्कारका घटनामा ११, बलात्कार प्रयासका घटनामा चार, बेचबिखन तथा ओसारपसार घटनामा एक, बोक्सीको आरोपमा एक र घरेलु हिँसाका घटनामा ३७ गरी ५४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट तीन जना महिलाको हत्या भयो।

### बलात्कार

मानसिक अपाङ्गता भएकी २५ वर्षीया महिलालाई ०८१ माघ ३ गते बलात्कार गरेको आरोपमा रत्ननगर नगरपालिका- ४, देवौलीका ४२ वर्षीय ईन्द्रबहादुर विश्वकर्मा विरुद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय, रत्ननगरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते भरतपुर अस्पतालमा भयो। आरोपितलाई प्रहरीले सोही दिन रत्ननगर नपा- २ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवकुमार ढकालको ०८२ असार १३ गतेको इजलासले कसुरदारलाई आठ वर्ष कैद सजाय, पीडित राहत कोषमा १२ हजार जम्मा गर्न, ३ लाख रुपियाँ जरिबाना र थप ५० हजार रुपियाँ समेत पीडितलाई क्षतिपूर्ति स्वरुप भराइदिन आदेश गऱ्यो।

### 'बोक्सी'को आरोप

माडी नगरपालिका-२, चितवनकी ३३ वर्षीया लक्ष्मी कुमारी महतोलाई ०८२ वैशाख ०२ गते 'बोक्सी'को आरोप लगाएको भन्दै माडी नगरपालिका- २ सितलपुरका ४१ वर्षीय पूर्णप्रसाद जैसी विरुद्ध पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दिइन्। प्रहरीले आरोपित वैशाख २ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको वैशाख २३ गतेको इजलासले ५० हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

नवयुवा पुस्ताले भदौ २३ र २४ गते चितवनमा गरेको प्रदर्शनका क्रममा विभिन्न सरकारी कार्यालय, राजनीतिक दलका कार्यालय, नेपाल प्रहरीका कार्यालय, राजनीतिक दलका नेताका घर र सवारी साधनहरूमा तोडफोड र आगजनी भयो। जिल्लामा एक सय जति सरकारी कार्यालय, निजी घर र पार्टी कार्यालयमा क्षति पुगेको चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए। क्षति भएका सय ओटा कार्यालयहरूमध्ये ७९ वटा सरकारी कार्यालय रहेका छन्। जसमा जिल्ला प्रशासन कार्यालय, मालपोत, यातायातदेखि विभिन्न पालिकाका वडा कार्यालय समेत रहेका छन्। सो क्रममा १७ ओटा निजी घरमा तोडफोड तथा आगजनी भयो। तीन ओटा पार्टी कार्यालयमा क्षति भयो। प्रदर्शनकारीहरूले जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, आन्तरिक राजश्व कार्यालय, भरतपुर महानगरपालिकाको कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, यातायात कार्यालयमा समेत आगजनी एवम् तोडफोड गरे। भरतपुर महानगरपालिका-१० स्थित नेकपा एमाले चितवन जिल्ला पार्टी कार्यालयमा ०८२ भदौ २४ तोडफोड र आगजनी भयो। खैरहनी नगरपालिका-४ स्थित नेकपा एमाले जिल्ला अध्यक्ष कमल पाठकको घरमा र एमाले बागमती प्रदेश संसदीय दलको नेता जे एन थपलियाको घरमा ०८२ भदौ २४ गते तोडफोड भयो। भरतपुर महानगरपालिका, खैरहनी नगरपालिका-६ र रत्ननगर नगरपालिका-१ स्थित नगरपालिकाको प्रशासनिक भवनमा तोडफोड भयो।

**तालिका ५.३.१३.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ | २० | २२ |
| हाडनाता करणी | | | ५ | ५ |
| सामूहिक बलात्कार | | १ | १ | २ |
| यौन दुर्व्यवहार | २ | | ६ | ८ |
| जम्मा | ३ | २ | ३२ | ३७ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएको** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | २० | ४ | १३ | ३७ |
| बलात्कार | २ | | ३ | ६ | ११ |
| बलात्कार प्रयास | | | १ | ३ | ४ |
| 'बोक्सी'को आरोप | | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| पारिवारिक हत्या | | | | ३ | ३ |
| जम्मा | २ | २० | ९ | २६ | ५७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | ३ | ५ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

## ५.४ सन् २०२५ मा मानव अधिकार ज्यादतीका तथ्यहरु

# गण्डकी प्रदेश



# ५.४.१ गोरखा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५१,०२७ |
| महिला | १,३२,८७२ |
| घर परिवार सङ्ख्या | ७१,७२९ |
| घरजग्गामा महिलाको स्वामित्व | १५,००१ |
| साक्षरता प्रतिशत | ७२.३७ |
| आश्रित जनसङ्ख्या | १,२४,८२२ |
| अपाङ्गता भएका | ८,९९८ |

यस वर्ष गोरखा जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र ३५ पुरुष गरी ५५ जनाको रहेको छ। कारागारमा सात महिला र ९४ पुरुष गरी १ सय १ जना कैदीबन्दी छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारमा १५ जना ज्येष्ठ नागरिक छन्। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका तथा खेलकुद्को व्यवस्था रहेको छ। कारागारको भौतिक संरचना जीर्ण रहेको कारागारका निमित्त जेलर रिमबहादुर जिटीले बताए।

### बाल अधिकार

यस वर्ष गोरखा जिल्लामा बलात्कार घटनामा पाँच, हाडनाता करणी घटनामा एक र यौन दुर्व्यवहार घटनामा तीन गरी नौ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।



### बलात्कार

१५ वर्षीया बालिकालाई बलात्कार गरेको भन्दै जाजरकोट जिल्ला, नलगाड नगरपालिका-८ घर भई धार्चे गाउँपालिकामा अध्यापनरत ३५ वर्षीय कमलबहादुर बोहोराविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको माघ ८ गते गोरखा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ चैत ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा जिल्लाकै ०८२ पुस ७ गतेको इजलाले आरोपितलाई दोषी ठहर गर्दै दावी पुग्ने फैसला गऱ्यो।

### यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८१ चैत ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा बारा जिल्ला महागढीमाइ नगरपालिका-१ स्थायी घर भई गोरखा आधारभूत विद्यालयमा अध्यापनरत ३४ वर्षीय शिक्षक विजयकुमार गिरीविरुद्ध पीडित पक्षले ०८२ असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको अदालतको मङ्सिर २२ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै पाँच महिना कैद, २५ हजार रुपियाँ जरिवाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपुर्ति र एक हजार रुपियाँ पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी

दर्ता गराए। जसमा शारीरिक यातनाका ५५ उजुरी, मानसिक यातनाका १७ उजुरी, परिवारजनका सदस्यसँगको भैं-भगडाका ३८ उजुरी छन्। जम्मा उजुरीमध्ये ८२ उजुरीमा प्रहरीले मिलापत्र गरायो भने २८ उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजन लम्सालले बताए।

यो वर्ष गोरखा जिल्लामा बलात्कारका घटनामा सात र घरेलु हिंसाका घटनामा १० गरी १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**तालिका ५.४.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| जातीय विभेद | | १ | १ |
| बाल अधिकार | बलात्कार | ५ | ५ |
| | हाडनाता करणी | १ | १ |
| | यौन दुर्व्यवहार | ३ | ३ |
| | जम्मा | ९ | ९ |
| महिला अधिकार | घरेलु हिंसा | १० | १० |
| | बलात्कार | ७ | ७ |
| | जम्मा | १७ | १७ |
| **कूल जम्मा** | | २७ | २७ |

(स्रोत : इन्सेक, २०२५)

### जातीय विभेद

शहीद लखनगाउँपालिका-१ बझाङ माइती भएकी २१ वर्षीया मनिका परियारलाई ०८० मङ्सिर २८ गते प्रेम विवाहपछि गर्भवती भएको अवस्थामा दलित समुदायको छोरी भएकै कारण जातीय विभेद गरी हेलाहोचो गरेर छोराको जन्मदर्ता समेत नबनाई सम्पर्कविहीन रहेको भन्दै धादिङको गजुरी गाउँपालिका-२, मलेखु छेपाङ घर भएका २२ वर्षीय पति मिलन श्रेष्ठविरुद्ध पीडितले ०८२ भदौ ३ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई धादिङ, जिल्ला गजुरी गाउँपालिका-६ राम्चेबाट ०८२ भदौ ८ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको भदौ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको गोरखा जिल्ला अदालतका सूचना अधिकारी सरोज भण्डारीले बताए।

**तालिका ५.४.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.४.१.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ४ | ५ |
| हाडनाता करणी | | १ | १ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | २ | ७ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ७ | | ३ | १० |
| बलात्कार | | ३ | ४ | ७ |
| **जम्मा** | ७ | ३ | ७ | १७ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.२ मनाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,६५८ |
| महिला | २,४६६ |
| घर परिवार सङ्ख्या | १,५४७ |
| घरजग्गामा महिलाको स्वामित्व | ४४७ |
| साक्षरता प्रतिशत | ७८.३६ |
| आश्रित जनसङ्ख्या | १,९०९ |
| अपाङ्गता भएका | २६५ |

यस वर्ष मनाङ जिल्लामा ज्यादतीका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| बाल अधिकार | बलात्कार | १ | १ |
| | सामूहिक बलात्कार | १ | १ |
| | जम्मा | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र २५ जना पुरुष रहेको छ । कारागारमा नौ पुरुष कैदीबन्दी छन्। कैदीबन्दीहरुको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेब कार्यरत छन्। कारागारमा खोपानी, शौचालय, पत्रपत्रिका, टेलिभिजन तथा खेलकुदका सामग्रीहरूको व्यवस्था गरिएको निमित्त कारागार प्रशासक रमेश कुमार ओलीले बताए।

### बाल अधिकार

यस वर्ष मनाङ जिल्लामा बलात्कार घटनमा एक र सामूहिक बलात्कार घटनामा एक गरी दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

१४ वर्षीय बालिकालाई ०८२ वैशाख १२ गते बलात्कार गरेको आरोपमा लमजुङको मर्स्याङदी गाउँपालिका-३ टुनिखर्कका ३१ वर्षीय डुलबहादुर गुरुङविरुद्ध पीडित पक्षले ०८२ असार ३ गते उजुरी दियो। पीडितको ०८२ असार ३ गते प्रादेशिक अस्पताल मनाङमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई असार ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश लालकाजी श्रेष्ठको ०८२ असार १९ गतेको इजालसले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाविरुद्ध कुनै पनि घटनाको उजुरी नआएको प्रहरी जवान लालबहादुर बान्तकी मगरले बताए।

**तालिका ५.४.२.२ सन् २०२४ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ |
| सामूहिक बलात्कार | | १ | १ |
| जम्मा | १ | १ | २ |

# ५.४.३ मुस्ताङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १४,४५२ |
| महिला | ६,५१८ |
| घर परिवार सङ्ख्या | ३,६०६ |
| घरजग्गामा महिलाको स्वामित्व | ७५६ |
| साक्षरता प्रतिशत | ७५.०५ |
| आश्रित जनसङ्ख्या | ६,१६२ |
| अपाङ्गता भएका | ५२६ |




यस वर्ष मुस्ताङ जिल्लामा ज्यादतीका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १० जना महिला र १० पुरुष रहेको छ। कारागारमा ११ पुरुष रहेका छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारमा मैदान व्यवस्थित नहुँदा कैदीबन्दीलाई खेलकुदमा समस्या भएको जेलर युवराज तिमिल्सिनाले बताए।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा विरुद्ध कुनै पनि उजुरी नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी छिरिङ किपा लामाले बताए।

**तालिका ५.४.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| महिला अधिकार | घरेलु हिंसा | ४ | ४ |
| | बलात्कार | २ | २ |
| | जम्मा | ६ | ६ |
| **कूल जम्मा** | | ६ | ६ |

(स्रोत : इन्सेक, २०२५)

यो वर्ष मुस्ताङ जिल्लामा बलात्कार घटनामा दुई र घरेलु हिंसाका घटनामा चार गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

३० वर्षीया महिलालाई ०८१ फागुन २ गते बलात्कार गरेको भन्दै निसिखोला गाउँपालिका-६ बागलुङ घर भई बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-२ छेयाङगोठका २६ वर्षीया आकास घर्तीविरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालय, मनाङमा उजुरी दियो। जिल्ला अदालतको ०८१ फागुन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी छिरिङ किपा लामाले बताए।

**तालिका ५.४.३.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ४ | | | ४ |
| बलात्कार | | १ | १ | २ |
| जम्मा | ४ | १ | १ | ६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.४ म्याग्दी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,०७,०३३ |
| महिला | ५४,८८० |
| घर परिवार सङ्ख्या | २८,७६६ |
| घरजग्गामा महिलाको स्वामित्व | ५,४०७ |
| साक्षरता प्रतिशत | ७९.७० |
| आश्रित जनसङ्ख्या | ५२,८०४ |
| अपाङ्गता भएका | ५,१०५ |

यस वर्ष म्याग्दी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए । ज्यादतीका घटनामा १३ जना महिला र एक जना पुरुष गरी १४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए।

**तालिका ५.४.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| हत्या | | | | | १ | १ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| बाल अधिकार | बलात्कार | | | १ | | १ |
| | जम्मा | | | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | | | ९ | | ९ |
| | बलात्कार | | | २ | | २ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | १२ | | १२ |
| **कूल जम्मा** | | १ | १ | १३ | १ | १४ |

(स्रोत : इन्सेक, २०२५)

**कारागार र बन्दी**

२५ पुरुष र सात महिला गरी ३२ जना कैदीबन्दी क्षमता भएको जिल्ला कारागारमा ९१ जना कैदीबन्दी छन्। जसमा ६ महिला र ८५ पुरुष कैदीबन्दी छन्। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। भदौ २३ गतेसम्म कारागारमा ८८ जना कैदीबन्दी रहेकोमा नवयुवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनका क्रममा तोडफोड ७६ जना कारागारबाट भागे। भागेका चार जना कैदीबन्दीहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

जिल्ला कारागारका कैदी मंगला गाउँपालिका-२ अम्बोटका ४६ वर्षीय शेरबहादुर बिकको ०८२ असार ५ गते उपचारको क्रममा मृत्यु भयो। उच्च रक्तचापको बिरामी रहेका बिक असार ५ गते एक्कासि ढलेपछि उपचारका लागि प्रदेश अस्पताल बेनीमा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला कारागार म्याग्दीकी जेलर प्रतिज्ञा सुवेदीले बताए।

**बाल अधिकार**

यस वर्ष म्याग्दी जिल्लामा बलात्कार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

१६ वर्षीया बालिकालाई ०८२ जेठ १४ गते बलात्कार गरेको आरोपमा बेनी नगरपालिका-५ का २२ वर्षीय सिर्जनबहादुर खत्री विरुद्ध पीडित पक्षले साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ पुस १४ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद सजाय, पाँच लाख रुपियाँ जरिवाना, ५० हजार रुपियाँ

क्षतिपूर्ति र २० हजार रुपियाँ पीडित संरक्षण कोषमा दाखिल गर्ने फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसापीडित भन्दै नौ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिट, गालीगलौज तथा धाकधम्की दिएका सात उजुरी, परस्त्रीसँग लागि बेवास्ता गरेका दुई उजुरी छन्। प्रहरीले नौ उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सागर तिमिल्सिनाले बताए।

यो वर्ष म्याग्दी जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा नौ गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

**पारिवारिक हत्या**

बेनी नगरपालिका-७ मंगलाघाटकी २७ वर्षीया भगवती बिकलाई ४० वर्षीय पति राजु बिकले ०८२ वैशाख १६ गते दाउराले प्रहार गरी हत्या गरेका आरोपमा पीडित पक्षले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १६ गते बेनी नगरपालिका-२ ज्यामरुककोटको जंगलबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको जेठ ७ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा जिल्ला कारागार, नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राप्रापाको पार्टी कार्यालयमा आगजनी र तोडफोड भयो। तोडफोडबाट करिब ७२ लाख ८४ हजार रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सूर्यबहादुर थापाले बताए।

**तालिका ५.४.४.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ९ | | | ९ |
| बलात्कार | | | २ | २ |
| पारिवारिक हत्या | | १ | | १ |
| जम्मा | ९ | १ | २ | १२ |

| मारिएकाहरूको सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.५ कास्की




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,००,०५१ |
| महिला | ३,०७,२६० |
| घर परिवार सङ्ख्या | १,६०,४१६ |
| घरजग्गामा महिलाको स्वामित्व | ५४,४९५ |
| साक्षरता प्रतिशत | ८७.७३ |
| आश्रित जनसङ्ख्या | २,५६,५४२ |
| अपाङ्गता भएका | १२,३६२ |

यस वर्ष कास्की जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र २१ जना पुरुष गरी २२ जना पीडित भए । ज्यादतीका घटनामा १ सय ९८ जना महिला र १ सय ३ जना पुरुष गरी ३ सय १ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ३८ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

काठमाडौँ महानगरपालिका-३ घर भई पोखरा महानगरपालिका-९ को नयाँ बजारस्थित गाडी सोरुममा कार्यरत ५० वर्षीया कान्छी नगरकोटीको ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलनमा आगजनीका क्रममा सोरुमभित्रै जलेर मृत्यु भयो। शवको पोष्टमार्टम २८ गते गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरामा भयो। मृतककी छोरी २९ वर्षीय उर्मिला नगरकोटीले भदौ २८ गते शव बुझी परिवारजनले भदौ २८ गते काठमाडौँमा सद्गत गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर बस्नेतले बताए।

दोलखा जिल्ला बैतेश्वर गाउँपालिका-८ घर भई पोखरा महानगरपालिका-६ लेकसाइड स्थित अंशुभरा स्वायरका स्पामा कार्यरत २६ वर्षीया स्वस्थानी खड्काको नवयुवा पुस्ताले भदौ २४ गते आन्दोलनका क्रममा लेकसाइडस्थित अंशुभरा स्वायरको व्यवसायिक भवनमा आगजनी गर्दा जलेर मृत्यु भयो। शवको पोर्स्टमार्टम ०८२ भदौ २६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा भयो। मृतक खड्काका भाइ विज्ञानराज खड्काले भदौ २६ गते शव बुझी दोलखामा सद्गत गरे।

चितवन जिल्ला भरतपुर महानगरपालिका-१० घर भई पोखरा महानगरपालिका-१६ केआइसिङ पुल बस्ने ४५ वर्षीय विजयकुमार तामाङ (लामा) नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा भदौ २४ गते पोखरा महानगरपालिका-४ स्थित जिल्ला प्रहरी कार्यालय कास्कीमा तोडफोड र आगजनी गर्ने क्रममा जलेर घाइते भएकोमा उनको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचारका क्रममा भदौ २८ गते मृत्यु भयो। शवको पोष्टमार्टम भदौ २८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालयले भदौ २९ गते उनका भाइ दीपेन्द्र तामाङलाई शव बुझाएकोमा परिवारजनले सोही दिन चितवनको भरतपुरमा सद्गत गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर बस्नेतले बताए।

| तालिका ५.४.५.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | | | | | १ | | १ |
| कुटपिट | | | १ | १ | १ | ४ | ५ |
| घाइते | | १ | २० | २१ | २७ | ९१ | ११८ |
| धम्की | | | | | २ | ३ | ५ |
| हत्या | | | | | ३ | ३ | ६ |
| अमानवीय व्यवहार | | | | | | १ | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | | १ | १ |
| | बलात्कार | | | | १६ | | १६ |
| | हाडनाता करणी | | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | ८ | | ८ |
| | जम्मा | | | | २६ | १ | २७ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १२३ | | १२३ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | बलात्कार | | | | ९ | | ९ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | बोक्सीको आरोपमा | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | २ | | २ |
| | जम्मा | | | | १३८ | | १३८ |
| **कूल जम्मा** | | १ | २१ | २२ | १९८ | १०३ | ३०१ |

(स्रोत : इन्सेक, २०२५)

## घाइते

### राज्यपक्षबाट

पोखरा महानगरपालिका-२५ का ३३ वर्षीय रेशम शर्मा र रोल्पा जिल्ला घर भई पोखरा महानगरपालिका-१५ एसओएस स्कुलको होस्टेलमा बस्ने १८ वर्षीय विवश घर्ती, कास्कीका १८ वर्षीय विवश घर्तीमगर, निश्चत भट्टराई, दिपेश परियार, विनेश गुरुङ र सुमित्रा गुरुङ नवयुवा पुस्ताले भदौ २३ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारी र प्रहरीहरूबिच झडप हुँदा पोखरा महानगरपालिका-७ मुख्यमन्त्री कार्यालयमा रहेको मासबारमा प्रहरीले चलाएको गोली लागेर घाइते भए। हिपमा गोली लागेका उनीहरू असोज ५ गते उपचारपछि घर फर्केको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर बस्नेतले बताए।

नवयुवा पुस्ताले भदौ २४ गते गरेको आन्दोलनका क्रममा जिल्ला प्रहरी कार्यालयमा तोडफोडसहित आगजनी भयो। सो क्रममा प्रहरीले चलाएको गोली लागेर पोखरा महानगरपालिका-१५ पाटन बसेसी बस्ने १८ वर्षीय लक्ष्मण नेपाली घाइते भए। पोखरामा उपचार सम्भव नभएपछि उनलाई थप उपचार ०८२ असोज २३ गते सेनाको हेलिकोप्टरबाट काठमाडौं स्थित त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज ल्याइएकोमा यो वर्षको अन्त्यसम्म उपचाररत रहेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी हरिबहादुर बस्नेतले बताए।

पोखरा महानगरपालिका-४ गणेश टोलका १५ वर्षीय सौरभ जैसवाल ०८२ भदौ २५ गते कर्फ्युको समयमा घर बाहिर खेलिरहेको अवस्थामा गस्तीमा रहेको प्रहरीले चलाएको गोलीबाट घाइते भए। घाइतेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

**झडप**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते पोखराको मासबार, चिप्लेढुङ्गा, सिद्धार्थ चोक, पृथ्वी चोक, सभागृह चोक, न्यूरोड, नयाँबजार, जिल्ला प्रशासन कार्यालय, लेकसाइड, हल्नचोक, रत्न चोक, सिर्जना चोक, गैरापाटन, छोरेपाटन लगायतका स्थानमा गरेको प्रदर्शनका क्रममा पोखरा महानगरपालिका-१७ का ३५ वर्षीय मनोज पहारी, पोखरा महानगरपालिका-९ का १७ वर्षीय अनिस सापकोटा, पोखरा महानगरपालिका-८ का २६ वर्षीय विशाल थापा, पोखरा महानगरपालिका-१० का ३३ वर्षीय प्रदीप गुरुङ, पोखरा महानगरपालिका-१० का २७ वर्षीय सबजित मानन्धर, गुल्मी घर भई हाल पोखरा महानगरपालिका-६ लेकसाइड बस्ने ३४ वर्षीय यमन पौडेल, पोखरा महानगरपालिका- ११ का २३ वर्षीया टीका गुरुङ, पोखरा महानगरपालिका-१७ छोरेपाटनका १७ वर्षीय सुशान्त बिके, सुन्दरबजार नगरपालिका-१० का १९ वर्षीय अनुप भट्टराई, सुन्दरबजार नगरपालिका-१० का १८ वर्षीय नवीन परियार, पोखरा महानगरपालिकाका २० वर्षीय दिवेश रानाभाट, पोखरा महानगरपालिका-६ का १९ वर्षीय आशिष रानामगर, पोखरा महानगरपालिका-६ का १९ वर्षीया रबिना श्रेष्ठ, पोखरा महानगरपालिका -३३ का ३५ वर्षीय बद्रि पौडेल, पोखरा महानगरपालिका-१८ का १८ वर्षीय विशाल अधिकारी, पोखरा महानगरपालिका-३२ का २० वर्षीय समिर अधिकारी, कास्की लुम्लेका २० वर्षीय मनिष नेपाली, पोखरा महानगरपालिकाका २८ वर्षीय सबिन गुरुङ, पोखरा महानगरपालिका-६ का ४१ वर्षीय बिनोद क्षेत्री, पोखरा महानगरपालिकाका ३२ वर्षीय सुरेश गुरुङ, पोखरा महानगरपालिका- १७ की २० वर्षीया एलिसा तामाङ, पोखरा महानगरपालिका -२९ का २२ वर्षीय रोदिप गुरुङ, पोखरा महानगरपालिका- १० का २७ वर्षीय गोरे गुरुङ, पोखरा महानगरपालिका- १२ का ३२ वर्षीय प्रदिप पौडेल, पोखरा महानगरपालिका- २५ का ३० वर्षीय विश्व श्रेष्ठ, कास्कीका ३२ वर्षीय रेशम शर्मा, कास्कीका २० वर्षीय निमेश रेग्मी, कास्कीका २५ वर्षीय रेशम रिमाल, कास्कीका २२ वर्षीय अभिषेक पौडेल, कास्कीका ३२ वर्षीय महेन्द्र पौडेल, कास्कीका १५ वर्षीय समिर खड्का, कास्कीका २१ वर्षीय सिद्धार्थ भुषाल, कास्कीका १८ वर्षीय विक्रम जयसवाल, कास्कीका १८ वर्षीय चित्रकुमार खतिवडा, कास्कीका २६ वर्षीय राजन सुनार, कास्कीका २८ वर्षीय फणिन्द्र ध्वज कार्की, कास्कीका ४४ वर्षीय हिराबहादुर गुरुङ, कास्कीका ३२ वर्षीय रमेश शर्मा, कास्कीका १८ वर्षीय लक्ष्मण नेपाली, कास्कीका ४२ वर्षीय विजय लामा, ३० वर्षीय विश्व श्रेष्ठ, १९ वर्षीय कृष्ण बि.क, २३ वर्षीय सन्दीप परियार, २८ वर्षीय मदन पाठक, २७ वर्षीय रोशन गुरुङ, ३१ वर्षीय लक्ष्मण परियार, २० वर्षीया अन्जली परियार, ३२ वर्षीय अनिस सापकोटा, ६५ वर्षीय अम्बिका ढकाल, ३० वर्षीया सुष्मा परियार, नौ वर्षीया बालिका, २५ वर्षीया कबिता पाण्डे, कास्कीका ६५ वर्षीया मनशोभा परियार, ५२ वर्षीया कोपिला बराल, ६२ वर्षीय टकबहादुर आले, ३२ वर्षीय मधु अधिकारी, ३७ वर्षीय चन्द्र पराजुली, १५ वर्षीय सिम्रन बराल, ४४ वर्षीय मनमाया सुनार, ४२ वर्षीय तेजबहादुर मगर, ४० वर्षीय नानुमाया परियार, २३ वर्षीय रचना बराल, ४६ वर्षीय शारदा बराल, ३४ वर्षीय पार्वती बराल, ७० वर्षीय पदमराज बराल, ५५ वर्षीय जमुना बराल, ३२ वर्षीय रेशम शर्मा, २९ वर्षीय विकास तिमिल्सिना, ३२ वर्षीय रमेश शर्मा, कास्की १८ वर्षीय लक्ष्मण नेपाली, १९ वर्षीय मिलन नेपाली, २४ वर्षीय श्याम थापा, १६ वर्षीय युग शाह, १८ वर्षीय कोशिस सुनार, १५ वर्षीय बालक, १८ वर्षीय अबिक राना, महानगरपालिका-१३ का २० वर्षीय अङ्कित गुरुङ र रामेछाप घर भई पोखरा बस्दै आएका २५ वर्षीय सुमन श्रेष्ठ र धनकुटा घर भई पोखरा बस्दै आएका १७ वर्षीय बालक, स्याङ्जा घर भई हाल पोखरा बस्दै आएका २२ वर्षीय निश्चल भट्टराई र पर्वत घर भई हाल पोखरा बस्दै आएका २८ वर्षीय सरोज क्षेत्री, सिन्धुली नगरपालिकाका २४ वर्षीय भुवन बस्नेत, पातिचौर पर्वतका २२ वर्षीय विबेक बिके, पोखरा महानगरपालिका- ६ का २७ वर्षीय बिपिन रोका, पोखरा महानगरपालिका- ९ की रुमी आले मगर, पोखरा महानगरपालिका का २० वर्षीय सुमेश परियार, दमौलैका २० वर्षीय प्रबिण सेडाई , पर्वतका २९ वर्षीय राजु भुसाल, बागलुङका २० वर्षीय मनोज सुनार, पर्वतका २८ वर्षीय मदन पाठक, तनहुँका ५० वर्षीय शिवनारायण महतो घाइते भए। घाइतेहरूको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी मेडिकल कलेज पोखरा, मनिपाल टिचिङ हस्पिटल, मेट्रोसिटी हस्पिटल, सिभिल सर्विस हस्पिटल, सिल्भर लाइन हस्पिटल, प्रोभिन्सिएल जेनेरल डिजिज हस्पिटलमा उपचार भयो।

पोखरा महानगरपालिका-६ स्थित लेकसाइडमा सुरु गर्न लागिएको कोटीहोमको भूमिपुजन कार्यक्रममा ०८१ फागुन २३ गते झडप हुँदा १९ जना घाइते भए। महानगरपालिकाको अनुमति बिना कोटीहोम गर्न

लागिएको भन्दै कोटी होमका आयोजक र नगर प्रहरीबिच झडप भयो। सो क्रममा पोखरा महानगरपालिका-६ लेकसाइडका ४४ वर्षीय मनोज पहारी, ४६ वर्षीय सन्तोष भुषाल, ४५ वर्षीय कुमार बस्नेत, ४१ वर्षीय सुनिल श्रेष्ठ, ३० वर्षीय अनुप दवाडी, ३० वर्षीय सोमनाथ सुवेदी, भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका-५ घरभई पोखरा घुम्न आएका ४५ वर्षीय पुष्प बडु, रामेछाप जिल्ला गोकुलगंगा नगरपालिका-२ छोसो घर भई पोखरा आएका २२ वर्षीय मिलन शेर्पा, कैलाली जिल्ला धनगढी महानगरपालिका-१२ घर भई पोखरा घुम्न आएका २१ वर्षीय खेमराज बिक, पोखरा महानगरपालिका-६ लेकसाइडका २३ वर्षीय उमेश पराजुली र २५ वर्षीय राज पुरी घाइते भए। घाइतेहरूको मेट्रोसिटी अस्पताल र गण्डकी मेडिकल कलेजमा उपचार भयो। त्यसैगरी झडपमा परी महानगरीय प्रहरीहरू पोखरा महानगरपालिका-१७ विरौटाका २६ वर्षीय भुवन थापा, सोही महानगरपालिका-२५ हेम्जाका २७ वर्षीय सिमान्त थारु, सोही महानगरपालिका-८ सृजना चोकका ३० वर्षीय सरोज पुन, सोही महानगरापलिका-१५ का २३ वर्षीय गुल्सन चौधरी, सोही महानगरपालिका-१७ बिरौटाका २४ वर्षीय देउकी कार्की, सोही महानगरपालिका-५ मालेपाटनका २९ वर्षीय बुद्धिसागर रानाभाट, सोही महानगरपालिका-१३ आर्भाकी ३१ वर्षीया यशोदा पौडेल, सोही महानगरापलिका-३ नदीपुरका २७ वर्षीय दीपेन्द शाह घाइते भए। घाइतेहरूको उपचार मेट्रोसिटी अस्पतालमा र गण्डकी मेडिकल कलेजमा भयो। झडपमा क्रममा पोखरा महानगरपालिका-६ लेकसाइडका २३ वर्षीय जिनित क्षेत्रीलाई फलामको रड सहित प्रहरीले नियन्त्रणमा लिएको थियो। बाराहीघाट पुगेका नगर प्रहरीले भूमिपूजन रोक्न भनेपछि आयोजक पक्षका युवाहरूले आक्रमण गरेका थिए। बाराही घाटमा केही युवा लाठी र रडसहित देखिएका थिए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र ४ सय पुरुष गरी ४ सय २० जनाको छ। कारागारमा २८ महिला र ६ सय १७ पुरुष गरी ६ सय ४५ जना कैदीबन्दी छन्। कारागारमा १ जना आश्रित बालिका छन्। एक जना सिनियर अहेबको दरबन्दी रहेको छ। ०८२ भदौ २४ गतेसम्म कारागारमा ७ सय ७३ जना कैदीबन्दी रहेकोमा नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा कारागार तोडफोड गरी ७ सय ४६ जना कैदीबन्दी भागे। प्रशासनको समन्वयमा प्रहरीले ६ सय १८ जनालाई गिरफ्तार गरेर पुनः कारागारमा फिर्ता गऱ्यो भने १ सय ५८ जना कैदीबन्दी वर्षको अन्त्यसम्म फरार रहेको जेलर राजेन्द्र शर्माले बताए।

**तालिका ५.४.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

## बाल सुधार गृह

६० जना बालकको क्षमता भएको बाल सुधार गृहमा १ सय जना बालक छन्। जसमा कैद तोकिएका बालबन्दी ६८ जना र कैद नतोकिएका ३२ जना बालबन्दी छन्। बाल सुधार गृहमा १८ वर्ष भन्दा माथिका ५४ जना छन्। भदौ २४ गतेसम्म १ सय ९ जना बालबन्दी रहेकोमा नवयुवा पुस्ताले गरेको भदौ २४ गतेको आन्दोलनमा १ सय ९ जना नै फरार भए। प्रशासनको समन्वयमा प्रहरीले ९८ जना नियन्त्रणमा लियो। वर्षको अन्त्यसम्म ११ जना फरार रहेको सुधार गृहका प्रमुख डासीराम पौडेलले बताए।

## दुर्व्यवहार

पोखरा महानगरपालिका-१४ बेसलाइन निवासी प्रहरी वरिष्ठ नायब निरीक्षक ४३ वर्षीय राजु थापालाई ०८१ माघ १ गते चाउथेमा पोखरा महानगरपालिका-१३ मियापाटनका २१ वर्षीय सज्जाद हुसेन भन्ने मोहनम्मद सज्जादले गालीगलौजसँगै कुटपिट गरी ड्युटीमा समेत अवरोध गरेको भन्दै विरुद्ध पीडित पक्षले माघ १ गते उजुरी दियो। आरोपितलाई ०८१ माघ १ गते वडा प्रहरी कार्यालय रामबजारले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ माघ २३ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै ४५ दिन कैद सजाय गरी अपराध पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क २ सय रुपियाँ बुझाउनुपर्ने फैसला सुनायो।

## अमानवीय व्यवहार

पोखरा महानगरपालिका-३२ का वडाध्यक्ष ६७ वर्षीय अक्कलबहादुर कार्कीलाई ०८१ माघ ३ गते वडा कार्यालयमा नागरिकताको सिफारिसका विषयमा विवाद हुँदा निलोमसी छ्यापेर दुर्व्यवहार गरेको भन्दै पोखरा

महानगरपालिका-१६ का ४२ वर्षीय मदन बस्नेत र पोखरा महानगरपालिका- ३२ का ४६ वर्षीया सुस्मा थापाविरुद्ध पीडित पक्षले ०८१ माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित मध्येकी सुस्मा थापालाई माघ ३ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले माघ ४ गते दुबै पक्षलाई बोलाएर मिलापत्र गरी गिरफ्तार परेकी थापालाई रिहा गऱ्यो।

**बाल अधिकार**

यस वर्ष कास्की जिल्लामा बलात्कार घटनामा १६, सामूहिक बलात्कारका घटनामा एक, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा आठ र विद्यालयमा दिइने दण्ड सजायका घटनामा एक जना गरी २७ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**विद्यालयमा दिइने दण्ड सजाय**

पोखरा महानगरपालिका-६ जरेबरस्थित गण्डकी एकेडेमीमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय बालकलाई ०८१ फागुन ६ गते शिक्षक २३ वर्षीय विपिन कार्कीले कुटपिट गरे। शिक्षकले विद्यार्थीलाई शौचालय जानसमेत नदिएर शरीरमा नीलडाम हुने गरी कुटपिट गरेको बालकले बताए। विद्यालयले शिक्षक कार्कीलाई बर्खास्त गरेपछि घटना सार्वजनिक भयो। फागुन ७ गतेको मौखिक उजुरी पश्चात् जिल्ला प्रहरी कार्यालय कास्कीले शिक्षक कार्कीलाई फागुन ६ गते वडा प्रहरी कार्यालय पोखरा-६ ले गिरफ्तार गऱ्यो। अभिभावकलाई बोलाएर उजुरी दिन आग्रह गरे पनि उजुरी नदिएको वडा प्रहरी कार्यालय बैदामका प्रमुख डिएसपी सन्तोष निरौलाले बताए। आरोपित शिक्षकलाई फागुन ८ गते अभिभावकको जिम्मामा रिहा गऱ्यो। स्थानीय मेडिकलमा फागुन ६ गते उपचार गराएका बालकको उपचारमा लागेको सबै खर्च विद्यालयले व्यहोरेको प्रधानाध्यापक शिवराज पौडेलले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा शारीरिक यातना, मानसिक यातना र आर्थिक तथा सामाजिक यातना दिएका उजुरी छन्। प्रहरीले ९१ उजुरीमा मिलापत्र गरायो भने १३ उजुरी कारबाही प्रक्रियामा र २६ उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर गणेश पाण्डेले बताए।

यो वर्ष कास्की जिल्लामा बलात्कारका घटनामा नौ, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा एक, बोक्सीको आरोपमा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय २३ जना गरी १ सय ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट दुई जना महिलाको हत्या भयो।

**मानव बेचबिखन तथा ओसारपसार**

२३ वर्षीया महिलालाई ०८२ असोज १३ गते विभिन्न प्रलोभनमा पारी यौन क्रियाकलापमा लगाई मानव बेचबिखन तथा ओसार पसार मुद्दामा संलग्न रहेको भन्दै पोखरा महानगरपालिका-३ नालामुखस्थित सिन्धु खाजा घरका सञ्चालक २३ वर्षीय सिन्धु किसान विरुद्ध पीडितले असोज १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असोज १४ गते गिरफ्तार गऱ्यो। अदालतको कात्तिक ७ गतेको इजलासले आरोपितलाई २० हजार रुपियाँ धरौटीमा छोड्ने आदेश दियो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका सूचना अधिकारी रामबहादुर किसानले बताए।

**'बोक्सी'को आरोप**

म्याग्दी जिल्लाको मालिका गाउँपालिका -६ दरवाङ स्थायी घर भई पोखरा महानगरपालिका- ३० पावरहाउस स्थित छोरीको घरमा बस्दै आएकी ३६ वर्षीया झरिमाया परियारलाई ०८२ वैशाख १४ गते सोही घरको भाडामा बस्ने धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-३ घर भई पोखरामहानगरपालिका-३० पावरहाउस बस्दै आएकी २३ वर्षीया शान्ती भन्ने शोभा नेपालीले 'बोक्सी'को आरोप लगाई कुटपिट गरेको भन्दै ०८२ वैशाख १४ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटना लगत्तै फरार रहेकी आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**पारिवारिक हत्या**

पोखरा महानगरपालिका-३१ बाँसपानीकी ७५ वर्षीया दालकुमारी परियारको ०८२ पुस ३ गते घरायसी विवादमा धारिलो हतियार प्रहार गरी हत्या

गरेको आरोपमा २२ वर्षीय नाती आशिष परियारविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस ३ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम पुस ४ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालामा भयो। परिवारजनले पुस ४ गते बाँसपानीमा शवको सद्गत गर्‍यो। यो वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको छ।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनको क्रममा प्रदर्शनकारीहरूले पोखरा महानगरपालिका, प्रहरी चौकी छोरेपाटन, गण्डकी प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री निवास, अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय, मासबार र नयाँबजार, आन्तरिक राजस्व कार्यालय, आर्थिक मामिला मन्त्रालय, गण्डकी, इलाका प्रशासन कार्यालय लेखनाथ, उच्च अदालत-पोखरा, उद्योग तथा पर्यटन कार्यालय, उद्योग तथा पर्यटन मन्त्रालय, ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय, एनसेल कार्यालय, जिरोकिमी, केटिएम सिटी सुपरमार्केट पोखरा-६ हल्लनचोक, कास्की जिल्ला अदालत, कास्की जिल्ला कारागार, गगन टयाटो इन लेकसाइड, गण्डकी प्रदेश प्रमुख निवास, गण्डकी प्रदेश सभा र प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी विश्वविद्यालय, गण्डकी विश्वविद्यालय आइटी कार्यक्रमस्थल, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय कास्की, जिल्ला ट्राफिक प्रहरी कार्यालय, जिल्ला समन्वय समिति, नेपाल टेलिकम, नेपाल राजपत्र तथा छापाखाना तथा ट्राफिक प्रदेश कार्यालय गण्डकी प्रदेश, नदीपुर अस्थायी प्रदेश बिट, नापी कार्यालय कास्की, नापतौल तथा गुणस्तर कार्यालय, पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पोखरा इभेन्ट सेन्टर, बुलौंदी, पोखरा उपत्यकका नगर विकास समिति,पोखरा ट्रेड मल चिप्लेढुंगा, पोखरा महानगरपालिका कार्यालय, पोखरा महानगरको २, ३, ४, ५, ८, १०, ११, १३, १४ १५, १६, १७, २५, ३१, ३२ र २९ वडा कार्यालयहरू, प्रहरी चौकी छोरेपाटन, प्रहरी बिट पोखरा ५ पर्स्याङ, प्रहरी बिट, सेदी, प्रदेश नीति तथा योजना आयोग, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, प्रदेश प्रमुखको कार्यालय, प्रदेश लोकसेवा आयोग, बगैंचा रिसोर्ट एण्ड स्पा, भाटभाटेनी सुपरमार्केट र मुख्य न्यायाधिवक्ताको कार्यालयमा तोडफाड र आगजनी गरे। यसैगरी प्रर्दशनकारीहरूले कास्की एमाले प्रदेश पार्टी कार्यालय, गण्डकी प्रदेशका मन्त्री बिन्दुकुमार थापाको घर, नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय, नेकपा एमाले जिल्ला पार्टी कार्यालय, पोखरा महानगर प्रमुख धनराज आचार्यको घर, पूर्वमन्त्री यज्ञबहादुर थापाको घर, पूर्वमन्त्री खगराज अधिकारीको निवास, फेवा फार्मेसी, मन्त्री प्रकाश केसीको निवास, नेकपा (माओवादी केन्द्र) कास्कीको पार्टी कार्यालय, राजीव पहारीको निजी निवास (एमाले नेता), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्यमन्त्री निवास, सभामुख र उपसभामुख निवास, युनाइटेड रेफ्रेन्स ल्याबरेटरी प्रालि, हस्पिटल चोक, सम्भावना क्याफे लेकसाइड, सुजुकी सोरुम, नयाँबजार पोखरा, होटल एडम, लेकसाइड पोखरा, होटल गुडविल हल्लनचोक, होटल सरोवर र बगैंचा रिसोर्ट एण्ड स्पामा आगजनी र तोडफोड गरे। नवयुवा पुस्ताले भदौ २४ गतेको आन्दोनको प्रदर्शनका क्रममा ४ अर्ब ९१ करोड बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताइन्।

**तालिका ५.४.५.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | | | १६ | १६ |
| हाडनाता करणी | | | १ | १ |
| सामूहिक बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | २ | १ | ५ | ८ |
| जम्मा | २ | १ | २४ | २७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | १०६ | १७ | १२३ |
| बलात्कार | | | ९ | ९ |
| सामूहिक बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| पारिवारिक हत्या | १ | | १ | २ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| 'बोक्सी'को आरोप | | | १ | १ |
| जम्मा | १ | १०६ | ३१ | १३८ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | १ | २ | ६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.६ लमजुङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५५,८५२ |
| महिला | ८१,७७५ |
| घर परिवार सङ्ख्या | ४४,०७४ |
| घरजग्गामा महिलाको स्वामित्व | ११,७९४ |
| साक्षरता प्रतिशत | ७७.४९ |
| आश्रित जनसङ्ख्या | ७४,२४३ |
| अपाङ्गता भएका | ५,५५७ |




यस वर्ष लमजुङ जिल्लामा ज्यादतीका घटनामा २७ महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना महिला पीडित भए।

**कारागार र बन्दी**

१० महिला र ४० पुरुषको क्षमता भएको जिल्ला कारागारको ०८२ असार ३१ गते भत्किएपछि यहाँका कैदीबन्दी तनहुँ र कास्की कारागारमा पठाइएको छ। कारागार पुनर्निर्माणको प्रक्रियामा रहेको कारागार जेलर राधिका रेग्मीले बताइन्।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ७४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पती-पत्नी झै झगडाका १५ उजुरी, मादक पदार्थ सेवन गरी कुटपिट, शारीरिक यातना र अन्य हिंसाका ५९ उजुरी छन्। तीमध्ये प्रहरीले ५७ उजुरीमा मिलापत्र गरायो भने १७ उजुरी कानुनी प्रक्रिया गएको सेवा केन्द्रकी वरिष्ठ हवल्दार परमेश्वरी परियारले बताइन्।

यो वर्ष लमजुङ जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा २४ गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| हत्या | | १ | १ |
| महिला अधिकार | घरेलु हिंसा | २४ | २४ |
| | बलात्कार | २ | २ |
| | जम्मा | २६ | २६ |
| **कूल जम्मा** | | २७ | २७ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.४.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.४.६.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ३१ | ३ | ३४ |
| बलात्कार | | २ | २ |
| जम्मा | ३१ | ५ | ३६ |

| मारिएकाहरुको सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.७ तनहुँ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२१,१५३ |
| महिला | १,७१,०५९ |
| घर परिवार सङ्ख्या | ८८,५१३ |
| घरजग्गामा महिलाको स्वामित्व | २७,८२१ |
| साक्षरता प्रतिशत | ८१.६० |
| आश्रित जनसङ्ख्या | १,५१,३७८ |
| अपाङ्गता भएका | ८,७८० |

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक महिला र २७ पुरुष गरी २८ जना पीडित भए। ज्यादतीका घटनामा ६७ जना महिला र ६ जना पुरुष गरी ७३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६१ जना महिला पीडित भए।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपमा बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

व्यास नगरपालिका-९ कुमालगाउँकी ६६ वर्षीया विष्णुमाया कुमालको ०८१ फागुन २१ गते धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा सोही ठाउँका ३० वर्षीय शिवशंकर भन्ने शंकर परियारविरुद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतको ०८१ चैत १४ गतेको इजालसले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र १ सय ३५ जना पुरुष गरी १ सय ५५ जनाको रहेको छ। कारागारमा १७ महिला र २ सय ७४ पुरुष गरी २ सय ९१ जना कैदीबन्दी छन्। कारागारमा ६५ वर्षमाथिका नौ जना ज्येष्ठ नागरिक छन्।

एक जना अहेबको दरबन्दी रहेकोमा कार्यरत छन्। सामान्य उपचार कारागार भित्रै भएपनि जटिल रोगका बिरामीलाई दमौली अस्पताल र अन्य अस्पतालमा लिने गरिएको जेलर सुवाष केसीले बताए।

कारागारमा सीपमूलक तालिमको व्यवस्था रहेको छ। गत भदौ २४ गतेको आन्दोलनका क्रममा कारागारमा रहेका सबै ३ सय ३६ कैदीबन्दी फरार भए। जसमध्ये २ सय ८७ जनालाई प्रहरीले नियन्त्रण गऱ्यो। वर्षको अन्त्यसम्म ४९ जना कैदीबन्दी फरार छन्।

### कुटपिट

#### राज्यपक्षबाट

नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा ०८२ भदौ २४ गते प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा व्यास नगरपालिका-१ का ४९ वर्षीय शिवप्रसाद पाठक, सोही ठाउँका २१ वर्षीय विशाल श्रेष्ठ, १८ वर्षीय अशोक नेपाली, २४ वर्षीय सिद्धान्त श्रेष्ठ, २३ वर्षीय अब्राविन मिया, २० वर्षीय जेनिश मगर, ३२ वर्षीय धनिराम महता, २० वर्षीय प्रदीत सेडाइ, १७ वर्षीय बालक, व्यास नगरपालिका-२ का २० वर्षीय राहुल क्षेत्री, सोही ठाउँका ३२ वर्षीय बुद्धिराज गुरुङ, ५० वर्षीय शिवनारायण महता, २० वर्षीया सञ्जिला गुरुङ, व्यास नगरपालिका-३ का २८ वर्षीय हरिप्रसाद ओस्ती,

**तालिका ५.४.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ | | | |
| घाइते | | १ | २६ | २७ | | | |
| हत्या | | | | | १ | ३ | ४ |
| धम्की | | | | | १ | १ | २ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | १ | २ | ३ |
| | बलात्कार | | | | ३ | | ३ |
| | जम्मा | | | | ४ | २ | ६ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ५४ | | ५४ |
| | बेचबिखन तथा ओसारपसार | | | | २ | | २ |
| | बलात्कार | | | | ३ | | ३ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | १ | | १ |
| | जम्मा | | | | ६१ | | ६१ |
| **कूल जम्मा** | | १ | २७ | २८ | ६७ | ६ | ७३ |

(स्रोत : इन्सेक, २०२५)

२२ वर्षीय अनिश थापा, ३० वर्षीय राजन पन्ना, १९ वर्षीय विजय थापा, ३३ वर्षीय हरि श्रेष्ठ, व्यास नगरपालिका-४ का २० वर्षीय सुविन परियार, व्यास नगरपालिका-५ रिसिङका ४३ वर्षीय अशोक थापा, व्यास नगरपालिका-१० का १९ वर्षीय शाहिल गुरुङ, व्यास नगरपालिका-१३ का १७ वर्षीय सरोज थापा, ३० वर्षीय कृष्ण हरि न्यौपाने, १७ वर्षीय विकास रानाभाट, ३१ वर्षीय रमेश बिके, २३ वर्षीय हर्क बि के र १७ वर्षीय बालक घाइते भए। घाइतेहरूको प्रादेशिक अस्पताल, दमौलीमा उपचार भयो।

### अन्यपक्षबाट

बन्दीपुर गाउँपालिका-६ का सचिव २४ वर्षीय नवीन भुषाललाई कुटपिट गरेको आरोपमा प्रहरीले सोही वडाका वडा अध्यक्ष ४१ वर्षीय बलबहादुर गुरुङलाई ०८१ फागुन ५ गते गिरफ्तार गऱ्यो। वडा अध्यक्ष गुरुङले फागुन ५ गते आफूलाई कुटपिट गरेको भन्दै पीडितले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत इलाका प्रहरी कार्यालय, बन्दीपुरमा फागुन ५ गते उजुरी दर्ता गरे। प्रहरीले वडा अध्यक्ष गुरुङलाई सोही दिन गिरफ्तार गरेको थियो। कुटपिटबाट घाइते भएका भुषालको फागुन ५ गते चितवनको भरतपुर अस्तापलमा उपचार भयो। दुई पक्षबीच फागुन ८ गते मिलापत्र भएपछि प्रहरीले आरोपित गुरुङलाई फागुन ८ गते रिहा गऱ्यो।

भीमाद नगरपालिका-६ मालेबगरका ५७ वर्षीय प्रभात आलेलाई ०८१ फागुन ७ गते जग्गाको विवादका बारेमा छलफल गर्न भीमाद नगरपालिका-६ मालेबगरमा रहेको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठको घरमा गएका बेला आफूमाथि कुटपिट गरेको भन्दै पीडितले आरोपित विरुद्ध फागुन १३ गते इलाका प्रहरी कार्यालय, बेलचौतारामा उजुरी दिए। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८२ असार ९ गते दर्ता गरेको मुद्दाको सुनुवाइ गर्दै जिल्ला अदालतले सोही दिन आरोपितसँग ३० हजार रुपियाँ धरौटी माग गऱ्यो। मुद्दा जिल्ला अदातलमा विचाराधीन छ।

### बाल अधिकार

यस वर्ष तनहुँ जिल्लामा बलात्कार घटनामा तीन र विद्यालयमा दिइने दण्ड सजायका घटनामा तीन गरी ६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### विद्यालयमा दिइने दण्ड सजाय

भीमाद नगरपालिका-६ भीमाद बजारस्थित प्रभात एकेडेमी बोर्डिङ स्कुलमा कक्षा ४ मा अध्ययनरत १० वर्षीय बालकलाई सोही विद्यालयकी शिक्षिका ३४ वर्षीया सुष्मा श्रेष्ठले ०८१ माघ २९ गते तातो पन्युले गालामा डामेर यातना दिएको आरोपमा प्रहरीले आरोपित श्रेष्ठलाई माघ ३० गते गिरफ्तार गऱ्यो। घाइते बालकको माघ २९ गते भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। कक्षाकोठामा हल्ला गरेको भन्दै आरोपितले बालकलाई यातना दिएकी थिइन्। पीडित पक्षले आरोपित विरुद्ध इलाका प्रहरी कार्यालय भिमादमा माघ ३० गते उजुरी दिए। आरोपित विरुद्ध जिल्ला

सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा ०८१ फागुन १९ गते अभद्र व्यवहारको मुद्दा दर्ता गरेकोमा अदालतले सोही दिन १ लाख २० हजार धरौटीमा तारेखमा रिहा गर्ने आदेश दियो।

म्याग्दे गाउँपालिका-२ जामुनेस्थित न्यु भिजन बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय बालक सोही विद्यालयका शिक्षक म्याग्दे गाउँपालिका-४ मनहरीका २९ वर्षीय सुरजकुमार चन्दको कुटपिटबाट घाइते भए। बालकको प्रदेश अस्पताल, दमौलीमा उपचार भयो। पीडितका अभिभावकले कुटपिटमा संलग्न शिक्षकलाई कारबाहीको माग गर्दै ०८२ जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको थियो। आरोपित विरुद्ध सरकारी वकिल कार्यालयले २०८२ जेठ २० गते जिल्ला अदालतमा दुर्व्यवहारको मुद्दा दर्ता गरेकोमा अदालतको आदेशमा सोही दिन २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ५४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा शारीरिक यातना, मानसिक यातना, आर्थिक यातना, यौनजन्य यातनाका १ सय २७ उजुरी, पती-पत्नी झै झगडामा १ सय १९ उजुरी, परिवारका सदस्यसँगको झै झगडाका आठ उजुरी छन्। यी उजुरीमध्ये २ सय ४६ उजुरीमा प्रहरीले मिलापत्र गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका एसपी श्रवणकुमार बिकले बताए।

यो वर्ष तनहुँ जिल्लामा बलात्कारका घटनामा तीन, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा दुई, सामूहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा ५४ गरी ६० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

## पारिवारिक हत्या

शुक्लागण्डकी नगरपालिका-१ काटेपिपलकी ४१ वर्षीया पार्वती बिकलाई ०८१ पुस २५ गते अचानोले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ५२ वर्षीय पति डिलबहादुर सुनारविरुद्ध पुस २६ गते प्रहरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ माघ २१ गतेको इजलासको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**तालिका ५.४.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

## दुर्व्यवहार

दमौली अस्पतालकी डाक्टर स्वेता बस्नेतलाई ०८१ माघ १६ गते दुर्व्यहवार गरेको आरोपमा पीडित पक्षले व्यास नगरपालिका- १४ छाब्दीका ४२ वर्षीय अशोक आलेविरुद्ध माघ १६ गते उजुरी दियो। आरोपितलाई ०८१ माघ १६ गते राती दमौली अस्पतालबाट गिरफ्तार गऱ्यो। आलेविरुद्ध प्रहरीले फागुन ९ गते जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरेकोमा प्रशासनले आलेलाई फागुन १० गते पाँच हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा ०८२ भदौ २४ गते प्रदर्शनकारीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समिति, व्यास नगरपालिका, जिल्ला मालपोत कार्यालय, आन्तरिक राजश्व कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय, डिभिजन वन कार्यालय, जिल्ला कारागार कार्यालय, शुक्लागण्डकी नगरपालिकाको वडा नम्बर २, ४, ५, ६, ७, ८, ९ र १० का कार्यालय र सवारी साधनहरूमा आगजनी र तोडफोड भयो। त्यस्तै नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकदेव आले स्मृति तथा तथा चिन्तन प्रतिष्ठान, पोखरीभन्ज्याङ महिला बहुउद्देश्यीय सहकारी संस्था, मादि सेती प्रवाह दैनिक, मादसेती एफएम, भन्ज्याङ दैनिक, ढोरबाराही एफएम, शुक्लागन्डकी नगरपालिकाको कार्यालयमा तोडफोड र आगजनी भयो।

**तालिका ५.४.७.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | १ | २ | ३ |
| बलात्कार | | ३ | ३ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ४८ | ६ | ५४ |
| बेचबिखन तथा ओसारपसार | | २ | २ |
| बलात्कार | | ३ | ३ |
| सामूहिक बलात्कार | | १ | १ |
| पारिवारिक हत्या | | १ | १ |
| **जम्मा** | ४८ | १३ | ६१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ४ | ४ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.८ नवलपरासी पूर्व




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,७८,०७९ |
| महिला | २,००,१९२ |
| घर परिवार सङ्ख्या | ९३,८५० |
| घरजग्गामा महिलाको स्वामित्व | ३२,०४२ |
| साक्षरता प्रतिशत | ८२.३५ |
| आश्रित जनसङ्ख्या | १,७२,४८४ |
| अपाङ्गता भएका | १२,०८८ |

यस वर्ष नवलपरासी पूर्व जिल्लामा ज्यादतीका घटनामा ९१ जना महिला र ६ जना पुरुष गरी ९७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८२ जना महिला पीडित भए।

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपमा बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

हुप्सेकोट गाउँपालिका-१, जुकेपानीका ६० वर्षीय रामबहादुर विकलाई ०८२ मंसिर १० गते कुटपिट गरी हत्या गरेको आरोपमा मृतकका छोरा सन्तबहादुर विकविरुद्ध पीडित पक्षले मंसिर १० गते उजुरी दियो। प्रहरीले ओरोपितलाई मंसिर १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कमलप्रसाद ज्ञवालीको मंसिर २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

**अमानवीय व्यवहार**

देवचुली नगरपालिका-१५ का ५८ वर्षीय क्यूप्रसाद बस्याललाई ०८२ असार २० गते सार्वजनिक जमिन आफ्नो नाममा पास गराएको आरोपमा चितवनको भरतपुर महानगरपालिका-१ का ४० वर्षीय मनिष लामाले मोसो दले। पीडित पक्षले आरोपितविरुद्ध असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई गैडाकोट-१६ नारायणी नदी किनारबाट असार २३ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयमा अभद्र व्यवहार अन्तर्गत साउन १२ गते मुद्दा दर्ता भएकोमा जिल्ला प्रशासनको असोज २९ गतेको निर्णय अनुसार आरोपितलाई ७ हजार ५ सय रुपियाँ जरिवाना तिराउने फैसला भयो।

**तालिका ५.४.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | २ |
| अमानवीय व्यवहार | | | १ | १ |
| हत्या | | | ३ | ३ |
| बाल अधिकार | बलात्कार | १ | | १ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | हाडनाता करणी | १ | | १ |
| | यौन दुर्व्यवहार | ५ | १ | ६ |
| | जम्मा | ८ | १ | ९ |
| महिला अधिकार | घरेलु हिंसा | ७८ | | ७८ |
| | हाडनाता करणी | १ | | १ |
| | पारिवारिक हत्या | ३ | | ३ |
| | जम्मा | ८२ | | ८२ |
| **कूल जम्मा** | | ९१ | ६ | ९७ |

(स्रोत : इन्सेक, २०२५)

**बाल अधिकार**

यस वर्ष नलपरासी पूर्व जिल्लामा बलात्कार घटनामा एक, सामूहिक बलात्कारका घटनामा एक, हाडनाता करणीको घटनामा एक र यौन दुर्व्यवहार घटनामा ६ गरी नौ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**यौन दुर्व्यवहार**

१५ वर्षीय बालकलाई ०८१ माघ ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा कावासोती नगरपालिका-८ का २८ वर्षीय बिरबहादुर केसीविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ वैशाख १४ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै एक वर्ष कैद, २० हजार रुपियाँ जरिवाना र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**बलात्कार**

सात वर्षीया बालिकालाई ०८१ चैत २३ गते बलात्कार गरेको आरोपमा ४३ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतको ०८२ पुस ३ गतेको इजलासले आरोपितलाई जन्मकैदसहित सात लाख रुपियाँ जरिवाना र पीडितलाई एक लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ७८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा जन्मदर्ता नबनाइ दिएका दुई उजुरी र मादक पदार्थ सेवन गरी शारीरिक, मानसिक र सामाजिक यातना दिएका ७६ उजुरी छन्। तीमध्ये ७० उजुरीमा प्रहरीले मिलापत्र गरायो भने पाँच उजुरी कारबाही प्रक्रियामा, दुई उजुरीका पीडित सम्पर्कमा नआएको र एक उजुरी कानुनी प्रक्रियामा गएको सेवा केन्द्रकी असई प्रतिमा तामाङले बताइन्।

यो वर्ष नवलपरासी पूर्व जिल्लामा हाडनाता करणीका घटनामा एक र घरेलु हिंसाका घटनामा ७८ गरी ७९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट तीन महिलाको हत्या भयो।

**पारिवारिक हत्या**

कावासोती नगरपालिका-८, सगरमाथा टोलकी ३७ वर्षीया संगीता पौडेल पाण्डेको ०८२ असोज ८ गते घरायसी विवादमा पति ४२ वर्षीय सूर्यप्रसाद पाण्डेले धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध असोज ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज ८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ मङ्सिर २५ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला गऱ्यो।

नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-३, उदयटाँडीकी ४७ वर्षीय पत्नी गोमा पौडेललाई ०८२ साउन ३० गते घरायसी विवादमा पति ५१ वर्षीय महेन्द्र पौडेलले धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध साउन ३० गते उजुरी दियो। जिल्ला अदालतको ०८२ मंसिर ४ गतेको इजलासले ओरोपितलाई जन्मकैदको फैसला गऱ्यो।

**घरेलु हिंसा**

विनयी त्रिवेणी गाउँपालिका-४, सिध्रेकी २५ वर्षीया शर्मिला विकलाई ०८१ माघ ४ गते मादक पदार्थ सेवन गरी कुटपिट गरेको आरोपमा २७ वर्षीय दाइ नेत्रबहादुर सुनार विरुद्ध पीडित पक्षले ०८१ माघ ४ गते उजुरी प्रहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ माघ ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भविश्वर पाण्डेको चैत ४ गतेको इजलासले आरोपितलाई ६० दिन कैद र २ लाख ४ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दालनको क्रममा प्रदर्शनकारीले कावासोती नगरपालिकाको कार्यालय, कावासोती वडा नम्बर ७, जिल्ला ट्राफिक प्रहरी कार्यालय, गैँडाकोट नगरपालिकाको कार्यालय, गैँडाकोट नगरपालिकाका वडा नम्बर १, ४, ५, ७, ८, ९ को कार्यालय, देवचुली नपाका वडा नम्बर ११, १३, १६ र ८ का कार्यालयहरू, नेपाली काङ्ग्रेसको कावासोतीस्थित जिल्ला पार्टी कार्यालय, नेकपा एमालेको पार्टी कार्यालय, माओवादी केन्द्रको पार्टी कार्यालय, राप्रपाको पार्टी कार्यालय, पूर्व

गण्डकी प्रदेश मुख्यमन्त्री कृष्णचन्द्र नेपालीको निवास, गण्डकी प्रदेशका कृषि मन्त्री पद्मा जिसीको घर, गण्डकी प्रदेश सभा सदस्य रोशनबहादुर गाहाको घर, पूर्व प्रतिनिधि सभा सदस्य तिलक महतको घर, पूर्व गण्डकी प्रदेश सभा सदस्य ओमकला गौतमको घर, कावासोती नगर प्रमुख विष्णुप्रसाद भुसालको घर, कावासोती नगरपालिका नगर उपप्रमुख फूलकुमारी थनेतको घर, त्रिशुल सेक्युरेटीको कार्यालय, रास्वपाको कावासोतीमा रहेको जिल्ला पार्टी कार्यालय, कांग्रेस नेता महेन्द्र पोखरेलका घर, गण्डकी प्रदेश सभाका पूर्व कृषि मन्त्री महेन्द्रध्वज जिसीको घर, नगर प्रमुख मदनभक्त अधिकारीको घर, उपप्रमुख शान्ति कोइरालाको घर, गैंडाकोटमा रहेको नेपाली कांग्रेसको पार्टी कार्यालय, गैंडाकोटमा रहेको नेकपा (एमाले)को पार्टी कार्यालय, गैंडाकोटमा रहेको नेकपा माओवादी केन्द्रको पार्टी कार्यालय, नेपाली कांग्रेस क्षेत्रीय सभापति अमृत भट्टचनको घर, गैंडाकोटमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालय, नेपाली कांग्रेस गैंडाकोट नगर सभापति बद्री सापकोटाको सवारी साधन, एमाले जिल्ला उपसचिव षडानन्द लामिछानेको घर, देवचुली नगरपालिका नगरप्रमुख हरिप्रसाद न्यौपानेको घर, देवचुली उपप्रमुख पार्वता तिवारीको घर, नेकपा एमालेको देवचुली पार्टी कार्यालय, नेपाली कांग्रेसको देवचुली पार्टी कार्यालय, रास्वपा देवचुलीको पार्टी कार्यालय, नगरपालिका स्वकीय सचिव सागर न्यौपानेको घर, हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मी पाण्डेको घर, मध्यबिन्दु नगर प्रमुख भीमलाल अधिकारीको घर, मध्यबिन्दु उपप्रमुख पूर्णकला चौधरीको घर, एमाले मध्यविन्दुको कार्यालय, कांग्रेस मध्यविन्दुको कार्यालय र माओवादी मध्यबिन्दुको कार्यालय लगायत पाँच ओटा प्रहरी चौकी तथा विट, सातओटा नगरपालिका, गाउँपालिका तथा वडा कार्यालय, तेह्रवटा पार्टी जिल्ला तथा पालिका कार्यालय, एउटा सरकारी कार्यालय, १९ ओटा निजी आवास, दुई ओटा निजी व्यापारिक केन्द्रमा  तोडफोड र आगजनी भयो। आगजनी र तोडफोडबाट ५८ करोड रुपियाँ बराबरको क्षति भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले बताए।

**तालिका ५.४.८.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | | १ |
| हाडनाता करणी | १ | | १ |
| सामूहिक बलात्कार | | १ | १ |
| यौन दुर्व्यवहार | १ | ५ | ६ |
| जम्मा | ३ | ६ | ९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | ६७ | ११ | ७८ |
| हाडनाता करणी | | | १ | १ |
| पारिवारिक हत्या | २ | | १ | ३ |
| जम्मा | २ | ६७ | १३ | ८२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा नल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.९ स्याङ्जा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५३,०२४ |
| महिला | १,३६,३४६ |
| घर परिवार सङ्ख्या | ६८,९२३ |
| घरजग्गामा महिलाको स्वामित्व | १७,६३१ |
| साक्षरता प्रतिशत | ८१.६७ |
| आश्रित जनसङ्ख्या | १,२२,१५२ |
| अपाङ्गता भएका | ६,५७९ |

यस वर्ष स्याङ्जा जिल्लामा मानव अधिकार उल्लङ्घन घटनामा दुई जना पुरुष पीडित भए । ज्यादतीका घटनामा ३५ जना महिला र दुई जना पुरुष गरी ३७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना महिला पीडित भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र ६५ पुरुष गरी ८० जनाको छ। कारागारमा चार महिला र ५८ पुरुष गरी ६२ जना कैदीबन्दी छन्। एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा कैदीबन्दीका लागि खेलकुद र भौतिक पूर्वाधारको कमी रहेको जेलर समिर रेग्मीले बताए।

## कुटपिट

वालिङ नगरपालिका-८ का राष्ट्रिय स्वतन्त्र पार्टीका नेता दिनकर नेपाल र वातावरण अभियन्ता मेघ आलेलाई ०८२ असार ३ गते वालिङ नगरपालिका-१० का वडाध्यक्ष सुनिल खनालले आँधीखोला नदीमा डोजर प्रयोग गरी उत्खनन गर्ने कार्यको विरोध गरेको भन्दै रड प्रहार गरी घाइते बनाए। पीडितहरूको उपचार ०८२ असार ३ गते प्रादेशिक अस्पताल, स्याङ्जामा भयो। पीडित पक्षले असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालत, स्याङ्जामा ०८२ असार २३ गते मुद्दा दर्ता गऱ्यो। सरकारी वकिल कार्यालयले पीडितहरूसँग बयान लिएको भए पनि यो वर्षको अन्त्यसम्म आरोपितलाई के कारबाही भयो भन्ने सूचना जिल्ला प्रहरी कार्यालय तथा जिल्ला सरकारी वकिलको कार्यालयले उपलब्ध गराएनन्।

## बाल अधिकार

यस वर्ष स्याङ्जा जिल्लामा बलात्कार घटनामा दुई, सामूहिक बलात्कार घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | २ | २ | | १ | १ |
| हत्या | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | २ | | २ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | जम्मा | | | ३ | | ३ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३० | | ३० |
| | बलात्कार | | | २ | | २ |
| | जम्मा | | | ३२ | | ३२ |
| **कूल जम्मा** | | २ | २ | ३५ | २ | ३७ |

(स्रोत : इन्सेक, २०२५)

**बलात्कार**

१५ वर्षीया बालिकालाई ०८१ पुस २६ गते बलात्कार गरेको भन्दै कपिलवस्तुको वाणगङ्गा नगरपालिका-५ कोपवा मधौलियाका ३१ वर्षीय नरेश चौधरीविरुद्ध पीडित पक्षले ०८१ माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १० गते गिरफ्तार गर्‍यो। जिल्ला अदातलको ०८२ असार २३ गतेको इजलासले दावी पुग्ने फैसला गर्‍यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ७० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा शारीरिक यातना दिएका ४२ उजुरी, मानसिक यातना दिएका १८ उजुरी र आर्थिक तथा सामाजिक यातना दिएका १० उजुरी छन्। प्रहरीले सबै ७० उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रसन्नराज चौधरीले बताए।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ३० जना गरी ३२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा ०८२ भदौ २४ गते प्रदर्शनकारीले नेपाली कांग्रेस पार्टी कार्यालयमा तोडफोड, नेकपा एमालेको पार्टी कार्यालयमा आगजनी र तोडफोड गरे। तोडफोडबाट एक लाख ३८ हजार ४ सय ७८ रुपियाँको क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रसन्नराज चौधरीले बताए।

**तालिका ५.४.९.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| सामूहिक बलात्कार | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ३० | | ३० |
| बलात्कार | | २ | २ |
| जम्मा | ३० | २ | ३२ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.१० पर्वत

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३०,८८७ |
| महिला | ६९,२०९ |
| घर परिवार सङ्ख्या | ३६,११२ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,३२७ |
| साक्षरता प्रतिशत | ८०.१२ |
| आश्रित जनसङ्ख्या | ६४,१९८ |
| अपाङ्गता भएका | ४,२५९ |




यस वर्ष पर्वत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष पीडित भए । ज्यादतीका घटनामा २६ जना महिला र एक जना पुरुष गरी २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५ महिला र २५ पुरुष गरी ३० जना रहेको छ। कारागारमा चार महिला र ७६ पुरुष गरी ८० जना कैदीबन्दी रहेका छन्। एक जना स्वास्थ्यकर्मी कार्यरत छन्। भदौ २३ गतेसम्म ९३ कैदीबन्दी रहेको कारागारबाट नवयुवा पुस्ताले गरेको भदौ २४ गते गरेको आन्दोलनका क्रममा कारागारबाट १९ जना भागे। प्रहरीले १३ जनालाई गिरफ्तार गऱ्यो। ६ जना कैदीबन्दी यस वर्षको अन्त्यसम्म फरार रहेको जेलर नवीन सुवेदीले बताए।

### झडप

नवयुवा पुस्ताले गरेको प्रर्दशनका क्रममा भदौ २४ गते प्रदर्शनकारी र प्रहरीहरूबिच झडप हुँदा बागलुङ-१ का २३ वर्षीय किरन थापा मगर, कुश्मा-११ का २३ वर्षीय रामचन्द्र नेपाली, कुश्मा-५ का २५ वर्षीय नवराज पौडेल घाइते भए। घाइतेहरूको भदौ २४ गते प्रादेशिक अस्पताल, पर्वतमा उपचार भयो।

नवयुवा पुस्ताले गरेको प्रर्दशनका क्रममा भदौ २४ गते प्रदर्शनकारी र प्रहरीहरूबीच झडप झडप हुँदा सशस्त्र प्रहरी बल पर्वतका २८ वर्षीय रबिन्द्र चौधरी घाइते भए। चौधरीको प्रादेशिक अस्पताल, पर्वतमा उपचार भयो।

### बाल अधिकार

यस वर्ष पर्वत जिल्लामा बलात्कार घटनामा नौ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

३ वर्षीया बालिकालाई ०८१ माघ ४ गते बलात्कार गरेको भन्दै महाशिला गाउँपालिका-३ का २१ वर्षीय  आशिष गुरुङविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ११ गते काठमाडौंबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको इजलासले ०८२ मंसिर २ गते दावी पुग्ने फैसला गऱ्यो। यो वर्षको अन्त्यसम्म सजाय निर्धारण भएन।

१३ वर्षीया बालिकालाई ०८१ माघ २५ गते बलात्कार गरेको भन्दै कुस्मा नगरपालिका- १४ का ३५ वर्षीय खुसिमान बिकविरुद्ध पीडित पक्षले माघ २७

**तालिका ५.४.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ३ | ३ | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | ९ | | ९ |
| | जम्मा | | | ९ | | ९ |
| महिला अधिकार | घरेलु हिंसा | | | १५ | | १५ |
| | बलात्कार | | | १ | | १ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | १७ | | १७ |
| **कूल जम्मा** | | ३ | ३ | २६ | १ | २७ |

(स्रोत : इन्सेक, २०२५)

गते जिल्ला प्रहरी कार्यालय पर्वतमा उजुरी दियो। पीडितको माघ २६ गते प्रदेश अस्पताल कुश्मामा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितलाई माघ २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाइएकोमा जिल्ला अदालतको ०८२ मंसिर ४ गतेको आदेश अनुसार दावी पुग्ने फैसला गऱ्यो। यो वर्षको अन्त्यसम्म सजाय निर्धारण भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पती-पत्नी झै-झगडाका ४० उजुरी र विवाह दर्ता तथा नागरिकता नबनाइदिएका पाँच उजुरी छन्। प्रहरीले ३४ उजुरीमा मेलमिलाप गरायो भने सात उजुरी अदालती प्रक्रियामा गएका छन्। तीन उजुरीमा दुबै पक्ष बोलाएर छलफल गराउने काम भइरहेको र र एक उजुरीकर्ता सम्पर्कविहीन भएको महिला बालबालिका सेवा केन्द्रकी सई पूर्णिमा थापाले बताइन्।

यो वर्ष पर्वत जिल्लामा बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा १५ जना गरी १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

मोदी गाउँपालिका-६ की ५२ वर्षीया सीता विकको ०८२ कात्तिक २४ गते घरायसी विवादका क्रममा कुटपिट गरी हत्या गरेको भन्दै ५० वर्षीय पति जीतबहादुर विकविरुद्ध पीडित पक्षले कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई कात्तिक २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले गरेको प्रर्दशनका क्रममा भदौ २४ गते प्रदर्शनकारीले नेकपा एमालेको पार्टी कार्यालय, नेपाली कांग्रेसको पार्टी कार्यालय र नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा तोडफोड र आगजनी गरे।

**तालिका ५.४.१०.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | ३ | ६ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | ११ | ४ | १५ |
| बलात्कार | | १ | १ |
| पारिवारिक हत्या | | १ | १ |
| जम्मा | ११ | ६ | १७ |

(स्रोत : इन्सेक, २०२५)

# ५.४.११ बागलुङ

- जम्मा जनसङ्ख्या २,४९,२११
- महिला १,३३,०१७
- घर परिवार सङ्ख्या ६४,०९६
- घरजग्गामा महिलाको स्वामित्व १२,४२७
- साक्षरता प्रतिशत ७९.९७
- आश्रित जनसङ्ख्या १,२७,४२६
- अपाङ्गता भएका ७,८११




यस वर्ष बागलुङमा ज्यादतीका घटनामा ३२ जना महिला र एक जना पुरुष गरी ३३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २५ जना महिला पीडित भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र १ सय पुरुष गरी १ सय २० जनाको रहेको छ। कारागारमा १४ महिला र १ सय ५० पुरुष गरी १ सय ६४ जना कैदीबन्दी छन्। कारागारमा एक जना आश्रित बालक छन्। एक जना अहेबको दरबन्दी रहेको छ। कारागारमा ६५ वर्षमाथिका २ जना ज्येष्ठ नागरिक रहेको जेलर धिरेन्द्रराज पन्तले बताए।

## घाइते

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा प्रहरी र प्रदर्शनकारीबिच झडप हुँदा ३२ वर्षीय प्रहरी जवान ध्रुव परियार घाइते भए। घाइतेको धौलागिरी प्रादेशिक अस्पताल, बागलुङमा उपचार भयो।

## बाल अधिकार

यस वर्ष बागलुङ जिल्लामा बलात्कार घटनामा दुई, सामूहिक बलात्कार घटनामा तीन, यौन दुर्व्यवहार घटनामा एक र विद्यालयमा दिइने दण्ड सजायका घटनामा एक जना गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## विद्यालयमा दिइने दण्ड सजाय

बरेङ गाउँपालिका-२ स्थित पुरुषोद्धय माध्यमिक विद्यालयका शिक्षक मिथलेश अधिकारीले कक्षा १२ मा अध्ययनरत तिर्सना परियार सहित ११ विद्यार्थीलाई कुटपिट गरी घाइते बनाए। अर्थशास्त्रका शिक्षक अधिकारीले ०८२ मङ्सिर २४ गते परीक्षामा अनुत्तीर्ण भएको भन्दै विद्यार्थीलाई लौरोले कुटपिट गरेका थिए। अधिकारीको कुटाइबाट तिर्सनाको पिँडुलामा नीलडाम बसेको तिर्सनाका बुबा दीपेन्द्र परियारले बताए।

**तालिका ५.४.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | १ | | १ |
| | बलात्कार | २ | | २ |
| | सामूहिक बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | २५ | | २५ |
| | जम्मा | २५ | | २५ |
| **कूल जम्मा** | | ३२ | १ | ३३ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.४.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

विद्यालयका प्रधानाध्यापक मनबहादुर श्रीसले विद्यार्थीमाथि कुटपिटको विषयमा मंसिर २८ गते शिक्षक र अभिभावकबिच छलफलमार्फत टुङ्गो लगाएको बताए। विद्यालयले मंसिर २८ गते विज्ञप्ति निकाल्दै आगामी दिनमा यस किसिमको घटना नदोहोरिने जनायो।

### सामूहिक बलात्कार

१५ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०८१ माघ ८ गते बलात्कार गरेको आरोपमा बरेङ गाउँपालिका-१ हुग्दीशिरका २६ वर्षीय अर्जुन परियार, २४ वर्षीय बिमल परियार र २९ वर्षीय सुमन परियार भनिने सुमन नेपालीविरुद्ध पीडित पक्षले ०८१ माघ १० गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई माघ १० गते गिरफ्तार गऱ्यो। अदालतको मङ्सिर २८ गतेको इजलासले आरोपित अर्जुनलाई १ वर्ष ६ महिना कैद र १० हजार रुपियाँ जरिवाना, बिमल र सुमनलाई सफाइ दिने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये प्रहरीले १६ उजुरीमा मेलमिलाप गरायो भने आठ उजुरी अदालत गएको जिल्ला प्रहरी कार्यालय, बागलुङका एसपी तिलक भारतीले बताए।

यो वर्ष बागलुङ जिल्लामा घरेलु हिंसाका घटनामा २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा ०८२ भदौ २४ गते प्रदर्शनकारीहरूले जिल्ला प्रशासन कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला समन्वय समिति, नेकपा एमाले पार्टी कार्यालय, नेपाली कांग्रेस पार्टी कार्यालय र नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा तोडफोड गरे। कारागारमा १० हजार रुपियाँको क्षति भएको र अन्य ठाउँमा क्षतिको आकलन नगरिएको जिल्ला प्रहरी कार्यालयका एसपी तिलक भारतीले बताए।

**तालिका ५.४.११.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| विद्यालयमा दिइने दण्ड सजाय | | १ | | १ |
| बलात्कार | १ | | १ | २ |
| सामूहिक बलात्कार | २ | | १ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | ३ | १ | ३ | ७ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १७ | ८ | २५ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

# ५.५ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरु

## लुम्बिनी प्रदेश



# ५.५.१ रूकुम पूर्व

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५६,७८६ |
| महिला | २९,२७० |
| घर परिवार सङ्ख्या | १२,८७८ |
| घरजग्गामा महिलाको स्वामित्व | १,१३२ |
| साक्षरता प्रतिशत | ७१.३५ |
| आश्रित जनसङ्ख्या | २९,७८५ |
| अपाङ्गता भएका | २,१५६ |

यस वर्ष रूकुम पूर्व जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा १५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना महिला पीडित भए।

**तालिका ५.५.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| हत्या | | १ | १ |
| बाल अधिकार | बलात्कार | २ | २ |
| | हाडनाता करणी | १ | १ |
| | जम्मा | ३ | ३ |
| महिला अधिकार | घरेलु हिंसा | ७ | ७ |
| | बलात्कार | ४ | ४ |
| | जम्मा | ११ | ११ |
| **कूल जम्मा** | | १५ | १५ |

(स्रोत : इन्सेक, २०२५)




### कारागार र बन्दी

जिल्लामा कारागार नहुँदा कैदी र थुनुवाहरूलाई रूकुम पश्चिम कारागारमा पठाउने गरिएको छ। जिल्लाबाट सवा एक घण्टाको यात्रा गराएर रूकुम पश्चिम लैजानुपर्ने र बयानका लागि अदालत उपस्थित गराउन समस्या भएको छ। थुनुवा ओसारपसारका लागि छुट्टै सवारी पनि नभएको र प्रहरीकै नियमित सुरक्षा मोवाइलको गाडी प्रयोग गर्ने गरिएको छ।

### बाल अधिकार

यस वर्ष रूकुम पूर्व जिल्लामा बलात्कार घटनामा दुई र हाडनाता करणीका घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१४ वर्षीया बालिकालाई ०८२ वैशाख १ गते १७ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असार १७ गतेको इजलासले आरोपितलाई दोषी ठहर गर्दै दुई महिना कैद र ३ हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै १७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। सबै उजुरीमा मेलमिलाप गरिएको सेवा केन्द्रकी वरिष्ठ हवल्दार उमा केसीले बताइन्।

यो वर्ष रूकुम पूर्व जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिँसाका सात जना गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**बलात्कार**

३६ वर्षीया महिलालाई ०८२ असोज १७ गते सिस्ने गाउँपालिका-२ का ३२ वर्षीय हिरालाल दमाइले बलात्कार गरेको भन्दै पीडित पक्षले असोज १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण असोज १९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असोज २० गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवप्रसाद खनालको मङ्सिर १२ गतेको इजलासले आरोपितलाई थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**विषालु च्याउ सेवन**

भूमे गाउँपालिका-५ का ३ वर्षीय योजन बिक र उनकी ६ वर्षीया दिदी भाग्यरेखा बिक ०८२ साउन २ गते जङ्गलबाट ल्याएको च्याउ खाएर बिरामी परे। राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा साउन ६ गते उपचारका क्रममा दुवै जनाको मृत्यु भयो भने मृतककी ९ वर्षीया दिदी आयुषा बिक र ३५ वर्षीया आमा रामकुमारी सुनार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारपछि घर फर्किएको मृतकका मामा बिरस सुनारले बताए।

शवहरूको पोष्टमार्टम साउन ६ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा भयो। आफन्तजनले शवको सद्गत साउन ६ गते भुमेमा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**तालिका ५.५.१.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | २ |
| हाडनाता करणी | | १ | १ |
| जम्मा | १ | २ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ७ | | ७ |
| बलात्कार | | ४ | ४ |
| जम्मा | ७ | ४ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)




# ५.५.२ रोल्पा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३४,७९३ |
| महिला | १,२४,९२१ |
| घर परिवार सङ्ख्या | ५२,२०६ |
| घरजग्गामा महिलाको स्वामित्व | ५,७१२ |
| साक्षरता प्रतिशत | ७५.६३ |
| आश्रित जनसङ्ख्या | १,२४,०९६ |
| अपाङ्गता भएका | ८,९१६ |

यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना महिला पीडित भए।

**तालिका ५.५.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| बाल अधिकार | बलात्कार | १ | १ |
| | जम्मा | १ | १ |
| महिला अधिकार | घरेलु हिंसा | ३४ | ३४ |
| | पारिवारिक हत्या | २ | २ |
| | जम्मा | ३६ | ३६ |
| **कूल जम्मा** | | ३७ | ३७ |

(स्रोत : इन्सेक, २०२५)

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ महिला र ३५ पुरुष गरी ५० जनाको छ। कारागारमा १० महिला र १ सय १६ पुरुष गरी १ सय २६ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालबालिका छैनन्। एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको जेलर यामलाल वलीले बताए।

## बाल अधिकार

यस वर्ष रोल्पा जिल्लामा बलात्कार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६१ जनाले महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवाकेन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ५२ उजुरीमा मेलमिलाप गराएको र नौ उजुरी कानुनी प्रक्रियामा गएको सेवा केन्द्रकी प्रमुख जितबहादुर बुढाथोकीले बताए।

यो वर्ष रोल्पा जिल्लामा घरेलु हिंसाका घटनामा ३४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट दुई जना महिलाको हत्या भयो।

## पारिवारिक हत्या

त्रिवेणी गाउँपालिका-६, थुम्काका ३२ वर्षीया अस्मिता बुढामगरको आपसी विवादका क्रममा ०८१ फागुन १३ गते धारिलो हतियारले हत्या गरेको आरोपमा ४० वर्षीय पति खिमबहादुर बुढामगरलाई प्रहरीले सोही गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ कात्तिक २६ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला गरेको जिल्ला अदालतका डिठ्ठा सेमसर घर्तीमगरले बताए।

**तालिका ५.५.२.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | ३० | ४ | ३४ |
| पारिवारिक हत्या | १ | | १ | २ |
| जम्मा | १ | ३० | ५ | ३६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.३ प्यूठान

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३२,०१९ |
| महिला | १,२७,८८७ |
| घर परिवार सङ्ख्या | ५६,१९५ |
| घरजग्गामा महिलाको स्वामित्व | ८,५४६ |
| साक्षरता प्रतिशत | ८०.१३ |
| आश्रित जनसङ्ख्या | १,२५,००२ |
| अपाङ्गता भएका | ६,३१७ |

यस वर्ष प्यूठान जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ६७ जना महिला र तीन जना पुरुष गरी ७० जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६९ जना महिला पीडित भए। परिवारबाट एक जना महिलाको हत्या भयो।

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

गौमुखी गाउँपालिका-५ का ६९ वर्षीय चिन्तामणि उपाध्यायको ०८१ माघ १८ गते गौमुखी गाउँपालिकाकी ५० वर्षीया जेदकुमारी न्यौपाने र सोही ठाउँका ५१ वर्षीय लोकबहादुर गिरीले हत्या गरेको भन्दै पीडित पक्षले आरोपितहरू विरुद्ध ०८१ माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई माघ १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको फागुन १२ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।




### विष्फोटक पदार्थबाट घाइते

मल्लरानी गाउँपालिका–३ का ११ वर्षीय शौरभ अधिकारी ०८१ माघ २६ गते घरनजिक बारीमा भेटिएको खेलौना जस्तो देखिने वस्तु घर ल्याई खेलाउँदै गर्दा विष्फोट भई घाइते भए। विस्फोटबाट बालकको दाहिने खुट्टामा चोट लाग्यो। घाइतेको प्राथमिक उपचार जिल्ला अस्पताल, बिजुवारमा गरी थप उपचार लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। बाली संरक्षण गर्नको लागि विस्फोटक पदार्थ बनाइ राखेको हुन सक्ने आशङ्कापछि अनुसन्धानका लागि प्रहरीले मल्लरानी गाउँपालिका-३ का ५८ वर्षीय मोहनबहादुर केसीलाई माघ २७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको फागुन २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय २० जना कैदीबन्दी छन्। क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी भएकाले बस्न, सुत्न र शौचालय प्रयोगमा समेत समस्या भएको छ। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मी कार्यरत रहेको जेलर सूर्यबहादुर पन्तले बताए।

### बाल अधिकार

यस वर्ष प्यूठान जिल्लामा बलात्कार घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ५६ जना महिलाले महिला, बालवालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ५४ उजुरीमा मेलमिलाप गरायो भने एक उजुरी कानुनी प्रक्रिया र एक उजुरीका पीडित सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रमुख असई शान्ति रावलले बताइन्।

यो वर्ष प्यूठान जिल्लामा बलात्कारका घटनामा तीन र घरेलु हिंसाका घटनामा ५६ जना गरी ५९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारजनबाट एक जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

सरुमारानी गाउँपालिका-३ की २८ वर्षीया रुकमनी बरालको ०८२ असार ३१ गते ऐरावती गाउँपालिका-२ का ३० वर्षीय लिलबहादुर बरालले हत्या गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध असार ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ३१ गते गिरफ्तार गर्‍यो। मृतक र आरोपित पूर्व पती-पत्नी रहेको र आरोपित वैदेशिक रोजगारमा रहेको बेला मृतकले दोस्रो विवाह गरेका कारण सो घटना भएको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

नवयुवा पुस्ताले गरेको ०८२ भदौ २४ गतेको आन्दोलनका क्रममा प्यूठान नगरपालिका-४ बिजुवारमा रहेको नेकपा एमाले जिल्ला पार्टी कार्यालयमा आगजनी तथा तोडफोड भयो। आगजनी तथा तोडफोडबाट २२ लाख रुपियाँ बराबरको क्षति भएको एमाले पार्टी सचिव इन्द्रमणि पोखेलले बताए।

**तालिका ५.५.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| हत्या | | १ | २ | ३ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | घरेलु हिंसा | ५६ | | ५६ |
| | बलात्कार | ३ | | ३ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | ६० | | ६० |
| **कूल जम्मा** | | ६७ | ३ | ७० |

(स्रोत : इन्सेक, २०२५)

मल्लरानी गाउँपालिका-४ खलङ्गामा रहेको राष्ट्रिय जनमोर्चाको पार्टी कार्यालय तथा सोही भवनमा रहेको रेडियो प्यूठानको स्टेशन तोडफोड तथा आगजनी भयो। राष्ट्रिय जनमोर्चाको पार्टी कार्यालयमा २५ लाख रुपियाँ, मित्रमणि टंक स्मृति प्रतिष्ठानमा ८ लाख रुपियाँ र रेडियो प्यूठानको ७ लाख रुपियाँ बराबरको क्षति भएको राष्ट्रिय जनमोर्चा पार्टीका जिल्ला अध्यक्ष ज्ञामुराम न्यौपानेले बताए।

प्यूठान नगरपालिका-८ बाग्दुलामा रहेको नेपाली कांग्रेसको जिल्ला पार्टी कार्यालयमा भएको तोडफोड र आगजनीका कारण ४ लाख रुपियाँ बराबरको क्षति भएको नेपाली कांग्रेस पार्टीका जिल्ला सभापति बिष्णु गिरीले बताए।

प्यूठान नगरपालिका–४ जुम्रीमा रहेको नेकपा माओवादी केन्द्रको पार्टी कार्यालयमा आगजनी तथा तोडफोड हुँदा १० लाख रुपियाँ बराबरको क्षति भएको माओवादी केन्द्रका जिल्ला संयोजक यज्ञबहादुर केसीले बताए।

**तालिका ५.५.३.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | ६ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ५५ | १ | ५६ |
| बलात्कार | | ३ | ३ |
| पारिवारिक हत्या | | १ | १ |
| जम्मा | ५५ | ५ | ६० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)




# ५.५.४ गुल्मी

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,४६,४९४ |
| महिला | १,३४,४६९ |
| घर परिवार सङ्ख्या | ६६,१०० |
| घरजग्गामा महिलाको स्वामित्व | १०,८०१ |
| साक्षरता प्रतिशत | ८०.३४ |
| आश्रित जनसङ्ख्या | १,२८,०४१ |
| अपाङ्गता भएका | ७,८३२ |

यस वर्ष गुल्मी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ६ जना पुरुष पीडित भए । ज्यादतीका घटनामा ६० जना महिला र दुई जना पुरुष गरी ६२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५४ जना महिला पीडित भए।

**कारागार र बन्दी**

गुल्मी कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा हाल ६ जना महिला र १ सय ५ जना पुरुष गरी १ सय ११ जना कैदीबन्दी रहेका छन्। कारागारमा दुई आश्रित बालक छन्। क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी भएकाले सुत्न, शौचालय प्रयोग गर्न तथा नुहाउन समस्या भएको जेलर रेश्मीराज पन्थीले बताए। कारागारमा पुस्तकालय, टिभी र पत्रपत्रिकाको व्यवस्था छैन। कारागारमा लामो समयदेखि स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

**बाल अधिकार**

यस वर्ष गुल्मी जिल्लामा बलात्कार घटनामा चार, हाडनाता करणीका एक र सामूहिक बलात्कारका घटनामा एक जना गरी ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**घाइते**

**राज्यपक्षबाट**

नवयुवा पुस्ताले गरेको ०८२ भदौ २४ गते रेसुङ्गा नगरपालिकाको-१, २, ८, ९, बजार क्षेत्रका विभिन्न स्थानमा गरेको प्रदर्शनका क्रममा प्रहरीसँग झडप हुँदा रेसुङ्गा नगरपालिका-४ का २९ वर्षीय मनिष मगर, सोही नगरपालिका-१ का १७ वर्षीय कृष्ण कुँवर, सोही स्थानका २० वर्षीय विनोद खत्री, सोही नगरपालिका-२ का १६ वर्षीय अनिल मगर, १६ वर्षीय अनिश खड्का र सोही नगरपालिका-९ का १८ वर्षीय विपिन सुनार घाइते भए। घाइते सबैको उपचार भदौ २४ गते गुल्मी अस्पतालमा भयो।

**तालिका ५.५.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ६ | ६ | | | |
| हत्या | | | | | २ | २ |
| बाल अधिकार | बलात्कार | | | ४ | | ४ |
| | हाडनाता करणी | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | जम्मा | | | ६ | | ६ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५३ | | ५३ |
| | बलात्कार | | | १ | | १ |
| | जम्मा | | | ५४ | | ५४ |
| **कूल जम्मा** | | ६ | ६ | ६० | २ | ६२ |

(स्रोत : इन्सेक, २०२५)

**बलात्कार**

१४ वर्षीया बालिकालाई ०८२ जेठ १४ गते बलात्कार गरेको भन्दै छत्रकोट गाउँपालिका-२ का ३४ वर्षीय कुलबहादुर सोमेरेविरुद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असार १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनमा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै १ सय २ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमध्ये ७२ उजुरीमा मेलमिलाप भएको, २८ उजुरी कानुनी प्रक्रियामा गएको र दुई उजुरी फर्स्यौट हुन बाँकी रहेको सेवा केन्द्रकी हवल्दार बबिता श्रेष्ठले बताइन्।

यो वर्ष गुल्मी जिल्लामा बलात्कारका घटनामा एक र घरेलु हिंसाका घटनामा ५३ गरी ५४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारीहरूले राजनीतिक दलका पार्टी कार्यालयमा तोडफोड र आगजनी गरे। जिल्ला प्रशासन कार्यालय गुल्मीको विवरण अनुसार नेकपा एमाले गुल्मीको पार्टी कार्यालय, रेसुङ्गा नगरपालिका-७ स्थित नेकपा माओवादी पार्टी कार्यालय, सोही नगरपालिका-१ मा रहेको नेपाली कांग्रेस गुल्मीको पार्टी कार्यालयमा तोडफोड भएको जिल्ला प्रशासन कार्यालय गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बताए।

**तालिका ५.५.४.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.५.४.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ४ | ४ |
| हाडनाता करणी | १ | १ |
| सामूहिक बलात्कार | १ | १ |
| जम्मा | ६ | ६ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | ४९ | ४ | ५३ |
| बलात्कार | | १ | १ |
| जम्मा | ४९ | ५ | ५४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)




## ५.५.५ अर्घाखाँची

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,७७,०८६ |
| महिला | ९६,४१४ |
| घर परिवार सङ्ख्या | ४८,४४९ |
| घरजग्गामा महिलाको स्वामित्व | ११,०८२ |
| साक्षरता प्रतिशत | ८०.०५ |
| आश्रित जनसङ्ख्या | ९१,३५३ |
| अपाङ्गता भएका | ६,२४६ |

यस वर्ष अर्घाखाँची जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ४५ जना महिला र १२ जना पुरुष गरी ५७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ महिला र १ सय २५ पुरुष गरी १ सय ५० जनाको छ। हाल कारागारमा ८६ पुरुष र ६ महिला गरी ९२ जना कैदीबन्दी छन्। कारागारमा आश्रित बालबालिका छैनन्। स्वास्थ्यकर्मीको दरबन्दी वर्षौंदेखि रिक्त भएकाले सामान्य उपचारका लागि पनि जिल्ला अस्पताल लैजानुपर्ने बाध्यता रहेको कारागारका सहायक प्रशासक रमेश भट्टराईले बताए।

### बाल अधिकार

यस वर्ष अर्घाखाँची जिल्लामा बलात्कार घटनामा पाँच जना र यौन दुर्व्यवहारमा एक गरी ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### हत्या

भूमिका नगरपालिका- ४ कल्लेरी थानाचौरकी ४ वर्षीया बालिकाको आमा ३१ वर्षीया विष्णुदेवी आचार्य पौडेलले हँसिया प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले आरोपित विरुद्ध ०८२ कातिक ३० गते जिल्ला प्रहरी कार्यालय सन्धिखर्कमा उजुरी दियो। आरोपितलाई प्रहरीले कात्तिक ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

### यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०८२ जेठ १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा पाणिनी गाउँपालिका- १ बाँसबोटका ४६ वर्षीय भेषबहादुर रोका मगरविरुद्ध

**तालिका ५.५.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ७ | ४ | ११ |
| घाइते | | | १ | १ |
| हत्या | | | ३ | ३ |
| धम्की | | १ | ४ | ५ |
| बाल अधिकार | बलात्कार | ५ | | ५ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ६ | | ६ |
| महिला अधिकार | घरेलु हिंसा | २९ | | २९ |
| | बलात्कार प्रयास | १ | | १ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | ३१ | | ३१ |
| **कूल जम्मा** | | ४५ | १२ | ५७ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.५.५.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |
| महिला अधिकार | १ | १ |
| **कूल जम्मा** | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

पीडित पक्षले जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको भदौ ८ गतेको इजलासले आरोपितलाई ७ हजार रुपियाँ जरिबानाको फैसला गरेको जिल्ला अदालतको मुद्दा फाँटका नायब सुब्बा सशबहादुर पुनले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये प्रहरीले ५९ उजुरीमा मेलमिलाप गरायो भने ६ उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिवशबहादुर जीसीले बताए।

यो वर्ष अर्घाखाँची जिल्लामा बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा २९ गरी ३० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट एक जना महिलाको हत्या भयो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा जिल्ला समन्वय समितिको कार्यालय, सन्धिखर्क नगरपालिकाको कार्यालय, सडक पूर्वाधार विकास कार्यालय, सन्धिखर्क नगरपालिका-२ वडा कार्यालय, सन्धिखर्क नगरपालिका–१ र २ स्थित नेकपा एमाले पार्टी कार्यालय, नेकपा माओवादी केन्द्र पार्टी कार्यालय र नेकपा मसाल (राजमो), नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यालय, सन्धिखर्क नगरपालिका-१ स्थित लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको घर, पाणिनी गाउँपालिकाको कार्यालय, भूमिकास्थान नगरपालिकाको कार्यालयमा आगजनी र तोडफोड भयो।

**तालिका ५.५.५.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ५ | ६ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | २२ | ७ | २९ |
| बलात्कार प्रयास | | १ | १ |
| पारिवारिक हत्या | | १ | १ |
| जम्मा | २२ | ९ | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.६ पाल्पा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,४५,०२७ |
| महिला | १,३२,२६६ |
| घर परिवार सङ्ख्या | ६४,९९१ |
| घरजग्गामा महिलाको स्वामित्व | ११,३५६ |
| साक्षरता प्रतिशत | ८३.६७ |
| आश्रित जनसङ्ख्या | १,१६,१८५ |
| अपाङ्गता भएका | ७,७१९ |




यस वर्ष पाल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ५१ जना महिला र एक पुरुष गरी ५२ पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० महिला र १ सय ७५ पुरुष गरी ३ सय २५ जनाको रहेको छ। हाल कारागारमा १२ महिला र २ सय २४ पुरुष गरी २ सय ३६ जना कैदीबन्दी छन्। कारागारमा २५ जना पुरुष ज्येष्ठ नागरिक छन्। कारागारका स्वास्थ्यकर्मीले कैदीबन्दीको स्वास्थ्य परीक्षण नियमति रूपमा गर्ने गरेको जेलर भगवानभक्त अर्यालले बताए। कारागारभित्रै कक्षा सातसम्म पढाइ हुने सामुदायिक विद्यालय सञ्चालन गरिएको छ।

### बाल अधिकार

यस वर्ष पाल्पा जिल्लामा बलात्कार घटनामा ७ र यौन दुर्व्यवहारका घटनामा तीन गरी १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ३५ उजुरीमा प्रहरीले मेलमिलाप गरायो भने सात उजुरी कानुनी प्रक्रियामा गएको सेवा केन्द्रले जनायो।

यो वर्ष पाल्पा जिल्लामा बलात्कारका घटनामा ६, सामूहिक बलात्कार घटनामा दुई, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिंसाका घटनामा ३१ गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### सामूहिक बलात्कार

२८ वर्षीया महिलालाई ०८२ असोज १० गते सामूहिक बलात्कार गरेको भन्दै अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका-६ का २६ वर्षीय अप्रिल घर्ती र रम्भा गाउँपालिका-४ पाल्पाका २६ वर्षीय विवेक पाण्डेविरुद्ध पीडित पक्षले असोज १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज

**तालिका ५.५.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | ७ | | ७ |
| | यौन दुर्व्यवहार | ३ | | ३ |
| | जम्मा | १० | | १० |
| महिला अधिकार | घरेलु हिंसा | ३१ | | ३१ |
| | बलात्कार | ६ | | ६ |
| | सामूहिक बलात्कार | २ | | २ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ४० | | ४० |
| **कूल जम्मा** | | ५१ | १ | ५२ |

(स्रोत : इन्सेक, २०२५)

१० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असोज १० गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको असोज २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुना पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा अदालतमा विचाराधीन रह्यो।

**तालिका ५.५.६.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १० | १० |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २३ | ८ | ३१ |
| बलात्कार | | ६ | ६ |
| सामूहिक बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २३ | १७ | ४० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.७ नवलपरासी पश्चिम




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,८६,८६८ |
| महिला | १,९८,६८६ |
| घर परिवार सङ्ख्या | ८२,७०९ |
| घरजग्गामा महिलाको स्वामित्व | २३,६९६ |
| साक्षरता प्रतिशत | ७७.९७ |
| आश्रित जनसङ्ख्या | १,७९,४६४ |
| अपाङ्गता भएका | ९,१३८ |

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १० जना पुरुष पीडित भए । ज्यादतीका घटनामा ४२ जना महिला र २५ जना पुरुष गरी ६७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना महिला पीडित भए।

### झडप

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते नवलपरासीको रामग्राम नगरपालिका-५, बुद्धचोक लगायतका स्थानमा गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा रामग्राम नगरपालिकाका १९ वर्षीय शिव बर्मा, २० वर्षीय गौतम यादव, सोही नगरपालिका-१२ का १८ वर्षीय प्रमेश्वर कुशवाह, सोही नगरपालिका-१४ का २० वर्षीय मनोहर केवट, सोही नगरपालिका-२ का २१ वर्षीय विमलेश हरिजन, १७ वर्षीय प्रमेश्वर लोहार, सोही नगरपालिका-६ का १५ वर्षीय प्रेमसागर गुप्ता, सोही नगरपालिका-९ का १८ वर्षीय महेश भार लोहार, ३७ वर्षीय उमेश चौधरी र ४३ वर्षीय शेरवहादुर थापा घाइते भए। घाइते सबैको उपचार भदौ २४ गते पृथ्वीचन्द्र अस्पताल, नवपरासीमा भयो।

### कारागार र बन्दी

नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्ला कारागारको क्षमता १ सय ५० पुरुष र २५ जना महिला गरी १ सय ७५ जनाको छ। हाल कारागारमा ३ सय ३९ जना पुरुष र ५५ महिला गरी ३ सय ९४ जना कैदीबन्दी छन्। कारागारमा ०८२ भदौ २४ गतेसम्म ५ सय ७५ कैदीबन्दी थिए। नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा भदौ २४ गते ५ सय ४६ जना कैदीबन्दीले कारागार तोडफोड गरी भागे। भाग्नेमा ४१ जना भारतीय कैदीबन्दी पनि थिए। वर्षको अन्त्यसम्म प्रशासनको समन्वयमा ४३ महिला र ३ सय १० पुरुष गरी ३ सय ४२ जनालाई प्रहरीले गिरफ्तार गरी कारागारमा बुझायो। ३१ महिला र १ सय ५५ जना पुरुष गरी १ सय ८६ जना फरार रहेको कारागारका सूचना अधिकारी रमेश नेपालले बताए।

### अमानवीय व्यवहार

राष्ट्रिय आवास कम्पनी लिमिटेडका योजना प्रमुख बर्दघाट नगरपालिका-१, पुर्नवासका ४२ वर्षीय महेन्द्र थापालाई ०८२ मंसिर २१ गते नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का कार्यकर्ता बताउने नौ/१० जनाको एक समूहले उनकै कार्यकक्षमा मोसो दली दुर्व्यवहार गऱ्यो। पीडितले मङ्सिर २२ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरू वर्षको अन्त्यसम्म पनि फरार रहेको प्रहरीले जनायो।

**तालिका ५.५.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | १० | १० | | १६ | १६ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | | ८ | ८ |
| जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | १५ | | १५ |
| | हाडनाता करणी | | | ३ | | ३ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | २० | | २० |
| महिला अधिकार | घरेलु हिंसा | | | १३ | | १३ |
| | बलात्कार | | | ३ | | ३ |
| | बलात्कार प्रयास | | | १ | | १ |
| | वैवाहिक बलात्कार | | | १ | | १ |
| | पारिवारिक हत्या | | | ३ | | ३ |
| | जम्मा | | | २१ | | २१ |
| **कूल जम्मा** | | १० | १० | ४२ | २५ | ६७ |

(स्रोत : इन्सेक, २०२५)

### बाल अधिकार

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कार घटनामा १५, यौन दुर्व्यवहार घटनामा एक, हाडनाता करणी घटनामा तीन र सामूहिक बलात्कार घटनामा एक गरी २० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ३९ जनाले महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये २ सय ९८ उजुरीमा मेलमिलाप भएको, २५ उजुरी अनुसन्धान र ११ उजुरी कानुनी प्रक्रियामा रहेको सेवा केन्द्रकी असई सीता धवलले बताइन्।

यो वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयास घटनामा एक, वैवाहिक बलात्कार घटनामा एक र घरेलु हिंसाका घटनामा १३ गरी १८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो।

### दाइजोजनित हिंसा

प्रतापपुर गाउँपालिका-७ जगन्नाथपुरकी २५ वर्षीया पूजा हरिजनलाई दाइजो नल्याएको भन्दै शारीरिक र मानसिक यातना दिएका कारण पीडितले ०८२ साउन १६ गते घरमै आत्महत्या गरेको भन्दै पीडित पक्षले २७ वर्षीय पति सुनिल हरिजन र ७१ वर्षीय ससुरा रुदल हरिजनविरुद्ध साउन ३० गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई ०८२ साउन ३० गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको भदौ २२ गतेको इजलासले रुदललाई ५० हजार र सुनिललाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारीहरुले राष्ट्रिय आवास कम्पनी लिमिटेड, बर्दघाटको कार्यालयमा गरेको आगजनीका कारण करिब १ करोड रुपियाँ बराबरको क्षति भयो। जिल्ला सरकारी वकिल कार्यालय, परासीमा मोटरसाइकल र गाडीमा आगजनी हुँदा करिब ४० लाख २६ हजार रुपियाँको क्षति भयो। करदाता सेवा कार्यालयमा भवनमा तोडफोड हुँदा करिब २९ लाख ९ सय रुपियाँ बराबरको क्षति भयो। जिल्ला कारागार कार्यालय, परासीमा कैदीबन्दीहरूले आगजनी र चोरी गरेपछि करिब ९ लाख रुपियाँ बराबरको क्षति भयो। जिल्ला प्रशासन कार्यालयमा तोडफोड हुँदा करिब १ लाख ६० हजार रुपियाँको क्षति भयो। प्रहरी बिटहरू (परासी, कुडिया, बेलाटारी, रामनगर) मा भवन र सिसिटिभी तोडफोड हुँदा करिब ७ लाख २० हजार रुपियाँ बराबरको क्षति भयो। त्यसैगरी भूमि समस्या समाधान आयोग कार्यालय, परासीमा आगलागीका कारण फर्निचर र अन्य सामग्री नष्ट हुँदा ४ लाख १८ हजार रुपियाँ बराबरको क्षति भयो। सो क्रममा राष्ट्रिय अनुसन्धान कार्यालय, इलाका प्रशासन कार्यालय, सेमरी, जिल्ला नापी कार्यालय, परासी, जिल्ला समन्वय समितिको कार्यालयमा तोडफोड भयो। करिब २ करोड ६४ लाख ७३ हजार ५ सय रुपियाँ बराबरको आर्थिक क्षति भएको प्रारम्भिक अनुमान छ।

**तालिका ५.५.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | १५ | १५ |
| हाडनाता करणी | ३ | ३ |
| सामूहिक बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २० | २० |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | १३ | | १३ |
| बलात्कार | | ३ | ३ |
| बलात्कार प्रयास | | १ | १ |
| वैवाहिक बलात्कार | | १ | १ |
| पारिवारिक हत्या | | ३ | ३ |
| जम्मा | १३ | ८ | २१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ८ | ८ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.८ रुपन्देही

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ११,२१,९५७ |
| महिला | ५,७१,४७९ |
| घर परिवार सङ्ख्या | २,३८,१७१ |
| घरजग्गामा महिलाको स्वामित्व | ६९,९९३ |
| साक्षरता प्रतिशत | ८१.२३ |
| आश्रित जनसङ्ख्या | २,७०,२२९ |
| अपाङ्गता भएका | १८,२३९ |




यस वर्ष रुपन्देही जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ४० जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ५ सय ४९ जना महिला र १० जना पुरुष गरी ५ सय ५९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ९२ जना महिला पीडित भए।

## घाइते

### राज्यपक्षबाट

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनको क्रममा रुपन्देही जिल्लाका विभिन्न स्थानमा प्रदर्शनकारीहरू घाइते भए। सो क्रममा रुपन्देहीका ४० वर्षीय सोमबहादुर जिसी, ३९ वर्षीय दिलबहादुर चुनारा, ४० वर्षीय रमेश बानिया, २८ वर्षीय भरत सुनार, २८ वर्षीय प्रविन राना, २८ वर्षीय टोपबहादुर विक, ३१ वर्षीय निर्मल बस्नेत, २६ वर्षीय कमल सिंह, १९ वर्षीय आस्मीन पौडेल, २४ वर्षीय रोशन शाह, पाल्पा जिल्ला घर भई रुपन्देही बस्दै आएका २१ वर्षीय सन्दीप सुनार, २२ वर्षीय अनिश अधिकारी, कञ्चनपुर जिल्ला घर भई रुपेन्देही बस्दै आएका ४२ वर्षीय राजेन्द्र कार्की, रुपन्देही जिल्लाका १७ वर्षीय अविनाश खत्री, २२ वर्षीय अजय नेपाली, १४ वर्षीय दिलकुश कुमार, २४ वर्षीय दशरथ चौधरी, २३ वर्षीय निखिल भारी, २९ वर्षीय प्रकाश पौडेल, १२ वर्षीय सन्नी कानो, २७ वर्षीय सागर पौडेल, १८ वर्षीय सरोज परियार, अर्घाखाँची जिल्ला घर भई हाल रुपेन्देही बस्दै आएका ३३ वर्षीय झबिन्द्र नेपाली, गुल्मी जिल्ला घर भई हाल रुपेन्देही बस्दै आएका १९ वर्षीय विष्णु घिमिरे, २२ वर्षीय तरुणकुमार गुप्ता, २१ वर्षीय कृष्ण खत्री, स्याङ्जा घर भई हाल रुपन्देही बस्दैआएका २३ वर्षीय समिर न्यौपाने, रुपन्देही जिल्लाका ३१ वर्षीय लक्ष्मण राणामगर र १२ वर्षीय सुजन न्यौपाने, २० वर्षीय सुशील रसाइली घाइते भए। घाइते सबैको उपचार भदौ २४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो।

सोही क्रममा सिद्धार्थनगर नगरपालिका-३ का २० वर्षीय साइन उठिन शाह, ओमसतीय-४ का २३ वर्षीय प्रभुप्रसाद पाण्डे, नवलपरासी जिल्ला सुनवल घर भई रुपन्देही भैरहवा क्षेत्रमा बस्दै आएका १८ वर्षीय दमन कानु, सिद्धार्थनगर नगरपालिका-१ का २१ वर्षीय रमेश भट्टराई, ओमसतीय-४ का प्रभु जैसवाल, सिद्धार्थनगर नगरपालिका- १ का १८ वर्षीय अम्मर बोहरा, सोही ठाउँका १९ वर्षीय सुशील क्षेत्री र २१ वर्षीय अंकित गौतम घाइते भए। घाइते सबैको उपचार भदौ २४ गते भीम अस्पताल, भैरहवामा भयो।

### कारागार र बन्दी

रुपन्देहीको भैरहवा कारागारको क्षमता १ सय ५० जनाको रहेको छ। हाल कारागारमा ६ सय ३२ जना कैदीबन्दी रहेका छन्। जसमध्ये ३ सय २९ जना कैदी र ३ सय ३ जना बन्दी छन्। त्यसैगरी १६ जना विदेशी कैदी र २४ जना विदेशी बन्दीहरु समेत रहेका छन्। कारागारमा क्षमता भन्दा बढी कैदी थुनुवाहरू रहेकाले सुत्न बस्न, समस्या भएको पालो कुरेर सुत्नुपर्ने बाध्यता यो वर्ष पनि कायम नै रहेको जेलर सुरेश भण्डारीले बताए।

राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकको टोलीले ०८१ साउन २६ गते राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेलाई राखिएको भैरहवा कारागारको अनुगमन गऱ्यो । पूर्व गृहमन्त्री लामिछाने राखिएको कोठाका झ्यालहरू प्लाइले बन्द गरिएको, कोठामा आवश्यक फर्निचर, शौचालय र दैनिक प्रयोगका सामग्रीहरू रहेको अनुगमनका क्रममा पाइयो। पूर्व गृहमन्त्री लामिछानेले सरकारको क्षमताअनुसार बसोबासमा गुनासो नभएको तर अदालतको आदेश कार्यान्वयन नभएको र आफ्नो मौलिक हकका विषयमा आवाज उठाइदिन आग्रह गर्नुभएको थियो। कारागार प्रशासक सुरेश भण्डारीले सुरक्षाका कारण लामिछानेलाई छुट्टै राखिएको, भेटघाट र रेडियोको व्यवस्था गरिएको बताए। उहाँले सुरक्षा जोखिम भएका कारण झ्याल बन्द गर्नु परेको अनुगमन टोलीलाई जानकारी गराए। अनुगमन टोलीमा आयोगकी सदस्य लिली थापा, लुम्बिनी प्रदेश प्रमुख हरि प्रसाद ज्ञवाली, उपसचिव नवराज सापकोटा, मानवअधिकार अधिकृत अजित ठाकुर, कुमारी महरा तथा इन्सेक रुपन्देही प्रतिनिधि रीमा बी.सी. सहभागी थिए।

**तालिका ५.५.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | | | |
| घाइते | | ३८ | ३८ | १ | | १ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| हत्या | | | | ४ | ६ | १० |
| जातीय विभेद | | | | | ३ | ३ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | ५ | | ५ |
| | बलात्कार | | | २५ | | २५ |
| | सामूहिक बलात्कार | | | ३ | | ३ |
| | हाडनाता करणी | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | १६ | १ | १७ |
| | जम्मा | | | ५२ | १ | ५३ |
| महिला अधिकार | घरेलु हिंसा | | | ४६१ | | ४६१ |
| | बलात्कार | | | १३ | | १३ |
| | बलात्कार प्रयास | | | ७ | | ७ |
| | साइबर अपराध | | | ५ | | ५ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | ३ | | ३ |
| | पारिवारिक हत्या | | | ३ | | ३ |
| | जम्मा | | | ४९२ | | ४९२ |
| **कूल जम्मा** | | ४० | ४० | ५४९ | १० | ५५९ |

(स्रोत : इन्सेक, २०२५)

### बालसुधार गृह

हाल भैरहवामा रहेको बालसुधार गृहमा कानुनको विवादमा परेका १ सय जना कानुनको विवादमा परेका बालकहरू छन्। क्षमता भन्दा बढी जनसङ्ख्या भएकाले नुहाउन, शौचालय प्रयोग गर्न पालो कुर्नुपरेको गुनासो यथावत छ। बाल गृहमा रहेका अधिकांश विद्यालय उमेर समूहका भए पनि विद्यालय नभएकाले पढ्न पाउने अधिकारबाट बञ्चित छन् बाल सुधार गृहको अवस्था कारागारजस्तो रहेको छ। अध्ययनका लागि शिक्षकको व्यवस्था छैन, स्वास्थ्य उपचारका लागि स्वास्थ्यकर्मी छैनन्, बालमनोविमर्शकर्ता छैनन्। बालकहरूको मनोसामाजिक अवस्था समेत एकदमै कमजोर रहेको पाइयो। बालसुधार गृहमा रहेका २२ वर्षीय एक युवा मृत फेला परे।

### बाल अधिकार

यस वर्ष रुपन्देही जिल्लामा बलात्कार घटनामा २५, हाडनाताकरणी घटनामा तीन, सामूहिक बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा १७ र बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा

**तालिका ५.५.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

पाँच जना गरी ५३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**यौन दुर्व्यवहार**

११ वर्षीया बालिकालाई ०८१ माघ ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले तिलोत्तमा नगरपालिका-१ नयाँमिलका ६९ वर्षीय यमलाल गिरीविरुद्ध माघ १३ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १३ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको फागुन २८ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै तीन महिना कैद, १० हजार रुपियाँ जरिबाना र ३५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति बापत भराइदिने फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।

१० वर्षीया बालिकालाई ०८१ माघ १८ गते यौन दुर्व्यवहार गरेको भन्दै देवदह नगरपालिका-६ भवानीपुरका ३४ वर्षीय भीमबहादुर सुनारविरुद्ध पीडित पक्षले माघ १९ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ जेठ ३० गतेको इजलासले कसुर गरेको ठहर गर्दै ६ महिना कैद, १० हजार रुपियाँ जरिबाना र ४० हजार रुपियाँ कसुरदारबाट असुल गरी पीडितलाई भराउने फैसला गर्‍यो।

**सामूहिक बलात्कार**

१३ वर्षीया बालिकालाई ०८१ माघ २९ गते सामूहिक बलात्कार गरेको आरोपमा देवदह नगरपालिका-३ खैरेनीका २८ वर्षीय अजय थापा मगर र सोही ठाउँकै ३५ वर्षीय गोविन्द थापाविरुद्ध पीडित पक्षले फागुन २ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। पीडित पक्षले दिएको उजुरीका आधारमा प्रहरीले आरोपितद्वयलाई फागुन २ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश प्रल्हादकुमार योगीको फागुन २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।

**बेचबिखन तथा ओसारपसार प्रयास**

१६ वर्षीय, १७ वर्षीया र १६ वर्षीया गरी तीन बालिकालाई काममा लगाइदिने प्रलोभनमा पारी ०८२ असार १६ गते भारत लैजाँदै गर्दा प्रहरीले भारत उत्तर प्रदेशकी ३८ वर्षीया गीता गौड, सोही ठाउँकी १९ वर्षीया नेहा पाण्डे, २६ वर्षीय प्रमोद धोवी र गैडहवा गाउँपालिका-६ की १९ वर्षीय निर्मला लोधविरुद्ध पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा उजुरी दियो। प्रहरीले आरोपितहरूलाई असार १६ गते कालीहदबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतको साउन १३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो। प्रहरीले पीडित बालिकाहरूलाई असार १८ गते अभिभावकको जिम्मा लगायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसाबाट पीडित भन्दै ७ सय ५१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ४ सय ९९ उजुरीमा मिलापत्र गरायो, १ सय ७२ उजुरी कारबाही प्रक्रियामा रहेको, ४८ उजुरीकर्ता अदालत गएको र ३२ जना उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका सई मीना आचार्यले बताइन्। मेलमिलापछि करिब ९० प्रतिशत मिलेर बस्ने गरेको, आठदेखि १० प्रतिशत पीडितहरू पुन: उजुरी लिएर आउने गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुरज कार्कीले बताए।

यस वर्ष रुपन्देही जिल्लामा बलात्कारका घटनामा १३, बलात्कार प्रयासका घटनामा सात, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा तीन, साइबर अपराधका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ४ सय ६१ जना गरी ४ सय ८९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो। जसमध्ये अपाङ्गता भएकी दुई जना महिला पीडित भइन्।

## बलात्कार प्रयास

४५ वर्षीया महिलालाई ०८२ वैशाख २९ गते बलात्कार प्रयास गरेको आरोपमा म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका-५ स्थायी घर भइ बुटवल उपमहानगरपालिका-२ बस्ने २३ वर्षीय विश्वास नेपालीविरूद्ध पीडित पक्षले जेठ ४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। आरोपितलाई प्रहरीले जेठ २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको कात्तिक २३ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ३ वर्ष ६ महिना कैद र २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

## साइबर अपराध

२२ वर्षीया महिलालाई ०८२ जेठ २ गते सामाजिक सञ्जाल मार्फत चरित्र हत्या गरेको आरोपमा कपिलवस्तु शुद्धोधन गाउँपालिका-६ का ४४ वर्षीय कमलेशचरण चौधरीविरुद्ध पीडित पक्षले जेठ २ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपेन्द्र थापा मगरको जेठ ३० गतेको इजलासले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।

## सामूहिक हत्या

बुटवल उपमहानगरपालिका-११ कालिकानगर स्थित मिलिजुलीपथकी ३१ वर्षीया दीपा बस्याल, उनका सात वर्षीया र चार वर्षीया छोरीको ०८२ जेठ १४ गते हत्या गरेको आरोपमा प्रहरीले मृतकका पूर्वपति ३५ वर्षीय सुजन कोइरालालाई जेठ १४ गते बुटवलबाट गिरफ्तार गऱ्यो। आरोपित कोइराला दाजुको हत्या र चोरीसम्बन्धी कसुरमा २० वर्ष कैद सजाय तोकिएकोमा आठ वर्ष कैद भुक्तान गरी ०७८ असोज ३ गते संविधान दिवसको अवसरमा राष्ट्रपतिद्वारा आम माफी पाएर कैदमुक्त भएका थिए। कोइराला जेल चलान भएपछि दीपाले सम्बन्धविच्छेद गरेकी थिइन्। जिल्ला अदालतको असार १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।



*आन्दोलनकारीद्वारा जलाइएको उच्च अदालत*

## पारिवारिक हत्या

देवदह नगरपालिका-८ टटेराकी ४५ वर्षीया कमला सेनलाई ०८१ पुस २६ गते घरायसी विवादका क्रममा चक्कु प्रहार गरी हत्या गरेको आरोपमा ४७ वर्षीय रूद्रबहादुर खड्कालाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८१ चैत १३ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै २५ वर्ष कैद, ५० हजार रुपियाँ क्षतिपूर्ति र २ हजार ८ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने आदेश गऱ्यो।

## जातीय विभेद

ओमसतिया गाउँपालिका-५ का ६५ वर्षीय उदयराज चमारलाई ०८२ कात्तिक १ गते जातीय




*आन्दोलनकारीद्वारा जलाइएको जिल्ला सरकारी वकिल कार्यालय*

विभेद तथा छुवाछुत गरेको भन्दै पीडित पक्षले सोही गाउँपालिका-५ का ४२ वर्षीय अख्लेश सहानी विरुद्ध कात्तिक १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई कात्तिक १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चक्रपाणी अर्यालको मङ्सिर ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका स्रेस्तेदार विकास बस्नेतले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचन क्षति/निजी सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा प्रदर्शनकारीहरुले लुम्बिनी प्रदेश सभा सदस्य तथा पूर्व स्वास्थ्य मन्त्री भोजप्रसाद श्रेष्ठको बुटवल उपमहानगरपालिका-९, सुख्खानगरस्थित ड्रिम इन्टरनेशनल होटल, पूर्व मुख्यमन्त्री तथा प्रदेश सभा सदस्य लीला गिरीको तिलोत्तमा नगरपालिका-१ शंकरनगरमा रहेको एकतले घर, तिलोत्तमा नगरपालिका-१ शंकरनगरमा रहेको पर्शुराम गिरीको घर, तिलोत्तमा नपगरपालिका-१ का वडा अध्यक्षको घर, साना किसान सहकारी संस्था मुख्य प्रबन्धक देवी गिरीको घर, तिलोत्तमा नगरपालिका-४ ड्राइभर टोलको होटल टुलिप, सङ्घीय सांसद बासुदेव घिमिरेको सिएमजी क्लब, क्यासिनो मणिग्राम, ड्रिमल्याण्ड गोल्ड रिसोर्ट, तिलोत्तमा नगरपालिका मणिग्राम, नगर प्रमुख तिलोत्तमा नगरपालिका, पूर्व गृहमन्त्री बालकृष्ण खाँणको घर, रामकृष्ण खाँणको घर र श्यामकृष्ण खाँणको घर आगजनी गरे। सङ्घीय सांसद बासुदेव घिमिरेको घर, लुम्बिनी प्रदेश भौतिक पूर्वाधार मन्त्री भूमिश्वर ढकालको सैनामैना नगरपालिका-८ रामापुर कलौनी स्थित घर,सैनामैना नगरपालिकाका पूर्व मेयर चित्रबहादुर कार्कीको घर लुम्बिनी प्रदेश सभाकी उपसभामुख, मेनका खाँण सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्र शर्माको घर, सिद्धार्थनगर नपाकी उपप्रमुख उमा अधिकारीको घर, भाटभटेनी सुपरमार्केट, भैरहवा, सिद्धार्थनगर नगरपालिकाका प्रमुख ईश्तियाक अहम्मद खानको घर, होटल मौर्य, सागर प्रताप राणाको घरमा तोडफोड तथा आगजनी गरे।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा जिल्ला सरकारी वकिल कार्यालय र भैरहवा भन्सार कार्यालयमा आगजनी र तोडफोड हुँदा करिब १ करोड ५१ लाख १६ हजार ८ सय ७९ रुपियाँ बराबरको क्षति भएको भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपानेले बताए। बुटवल उपमहानगरपालिकाको कार्यालय, इलाका प्रशासन कार्यालय तोडफोड हुँदा ९ लाख रुपियाँ बराबरको क्षति भयो। सिद्धार्थनगर नगरपालिका- ५ मा रहेको आन्तरिक राजश्व कार्यालयमा तोडफोड र आगजनी हुँदा १ करोड ४८ लाख रुपियाँभन्दा बढीको क्षति भयो।

आन्दोलनकै क्रममा सैनामैना नगरपालिका-३, मुर्गियामा रहेको नेकपा एमाले नगर पार्टी कार्यालयमा तोडफोड र आगजनी भयो। प्रदर्शनकारीले नेपाली कांग्रेस पार्टी कार्यालयमा रहेका सबै सामग्री बाहिर ल्याई आगजनी गरे।

नवयुवा पुस्ताको प्रर्दशनका क्रममा ०८२ भदौ २३ र २४ गते रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, सैनामैना नगरपालिका लगायतका विभिन्न सरकारी, निजी सम्पत्ति तथा राजनीतिक दलका पार्टी कार्यालयहरुको भौतिक संरचनामा, सवारी साधन, कार्यालयका अभिलेखमा अगजनी तथा तोडफोड भयो। बुटवल उपमहानगरपालिका, कञ्चन गाउँपालिका, सिद्धार्थनगर नगरपालिका, देवदह नगरपालिका, उच्च अदालत तुल्सीपुर बुटवल इजलास, उच्च सरकारी वकिल कार्यालय, बुटवल, सडक डिभिजन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेभी इक्युिमेन्ट डिभिजन कार्यालय बुटवल, पर्यटन डिभिजन कार्यालय, इलाका प्रशासन कार्यालय बुटवल, इलाका प्रहरी कार्यालय मंगलापुर, नापी कार्यालय, भैरहवा, नापी कार्यालय, बुटवल, जिल्ला ट्राफिक कार्यालय रूपन्देही, प्रदेश प्रमुख कार्यलय, प्रदेश लोकसेवा आयोग, भैरहवा भन्सार कार्यालय, आन्तरिक राजश्व कार्यालय बुटवल, आन्तरिक राजश्व कार्यालय भैरहवा, जिल्ला सरकारी वकिल कार्यालय, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, श्रम तथा रोजगार कार्यालय, यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय लाइसेन्स कार्यालय, मालपोत कार्यालय बुटवल, प्रदेश लोकसेवा आयोग, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यालय, कार्यक्रम कार्यान्वयन इकाइ, तिलोत्तमा उद्योग वाणिज्य सङ्घ लगायतका संरचनाहरूमा आगजनी तथा तोडफोड भयो। जसबाट ५ करोड १० लाख २८ हजार ५ सय ८० रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले जनायो।

त्यसैगरी, एमाले जिल्ला पार्टी कार्यालय, नेकपा एमाले प्रदेश पार्टी कार्यालय बुटवल, माओवादी केन्द्र जिल्ला पार्टी कार्यालय, नेपाली कांग्रेस रुपन्देही जिल्ला पार्टी कार्यालयमा तोडफोड तथा आगजनी भयो।

**तालिका ५.५.८.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | ५ | ५ |
| बलात्कार | | २ | २३ | २५ |
| हाडनाता करणी | | | ३ | ३ |
| सामूहिक बलात्कार | | | ३ | ३ |
| यौन दुर्व्यवहार | ४ | १ | १२ | १७ |
| जम्मा | ४ | ३ | ४६ | ५३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ४५२ | | ९ | ४६१ |
| बलात्कार | | | ३ | १० | १३ |
| बलात्कार प्रयास | १ | | १ | ५ | ७ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | ३ | ३ |
| साइबर अपराध | | | | ५ | ५ |
| पारिवारिक हत्या | १ | | | २ | ३ |
| जम्मा | २ | ४५२ | ४ | ३४ | ४९२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ९ | १० |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.९ कपिलवस्तु

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,८२,९६१ |
| महिला | ३,४८,२७४ |
| घर परिवार सङ्ख्या | १,२१,८६१ |
| घरजग्गामा महिलाको स्वामित्व | ३०,१४८ |
| साक्षरता प्रतिशत | ७१.८२ |
| आश्रित जनसङ्ख्या | ३,५८,९१३ |
| अपाङ्गता भएका | १२,९२२ |

यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३ सय ९१ जना महिला र चार जना पुरुष गरी ३ सय ९५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ५९ जना महिला पीडित भए।

## कारागार र बन्दी

३ सय ५२ जनाको क्षमता रहेको जिल्ला कारागार कपिलवस्तुमा ३ सय ७६ जना कैदी बन्दी रहेका छन्। जसमध्ये २ सय ७० जना कैदी र १ सय ५ जना बन्दी रहेका छन्। जसमध्ये कैदी ५ जना र बन्दी ६ जना गरी जम्मा ११ जना विदेशी रहेका छन्। अत्यधिक गर्मी र क्षमताभन्दा बढी कैदी बन्दी राख्दा कारागारमा छाला र छालाजन्य रोगको सङ्क्रमण भयो। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले शौचालय प्रयोग गर्न, नुहाउन पालो कुर्नुपर्ने बाध्यता छ।

गत भदौ २४ गते जिल्ला कारागार, कपिलवस्तु कारागार तोडफोड गरी ४ सय ३० जना कैदीबन्दीहरू भागे। भागेकामध्ये १ सय २० जना कैदीबन्दी सम्पर्कविहिन भएको जिल्ला कारागार,




कपिलवस्तुका सूचना अधिकारी रेशमलाल भुसालले बताए।

## बाल अधिकार

यस वर्ष कपिलवस्तु जिल्लामा बलात्कार घटनामा १७, सामूहिक बलात्कार घटनामा तीन, यौन दुर्व्यवहार घटनामा सात, हाडनाता करणी घटनामा तीन र बेचबिखन तथा ओसारपसारका घटनामा तीन जना गरी ३३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

११ वर्षीया बालिकालाई ०८१ माघ २९ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कार गरेको आरोपमा महाराजगञ्ज नगरपालिका-११ का २५ वर्षीय शिवश्याम गोडियालाई प्रहरीले ०८२ वैशाख ९ गते कपिलवस्तुबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिनबन्धु बरालको मङ्सिर २४ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १८ वर्ष कैद, ७ लाख रुपियाँ जरिबाना र राहत कोषबाट पीडितलाई ७ लाख रुपियाँ भराउने र प्रतिवादीबाट थप १ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको जिल्ला अदालत, कपिलवस्तुका स्रेस्तेदार अन्नत मरासिनीले बताए।

### यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई ०८१ पुस २९ गते यौन दुर्व्यवहार गरेको आरोपमा मायादेवी गाउँपालिका -६ कपिलवस्तुका २३ वर्षीय मनिष कुर्मीलाई प्रहरीले माघ २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृतबहादुर बोहराको ०८२ असार २९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै नौ वर्ष कैद, पीडितले पाउने गरी कसुरदारबाट ३ लाख ५०

हजार रुपियाँ क्षतिपूर्ति र १० हजार रुपियाँ जरिबाना भराउने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ४२ जना महिलाले जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुको महिला, बालबालिका र ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। ४ सय १७ ओटा उजुरीमा मेलमिलाप, सात उजुरी कारबाही प्रक्रियामा रहेको र १८ उजुरी अदालत गएको जिल्ला प्रहरी कार्यालयका डिएपी रिपेन्द्र कुमार सिंहले बताए।

यो वर्ष कपिलवस्तु जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयास घटनामा ६, सामूहिक बलात्कार घटनामा एक, यौन दुर्व्यवहार घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक, हाडनाता करणीमा एक र घरेलु हिंसाका घटनामा ३ सय ३९ गरी ३ सय ५९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

३३ वर्षीया महिलालाई ०८१ फागुन २१ गते बलात्कार गरेको आरोपमा ४५ वर्षीय पुरुषलाई प्रहरीले फागुन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवबहादुर थापाको ०८२ साउन २० गतेको इजलासले आरोपितले कसुर गरेको ठहर गर्दै तीन वर्ष ६ महिना कैद र पीडितले पाउने गरी १ लाख ५० हजार रुपियाँ कसुरदारबाट भराउने फैसला गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति/निजी सम्पत्ती क्षति

नवयुवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनका क्रममा आन्दोलनकारीहरुले पूर्वमन्त्री तथा पूर्व राजदूत दीपकुमार उपाध्यायको वाणगंगा नगरपालिका-११ भडसडवामा रहेको घर, वाणगङ्गा नगरपालिका-१ भड्डिहवामा रहेको नेकपा एमाले कपिलवस्तुका पूर्व जिल्ला अध्यक्ष डम्मर शर्माको घरमा

**तालिका ५.५.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.५.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| हत्या | | | १ | १ |
| जातीय विभेद | | | १ | १ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | ३ | | ३ |
| | बलात्कार | १७ | | १७ |
| | हाडनाता करणी | ३ | | ३ |
| | सामूहिक बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | ६ | १ | ७ |
| | जम्मा | ३२ | १ | ३३ |
| महिला अधिकार | घरेलु हिंसा | ३३९ | | ३३९ |
| | बेचबिखन तथा ओसारपसार | १ | | १ |
| | बलात्कार | १० | | १० |
| | सामूहिक बलात्कार | १ | | १ |
| | बलात्कार प्रयास | ६ | | ६ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | हाडनाता करणी | १ | | १ |
| | जम्मा | ३५९ | | ३५९ |
| **कूल जम्मा** | | ३९१ | ४ | ३९५ |

(स्रोत : इन्सेक, २०२५)

आगजनी र तोडफोड गरे। सोही नगरपालिकाका नगर प्रमुख चक्रपाणि अर्यालको घर, भूमि व्यवस्थामन्त्री बलराम अधिकारीको वाणगङ्गा नगरपालिका-८ चप्परगाँउमा रहेको दुईतले पक्कीघर, कपिलवस्तु-२ का सांसद सुरेन्द्रराज आचार्यको बुद्धभूमि नगरपालिका-३ मा रहेको दुई तले पक्की घर, नेकपा माओवादी केन्द्रका सचिव चक्रपाणी खनाल (बलदेव) को वाणगङ्गा नगरपालिका-८ बोडगाँउस्थित विकास पथमा रहेको घर, वाणगङ्गा नगरपालिकाकी नगर उपप्रमुख रीता थारुको घर र नेकपा एमालेका नेता झविलाल पोखेलको घरमा आगजनी तथा तोडफोड भयो।

नवयुवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनमा कपिलवस्तु -५, तौलिहवामा रहेको नेपाली कांग्रेसको जिल्ला कार्यालय तोडफोड तथा आगजनी भयो। आगजनी र तोडफोडबाट करिब २४ लाख ८३ हजार बराबरको क्षति भएको नेपाली कांग्रेस कपिलवस्तुका अध्यक्ष अब्दुल कलामले बताए। नेकपा एमाले र नेकपा माओवादी केन्द्रको कार्यालयमा सामान्य क्षति भयो।

**तालिका ५.५.९.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | ३ | ३ |
| बलात्कार | १ | ३ | १३ | १७ |
| हाडनाता करणी | | | ३ | ३ |
| सामूहिक बलात्कार | | | ३ | ३ |
| यौन दुर्व्यवहार | ३ | ३ | १ | ७ |
| जम्मा | ४ | ६ | २३ | ३३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ३१४ | ७ | १८ | ३३९ |
| बलात्कार | | | १ | ९ | १० |
| सामूहिक बलात्कार | | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | | | १ |
| हाडनाता करणी | | | | १ | १ |
| बलात्कार प्रयास | | | १ | ५ | ६ |
| जम्मा | १ | ३१४ | ९ | ३५ | ३५९ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.१० दाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,७४,९९३ |
| महिला | ३,५४,४२० |
| घर परिवार सङ्ख्या | १,६२,२६६ |
| घरजग्गामा महिलाको स्वामित्व | ४३,७६७ |
| साक्षरता प्रतिशत | ८१.४० |
| आश्रित जनसङ्ख्या | ३,१४,४७६ |
| अपाङ्गता भएका | १२,८३६ |

यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला र ३३ जना पुरुष गरी ३६ जना पीडित भए। ज्यादतीका घटनामा १ सय २० जना महिला र २० जना पुरुष गरी १ सय ४० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६७ जना महिला पीडित भए।

### झडप

नवयुवा पुस्ताले भदौ २४ गते तुलसीपुरमा गरेको प्रदर्शनका क्रममा तुलसीपुर उपमहानगरपालिका-५ र ६ का विभिन्न स्थानहरूमा प्रहरीसँग भएको झडपमा सल्यान जिल्ला शारदा नगरपालिका-१४ का १९ वर्षीय निराजन भण्डारी, सोही नगरपालिका-२४ का १९ वर्षीय कमल कुँवर, दाङ जिल्ला तुलसीपुर नगरपालिका-७, खर्चवाका १८ वर्षीय सुरज परियार, तुलसीपुर नगरपालिका-७, रजौराका १८ वर्षीया झरना रावत, १७ वर्षीय आयान वली, १५ वर्षीय दिपेश वली, सोही नरपालिका-५ का २७ वर्षीय सुनिल महत, सोही नगरपालिका-७, का २० वर्षीय निश्चल बस्नेत, सोही नगरपालिका-५ का ५० वर्षीय खेमराज बुढाथोकी,४१ वर्षीय ईश्वरी योगी, २० वर्षीय सुवास क्षेत्री, सुरक्षाकर्मी ५० वर्षीय भरतनाथ योगी र २७ वर्षीय प्रशान्त चौधरी घाइते भए। घाइते सबै जनाको उपचार भदौ २४ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुर, दाङमा भयो।

नवयुवा पुस्ताले भदौ २४ गते घोराही उपमहानगरपालिका-१८ का विभिन्न स्थानमा गरिएको प्रर्दशनका क्रममा घोराही उपमहानगरपालिका-१४ का २० वर्षीय राजु ओली, सोही ठाउँका २२ वर्षीय पैयाज अहमद, रोल्पा जिल्ला रोल्पा नगरपालिका-६ का १९ वर्षीय लुद्रबहादुर बि.क., हुम्ला जिल्ला चनखेरी गाउँपालिका-२ का १६ वर्षीय मदन नेपाली, घोराही उपमहानगरपालिका-१५ का ३८ वर्षीय बुद्ध ओली, सोही ठाउँका ४० वर्षीय पृतमा पाण्डे, रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका-३ का २२ वर्षीय रमेश भण्डारी, घोराही उपमहानगरपालिका -१५ का ३३ वर्षीय श्रवणकुमार यादव, रोल्पा जिल्ला लुङ्री गाउँपालिका-६ का १८ वर्षीय बसन्त रोकाय, घोराही उमनपा-१५ की २२ वर्षीया सूचना घर्तीमगर, दाङ जिल्ला बंगलाचुली गाउँपालिका-का १८ वर्षीय आयुस परियार, घोराही उमनपा-१७ का ५४ वर्षीय यामप्रसाद घिमिरे, पूर्वि रुकुम जिल्ला भूमि गाउँपालिका-३ का १९ वर्षीय अर्जुन थापामगर, दाङ जिल्ला लमही नगरपालिका -१ का १७ वर्षीय उमेश घर्तीमगर, रुकुम पश्चिम आठबिसकोट नगरपालिका-८ का १८ वर्षीय रमेश घर्तीमगर, सोही ठाउँका २२ वर्षीय सुनिलबहादुर मगर र घोराही उमनपा-१४ निवासी जिल्ला प्रहरी कार्यालय, दाङगमा कार्यरत ३८ वर्षीय इन्स्पेक्टर सुरज सिंह घाइते भए। घाइते सबै जनाको उपचार भदौ २४ गते राप्ती एकेडेमी अफ हेल्थसाइन्स, घोराहीमा भयो।

**तालिका ५.५.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहण | | | | | १ | | १ |
| कुटपिट | | | ३ | ३ | ४ | ७ | ११ |
| घाइते | | ३ | २७ | ३० | २ | ३ | ५ |
| कारागारमा मृत्यु | | | १ | १ | | | |
| हत्या | | | | | | ७ | ७ |
| धम्की | | | २ | २ | १ | २ | ३ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | १ | १ | २ |
| | बलात्कार | | | | २९ | | २९ |
| | हाडनाता करणी | | | | ३ | | ३ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | ११ | | ११ |
| | जम्मा | | | | ४५ | १ | ४६ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ४६ | | ४६ |
| | दाइजोजनित हिंसा | | | | २ | | २ |
| | बलात्कार | | | | ९ | | ९ |
| | हाडनाता करणी | | | | २ | | २ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | बेचबिखन तथा ओसारपसार | | | | १ | | १ |
| | बलात्कारपछि हत्या | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | ३ | | ३ |
| | जम्मा | | | | ६७ | | ६७ |
| **कूल जम्मा** | | ३ | ३३ | ३६ | १२० | २० | १४० |

(स्रोत : इन्सेक, २०२५)

## कारागार र बन्दी

### तुलसीपुर कारागार

तीन सय जनाको क्षमता रहेको तुलसीपुर कारागारमा ४ सय २१ कैदी र थुनुवा छन्। जसमा ३ सय ४४ कैदी र १६ थुनुवा गरी ३ सय ६० पुरुष र ४७ कैदी र १४ थुनुवा गरी ६१ महिला राखिएको छ। ८५ जना क्षमता रहेको महिला कारागारमा उनीहरूसँगै पाँच जना आश्रित बालबालिका छन्। गत भदौ २४ गते भएको आन्दोलनका क्रममा तुलसीपुर कारागारबाट २ सय ५३ जना कैदी भागेका। तीमध्ये १ सय ८३ जना गिरफ्तार भए। एक जनाको फरार भएकै अवस्थामा मृत्यु भयो। ६९ जना अझै फरार रहेको जेलर गिरबहादुर सेजुवालले बताए।

### घोराही कारागार

१ सय जनाको क्षमता रहेको जिल्ला कारागार, घोराहीमा ४ सय ९ जना कैदी र थुनुवा छन्। २ सय ४० कैदी र १ सय ७९ थुनुवा रहेको जेलर थम्मन खड्काले बताए। क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी रहेको जिल्ला कारागारमा बस्ने कोठा अभाव हुँदा बरण्डामै टहरा बनाएर राखिएको छ।

## दुर्व्यवहार

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत ३६ वर्षीय डा. दीपेन्द्र खड्का र ३५ वर्षीय डा राजन शाक्यलाई ०८१ असार २० गते घोराही उपमहानगरपालिका-१८ का ३९ वर्षीय विनोद सुनारले कार्यस्थलमै हातपात तथा दुर्व्यवहार गरे। प्रसूतिको क्रममा सुत्केरीको मृत्यु भएपछि सुनारले अस्पतालभित्र रहेका डाक्टरहरूलाई हातपात तथा दुर्व्यवहार गरेको पीडितहरूले बताए। चिकित्सकमाथि दुर्व्यवहार भएको भन्दै प्रतिष्ठानका चिकित्सकहरूले काम गर्न नसक्ने चेतावनी दिए। पीडितले घटनाकबारे कहीं कतै उजुरी दिएनन्।

## अमानवीय व्यवहार

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति ५६ वर्षीय प्रा.डा. धनेश्वर नेपाललाई ०८२ पुस ६ गते अपरिचित युवाहरूले कुटपिट तथा मोसो छ्यापेर दुर्व्यवहार गरे। तुलसीपुर उमनपा-१८ बेलझुण्डीस्थित आवासमा बसिरहेका बेला आएका ५-६ जना नचिनेका मान्छेहरूले विश्वविद्यालयमा भ्रष्टाचारलाई प्रश्रय दिन भूमिका खेलेको भन्दै कुटपिट र मोसो छ्यापेर भागेको जिल्ला प्रहरी कार्यालय, दाङका डिएसपी चक्रबहादुर शाहले बताए। नेकपा बहुमत निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारी लुम्बिनी प्रदेश इन्चार्ज प्रेमप्रशान्त

बोहोराले पुस ६ गते नै विज्ञप्ति जारी गरी घटनाको जिम्मेवारी लिए। यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

### बाल अधिकार

यस वर्ष दाङ जिल्लामा बलात्कार घटनामा २९, हाडनाता करणी घटनामा तीन, सामूहिक बलात्कारका घटनामा एक, यौन दुर्व्यवहार घटनामा ११ र विद्यालयमा दिइने दण्ड सजायका घटनामा दुई जना गरी ४६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

६ वर्षीया बालिकालाई ०८१ चैत २ गते बलात्कार गरेको आरोपमा राप्ती गाउँपालिका-२ का २८ वर्षीय ऋषि खाम्चाविरूद्ध पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय, भालुवाङमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। आरोपितलाई प्रहरीले चैत ३ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध जिल्ला अदालतमा चैत २० गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको ०८२ असार १० गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै १२ वर्ष ६ महिना कैद, ३ लाख ५० हजार रुपियाँ जरिबाना, २५ हजार रुपियाँ पीडितले पाउने गरी क्षतिपूर्ति र ८ सय रुपियाँ पीडित राहत कोषमा भराउने फैसला गऱ्यो।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसामा परेको भन्दै २ सय १८ जनाले जिल्ला प्रहरी कार्यालय दाङको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। ती मध्ये १ सय ८५ ओटामा मेलमिलाप भयो भने ३३ विवाद अदालत गएको जिल्ला प्रहरी कार्यालय, दाङका डिएसपी चक्रबहादुर शाहले बताए।

यो वर्ष दाङ जिल्लामा बलात्कारका घटनामा नौ, हाडनाता करणी घटनामा दुई, बलात्कार प्रयासका घटनामा तीन, दाइजोजनित हिंसाका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा ४६ गरी ६३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष परिवारबाट तीन जना महिलाको हत्या भयो। बलात्कारपछि एक जना महिलाको हत्या भयो।

#### पारिवारिक हत्या

रोल्पा जिल्ला परिवर्तन गाउँपालिका-१ स्थायी घर भई घोराही उपमहानगरपालिका-१८ की २५ वर्षीया सीता सुनारलाई ०८२ कात्तिक ३० गते पति २३ वर्षीय सञ्जु सुनारले हत्या गरेको भन्दै पीडित पक्षले कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दियो। शवको पोष्टमार्टम मङ्सिर १ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितलाई कात्तिक ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा घोराही उपमहानगरपालिकाका ३,४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १७ र १८ का वडा कार्यालयहरू र भूमिसुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला अदालत, जिल्ला, सरकारी वकिल कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला भूमि आयोग कार्यालय, नगर विकास समिति कार्यालय, शिक्षा समन्वय इकाइ कार्यालय, खानेपानी डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, सडक पूर्वाधार कार्यालय, पूर्वाधार विकास कार्यालय, प्रदेश निर्वाचन कार्यालय, जिल्ला ट्राफिक कार्यालय, जिल्ला हुलाक कार्यालय, यान्त्रिक कार्यालय र तथ्याङ्क समन्वय कार्यालयमा प्रदर्शनकारीहरूले तोडफोड तथा आगजनी गरे। घोराही क्षेत्रका सरकारी कार्यालयमा भएको तोडफोड तथा आगजनीका कारण ४१ करोड ४१ लाख २२ हजार रुपियाँ बराबरको क्षति भएको विवरण ०८२ असोज २९ गते गृह मन्त्रालयमा पठाएको जिल्लास्तरीय क्षति मूल्याङ्कन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी यज्ञबहादुर बुढाले बताए।

त्यसैगरी, तुलसीपुर उपमहानगरपालिका कार्यालय तथा मातहतका वडा नं. ८, १६ र १८ तथा तुलसीपुर क्षेत्रका भूमिसुधार तथा मालपोत कार्यालय, नापी कार्यालय तुलसीपुर, उच्च अदालत तुलसीपुर, उच्च सरकारी वकिल कार्यालय, तुलसीपुर नगरविकास कार्यालय, लोकसेवा आयोग, इलाका प्रशासन कार्यालय,आन्तरिक राजश्व कार्यालय, आयल निगम डिपो कार्यालय तुलसीपुर, यातायात व्यवस्था कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय र भू




*दाङ उच्च अदालतमा गरिएको आगजनीपछि सटरमा राखिएको इजलास*

तथा जलाधार संरक्षण कार्यालयलगायतका सरकारी कार्यालयका हेभी ९, हलुका १२, मोटरसाइकल ४८ र साइकल ४ गरी ७३ ओटा सवारी साधन तथा नागरिकता, पासपोर्ट अभिलेख, राजश्व अभिलेख, सवारी तथा सवारी चालक अनुमति अभिलेख, जग्गा धनी पूर्जा, जग्गा नक्सा अभिलेख, मुद्दाका मिसिललगायतका सरकारी अभिलेख, भौतिक संरचनामा प्रदर्शनकारीहरूले आगजनी र तोडफोड गरे। जिल्ला स्तरीय क्षति मूल्याङ्कन समिति, दाङले तुलसीपुर क्षेत्रका सरकारी निकायमा ७१ करोड, ३२ लाख ७२ हजार रुपियाँ बराबरको क्षति अनुमान गरी ०८२ असोज २९ गते गृह मन्त्रालयमा विवरण पठायो।

त्यसैगरी, बबई गाउँपालिका कार्यालय, लमही नगरपालिका तथा लमही नगरपालिका ५ नं. वडा र बंगलाचुली गाउँपालिकाको सवारी साधनमा प्रदर्शनकारीहरूले आगजनी, तोडफोड गरी क्षति पुऱ्याए। बबई गाउँपालिकाका नौ ओटा मोटरसाइकल, कार्यालय कम्प्युटर, भौतिक संरचनामा आगजनी हुँदा १ करोड ७४ लाख १६ हजार तथा बंगलाचुली गाउँपालिकाको एउटा स्कुटी जलाइँदा २ लाख र लमही नगरपालिकाको तोडफोडबाट १ लाख ९३ हजार रुपियाँ बराबरको क्षति भएको जिल्लास्तरीय क्षति मूल्याङकन समितिका संयोजक यज्ञबहादुर बुढाले बताए। समितिले क्षतिको मूल्याङ्कन गरी ०८२ असोज २९ गते गृह मन्त्रालयमा पठायो।

त्यसैगरी, नेपाली कांग्रेस दाङको जिल्ला पार्टी कार्यालय, घोराही, प्रदेश पार्टी कार्यालय, लमही, क्षेत्रीय पार्टी कार्यालय नारायणपुर र नगर पार्टी कार्यालय तुलसीपुर, नेकपा एमाले जिल्ला पार्टी कार्यालय घोराही, लमही नगर कार्यालय लमही, तुलसीपुर नगर कार्यालय, तुलसीपुर, नेकपा माओवादी केन्द्र जिल्ला पार्टी कार्यालय घोराही, लमही नगर पार्टी कार्यालय, लमही र तुलसीपुर नगरपार्टी कार्यालय, तुलसीपुर र राप्रपा जिल्ला पार्टी कार्यालय घोराहीमा प्रदर्शनकारीहरूले आगजनी तथा तोडफोड गरे। आगजनी र तोडफोडबाट नेपाली कांग्रेसको १ करोड ७५ लाख, नेकपा एमालेको ७२ लाख, नेकपा माओवादी केन्द्रको २४ लाख रुपियाँको क्षति भयो।

त्यसैगरी, जिल्ला बार इकाइ, दाङ, त्रिभुवननगर जेसीज पुस्तकालय, घोराही सभाहल, होटेल माला इन, ल फर्म र फोटोकपी पसलमा प्रदर्शनकारीहरूले आगजनी, तोडफोड तथा लुटपाट गरे। आगजनीका कारण जिल्ला बार इकाइको १० लाख, त्रिभुवन नगर जेसीज पुस्तकालयको ३५ लाख, घोराही सभा हलको ८ लाख २ हजार, होटेल माला इनको ३ करोड, रोटरी क्लब अफ नारायणपुरको १० लाख ४४ हजार, नारायणपुर उद्योग वाणिज्य सङ्घको ४ लाख ६४ हजार, फोटो स्टुडियो तथा फोटोकपी पसलको ७ लाख, ल फर्म १० को लाख रुपियाँ बराबरको क्षति प्रहरी मूल्याङ्कन गरिएको जिल्ला बार इकाइ, दाङका सचिव, हरि बेलवासेले बताए।

त्यसैगरी, नेकपा एमालेका महासचिव तथा लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री शंकर पोखेल, केन्द्रीय सदस्य कोमल वली, एमाले निर्वाचन आयोगका हिराचन्द्र केसी, नेकपा माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्व सभामुख कृष्णबहादुर महरा, नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्व सांसद गेहेन्द्र गिरी, एमाले दाङका अध्यक्ष शिवकुमार आचार्य, लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, प्रदेशसभा सदस्य राजु खनाल, घोराही उमनपाका प्रमुख नरुलाल चौधरी, उपप्रमुख हुमाकुमारी डिसी, वडाध्यक्ष डुल्लुराम पोखेललेको घोराही, तुलसीपुरमा रहेका व्यक्तिगत निवासमा प्रदर्शनकारीहरूले तोडफोड, आगजनी, अन्नपात तथा सुनलगायत बहुमूल्य सामग्री लुटेर लगेको घोराही-१३ का अध्यक्ष डुल्लुराम पोखेलले बताए। शंकर पोखेलको ३ करोड, कोमल वलीको २ करोड, गहेन्द्र गिरीको १ करोड,नरुलाल चौधरीको २५ लाख, कृष्णबहादुर महराको ७ लाख, हुमाकुमारी डिसीको १५ लाख, डिल्ली चौधरीको १५ लाख, डुल्लुराम पोखेलको ३० लाख, राजु खनालको १५ लाख बराबरको प्रहरी मुचुल्का गरी क्षति मूल्याङ्कन गरियो।

**तालिका ५.५.१०.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | | २ | | | २ |
| बलात्कार | १ | | २ | २७ | ३० |
| हाडनाता करणी | | | | २ | २ |
| सामूहिक बलात्कार | | | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | | १ | ७ | ११ |
| जम्मा | ४ | २ | ३ | ३७ | ४६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ४६ | | | ४६ |
| बलात्कार | | २ | ७ | ९ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| हाडनाता करणी | | | २ | २ |
| दाइजोजनित हिंसा | २ | | | २ |
| बलात्कारपछि हत्या | | | १ | १ |
| पारिवारिक हत्या | | | ३ | ३ |
| जम्मा | ४८ | २ | १७ | ६७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | ५ | ७ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.११ बाँके

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,०३,१९४ |
| महिला | ३,०६,४४९ |
| घर परिवार सङ्ख्या | १,२९,२३४ |
| घरजग्गामा महिलाको स्वामित्व | ३१,१८५ |
| साक्षरता प्रतिशत | ७३.४० |
| आश्रित जनसङ्ख्या | २,९२,३२० |
| अपाङ्गता भएका | १३,२५४ |




यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र ५५ जना पुरुष गरी ५७ जना पीडित भए । ज्यादतीका घटनामा १ सय ४९ जना महिला र ४५ जना पुरुष गरी १ सय ९४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १२ जना महिला पीडित भए।

**घाइते**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गतेको आन्दोलनका क्रममा नेपालगञ्ज उपमहानगरपालिका-८ का ४० वर्षीय ग्रिस गुप्ता, जाजरकोटका १७ वर्षीय माधव थापामगर, नेपालगञ्ज उपमहानगरपालिका-८ का २५ वर्षीय सत्यप्रकाश गुप्ता, कालीकोटका २० वर्षीय महेश कठायत, नेपालगञ्ज उपमहानगरपालिका-६ का २९ वर्षीय चन्द सल्मानी, नेपालगञ्ज उपमहानगरपालिका-१४ का २३ वर्षीय आकाश तमोली, नेपालगञ्ज उपमहानगरपालिका-१३ का १९ वर्षीय सुशील कास्गद, नेपालगञ्जका १९ वर्षीय सुमित जैशवाल, नेपालगञ्जका २३ वर्षीय कृष्ण गुप्ता, कैलाली जिल्ला धनगढी उपमहानगरपालिका घर भई नेपालगञ्ज बस्दै आएका २० वर्षीय अनिस कुँवर, नेपालगञ्ज उपमहानगरपालिका-१० का १६ वर्षीय तेजश शाही, नेपालगञ्ज उपमहानगरपालिका-१० का १९ वर्षीय युवराज शाही, सोही ठाउँका १९ वर्षीय विष्णुसिंह ठकुरी, सोही ठाउँका २१ वर्षीय विजयप्रकाश खड्का, सल्यान जिल्ला घर भई नेपालगञ्ज बस्दै आएका १८ वर्षीय युवराज बुढाथोकी, बर्दिया जिल्ला राजापुरका ३० वर्षीय राजेश बुढा, नेपालगञ्ज उपमहानगरपालिका-२ का ४६ वर्षीय कालिबहादुर डाँगी, नेपालगञ्ज उपमहानगरपालिका-१२ का १८ वर्षीय प्रविन डाँगी, सोही ठाउँका १६ वर्षीया अलिजा आले, नेपालगञ्ज उपमहानगरपालिका-१० का ३० वर्षीय सन्दिक काँधु, सोही ठाउँका २२ वर्षीय शुबास वर्मा, २१ वर्षीय विकास बोहरा, बाँके जिल्ला जानकी गाउँपालिका-३ का २२ वर्षीय अर्जुन शाहु, नेपालगञ्ज उपमहानगरपालिका-१२ का २१ वर्षीय करन थापामगर, सोही उपमहानगरपालिका-१० का ४२ वर्षीय राजकुमार थापा, सोही उपमहानगरपालिका-११ का २८ वर्षीय रोहित ठाकुर, बर्दिया जिल्ला बाँसगडी नगरपालिका-१ का २२ वर्षीय समिर थारु, सुर्खेत जिल्ला भेरीगङ्गा नगरपालिका-९ का २२ वर्षीय गोपाल बि.क., कैलाली जिल्ला घोडाघोडी नगरपालिकाका ३० वर्षीय राजेन्द्र चुनारा, नेपालगञ्ज उपमहानगरपालिका-१७ का ३३ वर्षीय रामआचल बर्मा, सोही ठाउँका २८ वर्षीय अनिल यादव, कालीकोट जिल्ला नरहरिनाथ गाउँपालिका-३ का १६ वर्षीय उमेश बुढा, नेपालगञ्ज उपमहानगरपालिका-१० का २८ वर्षीय इम्रान खाँन, नेपालगञ्ज उपमहानगरपालिकाका ३० वर्षीय सत्यनारायण चौधरी, २८ वर्षीय टेकराज परियार, १९ वर्षीय अजिम कुरैसी, २४ वर्षीय श्रीकृष्ण प्रधान, ३० वर्षीया अमृता थापा, २९ वर्षीय खड्क खड्का र बाँके जिल्ला जानकी गाउँपालिका-२ का ३८ वर्षीय पारशराम कुर्मी घाइते भए। घाइते सबैको

उपचार ०८२ भदौ २४ गते भेरी अञ्चल अस्पताल, सञ्जीवनी कलेज अफ मेडिकल साइन्स, नेपालगञ्जमा भयो।

**तालिका ५.५.११.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | १ | | १ |
| हिरासतमा मृत्यु | | | १ | १ | | | |
| घाइते | | २ | ४७ | ४९ | | ४१ | ४१ |
| हत्या | | | ५ | ५ | १ | २ | ३ |
| धम्की | | | २ | २ | | | |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | ७ | | ७ |
| | बलात्कार | | | | २६ | | २६ |
| | हाडनाता करणी | | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | | | २ | २ |
| | जम्मा | | | | ३५ | २ | ३७ |
| महिला अधिकार | घरेलु हिंसा | | | | ७७ | | ७७ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | | ४ | | ४ |
| | बलात्कार | | | | २० | | २० |
| | हाडनाता करणी | | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | | २ | | २ |
| | बेचबिखन तथा ओसारपसार | | | | ७ | | ७ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | जम्मा | | | | ११२ | | ११२ |
| **कूल जम्मा** | | २ | ५५ | ५७ | १४९ | ४५ | १९४ |

(स्रोत : इन्सेक, २०२५)

## कारागार र बन्दी

जिल्ला कारागार ३ सय ५० जनाको क्षमता रहेकोमा ८ सय ६७ जना पुरुष कैदीबन्दी छन्। कारागारमा ५९ जना विदेशी कैदीबन्दी छन्। नवयुवा पुस्ताले ०८२ भदौ २५ गते गरेको आन्दोलनका क्रममा कैदीबन्दीले कारागार तोडफोड गरी भाग्न खोजेपछि सुरक्षाकर्मीले स्थितिलाई नियन्त्रणमा लिन हवाइफायर र गोली चलायो। घटनामा ४४ वर्षीय कैदीबन्दी उमेश बम दायाँ खुट्टाको पिँडुलामा प्रहरीको गोली लागी घाइते भए। घाइतेको उपचार भदौ २५ गते भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो। कारागारमा एक स्वास्थ्यकर्मी कार्यरत छन्।

## नौबस्ता कारागार

बैजनाथ गाउँपालिका-३ स्थित नौबस्ता कारागारमा चार ओटा ब्लक छन्। जसमध्ये बालसुधार गृह दुई ओटा ब्लकमा र कारागार दुई ओटा ब्लकमा सञ्चालन गरिएको छ। नौबस्ता कारागारको क्षमता ३ सय ७५ जनाको छ। हाल कारागारमा ६ सय ३४ जना पुरुष कैदीबन्दी छन्।

नवयुवा पुस्ताले ०८२ भदौ २५ गते गरेको आन्दोलनको क्रममा कारागार तोडफोड गरी १ सय ४७ जना कैदीबन्दी फरार भए। जसमध्ये प्रशासनको समन्वयमा प्रहरीले ४२ जनालाई कारागारमा फिर्ता ल्यायो। वर्षको अन्त्यसम्म १ सय ५ जना फरार रहेको नौबस्ता कारागारका प्रशासक जालन्धर भुसालले बताए।

## हिरासतमा मृत्यु

जानकी गाउँपालिका-६ का ३५ वर्षीय बीरेन्द्रबहादुर सिंहको ०८२ भदौ २३ गते इलाका प्रहरी कार्यालय, कोहलपुरको हिरासतमा मृत्यु भयो। शवको पोष्टमार्टम भदौ ३१ भेरी अस्पताल नेपालगञ्जमा भयो। परिवारजनले शवको सद्गत भदौ ३१ गते गरे। कर्तव्य ज्यानसम्बन्धी मुद्दाको अनुसन्धानका लागि ०८२ भदौ २० गते पीडितलाई प्रहरीले गिरफ्तार गरेको थियो। भदौ २२ गते पीडितको स्वास्थ्यमा समस्या देखिएपछि शिक्षण अस्पताल, कोहलपुरमा उपचार गरेर ल्याइएकोमा २३ गते हिरासतमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रेशम पौडेलले बताए।

तालिका ५.५.११.२ अपाङ्गता भएका पीडित सङ्ख्या

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |
| महिला अधिकार | २ | २ |
| **कूल जम्मा** | **४** | **४** |

(स्रोत : इन्सेक, २०२५)

## बाल सुधार गृह

### नौबस्ता बाल सुधार गृह

बैजनाथ गाउँपालिका-३ स्थित नौबस्ता बाल सुधार गृहको क्षमता ३ सय ७५ जनाको छ। हाल बालसुधार गृहमा १ सय ४० जना बालबिज्याइँकर्ता छन्। गत भदौ २४ गतेको आन्दोलनका क्रममा बालसुधार गृह तोडफोड गरी ७८ जना फरार भए। वर्षको अन्त्यसम्म ४३ जना फर्केर आए। ३५ जना अझै फरार रहेको नौबस्ता बाल सुधार गृहका प्रमुख श्यामबहादुर रानाले बताए।

### झडप र मृत्यु

सुरक्षाकर्मी र बालबन्दीबीच ०८२ भदौ २४ गते राति झडप हुँदा सात जना बाल कैदीबन्दी घाइते भए। सो क्रममा घाइते भएकाहरूलाई २५ गते बिहानै उपचारको लागि भेरी अञ्चल, अस्पताल नेपालगञ्ज लैजाँदै गर्दा पाँच जनाको मृत्यु भयो। सो घटनामा दैलेख जिल्ला महावु गाउँपालिका-२ का २१ वर्षीय भुपेन्द्र खत्री, बाँके जिल्ला खजुरा गाउँपालिका-१ का २० वर्षीय समिर थापा, अछाम जिल्ला रामरोशन गाउँपालिका-४ का २१ वर्षीय उमेश विष्ट, कैलाली जिल्ला लम्कीचुहा नगरपालिका-६ का १९ वर्षीय जगत देउवा र दाङ जिल्ला घोराही उपमहानगरपालिका-१३ का २० वर्षीय दिनेश घर्तीमगरको मृत्यु भयो। शवहरूको पोष्टमार्टम भदौ २६ गते भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो। परिवारजनले भदौ २६ गते शवको सद्गत गरे। घटनामा बाँके जिल्ला खजुरा गाउँपालिका-६ का २० वर्षीय सन्देश गुरुङ र सप्तरी जिल्ला गोडासाही गाउँपालिका-५ का २० वर्षीय तुलसीलाल राय घाइते भए।

### जयेन्दु बालसुधार गृह, डुडुवा गाउँपालिका-६, आसमानपुर

जयेन्दु बाल सुधार गृहको क्षमता १ सय २० जनाको छ। हाल बाल सुधार गृहमा १ सय ७६ जना बाल कैदीबन्दीहरु छन्। जसमध्ये विदेशी बाल कैदीबन्दी दुई जना छन्। नवयुवा पुस्ताले ०८२ भदौ २४ गतेको आन्दोलनका क्रममा १ सय १५ जना बन्दीबालकहरू भागे। भागेका मध्ये ५८ जना फर्किआएको र ५७ जना वर्षको अन्त्यसम्म फरार रहेको  बाल सुधार गृह प्रमुख किशोर शर्माले बताए। पटक-पटक विवादबाट झडप भएपछि ६५ जनालाई बैजनाथ गाउँपालिका-३ स्थित नौवस्ता बालसुधार गृहमा पठाएको छ।

जयेन्दु बाल सुधार गृहमा ०८१ चैत २ गते बालबन्दीहरूबीच आन्तरिक विवादका कारण झडप हुँदा १९ वर्षीय चन्द्रबहादुर खड्का, १९ वर्षीय देन महतरा, १९ वर्षीय सुभाष राढ, १७ वर्षीय बालक, २१ वर्षीय आशिष चौधरी, १९ वर्षीय सन्जय परियार, १८ वर्षीय सन्दीप चौधरी, १७ वर्षीय बालक, २० वर्षीय परन तामाङ, १८ वर्षीय रमेश बस्नेत, १७ वर्षीय बालक, १९ वर्षीय उपेन्द्र पुनमगर, १६ वर्षीय बालक, १९ वर्षीय प्रकाश राना, १६ वर्षीय बालक, १९ वर्षीय तेजु थापासहित १६ जना बाल कैदीबन्दी घाइते भए। घाइते सबैको चैत ३ गते नेपालगञ्ज शिक्षण अस्पतालमा र भेरी अस्पतालमा उपचार भयो। उपचारपछि सबैलाई नौबस्ता बाल सुधार गृह फर्काएको सुधार गृहका प्रमुख श्याम रानाले बताए।

## बाल अधिकार

यस वर्ष बाँके जिल्लामा बलात्कार घटनामा २६, सामूहिक बलात्कार घटनामा एक, हाडनाता करणी घटनामा एक, यौन दुर्व्यवहार घटनामा दुई र बेचबिखन तथा ओसारपसारका घटनामा सात जना गरी ३७ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### यौन दुर्व्यवहार

सात वर्षीया र नौ वर्षीया बालिकालाई ०८१ पुस २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले नेपालगञ्ज उपमहानगरपालिका-१० का ५० वर्षीय निर्मल श्रेष्ठविरूद्ध ०८१ पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितहरूको स्वास्थ्य परीक्षण पुस २४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले पुस २४ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध माघ १३ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतको फागुन १८ गतेको इजलासले एक

महिना कैद र १० हजार रुपियाँ जरिबाना भराउने फैसला गऱ्यो।

१३ वर्षीया बालिकालाई ०८१ माघ १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा कोहलपुर नगरपालिका-११ लोकनगरका ४० वर्षीय तिलक चन्दविरुद्ध पीडित पक्षले माघ २० गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ वैशाख १० गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै चार महिना कैद सजायसँगै कसुरदारबाट २० हजार रुपियाँ जरिबाना, २५ हजार रुपियाँ क्षतिपूर्ति र ८ सय रुपियाँ पीडित राहत कोषमा भराउने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ७ सय २५ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ६ सय २३ उजुरीमा मेलमिलाप गरायो भने, ६४ उजुरी कानुनी प्रक्रियामा गएको र ३८ उजुरी अनुसन्धान प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक पातलीले बताए।

यो वर्ष बाँके जिल्लामा बलात्कारका घटनामा २०, सामूहिक बलात्कार घटनामा दुई, हाडनाता करणी घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा सात, बलात्कार प्रयास घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार र घरेलु हिंसाका घटनामा ७७ जना गरी १ सय १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बेचबिखन तथा ओसार पसार

१९ वर्षीया युवतीलाई ०८२ असोज २४ गते बेचविखन प्रयास गरेको आरोपमा नेपालगञ्ज उपमहानगरपालिका-१ कर्णाली होटल सञ्चालिका ५० वर्षीया खुमीसरा सिंह, भारतको उत्तर प्रदेश बहराइच जिल्ला नानपाराका २२ वर्षीय धर्मेन्द्र गुप्ता, २१ वर्षीय सुफायत मलिक भनिने सुफयान अहमद र १८ वर्षीय नितिन कुमारविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन भेरी अस्पतालमा भयो। जिल्ला अदालतको कात्तिक १९ गतेको इजलासले खुमीसरा सिंहसँग १ लाख ५० हजार रुपियाँ र धर्मेन्द्र गुप्ता, सुफयान अहमद, नितिन कुमारसँग जनही ५१ हजार रुपियाँ धरौटी माग गऱ्यो। सबै आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

### बलात्कार

अपाङ्ता भएकी २१ वर्षीया युवतीलाई ०८१ फागुन ८ गते बलात्कार गरेको आरोपमा नरैनापुर गाउँपालिका-१ महतीनीयाका २५ वर्षीय सलमान खानविरुद्ध पीडित पक्षले फागुन २५ गते इलाका प्रहरी कार्यालय, भगवानपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते भेरी अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ जेठ ८ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १० वर्ष कैद, कसुरदारबाट १ लाख रुपियाँ क्षतिपूर्ति र १ लाख रुपियाँ जरिबाना भराउने फैसला गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नवयुवा पुस्ताको प्रर्दशनका क्रममा ०८२ भदौ २४ गते नेपालगञ्ज उपमहानगरपालिका, आन्तरिक राजश्व कार्यालय नेपालगञ्ज, बाँके जिल्ला अदालत, उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास, सरकारी वकिलको कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय, नेपालगञ्ज भन्सार कार्यालय, इलाका प्रहरी कार्यालय जयसपुर, जिल्ला प्रशासन कार्यालय बाँके, कृषि ज्ञान केन्द्र, जिल्ला हुलाक कार्यालय बाँके, जमुनाहा हेल्थ डेस्क, ट्राफिक प्रहरी कार्यालय नेपालगञ्ज, नरैनापुर गाउँपालिकाको कार्यालय, नरैनापुर गाउँपालिका-४ र ६ कार्यालय, डुडुवा गाउँपालिकाको कार्यालयमा आगजनी र तोडफोड भयो। त्यसैगरी नेपाली कांग्रेस बाँकेको कार्यालय, नेकपा एमाले बाँकेको कार्यालयमा आगजनी र तोडफोड भयो। कोहलपुर नगर कार्यपालिकाको कार्यालय, राजश्व कार्यालय, कोहलपुर, कोहलपुर नगरप्रमुख पूर्णप्रसाद आचार्यको निजी घर, कोहलपुर वडा-८,९,११ र १४ को वडा कार्यालय, इलाका प्रशासन कार्यालय, कोहलपुर, कोहलपुर नगर विकास समितिको कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा कोहलपुर, कोहलपुर नगरपालिका रोजगार शाखा, नगरस्तरीय युवा सञ्जाल कोहलपुर, कोहलपुर हुलाक कार्यालय, अतिरिक्त हुलाक कार्यालय कोहलपुरमा तोडफोड भयो। त्यसैगरी

पुष्पलाल चोक, गणेशमान चोक, वीपी चोक र सेतु विक चोकमा शालिकहरु तोडफोड भयो। प्रर्दशनकारीले कोहलपुर नगरपालिकाकी उपप्रमुख संगीता सुवेदीको घर, कोहलपुर-११ की वडाध्यक्ष कल्पना शर्माको घर, मालपोत कार्यालय कोहलपुर, नापी कार्यालय कोहलपुर, यातायात व्यवस्था कार्यालय, कोहलपुर, नेपाल विद्युत प्राधिकरण, कोहलपुर वितरण केन्द्रमा तोडफोड गरे। नेकपा माओवादी केन्द्र नगर समितिको कार्यालय, कोहलपुर, नेपाल कम्युनिष्ट पार्टी-एमाले नगर समिति, कोहलपुर र नेपाली कांग्रेस क्षेत्र नम्बर १ को कार्यालय कोहलपुरमा तोडफोड भयो। आगजनी र तोडफोडबाट १० अर्ब रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो।

**तालिका ५.५.११.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | ६ | ७ |
| बलात्कार | | ३ | २३ | २६ |
| हाडनाता करणी | | | १ | १ |
| सामूहिक बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | | २ |
| जम्मा | २ | ४ | ३१ | ३७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ६१ | | १६ | ७७ |
| बेचबिखन तथा ओसारपसार | | | | ७ | ७ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | | ४ | ४ |
| बलात्कार | १ | | ३ | १६ | २० |
| हाडनाता करणी | | | | १ | १ |
| सामूहिक बलात्कार | | | | २ | २ |
| बलात्कार प्रयास | | | | १ | १ |
| जम्मा | १ | ६१ | ३ | ४७ | ११२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | ५ | १ | २ | ८ |

(स्रोत : इन्सेक, २०२५)

# ५.५.१२ बर्दिया

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,५९,९०० |
| महिला | २,४३,१३४ |
| घर परिवार सङ्ख्या | १,०६,२८५ |
| घरजग्गामा महिलाको स्वामित्व | २०,२०९ |
| साक्षरता प्रतिशत | ७६.८५ |
| आश्रित जनसङ्ख्या | २,०८,८१२ |
| अपाङ्गता भएका | १४,८३९ |

यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा १ सय १३ महिला र तीन जना पुरुष गरी १ सय १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७३ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय २५ जना पुरुष र २५ जना महिला गरी १ सय ५० जनाको रहेको छ। कारागारमा ४ सय ३ पुरुष र ५८ जना महिला कैदीबन्दी रहेका छन्। कारागारमा तीन जना आश्रित बालक रहेका छन्। अदालतले तोकेको जरिबाना र धरौटी बुझाउन नसकेका १६ जना कारागारमा रहेको जेलर मानबहादुर सारुले बताए। कारागारभित्र क्षमता भन्दा धेरै कैदीबन्दी भएको हुँदा सुत्न, शौचालय प्रयोग गर्न समस्या हुने गरेको छ।

### बाल अधिकार

यस वर्ष बर्दिया जिल्लामा बलात्कार घटनामा १५, हाडनाता करणी घटनामा दुई र यौन दुर्व्यवहार घटनामा नौ जना गरी २६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।




### सामूहिक बलात्कारपछि हत्या

१० वर्षीया बालिकाको ०८२ असोज १७ गते बलात्कारपछि हत्या गरेको आरोपमा गेरुवा गाउँपालिका-५ झवहीका २१ वर्षीय समीर तिरुवा, कैलाली, टिकापुरका ३७ वर्षीय खगेन्द्र विक, गेरुवा गाउँपालिका-५ का ४२ वर्षीय टेकबहादुर शाही र गेरुवा गाउँपालिकाको २४ वर्षीय शिवु शाहीविरुद्ध पीडित पक्षले असोज २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घरबाट ०८२ असोज १७ गते विवाहमा जान भनी हिँडेकी बालिकाको शव असोज २० गते

**तालिका ५.५.१२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ४ | १ | ५ |
| अपहरण | | २ | | २ |
| हत्या | | १ | १ | २ |
| धम्की | | ७ | १ | ८ |
| बाल अधिकार | बलात्कार | १५ | | १५ |
| | हाडनाता करणी | २ | | २ |
| | यौन दुर्व्यवहार | ९ | | ९ |
| | जम्मा | २६ | | २६ |
| महिला अधिकार | घरेलु हिंसा | ६१ | | ६१ |
| | बलात्कार | ९ | | ९ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | बलात्कारपछि हत्या | १ | | १ |
| | साइबर अपराध | १ | | १ |
| | जम्मा | ७३ | | ७३ |
| **कूल जम्मा** | | ११३ | ३ | ११६ |

(स्रोत : इन्सेक, २०२५)

गेरूवा गाउँपालिका-३ स्थित गणेशपुर सामुदायिक वनमा गाडिएको अवस्थामा फेला परेको थियो। शवको पोष्टमार्टम असोज २२ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। प्रहरीले समीर तिरूवा र खगेन्द्र विकलाई असोज २२ गते र टेकबहादुर शाहीलाई कात्तिक १७ गते गिरफ्तार गऱ्यो। प्रहरीले तिरूवा र खगेन्द्रविरुद्ध जिल्ला अदालतमा कात्तिक १४ गते बलात्कार र कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको कात्तिक १७ गतेको इजलासले आरोपित तिरुवालाई थुनामा पठायो भने खगेन्द्रसँग ३० हजार रुपियाँ धरौटी माग गऱ्यो। त्यसैगरी प्रहरीले टेक बहादुर र शिवुविरुद्ध जिल्ला अदालतमा मङ्सिर १२ गते चोरी डाँका र ज्यानसम्बन्धी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको मङ्सिर १५ गतेको आदेशले टेकबहादुरलाई पुर्पक्षका लागि थुनामा पठायो। अर्का आरोपित शिवु मङ्सिर २२ गते अदालतमा उपस्थित भएपछि सोही दिन पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

**बलात्कार**

१४ वर्षीया बालिकालाई ०८१ फागुन २० गते बलात्कार गरेको आरोपमा गुलरिया नगरपालिका-१ का ३१ वर्षीय शिवप्रसाद थारुविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालय, गुलरियामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ जेठ २९ गतेको इजालसले आरोपितलाई कसुर ठहर गर्दै १२ वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति र २० हजार रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला गऱ्यो।

१३ वर्षीया बालिकालाई ०८१ चैत १४ गते बलात्कार गरेको आरोपमा राजापुर नगरपालिका-१० बस्ने ३५ वर्षीय बसन्तकुमार थारुविरुद्ध पीडित पक्षले चैत १४ गते जिल्ला प्रहरी कार्यालय, गुलरियामा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०८२ असार २६ गतेको इजालसले आरोपितलाई कसुर ठहर गर्दै १८ वर्ष २ महिना कैद सजायको ७ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति २८ हजार रुपियाँ पीडित राहत कोषमा भराउने फैसला गऱ्यो।

१४ वर्षीया बालिकालाई ०८२ असार ३२ गते बलात्कार गरेको आरोपमा ठाकुरबाबा नगरपालिका-४ का २६ वर्षीय अजय थारूविरुद्ध पीडित पक्षले साउन १२ गते इलाका प्रहरी कार्यालय, बगनाहामा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर २४ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १२ वर्ष कैद, ५ लाख रुपियाँ जरिबाना र ७५ हजार रुपियाँ क्षतिपूर्तिको फैसला गऱ्यो।

**यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई ०८१ पुस १८ गते यौन दुर्व्यवहार गरेको भन्दै बढैयाताल गाउँपालिका-४, ग्रोबेपुर बस्ने ३१ वर्षीय रमेश खटिकविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतकको ०८२ वैशाख २८ गतेको इजालसले आरोपितलाई कसुर ठहर गर्दै तीन महिना कैद, ५ हजार रुपियाँ जरिबाना, २५ हजार रुपियाँ क्षतिपूर्ति २ सय रुपियाँ पीडित राहत कोषमा भराउने फैसला गऱ्यो।

**हाडनाता करणी**

चार वर्षीया बालिकालाई ०८१ चैत २ गते बलात्कार गरेको आरोपमा २२ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय, गुलरियामा उजुरी दियो। जिल्ला अदालतको ०८२ जेठ १३ गतेको इजलासले कसुर ठहर गर्दै जन्मकैद, ७ लाख रुपियाँ जरिबाना, ५० हजार रुपियाँ क्षतिपूर्ति र कसुरदारबाट पीडित राहत कोषमा २८ हजार रुपियाँ भराउने फैसला गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। सबै उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएपी देवेन्द्रकुमार मल्लले बताए।

यो वर्ष बर्दिया जिल्लामा बलात्कारका घटनामा नौ, यौन दुर्व्यवहार घटनामा एक, साइबर अपराध घटनामा एक र घरेलु हिंसाका घटनामा ६१ गरी ७२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारपछि एक जना महिलाको हत्या भयो।

## घरेलु हिंसा

अनेक प्रयत्न गर्दा पनि विवाह दर्ता, नागरिकता र छोरीको जन्मदर्ता गर्न नसकेको भन्दै बढैयाताल गाउँपालिकाकी २१ वर्षीया अञ्जु थारुले ०८२ कात्तिक २२ गते आत्महत्या गरिन्। छोरीले आत्महत्या गरेको पिरले अञ्जुका बुवा ६१ वर्षीय कान्छा थारुले पनि कात्तिक २५ आत्महत्या गरे। २०७४ सालमा अनिल थारुसँग विवाह गरेकी अञ्जुले २०७५ सालमा छोरीको जन्म दिएकी थिइन्। तर, त्यसपछि पति र घर परिवारले हेला गर्न थालेपछि माइती आएर बसेकी अञ्जुले विवाह दर्ता, नागरिकता र छोरीको जन्मदर्ताका लागि गरेको पहल निरर्थक भएको थियो। वडा कार्यालयले नागरिकाताको सिफारिस गरिदिएन। जिल्ला अदालतबाट २०७९ कात्तिक २० गते अंश मुद्दा जितेको प्रमाण हुँदाहुँदै नागरिकता नबनेपछि अञ्जुले कात्तिक २२ गते आत्महत्याको बाटो रोजिन्। छोरीले पाएको हण्डर र उनको आत्महत्याको घटनापछि कात्तिक २४ गते कान्छाले समेत देहत्याग गरे। पीडित पक्षले सोही गाउँ बस्ने अञ्जुका पति २२ वर्षीय अनिल थारु विरुद्ध इलाका प्रहरी कार्यालय, मैनापोखारमा कात्तिक २५ गते आत्महत्या दुरुत्साहनको अभियोगमा उजुरी दर्ता गऱ्यो। घटना लगतै फरार भएका आरोपितलाई प्रहरीले मङ्सिर २९ गते गिरफ्तार गऱ्यो।

**तालिका ५.५.१२.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | ३ | ३ |

(स्रोत : इन्सेक, २०२५)

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

गत भदौ २४ गते नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा बर्दिया जिल्ला गुलरिया नगरपालिका कार्यालय, नेकपा एमालेको पार्टी कार्यालय, नेपाली कांग्रेसको पार्टी कार्यालयमा तोडफोड र आगजनी भयो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् सांसद सञ्जयकुमार गौतमको घरमा तोडफोड भयो।

**तालिका ५.५.१२.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | ३ | | १२ | १५ |
| हाडनाता करणी | १ | | १ | २ |
| यौन दुर्व्यवहार | ४ | १ | ४ | ९ |
| जम्मा | ८ | १ | १९ | २६ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ६१ | | | ६१ |
| बलात्कार | | १ | ८ | ९ |
| साइबर अपराध | | | १ | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| बलात्कारपछि हत्या | | | १ | १ |
| जम्मा | ६१ | १ | ११ | ७३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

## ५.६ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरु

# कर्णाली प्रदेश



# ५.६.१ डोल्पा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४२,७७४ |
| महिला | २१,४०३ |
| घर परिवार सङ्ख्या | ९,३८० |
| घरजग्गामा महिलाको स्वामित्व | ५६० |
| साक्षरता प्रतिशत | ६७.०२ |
| आश्रित जनसङ्ख्या | २०,९९५ |
| अपाङ्गता भएका | १,२२१ |




यस वर्ष डोल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा १४ जना महिला र दुई जना पुरुष गरी १६ जना पीडित भएको इन्सेकले अभिलेख ग-यो। जसमध्ये बाल अधिकार उल्लङ्घन घटनामा एक जना तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय पुरुष र ५० जना महिला गरी १ सय ५० जनाको रहेको छ।

**तालिका ५.६.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | २ | २ |
| बाल अधिकार | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | ११ | | ११ |
| | बलात्कार | २ | | २ |
| | जम्मा | १३ | | १३ |
| **कूल जम्मा** | | १४ | २ | १६ |

(स्रोत : इन्सेक, २०२५)

कारागारमा कैद तोकिएका १७ र कैद नतोकिएका १० जना गरी २७ जना पुरुष कैदीबन्दी छन्। कारागारमा एक जना अहेबको दरबन्दी रहे पनि रिक्त छ। कैदीबन्दीहरू बिरामी भएपछि जिल्ला अस्पतालमा लगेर स्वास्थ्य परीक्षण गर्ने गरिएको छ। कारागारमा टेलिभिजन र खेलकुद सामग्रीको व्यवस्था गरिएको छ। महिला र पुरुष कैदीबन्दीहरूको लागि छुट्टाछुट्टै टेलिभिजन हल, भान्सा र एटेच बाथरुमसहितको १२ कोठे सुविधायुक्त पक्की भवन रहेको कारागार प्रशासक दीर्घराज आरसीले बताए।

### बाल अधिकार

यो वर्ष डोल्पा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख ग-यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ११ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ११ उजुरी रहेको छ। यीमध्ये प्रहरीले सबै उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रकी असइ सुमना पुन मगरले बताइन्।

यो वर्ष डोल्पा जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ११ गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख ग-यो।

### बलात्कार

२८ वर्षीया महिलालाई त्रिपुरासुन्दरी नगरपालिका-१० दापु गाउँका २७ वर्षीय भीमप्रसाद धरलाले ०८२ भदौ २५ गते बलात्कार गरेको भन्दै पीडितले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण सोही दिन

जिल्ला अस्पतालमा भयो। प्रहरीले कात्तिक ३० गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले गरेको प्रदर्शनको क्रमका ०८२ भदौ २५ गते प्रदर्शनकारीहरूले त्रिपुराकोट बजारस्थित नेपाली कांग्रेस पार्टीको प्रदेश निर्वाचन क्षेत्र 'ख' को कार्यालय र नगर पार्टी कार्यालयमा तोडफोड गरे। तोडफोडबाट झ्याल, ढोका, साइनबोर्ड र भण्डामा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रुक बहादुर खड्काले बताए।

**तालिका ५.६.१.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | जम्मा |
| घरेलु हिंसा | १० | १ | ११ |
| बलात्कार | | २ | २ |
| जम्मा | १० | ३ | १३ |

(स्रोत : इन्सेक, २०२५)




# ५.६.२ मुगु

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६४,५४९ |
| महिला | ३२,१६८ |
| घर परिवार सङ्ख्या | १२,४३० |
| घरजग्गामा महिलाको स्वामित्व | ५९८ |
| साक्षरता प्रतिशत | ६८.०९ |
| आश्रित जनसङ्ख्या | ३५,५०५ |
| अपाङ्गता भएका | १,७५६ |

यस वर्ष मुगु जिल्लामा ज्यादतीका घटनामा १९ जना महिला र चार जना पुरुष गरी २३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना महिला पीडित भए।

**तालिका ५.६.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | ३ | ४ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | १४ | | १४ |
| | बलात्कार | २ | | २ |
| | बलात्कार प्रयास | १ | | १ |
| | जम्मा | १७ | | १७ |
| **कूल जम्मा** | | १९ | ४ | २३ |

(स्रोत : इन्सेक, २०२५)

## कुटपिट

### अन्यपक्षबाट

ताल्चा विमानस्थलको सुरक्षामा खटिएका प्रहरी जवान ३० वर्षीय गणेशबहादुर थापालाई ०८२ साउन १९ गते छायाँनाथ रारा नगरपालिका-४ का २१ वर्षीय विशन खत्रीको समूहले कुटपिट गरेको भन्दै पीडितले साउन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले भदौ १ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयको भदौ १५ गतेको आदेशले अरोपित १६ हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविराज थपलियाले बताए।

छाँयानाथ रारा नगरपालिकाका उपप्रमुख ३६ वर्षीया ऐश्वर्य मल्ल, पति ३७ वर्षीय उपरबहादुर मल्ल र नगरपालिका कर्मचारी ३२ वर्षीय रामराज मल्ललाई ०८२ असार ५ गते सोही नगरपालिकाका-४ का २८ वर्षीय नरेश भाम, २७ वर्षीय दिलिपकुमार भाम र ३० वर्षीय विष्णु खत्रीले कुटपिट गरे। नगरपालिकाको कार्यपालिका बैठकमा जनताको आवाज र समस्यालाई बजेटमा सम्बोधन गरिनुपर्ने माग राखेर छलफल गर्न पुग्दा नगरप्रमुख सहितको समूहले आक्रमण गरेको उपप्रमुखको दावी छ। कुटपिटबाट नगरपालिका कर्मचारी रामराज मल्ललाई टाउकोमा चोट लाग्यो। घटनाको सम्बन्धमा लिखित उजुरी नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी विरेन्द्र थापाले बताए।

## कारागार र बन्दी

१६ जनाको क्षमता भएको भवन निर्माणाधीन अवस्थामा रहेको छ। कैदीबन्दीलाई छिमेकी जिल्ला जुम्ला, कालीकोट र दैलेखमा पठाउने गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दिवाकर मिश्रले बताए।

## बाल अधिकार

यो वर्ष मुगु जिल्लामा यौन दुर्व्यवहार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी शारीरिक यातना दिएका पाँच, आर्थिक, सामाजिक र मानसिक यातना दिएका ६ र वादविवादका २३ उजुरी छन्। प्रहरीले सबै उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रले जनायो।

यो वर्ष मुगु जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयास घटनामा एक र घरेलु हिंसाका घटनामा १४ गरी १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**बलात्कार प्रयास**

२९ वर्षीया महिलालाई ०८१ चैत १४ गते खत्याड गाउँपालिका-६ का ३२ वर्षीय विशाल परियारले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले ०८२ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध जेठ १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका निमित्त जिल्ला न्यायाधीश तपेन्द्र सलामी मगरको असार ९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै एक वर्ष कैद र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति/सम्पत्ति क्षति**

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूले छायाँनाथ रारा नगरपालिका-१ स्थित नेकपा (एमाले) को पार्टी कार्यालय र नेपाली कांग्रेसको पार्टी कार्यालयमा तोडफोड तथा आगजनी गरे। तोडफोड र आगजनीबाट दुवै पार्टी कार्यालयमा करिब ८ लाख रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविराज थपलियाले बताए।

**तालिका ५.६.२.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | १४ | | १४ |
| बलात्कार | | | २ | २ |
| बलात्कार प्रयास | १ | | | १ |
| जम्मा | १ | १४ | २ | १७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.३ हुम्ला

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५५,३९४ |
| महिला | २७,५०८ |
| घर परिवार सङ्ख्या | ११,२०४ |
| घरजग्गामा महिलाको स्वामित्व | ५०३ |
| साक्षरता प्रतिशत | ६३.८४ |
| आश्रित जनसङ्ख्या | ३०,०११ |
| अपाङ्गता भएका | २,०४१ |

यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन घटनामा एक महिला र एक पुरुष गरी दुई जना पीडित भए । ज्यादतीका घटनामा १७ जना महिला र तीन पुरुष गरी २० जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालक तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

### कारागार र बन्दी

२० महिला र ८० पुरुष गरी १ सय जनाको क्षमता रहेको भवन निर्माणाधीन अवस्थामा रहेको छ। ११ जना पुरुष कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा राखिएको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक स्वास्थ्यकर्मीको दरबन्दी रहेको भए पनि रिक्त छ। भवन निर्माण कार्य ९५ प्रतिशत सम्पन्न भएको र पाँच प्रतिशत निर्माण कार्य बाँकी रहेको जेलर धनबहादुर रानाले बताए।




### कुटपिट

#### राज्यपक्षबाट

सर्केगाड गाउँपालिका-१ तुम्च गाउँका ५० वर्षीय मानबहादुर रावतलाई ०८२ असार ३ गते सोही ठाउँ स्थित अस्थायी प्रहरी चौकी बालुकनामा कार्यरत असई ४२ वर्षीय पुस्कर बिष्ट र हवल्दार ३६ वर्षीय राजबहादुर विष्टले कुटपिट गरेको भन्दै पीडितले असार ३ गते प्रहरी कार्यालयमा उजुरी दिए। रावतकी पत्नी र मुगु जिल्लाको सोरु गाउँपालिका-४ लुमे गाउँकी ३६ वर्षीया असाडी देवकोटा बिच विवाद भएपछि दुवै पक्ष छलफलका लागि तुम्च गाउँ स्थित प्रहरी चौकीमा गएको अवस्थामा कुटपिट गरिएको थियो। आफूलाई मदिरा सेवन गरी आएको भन्दै असई पुष्करले धकेलेर बाहिर निकालेको र प्रहरी हवल्दार राजबहादुरले मुखमा मुक्का प्रहार गरी कुटपिट गरेको रावतले बताए। उनको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। जिल्ला प्रहरी कार्यालयमा प्रहरी चौकीमा विवाद भएको भन्ने जानकारी आएपछि दुवै जना प्रहरीलाई सदरमुकाम झिकाइ पुन: त्यस प्रहरी चौकीमा नपठाउने गरी आन्तरिक कारबाही गरिएको इन्स्पेक्टर विष्णु श्रेष्ठले बताए।

### बाल अधिकार

यस वर्ष हुम्ला जिल्लामा विद्यालयमा दिइने दण्ड सजाय घटनामा दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी

घरनिकाला गरिएका ४५ र खानलाउन नदिएका एक उजुरी छन्। यी मध्ये ४३ उजुरीमा मेलमिलाप भयो भने तीन उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख सोभा गिरीले बताइन्।

यो वर्ष हुम्ला जिल्लामा बलात्कारका घटनामा तीन र घरेलु हिँसाका घटनामा १३ गरी १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**तालिका ५.६.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | २ | | १ | १ |
| घाइते | | | | | १ | | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | | | २ | २ |
| | जम्मा | | | | | २ | २ |
| महिला अधिकार | घरेलु हिँसा | | | | १३ | | १३ |
| | बलात्कार | | | | ३ | | ३ |
| | जम्मा | | | | १६ | | १६ |
| **कूल जम्मा** | | १ | १ | २ | १७ | ३ | २० |

(स्रोत : इन्सेक, २०२५)

**बलात्कार**

४५ वर्षीया महिलालाई ०८१ फागुन १ गते बलात्कार गरेको भन्दै खार्पुनाथ गाउँपालिका-४ माझाका ४० वर्षीय असपाल रोकायाविरुद्ध पीडितले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पताल भयो। जिल्ला अदालतको ०८२ जेठ २५ गतको इजलासले आरोपितलाई कसुर ठहर गर्दै तीन वर्ष ६ महिना कैद र १ लाख ५० हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ पीडित राहत कोषमा जम्मा हुने गरी फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार श्रीदिप वाग्लेले बताए।

१९ वर्षीया महिलालाई ०८१ चैत २१ गते बलात्कार गरेको भन्दै जुम्ला जिल्ला कनका सुन्दरी गाउँपालिका-४ बुडु घर भई हाल खार्पुनाथ गाउँपालिका-५ याङचु बजारमा बस्दै आएका २३ वर्षीय सागर बुढाविरुद्ध पीडितले ०८२ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०८२ वैशाख १४ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख ४ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतको असार ३० गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ७ वर्ष कैद सजायको फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार श्रीदिप वाग्लेले बताए।

**दुर्व्यवहार**

३२ वर्षीया सिर्जना विश्वकर्मालाई ०८२ भदौ १० गते राति ताँजाकोट गाउँपालिका-२ घर भई सोही गाउँपालिका- ३ स्थित मैला स्वास्थ्य चौकीका इन्चार्ज ३५ वर्षीय लिलाराज शर्मा, सोही गाउँपालिका-२ घर भई स्वास्थ्य चौकीका कार्यालय सहयोगी ३२ वर्षीय रामबहादुर बुढा र सोही गाउँपालिका-३ का स्वास्थ्य चौकीका एम्बुलेन्स चालक ३० वर्षीय मंगल शाहीले दुर्व्यवहार गरेको भन्दै पीडितले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले भदौ ११ गते गिरफ्तार गर्‍यो। आरोपितहरुले मदिरा सेवन गरी पीडितको कोठामा गएर सामूहिक रुपमा अपशब्द बोल्नुका साथै दुर्व्यवहार समेत गरेको पीडितले आरोप लगाइन्। जिल्ला प्रशासन कार्यालयले आरोपितहरुलाई १०/१० हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो। जिल्ला प्रशासन कार्यालयको मंसिर १४ गतेको आदेशले आरोपितहरुलाई १०/१० हजार रुपियाँ जरिबाना गर्दै थप प्रतिव्यक्ति ४ सय रुपियाँका दरले पीडित राहत कोषमा जम्मा हुने गरी फैसला गरेको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र कुमार चन्दले बताए। पीडितको स्वास्थ्य परीक्षण भदौ १२ गते जिल्ला अस्पतालमा भयो।

**तालिका ५.६.३.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **जम्मा** |
| विद्यालयमा दिइने दण्ड सजाय | २ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | ११ | २ | | १३ |
| बलात्कार | २ | | | १ | ३ |
| जम्मा | २ | ११ | २ | १ | १६ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.४ जुम्ला

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,१८,३४९ |
| महिला | ५९,१२१ |
| घर परिवार सङ्ख्या | २४,४२२ |
| घरजग्गामा महिलाको स्वामित्व | २,३९४ |
| साक्षरता प्रतिशत | ७०.२० |
| आश्रित जनसङ्ख्या | ६०,०३३ |
| अपाङ्गता भएका | २,७०७ |




यस वर्ष जुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा २२ जना महिला र चार जना पुरुष गरी २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

### झडप

नवयुवा पुस्ताले ०८२ भदौ २४ गतेको गरेको प्रदर्शनका क्रममा चन्दननाथ नगरपालिकामा सुरक्षार्थ खटिएका सुरक्षाकर्मी र आन्दोलनकारी बीच झडप हुँदा नेपाल प्रहरीका आइतेराम तामाङ र नगर प्रहरीकी अनिता सुनार घाइते भए। घाइतेहरूको स्थानीय मेडिकलमा उपचार भयो।

### कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ८० महिला र १ सय २० जना पुरुष गरी २ सय जनाको छ। नवयुवा पुस्ताले भदौ २४ गते गरेको प्रदर्शनका क्रममा कारागारमा रहेका पाँच महिला र ९२ जना पुरुष गरी ९७ जना कैदीबन्दी मध्ये ३६ जना कारागार तोडफोड गरी फरार भए। कारागार प्रशासनले अपिल जारी गर्दै कैदीबन्दीहरूलाई पुनः कारागार फर्कन आग्रह गरेको थियो। प्रशासनको आग्रह र प्रहरीको सक्रियतामा २७ जनालाई गिरफ्तार गरी पुनः कारागार ल्याइएको, नौ जना वर्षको अन्त्यसम्म फरार रहे । वर्षको अन्त्यसम्म कारागारमा पाँच महिला र ६८ पुरुष गरी ७३ जना कैदीबन्दी रहेका छन्। एक जना आश्रित बालक रहेका छन्। कारागारमा दुई जना ज्येष्ठ नागरिक रहेको छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत रहेको जेलर गयाप्रसाद पाण्डले बताए।

### कुटपिट

#### अन्यपक्षबाट

तिला गाउँपालिका-५ का वडाध्यक्ष ललित बहादुर शाही र सोही गाउँपालिका-३ का वडाअध्यक्ष धन बहादुर शाहीमाथि ०८२ जेठ १८ गते विकास निर्माण कार्यको अनुगमन सकेर फर्कने क्रममा सोही गाउँपालिका-३ कुडारीका २६ वर्षीय लक्की बुढाले आक्रमण गरी घाइते बनाएको भन्दै पीडितहरूले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घाइतेहरूको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा उपचार भयो। प्रहरीले आरोपितलाई जेठ २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असार १५ गतेको इजलासले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### यातना

चन्दननाथ नगरपालिका-७ महतगाउँका ३४ वर्षीय प्रेम महतले आफूलाई प्रहरी हिरासतमै कुटपिट गरिएको आरोप लगाए। बसपार्कमा ०८१ चैत १६ गते भएको कुटपिटको घटनामा संलग्न रहेको भन्दै

**तालिका ५.६.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| यातना | | १ | १ | | | |
| घाइते | | | | १ | ३ | ४ |
| जातीय विभेद | | | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | | | १ | | १ |
| | जम्मा | | | १ | | १ |
| महिला अधिकार | घरेलु हिंसा | | | १६ | | १६ |
| | बलात्कार | | | ३ | | ३ |
| | जम्मा | | | १९ | | १९ |
| **कूल जम्मा** | | १ | १ | २२ | ४ | २६ |

(स्रोत : इन्सेक, २०२५)

गिरफ्तार गरिएका महतले प्रहरी हिरासतमै आफूमाथि कुटपिट भएको आरोप लगाए। कुटपिटका कारण महतको टाउकोमा चोट लागेको र लुगासमेत च्यातिएको थियो। डीएसपी छेदिलाल कामतीले हिरासतमा कसैलाई पनि यातना नदिएको प्रतिक्रिया दिए।

### बाल अधिकार

यस वर्ष जुम्ला जिल्लामा बलात्कार घटनामा एक बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### बलात्कार

१४ वर्षीया बालिकालाई ०८२ वैशाख १ गते बलात्कार गरेको भन्दै गुठीचौर गाउँपालिका- ३ गज्याङकोटका २४ वर्षीय भीमप्रसाद कठायतविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको भदौ ३० गतेको इजालसले आरोपितलाई चार महिना कैद र ४ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २०, विवाह दर्ता, जन्मदर्ता, नागकिता नबनाएका चार र घरायसी झगडाका १० उजुरी छन्। यीमध्ये ३३ उजुरीमा मेलमिलाप भयो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रविनबाबु रेग्मीले बताए।

यो वर्ष जुम्ला जिल्लामा बलात्कारका घटनामा तीन र घरेलु हिंसाका घटनामा १६ जनासहित १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### जातीय विभेद

हिमा गाउँपालिका - १ देवार गाउँका २७ वर्षीय यूनेश परियारलाई २०८१ फागुन २५ गते सोही गाउँका ३० वर्षीय करदल शाहीले जातीय विभेद गरेको आरोपमा ०८२ बैशाख २४ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी दिए। आरोपित फरार छन्। प्रहरीले सरकारी वकिलमार्फत जिल्ला अदालत जुम्लामा जेठ २३ गते जातीय विभेदको मुद्दा दायर गरेको छ।

### सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार

गाउँमा अहिले पनि जातीय विभेद झल्किने खानेपानीका संरचना देखिएका छन्। चन्दननाथ नगरपालिका-६ छिनागाउँमा र सोही नगरपालिका-७ मिचा गाउँमा खानेपानीका दुई/दुई ओटा सार्वजनिक धारा छन्। तिनै धारामा दलित र गैरदलित समुदायका व्यक्तिहरूले आ-आफ्ना धाराबाट खानेपानी भर्ने गरेका छन्। एकले अर्को समुदायको धारामा गएर पानी भर्न पाइँदैन। पुस्तौँ पहिले दलित समुदाय र गैरदलित समुदायका लागि धारा विभाजन गरिएको थियो। त्यही चलन अहिले पनि कायम नै छ। दलित र गैरदलित समुदायका व्यक्तिले आफ्नो तोकिएकै धारामा पानी भर्ने गर्दछन्।

### भौतिक संरचना क्षति/निजी सम्पत्ति क्षति

तिला गाउँपालिकाको कार्यालयमा ०८२ भदौ २५ गते एम्बुलेन्स उपलब्ध नभएको भन्दै सोही गाउँपालिका-३ स्थित कुडारी, खोलीगाउँका युवाहरूले तोडफोड गरी तालाबन्दी गरे। सोही गाउँपालिका- ३ की एक महिलालाई सुत्केरी बेथा लागेपछि स्थानीय युवाले अस्पताल लैजान पालिकाको एम्बुलेन्स पठाउन फोन गरेको र एम्बुलेन्स चालक आउन ढिला गरेको भन्दै उनीहरूले कार्यालयमा तोडफोड गरेका थिए।

तोडफोडबाट कार्यालयको सीसी क्यामेरा, सूचना पार्टी, झ्याल, ढोका, डिजिटल बोर्ड लगायत सामग्रीमा क्षति पुगेको गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गतेको गरेको प्रदर्शनका क्रममा आन्दोलनकारीहरूले नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेमकिपा र राष्ट्रिय प्रजातन्त्र पार्टीको कार्यालय तोडफोड गर्नुका साथै आगजनी गरे। आन्दोलनकारीहरूले चन्दननाथ नगरपालिकाको कार्यालयमा समेत तोडफोड र आगजनी गरेका थिए। तोडफोडबाट नगरपालिका कार्यालयमा १ करोड ५० लाख रुपियाँको क्षति, नेपाली काँग्रेसको पार्टी कार्यालयमा ८ लाख नेकपा एमाले पार्टी कार्यालयमा १८ लाख र राप्रपाको पार्टी कार्यालयमा ३ लाख ५० हजार रुपियाँ बराबरको क्षति भयो। आन्दोलनका क्रममा नगरपालिकाको दमकल, एम्बुलेन्स, शवबहान, डोजर र दुईओटा जीप क्षतिग्रस्त भयो।

तिला गाउँपालिका-६ निवासी सोही गाउँपालिका अध्यक्ष ६२ वर्षीय मोतीलाल रोकायाले प्रयोग गर्दै आएको सरकारी गाडीमा ०८२ जेठ २८ गते पहिचान नखुलेको समूहले तोडफोड गऱ्यो। सोही गाउँपालिका चार नम्बर वडाले आयोजना गरेको बालविवाह मुक्त वडा घोषणा कार्यक्रममा पार्किङ गरिराखेको गाडी तोडफोड गरिएको थियो।

### स्वास्थ्यको अधिकार

डोल्पा जिल्ला मुड्केचुलाका गाउँपालिका-७ का ४० वर्षीय धर्म विकको ०८१ पुस २७ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डायलासिस सेवा सुचारु नभएको र समयमै अस्पतालले उपचारको लागि रेफर नगरेको कारण प्रतिष्ठानमै मृत्यु भयो।

**तालिका ५.६.४.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिला | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १५ | १ | | १६ |
| बलात्कार | | १ | २ | ३ |
| जम्मा | १५ | २ | २ | १९ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.५ कालीकोट




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,४५,२९२ |
| महिला | ७३,०४७ |
| घर परिवार सङ्ख्या | २६,७७० |
| घरजग्गामा महिलाको स्वामित्व | १,१३२ |
| साक्षरता प्रतिशत | ७२.७२ |
| आश्रित जनसङ्ख्या | ८२,९५४ |
| अपाङ्गता भएका | ४,२४५ |

यस वर्ष कालीकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा २४ महिला र दुई पुरुष गरी २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना महिला पीडित भए।

**कारागार र बन्दी**

जिल्ला कारागारको क्षमता १० जना महिला र १५ जना पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा चार जना महिला र ४१ जना पुरुष गरी ४५ जना कैदीबन्दी छन्। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त छ। जसका कारण कैदीबन्दीको स्वास्थ्य उपचारमा समस्या भएको कारागार प्रशासक मानबहादुर बिकले बताए।

**तालिका ५.६.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| धम्की | | १ | १ | | २ | २ |
| जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | २ | | २ |
| महिला अधिकार | घरेलु हिंसा | | | १३ | | १३ |
| | बलात्कार | | | ३ | | ३ |
| | बोक्सीको आरोपमा | | | २ | | २ |
| | बलात्कार प्रयास | | | २ | | २ |
| | पारिवारिक हत्या | | | १ | | १ |
| | जम्मा | | | २१ | | २१ |
| **कूल जम्मा** | | १ | १ | २४ | २ | २६ |

(स्रोत : इन्सेक, २०२५)

**धम्की**

**राज्यपक्षबाट**

रास्कोट नगरपालिका-८ निवासी ज्वाला खबर अनलाइनमा कार्यरत पत्रकार ३२ वर्षीय कर्णबहादुर विश्वकर्मालाई ०८२ वैशाख २७ गते समाचारको विषयलाई लिएर रास्कोट नगरपालिका-१ निवासी नेकपा माओवादी केन्द्र, कर्णाली प्रदेश सदस्य एवम् रास्कोट नगरपालिकाका नगर प्रमुख ४१ वर्षीय धर्मराज शाहीले फेसबुक म्यासेञ्जर मार्फत धम्की दिएको भन्दै वैशाख २८ गते जिल्ला प्रशासन

कार्यालयमा उजुरी दिए। ज्वाला खबर अनलाइनमा 'पूर्व मुख्यमन्त्रीदेखि स्थानीय माओवादी कार्यकर्ताको कमिसन काण्ड, रास्कोटका विद्यालयमा मात्र लाखौँ असुली' शीर्षकमा समाचार प्रकाशन गरेको भन्दै शाहीले मारिदिने धम्की दिएको पीडितले बताए। यो वर्षको अन्त्यसम्म उजुरीउपर कुनै कारबाही भएन।

### अन्यपक्षबाट

शुभकालिका गाँउपालिका-३ निवासी रेडियो चंखेलीमा कार्यरत पत्रकार ३५ वर्षीय खडानन्द अधिकारी र सोही ठाउँका कारोबार दैनिकमा कार्यरत पत्रकार २८ वर्षीय किरण अधिकारीलाई ०८२ भदौ ५ गते समाचारको विषयलाई लिएर सोही गाउँपालिका-३ स्थित जनज्योति माध्यमिक विद्यालय, भर्ताका विद्यालय व्यवस्थापन समिति अध्यक्ष ४१ वर्षीय प्रेमप्रकाश जैशी र सोही विद्यालयका प्रधानाध्यापक ४७ वर्षीय तुलाराम धितालले हत्या गर्ने धम्की दिएको पीडितले आरोप लगाए। रेडियोमा 'विद्यालयको लाखौँ रकम हिनामिना' शीर्षकमा समाचार प्रसारण तथा सामाजिक सञ्जालमा प्रकाशन गरेको भन्दै फोनमार्फत तीन दिनभित्र प्रमाणसहित विद्यालयमा उपस्थित हुन र नभए हत्या गरिदिने धम्की दिएको पीडितहरूले बताए। पीडितहरुले आरोपितहरुविरुद्ध भदौ ५ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। यो वर्षको अन्त्यसम्म उजुरीउपर कुनै कारबाही भएन।

## बाल अधिकार

यस वर्ष कालीकोट जिल्लामा बलात्कार घटनामा एक र यौन दुर्व्यवहारका घटनामा एक गरी दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भन्दै २३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये २१ उजुरीमा मेलमिलाप भयो भने दुई उजुरी कारबाहीको प्रक्रियामा रहेको सेवा केन्द्रकी असइ पञ्चकन्या गिरीले बताइन्।

यो वर्ष कालीकोट जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा दुई, बोक्सीको आरोप घटनामा दुई र घरेलु हिंसाका घटनामा १३ गरी २० जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यस वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

### 'बोक्सी'को आरोप

खाँडाचक्र नगरपालिका-१ का २० वर्षीया मन्दरा विकलाई 'बोक्सी'को आरोप लगाई धम्की दिएको भन्दै सासू ४१ वर्षीया तुल्सी विकविरुद्ध पीडितले ०८१ फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलालाई आरोपितले 'बोक्सी' आरोपमा गालिगलौज गर्नुका साथै हत्या गर्ने धम्कीसमेत दिएको पीडित पक्षको आरोप छ। वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

४० वर्षीया महिलालाई ०८२ साउन २९ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै शुभकालिका गाउँपालिका-५ का ४५ वर्षीय शिवप्रसाद अधिकारी विरुद्ध पीडितले भदौ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कुटपिटबाट घाइते पीडितको स्वास्थ्य चौकी, राराकाटियामा उपचार भयो। प्रहरीमा उजुरी दिएलगत्तै आरोपित फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी इन्सपेक्टर गोविन्द चौधरीले बताए। यस वर्षको अन्त्यसम्म पनि आरोपित फरार रहे।

### पारिवारिक हत्या

शुभकालिका गाउँपालिका-४ ठानाकी २७ वर्षीया प्रकृति शाहीको कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ३१ वर्षीय पति परेक शाही र २५ वर्षीय देवर नरेन्द्र शाहीलाई ०८२ मङ्सिर १५ गते गिरफ्तार गर्‍यो। आरोपितले मङ्सिर १४ गते पत्नीलाई हत्या गरेको भन्दै माइती पक्षले पति र देवर विरुद्ध मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालय, कालीकोटमा उजुरी दिएको थियो। जिल्ला अदालतको पुस ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीले खाँडाचक्र नगरपालिका-१ स्थित नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पार्टी कार्यालयमा तोडफोड गरे।

**तालिका ५.६.५.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ११ | २ | | १३ |
| बलात्कार | | | ३ | ३ |
| बलात्कार प्रयास | | | २ | २ |
| 'बोक्सी'को आरोप | | २ | | २ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | ११ | ४ | ६ | २१ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.६ दैलेख

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५२,३१३ |
| महिला | १,३१,५३९ |
| घर परिवार सङ्ख्या | ५४,५९४ |
| घरजग्गामा महिलाको स्वामित्व | ४,५४३ |
| साक्षरता प्रतिशत | ७५.५० |
| आश्रित जनसङ्ख्या | १,३८,५३४ |
| अपाङ्गता भएका | ७,९६० |




यस वर्ष दैलेख जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ६३ महिला र नौ पुरुष गरी ७२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २० महिला र ८० पुरुष गरी १ सय जनाको रहेको छ। कारागारमा १६ जना महिला र १ सय ५२ जना पुरुष गरी १ सय ६८ जना कैदीबन्दी छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेब दरबन्दी रहेकोमा कार्यरत छन्।

## यातना

चामुण्डाबिन्द्रासैनी नगरपालिका-५ का २३ वर्षीय प्रकाश थापा, वडा नम्बर ४ का ३१ वर्षीय सुशील शाही र नम्बर ८ का ३२ वर्षीय लोकेश बुढालाई ०८२ कात्तिक २७ गते साँझ जम्बुकाँध प्रहरी चौकीका इञ्चार्ज असई धनसिंह ठकुरीले शरीरमा नीलडाम हुने गरी कुटपिट गरेको पीडितहरूले आरोप लगाए। प्रहरी चौकी नजिकैको एक होटलमा मदिरा खाइ हल्ला गरेको आरोपमा इञ्चार्ज ठकुरीले प्रहरी चौकीको प्राङ्गणमा कान समाएर घोप्टो पर्न लगाइ तीनै जनालाई ढाड र तीघ्रामा कुटपिट गरेपछि स्थानीय र प्रहरी कर्मचारीले रोकेको पीडितले बताए। आरोपित असइको दुई वर्षसम्म बढुवा रोक्का गर्ने निर्णय भएको जिल्ला प्रहरी कार्यालय दैलेखका इञ्चार्ज डीएसपी गणेशबहादुर बरालले बताए।

## बाल अधिकार

यस वर्ष दैलेख जिल्लामा बलात्कार घटनामा १५, हाडनाता करणीका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा तीन, बेचबिखन तथा ओसारपसार घटनामा एक र विद्यालयमा दिइने दण्ड सजाय घटनामा दुई जना गरी २२ बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१६ वर्षीया बालिकालाई ०८१ पुस २३ गते बलात्कार गरेको आरोपमा भगवतीमाई गाउँपालिका-७ बडाभैरबका २३ वर्षीय गणेशबहादुर बिकविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २९ गते दैलेख अस्पतालमा भयो। आरोपितलाई प्रहरीले गिरफ्तार गर्न नपाउँदै पुस २५ गते नै फरार भई भारततर्फ गएको जिल्ला प्रहरी कार्यालय दैलेखका सूचना अधिकारी इन्स्पेक्टर लालबहादुर सुनारले जानकारी दिए। पीडित बालिका पहिल्यैदेखि बौद्धिक

| तालिका ५.६.६.१ | घटनाको प्रकारअनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | २ | २ | १ | २ | ३ |
| घाइते | | १ | १ | | १ | १ |
| हत्या | | | | | ६ | ६ |
| धम्की | | | | २ | | २ |
| जातीय विभेद | | | | १ | | १ |
| बाल अधिकार | विद्यालयमा दिइने दण्ड सजाय | | | २ | | २ |
| | बेचबिखन तथा ओसारपसार | | | १ | | १ |
| | बलात्कार | | | १५ | | १५ |
| | सामूहिक बलात्कार | | | १ | | १ |
| | यौन दुर्व्यवहार | | | ३ | | ३ |
| | जम्मा | | | २२ | | २२ |
| महिला अधिकार | घरेलु हिंसा | | | २८ | | २८ |
| | बलात्कारपछि हत्या | | | १ | | १ |
| | बलात्कार | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | पारिवारिक हत्या | | | २ | | २ |
| | जम्मा | | | ३७ | | ३७ |
| **कूल जम्मा** | | ३ | ३ | ६३ | ९ | ७२ |

(स्रोत : इन्सेक, २०२५)

अपाङ्गता भएकी बालिका हुन्। आरोपित हालसम्म फरार छन्।

### सामूहिक बलात्कार

१३ वर्षीया बालिकालाई ०८२ साउन २२ गते बलात्कार गरेको भन्दै चामुण्डाबिन्द्रासैनी नगरपालिका-५ का २५ वर्षीय खगेन्द्र भण्डारी र सोही ठाउँका २४ वर्षीय गोबिन्दबहादुर शाहीविरुद्ध पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई साउन २३ गते प्रहरीले गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत भदौ १५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको सोही दिनको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### यौन दुर्व्यवहार

१२ र ११ वर्षीया बालिकालाई ०८२ वैशाख १ गते यौन दुर्व्यवहार गरेको भन्ने उजुरीका आधारमा आठबीस नगरपालिका-७ तिलेपाटाकी ४३ वर्षीय कपिल शाहीलाई प्रहरीले वैशाख १ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको असार १२ गतेको इजलासले आरापितलाई कसुर ठहर गर्दै ६ महिना कैद र ५ हजार रुपियाँ जरिबानाको फैसला गरेको अदालतका स्रेस्तेदार बीरेन्द्रबहादुर मल्लले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय १८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये १ सय ९८ उजुरीमा मेलमिलाप भयो। १४ उजुरी अदालती प्रक्रियामा गयो भने ६ उजुरीमा छलफल चलिरहेको जिल्ला प्रहरी कार्यालयका इञ्चार्ज डीएसपी गणेशबहादुर बरालले बताए।

यो वर्ष दैलेख जिल्लामा बलात्कारका घटनामा पाँच, यौन दुर्व्यवहार घटनामा एक र घरेलु हिंसाका घटनामा २८ गरी ३४ जना महिला पीडित भएको

इन्सेकले अभिलेख गऱ्यो। यस वर्ष बलात्कारपछि एक र परिवारबाट दुई जना महिलाको हत्या भयो।

### बलात्कारपछि हत्या

५३ वर्षीया महिलाको ०८१ कात्तिक १६ गते बलात्कारपछि हत्या गरेको आरोपमा भैरबी गाउँपालिका-४ भैरीका ३१ वर्षीय महेन्द्रबहादुर शाहीलाई प्रहरीले ०८२ कात्तिक २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

### जातीय विभेद

आठबीस नगरपालिका-७ बेरुपाटाकी २९ वर्षीया दिपशिखा बिकमाथि आठबीस नगरपालिका-८ तिलेपाटाकी ३३ वर्षीया रमिता रावलले ०८२ कात्तिक १५ गते धारामा पानी भर्ने क्रममा पानी धेरै भरेको भन्ने विषयमा विवाद हुँदा जातीय हिसाबले होच्याउने शब्द प्रयोग गर्दै कुटपिट भयो। आठबीस नगरपालिका-४ राकमबजारमा सँगै जोडिएका घरमा व्यापार व्यवसाय गर्ने भएको कारण घटनाको सम्बन्धमा सामाजिक सञ्जालमा चर्चा भएको थियो। सामाजिक दवावका कारण कानुनी उपचारमा जान नसकेको तर अहिले पनि बोलीचाली बन्द भएको र सहज नभएको पीडित पक्षले इन्सेकलाई बतायो।

**तालिका ५.६.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.६.६.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कानुनी दायरामा नल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा दिइने दण्ड सजाय | | | | २ | २ |
| बेचबिखन तथा ओसारपसार | १ | | | | १ |
| बलात्कार | ३ | ३ | ९ | | १५ |
| सामूहिक बलात्कार | | | १ | | १ |
| यौन दुर्व्यवहार | ३ | | | | ३ |
| जम्मा | ७ | ३ | १० | २ | २२ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | ३४ | १ | ३ | ३८ |
| बलात्कारपछि हत्या | | | | १ | १ |
| बलात्कार | २ | | १ | २ | ५ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| पारिवारिक हत्या | | | | २ | २ |
| जम्मा | २ | ३४ | २ | ९ | ३७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ८ | ९ |

(स्रोत : इन्सेक, २०२५)




# ५.६.७ जाजरकोट

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,८९,३६० |
| महिला | ९५,२९७ |
| घर परिवार सङ्ख्या | ३७,४५३ |
| घरजग्गामा महिलाको स्वामित्व | २,४७५ |
| साक्षरता प्रतिशत | ७५.५० |
| आश्रित जनसङ्ख्या | १,०६,६९२ |
| अपाङ्गता भएका | ९,३६३ |

यस वर्ष जाजरकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ६७ जना महिला र १७ जना पुरुष गरी ८४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६१ जना महिला पीडित भए।

### पुनर्निर्माणमा ढिलाइ

२०८० कात्तिक १७ गते जाजरकोटको बारेकोटलाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण घरबास गुमाएका पीडितहरू साढे दुई वर्ष बितिसक्दा पनि अस्थायी टहरामै जीवन बिताइरहेका छन्। पुनर्निर्माणका लागि जाजरकोटमा ४० हजार ४१ लाभग्राही कायम भएका छन्। सरकारले भूकम्प पीडितको अस्थायी आवासका लागि दुई किस्तामा गरी २५/२५ हजार रुपियाँका दरले ५० हजार रुपियाँ उपलब्ध गराएको थियो। त्यसमध्ये जाजरकोटमा २५ हजार लाभग्राहीलाई मात्र दोस्रो किस्ताको रकम वितरण गरियो। सङ्घीय सरकारले भूकम्पपीडितको घर निर्माणका लागि ४ लाख रुपियाँ दिने कार्यविधि बनाएको छ। तर सरकारले पुनर्निर्माणमा बेवास्ता गरेको भन्दै कतिपय भूकम्प प्रभावितले आफैँ घर निर्माण गरे।

०८२ पुस २९ गते भूकम्पपीडितले पुनर्निर्माणको काममा ढिला सुस्ती भएको भन्दै प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल मार्फत सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रमुख जिल्ला अधिकारी पौडेलले भेरी नगरपालिकाका ६ सय २१ लाभग्राहीको पुनर्निर्माणको प्रक्रिया अघि बढे पनि अन्य पालिकाको काममा ढिलाई भएको बताए।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार जाजरकोटमा १४ हजार २ सय ४५ निजी घरको पुनर्निर्माण र १२ हजार ७ सय ४४ घरको मर्मत (प्रबलीकरण) गर्नुपर्ने डीडीए प्रतिवेदनमा देखिएको छ। प्रबलीकरणमा परेका परिवारले बढीमा ३ लाख रुपियाँसम्म अनुदान पाउनेछन्।

सरकारले क्षतिग्रस्त आवास पुनर्निर्माणका लागि सम्झौता गरेको रकम दिनुपर्ने, जोखिम घर भत्काएर नयाँ बनाइएका घरको सरकारले तोके अनुसार रकम निकासा दिनुपर्ने, विस्तृत क्षतिको मूल्याङ्कन प्रतिवेदनमा समावेश नगरेका जनताका गुनासा तत्काल सम्बोधन गरी प्रतिवेदन सुधार गर्नुपर्ने, कार्यसम्पन्न भएका प्रतिवेदन आउन बाँकी सबैको विवरण छिटो ल्याउनुपर्ने, विस्तृत क्षतिको विवरण आँकलन गर्न बाँकी (डिडिए) को कार्य सम्पन्न गरिनुपर्ने भूकम्पपीडितहरुको माग छ।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ जनाको रहेको छ। जिल्ला कारागारमा कात्तिक २० गतेसम्म ६७ जना कैदीबन्दी रहेका थिए। ४९ पुरुष र ४० जना महिलाका

लागि कारागारको नयाँ भवन निर्माण कार्य सुरु भएपछि कात्तिक २१ गते ४२ जना कैदीबन्दीलाई बाँकेको नौबस्ता र ६ जनालाई सुर्खेतमा स्थानान्तरण गरिएको जेलर चन्द्रबहादुर गिरीले बताए। वर्षको अन्त्यसम्म कारागारमा १९ जना कैदीबन्दी रहेको जेलर गिरीले बताए।

**तालिका ५.६.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | १ | ८ | ९ |
| घाइते | | | | | ४ | ४ |
| धम्की | | | | १ | १ | २ |
| हत्या | | | | १ | ३ | ४ |
| कारागारमा मृत्यु | | १ | १ | | | |
| अमावीय व्यवहार | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | १ | | १ |
| | जम्मा | | | ३ | | ३ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५५ | | ५५ |
| | बलात्कार | | | ६ | | ६ |
| | जम्मा | | | ६१ | | ६१ |
| **कूल जम्मा** | | १ | १ | ६७ | १७ | ८४ |

(स्रोत : इन्सेक, २०२५)

### कारागार मृत्यु

भेरी नगरपालिका-१०, आलीका २७ वर्षीय दिपक बुढा ०८२ वैशाख २८ गते कारागारमा झुण्डिएको अवस्थामा फेला परे। बुढा वैशाख ५ गते जिल्ला अदालतको आदेशमा जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा थिए। बुढा कारागारभित्रको शौचालयको भेन्टिलेसनको सरियामा झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्तकुमार शर्माले बताए। शवको वैशाख २८ गते पोष्टमार्टम गरी परिवारले भेरी नगरपालिका-१० स्थित घाटमा सद्‌गत गरे। जिल्ला अदालतको जेठ २५ गतेको आदेशले आरोपितलाई अभियोग दावी नपुग्ने ठहर गरेको अदालतका निमित्त स्रेस्तेदार गौरवसुन्दर श्रेष्ठले बताए।

## कुटपिट

### अन्यपक्षबाट

कुशे गाउँपालिका-१ का २१ वर्षीय निमेश थापालाई चोरी गरेको आरोपमा ०८२ पुस १३ गते कुटपिटसँगै जुत्ताको माला र मोसो लगाएको भन्दै कुशे गाउँपालिका-३ का २५ वर्षीय कर्ण बस्नेत, पुर्ण दमाई, सोही गाउँपालिका- १ का २५ वर्षीय शेरबहादुर चलाउने, चन्द्रबहादुर चलाउने, दीपक चलाउने, सोही गाउँपालिका- ४ का ३३ वर्षीय जनक जैसी, जीवन जैसी, सोही गाउँपालिका- ६ का २१ वर्षीय दीपक सिंह, बम काजीविरुद्ध पीडित पक्षले पुस १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले पुस १३ गते गिरफ्तार गर्‍यो।

बाराको कलैया उपमहानगरपालिका-३ घर भइ हाल भेरी नगरपालिका-३ तल्लो थाप्ले स्थित डिभिजन वन कार्यालयमा कार्यरत कार्यालय प्रमुख ४५ वर्षीय अमरप्रसाद साहलाई ०८२ असार २२ गते कुटपिटसँगै दुर्व्यवहार गरेको भन्दै भेरी नगरपालिका-७ पुन्माका ३० वर्षीय विराजन शाही, भेरी नगरपालिका-३ का १९ वर्षीय आषिश विक्रम शाही र सोही नगरपालिका- ४ का १९ वर्षीय कुशल केएमविरुद्ध पीडितले असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले साउन ९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको साउन २१ गतेको इजलासले आरोपितहरूमध्ये विराजनलाई १ लाख ५० हजार, कुशललाई १ लाख २५ हजार र आशिषलाई ७५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्तकुमार शर्माले बताए।

कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेत, कुशे गाउँपालिका-३ का ३९ वर्षीय नवराज शाही र २८ वर्षीय दीपेन्द्र सिंहलाई छेडागड नगरपालिका-५ स्थित चङ्खेलीमा ०८२ असोज १२ गते खुकुरी प्रहार गरेर घाइते बनाएको आरोपमा कुशे गाउँपालिका-३ का २५ वर्षीय प्रकाश बस्नेत सोही ठाउँका २१ वर्षीय रामु बस्नेत, छेडागाड नगरपालिका-५ का २० वर्षीय हेमराज खत्री र सोही वडाका एक जना बालकविरुद्ध सोही दिन पीडितले उजुरी दिए। खुकुरी प्रहार गरी फरार रहेका चार जना आरोपितलाई प्रहरीले शिवालय गाउँपालिका-१ छेडाचौरबाट असोज २१ गते गिरफ्तार

गर्‍यो। जिल्ला अदालतको ०८२ कात्तिक २ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा फैसला भएन।

कुशे गाउँपालिका-५ स्थित सडकमा ०८२ जेठ ६ गते वडा नम्बर ८ का २१ वर्षीय आनन्द सिंहलाई वडा नम्बर ७ का २७ वर्षीय दीपेन्द्र सिंह, २७ वर्षीय तप्तबहादुर शाही र २० वर्षीय भिम सिंहले कुटपिट गरेको भन्दै पीडितले जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको उपचार सोही दिन जिल्ला अस्पताल जाजरकोटमा भयो। प्रहरीले जेठ ११ गते आरोपितहरूलाई काठमाडौँबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतले असार १७ गते सबै आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

इलाका प्रहरी कार्यालय रिम्नामा कार्यरत प्रहरी सहायक निरीक्षक ३५ वर्षीय हरिसबहादुर पाललाई ०८२ असार २१ गते भेरी नगरपालिका-१ रिम्नाका २९ वर्षीय सुनिल चदाराले हातपात गरेको भन्दै पीडितले असार २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ३० गते गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालयको असार ३० गतेको आदेश अनुसार ५ हजार रुपियाँ धरौटीमा रिहा भएका आरोपितलाई असोज २७ गतेको इजलासले ४ हजार रुपियाँ जरिबानाको फैसला गरेको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले बताए।

अस्थायी प्रहरी पोस्ट, सुयाडामा ड्युटीमा खटिएका प्रहरी असई ३८ वर्षीय खड्कबहादुर खड्कालाई ०८२ असोज १९ गते 'जेनजी हुँ' भन्दै गालीगलौज र हातपात गरेको आरोपमा जुनिचाँदे गाउँपालिका-३ का २४ वर्षीय लोकेन्द्र नाथ योगीलाई प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालयले कात्तिक ३ गते योगीलाई १० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्ने आदेश गरेको प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले बताए।

### बाल अधिकार

यस वर्ष जाजरकोट जिल्लामा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहारका घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

#### यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०८१ फागुन १ गते यौन दुर्व्यवहार गरेको आरोपमा बारेकोट गाउँपालिका-१ सिल्पाचौरका २८ वर्षीय विशाल नेपालीविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ असार ३१ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १२ वर्ष ६ महिना कैद, ५ लाख रुपियाँ जरिबानाको फैसला गरेको अदालतका निमित्त स्रेस्तेदार धर्मबहादुर बुढाले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५१, खान लाउन नदिएको १३, हेला गरेको ११ उजुरी छन्। यीमध्ये प्रहरीले ६२ उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कारबाहीको प्रक्रियामा रहेको र १२ उजुरी अन्य निकायमा गएको सेवा केन्द्रका प्रहरी निरीक्षक एक्कबहादुर नेपालीले बताए।

यो वर्ष जाजरकोट जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा ५५ गरी ६१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### आगजनी

कुशे गाउँपालिका-४ को वडा कार्यालयमा ०८२ भदौ २५ गते राती सोही ठाउँका ३८ वर्षीय हरिबहादुर सिंहले आगजनी गरे। आरोपितविरुद्ध भदौ ३१ गते सोही गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेतले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असोज ५ गते गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालयको मङ्सिर ७ गतेको इजलासले आरोपितलाई ७५ हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्तकुमार शर्माले बताए।

**तालिका ५.६.७.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | २ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ४६ | १ | ८ | ५५ |
| बलात्कार | | ४ | २ | ६ |
| जम्मा | ४६ | ५ | १० | ६१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | ३ | १ | ५ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.८ रुकुम पश्चिम

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,६६,७४० |
| महिला | ८५,६४९ |
| घर परिवार सङ्ख्या | ३७,२९० |
| घरजग्गामा महिलाको स्वामित्व | ५,५८७ |
| साक्षरता प्रतिशत | ७५.७४ |
| आश्रित जनसङ्ख्या | ८७,३४६ |
| अपाङ्गता भएका | ४,२१६ |




यस वर्ष रुकुम पश्चिम जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ५७ जना महिला र १७ जना पुरुष गरी ७४ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

**तालिका ५.६.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | २ | १२ | १४ |
| घाइते | | २ | ४ | ६ |
| अमानवीय व्यवहार | | १ | | १ |
| हत्या | | १ | १ | २ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | हाडनाता करणी | २ | | २ |
| | यौन दुर्व्यवहार | २ | | २ |
| | जम्मा | ७ | | ७ |
| महिला अधिकार | घरेलु हिंसा | ३३ | | ३३ |
| | बलात्कार | ६ | | ६ |
| | बलात्कार प्रयास | ४ | | ४ |
| | पारिवारिक हत्या | १ | | १ |
| | जम्मा | ४४ | | ४४ |
| **कूल जम्मा** | | ५७ | १७ | ७४ |

(स्रोत : इन्सेक, २०२५)

## सुरक्षित आवासको अधिकार

जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर ०८० कात्तिक १७ गते गएको भूकम्पबाट रुकुम पश्चिम जिल्ला प्रभावित भयो। भूकम्पका कारण जिल्लामा ३४ हजार ९ सय ९७ घर पूर्ण तथा आंशिक रूपमा क्षतिग्रस्त भए। भूकम्प गएको साढे दुई वर्ष बितिसक्दा पनि पुनर्निर्माणले अपेक्षित गति लिन नसक्दा हजारौं भूकम्प पीडित सुरक्षित आवासको अधिकारबाट वञ्चित छन्। भूकम्पपछि अधिकांश पीडित जस्तापाताको छानो र काठले बारेको अस्थायी टहरामा बस्न बाध्य छन्। हिउँदको कठ्याङ्ग्रिदो चिसोमा टिनको छानाबाट झर्ने शीतले शरीर भिज्ने, सिरक-ओछ्यान चिसिने र रातभर जाग्राम बस्नुपर्ने अवस्था सिर्जना भएको पीडितले बताए। ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती तथा सुत्केरी महिला र दीर्घरोगीहरू चिसोका कारण बढी जोखिममा परेका छन्। पर्याप्त पोषणयुक्त खाना, सुरक्षित आवास र सहज स्वास्थ्य सेवा नपाउँदा भूकम्प पीडितहरू बिरामी पर्न थालेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गरेको विस्तृत क्षति

आकलनका आधारमा रुकुम पश्चिम जिल्लामा भूकम्पबाट प्रभावितमध्ये ८ हजार ५ सय ७६ लाभग्राहीको नाम आवास पुनर्निर्माण तथा प्रबलीकरणका लागि अनुमोदन भएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। तर, अनुमोदन भएका लाभग्राहीले पनि अस्थायी आवास निर्माणको दोस्रो किस्ता समयमै प्राप्त गर्न नसकेको गुनासो गरेका छन्। चारवटा स्थानीय तहका लाभग्राहीको मात्र नाम अनुमोदन हुँदा बाँकी प्रभावित अझै सूचीकृत हुन सकेका छैनन्। पुनर्निर्माण प्रक्रिया ढिलाइ हुँदा भूकम्प पीडितको सुरक्षित आवासमा बस्न पाउने अधिकार प्रभावित भएको छ। राज्यले पुनर्निर्माणको काम तीव्र पार्दै अस्थायी आवासमा बसिरहेका ज्येष्ठ नागरिक, बालबालिका, सुत्केरी महिला, दीर्घरोगी तथा आर्थिक रूपमा कमजोर वर्गलाई प्राथमिकताका साथ न्यानो र सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने देखिएको छ।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको रहेको छ। कारागारमा ६ महिला र १ सय २९ पुरुष गरी १ सय ३५ जना कैदीबन्दी छन्। कारागारमा क्षमता भन्दा पाँच गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुनुपर्ने अवस्था रहेको छ। स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागार भवन जीर्ण भएकाले व्यवस्थामा समस्या हुने गरेको निमित्त कारागार प्रशासक अकवीर घर्तीले बताए। कारागारमा ०८२ भदौ २४ गतेसम्म १ सय ५८ जना कैदीबन्दी थिए। नवयुवा पुस्ताले गरेको भदौ २४ गतेको प्रदर्शनका क्रममा कारागारमा रहेका ८८ जना पुरुष कैदीबन्दीहरूले भवनमा तोडफोड गर्दै भागे। जसमध्ये ७१ जनालाई प्रशासनको समन्वयमा प्रहरीले गिरफ्तार गरी कारागारमा बुझायो। वर्षको अन्त्यसम्म १७ जना कैदीबन्दी फरार रहेका छन्।

रुकुमपश्चिम  कारागारका बन्दी २९ वर्षीय दिनेश शर्मालाई ०८२ कात्तिक १६ गते कारागार भित्रै रहेका मुसिकोट नगरपालिका ३ का ३० वर्षीय खिमराज सुनार, चौरजहारी नगरपालिका-२ का २७ वर्षीय लक्ष्मण भन्ने सञ्चित राना र चौरजहारी नगरपालिका-१ का २३ वर्षीय रोमनसिंह गोसाईले कुटपिट गरे। पीडितको जिल्ला अस्पताल, सल्लेमा उपचार भयो। आरोपितहरूलाई प्रहरीले कात्तिक १७ गते गिरफ्तार

**तालिका ५.६.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

गऱ्यो। जिल्ला अदालतको मङ्सिर ८ गतेको इजलासले आरोपितहरूबाट १०-१० हजार रुपैयाँ धरौटी माग गरी पुरानै मुद्दामा पुन: कारागार पठाउने आदेश दियो।

## बाल अधिकार

यस वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कार घटनामा तीन, हाडनाता करणीका दुई र यौन दुर्व्यवहारका घटनामा दुई जना गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७३ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिबाट धम्की र गालीगलौजका ३९, मादक पदार्थ सेवन गरी कुटपिटका २२ र खान लाउन नदिएको १२ उजुरी छन्। यीमध्ये ५० उजुरीमा मेलमिलाप भयो भने २३ उजुरीहरू सम्बन्धित निकायमा पठाएको सेवा केन्द्रका असइ सङ्गम बस्नेतले बताए।

यो वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयास घटनामा चार र घरेलु हिंसाका घटनामा ३३ जना गरी ४३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष परिवारबाट एक जना महिलाको हत्या भयो।

## पारिवारिक हत्या

चौरजहारी नगरपालिका-३ टाटागाउँकी ३० वर्षीया देविका बुढाथोकीको ०८२ असार १७ गते राति घरायसी विवादमा पति ३२ वर्षीय चन्द्रबहादुर बुढाथोकीले खुकुरी प्रहार गरी हत्या गरेको भन्दै माइती पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १७ गते गिरफ्तार गऱ्यो। प्रहरीले असार ३० गते जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। जिल्ला अदालतको असार ३१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पत्नीको

हत्यापछि नाबालक छोराछोरीको रेखदेख, पालनपोषण र संरक्षणका लागि नेपाल सरकारबाट व्ययभार हुने गरी पीडित राहत कोषबाट ७ लाख रुपियाँ अन्तरिम क्षतिपूर्तिस्वरूप राहत रकम भराइदिन पनि अदालतले आदेश दियो। शवको पोष्टमार्टम असार १९ गते जिल्ला अस्पताल, सल्लेमा गरी परिवारजनले असार २० गते चौरजहारीमा सद्गत गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बाँफिकोट गाउँपालिका-१ लागिमकी १९ वर्षीया निर्मला खड्का ०८२ कात्तिक २० गते घरमै जलिरहेको र पतिले आगो निभाउने प्रयास नगरेको स्थानीयले आरोप लगाए। निर्मला बाघेधारा मेला हेर्न गएको विषयलाई लिएर पति २३ वर्षीय जय हमालले शरीरमा मट्टितेल छर्केर आगो लगाइ घाइते बनाएको पीडित पक्षको आरोप छ। घाइतेको प्राथमिक उपचार जिल्ला अस्पतालमा गरी थप उपचारको लागि काठमाडौँ स्थित कीर्तिपुर बर्न अस्पतालमा लगिएकोमा उपचारको क्रममा मङ्सिर ९ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर हरि पुनले बताए। आरोपितविरुद्ध मृतकका बाबु गणबहादुर खड्काले मङ्सिर १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई मङ्सिर १२ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा गरी परिवारले बुझी मङ्सिर १२ गते बाँफिकोटमा सद्गत गरे। जिल्ला अदालतको पुस ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**तालिका ५.६.८.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | २ | ३ |
| हाडनाता करणी | | २ | २ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ६ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | ३१ | | २ | ३३ |
| बलात्कार | | ३ | ३ | ६ |
| बलात्कार प्रयास | | १ | ३ | ४ |
| पारिवारिक हत्या | | | १ | १ |
| जम्मा | ३१ | ४ | ९ | ४४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **जम्मा** |
| हत्या | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.९ सल्यान

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,३८,५१५ |
| महिला | १,२३,५३३ |
| घर परिवार सङ्ख्या | ५४,६७२ |
| घरजग्गामा महिलाको स्वामित्व | ८,६४३ |
| साक्षरता प्रतिशत | ७७.३० |
| आश्रित जनसङ्ख्या | १,२२,०५२ |
| अपाङ्गता भएका | ६,८७२ |




यस वर्ष सल्यान जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ५५ जना महिला र १० जना पुरुष गरी ६५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जना रहेको छ। कारागारमा १ सय १६ कैदीबन्दी रहेका छन्। कारागारमा १ सय २ पुरुष र १४ महिला रहेका छन् । जसमा पाँच जना ज्येष्ठ नागरिक, दुई जना आश्रित बालिका, ६ जना दीर्घरोगी छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेको छ। कारागार भवन पुरानो र जीर्ण रहेको कारागारका प्रशासक भीम घर्तीले बताए।

## बाल अधिकार

यस वर्ष सल्यान जिल्लामा बलात्कार घटनामा नौ, हाडनाता करणीमा तीन, सामूहिक बलात्कार घटनामा एक र यौन दुर्व्यवहार घटनामा एक जना गरी १४ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई ०८१ चैत २२ गते यौन दुर्व्यवहार गरेको भन्दै दार्मा गाउँपालिका-२ ठाडागाउँका ५१ वर्षीय बिरजिते खत्रीविरुद्ध पीडितकी

**तालिका ५.६.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | ४ | २ | ६ |
| घाइते | | २ | २ | ४ |
| हत्या | | २ | १ | ३ |
| धम्की | | २ | | २ |
| जातीय विभेद | | | ५ | ५ |
| बाल अधिकार | बलात्कार | ९ | | ९ |
| | हाडनाता करणी | ३ | | ३ |
| | सामूहिक बलात्कार | १ | | १ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | १४ | | १४ |
| महिला अधिकार | घरेलु हिंसा | २५ | | २५ |
| | बलात्कार | ३ | | ३ |
| | बलात्कार प्रयास | ३ | | ३ |
| | जम्मा | ३१ | | ३१ |
| **कूल जम्मा** | | ५५ | १० | ६५ |

(स्रोत : इन्सेक, २०२५)

| तालिका ५.६.९.२ अपाङ्गता भएका पीडित सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | अन्यपक्षबाट | |
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

आमाले चैत २५ गते इलाका प्रहरी कार्यालय, थारमारेमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ असार २२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै २ वर्ष ६ महिना कैद र २० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा प्रहरीले ३७ उजुरीमा मेलमिलाप गरायो भने पाँच उजुरी कानुनी प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पूर्ण बहादुर केसीले बताए।

यो वर्ष सल्यान जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयास घटनामा तीन र घरेलु हिंसाका घटनामा २५ जना गरी ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### बलात्कार प्रयास

३४ वर्षीया महिलालाई ०८१ चैत १८ गते बलात्कारको प्रयास गरेको भन्दै दार्मा गाउँपालिका-३ फारुलाका ६२ वर्षीय टेकबहादुर चन्द भन्ने टिक बहादुर चन्दविरुद्ध पीडितले चैत २५ गते इलाका प्रहरी कार्यालय, थारमारेमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०८२ असार १० गतेको आदेशले आरोपितलाई कसुर ठहर गर्‍यो।

### पारिवारिक हत्या

बनगाड कुपिण्डे नगरपालिका-११ सिस्नेपातलका ३ वर्षीया र ६ महिने बालिका ०८१ पुस २४ गते बिहान आफ्नै घरभित्र मृत अवस्थामा फेला परे। बालिकाको हत्या गरेको आरोपमा प्रहरीले आमा २५ वर्षीया पूर्णिमा रानालाई पुस २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको माघ २१ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

### जातीय विभेद

दार्मा गाउँपालिका-२ का ५३ वर्षीय दलबहादुर सुनारलाई ०८२ मङ्सिर २३ गते दार्मा गाउँपालिका-४ माझगाउँका टेकबहादुर बुढाथोकी र उनकी पत्नी रुपा बुढाथोकीले जातीय विभेदसँगै अपमानजक गालीगलौज गर्दै मणासन्न हुने गरी कुटपिट गरेको भन्दै सोही दिन जिल्ला प्रहरी कार्यालय, सल्यानमा उजुरी दिए। पीडितको काठमाडौंमा उपचार भयो। उजुरीको बारेमा अनुसन्धान जारी रहेको प्रहरीले जनायो।

**तालिका ५.६.९.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | २ | ६ | ९ |
| हाडनाता करणी | | १ | २ | ३ |
| सामूहिक बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | | १ |
| जम्मा | २ | ३ | ९ | १४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | २१ | | ४ | २५ |
| बलात्कार | | | १ | १ | २ |
| सामूहिक बलात्कार | | | १ | | १ |
| बलात्कार प्रयास | १ | | | २ | ३ |
| जम्मा | १ | २१ | २ | ७ | ३१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अनुसन्धान | जम्मा |
|---|---|---|---|
| हत्या | २ | १ | ३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.६.१० सुर्खेत




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ४,१५,१२६ |
| महिला | २,१५,३८६ |
| घर परिवार सङ्ख्या | ९७,८२२ |
| घरजग्गामा महिलाको स्वामित्व | १९,४९७ |
| साक्षरता प्रतिशत | ८२.७१ |
| आश्रित जनसङ्ख्या | २,०५,९९५ |
| अपाङ्गता भएका | १२,२२३ |

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन महिला र ६९ पुरुष गरी ७२ जना पीडित भए। ज्यादतीका घटनामा २ सय ५२ जना महिला र सात जना पुरुष गरी २ सय ५९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय १३ जना महिला पीडित भए।

**झडप**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा ०८२ भदौ २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारी र प्रहरीबिच झडप हुँदा वीरेन्द्रनगर नगरपालिका-६ सुर्खेतका २३ वर्षीय सुशान्त शाही, सोही नगरपालिका-८ का २० वर्षीय उमेश बि.क., रास्कोट नगरपालिका-८ कालिकोटका २२ वर्षीय कृष्ण बराल, वीरेन्द्रनगर नगरपालिका-३ सुर्खेतका २१ वर्षीय दिलबहादुर खत्री, सोही नगरपालिका-८ का २२ वर्षीय हरि बुढा र खाडाचक्र नगरपालिका-११ कालीकोट स्थायी ठेगाना भई वीरेन्द्रनगर नगरपालिका-१ मा बसोबास गर्दै आएका २६ वर्षीय डिलराज गिरी, नारायण नगरपालिका-१३ दैलेखका १७ वर्षीय उपेन्द्र नेपाली, वीरेन्द्रनगर नगरपालिका सुर्खेतका १७ वर्षीय दर्शन जैसी, सोही नगरपालिका-९ का २० वर्षीय प्रेम पाण्डे, सोही नगरपालिका-३ का ३२ वर्षीय रविन्द्र कार्की, सोही नगरपालिका-१ का १६ वर्षीय उत्सवी सुनार, सोही नगरपालिका-९ का २३ वर्षीय चन्द्र रोकाय, तातोपानी गाउँपालिका-३ जुम्लाका २४ वर्षीय लोकराज शाही, वीरेन्द्रनगर नगरपालिका-४ का २८ वर्षीय सरोज पन्त र १६ वर्षीय योगेश कठायत, रास्कोट नगरपालिका-५ कालिकोटका २२ वर्षीय भरत तिवारी, कुशे गाउँपालिका-२ जाजरकोटका २१ वर्षीय लोकेन्द्र विसी, रास्कोट नगरपालिका-७ कालिकोटका ३४ वर्षीय परेन बहादुर शाही, चौकुने गाउँपालिका-१ सुर्खेतका ३५ वर्षीय दलबहादुर बडुवाल, भेरीगंगा नगरपालिका-११ सुर्खेतका ३८ वर्षीय याम बहादुर सार्की र पातारासी गाउँपालिका-७ जुम्लाका २० वर्षीय सुशील थापा घाइते भए। त्यस्तै वीरेन्द्रनगर नगरपालिका-६ सुर्खेतका २३ वर्षीय सुहील पुन, सोही नगरपालिका-९ का १७ वर्षीय



*नवयुवा पुस्ताको प्रदर्शनका क्रममा सुर्खेतमा प्रहरीले प्रहार गरेको रबरको गोली लागेर घाइते भएका सन्तोष बोहोरा*

**तालिका ५.६.१०.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | | ७ | ७ | | | |
| कुटपिट | | | ३ | ३ | २ | २ | ४ |
| घाइते | | १ | ५७ | ५८ | | २ | २ |
| धम्की | | | १ | १ | | १ | १ |
| कारागारमा मृत्यु | | | १ | १ | | | |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | २ | | २ | | | |
| हत्या | | | | | | १ | १ |
| जातीय विभेद | | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | | २४ | | २४ |
| | हाडनाता करणी | | | | १ | | १ |
| | सामूहिक बलात्कार | | | | २ | | २ |
| | यौन दुर्व्यवहार | | | | १० | | १० |
| | जम्मा | | | | ३७ | | ३७ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १७३ | | १७३ |
| | बलात्कार | | | | ३० | | ३० |
| | सामूहिक बलात्कार | | | | १ | | १ |
| | बलात्कार प्रयास | | | | ३ | | ३ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | 'बोक्सी'को आरोप | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | ४ | | ४ |
| | जम्मा | | | | २१३ | | २१३ |
| **कूल जम्मा** | | ३ | ६९ | ७२ | २५२ | ७ | २५९ |

(स्रोत : इन्सेक, २०२५)

सुजल बुढा मगर, बराहताल गाउँपालिका-४ सुर्खेतका २५ वर्षीय धन बडुवाल, वीरेन्द्रनगर नगरपालिका-१ की ४५ वर्षीया शान्ती बिसुङ्खे, सोही नगरपालिका-९ का ५२ वर्षीय रमेश देवकोटा, सोही नगरपालिका-४ का २४ वर्षीय अर्जुन बि.क., सोही नगरपालिका-१० का २५ वर्षीय बालकृष्ण काफ्ले र सोही नगरपालिका-४ का २२ वर्षीय विजय बि.क. पनि उक्त घटनामा घाइते भए। उनीहरू सबैको उपचार २४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो।

सोही झडपमा परी सुरक्षाकर्मीतर्फ सशस्त्र प्रहरी बल नेपालका प्रहरी वरिष्ठ हवल्दार ३९ वर्षीय रामकुमार थापा, सशस्त्र प्रहरी जवान २७ वर्षीय अनिल रुद्र धरला घाइते भए। यसैगरी,नेपाल प्रहरीका प्रहरी निरीक्षक २८ वर्षीय राजनप्रसाद भट्टराई, प्रहरी निरीक्षक २७ अजय डाँगी, प्रहरी वरिष्ठ नायब निरीक्षक ४४ वर्षीय निलकण्ठ ढकाल, प्रहरी नायब निरीक्षक ५२ वर्षीय राम अचल अहिर, प्रहरी सहायक निरीक्षक ४४ वर्षीय विक्रम महेन्द्र चौधरी, प्रहरी बरिष्ठ हवल्दार ४२ वर्षीय जय सिंह धामी, प्रहरी हवल्दारहरू ४२ वर्षीय देवेन्द्र खत्री, ३९ वर्षीय पदमराज चौलागाई र ३७ वर्षीय दलबहादुर बुढा, प्रहरी सहायक हबल्दारहरू ३२ वर्षीय कमल खनाल, ३५ वर्षीय सुरेन्द्र रोका, ३३ वर्षीय तुलिराम यादव, ३६ वर्षीय सुरेन्द्रबहादुर झपेल, ३५ वर्षीय बसन्त थकाली, ३२ वर्षीय हस्त महतारा, २८ वर्षीय हस्तबहादुर बुढा र ३५ वर्षीय खडकराज चौलागाईं घाइते भए। यस्तै प्रहरी जवानहरू ३४ वर्षीय विक्रम खत्री, २९ वर्षीय मदनकुमार घर्ती मगर, २८ वर्षीय विक्रम पुन मगर, २८ वर्षीय रामराज फडेरा, २८ वर्षीय मुस्कान खड्का, २८ वर्षीय सर्जन परियार, २९ वर्षीय दिनेश आचार्य, २५ वर्षीय उत्तम थापा मगर

र २५ वर्षकै जयबहादुर चनारा घाइते भए। घाइते सुरक्षाकर्मीको सोही दिन प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो।

आन्दोलनका क्रममा गम्भीर घाइते भएका वीरेन्द्रनगर नगरपालिका-२ सुर्खेतका २८ वर्षीय सन्तोष बोहोराको प्राथमिक उपचार सुर्खेतमा गरी थप उपचारका लागि नेपालगञ्ज लगिएको थियो। रबरको गोली आँखामा र टाउकोमा लागेको पीडितलाई उपचारका लागि काठमाडौँ लगियो। दुवै आँखा गुमेका बोहोरा लामो समयसम्म काठमाडौँमा उपचाररत रहेकोमा पुस महिनामा सुर्खेत फर्किएका छन्।

## धम्की

### राज्यपक्षबाट

लोकान्तर डटकमका कर्णाली प्रदेश प्रतिनिधि पत्रकार शेरबहादुर थापाले आफूलाई ०८१ चैत २७ गते प्रहरीले दुर्व्यवहार गरेको आरोप लगाए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेत उपत्यका नगर विकास समितिमा छापा हानेर कागजात नियन्त्रणमा लिएको समाचार सङ्कलनका लागि पुगेका बेला आफूमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतमा कार्यरत डिएसपी दीपक मल्लले त्रास देखाएर समाचार स्रोतको नाम बताउन धम्की दिई मोबाइलबाट घटनासँग सम्बन्धित भिडियो तथा फोटो डिलिट गरेको बताए। पत्रकार थापामाथि भएको दुर्व्यवहार घटनाको नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश, प्रेस चौतारी नेपाल कर्णाली प्रदेश, नेपाल पत्रकार महासंघ सुर्खेत शाखा, प्रेस चौतारी नेपाल, सुर्खेत शाखाले विज्ञप्ति प्रकाशित गरी विरोध जनाए।

## गिरफ्तारी

जुम्ला जिल्ला कनकासुन्दरी नगरपालिका-५ का ३३ वर्षीय बद्री बोहोरा, कालिकोट जिल्ला पचालझरना गाउँपालिका-३ का १८ वर्षीय महेश कठायत, सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका-८ का ३१ वर्षीय मोहन थापा, कालिकोट जिल्ला तिलागुफा नगरपालिका-१ का २४ वर्षीय प्रेम बुढा, शुभकालिका गाउँपालिका-३ का २६ वर्षीय पुष्पराज शाही र पचालझरना गाउँपालिका-३ का १८ वर्षीय मिलन बस्नेतलाई ०८२ भदौ २७ गते जिल्ला प्रशासन कार्यालयले जारी गरेको निषेधाज्ञा उल्लङ्घन गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। गिरफ्तार भएका सबै सोही दिन साँझ रिहा भए।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३० महिला र ७० पुरुष गरी १ सय जनाको रहेको छ। कारागारमा ४९ जना महिला र ३ सय ९६ जना पुरुष गरी ४ सय ४५ जना कैदीबन्दी छन्। कारागारमा दुई जना बालिका र एक जना आश्रित बालक छन्। कैदीबन्दीहरुको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। कारागारको क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी राखिएकोले व्यवस्थापनमा समस्या हुने गरेको कारागार प्रशासक लक्ष्मी खरेलले बताइन्।

## हिरासतमा मृत्यु

वीरेन्द्रनगर नगरपालिका-११ का ३५ वर्षीय गंगे सुनारको ०८२ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा मृत्यु भयो। लागूऔषधसहित ०८२ भदौ ३ गते गिरफ्तार भएका सुनार सुतेको अवस्थामा मृत भेटिएका थिए। हिरासतमा मृत्युको घटना सार्वजनिक भएपछि कात्तिक २१ गते राष्ट्रिय मानव अधिकार आयोग र इन्सेक कर्णाली प्रदेश कार्यालय लगायतको टोलीले हिरासत कक्षको अनुगमन गर्‍यो। अनुगमनका क्रममा हिरासतमा सुनारको मृत्यु कुटपिट तथा यातनाबाट नभई शारीरिक रोगका कारण भएको तथ्य पाइयो। आफन्तले घटना शंकास्पद भएको भन्दै विरोध जनाए। जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा घटनाको सत्य तथ्य जाँचबुझ गर्न पाँच सदस्यीय छानबिन समिति गठन भयो। समितिले अस्पतालको रिपोर्ट र अध्ययन पश्चात उनको मृत्यु मुटुको रक्तनली बन्द भई भएको प्रतिवेदन सार्वजनिक गर्‍यो। शवको पोस्टमार्टम कात्तिक २४ गते प्रदेश अस्पतालामा गरी परिवारले कात्तिक २५ गते सद्गत गरे।

## बाल अधिकार

यस वर्ष सुर्खेत जिल्लामा बलात्कार घटनामा २३, हाडनाता करणीका दुई, सामूहिक बलात्कारका दुई र यौन दुर्व्यवहारका घटनामा १० जना गरी ३७ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### बलात्कार

१७ वर्षीया बालिकालाई ०८१ फागुन ३ गते बलात्कार गरेको आरोपमा पञ्चपुरी नगरपालिका-७ नयाँ बनका १९ वर्षीय तपेन्द्र सुनार विरुद्ध पीडितले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत १७ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै ५ महिना कैद सजायको फैसला गरेको अदालतका सूचना अधिकारी उज्वलदेव रावलले बताए।

### यौन दुर्व्यवहार

१५ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०८१ माघ २ गते यौन दुर्व्यवहार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-५ चिसापानीका ५० वर्षीय नरेन्द्र रानाविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन २९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १८ महिना कैद सजायको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय २६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी शारीरिक यातना दिएका २ सय ५७, शारीरिक यातना दिएका ९५, आर्थिक तथा सामाजिक यातना दिएका ५३, मानसिक यातना दिएका १ सय २१ उजुरी छन्। जसमध्ये प्रहरीले ४ सय २७ उजुरीमा मेलमिलाप गरायो भने ९० उजुरी अदालती प्रक्रियामा गएको र नौ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख असई सुस्मिता घर्ती मगरले बताइन्।

यो वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा ३०, बलात्कार प्रयासका घटनामा तीन, यौन दुर्व्यवहार घटनामा एक, सामूहिक बलात्कार घटनामा एक, बोक्सीको आरोप घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ७३ जना गरी २ सय ९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट चार जना महिलाको हत्या भयो।

**तालिका ५.६.१०.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |
| महिला अधिकार | २ | २ |
| जम्मा | ४ | ४ |

(स्रोत : इन्सेक, २०२५)

### 'बोक्सी'को आरोप

वीरेन्द्रनगर नगरपालिका-१२ की २१ वर्षीया प्रेमकला रोकायलाई ०८२ पुस ४ गते 'बोक्सी'को आरोपमा अमानवीय व्यवहार गरेको आरोपमा जुम्ला जिल्ला तिला गाउँपालिका-२ घर भई हाल वीरेन्द्रनगर नगरपालिका-१२ की २१ वर्षीया बन्दना बोहरा, सोही ठाउँकी २० वर्षीया रीता बुढा, २१ वर्षीय जयबहादुर रोकाया र १८ वर्षीया अनीता बोहराविरुद्ध पीडित महिलाले पुस ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितहरुलाई पुस ५ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले आफैं धामी-झाँक्री बनेर काम्दै प्रेमकलाको शरीरमा चामलले हिर्काउने र तातो पन्यूले शरीरका विभिन्न भागमा डाम्ने जस्ता कार्य गरेको पीडितले बताइन्। पीडितको पुस ५ गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो। वर्षको अन्त्यसम्म मुद्दा प्रहरीमा अनुसन्धानको क्रममै छ।

### पारिवारिक हत्या

गुर्भाकोट नगरपालिका-८ की २६ वर्षीया प्रेमा ओलीको ०८२ वैशाख २१ गते हत्या गरेको आरोपमा २८ वर्षीय पति दर्शन खत्रीलाई प्रहरीले वैशाख २२ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले वैशाख २२ गते इलाका प्रहरी कार्यालय, छिञ्चुमा उजुरी दियो। जिल्ला अदालतको जेठ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यस वर्षको अन्त्यसम्म उक्त मुद्दाको फैसला भएन।

भेरीगंगा नगरपालिका-१२ मसिनाटोलकी ५० वर्षीया धनिकला बस्नेतको ०८२ कात्तिक १४ गते पारिवारिक विवादका कारण फरुवा प्रहार गरी हत्या गरेको आरोपमा ३५ वर्षीय छोरा कविराम बस्नेत विरुद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय छिञ्चुमा उजुरी दियो। प्रहरीले आरोपितलाई कात्तिक १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर

९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला प्रहरी कार्यालयका एसपी सुधिरराज शाहीले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सरकारी तथा व्यक्तिगत सम्पत्ति क्षति

नवयुवा पुस्ताले भदौ २३ र २४ गते गरेको प्रदर्शनका क्रममा प्रदर्शनकारीहरूले सरकारी, अर्धसरकारी, शैक्षिक, वित्तीय संस्था तथा राजनीतिक दलका कार्यालयहरूमा आगजनी, तोडफोड र लुटपाट गरे। सुर्खेतमा मात्रै २१ करोड १९ लाख ६९ हजार ३ सय ४५ रुपियाँ बराबरको सरकारी सम्पत्तिको क्षति भएको इन्सेकले अभिलेख गऱ्यो।

प्रदर्शनका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नापी कार्यालय, उच्च सरकारी वकिल कार्यालय, जिल्ला तथा प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय, भेरी-बबई डाइभर्सन आयोजना कार्यालयमा क्षति पुग्यो। नापी कार्यालयमा करिब २ करोड ६३ लाख ६० हजार रुपियाँ, अख्तियार कार्यालयमा १३ लाख ३४ हजार रुपियाँ, उच्च सरकारी वकिल कार्यालयमा २२ हजार ५ सय रुपियाँ बराबरको क्षति भयो। प्रदेश सरकारका मुख्य संरचनामध्ये मुख्यमन्त्री कार्यालयमा १ करोड ७९ लाख रुपियाँ, मुख्य न्यायाधिवक्ताको कार्यालयमा ११ लाख ४६ हजार रुपियाँ, कर्णाली प्रदेश सभा हलमा ३ करोड ९४ लाख रुपियाँ, मुख्यमन्त्री निवासमा १ करोड ७ लाख रुपियाँ बराबरको क्षति भयो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीको निवासमा ३६ लाख ४८ हजार रुपैयाँ बराबरको क्षति भयो।

वीरेन्द्रनगर नगरपालिकाका १ देखि १२ नम्बर वडामध्ये अधिकांश वडा कार्यालयहरू पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भए। वडा नम्बर २ मा १९ लाख १८ हजार रुपियाँ, वडा नम्बर ३ मा ९ लाख २४ हजार रुपियाँ, वडा नम्बर ४ मा ८५ लाख ३५ हजार रुपियाँ, वडा नम्बर ५ मा ४६ लाख ७५ हजार रुपियाँ, वडा नम्बर ६ मा ७ लाख ७५ हजार रुपियाँ, वडा नम्बर १० मा ५३ लाख २५ हजार रुपियाँ, वडा नम्बर ११ मा ४१ लाख ४३ हजार रुपियाँको क्षति भयो।

वीरेन्द्रनगर नगरपालिका वडा नम्बर १ मा ३५ लाख रुपियाँ, वडा नम्बर ७ मा १८ लाख ९६ हजार रुपियाँ, वडा नम्बर ८ मा १ करोड ४८ लाख ५० हजार रुपियाँ, वडा नम्बर ९ मा ४० लाख ४ हजार रुपियाँ, वडा नम्बर १२ मा ६१ लाख ७३ हजार रुपियाँ, वीरेन्द्रनगर नगरपालिका कार्यालयमा २ करोड ६३ लाख रुपियाँ, जिल्ला समन्वय समिति कार्यालयमा ४ लाख ३ हजार रुपियाँ, सिटी हलमा १६ लाख ५९ हजार रुपियाँ बराबरको क्षति भयो।

त्यस्तै श्री कृष्ण तथा साधारण माध्यमिक विद्यालयमा ९ लाख २९ हजार, गुर्भाकोट-९ स्थित भेरी-बबई डाइभर्सन कार्यालयमा ४ लाख ७० हजार, हुलाक निर्देशनालयमा २० हजार रुपियाँ, सुर्खेत उपत्यका खानेपानी संस्थामा ३ लाख रुपियाँ बराबरको क्षति भयो। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयकी मन्त्रीको निवासमा ६४ लाख ५७ हजार रुपियाँ बराबरको क्षति तथा व्यक्तिगत सम्पत्ति चोरी, नेपाल खेलकुद महासङ्घमा २ लाख ९४ हजार रुपियाँ, लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ तथा राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनमा ५ लाख ६८ हजार रुपियाँ बराबरको क्षति भयो। एनआइसी एसिया बैंकको एटिएममा तोडफोड भयो।

आन्दोलनका क्रममा वीरेन्द्रनगर नगरपालिका-६ स्थित राजनीतिक दलका कार्यालयहरू पूर्ण रूपमा जलाइयो। नेकपा एमाले पार्टी कार्यालयमा २ करोड ३ लाख ६३ हजार १ सय रुपियाँ, नेपाली कांग्रेस पार्टी कार्यालय १ करोड २८ लाख २५ हजार रुपियाँ, नेकपा (माओवादी केन्द्र) पार्टी कार्यालय १ करोड १७ लाख ४३ हजार ९ सय रुपियाँ, राष्ट्रिय प्रजातन्त्र पार्टी कार्यालय ३६ लाख २१ हजार रुपियाँ, राष्ट्रिय जनमोर्चा पार्टी कार्यालय १८ लाख ९२ हजार ५ सय रुपियाँको क्षति भयो।

आन्दोलनका क्रममा सरकारी संरचनासँगै प्रमुख राजनीतिक व्यक्ति, जनप्रतिनिधि तथा निजी व्यवसायीका घर-प्रतिष्ठानमा समेत ठूलो मात्रामा आगजनी, तोडफोड र लुटपाट भयो। आन्दोलनका क्रममा पूर्व उप-प्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको वीरेन्द्रनगर नगरपालिका-७ स्थित घरमा आगजनी तथा तोडफोड भयो। वीरेन्द्रनगर नगरपालिका-७ कै डम्मर खड्काको घर पूर्ण रूपमा जलेर नष्ट भयो। उक्त घरमा करिब ५ करोड ५६ लाख रुपियाँ बराबरको क्षति भयो। यस्तै विष्णु खड्काको घर पनि पूर्ण रूपमा जलेको छ, जहाँ ७

करोड ४ लाख २८ हजार रुपियाँ बराबरको क्षति भयो। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलको वीरेन्द्रनगर-४ स्थित निवासमा पनि आगजनी तथा तोडफोड भयो। घटनामा १ लाख १५ हजार रुपियाँ नगद र ५ तोला सुन जलेर नष्ट भयो।

विष्णु खड्काको स्वामित्वमा रहेको न्यूमाया पेट्रोल पम्प र कालिका डिस्ट्रीब्युटर्स औषधी पसल (वीरेन्द्रनगर-१०) मा आंशिक क्षति पुग्यो। आगजनी, तोडफोड तथा चोरीबाट उक्त प्रतिष्ठानमा करिब १० करोड ५५ लाख १९ हजार ९ सय २० रुपियाँ बराबरको क्षति भयो। वीरेन्द्रनगर नगरपालिकाकी नगर प्रमुख मोहनमाया ढकालको वीरेन्द्रनगर नगरपालिका-८ स्थित घरमा आगजनी र चोरी हुँदा करिब ५० लाख रुपियाँ बराबरको क्षति भयो। नगर उपप्रमुख निलकण्ठ खनालको वीरेन्द्रनगर नगरपालिका-४ स्थित घरमा तोडफोड हुँदा करिब ७५ लाख रुपियाँ बराबरको क्षति भयो। वीरेन्द्रनगर नगरपालिका-४ स्थित हिमाली पुस्तकालय, सोही नगरपालिका-७ स्थित प्रदेश सभा अगाडि एनआइसी एशिया बैंकको एटिएम मसिनको मुचुल्का भएको र बिगो यसवर्षको अन्त्यसम्म नखुलेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मोहन जङ्ग बुढ थापाले बताए। वीरेन्द्रनगर नगरपालिका-८ का वडाध्यक्षको निवासमा तोडफोड र लुटपाट हुँदा करिब १५ लाख ७० हजार रुपियाँ बराबरको क्षति भयो। नापी कार्यालय परिसरभित्र रहेको गगनजंग शाहीको क्यान्टिन (वीरेन्द्रनगर-७) पूर्ण रूपमा जलेर नष्ट भयो। यसबाट २ लाख रुपियाँ बराबरको क्षति भयो।

नापी कार्यालय अगाडि रहेको सम्झना अधिकारीको घुम्ती पसलमा आंशिक तोडफोड हुँदा एक लाख रुपियाँ बराबरको क्षति पुग्यो। वीरेन्द्रनगर नगरपालिका-३ स्थित शुभ होटेलमा पनि तोडफोड भयो। होटलमा करिब १० लाख रुपियाँ बराबरको क्षति भएको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता केदार खनालले बताए।

**तालिका ५.६.१०.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | ४ | १९ | २४ |
| हाडनाता करणी | | | १ | १ |
| सामूहिक बलात्कार | | | २ | २ |
| यौन दुर्व्यवहार | १ | ४ | ५ | १० |
| जम्मा | २ | ८ | २७ | ३७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १५३ | ३ | १७ | १७३ |
| बलात्कार | | १५ | १५ | ३० |
| सामूहिक बलात्कार | | | १ | १ |
| बलात्कार प्रयास | | १ | २ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| 'बोक्सी'को आरोप | | १ | | १ |
| पारिवारिक हत्या | | १ | ३ | ४ |
| जम्मा | १५३ | २१ | ३९ | २१३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद

५

५.७ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

# सुदूरपश्चिम प्रदेश



# ५.७.१ बाजुरा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३८,५२३ |
| महिला | ७१,४५३ |
| घर परिवार सङ्ख्या | २८,०४१ |
| घरजग्गामा महिलाको स्वामित्व | १,१६९ |
| साक्षरता प्रतिशत | ७१.२४ |
| आश्रित जनसङ्ख्या | ७८,१११ |
| अपाङ्गता भएका | ४,४४५ |

यस वर्ष बाजुरा जिल्लामा हिरासतमा एक जनाको मृत्यु भयो। मानव अधिकार ज्यादतीका घटनामा २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

**तालिका ५.७.१.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | जम्मा |
| हिरासतमा मृत्यु | | १ | १ | | |
| हत्या | | | | १ | १ |
| जातीय विभेद | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | २ | २ |
| | सामूहिक बलात्कार | | | १ | १ |
| | जम्मा | | | ३ | ३ |
| महिला अधिकार | घरेलु हिंसा | | | १९ | १९ |
| | जम्मा | | | १९ | १९ |
| **कूल जम्मा** | | १ | १ | २४ | २४ |

(स्रोत : इन्सेक, २०२५)

## कारागार र बन्दी

२५ जना क्षमता रहेको जिल्ला कारागारमा रहेका ६५ जना कैदीबन्दीलाई यो वर्ष अन्य कारागारमा स्थानान्तरण गरिएको छ। ७५ जना कैदीबन्दी अट्ने सुविधायुक्त नयाँ भवन निर्माण गर्न थालनी गरिएसँगै जिल्ला कारागारका ४० जना कैदीबन्दीलाई बाँकेको नेपालगञ्जस्थित क्षेत्रीय नौबस्ता कारागार, सात जना कैदीलाई कैलाली जिल्ला कारागार र १८ जना थुनुवालाई अछाम जिल्ला कारागार स्थानान्तरण गरिएको जिल्ला कारागारका जेलर अनिलकुमार तिवारीले बताए।

## हिरासतमा मृत्यु

खप्तड छेडेदह गाउँपालिका-३ धनाल्त घर भई जिल्ला प्रहरी कार्यालय, बाजुराको प्रहरी हिरासतमा रहेका ४२ वर्षीय जङ्गबहादुर रावतको उपचारका क्रममा जिल्ला अस्पतालमा ०८२ जेठ २१ गते मृत्यु भयो। पेट दुखेपछि उपचारको लागि जिल्ला अस्पताल लगिएको भए पनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर जनक बोहोराले बताए।

## बाल अधिकार

यस वर्ष बाजुरा जिल्लामा बलात्कार घटनामा दुई र सामूहिक बलात्कार घटनामा एक गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३० जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये २९ उजुरीमा मेलमिलाप भयो भने एक उजुरी कानुनी कारबाहीका लागि अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लक्ष्मीराज जोशीले बताए। जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएपी इकवाल हवारीले कार्यालयमा दर्ता हुने सबै घरेलु हिंसाका घटनामा पारिवारिक बिखण्डन नहोस् भनेर जतिसक्दो मेलमिलापको प्रयास गर्ने गरिएको बताए। पीडित कानुनी प्रक्रियामा जान नचाहने, भौगोलिक विकटताले झण्झट मान्ने, कोही उजुरी दिएर पनि गाउँमै मिल्ने र पछि सम्पर्कमा नआउने लगायतका कारणले पनि बढी उजुरी मेलमिलाप हुने गरेको उनले बताए।

यो वर्ष बाजुरा जिल्लामा घरेलु हिंसाका घटनामा १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### जातीय विभेद

स्वामीकार्तिक खापर गाउँपालिका-३ निवासी कोल्टीस्थित रेडियो अपी एफएममा कार्यरत रमिता बिकलाई ०८२ भदौ १० गते पादुका त्रिवेणी धाम मन्दिरका पूजारी मष्टीप्रसाद पाध्यायले मन्दिर प्रवेशमा रोक लागाएको भन्दै पीडितले पुजारीविरुद्ध भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिइन्। पीडित पक्षलाई किटानी जाहेरी दिन आग्रह गरिएको भए पनि पीडित पक्षले किटानी जाहेरी नदिएको र दुबै पक्षबिच गाउँघरमै छलफल गर्दा आरोपितले उपरान्त गल्ती नगर्ने भन्दै माफी मागेपछि भदौ १० गते गाउँ समाजमा नै मेलमिलाप भएको जानकारी प्राप्त भएको डिएसपी इकवाल हवारीले बताए।

**तालिका ५.७.१.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

### स्वास्थ्यको अधिकार

जगन्नाथ गाउँपालिका-२ मल्लोहुनीकी भावना बिष्टकी दुई महिनाकी छोरीको कुपोषणका कारण जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। जिल्ला अस्पताल, बाजुराका डाक्टर प्रकाश बुढाले बालिका गम्भीर कुपोषणसँगै अन्य रोगको सङ्क्रमण पनि भएकाले बचाउन नसकिएको बताए। स्वास्थ्य कार्यालय, बाजुराको तथ्याङ्कअनुसार जिल्लामा पुड्कोपन ४८.८ प्रतिशत, ख्याउटेपन ८.६ प्रतिशत, कम तौल ३०.६ प्रतिशत रहेको र ४८ प्रतिशत बालबालिका कुपोषणको जोखिममा रहेका छन्। स्वास्थ्यकर्मीहरूका अनुसार, दुर्गम भौगोलिक अवस्था, पोषणयुक्त आहारको अभाव, गरिबी, सरसफाइको कमी र आमाबुबाको पोषणसम्बन्धी चेतनाको कमी कुपोषणका प्रमुख कारणका रूपमा रहेका छन्।

**तालिका ५.७.१.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | १ | २ |
| सामूहिक बलात्कार | | १ | १ |
| जम्मा | १ | २ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १८ | १ | १९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.२ बझाङ

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,८९,०८५ |
| महिला | १,००,६१५ |
| घर परिवार सङ्ख्या | ३८,०२५ |
| घरजग्गामा महिलाको स्वामित्व | २,२५९ |
| साक्षरता प्रतिशत | ७०.५४ |
| आश्रित जनसङ्ख्या | १,०८,८२४ |
| अपाङ्गता भएका | ४,३३९ |




यस वर्ष बझाङ जिल्लामा ज्यादतीका घटनामा ३६ जना महिला र पाँच जना पुरुष गरी ४१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २८ जना महिला पीडित भए।

### कुटपिट

#### अन्यपक्षबाट

खप्तडछान्ना गाउँपालिका-७, गोरखाली निवासी नेपाल पत्रकार महासङ्घ, बझाङ शाखाका अध्यक्ष ३३ वर्षीय ललितबहादुर सिंहमाथि ०८१ माघ २८ गते राति धारिलो हतियार प्रहार गरी घाइते बनाएको आरोपमा प्रहरीले मष्टा गाउँपालिका-४ का २६ वर्षीय विनोद कठायत, सोही गाउँपालिका-२ का २८ वर्षीय नरेश द्वाल र सोही गाउँपालिका- १ का २७ वर्षीय शितल कठायतलाई माघ २८ गते राति नै गिरफ्तार गऱ्यो। राति १० बजेको समयमा कोठामा गइरहेको समयमा आरोपितहरूले आफूमाथि चक्कु प्रहार गरी घाइते बनाएको र कुटपिट समेत गरेको पीडित पत्रकार सिंहले बताए। आँखा, टाउको र हातमा चोट लागेर घाइते भएका पत्रकार सिंहको उपचार माघ २८ जिल्ला अस्पतालमा भयो। घटनामा संलग्न आरोपितहरूलाई गिरफ्तार गरेर माघ २८ गते ज्यान मार्ने उद्योग अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेको प्रहरीले माघ २९ गते दुबै पक्षलाई राखेर छलफल गराएको थियो। आरोपितहरूले पीडित पत्रकार सिंहसँग माफी मागेपछि मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालय, बझाङका इन्स्पेक्टर लोकेन्द्र ठगुन्नाले बताए।

### कारागार र बन्दी

१ सय जनाको क्षमता भएको जिल्ला कारागारमा ८१ जना कैदीबन्दी छन्। कारागारमा शौचालय, खेलकुद सामग्रीको, सीपमूलक तालिम र पुस्तकालय भए पनि पुस्तकालयमा पुस्तकको अभाव रहेको जिल्ला कारागार, बझाङका जेलर राजेन्द्र फडाराले बताए।

**तालिका ५.७.२.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | ३ | ३ |
| घाइते | | | १ | १ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | सामूहिक बलात्कार | २ | | २ |
| | जम्मा | ८ | | ८ |
| महिला अधिकार | घरेलु हिंसा | २५ | | २५ |
| | बलात्कार | ३ | | ३ |
| | जम्मा | २८ | | २८ |
| **कूल जम्मा** | | ३६ | ५ | ४१ |

(स्रोत : इन्सेक, २०२५)

नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा भदौ २४ गते राति जिल्ला कारागार, बझाङमा रहेका ८५ जना कैदीमध्ये ६५ जना कैदीबन्दी कारागार तोडफोड गरी फरार भए। जिल्ला कारागार तोडफोड गरी भागेका मध्ये १२ जना कैदीबन्दी अझै सम्पर्कमा आएका छैनन्। ८५ जना कैदीबन्दी रहेको जिल्ला कारागारका २० जना भने उक्त समयमा पनि कारागारमै रहेका थिए। भागेकामध्ये ४० जना स्वस्फुर्त रूपमा कारागारको सम्पर्कमा आएका र १३ जनालाई गिरफ्तार गरिएको बझाङ जिल्ला कारागारका जेलर राजेन्द्रबहादुर फराडाले बताए। फरार अन्य कैदीबन्दीको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र धमलाले बताए।

### बाल अधिकार

यस वर्ष बझाङ जिल्लामा बलात्कारका घटनामा ६ जना र सामूहिक बलात्कारका घटनामा दुई गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

#### बलात्कार

१६ वर्षीया बालिकालाई ०८२ वैशाख २९ गते बलात्कार गरेको भन्दै छबिसपाथिभेरा गाउँपालिका-४ का ३२ वर्षीय केशर खत्री विरुद्ध पीडित पक्षले वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ३१ गते घरबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सुदर्शन लामिछानेको असार १६ गतेको इजलासले आरोपितलाई कसुर ठहर गरी ११ वर्ष कैद र ५ लाख रुपियाँ जरिबानाको फैसला गर्‍यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५५ जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ५५ ओटा घटना छन्। यीमध्ये ५३ उजुरीमा मेलमिलाप भयो भने एक उजुरी कानुनी कारबाहीका लागि बढाएको र एक उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रहरी कपुर खत्रीले बताइन्।

यस वर्ष बझाङ जिल्लामा बलात्कारका घटनामा तीन जना र घरेलु हिंसाका घटनामा २५ गरी २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २५ गते बुंगल नगरपालिकाको कार्यालयमा तोडफोड गर्नुको साथै मेयर जयबहादुर धामी र उपमेयर धनबहादुर बोहराको कार्यकक्षमा रहेका टेबल, कुर्सी र कागजात जलाए। यसैगरी, तलकोट गाउँपालिका-१ को कार्यालयको टेबल, ल्यापटप, दराज, सोफा, कुर्सी, सिकाइ केन्द्रका सामग्री, हुलाकका फाइल र वडाका कागजात आन्दोलनकारीले आगजनी गरे।

**तालिका ५.७.२.२** **सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | २ | १ | ३ | ६ |
| सामूहिक बलात्कार | | | २ | २ |
| जम्मा | २ | १ | ५ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | २३ | १ | १ | २५ |
| बलात्कार | | | ३ | ३ |
| जम्मा | २३ | १ | ४ | २८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.३ दार्चुला

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३३,३१० |
| महिला | ६८,८८६ |
| घर परिवार सङ्ख्या | २८,३८१ |
| घरजग्गामा महिलाको स्वामित्व | १,५७४ |
| साक्षरता प्रतिशत | ७७.७७ |
| आश्रित जनसङ्ख्या | ६६९,१८१ |
| अपाङ्गता भएका | २,७८५ |

यस वर्ष दार्चुला जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

## कारागार र बन्दी

२५ जना पुरुष र १५ जना महिला गरी ४० जना क्षमता रहेको कारागारमा ९१ जना पुरुष कैदीबन्दी रहेका छन्। कारागारमा दुई जना ज्येष्ठ नागरिक र एक जना अपाङ्गता भएका कैदीबन्दी छन्। आश्रित बालबालका छैनन्। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण व्यवस्थापनको समस्या रहेको जेलर सरीता चन्दले बताइन्। कैदीको सङ्ख्या बढेपछि शौचालय प्रयोग गर्न पालो कुर्नुपर्ने अवस्था रहेको कैदी गगनसिंह महताले बताए। चौकीदार गणेशसिंह लोथ्यालले कैदीबन्दीहरूका लागि सीपमूलक तालिम आवश्यक रहेको बताए। कारागारमा स्वास्थ्यकर्मी नहुँदा सामान्य चेकजाँचको लागि जिल्ला अस्पतालमा लैजानुपर्ने बाध्यता रहेको जेलर चन्दले बताइन्। गत साउनदेखि स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।




## बाल अधिकार

यस वर्ष दार्चुला जिल्लामा बलात्कारका घटनामा दुई र सामूहिक बलात्कार घटनामा एक जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९८ जना महिलाले महिला, बालिबालका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १०, खान लाउन नदिएको १५ , बहुविवाह गरेको एक, अभद्र व्यवहार गरेको नौ र गालीगलौजका ६३ उजुरी छन्। यीमध्ये ७५ उजुरीमा मेलामिलाप भयो भने १३ उजुरी कानुनी कारबाहीका लागि अघि बढाइएको र आठ उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रमुख असई पदम भण्डारीले बताए।

यो वर्ष दार्चुला जिल्लामा बलात्कारको घटनामा दुई जना, दाइजोजनित हिंसाका घटनामा एक र घरेलु हिंसाका घटनामा ३० जना महिला गरी ३३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनको क्रममा जिल्लाका विभिन्न कार्यालयमा क्षति पुग्यो। जिल्ला प्रशासन कार्यालय, दार्चुलाका अनुसार नेपाली कांग्रेसको पार्टी कार्यालयमा भएको तोडफोडमा ६५ हजार रुपियाँ नगदसहित

कार्यालयभित्रका सम्पूर्ण सामग्री नष्ट भयो। यस्तै नेकपा एमालेको पार्टी कार्यालयका कम्प्युटर लगायत कार्यालय पूरै तोडफोड भयो। नेकपा माओवादी केन्द्रको पार्टी कार्यालय रहेको सहिद प्रतिष्ठानमा ९९ हजार रुपियाँ बराबरको क्षति भयो। यस्तै प्रदर्शनकारीले दार्चुला, कारागारमा दुई ओटा सीसी क्यामेरासहित तोडफोड गरे भने ५१ हजार ५ सय रुपियाँ बराबरको क्षति भयो। गोकुलेश्वर अस्पतालमा पनि तोडफोड गरिएको भए पनि क्षतिको मूल्याङ्कन भएको छैन।

दुहुँ गाउँपालिका-३ को कार्यालयमा भदौ २६ गते अपरिचित व्यक्तिहरुको समूहले आगजनी गर्‍यो। चार कोठे भवन रहेको वडा कार्यालयको एउटा कोठा पूरै जलेर नष्ट भयो। आगजनीका कारण वडा कार्यालयभित्रका सम्पूर्ण कम्प्युटर प्रिन्टर लगायतका सामग्रीमा क्षति पुग्यो। वडा कार्यालयमा गरिएको आगजनी तथा तोडफोडबाट ७२ लाख ६ हजार ७ सय रुपियाँ बराबरको क्षति भएको प्रमुख जिल्ला अधिकार अनिल पौडेलले बताए।

शैल्यशिखर नगरपालिका- २ को वडा कार्यालयमा भदौ २८ गते आन्दोलनकारीले तोडफोड गरे। तोडफोडबाट वडा कार्यालयभित्रका सम्पूर्ण समान नष्ट भयो। लेकम गाउँपालिका-५ मा रहेको सामुदायिक रेडियो लोकदर्पण एफएफमा समेत आन्दोलनकारीले ढुङ्गा प्रहार गरेको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बताए।

## स्वास्थ्यको अधिकार

### सुत्केरीको मृत्यु

अपिहिमाल गाउँपालिका-१ की २५ वर्षीया द्रोपती जागरीको ०८१ माघ ४ गते सुत्केरी गराउन स्वास्थ्य इकाइमा लगिएकोमा उनको मृत्यु भयो। सुत्केरी व्यथा लागेपछि गाउँबाट एक घण्टा बोकेर स्वास्थ्य इकाइ, सितीमा पुर्‍याइएकोमा उनको मृत्यु भएको स्थानीय कमानसिंह धामीले बताए। बर्थिङ सेन्टर रहेको सो स्वास्थ्य इकाइमा ढिलो गरी ल्याइएको कारण बचाउन नसकिएको अनमी पार्वती धामीले बताइन्। अपिहिमाल गाउँपालिकामा सडक सञ्जाल र विद्युत नपुगेको, स्वास्थ्य इकाइमा पर्याप्त उपकरण नभएको र हेलिकोप्टरको व्यवस्थापन गर्न प्रयास गरिएको भए पनि ढिलो भएको कारण सुत्केरी महिलाको ज्यान जोगाउन नसकिएको अपि हिमाल गाउँपालिकाका स्वास्थ्य संयोजक राजेन्द्रसिंह धामीले बताए। स्वास्थ्य कार्यालय, दार्चुलाका प्रमुख बिरेन्द्र भट्टका अनुसार यो घटना बाहेक आर्थिक वर्ष ०७७ /०७८ र ०७८ / ०७९ मा जिल्लामा एक/एक जना गरी दुई जना सुत्केरी महिलाको मृत्यु भएको थियो।

**तालिका ५.७.३.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| बाल अधिकार | बलात्कार | २ | २ |
| | सामूहिक बलात्कार | १ | १ |
| | जम्मा | ३ | ३ |
| महिला अधिकार | घरेलु हिंसा | ३० | ३० |
| | बलात्कार | २ | २ |
| | दाइजोजनित हिँसा | १ | १ |
| | जम्मा | ३३ | ३३ |
| **कूल जम्मा** | | ३६ | ३६ |

(स्रोत : इन्सेक, २०२५)

**तालिका ५.७.३.२** **सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | २ | २ |
| सामूहिक बलात्कार | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | २६ | | ४ | ३० |
| दाइजोजनित हिँसा | १ | | | १ |
| बलात्कार | | १ | १ | २ |
| जम्मा | २७ | १ | ५ | ३३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.४ बैतडी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,४२,१५७ |
| महिला | १,२८,२९३ |
| घर परिवार सङ्ख्या | ४९,४०७ |
| घरजग्गामा महिलाको स्वामित्व | २,०५८ |
| साक्षरता प्रतिशत | ७६.७९ |
| आश्रित जनसङ्ख्या | १,३१,१८५ |
| अपाङ्गता भएका | ५,७६९ |

यस वर्ष बैतडी जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ४१ जना महिला र एक जना पुरुष गरी ४२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १५ जना पुरुष र १० जना महिला गरी २५ जना रहेकोमा कारागार भवन जीर्ण भएर यस वर्ष पुन: निर्माणको काम सुरू गरिएको छ। कारागारमा रहेका कैदीवन्दीहरूलाई दार्चुला, डडेल्धुरा तथा धनगढी लगायतका कारागारहरूमा स्थानान्तरण गरिएको जेलर धारा भण्डारीले बताए। नवयुवा पुस्ताले गरेको अन्दोलनमा भागेका ६२ जनामध्ये ६१ जना कारागार फर्किएको र एक जना अझै फरार रहेको भण्डारीले बताए।

### बाल अधिकार

यस वर्ष बैतडी जिल्लामा बलात्कार घटनामा ६, हाडनाता करणी घटनामा एक र यौन दुर्व्यवहार घटनामा एक गरी आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बलात्कार

१४ वर्षीया बालिकालाई ०८१ पुस २० गते बलात्कार गरेको भन्दै शिवनाथ गाउँपालिका-१ दुवलाका चक्रसिंह साउदविरुद्ध पीडित पक्षले ०८१ फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २५ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिर्थराज भट्टको ०८२ असार २४ गतेको इजलासले आरोपितलाई १३ वर्ष कैद, ५ लाख १० हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५७ जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट तथा गाली बेइज्जती गरेका ५४ मा मेलमिलाप भएको, तीन

**तालिका ५.७.४.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| हत्या | | | १ | १ |
| बाल अधिकार | बलात्कार | ६ | | ६ |
| | हाडनाता करणी | १ | | १ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ८ | | ८ |
| महिला अधिकार | घरेलु हिंसा | ३१ | | ३१ |
| | बलात्कार | १ | | १ |
| | परिवारजनबाट हत्या | १ | | १ |
| | जम्मा | ३३ | | ३३ |
| **कूल जम्मा** | | ४१ | १ | ४२ |

(स्रोत : इन्सेक, २०२५)

उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका प्रहरी जवान कल्पना बोहराले बताइन्।

यो वर्ष बैतडी जिल्लामा बलात्कारका घटनामा एक जना र घरेलु हिंसाका घटनामा ३१ गरी ३२ जना महिला पीडित भए। परिवारबाट एक जना महिलाको हत्या भयो।

### पारिवारिक हत्या

सिगास गाउँपालिका-२ गाँजरीकी ३५ वर्षीया बेलमती धामीको ०८२ भदौ २२ गते बञ्चरो प्रहार गरी हत्या गरेको भन्दै ३० वर्षीया भतिजा यज्ञ भट्टविरुद्ध पीडित पक्षले भदौ २२ गते इलाका प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिर्थराज भट्टको ०८२ कात्तिक ३० गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

### जातीय विभेद

सिगास गाउँपालिका-१ अड्डेगडा गाउँकी ६१ वर्षीया मना टेलरको ०८१ फागुन ३ गते बिहान ११ बजे कालगतीले मृत्यु भयो। गाउँमा एक मात्रै दमाई परिवार भएकाले मलामी जाने मानिस नपाउँदा आगनमा दुई दिनसम्म लास राख्न बाध्य हुनु परेको प्रकाश टेलरले बताए। गाउँमा अन्य जातका मानिस भए पनि दलित त्यसमा पनि दमाइ थर भएकै कारण गाउँमा मलामी जाने मानिस नपाउँदा शवलाई दुई दिनपछि ५० किलोमिटर टाढा पाटन नगरपालिका-६ तिमडीगाडमा पुऱ्याइ सद्गत गरेको प्रकाशले बताए।

### आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

#### भौतिक संरचना क्षति

दशरथचन्द नगरपालिका- ४ गढीस्थित नेकपा माओवादी केन्द्र, बैतडीको पार्टी कार्यालयमा ०८२ असार ७ गते साँझ ५ बजे अपरिचित मानिसको समूहले आगजनी गऱ्यो। आगजनीबाट पार्टी कार्यालयको एउटा कोठामा राखिएका कागजात, कुर्सी, टेबल र दराज जलेर नष्ट भए भने झ्याल र ढोकामा समेत क्षति पुग्यो।

नवयुवा पुस्ताले गरेको प्रदर्शनका क्रममा भदौ २४ गते स्थानीय युवाहरूले दरशथचन्द नगरपालिका-४ मालिकाडाँडामा रहेको नेकपा एमाले पार्टी कार्यालयको बोर्ड र झुलाघाटस्थित शिलालेख तोडफोड गरे।

**तालिका ५.७.४.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बलात्कार | १ | ३ | २ | ६ |
| हाडनाता करणी | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | ४ | ३ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | २९ | २ | ३१ |
| बलात्कार | | | १ | १ |
| पारिवारिक हत्या | १ | | | १ |
| जम्मा | १ | २९ | ३ | ३३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **जम्मा** |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.५ डडेल्धुरा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३९,६०२ |
| महिला | ७३,७०९ |
| घर परिवार सङ्ख्या | ३१,१७२ |
| घरजग्गामा महिलाको स्वामित्व | २,३३० |
| साक्षरता प्रतिशत | ७८.१९ |
| आश्रित जनसङ्ख्या | ७३,११० |
| अपाङ्गता भएका | ४,१६४ |

यस वर्ष डडेल्धुरा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १२ जना पुरुष पीडित भए। ज्यादतीका घटनामा ३९ जना महिला र आठ जना पुरुष गरी ४७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

## कुटपिट

### अन्यपक्षबाट

अमरगढी नगरपालिका- ६ का अध्यक्ष केबी ताम्राकारलाई ०८२ वैशाख ११ गते कुटपिट गरेको आरोपमा सोही ठाउँका सुरेश खड्का र उनका छोरा सन्देश खड्काविरुद्ध पीडितले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई वैशाख १३ गते गिरफ्तार गऱ्यो। अमरगढी नगरपालिका-७ पोखराबाट घर फर्किरहेको अवस्थामा आरोपित सुरेश खड्का र उनका छोरा सन्देश खड्काले भजनपुरस्थित वडा कार्यालय नजिकै कुटपिट गरेको पीडितले बताए। आफूमाथि कुटपिट गरिएको भन्दै वडाध्यक्ष ताम्राकारले प्रहरीमा उजुरी दिएपछि आरोपित खडका पक्षले पनि वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी सुगन्ध श्रेष्ठले बताए। आरोपित दुवै जनालाई गिरफ्तार गरी जिल्ला अदातलमा वैशाख १२ गते मुद्दा गर्दा गरेको डिएसपी श्रेष्ठले बताए। शरीररको विभिन्न भागमा चोट लागेर घाइते भएका पीडितको उपचार काठमाडौँमा भयो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र शर्माको असार ३ गतेको इजलासले मुद्दा कुटपिटमा परिवर्तन गरेको अदालतका सूचना अधिकारी पुष्पराज जोशीले जानकारी दिनुभयो।

## झडप

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको प्रदर्शनका क्रममा अमरगढी नगरपालिका-५ तुफानडाँडा चौकमा झडप हुँदा तीन जना प्रहरी र १२ जना आन्दोलनकारी घाइते भए। झडपमा गन्यापधुरा गाउँपालिका-४ का ३१ वर्षीय भोजराज भट्ट, नवदुर्गा गाउँपालिका-१ का १८ वर्षीय सुशील ताम्राकार, कैलाली जिल्ला गोदावरी नगरपालिकाका-३ का २१ वर्षीय हिमाल चन्द, अमरगढी नगरपालिक-२ का २८ वर्षीय बिरेन्द्र खडायत, अमरगढी नगरपालिका-४ का ३२ वर्षीय भुवन भण्डारी, अमरगढी नगरपालिका-१० का ३० वर्षीय सन्तोष ऐर, अमरगढी नगरपालिका-२ का ३३ वर्षीय अर्जुन सार्की, बझाङ जिल्ला बुंगल नगरपालिका-५ का रघु नाथ, डोटी जिल्ला शिखर नगरपालिका-९ का ३६ वर्षीय नवराज सुनार, सोही ठाउँका ४३ वर्षीय लोकेन्द्र भण्डारी, डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका-३ का ४९ वर्षीय यज्ञ भट्टराई, सोही ठाउँका ४९ वर्षीय टेकबहादुर बाघ, जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा कार्यरत प्रहरी जवान २३ वर्षीय बिष्णु सायर, ३५ वर्षीय प्रकाशचन्द

**तालिका ५.७.५.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | १ | १ |
| घाइते | | १२ | १२ | | ६ | ६ |
| हत्या | | | | | १ | १ |
| बाल अधिकार | बलात्कार | | | १ | | १ |
| | हाडनाता करणी | | | १ | | १ |
| | जम्मा | | | २ | | २ |
| महिला अधिकार | घरेलु हिंसा | | | ३२ | | ३२ |
| | बलात्कार | | | ३ | | ३ |
| | पारिवारिक हत्या | | | २ | | २ |
| | जम्मा | | | ३७ | | ३७ |
| **कूल जम्मा** | | १२ | १२ | ३९ | ८ | ४७ |

(स्रोत : इन्सेक, २०२५)

भट्ट र २५ वर्षीय भुवन बोहरा घाइते भए। घाइते भएका १४ जनाको भदौ २४ गते डडेल्धुरा अस्पतालमा उपचार गरिएको र रबरको गोली लागेर घाइते भएका रधु नाथको थप उपचार धनगढीमा भयो।

### कारागार र बन्दी

१ सय २५ जनाको क्षमता रहेको डडेल्धुरा कारागारमा १ सय ३३ जना कैदीबन्दी छन्। कारागारमा १० जना महिला छन् भने तीन जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा बढी कैदीबन्दी भए पनि खासै समस्या नरहेको कागारका जेलर सन्तोष भट्टले बताए। नवयुवा पुस्ताको आन्दोलनका क्रममा भदौ २४ गते कारागारबाट भागेका ८५ जना मध्ये पाँच जना अझै फरार छन्। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। कारागारका चौकीदार दिनेशराम पार्कीले आठ ओटा खाट कम भएकोले कैदीबन्दीले भुइँमै सुत्नु परिरहेको बताए।

### बाल अधिकार

यस वर्ष डडेल्धुरा जिल्लामा बलात्कार घटनामा एक जना र हाडनाता करणीका घटनामा एक जना गरी दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

#### हाडनाता करणी

१३ वर्षीया बालिकालाई ०८१ चैत १२ गते रातीको समयमा बलात्कार गरेको भन्दै ४५ वर्षीया बुबाविरुद्ध पीडित पक्षले २०८२ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई जेठ २ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अरुणकुमार कोइरालाको असोज २० गतेको इजलासले आरोपितलाई दाबी पुग्ने सजाय सुनाएको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४४ जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरिएका ३६ र विवाह दर्ता र नागरिकता नबनाएको आठ उजुरी छन्। यी मध्ये ३४ उजुरीमा मेलमिलाप भयो भने १० उजुरी कानुनी कारबाहीका लागि अघि बढाइएको सेवा केन्द्रकी प्रहरी जवान पुष्पा चन्दले बताइन्।

यो वर्ष डडेल्धुरा जिल्लामा बलात्कारको घटनामा तीन र घरेलु हिंसाका घटनामा ३२ गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट दुई जना महिलाको हत्या भयो।

#### बलात्कार

१८ वर्षीया युवतीलाई २०८१ पुस २९ गते बलात्कार गरेको आरोपमा आलिताल गाउँपालिका -७ का ३५ वर्षीय महेश बोहरा विरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र शर्माको असार ९ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १८ वर्ष कैद सजाय सुनाएको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

### पारिवारिक हत्या

आलिताल गाउँपालिका-२ की २४ वर्षीया अस्मिता थापा मगरलाई ०८१ पुस २९ गते भरुवा बन्दुकले छातीमा गोली हानी हत्या गरेको आरोपमा ३२ वर्षीय पति डम्बर थापा मगरविरुद्ध पीडित पक्षले माघ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र शर्माको ०८२ असार १६ गतेको इजलासले आरोपितलाई जन्मकैदको सजाय सुनाएको अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा अमरगढी नगरपालिका, आन्तरिक राजस्व, मालपोत, नापी, यातायात, जिल्ला निर्वाचन कार्यालय, ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक), बहुउद्देशीय विकास समाज (एमपीडीएस), नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा माओवादी केन्द्र, रास्वपा, बिपी कांग्रेस पार्टी कार्यालय र सुदूरपश्चिम प्रदेश सरकारका राज्यमन्त्री सरस्वती खड्काको घरमा आगजनी र तोडफोड भयो। आगजनी र तोडफोडका कारण २ करोड ५३ लाख ४५ हजार ८ सय  रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयका सुब्बा चन्द्र रोकायले बताए।

**तालिका ५.७.५.२** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | १ |
| हाडनाता करणी | १ | | १ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | २६ | ६ | ३२ |
| बलात्कार | १ | | २ | ३ |
| पारिवारिक हत्या | १ | | १ | २ |
| जम्मा | २ | २६ | ९ | ३७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.६ डोटी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,०४,८३१ |
| महिला | १,११,२२७ |
| घर परिवार सङ्ख्या | ४५,१४० |
| घरजग्गामा महिलाको स्वामित्व | २,६३८ |
| साक्षरता प्रतिशत | ७०.७४ |
| आश्रित जनसङ्ख्या | १,१६,७८२ |
| अपाङ्गता भएका | ५,११९ |

यस वर्ष डोटी जिल्लामा बाल सुधार गृहमा एक जनाको मृत्यु भयो। मानव अधिकार ज्यादतीका घटनामा २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २३ जना महिला पीडित भए।

### कारागार र बन्दी

दुई महिला र २५ पुरुष गरी २७ जनाको क्षमता भएको कारागारमा ७६ जना कैदीबन्दी छन्। क्षमताभन्दा बढी पुरुष कैदीबन्दी रहेका कारण व्यवस्थापन गर्न समस्या भएको, जीर्ण भवन र खानेपानी अभाव कारागारका वर्तमान चुनौतीका रूपमा रहेको जिल्ला कारागारका जेलर लालबहादुर बोगटीले बताए। दरबन्दी अनुसार स्वस्थ्यकर्मी रहेको, भेटघाट कक्षको व्यवस्था गरिएको, खेलकुद तथा मनोरञ्जन, पुस्तकालय र सीपमूलक तालिमको व्यवस्था भएको समेत जेलर बोगटीले बताए।

**तालिका ५.७.६.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल सुधार गृहमा मृत्यु | | १ | १ | | |
| बाल अधिकार | बलात्कार | | | ३ | ३ |
| | जम्मा | | | ३ | ३ |
| महिला अधिकार | घरेलु हिंसा | | | २१ | २१ |
| | बलात्कार | | | २ | २ |
| | जम्मा | | | २३ | २३ |
| **कूल जम्मा** | | १ | १ | २६ | २६ |

(स्रोत : इन्सेक, २०२५)

### बालसुधार गृह

२५ जना क्षमता रहेको बाल सुधार गृहमा ४० जना रहेका छन्। तीमध्ये १८ वर्षमुनिका १८ जना, १८ वर्षभन्दा माथिका २२ जना रहेको बाल सुधार गृह, डोटीका प्रमुख सानुमाया लिम्बूले बताइन्। बाल सुधार गृहमा शौचालय, खानेपानी, पुस्तकालय, खेलमैदानको समस्या नभएको, सीपमूलक तालिमहरू समेत सञ्चालन हुने गरेको प्रमुख लिम्बूले बताइन्। नवयुवा पुस्ताको आन्दोलनका क्रममा बाल सुधार गृहमा रहेका ५३ जनामध्ये ५२ जना फरार भए। फरार भएकामध्ये ३७ जना फर्किएका र १५ जना फर्किन बाँकी रहेको बाल सुधार गृह प्रमुख प्रमुख सानुमाया लिम्बूले बताइन्।

बोगटान फुड्सिल गाउँपालिका-७ खतेडी निवासी बाल सुधार गृह, डोटीमा राखिएका १९ वर्षीय श्याम बिकको ०८२ असोज १९ गते मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नवराज रावलले सुधार गृहमा राखिएका बिक सुधार गृह भित्रैको सुत्ने कोठामा झुण्डिएको अवस्थामा फेला परेको बताए। कोठामा कपडा झुन्ड्याउन राखिएको हुकमा पासो लगाएको अवस्थामा शव भेटिएको ड्युटीमा रहेका

प्रहरी हवल्दार बिर्ख रोकायले बताए। २४ गते बालसुधार गृहबाट भागेका बिकलाई बुबा लालबहादुर बिक लगायतले असोज १८ गते मात्रै प्रहरीको जिम्मा लगाएको र प्रहरीले असोज १९ गते बिहान ८.३० बजे बाल सुधार गृहमा पठाएको बाल सुधार गृहकी प्रमुख सानुमाया लिम्बूले बताइन् । सुधार गृहमा ल्याइएका बिक कोठामा सामान राख्न गएकोमा उनले डोरीले पासो लगाएर आत्महत्या गरेको बाल सुधार गृहकी प्रमुख लिम्बूले बताइन्। शवको पोष्टमार्टम असोज १९ गते जिल्ला अस्पताल, डोटीमा गरी सोही दिन आफन्तलाई जिम्मा लगाइयो।

## बाल अधिकार

यस वर्ष डोटी जिल्लामा बलात्कार घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये ३१ उजुरीमा मेलमिलाप गरायो भने आठ उजुरी कानुनी कारवाहीका लागि अघि बढाइएको र दुई उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका इन्चार्ज सई राम थाले बताए।

यो वर्ष डोटी जिल्लामा बलात्कारको घटनामा दुई र घरेलु हिंसाका घटनामा २१ गरी २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति

नवयुवा पुस्ताले गरेको आन्दोलनका क्रममा

**तालिका ५.७.६.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |
| महिला अधिकार | १ | १ |
| जम्मा | २ | २ |

(स्रोत : इन्सेक, २०२५)

०८२ भदौ २४ गते प्रदर्शनकारीले नेपाली कांग्रेस र नेकपा एमालेको पार्टी कार्यालयमा आगजनी गरे। यसैगरी, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नापी कार्यालय तोडफोड गरेका थिए। प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीका अनुसार जिल्ला प्रशासन कार्यालयमा आन्दोलनकारीले तोडफोड गर्दा कार्यालयको गेट, ६० ओटा झ्याल, टेलिभिजन, बा. २ भ नम्बरको गाडी, राष्ट्रिय परिचयपत्र शाखामा प्रयोग हुने स्क्यानर एक थान, आईरिस एक थान सिग्नेचर प्याड एक थान र युपिएस एक थान, नापी कार्यालयका १३ ओटा झ्यालका सिसा, कृषि ज्ञान केन्द्रको डिजिटल सूचना बोर्ड, ६ ओटा झ्यालका सिसा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका सात ओटा झ्यालका सिसा, डिजिटल सूचना बोर्ड, सिसिटिभी क्यामेरामा पूर्ण क्षति भयो। यसैगरी दिपायल सिलगढी नगरपालिकाको से १ ख १७३३ नं को नगर बसमा आगजनी हुनुका साथै से १ ख २० ७९ नं को बस, जेसीबीमा तोडफोड भयो। सो क्रममा जिल्ला प्रहरी कार्यालय, डोटीको भवनमा रहेका झ्यालका सिसा र सशस्त्र प्रहरी बलको गाडीमा पनि तोडफोड भयो।

**तालिका ५.७.६.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १६ | ५ | २१ |
| बलात्कार | | २ | २ |
| जम्मा | १६ | ७ | २३ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.७ अछाम

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,२८,८५२ |
| महिला | १,२३,५३३ |
| घर परिवार सङ्ख्या | ४९,५६७ |
| घरजग्गामा महिलाको स्वामित्व | २,८३३ |
| साक्षरता प्रतिशत | ७२.६४ |
| आश्रित जनसङ्ख्या | १,३५,२९५ |
| अपाङ्गता भएका | ७,००६ |

यस वर्ष अछाम जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा ३९ जना महिला र तीन जना पुरुष गरी ४२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३१ जना महिला पीडित भए।

**तालिका ५.७.७.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ | २ |
| हत्या | | ४ | | ४ |
| जातीय विभेद | | | २ | २ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | जम्मा | ३ | | ३ |
| महिला अधिकार | घरेलु हिंसा | २६ | | २६ |
| | बलात्कार | ३ | | ३ |
| | बलात्कार प्रयास | २ | | २ |
| | जम्मा | ३१ | | ३१ |
| **कूल जम्मा** | | ३९ | ३ | ४२ |

(स्रोत : इन्सेक, २०२५)




### कारागार र बन्दी

७५ जनाको क्षमता भएको जिल्ला कारागारमा ८० जना कैदीबन्दी छन्। कारागारमा पाँच जना महिला र एक आश्रित बालक छन्। पुरुष कैदीबन्दीहरूको सङ्ख्या क्षमता भन्दा धेरै भएकोले सुत्नका लागि समस्या हुने गरेको तथा कारागारमा खानेपानीको पनि समस्या रहेको जेलर इन्द्र चौधरीले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षण,उपचार र आफन्तसँग नियमित भेटघाटको व्यवस्था गरिएको जेलर चौधरीले बताए।

### बाल अधिकार

यस वर्ष अछाम जिल्लामा बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### हत्या

ढकारी गाउँपालिका-८ पलाताकी १४ वर्षीया इशरा खड्का र १५ वर्षीया सरस्वती खड्का ०८१ माघ १२ गते बेलुकी सोही गाउँपलिका वडा नम्बर १ को छिन्नेओडार जङ्गलमा मृत अवस्थामा फेला परे। बाखा चराउन गएका दुवै फूपु-भदै बेलुकी घर नफर्केपछि हराएको भन्दै परिवारले खोजीकार्य गरेका थिए। दुवै शवको माघ १४ गते पोष्टमार्टम भेरी अस्पताल, नेपालगञ्जमा गरी गृह जिल्ला अछाम ल्याएर माघ १६ गते परिवारजन तथा आफन्तले सद्गत गरे। बालिकाहरूको हत्यामा संलग्न रहेको आरोपमा पीडित

पक्षले माघ १४ गते ढकारी गाउँपालिका-३ तालीका १६ वर्षीय, १५ वर्षीय र १२ वर्षीय बालकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। प्रहरीले आरोपितहरूलाई माघ १४ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदातलका न्यायाधीश रोशनकुमार भट्टराईको फागुन ६ गते बसेको इजलासले आरोपित दुई बालकलाई पुर्पक्षका लागि बाल सुधार गृह डोटी पठाउने र एक जना बालकलाई अभिभावको जिम्मा लगाउने आदेश दियो। मुद्दा जिल्ला अदातलमा बिचाराधीन छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४१ जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये ३३ उजुरीमा मेलमिलाप भएको र आठ उजुरी थप कानुनी कारबाहीका अदालत गएको सेवा केन्द्रका प्रहरी हबल्दार लक्ष्मणसिंह भट्टले बताए।

यो वर्ष अछाम जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासको घटनामा दुई र घरेलु हिंसाका घटनामा २६ गरी ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### जातीय विभेद

साँफेबगर नगरपालिका-९ बुढाकोट निवासी बुढाकोट माविका शिक्षक अभिभावक सङ्घका अध्यक्ष ४० वर्षीय सर्जन परियारलाई ०८१ माघ २१ गते सरस्वती पूजाको दिन विद्यालय परिसरमै जातीय विभेद गरी टिका नलगाइ दिएको भन्दै साँफेबगर नगरपालिका-९ बुढाकोटका निवासी ४५ वर्षीय पूजारी चेतराज भट्टविरुद्ध पीडितले माघ २१ गते वडा कार्यालय र विद्यालय व्यवस्थापन समितिमा निवेदन दिए। पीडितले दिएको निवेदनका आधारमा आरोपित पूजारीलाई वडा कार्यालयमा बोलाई छलफल गर्दा आरोपितले आफूबाट गल्ती भएको स्वीकार गरी उपरान्त गल्ती नगर्ने भन्दै लिखित कागज गरेपछि दुवै पक्षबीच सोही दिन माघ २१ गते मेलमिलाप भएको साँफेबगर नगरपालिका-९ का वडाध्यक्ष दीपक कुँवरले बताए।

**तालिका ५.७.७.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |

(स्रोत : इन्सेक, २०२५)

पञ्चदेवल विनायक नगरपालिका-४ कालिकास्थानका ३३ वर्षीय दिनेश नेपालीलाई ०८१ फागुन १८ गते जिल्ला अदालत परिसरमा 'डुम' शब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा सोही ठाउँका ३४ वर्षीय बखतबहादुर शाही, २५ वर्षीय देवेन्द्रबहादुर शाही, ३२ वर्षीय गणेशबहादुर शाही, ३३ वर्षीय ललितबहादुर शाही, ३२ वर्षीय रमेशबहादुर शाही विरुद्ध पीडितले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित मध्येका बखतबहादुर शाही बाहेकका अन्य आरोपितहरूलाई फागुन २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रोशनकुमार भट्टराईको चैत २१ गतेको इजलासले आरोपितहरूलाई जनही १ लाख रुपियाँ धरौटीमा तारिखमा रिहा गर्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### छाउगोठमा मृत्यु

पञ्चदेवल विनायक नगरपालिका-८ सेलापानीका ३५ वर्षीया निमा खनाल र ३६ वर्षीया रत्ना भण्डारी ०८२ भदौ १२ गते महिनाबारीका समयमा घरनजिकै खेतमा पाल टाँगेर सुतेकोमा डाँडाबाट खसेको ढुङ्गाले थिचिएर खनालको घटनास्थलमै मृत्यु भयो भने भण्डारी घाइते भइन्। भण्डारीसँगै सुतेकी उनकी सात वर्षीया छोरी कविता भण्डारीको पनि घटनास्थलमै मृत्यु भयो। घाइते भण्डारीको स्वास्थ्य चौकी, बरालमा उपचार भएको र शवहरूको पोष्टमार्टम भदौ १४ गते जिल्ला अस्पतालमा गरी सोही दिन परिवारजनले सद्‌गत गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी ओमप्रकाश खनालले बताए। सामाजिक कुरीतिका रूपमा रहेको छाउपडी प्रथामा महिनाबारी भएको समयमा महिलाहरू घरमा सुत्न नहुने विश्वास रहँदै आएको छ।

**तालिका ५.७.७.३ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | २ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २१ | | ५ | २६ |
| बलात्कार | | १ | २ | ३ |
| बलात्कार प्रयास | | | २ | २ |
| जम्मा | २१ | १ | ९ | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | कानुनी दायरामा नल्याइएका | जम्मा |
| हत्या | २ | २ | ४ |

(स्रोत : इन्सेक, २०२५)

# ५.७.८ कैलाली




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ९,०४,६६६ |
| महिला | ४,७१,२१० |
| घर परिवार सङ्ख्या | १,९५,८७२ |
| घरजगगामा महिलाको स्वामित्व | ३३,३५५ |
| साक्षरता प्रतिशत | ७७.६१ |
| आश्रित जनसङ्ख्या | ४,२७,७६७ |
| अपाङ्गता भएका | २२,४६५ |

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला र २२ जना पुरुष गरी २५ जना पीडित भए। ज्यादतीका घटनामा ३ सय २० जना महिला र ६९ जना पुरुष गरी ३ सय ८९ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ४८ जना महिला पीडित भए।

### घाइते

नवयुवा युवा पुस्ताले ०८२ भदौ २४ गते कैलालीमा गरेको प्रदर्शनको क्रममा विभिन्न ठाउँमा आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा धनगढी उपमहानगरपालिका २० वर्षीय शिवम क्षेत्री, १८ वर्षीय केशव परियार, १८ वर्षीय अन्नत थापा, २३ वर्षीय लक्की रावल, ४० वर्षीय, शम्भु श्रेष्ठ, २० वर्षीय अंकुश मगर,१९ वर्षीय बिवेक सुनार, २० वर्षीय विकास भण्डारी, १६ वर्षीय बालक, ३७ वर्षीय पुष्कर विक, २० वर्षीय आयुष सिंह, ३४ वर्षीय कुमार जेठारा, २१ वर्षीय सुरेन्द्र बीसी, १७ वर्षीय बालक, १८ वर्षीय सुमित खड्का, दशरथ यादव, २१ वर्षीय विशाल सुनार, १९ वर्षीय हरिश नाथ, २९ वर्षीय गोविन्दबहादुर सिंह, २५ वर्षीया रुपा खड्का र २४ वर्षीया वसन्ती ठगुन्ना घाइते भए। घाइते सबैको भदौ २४ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचार भयो। सो क्रममा केही प्रहरी सामान्य घाइते भए। घाइते प्रहरीको नाम सार्वजनिक नगर्ने जिल्ला प्रहरी कार्यालयका एसपी नरेन्द्र चन्दले बताए।

### कुटपिट

#### अन्यपक्षबाट

धनगढी उपमहानगरपालिका-२ स्थित भन्सार कार्यालयका प्रमुख अनन्त तिमिल्सिनालाई ०८२ जेठ ११ गते कार्यालय परिसरभित्र कुटपिट गरेको आरोपमा धनगढी उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी इन्स्पेक्टर बैतडी जिल्ला दशरथचन्द नगरपालिका-१० का ५३ वर्षीय लक्ष्मण धामी, नगर प्रहरी हबल्दार धनगढी उपमहानगरपालिका-४ बोराडाडीका ४६ वर्षीय मणिदत्त भट्ट, नगर प्रहरी जवान धनगढी उपमहानगरपालिका-५ का ४३ वर्षीय जितेन्द्रसिंह धामी र गाडी चालक कञ्चनपुर, पुर्नवास नगरपालिका-१० का ४३ वर्षीय रतन मल्लविरुद्ध पीडितले जेठ १२ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई जेठ १२ गते धनगढीबाट गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालयले जेठ २७ गते जनही १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गरेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी राजकुमार सिंहले बताए। वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन छ।

**तालिका ५.७.८.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | २ | | २ | २ |
| कारागारमा मृत्यु | | | २ | २ | | | |
| अमानवीय व्यवहार | | | | | | १ | १ |
| घाइते | | २ | १९ | २१ | २ | ५६ | ५८ |
| धम्की | | | | | | १ | १ |
| हत्या | | | | | ३ | ७ | १० |
| जातीय विभेद | | | | | १ | २ | ३ |
| बाल अधिकार | बलात्कार | | | | ३७ | | ३७ |
| | सामूहिक बलात्कार | | | | ४ | | ४ |
| | बेचबिखन तथा ओसारपसार | | | | ५ | | ५ |
| | यौन दुर्व्यवहार | | | | २० | | २० |
| | जम्मा | | | | ६६ | | ६६ |
| महिला अधिकार | घरेलु हिंसा | | | | १९७ | | १९७ |
| | बलात्कार | | | | ३८ | | ३८ |
| | सामूहिक बलात्कार | | | | २ | | २ |
| | बलात्कार प्रयास | | | | ७ | | ७ |
| | यौन दुर्व्यवहार | | | | १ | | १ |
| | दाइजोजनित हिंसा | | | | २ | | २ |
| | पारिवारिक हत्या | | | | १ | | १ |
| | जम्मा | | | | २४८ | | २४८ |
| **कूल जम्मा** | | ३ | २२ | २५ | ३२० | ६९ | ३८९ |

(स्रोत : इन्सेक, २०२५)

गौरीगङ्गा नगरपालिकाका प्रशासकीय अधिकृत धर्मानन्द जोशीलाई ०८२ साउन १ गते कार्यकक्षमै कुटपिट गरेको आरोपमा गौरीगंगा नगरपालिकाका नगरप्रमुख देवीदत्त कडेलका स्वकीय सचिव उमेश जोशीविरुद्ध इलाका प्रहरी कार्यालय, मालाखेतीमा साउन ३ गते पीडितले उजुरी दिए। जिल्ला प्रशासन कार्यालयले साउन २० गते आरोपितलाई ६ हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश गरेको जिल्ला प्रशासन कार्यालय मुद्दा फाँटका प्रमुख ईश्वरीदत्त जोशीले बताए।

## अमानवीय व्यवहार

### अन्यपक्षबाट

जोशीपुर गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरीलाई ०८२ जेठ ११ गते कम्युनिष्ट युवा सङ्गठन नेपालका कार्यकर्ताले मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा पीडितले जेठ १२ इलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दिए। प्रहरीले आरोपितमध्ये बाजुरा जिल्ला बडीमालिका नगरपालिका-७ हाल धनगढी बस्दै आएका ३४ वर्षीय रमेश साउदलाई जेठ १६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध अभद्र व्यवहारविरुद्ध जिल्ला प्रशासन कार्यालय, कैलालीमा मुद्दा दर्ता गरेकोमा असार ५ गतेको जिल्ला प्रशासन कार्यालयको इजलासले साधारण तारेखमा रिहा गर्ने आदेश दियो। जोशीपुर गाउँपालिका-५ मैनपोखरीका ४२ वर्षीया प्रेमलाल चौधरीलाई असार २२ गते गिरफ्तार गरी सोही दिन १० हजार रुपियाँ धरौटी र साधारण तारेखमा रिहा गर्ने आदेश गरेको जिल्ला प्रशासन कार्यालय, कैलालीका मुद्दा शाखाका प्रमुख ईश्वरीदत्त जोशीले बताए। अन्य आरोपित फरार

रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीका डिएसपी राजकुमार सिंहले बताए। वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन छ।

## कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जना महिला र १ सय २५ जना पुरुष गरी १ सय ५० जना रहेकोमा २ सय ८८ जना कैदी र १ सय ५८ जना थुनुवा गरी ४ सय ६५ जना कैदीबन्दी छन्। जसमा २९ जना महिला कैदी र ७ जना महिला थुनुवा गरी ३६ जना महिला छन्। कारागारको क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी भएका कारण सुत्ने, नुहाउने तथा शौचालय प्रयोगमा समस्या भएको जेलर चिरञ्जीवि सापकोटाले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि कारागारभित्र दुई कोठाको अस्थायी अस्पताल निर्माण गरिएको छ। नवयुवा पुस्ताको आन्दोलनको क्रममा कारागारमा तोडफोड भएको भौतिक संरचनाको मर्मत सम्भार र लुटपाट गरिएका उपकरण, पंखा, टिभी, माइकको जडान भइरहेको छ। कैदीबन्दीका लागि खेलकुदका सामग्री सीपमूलक तालिमको व्यवस्था गरिएको छ। गत भदौ २४ गते कारागारबाट फरार भएकामध्ये २ सय ३० जना कैदीबन्दी अझै सम्पर्क बाहिर रहेको जेलर सापकोटाले बताए।

## कारागारमा मृत्यु

जिल्ला कारागार, कैलालीमा कैद भुक्तानका लागि राखिएका डडेल्धुरा जिल्ला भोगेश्वर गाउँपालिका-५ का २८ वर्षीय हरिसिंह पालीको ०८२ असार २ गते कुटपिट गरी हत्या गरेको आरोपमा धनगढी उपमहानगरपालिका-३ निवासी जिल्ला प्रहरी कार्यालय, कैलालीका सई हरजीत नाथ विरुद्ध पीडित पक्षले ०८२ असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ५ गते जिल्ला प्रहरी कार्यालयको परिसरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध असार ५ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदातलका न्यायाधीश दण्डपाणी लामिछानेको असार ३२ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए। शवको पोष्टमार्टम असार ५ गते सेती प्रादेशिक अस्पतालमा भएपछि असार ६ गते सद्गत गरिएको मृतकका दाजु जीवन क्षेत्रीले बताए। लेनदेन मुद्दामा जिल्ला अदातल, कैलालीले ०८० फागुन २९ गते कसुर ठहर गरी १० दिन कैद र २ लाख रुपियाँ जरिबानाको फैसला गरेको भए पनि पाली फरार रहेका थिए। प्रहरीले पालीलाई ०८२ जेठ ३० गते घरबाट गिरफ्तार गरी असार १ गते जिल्ला कारागार, कैलालीमा पठाएको थियो। दुई जनाबीच लेनदेनको विषयमा विवाद भएपछि सई नाथ कारागार भित्रै प्रवेश गरेर पालीलाई कुटपिट गर्दा मृत्यु भएको भन्दै पीडित पक्षले घटनाको सत्यतथ्य छानविन गर्न माग समेत गरेपछि जिल्ला प्रशासन कार्यालय,कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीको संयोजकत्वमा पाँच सदस्यीय छानविन टोली गठन गरिएको थियो। छानविन टोलीले घटनाको प्रतिवेदन तयार गरी प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाललाई बुझाइएको भए पनि भीसीआर रिपोर्ट आएपछि सिआइबीले पुन: घटनाको अनुसन्धान गर्ने जिल्ला प्रशासन कार्यालय, कैलालीका सूचना अधिकारी तथा अनुगमन समितिका सदस्य सचिव शिवराज जोशीले बताए।

कैलाली जिल्ला कारागारमा ०८२ साउन २३ गते कैदीबन्दी स्थानान्तरणको विषयमा ए ब्लकका कैदीबन्दीले बी ब्लकका कैदीबन्दीमाथि हातहतियार सहित आक्रमण गर्दा घाइते भएका धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका ३७ वर्षीय कैदी भरत चौधरीको उपचारका क्रममा मृत्यु भयो भने ४८ जना कैदीबन्दी घाइते भए । घटनामा गोदावरी नगरपालिका-९ का जीवन खत्री, धनगढी उपमहानगरपालिका-५ का रोशन शाही, सोही उपमहागरपालिका-५ का जनक देउवा, शरद चौधरी, बल राना, गौरीगंगा नगरपालिका-७ का नवीन नाथ, धनगढी उपमहानगरपालिका-१३ का नरेश राना, सोही उपमहानगरपालिका-८ का बसन्त खत्री, सोही उपमहानगरपालिका-१० का रामनिवास राना, घोडाघोडी नगरपालिका-३ का अभिषेक चौधरी, बर्दगोरिया गाउँपालिका-१ का धिरज बम, बाजुरा, त्रिवेणी नगरपालिका-८ का लोकेन्द्र गिरी, भारत लखिमपुरका रन्जित सिंह, जानकी गाउँपालिका-९ का निरज जैसी, धनगढी उपमहानगरपालिका-१० का जगदिश राना, सोही उपमहानगरपालिका-८ का हिमाल राना, सोही उपमहानगरपालिका-१८ का हर्क गिरी,

लम्कीचुहा नगरपालिका-१० का जनक भण्डारी, कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-८ का किशोर खडायत, टिकापुर नगरपालिका-१ का अमित भुल, गोदावरी नगरपालिका-१० का दीपक खत्री, लम्कीचुहा नगरपालिका-१ का दिनेश साउद, धनगढी उपमहानगरपालिका-४ का रबी चौधरी, नवलपरासी, पालिकानन्दन नगरपालिका-१ का अंकित बानिया, गोदावरी नगरपालिका-९ का सिद्धार्थ बडेला, जोशीपुर गाउँपालिका-१ का विवेक चौधरी, कैलारी गाउँपालिका-८ का मनिष चौधरी, कञ्चनपुर जिल्ला शुक्लाफाँटा नगरपालिका-८ का गौरव बम, घोडाघोडी नगरपालिका-३ का विवश चौधरी, टिकापुर नगरपालिका-१ का शिव थापामगर, धनगढी उपमहानगरपालिका-१३ का अर्जुन खड्का, भारत, लखिमपुरका पुष्पेन्द्र राना, बैतडी, डिलाशैनी नगरपालिका-२ का नरेन्द्र घरेडी, जानकी गाउँपालिका-२ का देवेन्द्र सिंह, बर्दगोरिया गाउँपालिका-३ का सन्जु दमाइ, गोदावरी नगरपालिका-१ का विरेन्द्र चौधरी, धनगढी उपमहानगरपालिका-८ का मानविर चौधरी, धनगढी उपमहानगरपालिका-५ का मिलन चन्द, बिरबहादुर बिष्ट, धनगढी उपमहानगरपालिका-६ का एकेन्द्र भाट, कञ्चनपुर जिल्ला पुनरवास नगरपालिका-१ का सुरेश राना, धनगढी उपमहाननगरपालिका-९ का विशेषनाथ योगी, धनगढी उपमहानगरपालिका-२ का पङ्कज चौधरी, डडेरधुरा जिल्ला अमरगढी नगरपालिका-४ का मीनबहादर विष्ट, गोदावरी नगरपालिका-८ का सुरेन्द्र बमको सेती प्रादेशिक अस्पतालमा उपचार भएको थियो। गोदावरी नगरपालिका-२ का आयुष भट्ट, मोहन्याल गाउँपालिका-३ का कर्ण सलामीमगर र टिकापुर नगरपालिका-१ का वर्षीय कल्पेश विष्टलाई थप उपचारका लागि काठमाडौं पठाइएको थियो। चौधरीको हत्या संलग्नलाई कारबाही गर्न माग गर्दै पीडित पक्षले साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको साउन २६ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा पोष्टमार्टम गरी परिवारको जिम्मा लगाइएको जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले बताए।

कैलाली जिल्ला कारागारमा ठाउँ अभाव भएको भन्दै कारागार प्रशासनले केही कैदीबन्दीलाई स्थानान्तरण गरेपछि ०८२ साउन २२ गते भएको विवादमा कैदीबन्दीहरूबीच झडपमा हुँदा बर्दगोरिया गाउँपालिका-१ का धिरज बम, कञ्चनपुर जिल्ला बेलडाडी गाउँपालिका-२ का मोहन राना, धनगढी उपमहानगरपालिका-९ का विशेषनाथ योगी, धनगढी उपमहानगरपालिका-८ का हिमाल राना, धनगढी उपमहानगरपालिका-१३ का राहुल राना र धनगढी उपमहानगरपालिका-१० का जगदिश राना घाइते भएका थिए। घाइते जगदिश रानाको सेती प्रादेशिक अस्पतालको आईसीयूमा उपचार भयो। अन्य घाइतेहरूको कारागारमै उपचार भयो।

क्षमता भन्दा पाँच गुणा बढी कैदीबन्दी राखिएका कारण तनावको अवस्था सृजना हुने गरेको, कारागारको आन्तरिक प्रशासन राम्रोसँग सञ्चालन गर्दै आएका कैदीबन्दीलाई नै कारागार प्रशासनले पूर्वाग्राही रूपमा स्थानान्तरण गर्ने गरेको, कैदीबन्दीको आधारभूत अधिकारका बारेमा समेत कारागार प्रशासनले सुनवाइ नगरेको लगायतका विषयमा कारागारले समाधानको पहल नगरी कैदीबन्दीलाई स्थानान्तरण गर्दा कारागारभित्र दुःखद् घटना हुन गएको कैदबन्दीले बताए। स्थान्तरणकै विषयमा कैलाली जिल्ला कारागारको 'ए' ब्लक र 'बी' ब्लकमा राखिएका कैदीबन्दीहरूबीच साउन २२ गते साँझ भएको विवादले उग्ररूप लिएपछि साउन २३ गते राति 'ए' ब्लकका कैदीबन्दीले पर्खाल फोडेर 'बि' ब्लकमा सुतिरहेका कैदीबन्दीमाथि धारिलो हतियार, मुडा, नल्काको पाइप आदिले अन्धाधुन्ध प्रहार गरेका थिए। कारागारमा भएको झडप नियन्त्रण गर्न सुरक्षाकर्मीले पहलकदमी नलिएका कारण ठूलो सङ्ख्यामा कैदीबन्दीहरू घाइते भएको र एक जनाको कारागार भित्रै मृत्युसमेत हुनपुगेको इन्सेक लगायत अन्य सङ्घसंस्थाको स्थलगत अध्ययन टोलीलाई कैदीबन्दीले बताएका थिए।

कारागार आन्तरिक प्रशासन (नाइके, भाइनाइके, चौकीदार) का कारण कैदीबन्दीहरूबीच विवाद उत्पन्न हुने गरेको, क्षमताभन्दा पाँच गुणा बढी कैदीबन्दी राखिने गरिएको, भौतिक संरचनामा सुधार हुन नसक्नु, सबै प्रकृतिका मुद्दाका कैदीबन्दीहरूलाई एकै ठाउँमा राखिनु, कैदीबन्दीको आधारभूत मानव अधिकारको संरक्षण नहुनु, र कारागार सुरक्षा व्यवस्थालाई प्रभावकारी नबनाउनु लगायतका समस्याले कैलाली जिल्ला कारागारमा निरन्तर झडप, कुटपिट

तथा हत्याका घटना हुँदै आएको छ। जिल्ला कारागारमा साउन २३ गते भएको झडपपश्चात कारागार आन्तरिक प्रशासनलाई नियन्त्रणमा लिएर कैदीबन्दीलाई दु:ख दिने नाइके, भाइनाइके लगायत अन्य कैदीबन्दीलाई अन्यन्त्र जिल्ला स्थानान्तरण गरिएको छ।

### बाल अधिकार

यस वर्ष कैलाली जिल्लामा बलात्कारका घटनामा ३७, सामूहिक बलात्कार चार र यौन दुर्व्यवहार घटनामा २० र बेचबिखन तथा ओसारपसार घटनामा पाँच जनागरी ६६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये अपाङ्गता भएकी दुई जना बालिका पीडित भइन्।

### यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०८१ चैत ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा धनगढी उपमहनगरपालिका-६ मतियारीका ४६ वर्षीय सुरज कोलीविरुद्ध पीडितले ०८१ चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रदिपकुमार उपाध्यायको ०८२ असार ११ गतेको इजलासले आरोपितलाई ६ वर्ष ६ महिना कैद, पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउने र १८ हजार रुपियाँ जरिबाना तिराउने फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्षमा घरेलु हिंसा पीडित भन्दै ४ सय १५ महिलाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ३ सय ३८ उजुरीमा मेलमिलाप भयो भने १९ उजुरी कानुनी प्रकृयाका लागि सम्बन्धित निकायमा पठाइएको छ। ५८ उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका इन्चार्ज तथा इन्सेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए। लामो समयदेखि हिंसा भइरहेको घटनालाई कारबाहीका लागि सम्बन्धित निकायमा पठाइने गरेको इन्स्पेक्टर सिंहले बताए।

यो वर्ष कैलाली जिल्लामा बलात्कारका घटनामा ३८, सामूहिक बलात्कार घटनामा दुई, बलात्कार प्रयासका घटनामा सात, यौन दुर्व्यवहारका

**तालिका ५.७.८.२ अपाङ्गता भएका पीडित सङ्ख्या**

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |
| महिला अधिकार | ७ | ७ |
| **कूल जम्मा** | ९ | ९ |

(स्रोत : इन्सेक, २०२५)

घटनामा एक, दाइजोजनित हिंसाका घटनामा दुई जना र घरेलु हिंसाका घटनामा १ सय ९७ गरी २ सय ४७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारबाट एक जनाको हत्या भयो। जसमध्ये अपाङ्गता भएका पीडित सात जना महिला छन्।

### बलात्कार

२६ वर्षीया महिलालाई ०८१ फागुन २२ गते बलात्कार गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ लम्कीका २९ वर्षीय निरक शाहीठकुरी विरुद्ध पीडितले चैत ४ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रदीपकुमार उपाध्यायको चैत २६ गतेको इजलासले अरोपितलाई सात वर्ष कैद र ३ लाख रुपियाँ जरिबाना भराउने फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

### पारिवारिक हत्या

गौरीगङ्गा नगरपालिका-७ कैलाशपुरकी १९ वर्षीया तुल्सी नाथको असार ६ गते हत्या गरेको आरोपमा पीडित पक्षले २० वर्षीय देवर नविन नाथ विरुद्ध असार ७ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ७ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हरिसिंह धामीको असार २० गतेको इजलासले ओोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। घरायसी विवादका कारण हत्याको घटना भएको पीडितका ससुरा पुष्कर नाथले बताए।

## आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते कैलालीमा

गरेको आन्दोलनको क्रममा धनगढी उपमहानगरपालिका-४ स्थित प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, पर्यटन उद्योग तथा वन वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सभा भवन, प्रदेश सभा सचिवालय, विषयगत समितिका कार्यालय, संसदीय दलका कार्यालयहरू, मुख्य न्यायाधिवक्ताको कार्यालय, लोक सेवा आयोगको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, शहरी विकास तथा भवन निर्माण कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, आन्तरिक राजश्व कार्यालय, जिल्ला अदालत, जिल्ला अदालत बार एशोसिएशन,सरकारी वकिलको कार्यालय, जिल्ला वन डिभिजन कार्यालय, कारागार भवन, भन्सार कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भूमि सुधार कार्यालय, धनगढी उपमहानगरपालिका-१ स्थित नापी तथा मालपोत कार्यालय, भूमिगत जलस्रोत कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, सीप विकास तथा सिटीइभिटी तालिम केन्द्र, यातायात कार्यालय, सभागृह, ६ ओटा अस्थायी प्रहरी विट, धनगढी उपमहानगरपालिकाको वडा नं. ४, ८ र १३ को वडा कार्यालय, गोदावरी नगरपालिकाको कार्यालय, गौरीगंगा नगरपालिकाको कार्यालय र सोही नगरपालिका वडा नम्बर १ देखि ११ नम्बरका वडा कार्यालय, घोडाघोडी नगरपालिकाको कार्यालय र सोही नगरपालिका वडा नम्बर १ देखि १२ नम्बरका वडा कार्यालय, टिकापुर नगरपालिकाको कार्यालय, सोही नगरपालिका वडा नम्बर ७ को कार्यालय, लम्कीचुहा नगरपालिकाको कार्यालय र सोही नगरपालिकाको १ नम्बर वडा कार्यालय, कैलारी गाउँपालिकाको कार्यालय र सोही गाउँपालिका वडा नम्बर १ देखि ९ नम्बरका वडा कार्यालय, जोशीपुर गाउँपालिकाको ५ र ७ को वडा कार्यालय, बर्दगोरिया गाउँपालिकाको कार्यालय र सोही गाउँपालिकाको ५ नम्बर वडा कार्यालय, चुरे गाउँपालिकाको ४ नम्बर वडा कार्यालय, मोहन्याल गाउँपालिकाको कार्यालय र गाडी, जानकी गाउँपालिकाको कार्यालय, धनगढी उपमहानगरपालिका-१ स्थित नेपाली कांग्रेसको पार्टी कार्यालय, धनगढी उपमहानगरपालिका-१ स्थित नेकपा एमालेको पार्टी कार्यालय, धनगढी उपमहानगरपालिका-४ स्थित नेकपा माओवादी केन्द्रको पार्टी कार्यालय, टिकापुर नगरपालिका-१ स्थित नागरिक उन्मुक्ति पार्टी कार्यालय र सोही पार्टीको प्रदेश, जिल्ला र नगर शाखा कार्यालय, धनगढी उपमहानगरपालिका-२ स्थित थ्रीएन्जल नेपाल, धनगढी उपमहानगरपालिका-२ स्थित आशिष सामाजिक सेवा नेपाल, धनगढी उपमहानगरपालिका-२ स्थित पीआरसी नेपालको कार्यालयमा आन्दोलनकारीहरूले आगजनी र तोडफोड गरे। यसैगरी धनगढी उपमहानगरपालिका-४ स्थित शेरबहादुर देउवा, गोदावरी नगरपालिका-५ स्थित लेखराज भट्ट, गोदावरी नगरपालिका-३ स्थित हरिसिंह साउद, गोदावरी नगरपालिका-५ स्थित बिरेन्द्र भट्ट, कैलारी गाउँपालिका-४ स्थित राजसमझ चौधरी, कैलारी गाउँपलिका-५ स्थित भगवती चौधरी, टिकापुर नगरपालिका-१ स्थित रेशम चौधरी, टिकापुर नगरपालिका-१ स्थित रामलाल डगौराको नीजि घरहरूमा आगजनी र तोडफोड गरिएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले बताए।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा गौरीगंगा नगरपालिकाको कार्यालय, सोही नगरपालिका वडा नम्बर १ देखि ११ नम्बरसम्मका वडा कार्यालयमा आगजनी गर्नुको साथै सोही कार्यालयमा रहेका से.१ प २५३ र सु.प.प्र ०१-००१ भ ४९० नम्बरको मोटरसाइकल,से.१ प. १५०९, सु.प.प्र ०१-००१ ब १५१०, सु.प.प्र ०१-००१ ब २३७६ नम्बरका तीन ओटा दुई पाङ्ग्रे गाडीमा आगजनी गरी जलेर नष्ट भएको र कार्यालयमा रहेका एसी, झ्याल, ढोका, सीसा, कार्पेट, पर्दा, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर,सीसी क्यामेरा लगायतका अन्य जिन्सी सामग्री, महत्त्वपूर्ण फाइल, कागजातमा आगजनी भई नष्ट भएको र नेकपा एमाले पार्टी कार्यालय, नेपाली कांग्रेसको पार्टी कार्यालय, नेकपा माओवादीको पार्टी कार्यालयमा तोडफोड र आगजनी भएको नगरप्रवक्ता विष्णुप्रसाद भाटले बताए।

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते गरेको आन्दोलनका क्रममा घोडाघोडी नगरपालिकाको कार्यालयमा आगजनी र १-१२ ओटै वडा कार्यालयमा तोडफोड र आगजनी, टिकापुर नगरपालिकाको

कार्यालयमा आगजनी, ७ नम्बर वडा कार्यालयमा तोडफोड, नगरपालिकाको एक ओटा चार पाङ्ग्रे सवारी साधन से १ झ ३३५, चार ओटा दुई पाङ्ग्रे से.१ ब ११८५, सु.प.प्र. ०१- ००१ ब १३७१, सु.प.प्र ०१-००१ब २०५९, से.१ प ११९५ जलेर नष्ट भएको र कार्यालयमा रहेका एसी, झ्याल, ढोका, सीसा, कार्पेट, पर्दा, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर, सीसी क्यामेरा लगायतका अन्य जिन्सी सामग्री, महत्त्वपूर्ण फाइल, कागजातमा आगजनी भई नष्ट भयो। यसैगरी नेकपा एमालेको पार्टी कार्यालय, नेपाली कांग्रेसको पार्टी कार्यालय, नेकपा माओवादीको पार्टी कार्यालयमा तोडफोड र आगजनी भएको शाखा अधिकृत तथा सूचना अधिकारी उमेशराज रेग्मीले बताए। लम्कीचुहा नगरपालिकाको कार्यालय र १ नम्बर वडा कार्यालयमा तोडफोड र आगजनीबाट सामान्य क्षति भएको उपप्रमुख जुना चौधरीले बताइन्। कैलारी गाउँपालिकाको कार्यालय र सबै वडा कार्यालयमा आगजनी, दई ओटा स्कुटर, दुई ओटा मोटरसाइकल जलेर नष्ट भएको, कार्यालयमा रहेका एसी, झ्याल, ढोका, सीसा, कार्पेट, पर्दा, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचर, सीसी क्यामेरा लगायतका अन्य जिन्सी सामग्री, नष्ट भएको उपाध्यक्ष भगवती चौधरीले बताइन्। जोशीपुर गाउँपालिका ५ र ७ को वडा कार्यालयमा तोडफोड भई क्षति भएको गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरीले बताए। बर्दगोरिया गाउँपालिकाको कार्यालय र ५ वडा कार्यालयमा तोडफोडबाट क्षति भएको पालिकाका अध्यक्ष कर्णबहादुर रावलले बताए। चुरे गाउँपालिका -४ वडा कार्यालयमा आगजनी भई आंशिक क्षति भएको चुरे गाउँपालिका -४ वडा चन्द्रबहादुर लामिछाने मगरले बताए। मोहन्याल गाउँपालिकाको कार्यालयमा लुटपाट र गाडीमा आगजनी भई क्षति भएको गाउँपालिकाका अध्यक्ष देवीदत्त उपाध्यायले बताए। जानकी गाउँपालिकाको कार्यालयमा भएको आगजनीबाट १० लाख रुपियाँ क्षति भएको गाउँपालिका सूचना अधिकारी सन्तराम कठरियाले बताए। टिकापुर नगरपालिकाको कार्यालयमा तोडफोड र आगजनी भई टेबुल, कुर्सी, फर्निचर, दराज, कार्पेट, ढोका, झ्याल आदिमा क्षति भएको र टिकापुर नगरपालिका-१ स्थित रेशम चौधरी, टिकापुर नगरपालिका-१ स्थित रामलाल डगौरा लगायत १५ ओटा निजी निवासमा तोडफोड र आगजनी भएको नगर प्रमुख रामलाल डगौराले बताए।

**तालिका ५.७.८.३** सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | | | ५ | ५ |
| बलात्कार | | | ३७ | ३७ |
| सामूहिक बलात्कार | | | ४ | ४ |
| यौन दुर्व्यवहार | २ | २ | १६ | २० |
| जम्मा | २ | २ | ६२ | ६६ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | १६८ | १८ | ११ | १९७ |
| बलात्कार | १ | १ | ८ | २७ | ३७ |
| सामूहिक बलात्कार | | | | ३ | ३ |
| बलात्कार प्रयास | | | | ७ | ७ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| दाइजोजनित हिँसा | | २ | | | २ |
| पारिवारिक हत्या | | | | १ | १ |
| जम्मा | १ | १७१ | २७ | ४९ | २४८ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **कानुनी दायरामा नल्याइएका** | **जम्मा** |
| हत्या | ३ | ६ | १ | १० |

(स्रोत : इन्सेक, २०२५)

## ५.७.९ कञ्चनपुर




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,१३,७५७ |
| महिला | २,७३,०७१ |
| घर परिवार सङ्ख्या | १,११,१६७ |
| घरजग्गामा महिलाको स्वामित्व | १९,५८१ |
| साक्षरता प्रतिशत | ७९.६४ |
| आश्रित जनसङ्ख्या | २,४७,९७१ |
| अपाङ्गता भएका | १३,५८५ |

यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार महिला र २१ जना पुरुष गरी २५ पीडत भए। ज्यादतीका घटनामा १ सय ६७ जना महिला र १३ जना पुरुष गरी १ सय ८० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ५७ जना महिला पीडित भए।

### झडप

नवयुवा पुस्ताले ०८२ भदौ २४ गते महेन्द्रनगर बजारमा गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच महेन्द्रनगर बजारमा झडप हुँदा वेदकोट नगरपालिका-१० का ५९ वर्षीय गुणराज कठायत, भीमदत्त नगरपालिका-२ का २४ वर्षीय दीपक ऐर, साही नगरपालिका-४ का ४० वर्षीय शंकरसिंह भण्डारी, सोही नगरपालिका-१८ का २५ वर्षीय राजेन्द्रप्रसाद भट्ट, सोही नगरपालिका-७ की २६ वर्षीया गङ्गा बोहरा, वेदकोट नगरपालिका- ७ का २२ वर्षीय मुकेश भट्ट, भीमदत्त नगरपालिका-१० का २६ वर्षीय जगदिश ठगुन्ना, सोही ठाउँका १८ वर्षीय मोहन धामी, साही नगरपालिका-७ का १५ वर्षीय आशिम बडाल, सोही नगरपालिका-११ का प्रकाश धामी, सोही नगरपालिका-७ का २७ वर्षीय प्रकाश भट्ट, सोही नगरपालिका-४ की ५० वर्षीया निलम लेखक, सोही ठाउँका २३ वर्षीय राजन सुनार, सोही नगरपालिका-९ का २५ वर्षीय देब नाथ, सोही नगरपालिका-१८ का २४ वर्षीय धिरज बुढा, सोही नगरपालिका-१० का ३१ वर्षीय बासुदेब जोशी, सोही नगरपालिका-२ की ४० वर्षीया पुनम भट्ट, सोही नगरपालिका-७ का २२ वर्षीय विशाल टिकाकारी, बेदकोट नगरपालिका-७ का १६ वर्षीय शंकर चन्द, भीमदत्त नगरपालिका-१८ का १९ वर्षीय सन्तोष भट्ठ, सोही नगरपालिका-६ का २४ वर्षीय भुवन चन्द, सोही नगरपालिका-४ का २३ वर्षीय कुमाल तिरुवा, सोही ठाउँका ३२ वर्षीय महेश ऐर, सोही ठाउँका २५ वर्षीय कमल तिरुवा, सोही ठाउँका २५ वर्षीय शंकर विष्ट, बझाङ जिल्ला जयपृथ्वी नगरपालिका-५ घर भई महेन्द्रनगर बजारमा डेरा गरी बस्ने १८ वर्षीय शुसन बीसी र भीमदत्त नगरपालिका-४ का २३ वर्षीय सुशन सुनार सामान्य घाइते भए। घाइते भएका सबै जनाको महाकाली प्रादेशिक अस्पतालमा भदौ २४ गते उपचार भयो।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ३८ जना पुरुष र दुई जना महिला गरी १ सय ४० जना रहेकोमा २ सय ३८ जना कैदी र १ सय २६ जना थुनुवा गरी ३ सय ६४ जना कैदीबन्दी छन्। जसमा १५ जना महिला छन्। कारागारमा चार जना पुरुष ज्येष्ठ

**तालिका ५.७.९.१ घटनाको प्रकारअनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | १ | १ | २ |
| घाइते | | ४ | २१ | २५ | | १२ | १२ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | | | | ३ | | ३ |
| | बलात्कार | | | | ६ | | ६ |
| | जम्मा | | | | ९ | | ९ |
| महिला अधिकार | घरेलु हिँसा | | | | १४५ | | १४५ |
| | बेचबिखन तथा ओसारपसार प्रयास | | | | १ | | १ |
| | बलात्कार | | | | ८ | | ८ |
| | बलात्कार प्रयास | | | | १ | | १ |
| | पारिवारिक हत्या | | | | २ | | २ |
| | जम्मा | | | | १५७ | | १५७ |
| **कूल जम्मा** | | ४ | २१ | २५ | १६७ | १३ | १८० |

(स्रोत : इन्सेक, २०२५)

नागरिक र एक जना पुरुष अपाङ्गता भएका कैदीबन्दी रहेका छन्। नवयुवा पुस्ताको आन्दोलनका क्रममा भागेका कैदीबन्दीमध्ये ९८ जना फरार छन्। क्षमता भन्दा बढी कैदीबन्दी भएका कारण व्यवस्थापनमा समस्या हुने गरेको जिल्ला कारागार, कञ्चनपुरका नायब सुब्बा रामदत्त जोशीले बताए। दरबन्दी अनुसारका स्वास्थ्यकर्मी कार्यरत रहेकाले कदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षण तथा उपचार हुने गरेको, भेटघाट कक्ष व्यवस्थित गरिएको, खानेपानीको समस्या नभएको, सीपमूलक तालिम सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गरिरहेको नायब सुब्बा जोशीले बताए। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण कैदीबन्दीबिच झडपका घटनाहरू हुने गरेका छन्।

### कारागारमा झडप

कञ्चनपुर जिल्ला कारागारमा ०८२ पुस ४ गते साँझ कैदीबन्दीबीच झडप हुँदा किरन सिंह, दिनेश कुँवर, करन कुँवर र राजेन्द्र सुनार गम्भीर घाइते भए भने सन्दीप भण्डारी, मदन गिरी, जनक खड्का र रोशन शाही सामान्य घाइते भए। गम्भीर घाइते भएका चार जना कैदीबन्दीहरूको महाकाली प्रदेशिक अस्पताल, कञ्चनपुरमा उपचार गरिएको र सामान्य चोटपटक लागेका अन्य कैदीबन्दीहरूको कारागारमै उपचार गरिएको जेलर बन्दना सुवेदीले बताइन्।

कारागार आन्तरिक प्रशासनले कैदीबन्दीमाथि विभेद गरेको, समयमा खाना, भत्ता र लुगा नदिएको, कैदीबन्दीबाट रकम असुली गर्ने गरेको भन्दै कारागारका चौकीदार र नाइकेको विरोध गरेपछि चौकीदार र नाइके समूह र अन्य कैदीबन्दीबिच झडप भएको जेलर बन्दना सुवेदीले बताइन्। चौकीदार र नाइकेहरूले कारागार आन्तरिक प्रशासन मनपरी तरिकाले सञ्चालन गर्दै कैदीबन्दीलाई दुःख दिने गरेको र कैदी बन्दीहरूलाई कारागार प्रशासनले दैनिक ७ सय ग्राम चामल, ८० रुपियाँ भत्ता र जाडो र गर्मीमा एक/एक जोर लुगा बापतको रकम दिने गरेको भए पनि नाइके र चौकीदारले सो रकम समेत नदिने गरेकोले कारागार अन्तरिक प्रशासन सञ्चालन गर्दै आएका चौकीदार र नाइकेहरूको सरुवा गर्नुपर्ने कैदीबन्दीहरूको माग अनुसार असार ९ गते कारागारका नाइके प्रकाश मल्ल सहित १३ जना बर्दिया र नेपालगञ्जस्थित कारागारमा स्थानान्तरण गरिए। हाल कारागारमा शान्तिसुरक्षाको अवस्था सामान्य रहेको समेत जेलर सुवेदीले बताइन्।

### बाल अधिकार

यो वर्ष कञ्चनपुर जिल्लामा बलात्कारका घटनामा ६ जना र बेचबिखन तथा ओसारपसारका घटनामा तीन गरी नौ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ३८ जना महिलाले महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये २ सय ७९ उजुरीमा मेलमिलाप, ५१ ओटा उजुरी कानुनी कारबाहीका लागि अघि बढाएको र आठ उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी सागर बोहराले बताए। घरेलु

हिंसा (कसुर तथा सजाय) ऐन २०६६ अनुसार उजुरी परेको ३० दिन भित्रै मेलमिलाप गर्ने गरिएको र मेलमिलाप गर्दा उजुरीमा उल्लेख गरिएको गुनासो, पीडित र आरोपित पक्षको सहमति तथा मनोविमर्श र कानुनी सहायतालाई आधार लिने गरिएको डिएसपी बोहराले बताए।

यो वर्ष कञ्चनपुर जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ४५ गरी १ सय ५५ महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। परिवारबाट दुई जनाको हत्या भयो।

**पारिवारिक हत्या**

शुक्लाफाँटा नगरपालिका-१० मुक्तिटोलकी ४८ वर्षीया जुनादेवी सुनारलाई ०८२ जेठ ३१ गते घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले ५० वर्षीय पति कालु सुनारलाई ०८२ असार १ गते गिरफ्तार गर्‍यो । जिल्ला अदातलका न्यायाधीश राजेन्द्र भण्डारीको असार २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम असार १ गते सेती प्रादेशिक अस्पतालमा भएपछि आफन्तहरूले महाकाली नदीमा सोही दिन सद्गत गरे। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

बेलडाँडी गाउँपालिका-२ सिहपाल टोलकी १७ वर्षीया सम्झना भट्ट साउन १८ गते बिहान घरभित्र झुण्डिएको अवस्थामा मृत फेला परिन्। छोरीको विवाह भएदेखि नै घरपरिवारले पटकपटक मानसिक यातना दिने गरेको, मृत अवस्थामा भेटिएकी छोरीको शरीरमा नीलडाम, घाउचोट देखिएको र घटना शङ्कास्पद रहेकाले अनुसन्धान माग गर्दै मृतक बुबा भोजराज भट्टले प्रहरीमा उजुरी दिए। सम्झनाको ०८१ फागुन १९ गते पवनसँग प्रेमविवाह भएको थियो। गत मङ्सिर महिनामा दुवै जनाबीच भएको विवाद जिल्ला प्रहरी कार्यालयमा पुगेको थियो। सो क्रममा दुवैजनालाई सम्झाइबुझाइ पठाएको जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी सागर बोहराले बताए। घटनाको एक दिन अघि दुवै जना इलाका प्रहरी कार्यालयमा आएका र दुवै जनालाई सम्झाइबुझाइ गर्नुको साथै सँगै बस्न नसक्ने अवस्था भए घरपरिवारसँग सल्लाह गरी अदालती प्रक्रियामा जान सकिने सुझाव दिएर पठाएको इलाका प्रहरी कार्यालय,बेलडाँडीका इन्स्पेक्टर दीपेन्द्रबहादुर चन्दले बताए। पीडितलाई घरमा कुटपिट हुने गरेको र झुण्डिएको अवस्थामा घरभित्रै मृत फेला परेको शवमा घाउचोट समेत देखिएकाले पीडितका पति पवन भट्टलाई साउन १८ गते गिरफ्तार गरी मुद्दा दर्ता गरेको डिएसपी बोहराले बताए। जिल्ला अदातलको भदौ २६ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**घरेलु हिंसा**

पुर्नबास नगरपालिका-२ मोतीबस्तीकी २७ वर्षीया शान्तिदेवी भट्टलाई ०८१ फागुन २३ गते चक्कु प्रहार गरी हत्या गर्ने मनसायले कुटपिट गरेको आरोपमा २८ वर्षीय पति नरेन्द्रदेव भट्टविरुद्ध पीडित पक्षले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उपचार फागुन २३ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २३ गते घरबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र भण्डारीको चैत १७ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गर्‍यो। मुद्दा जिल्ला अदातलमा बिचाराधिन छ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

नवयुवा पुस्ता गरेको आन्दोलनका क्रममा भदौ २४ गते प्रदर्शनकारीहरूले जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भीमदत्त नगरपालिका, पार्टी कार्यालय, नेता, सांसद र मन्त्रीका घर, सवारी साधनमा आगजनी र तोडफोड गरे। जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सरकारी वकिल कार्यालय, शुक्लाफाँटा नगरपालिकाको कार्यालय, शुक्लाफाँटा नगरपालिकाका वडा नम्बर १, ७ र ८ का वडा कार्यालय, भीमदत्त नगरपालिका र दोधारा चाँदनी नगरपालिका, पुनर्वास नगरपालिकाको कार्यालय, कृष्णपुर नगरपालिकाको कार्यालय, भीमदत्त नगरपालिका-१८ स्थित नेकपा एमालेको पार्टी कार्यालय र नेपाली कांग्रेसको पार्टी कार्यालय आगजनी तोडफोड भयो। यसैगरी, जिल्ला कारागार, इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्ती, इलाका प्रहरी कार्यालय,गुलरिया, शुक्लाफाँटा

नगरपालिका वडा नम्बर ४,५,६,९,१०,११ र १२ का कार्यालयहरू, कृष्णपुर नगरपालिका वडा नम्बर २ को कार्यालय, कृष्णपुर नगरपालिका वडा नम्बर १ को कार्यालय, कृष्णपुर नगरपालिका वडा नम्बर ५ र ७ को कार्यालय, भीमदत्त नगरपालिका, बेलडाँडी गाउँपालिका, माओवादी पार्टी कार्यालय, नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालय र दोधारा चाँदनीमा रहेको नेपाली कांग्रेस पार्टी कार्यालयमा तोडफोड र आगजनी भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सागर बोहराले बताए। यसैगरी आन्दोलनकारीहरूले पूर्वगृहमन्त्री रमेश लेखकको दुई घर, पूर्वमुख्यमन्त्री राजेन्द्र रावलको घर, पूर्वमन्त्री प्रकाश रावलको घर, भीमदत्त नगरपालिकाका मेयर पदम बोगटीका दुई घर, भीमदत्त नगरपालिकाका उपमेयर निलम लेखकको घर, पूर्वसांसद निरु पालका दुई घर, प्रदेश सभा सदस्य मधु भारतीको घर, वेदकोट नगरपालिकाका मेयर भोजराज बोहराको घर, भीमदत्त नगरपालिकाका पूर्वमेयर सुरेन्द्र विष्टको घर, जिसस प्रमुख दुर्गादत्त बोहराको घर, कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीको घर र कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझाको घरमा आगजनी र तोडफोड भयो। आन्दोलनका क्रममा होटेल ओपेरा र सीएमजी क्यासिनोमा तोडफोड र लुटपाट, विपिन पुस्तक पसलमा आगजनी र तोडफोड, रोयल सिलाइ सेन्टरमा आगजनी र तोडफोड र डायमन्ड क्यासिनोमा तोडफोड र लुटपाट गरिएको थियो। आन्दोलनकारीहरूले पुनर्वास नगरपालिकाका कार र मोटरसाइकलमा आगजनी गरे। कृष्णपुर नगरपालिकाको कार्यालय परिसरभित्र पार्किङ गरी राखेका तीन ओटा मोटरसाइकल र दुई ओटा स्कुटरमा आगजनी भयो भने एक शव वाहन र दमकल, एउटा रोलर र ट्याक्टरमा तोडफोड गरिएको डिएसी बोहराले बताए।

**तालिका ५.७.९.२ सन् २०२५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | ३ | ३ |
| बलात्कार | ६ | ६ |
| जम्मा | ९ | ९ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १०७ | ३ | ३५ | १४५ |
| बलात्कार | | १ | ७ | ८ |
| बलात्कार प्रयास | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | १ | १ |
| पारिवारिक हत्या | | | २ | २ |
| जम्मा | १०७ | ४ | ४६ | १५७ |

(स्रोत : इन्सेक, २०२५)

परिच्छेद ६

# सन् २०२५ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाली कम्युनिष्ट पार्टी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत ३३ वर्षदेखि मानवअधिकार स्थितिबारे समग्र आकलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यसै क्रममा यो वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२६' प्रकाशनको अन्तिम तयारीमा जुटिरहेको थाहा पाउँदा खुसी लागेको छ।

सर्वप्रथम म 'नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२६' प्रकाशनको अवसरमा यस संस्थाको साथै प्रकाशन सफलताको शुभकामना व्यक्त गर्दछु।

हाम्रो पार्टी जनताका मौलिक अधिकार, देशको सार्वभौमिकता र जनताका आधारभूत समस्याको समाधान गर्न प्रतिबद्ध रहेको तथ्य स्पष्ट नै छ। संविधानसभाबाट निर्मित नेपालको संविधानको प्रमुख निर्माताको हैसियतले हाम्रो पार्टी जनताको मानव अधिकारको क्षेत्रमा प्रतिबद्ध रही मानव अधिकार उल्लङ्घन भएका घटनाहरूको कानुनी उपचारमा सघाउने रणनीति लिँदै आएको छ। सङ्घीयताको कार्यान्वयन विभिन्न जातीय, क्षेत्रिय, लैङ्गिक विभेदहरूको अन्त्य गर्न र जनताका अधिकारहरूलाई स्थानीय तहमार्फत घरघरमा पुऱ्याउन कटिबद्ध छ।

अन्य वर्षहरूको तुलनामा भन्दा यो वर्ष राजनीतिक परिस्थिति शीघ्र रूपमा विकसित भएको छ। खासगरी जेनजी आन्दोलनले स्थापित गर्न खोजेको मूल्य-मान्यताले परम्परागत पुराना मान्यताहरूलाई भत्काइदिएको छ।

यस नयाँ परिस्थिति, नयाँ पृष्ठभूमि र नयाँ आधारमा मुलुकमा राजनीतिक स्थिरता, समाजवाद र सुशासनका लागि नयाँ सङ्कल्प आवश्यक रहेको छ। कुशासन टिकाउन गरिने दमनले झन् ठूलो विस्फोट निम्त्याउँछ भन्ने विषय पछिल्लो राजनीतिक घटनाक्रमले प्रष्ट्याएको छ। त्यसैले हामी सबैले आत्मसमीक्षा गरी मुलुकको नयाँ दिशा तय गर्ने बेला आएको छ। मानव अधिकारका क्षेत्रमा काम गर्ने निकायहरू यसबारे गम्भीर रहन आवश्यक छ। राज्यका तीनओटै निकायलाई खबरदारी, सचेत गराउने मात्र होइन, मानव अधिकारको क्षेत्रमा सुशासन कायम गर्ने अभिभारा समेतको दायित्वबोध गर्न जरुरी छ । स्वतन्त्र, निष्पक्ष र विवेकपूर्ण निर्णयले नै संस्थाहरूलाई मजबुत र विश्वासयोग्य बनाउने हो। यो कुरामा इन्सेक सचेत छ भन्ने लागेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत लामो समयदेखि मानव अधिकारको क्षेत्रमा पुऱ्याउँदै आएको योगदान स्मरणयोग्य छ। आगामी दिनमा पनि इन्सेकले दलगत छायामा नपरी संविधानले निर्दिष्ट गरे अनुसार मानव अधिकारको रक्षा र त्यसको कार्यान्वयनमा दृढतापूर्वक लाग्नेछ भन्ने अपेक्षा लिएको छ। अन्त्यमा, मानव अधिकार वर्ष पुस्तक-२०२६ स्वतन्त्र, निष्पक्ष र विवेकपूर्ण दस्तावेज बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
संयोजक

## राष्ट्रिय प्रजातन्त्र पार्टी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सधैँ झैँ यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक" प्रकाशन गर्न लागेको खबरले खुशी लागेको छ। नेपालमा मानव अधिकारका क्षेत्रमा भए गरेका प्रमुख घटना र मानव अधिकार स्थितिबारे सूचना संकलन गरी प्रकाशन गर्ने कार्य आफैंमा चुनौतीपूर्ण रहेको छ। त्यसअर्थमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रयास स्वागतयोग्य र प्रशंसनीय छ।

नेपालमा वर्ष सन् २०२५ मानव अधिकारका दृष्टिकोणले निराशाजनक वर्ष बन्न पुगेको छ। गत भदौ २३ र २४ गते शान्तिपूर्ण आन्दोलनमा सहभागी भएका ७६ जना युवाको मृत्यु भएको दुःखद् अवस्था हाम्रो सामु ताजै छ। सुशासन, भ्रष्टाचार अन्त्य र बन्द सामाजिक सञ्जाल खुलाउने माग राखी भएको आन्दोलनमा यो हदको बर्बरता सोच्नै नसकिने विषय हो। उक्त आन्दोलनका कारण करिब १४ हजार बढी कैदी भागेका, करिब १२ सय हतियार लुटिएका छन्।

यसले आगामी दिनमा मानव अधिकारको स्थिति झन् चुनौतीपूर्ण हुने देखिन्छ।

गत २०८१ चैत्र १५ गते भएको राजसंस्था र हिन्दुवादीहरूको शान्तिपूर्ण आन्दोलनमा राज्य पक्षबाट अत्यधिक बल प्रयोग भई दुईजनाको ज्यान गएको एवम् कैयौँको गम्भीर घाइते भएको विषयलाई नजरअन्दाज गरी आन्दोलनकारीमाथि दोष थोपर्न राज्यपक्ष, सञ्चार क्षेत्र लागिपरेको अवस्था थियो। निष्पक्ष न्यायिक छानबिनको मागउपर कुनै सुनुवाइ हुन सकेन। मानव अधिकार क्षेत्रमा कार्यरत संवैधानिक निकाय लगायत अग्रणी संस्थाहरूको उक्त दिनको गम्भीर मानव अधिकार उल्लङ्घनको घटनाप्रतिको मौनता नै गत २०८२ भदौ २३ र २४ गतेको घटना गराउन बल पुगेको हो भन्ने कुरामा कुनै सन्देह छैन। मानव अधिकार उल्लंघनका विषयलाई पक्षधरताको दृष्टिले हेरिनु हुँदैन भन्ने राष्ट्रिय प्रजातन्त्र पार्टीको स्पष्ट धारणा छ। यसमा मानव अधिकार क्षेत्रमा काम गर्ने संस्थाहरू तथा सञ्चार जगतको निष्पक्ष सक्रियता आवश्यक छ।

स्वास्थ्य, शिक्षाका क्षेत्रमा देखिएका समस्याहरूमा तात्विक सुधार आउन सकेको छैन। बालबालिकाको आधारभूत स्वास्थ्य र शिक्षाको अधिकार प्राप्तीमा अझै थप काम गर्नु पर्नेछ। शुद्ध पिउने पानीबाट वञ्चित समुदायमा पुग्न बाँकी नै छ। घरविहीनका लागि आवासको स्थिति पनि सुधारको आवश्यक छ। घरेलु हिंसाबाट हुने मानव अधिकार हनन् न्यूनीकरणतर्फ पनि थप काम गर्नुपर्नेछ। उत्पीडित समुदाय, अल्पसङ्ख्यक वर्ग, अशक्त, अपाङ्ग, यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिकाका हकहित संरक्षणका लागि लक्षित कार्यक्रमहरूको प्रभावकारिताबाट मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न थप कार्य गर्न सकिन्छ। यसमा सरकारको थप प्रयास जरुरी छ।

सडक दुर्घटनाका कारण ज्यान गुमाउने र अपाङ्ग हुनेहरूको सङ्ख्या हरेक वर्ष बढिरहेको छ। बढ्दो ट्राफिक, कमजोर सडक अवस्था, नियमित रूपमा सवारी चालकको स्वास्थ्य अवस्था तथा भौतिक जाँच नहुनु जस्ता विषयहरू दुर्घटनाका कारण हुन्। ती सबै क्षेत्रमा सरकारद्वारा प्रभावकारी समन्वयका साथ कार्य हुनसके यस्ता दुर्घटना न्यूनीकरण गर्न सकिन्छ। विपद् जोखिम न्यूनीकरण क्षेत्रमा भएका कार्यक्रमहरूले मानव जीवनको क्षति कम गर्ने केही सफलता मिले पनि गत असोज महिनाको अविरल वर्षाका कारण ३९ जनाको मृत्यु हुनुले अझै सतर्कता अपनाउनुपर्ने देखिन्छ।

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूले मानव अधिकार संरक्षण र प्रवर्द्धनका विषयमा सरकारका क्रियाकलापको निष्पक्षतापूर्वक निगरानी बढाउँदै आवाजविहीन र अधिकारबाट वञ्चितलाई सामाजिक न्याय र अधिकार प्राप्तीमा लाग्न सहयोग पुऱ्याउनुपर्ने देखिन्छ।

अन्त्यमा, "नेपाल मानव अधिकार पुस्तक, २०२५" को सफलताको शुभकामना सहित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को यस प्रयासलाई पुनः हार्दिक बधाई ज्ञापन गर्दछु ।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष

परिच्छेद ७

# सन् २०२५ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा

सीमित स्रोत-साधनका बाबजुद पनि प्रदेश सरकारले उल्लेखनीय प्रगति गरेको छ। नागरिकका अधिकार स्थापित गर्न नीति, कार्यक्रम र कानुनमार्फत विभिन्न प्रयासहरू भएका छन् र ती प्रयासहरू जनतासमक्ष पुऱ्याउने काम पनि भइरहेको छ।

**हिक्मतकुमार कार्की**
माननीय मुख्यमन्त्री, कोशी प्रदेश



राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, न्यायमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, श्रम अधिकार तथा भाषा-संस्कृति र पहिचानको सम्मान सुनिश्चित गर्नु प्रदेश सरकारको प्रमुख जिम्मेवारी हो।

**कृष्ण प्रसाद यादव**
माननीय मुख्यमन्त्री, मधेश प्रदेश



मानव अधिकारका सार्वभौमिक सिद्धान्त र दृष्टिकोणलाई आत्मसात गर्दै बागमती प्रदेश सरकारले सबै तहमा समानता, गरिमा, न्याय र समावेशितामा आधारित नीतिगत र कार्यक्रमगत पहलहरूलाई अगाडि बढाउँदै आएको छ।

**इन्द्रबहादुर बानियाँ**
माननीय मुख्यमन्त्री, बागमती प्रदेश



नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, मानव अधिकार तथा विधिको शासनको संरक्षण र प्रवर्धनमा नागरिक समाजको भूमिकालाई गण्डकी प्रदेश सरकारले उच्च महत्त्व दिएको छ।

**सुरेन्द्रराज पाण्डे**
माननीय मुख्यमन्त्री, गण्डकी प्रदेश



प्रदेश सरकारले समावेशी विकास, पहुँचयुक्त सेवा, सामाजिक सुरक्षा तथा गरिबी न्यूनीकरणलाई मानव अधिकारसँग प्रत्यक्ष जोडेर कार्यक्रम सञ्चालन गर्दै आएको छ।

**चेतनारायण आचार्य**
माननीय मुख्यमन्त्री, लुम्बिनी प्रदेश



निःशुल्क आधारभूत स्वास्थ्य सेवा, मुख्यमन्त्री रोजगार, कर्णाली उज्यालो, एकीकृत पोषणजस्ता कार्यक्रम मार्फत शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा सुनिश्चित गर्न प्रदेश सरकारले प्रयास गरेको छ।

**यामलाल कडेल**
माननीय मुख्यमन्त्री, कर्णाली प्रदेश



शिक्षा, स्वास्थ्य नागरिकका आधारभूत अधिकारका विषय भएकाले यी अधिकारहरूको प्राप्तीका लागि प्रदेश सरकारले नीति तथा योजनाहरू निर्माण गरी कार्यान्वयन गर्दै आएको छ।

**कमलबहादुर शाह**
माननीय मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश



# कोशी प्रदेश

नेपालमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। २०४६ सालको राजनीतिक परिवर्तनसँगै मानव अधिकारको संरक्षण र संवर्द्धनका पक्षमा प्रभावकारी आवाजहरू उठ्दै आएका छन्, जसमा इन्सेकको नेतृत्वदायी भूमिका उल्लेखनीय छ। विधिको शासन, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता तथा नागरिकका मौलिक अधिकार स्थापना गर्न इन्सेकले निर्वाह गरेको भूमिका प्रशंसनीय र सराहनीय छ। २०४६ सालको परिवर्तनपछि २०५२ सालदेखि मुलुकमा सशस्त्र द्वन्द्व सुरु भयो। उक्त द्वन्द्व न्यूनीकरण तथा यसका विविध पक्षहरूको अध्ययन गर्दै मुलुकमा लोकतान्त्रिक गणतन्त्र र शान्ति स्थापना गर्न इन्सेकले प्रभावकारी र महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष-पुस्तकले हाम्रो समाजमा देखिएका विविध प्रकारका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै आएको छ। यस्ता घटनाहरू सार्वजनिक गर्दै राज्यलाई मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि दबाब सिर्जना गर्ने र नागरिकलाई मानव अधिकार प्रत्याभूत गराउन इन्सेकले महत्वपूर्ण भूमिका खेलेको छ। द्वन्द्वकालमा यस्तो समय पनि आयो, जब इन्सेकलाई राज्य र द्वन्द्वरत पक्ष दुवैले विश्वास गर्थे। यही विश्वासको जगमा नागरिकको ज्यान जोगाउने र उनीहरूको मानव अधिकारको संरक्षण गर्ने कार्यमा इन्सेक अब्बल संस्थाका रूपमा स्थापित भयो।

२०६२/६३ को जनआन्दोलनमा समेत इन्सेकले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सफल भयो। सो जनआन्दोलन, त्यसको परिणामस्वरूप भएको शान्ति सम्झौता र संविधानसभामार्फत बनेको संविधानले नागरिकका अधिकारहरू सुनिश्चित गरेको छ। २०७२ सालमा संविधान जारी भएसँगै तीन तहका सरकार गठन भई मुलुक विकास र समृद्धिको मार्गमा अग्रसर भएको छ। तर, पछिल्लो समय 'केही पनि काम भएको छैन' भन्ने नकारात्मक भाष्य सिर्जना गरी राज्य व्यवस्थामाथि प्रहार गर्ने प्रयासहरू पनि देखिएका छन्। जेन-जी आन्दोलनमा किशोर-किशोरीहरूले उठाएका माग सम्बोधनतर्फ सरकार अग्रसर हुँदाहुँदै पनि त्यसको आडमा गरिएको तोडफोड र विध्वंश हाम्रो सामु छर्लङ्ग छ। यी सबै चुनौतीहरू पार गर्दै मुलुकलाई सही दिशातर्फ अगाडि बढाउन इन्सेकको भूमिका अझ महत्त्वपूर्ण बन्दै गएको छ। पछिल्लो समय मुलुकमा देखिएका असंवैधानिक कदम र क्रियाकलापप्रति खबरदारी गर्दै अघि बढ्नुपर्ने आवश्यकता छ।

वर्तमान राजनीतिक अवस्थाको विश्लेषण गर्दा प्रदेश सरकारमार्फत भएका प्रयासहरूलाई पनि नजरअन्दाज गर्न हुँदैन। सीमित स्रोत-साधनका बाबजुद पनि प्रदेश सरकारले उल्लेखनीय प्रगति गरेको छ। नागरिकका अधिकार स्थापित गर्न नीति, कार्यक्रम र कानुनमार्फत विभिन्न प्रयासहरू भएका छन् र ती प्रयासहरू जनतासमक्ष पुऱ्याउने काम पनि भइरहेको छ। तर, ती उपलब्धिहरू प्रभावकारी रूपमा जनतामा सम्प्रेषण हुन नसक्दा नकारात्मक धारणा बढेको छ।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि बालविवाह अन्त्य, बालश्रम न्यूनीकरण, लैङ्गिक समानता प्रवर्द्धन तथा फरक क्षमता भएका व्यक्तिहरूको उत्थानका लागि निरन्तर काम भइरहेको छ। कानुन निर्माणको सन्दर्भमा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालयमार्फत मानव अधिकारका क्षेत्रमा कार्य हुँदै आएको छ। आगामी दिनमा प्रदेश सरकारका कामलाई मानव अधिकारमैत्री बनाउँदै नागरिक सहभागिता अझ सुदृढ गरिनेछ।

सङ्घीय सरकारबाट केही आवश्यक कानुन निर्माण हुन नसक्दा प्रदेश सरकार पूर्ण अधिकार सम्पन्न हुन नसकेको अवस्था पनि छ, जसका कारण कार्यान्वयनमा केही कठिनाइ आइरहेको छ। सहकार्य, समन्वय र सहअस्तित्वको आधारमा संविधानको भावनाअनुसार प्रदेशलाई अगाडि बढाउने प्रयास भइरहेको छ। यो लक्ष्य स्थानीय तहको सहकार्य र सङ्घीय सरकारको सकारात्मक सहयोगबिना सम्भव हुँदैन।

प्रदेश सरकारले घरेलु हिंसासम्बन्धी ऐन, विपत् व्यवस्थापन ऐन तथा बालबालिकासम्बन्धी ऐन निर्माण गरिसकेको छ। समाजमा ऐतिहासिक रूपमा पछाडि पारिएका दलित समुदायका लागि पनि छिट्टै कानुन ल्याई विभेदको समूल अन्त्य गर्ने प्रयास भइरहेको छ। मानव अधिकारको क्षेत्रमा गरिने काम

कहिल्यै पूर्ण हुँदैन। विज्ञान र प्रविधिको तीब्र विकासले अधिकारका दायरा विस्तार गर्नुका साथै कतिपय अवस्थामा चुनौती पनि थपेको छ।

यी सबै सन्दर्भलाई ध्यानमा राख्दै कोशी प्रदेश सरकार बदलिँदो सामाजिक-राजनीतिक परिस्थितिलाई नजिकबाट नियाल्दै मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछ। म स्वयम् मुख्यमन्त्रीको भूमिकामा रहँदा मात्र होइन, मानव अधिकार र सुशासनको पक्षमा निरन्तर लागिरहने राजनीतिक कार्यकर्ताको हैसियतले सामाजिक न्यायको अभियानलाई अगाडि बढाउनेछु। "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्य प्राप्तिका लागि मानव अधिकारको क्षेत्रमा सचेत, दृढ र प्रतिबद्ध प्रयास आवश्यक छ।

अन्त्यमा, अनौपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानव अधिकार वर्ष-पुस्तकले राज्यका सबै निकायलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा थप जिम्मेवार बनाउने विश्वास लिएको छु।

**हिक्मतकुमार कार्की**
माननीय मुख्यमन्त्री

## मधेश प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष देशभर भएका मानव अधिकार उल्लङ्नका घटनाहरूलाई समेटेर प्रकाशन गर्दै आएको "मानव अधिकार वर्ष पुस्तक" लोकतान्त्रिक समाजका मूल्य, जवाफदेहिता र सुशासन प्रवर्द्धनका लागि अत्यन्त महत्वपूर्ण दस्तावेज हो। मानव अधिकार केवल कानुनी विषय मात्र नभई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा नागरिक अधिकारहरूको समष्टि हुन्, जसको संरक्षण र प्रवर्द्धन राज्यको मौलिक दायित्व हो।

मधेश प्रदेश ऐतिहासिक रूपमा विविधता, समावेशिता र सहअस्तित्वको भूमि हो। यहाँका नागरिकहरूको राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, न्यायमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, श्रम अधिकार तथा भाषा-संस्कृति र पहिचानको सम्मान सुनिश्चित गर्नु प्रदेश सरकारको प्रमुख जिम्मेवारी हो। आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका, सीमान्तकृत र वञ्चित वर्ग तथा समुदायका अधिकार सुनिश्चित नगरी समावेशी र न्यायपूर्ण समाज निर्माण सम्भव हुँदैन।

मानव अधिकार उल्लङ्घन, विभेद, अन्याय र दण्डहीनताविरुद्ध सशक्त आवाज उठाउँदै पीडितलाई न्यायमा पहुँच दिलाउने कार्य आज झनै महत्त्वपूर्ण बनेको छ। यस क्षेत्रमा इन्सेकले तथ्यमा आधारित अनुगमन, अभिलेखीकरण तथा सार्वजनिक बहसमार्फत निरन्तर योगदान गर्दै आएको छ, जुन सराहनीय छ।

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले यस वर्ष पनि मधेश प्रदेशमा भएका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्य, विश्लेषण तथा व्यवहारिक सुझावसहित प्रस्तुत गरेको छ। यस प्रकाशनले नीति निर्माण, कानुनको प्रभावकारी कार्यान्वयन, संस्थागत जवाफदेहिता तथा सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु।

मधेश प्रदेश सरकार मानव अधिकारमैत्री कानुन, नीति तथा कार्यक्रममार्फत नागरिकको सम्मानजनक र सुरक्षित जीवन सुनिश्चित गर्न पूर्ण प्रतिबद्ध छ। यस महत्त्वपूर्ण प्रकाशनमा संलग्न सम्पूर्ण मानव अधिकारकर्मी, लेखक, सम्पादक तथा सरोकारवाला निकायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। मानव मर्यादा, समानता र न्यायको प्रत्याभूतिका लागि राज्य, नागरिक समाज तथा सरोकारवाला सबै पक्षको साझा प्रयास आवश्यक रहेको विश्वासका साथ मानव अधिकार वर्ष पुस्तक २०२६ को सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**कृष्ण प्रसाद यादव**
मानीय मुख्यमन्त्री

## बागमती प्रदेश

मानव अधिकार भनाले सबै व्यक्तिहरू जन्मजात, अविछिन्न र समान रूपमा प्राप्त हुने स्वतन्त्रता, समानता र अवसरहरूको सम्मुच रूप हो, जसले नागरिकलाई हुने आधारभूत गुणस्तरीय जीवन, सम्मान, न्याय, स्वतन्त्रता र समानताको अनुभूति गराउन सक्षम बनाउँछ। मानव अधिकारमा स्वतन्त्र

व्यक्तिगत, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू समावेश हुन्छन्। मानवीय गरिमा र समानताको मूल्यमान्यतामा आधारित यी अधिकारहरूले सबैलाई भेदभाव बिना सम्मानका साथ जीवनयापनको अधिकार दिन्छ।

सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघीय महासभाले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरेको दिनदेखि हरेक वर्ष डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइन्छ। घोषणापत्रले मानव अधिकारलाई कुनै अमूर्त सिद्धान्तभन्दा पर हाम्रो दैनिक जीवनका अनिवार्य पक्षका रूपमा बुझ्न जोड दिएको मैले महसुस गरेको छु।

मानव अधिकारका यी सार्वभौमिक सिद्धान्त र दृष्टिकोणलाई आत्मसात गर्दै बागमती प्रदेश सरकारले पनि सबै तहमा समानता, गरिमा, न्याय र समावेशितामा आधारित नीतिगत र कार्यक्रमगत पहलहरूलाई अगाडि बढाउँदै आएको छ। संविधानअनुसार प्रत्याभूत मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन कुनै एक तहको दायित्व मात्र होइन, यो राज्यको समग्र सुशासन र लोकतान्त्रिक अभ्यासको मेरुदण्ड हो। लोकतान्त्रिक गणतन्त्र नेपालका संविधानले मानव अधिकारलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गर्दै सङ्घ, प्रदेश र स्थानीय तहलाई स्पष्ट जिम्मेवारी तोकेको छ। यही संवैधानिक मर्मअनुसार बागमती प्रदेश सरकारले मानव अधिकारलाई आफ्ना नीति, कार्यक्रम र कार्यान्वयनका सबै चरणमा केन्द्रीय प्राथमिकताका रूपमा आत्मसात गर्दै आएको छ।

नेपाल सरकारले कार्यान्वयन गर्दै आएको मानव अधिकारको राष्ट्रिय कार्ययोजना सफलताका लागि प्रदेश सरकारको भूमिका निर्णायक रहन्छ। बागमती प्रदेश सरकारले राष्ट्रिय कार्ययोजनाका लक्ष्य र सूचकहरूसँग तादात्म्यता कायम गर्दै स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, आवास, रोजगारी, स्वच्छ वातावरण, न्यायमा पहुँच र सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ।

मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम, एक विद्यालय एक नर्स कार्यक्रम, क्षयरोगीका उपचारमा सहयोग, ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी आमाहरूको हवाइ उद्धार, विपन्न तथा असहाय वर्गलाई निःशुल्क आइसीयु सेवा, मानसिक स्वास्थ्य प्रवर्द्धन र आत्महत्या न्यूनीकरण कार्यक्रमहरूले जीवनको अधिकार र स्वास्थ्यको अधिकारलाई व्यवहारमा उतारेका छन्। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा, आवासीय विद्यालय, बालमैत्री स्थानीय शासन, बालश्रमको नियन्त्रण र सडक मानवमुक्त बागमती प्रदेश अभियानले मानव गरिमा र सामाजिक न्यायलाई मजबुत बनाएको छ।

बागमती प्रदेश सरकारको आ.व. ०८२-०८३ को नीति तथा कार्यक्रममा मानव अधिकार प्रत्यक्ष र अप्रत्यक्ष दुवै रूपमा समेटिएको छ। "सबै नीतिमा स्वास्थ्य", "विपन्नमैत्री पूर्वाधार" "विद्यार्थी भविष्य", "गुणस्तरीय शिक्षा, सबैको इच्छा", "आत्मनिर्भरताका लागि महिला सशक्तिकरण" र "नमुना वडा समाजवादी कार्यक्रम" जस्ता अवधारणाहरू मानव अधिकारमै आधारित शासनका स्पष्ट उदाहरण हुन्।

प्रदेशभित्र निर्माण हुने सार्वजनिक संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने नीति, न्यायमा पहुँच अभिवृद्धिका लागि निःशुल्क कानुनी सहायता कार्यक्रम, कानुनी सचेतना, श्रमिक वर्गको सामाजिक सुरक्षा, डेटा सुरक्षा र सूचना अधिकारको संरक्षण तथा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति मानव अधिकारको संस्थागत संरक्षणतर्फ उन्मुख छन्। नीति तथा कार्यक्रममा समावेश गरिएको डिजिटल रूपान्तरण र ए.आई. आधारित निर्णय प्रणालीले सेवामा समानता, पारदर्शिता र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ।

प्रदेश सरकार सीमान्तकृत, दलित, आदिवासी जनजाति, लोपोन्मुख समुदाय, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार संरक्षणप्रति प्रतिबद्ध छ। आयआर्जन र जीविकोपार्जन सुधार कार्यक्रम, गृहिणी महिला सशक्तिकरण, बेचबिखन तथा लैङ्गिक हिंसाबाट प्रभावितको उद्धार, पुनर्स्थापना र मनोसामाजिक परामर्श, अपाङ्गता भएका व्यक्तिका लागि सीपमूलक तालिम र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमले समावेशी विकासलाई व्यवहारमा उतारेका छन्।

ज्येष्ठ नागरिकका लागि हेरचाह केन्द्र, अनुभवमैत्री हस्तान्तरणको वातावरण, बालबालिकाका लागि शिक्षा, स्वास्थ्य र संरक्षणका लक्षित कार्यक्रम तथा सहयोगापेक्षी सडक मानवका लागि पुनःस्थापना

कार्यक्रमले "कोही पनि पछाडि नपरोस्" भन्ने मानव अधिकारको मूल सिद्धान्तलाई आत्मसात गरेको छ। सङ्घीय शासन प्रणाली कार्यान्वयनको क्रममा मानव अधिकार संरक्षणसँग जोडिएका केही संस्थागत र व्यवहारिक चुनौतीहरू विद्यमान छन्। कानुनी अस्पष्टता, अधिकार क्षेत्रको दोहोरोपन, स्रोत र जनशक्तिको असमान वितरण, तहगत समन्वयको कमी तथा नागरिक अपेक्षा र सेवा क्षमताबीचको अन्तर प्रमुख चुनौतीका रूपमा देखापरेका छन्।

यद्यपि बागमती प्रदेश सरकारले सङ्घीय सरकार र स्थानीय सरकारसँग सहकार्य गर्दै कानुनी तादात्म्यता, संस्थागत सुदृढीकरण, प्रदेश तथा स्थानीय शासन सबलीकरण र क्षमता विकासका कार्यक्रमहरू अघि बढाएको छ। सङ्घीयताको सफल कार्यान्वयन मानव अधिकारको प्रभावकारी प्रत्याभूति सँगै जोडिएको विषय भएकाले यसमा निरन्तर संवाद, सहकार्य र सुधार अपरिहार्य छ।

मानव अधिकार कुनै नारा मात्र होइन यो राज्य र नागरिकबीचको विश्वासको सेतु हो। बागमती प्रदेश सरकार मानव अधिकारलाई नीति, कार्यक्रम र कार्यान्वयनको केन्द्रमा राख्दै समावेशी, न्यायपूर्ण र सुशासित समाज निर्माणप्रति प्रतिबद्ध छ। सङ्घीयताको मर्मअनुसार अधिकार र दायित्वको सन्तुलित अभ्यास गर्दै नागरिकको जीवनमा वास्तविक परिवर्तन ल्याउने दिशामा प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

**इन्द्रबहादुर बानियाँ**
माननीय मुख्यमन्त्री

## गण्डकी प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको वर्ष पुस्तकले नेपालमा मानव अधिकारको अवस्थालाई तथ्यमा आधारित, वस्तुनिष्ठ र जिम्मेवार ढङ्गले अभिलेख गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। लोकतान्त्रिक समाजको सुदृढीकरणका लागि यस्तो दस्तावेजीकरण अत्यन्त आवश्यक र समयसापेक्ष छ। नेपालको संविधानले मानव अधिकार, स्वतन्त्रता, समानता, सामाजिक न्याय र विधिको शासनलाई राज्य सञ्चालनका आधारभूत मूल्यका रूपमा स्थापित गरेको छ। यी संवैधानिक मूल्यहरूको प्रभावकारी कार्यान्वयन बिना लोकतन्त्र सुदृढ हुन सक्दैन।

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, मानव अधिकार तथा विधिको शासनको संरक्षण र प्रवर्धनमा नागरिक समाजको भूमिकालाई गण्डकी प्रदेश सरकारले उच्च महत्व दिएको छ। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, श्रमिक, दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायका अधिकारको संरक्षणलाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको छ। इन्सेकजस्ता संस्थाले गरेका अध्ययन, अनुगमन र सुझावहरू नीति निर्माण तथा कार्यान्वयनका क्रममा मार्गदर्शक बन्न सक्ने विश्वास लिएको छु। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई सबल बनाउँदै सामाजिक न्याय, समावेशिता र मानव अधिकारको सम्मानलाई व्यवहारमा उतार्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध छ। यस यात्रामा राज्य र नागरिक समाजबिचको सहकार्य अझ सुदृढ हुनु आवश्यक छ। यो वर्ष पुस्तकले नीति निर्माता, सरोकारवाला निकाय तथा आमनागरिकलाई मानव अधिकारप्रतिको चेतना अभिवृद्धि गर्न प्रेरित गर्ने विश्वासका साथ प्रकाशन कार्य सफलताको शुभकामना व्यक्त गर्दछु।

**सुरेन्द्रराज पाण्डे**
माननीय मुख्यमन्त्री

## लुम्बिनी प्रदेश

सर्वप्रथम देशको समग्र मानव अधिकारको वार्षिक दस्तावेजका रूपमा रहेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ को प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु। यसले सरकारलाई समेत मानव विकासका काममा थप सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। लुम्बिनी प्रदेश सरकारले मानव अधिकारको विषयलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको छ। यी कामलाई अझ प्रभावकारी बनाउन मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने प्रतिबद्धताका साथ अघि बढेको छ। प्रदेश सरकारका नीति, कार्यक्रम तथा वार्षिक बजेटमा मानव अधिकारसँग सम्बन्धित विषयहरूलाई प्राथमिकतामा राखिएको छ। महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक,

यौनिक अल्पसङ्ख्यक, श्रमिक तथा पिछडिएका समुदायका अधिकार संरक्षणका लागि लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। प्रदेश सरकारअन्तर्गतका सुरक्षा निकाय, प्रशासनिक निकाय तथा सेवा प्रवाह गर्ने कार्यालयहरूमा मानव अधिकारमैत्री सेवा प्रवाह सुनिश्चित गर्न तालिम, निर्देशन र अनुगमनको व्यवस्था गरिएको छ। हिरासत, कारागार, स्वास्थ्य संस्था तथा सामाजिक संस्थाका संरचनामा मानव अधिकारका मापदण्ड पालना हुने व्यवस्था मिलाइएको छ। मानव अधिकारसम्बन्धी उजुरीको छिटो सम्बोधन गर्न प्रदेशस्तरीय निकायबीच समन्वय र सहकार्य सुदृढ गरिएको छ।

महिला, दलित, अपाङ्गता भएका व्यक्ति, थारू, मगर, आदिवासी जनजाति, मधेसी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत, पिछडिएका वर्ग तथा विपन्न समुदायको आर्थिक र सामाजिक सशक्तिकरणका लागि माध्यमिक र उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ। मिर्गौला प्रत्यारोपण, मुटुको भल्भ फेर्ने र क्यान्सर उपचारका लागि जनही दुई लाख रुपैयाँ उपचार खर्च प्रदान गरिएको छ। सडक आश्रित मानवको उद्धार गरी सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गर्ने अन्तिम तयारीमा प्रदेश सरकार रहेको छ।

शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सुरक्षा, स्वच्छ वातावरण, सामाजिक न्याय र समानताको विषयलाई मानव अधिकारको आधारभूत पक्षका रूपमा नीति तथा कार्यक्रममा समावेश गरिएको छ। प्रदेश सरकारले समावेशी विकास, पहुँचयुक्त सेवा, सामाजिक सुरक्षा तथा गरिबी न्यूनीकरणलाई मानव अधिकारसँग प्रत्यक्ष जोडेर कार्यक्रम सञ्चालन गर्दै आएको छ। नीति निर्माणको क्रममा मानव अधिकार, सामाजिक न्याय र समतामूलक विकासलाई मार्गदर्शक सिद्धान्तका रूपमा लिइएको छ।

प्रदेशस्तरका कानुन, कार्यविधि र निर्देशिका निर्माण गर्दा मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता र संविधानको भावनाअनुसार बनाउन प्रयास गरिएको छ। प्रदेश सरकारले सीमान्तकृत, पिछडिएका तथा जोखिममा रहेका समुदायको मानव अधिकार संरक्षणलाई प्राथमिकतामा राखेको छ। महिला सशक्तिकरण, दलित तथा अल्पसङ्ख्यक समुदायका लागि लक्षित शिक्षा, स्वास्थ्य र आयआर्जन कार्यक्रम सञ्चालन गरिएको छ।

अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा र पहुँचयुक्त पूर्वाधार विकासलाई जोड दिइएको छ। लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय विभेद र बहिष्कारका घटनाविरुद्ध सचेतना, कानुनी सहायता र पीडितमैत्री सेवा प्रवाहका कार्यक्रम कार्यान्वयनमा छन्। स्थानीय तहको सहकार्यमा सीमान्तकृत समुदायको सहभागिता बढाउने, उनीहरूको आवाज नीति निर्माणमा समेट्ने र अधिकार सुनिश्चित गर्ने प्रयास भइरहेको छ। प्रदेश सरकारले बालअधिकारसम्बन्धी विधेयक सङ्घीय संसदमा दर्ता गरिसकेको छ भने अन्य आवश्यक कानुन निर्माणको प्रक्रिया पनि अघि बढाइएको छ।

तर सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्रको स्पष्टता, स्रोत-साधनको बाँडफाँट र समन्वयको अभावले मानव अधिकार संरक्षणका प्रयासमा केही चुनौतीहरू रहेका छन्। आवश्यक कानुन समयमै निर्माण र संशोधन नहुनु, संस्थागत क्षमताको आवश्यकता र जनशक्ति व्यवस्थापन पनि चुनौतीका रूपमा देखिएका छन्। यद्यपि प्रदेश सरकारले यी चुनौतीलाई अवसरका रूपमा लिएर सङ्घीय संरचना सुदृढ गर्ने, अन्तरसरकारी समन्वय बढाउने र सेवा प्रवाहलाई जनमैत्री बनाउने प्रयास गरिरहेको छ। संविधानले सुनिश्चित गरेका नागरिकका अधिकार व्यवहारमै कार्यान्वयन हुने विश्वास प्रदेश सरकारले लिएको छ।

**चेतनारायण आचार्य**
माननीय मुख्यमन्त्री, लुम्बिनी प्रदेश

## कर्णाली प्रदेश

नेपालको सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै कर्णाली प्रदेश सरकारले संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको संरक्षण र संवर्द्धनलाई प्रदेश सरकारको प्रमुख दायित्वका रूपमा आत्मसात् गर्दै आएको छ।

कर्णाली प्रदेश सरकारले मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई प्रदेशस्तरमा कार्यान्वयन गर्न प्रदेश स्तरीय समिति गठन गरी सम्बन्धित मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय गर्दै आएको छ।

लैङ्गिक हिंसा नियन्त्रण, बाल अधिकार संरक्षण तथा सामाजिक न्यायका सवाललाई सम्बोधन गर्न कर्णाली प्रदेश लैङ्गिक हिंसा नियन्त्रण कार्ययोजना, बाल संरक्षणसम्बन्धी प्रदेशस्तरीय कार्यविधि तथा सामाजिक विकास मन्त्रालयमार्फत सञ्चालित लक्षित कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएका छन्।

यसका साथै प्रदेशस्तरीय मानव अधिकार, शान्ति तथा समावेशी शासनसम्बन्धी सचेतना कार्यक्रम मार्फत सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने प्रयास गरिएको छ। यस कार्य योजनालाई जिल्ला तथा स्थानीय तहसम्म कार्यान्वयन गर्नका लागि कर्णाली प्रदेशका जिल्ला र स्थानीय तहमा समिति गठन भएका छन्। कार्यायोजनामा उल्लेख भए अनुसारका गतिविधिका सम्बन्धमा सम्बन्धित निकायमा कर्णाली प्रदेशबाट नियमित प्रतिवेदन तयार गरी पठाउने गरिएको छ। यसैगरी, यस कार्यलाई थप व्यवस्थित बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मानव अधिकारको संरक्षण र प्रवर्द्धन शाखा सञ्चालन गरिएको छ। आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउने प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ अनुसार कार्यजिम्मेवारी समेत दिइएको छ।

कर्णाली प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा मानव अधिकार, सामाजिक न्याय, समावेशिता र समानतालाई प्राथमिकताका साथ समेटिँदै आएको छ। विशेष गरी नि:शुल्क आधारभूत स्वास्थ्य सेवा कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम, एकीकृत पोषण कार्यक्रम तथा शिक्षामा पहुँच विस्तारसम्बन्धी कार्यक्रमहरू मार्फत शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा र जीवनस्तर सुधारका अधिकारहरू सुनिश्चित गर्न प्रयास गरिएको छ । सुशासन प्रवर्द्धनका लागि प्रदेश सुशासन ऐन, सूचना प्रविधि तथा सार्वजनिक सेवा प्रवाह सुधारसम्बन्धी नीतिहरू कार्यान्वयनमा रहेका छन्।

दलित, महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पिछडिएका समुदायको अधिकार संरक्षणका लागि दलित सशक्तिकरण कार्यक्रम, महिला उद्यमशीलता विकास कार्यक्रम, अपाङ्गता भएका व्यक्तिका लागि सहायक उपकरण वितरण तथा पुन:स्थापना कार्यक्रम तथा ज्येष्ठ नागरिक सामाजिक सुरक्षा सहयोग सञ्चालनमा छन्। राउटे समुदायको संरक्षण, व्यवस्थापन र समन्वयका लागि सङ्घीय सरकारद्वारा स्वीकृत राउटे संरक्षण तथा व्यवस्थापन कार्यविधि कार्यान्वयनमा प्रदेश सरकार सक्रिय रूपमा संलग्न रहेको छ। समुदायको बसाइँसराइको अवस्थालाई ध्यानमा राख्दै अस्थायी आवास, स्वास्थ्य सेवा तथा आवश्यक सहजीकरणका विषयमा स्थानीय तहहरूसँग सहकार्य गरिँदै आएको छ।

लैङ्गिक हिंसा प्रभावितका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी) सञ्चालन तथा प्रदेश लैङ्गिक हिंसा निवारण कोषमार्फत राहत तथा पुन:स्थापनामा सहयोग पुऱ्याइएको छ। तथापि, स्रोत-साधनको सीमितता र भौगोलिक विकटताका कारण अपेक्षित परिणाम हासिल गर्न अझै चुनौतीहरू विद्यमान छन्।

सङ्घीय शासन प्रणाली कार्यान्वयनका क्रममा प्रदेशको अधिकार क्षेत्र स्पष्ट पार्ने कानुन निर्माण, पर्याप्त जनशक्ति व्यवस्थापन, वित्तीय स्रोतको सुनिश्चितता तथा सङ्घ-प्रदेश-स्थानीय तहबीचको समन्वय सुदृढ गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन्। मानव अधिकारसँग सम्बन्धित दायित्वहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घीय तहसँग थप नीतिगत स्पष्टता र सहकार्य आवश्यक रहेको प्रदेश सरकारको धारणा छ।

अन्त्यमा, कर्णाली प्रदेश सरकार मानव अधिकारको संरक्षण र संवर्द्धनप्रति पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्दै, आगामी दिनमा नीति, कानुन र कार्यान्वयन पक्षलाई अझ सुदृढ बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्दछु।

**यामलाल कडेल**
माननीय मुख्यमन्त्री

## सुदूरपश्चिम प्रदेश

नेपालको संविधान, २०७२ जारी भएपश्चात नेपालले सङ्घीय गणतन्त्रात्मक शासकीय व्यवस्था अवलम्बन गरिरहेको परिप्रेक्ष्मा विगत दशकदेखि सुदूरपश्चिम प्रदेश सरकारले संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर प्रदेशको विकास, समृद्धि, सुशासन लगायतका कार्यहरू गर्दै आएको छ। संविधानले मार्गदर्शन गरेबमोजिम स्वतन्त्रता, सामाजिक

मर्यादा, गरिबी निवारण, रोजगारी, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतका अधिकारहरू नागरिकका आधारभूत अधिकारका विषय भएकाले यी अधिकारहरूको संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि प्रदेश सरकारले नीति तथा योजनाहरू निर्माण गरी कार्यान्वयन गर्दै आएको छ।

मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि विगतदेखि गर्दै आएका कार्यहरूलाई निरन्तरता दिँदै शिक्षा, स्वास्थ्य, समाज कल्याण लगायतका सामाजिक क्षेत्रमा विभिन्न कानुनहरू निर्माण गरिएका छन्। सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य ऐन, २०७६, प्रदेश बालबालिकासम्बन्धी ऐन, २०७७, दलित सशक्तिकरण ऐन, २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति, छाउगोठ उन्मूलन नीति, अपाङ्गता नीति, बालबालिका नीति तथा श्रम तथा रोजगार नीति लगायतका नीतिहरू कार्यान्वयनको चरणमा रहेका छन्।

सङ्घ, प्रदेश र स्थानीय सरकारबीच सहकार्य, समन्वय र सहअस्तित्व मार्फत नागरिकका मानव अधिकार सुनिश्चित गर्न आवश्यक देखिन्छ। अन्त्यमा, इन्सेकद्वारा प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ ले मानव अधिकारको संरक्षण र प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

**कमलबहादुर शाह**
माननीय मुख्यमन्त्री

परिच्छेद ८

# सन् २०२५ को मानव अधिकार स्थितिबारे विभिन्न आयोगहरूका धारणा

## राष्ट्रिय दलित आयोग

हरेक वर्ष इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्छ। यो मानव अधिकार उल्लङ्घनको अभिलेखिकरण मात्र होइन, यो त मानव अधिकार संरक्षणका लागि राज्य जिम्मेवार हुनुपर्ने महत्त्वपूर्ण पहरेदारी पनि हो। दतित समुदायको आँखाबाट यो वर्ष कस्तो रह्यो भन्ने विषयमा थोरै चर्चा गर्दछु।

सन् २०२५ मा दलित समुदायका लागि निकै निराशाको वर्ष रहयो। राजीखुशीले विवाह गर्न खोजेका सर्लाहीका एकजोडीलाई हदैसम्मको यातना दिइयो - राज्यपक्षबाट। केटालाई बेपत्ता पार्ने काममा प्रहरी नै सामेल भयो। कुख्यात अपराधीलाई झैँ प्रहरीको विशेष टोली नै दिल्ली पुगेर सत्येन्द्र राम र नेहा रौनियारलाई प्रहरीले नियन्त्रणमा लिनु र अलग गर्न खोज्नु राज्यपक्षको दलित समुदायप्रति कस्तो दृष्टिकोण रहेछ भन्ने कुरा शब्दमा वर्णन गर्न सकिँदैन। यो घटनामा तत्कालीन गृहमन्त्री रमेश लेखक र नेपाल प्रहरीको भूमिकाको जति निन्दा गरे पनि कम हुन्छ। मानव अधिकारवादी सङ्घसंस्था, व्यक्ति तथा सञ्चार जगतको महत्वपूर्ण सहयोगबाट उनीहरूको जीवन जोगिएको छ।

थ्रेसरबाट धान दाउने क्रममा विवाद भयो नवलपरासीमा दुई पक्षबीच भएको विवाद बढ्दै गएर मधेश (तराई मूलका) को दलित समुदायको युवाको हत्या भयो। यो केवल गाउँलेहरूबीचको झगडा मात्रै थिएन। दलित समुदायलाई हेर्ने दृष्टिकोणको परिचायक थियो। आरोपित नियन्त्रणमा लिने मामिलामा प्रहरीले आलटाल गरिरहयो। सप्तरीमा भएको सामूहिक बलात्कारपछि आत्महत्या गरिएकी भनिएकी युवतीको विषयमा गम्भीर अनुसन्धान नै भएन। बलात्कारमा संलग्न व्यक्तिहरू कानुनी दायरामा आउन सकेका छैनन्। मधेशका दलित बस्तीमा हुने गरेका तमाम खालका अत्याचारमा राज्यले आँखा चिम्लेको देखिन्छ। राज्यले कहीँकतै नचिनेको पञ्चायतीबाट क्षणभरमै दलित समुदायको व्यक्तिलाई सबैप्रकारका अधिकारबाट बन्चित गर्ने निर्णय गरिरहँदा राज्यका निकायहरू चुप रहनु के संयोग मात्र होला ?

बाँके जिल्लामा दलित समुदायको युवतीमाथि सामूहिक बलात्कार भयो। अन्याय पटाक्षेप हुनु अनिवार्य छ। त्यो घटना किन सार्वजनिक गरेको भनेर पीडित परिवारलाई नै समाजबाट वहिस्कार गर्ने काम भएको छ। आयोगले पटकपटक राज्यलाई ध्यानाकर्षण गराउँदा पनि पीडितको संरक्षणको वातावरण नबन्नु दुःखद मात्र होइन, सभ्य समाजको चुनौती हो। त्यति मात्र होइन कञ्चनपुरका एकजना शिक्षक (प्र.अ.) लाई अपमान गरेर राजीनामा दिन लगाएको कुराले हामीलाई झस्काएको छ कि हामी फेरि पछाडितिर त फर्किरहेका छैनौं ?

दलित समुदायका लागि छुट्टयाइएको सीमित आरक्षित स्थानमा समेत राज्यका अङ्गहरूलाई प्रयोग गरेर गैरदलित समुदायलाई लोकसेवा आयोगले सिफारिस गरेको सवाललाई राष्ट्रिय दलित आयोगको गम्भीर ध्यानाकर्षणका बावजुद गैरदलितले पाउनु भनेको राज्य घुमाइ फिराइ दलित समुदायलाई १९१० को मुलुकी ऐनकै अवस्थामा पुऱ्याउन खोजेको हो कि भन्ने प्रतीत हुन्छ। दलित समुदायको यही अवस्थितिबाट देशले प्रगति हासिल गरेको ठहरिँदैन।

संविधान बनेको १० वर्षसम्म पनि दलित समुदायको अवस्था सुधारका लागि सरकार उदासीन रहनु, आवश्यक नीतिगत व्यवस्थाका लागि राजनीतिक दलहरू संवेदनशील नहुनु र कतिपय घटनामा पीडककै पक्षमा देखिनु संविधान र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको उपहास हो। यो अघि बढ्ने लक्षण होइन, पुरानो व्यवस्था र पछौटेपनयुक्त समाज नै राम्रो थियो भन्न खोजेको जस्तो देखिन्छ।

२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनका बेला जस्तै राजनीतिक दलहरूबीच सामाजिक न्यायको सवाललाई हेर्ने उच्चस्तरको समझदारी भएमात्र दलित समुदायको साँचो मानव अधिकारको संरक्षण हुन सक्छ।

**देवराज विश्वकर्मा**
माननीय अध्यक्ष

# मधेशी आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा सक्रिय रहँदै आएको संस्था हो। सातै प्रदेश र ७७ जिल्लामा रहेका प्रतिनिधिमार्फत मानव अधिकार अनुगमन, अभिलेख, प्रतिवेदन प्रकाशन तथा पैरवी गर्दै आएको इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। यसका प्रलेख र पैरवी गतिविधिले मानव अधिकार उल्लङ्घन न्यूनीकरण तथा नीतिगत र कानुनी सुधारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

संविधानको धारा ४२ ले सामाजिक न्यायसम्बन्धी व्यवस्था गरेको छ। यद्यपि सो धारामा पहिचान, पहुँच र प्रतिनिधित्वका विषयहरू उल्लेख गरिए पनि ती व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन हुन सकेका छैनन् भन्ने यथार्थ स्पष्ट छ। पहिचानभित्रकै पहिचान, पहुँचभित्रकै पहुँच र प्रतिनिधित्वभित्रकै प्रतिनिधित्वमा गम्भीर समस्या विद्यमान छन्। त्यसैले अधिकार र कर्तव्यको सन्तुलन कायम गर्न जातभित्रका वर्ग र वर्गभित्र रहेका जातिहरूले भोग्दै आएका यथार्थपरक समस्याहरूको समुचित पहिचान र समाधान आवश्यक देखिन्छ।

आयोग तथ्यमा आधारित समस्या समाधानका लागि निरन्तर सक्रिय रहँदै आएको छ। सामाजिक, सांस्कृतिक, आर्थिक, पर्यावरणीय, प्रशासनिक, राजनीतिक, शैक्षिक तथा आरक्षित अवस्थासँग सम्बन्धित विषयहरूको अध्ययन गर्दै आयोगले संविधानमा तोकेको दायित्वअनुसार आफ्नो कार्य सम्पादन गरिरहेको छ। सीमित स्रोत र साधनको बाबजुद पनि स्थापनाकालदेखि नै आयोगले कानुनी रूपमा निर्दिष्ट जिम्मेवारीअनुसार समस्या पहिचान, वर्गीकरण, प्रतीक चिन्हको निर्माण, पदाधिकारीदेखि कर्मचारीसम्म प्रविधिमैत्री व्यवस्था, पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा, उजुरी सङ्कलन तथा कारबाहीका लागि सिफारिस, मधेशको परिभाषा तथा जातजातिको थरको निरूपण, खण्डीकृत तथ्याङ्कको प्रकाशन, राज्य संयन्त्रमा मधेशी समुदायको पहुँचसम्बन्धी अध्ययन तथा मधेश प्रोफाइलको अद्यावधिक र प्रकाशन गर्दै आएको छ।

प्राप्त कानुनी अधिकारको परिधिभित्र रही आयोगले नीति निर्माणमा सहयोग पुऱ्याउने तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। जनअपेक्षाअनुसार काम गर्न आवश्यक रहे पनि दक्ष मानव स्रोतको अभावका कारण अपेक्षित कार्य सम्पादन हुन सकेको छैन। यस्तो अवस्थामा समेत आयोगका लागि विद्यमान चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै अघि बढ्नुको विकल्प छैन।

मुलुकभित्र विशेषगरी मधेशी समुदायलाई लक्षित दीर्घकालीन समस्याहरूको मूलदेखि समाधान गर्न गुणस्तरीय शिक्षालाई व्यावसायिक सीपसँग, व्यावसायिक सीपलाई रोजगारीसँग, रोजगारीलाई गुणस्तरीय उत्पादनसँग, गुणस्तरीय उत्पादनलाई उपयुक्त बजारसँग तथा बजारलाई समग्र राष्ट्रिय विकास प्रक्रियासँग एकीकृत रूपमा समन्वय गर्नु अपरिहार्य छ।

मधेशी आयोग ऐनमा व्यवस्था गरिएका अधिकार तथा मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, संरक्षण, संवर्द्धन र प्रवर्धन गर्ने उद्देश्यले मधेशी आयोगले विभिन्न अन्तरक्रिया कार्यक्रमहरू आयोजना गर्दै आएको छ।

### स्थापनाकालदेखि आयोगले गरेको मुख्य कार्यहरू

१. आयोगको लागि आवश्यक पर्ने बैठक सञ्चालन नियमावली कार्यविधि, नियमावली लगायत कानुनी दस्तावेज तयार गरी कार्यान्वयन गरिएको
२. आयोगको पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यन्वयनको लागि नेपाल सरकारमा पेश गरिएको
३. आयोगको प्रतीक चिन्ह, वर्षतालिका निर्माण गरी कार्यान्वयन गरिएको,
४. समुदायको वस्तुस्थिति विवरण प्रकाशित गरी सिफारिस गरिएको,
५. जनतालाई आयोगसँग सगज पहुँचका लागि आयोगलाई प्रभावकारी बनाइएको,
६. नेपालको ऐतिहासिक र सांस्कृतिक पहिचानको उदेश्यले "राजर्षि जनक दर्शन: अध्ययन प्रतिवेदन २०८१" तयार गरिएको,
७. मधेशी आयोगका ६ वर्ष (२०७६-८१) चुनौती तथा अवसरहरू विषयक विश्लेषणात्मक प्रतिवेदन तयार गरिएको,
८. मधेशी आयोगको सातौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) प्रकाशित गरिएको।

९.	समुदायको वस्तुस्थिति विवरण प्रकाशित गरी सिफारिस गरिएको,
१०.	जनतालाई आयोगसँग सगज पहुँचका लागि आयोगलाई प्रभावकारी बनाइएको,
११.	आयोगले नेपालको ऐतिहासिक र सांस्कृतिक पहिचानको उद्देश्यले "राजर्षि जनक दर्शन: अध्ययन प्रतिवेदन २०८१" तयार गरिएको,
१२.	मधेशी आयोगका ६ वर्ष (२०७६-८१) चुनौती तथा अवसरहरू विषयक विश्लेषणात्मक प्रतिवेदन तयार गरिएको,
१३.	मधेशी आयोगको सातौँ वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) प्रकाशित गरिएको।
१४.	आरक्षणको नीतिमा पुनरावलोकन गर्न आयोगले सिफारिस गरिएको छ।
१०.	मधेश प्रदेश तथा मधेशी समुदायमा देखिँदै आएका हिंसाका घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले मधेशी आयोगले प्रदेशका विभिन्न जिल्लाहरूमा सरोकारवालाहरूको सहभागितामा जनचेतनामूलक अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

**जीवछ साह**
माननीय कार्यवाहक अध्यक्ष

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट सन् १९९२ देखि प्रकाशित हुँदै आएको "नेपाल मानव अधिकार वर्ष पुस्तक" अहिले पनि निरन्तर प्रकाशित हुँदै आएको छ। विगतमा झैँ यस वर्ष पनि मानव अधिकारसँग सम्बन्धित विविध विषयलाई समेटी दस्तावेजको रूपमा प्रकाशित हुन गइरहेको सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मुलुकमा विभिन्न समयमा भएका परिवर्तनहरूले नागरिकहरूमा आशाको सञ्चार प्रवाह गरे पनि त्यो परिणाममुखी बन्न सकेको छैन। राष्ट्रिय तहमा संविधान, ऐन, नियम साथै अन्तर्राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी बडापत्र, घोषणापत्र, सङ्कल्प प्रस्ताव, महासन्धि, इच्छाधीन आलेखहरूको अनुमोदनको अवस्थालाई मध्यनजर गर्दा मानव अधिकारको चित्रण सकारात्मक देखिन्छ। ग्रामीण तहसम्म त्यसको उपभोगको अवस्था वा कार्यान्वय पक्ष उत्साहजनक हुन सकेको छैन। कानुनी शासन, सुशासन, नागरिकले प्राप्त गर्ने सेवा मानव अधिकारसँग प्रत्यक्ष जोडिएका सवाल हुन् तर, यी विषयमा सिद्धान्त र व्यवहारबीच गहिरो खाडल छ। सशस्त्र द्वन्द्वबाट सिर्जित सम्बोधन भइसक्नुपर्ने कतिपय मुद्दाहरू अहिलेसम्म सम्बोधन हुन सकेका छैनन्। सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्र पटक पटक गठन भए पनि अहिलेसम्म टुङ्गिन सकेको छैन। फलत: पीडितहरू न्यायबाट विमुख छन् भने पीडक कानुनको दायरामा आउन सकेका छैनन्। समाजमा विद्यमान रूढीवादी मानसिकता, विभिन्न शैलीमा कायम विभेद, मानव अधिकारप्रति सरकारको दृष्टिकोण, सोच तथा व्यवहारगत अवस्थाका कारण मानव अधिकारको संरक्षण, संवर्धन र परिपालनामा थुप्रै चुनौती खडा भएको छ।

मानव अधिकारको दृष्टिकोणबाट हेर्दा यो वर्ष पनि अपेक्षित सुखद रहन सकेन। सरकारी प्रतिबद्धताहरू एकातिर व्यवहार अर्कोतिर हुनु सुखद् सङ्केत होइन। मानव अधिकारको संरक्षण, संवर्धन, परिपालन एवम् संस्कृतिको विकासको जिम्मेवारी बहन गर्न स्थापित राष्ट्रिय संस्था राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा दण्डहीनताले निरन्तर पश्रय पाइरहेको अवस्था छ। नागरिक समाजको भूमिकालाई समेत कुनै न कुनै रूपमा खुम्च्याउन खोज्ने र नागरिक समाजको कार्यलाई सरकार र राजनीतिक दलहरुले अवमूल्यन गर्नु अर्को चिन्ताको विषय बनेको छ।

यस आर्थिक वर्षमा मानव अधिकारको संवर्द्धन तथा मानव अधिकार संस्कृति प्रवर्द्धन गर्न राष्ट्रिय मानव अधिकार आयोगले एकल १ सय ६५ र सहकार्यमा ५३ गरी २ सय १८ कार्यक्रमहरू सम्पन्न गरेको छ। यसै गरी प्रेस-विज्ञप्ति/प्रेस-नोट, प्रकाशन, स्रोत व्यक्ति, परामर्श र अन्य निकायबाट आयोजित कार्यक्रममा सहभागितासमेत गरी १ हजार ८ सय ८९ प्रवर्धनमूलक कार्यहरू भएका छन्। आयोगले यस आर्थिक वर्षमा वार्षिक प्रतिवेदन, मानव अधिकार शोधपत्रिका संवाहकसहित २० वटा सामग्रीहरू प्रकाशनमा ल्याएको छ। मानव अधिकारका समसामयिक विषयमा ३५ प्रेस-विज्ञप्ति र १५ ओटा प्रेस-नोट जारी भएका छन्। यसरी जारी भएका प्रेस-विज्ञप्ति नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार केन्द्रित छन्। यसैगरी महिला, बालबालिका, जातीय विभेद, आप्रसवासी कामदारको अधिकार, सङ्क्रमणकालीन न्यायलगायतका विषयसँग सम्बन्धित छन्। सूचनाको हकअन्तर्गत ११ जनाबाट

३३ निवेदन प्राप्त प्राप्त भएकोमा सबै निवेदनउपर कारबाही सम्पन्न भइसकेको छ।

यस आर्थिक वर्षमा आयोगबाट आफ्नो कार्य-सम्पादनको सवालमा तीन तहका सरकार, सङ्घीय संसद्, संसदका विषयगत समितिहरू,मानव अधिकारसम्बन्धी विषयगत आयोगहरू, गैरसरकारी संस्थाहरू, पेशागत सङ्घसङ्गठन, नागरिक समाजसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइएको छ। यसको साथै अन्तर्राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको सञ्जाल (न्ब्ल्ज्चक्ष), एसिया प्रशान्त मञ्च आदिसँग पनि समन्वय र सहकार्य हुँदै आएको छ।

इन्सेकबाट मुलुकमा भएका मानव अधिकार उल्लङ्घन, ज्यादती एवम् अपराधिक घटनाहरूको अभिलेखिकरण गरी सार्वजनिक गर्ने कार्यले निश्चय नै मुलुकको मानव अधिकार उपभोगको अवस्थालाई उजागर गर्दछ। यसबाट सबै सरोकारवालाले सुधार गर्नुपर्ने विषयलाई आत्मसात गर्न मद्दत पुऱ्याउने गर्दछ। मानव अधिकार उल्लङ्घन र अपराधका घटनाको दस्तावेजीकरणमात्र नगरी त्यसको न्याय निरूपणको अवस्था समेत समावेश गर्न सके अझ प्रभावकारी हुने देखिन्छ।

अन्त्यमा, यस पुस्तकभित्र समावेश सामग्रीहरू तीनै तहका सरकारहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, अनुसन्धानकर्ता एवम् सरकारवालाहरूको लागि उपयोगी हुनेमा कुनै सन्देह छैन। आगामी दिनहरूमा पनि मानव अधिकार अवस्थाको चित्रण र भावी दिशानिर्देश गर्न नेपाल मानव अधिकार वर्ष पुस्तकले सफलता पाइरहोस्।

**मुरारिप्रसाद खरेल**
सचिव, राष्ट्रिय मानव अधिकार आयोग

## राष्ट्रिय महिला आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएकोमा खुशी लागेको छ। लैङ्गिक हिंसा विश्वव्यापी र जटिल समस्याको रूपमा रहेको छ। यो समस्याबाट नेपाल पनि अछुतो छैन। लैङ्गिक हिंसाको अन्त्य बिना सामाजिक न्याय र दिगो विकासको स्थापना हुन सक्दैन। महिलाको मानव अधिकार र दिगो विकासलाई प्रभावकारी बनाउन महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य हुन आवश्यक छ। पितृसत्तात्मक सोचमा आधारित सामाजिक मूल्य मान्यता तथा सदियौँदेखि चलिआएको महिलाप्रतिको भेदभाव पूर्ण व्यवहार नेपाली समाजको यथार्थ हो। लैङ्गिक विभेदले शोषण र हिंसाका घटनालाई मलजल गर्न मद्दत गरेको छ। महिलाको अवस्थालाई दूरगामी असर पुऱ्याएको देखिन्छ। महिलाहरूको आर्थिक सामाजिक राजनीतिक अवस्थालाई कमजोर बनाउँछ। समतामूलक दिगो राष्ट्रिय विकासका लागि पुरुष सरह महिलाहरूको सक्रिय र अर्थपूर्ण सहभागिताको इतिहास साक्षी छ।

महिला आयोगमा आर्थिक वर्ष २०८०-०८१ मा लैङ्गिक हिंसासम्बन्धी ९ सय ३२ वटा नयाँ उजुरीहरू प्राप्त भएका छन् भने अघिल्ला आर्थिक वर्षका फलोअप २ हजार २ सय जनाले आयोगमा प्रत्यक्ष उपस्थित भई सेवा लिइरहेका गरी जम्मा ३ हजार १ सय ३२ जना हिंसा पीडित महिलालाई विभिन्न किसिमका सेवा प्रदान गरिएको छ। आयोगले निःशुल्क हेल्पलाइन "खबर गरौं ११४५" मार्फत देश भरबाट हिंसापीडित महिलाले आफूउपर हिंसा भएको जानकारी गराउने बित्तिकै प्रतिकार्य गर्ने गरी सेवा प्रवाहको व्यवस्था मिलाइएको छ। जसअनुसार यस आर्थिक वर्षमा १ हजार २ सय २२ नयाँ उजुरी तथा जानकारी टेलिफोन र २ हजार ८ सय ७७ फलोअप टेलिफोन गरी जम्मा ४ हजार ९९ जना सेवाग्राही लाभान्वित भएका छन्। आयोगले महिलाको बहुआयामिक सशक्तिकरणको लागि फरक फरक सरोकारवाला क्षेत्रमा विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम, पैरवी, अध्ययन अनुसन्धान, अनुगमन र नीतिगत सिफारिसको कार्य गर्दै आएको छ।

नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयनको अवस्थाबारे अध्ययन तथा देशभित्रका निकायहरूबाट महिला अधिकारका सवालहरूको सम्बोधन भए नभएको वा कानुनले तोके बमोजिमको महिलाका मुद्दाहरू कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्नु पर्ने जिम्मेवारीलाई पूरा गर्ने सन्दर्भमा अध्ययन, अनुसन्धान, अनुगमन सचेतनामूलक छलफल अन्तरक्रियाबाट प्राप्त सुझावहरूका आधारमा विभिन्न निकायहरूमा नीतिगत सिफारिसहरू प्रेषण गरिएको छ। विगतमा भएका सिफारिसहरूको कार्यान्वयन अवस्थाको समेत अनुगमन भइरहेको छ। आयोगले हिंसाका घटनाको तत्काल अनुगमन गरी घटनाको छानबिन र अनुसन्धान गर्न सम्बन्धित निकायलाई

ध्यानाकर्षण गराउने र हिंसा पीडित महिलालाई न्यायको पहुँचमा यथाशीघ्र पुऱ्याउन अनुगमनको कार्यलाई विशेष प्राथमिकतामा राखेको छ। आयोगले आ.व. २०८०/०८१ मा सातै प्रदेश, ४० जिल्ला र १ सय ७६ स्थानीय तहहरूमा पुगी आफ्ना स्वीकृत कार्यक्रमहरू कार्यान्वयन तथा अनुगमनको कार्यको दायरा बृहत् बनाउने प्रयास गरेको छ। कार्यक्रम र अनुगमनको क्रममा करिब १० हजार व्यक्तिहरू आयोगबाट प्रत्यक्ष लाभान्वित भएका छन्।

महिला हिंसा निवारणका लागि सुरक्षा निकाय न्यायिक समिति सरोकारवाला स्थानीय जनप्रतिनिधिहरू, राजनीतिक तथा सामाजिक क्षेत्रका विद्यालयका विद्यार्थी अभिभावकहरूसँग छलफल र अन्तरक्रिया गरी नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहहरूले गर्नुपर्ने लैङ्गिक सवालको तथ्यहरूको सङ्कलन गरिएको छ। आयोगले आ.व. २०८०/०८१ मा स्थानीय सरकारको निर्णय प्रक्रियामा महिला उपप्रमुखको प्रभाव सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन, वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था चुनौती र जोखिम पक्षसम्बन्धी अनुसन्धान तथा जबरजस्तीकरणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था त्यसका असरहरूबारे अध्ययन गरेको छ। अपाङ्गता भएका महिला, ज्येष्ठ नागरिक महिला, एकल महिला, बालिका तथा किशोरी र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक महिलाहरू लैङ्गिक हिंसाको उच्च जोखिममा रहने हुँदा यस्ता वर्गका महिलाका सवालहरूको विषयमा सरकारलाई नीतिगत सिफारिस गर्दै आएको छ। विद्यालयमा हुने लैङ्गिक हिंसा, विद्यार्थी शिक्षक एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गरिएको छ। लैङ्गिक हिंसाका घटनाको तथ्याङ्क हेर्दा घरेलु हिंसाको हिंसा उच्च रहेको स्थानीय तहको सरकारले लैङ्गिक हिंसा निवारण र महिला सशक्तिकरणका लागि बजेटको व्यवस्थापनमा ध्यान दिनु पर्नेछ।

तीन तहका सरकारका योजना तथा कार्यक्रमहरू लैङ्गिक मैत्री बनाउन लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्नुपर्ने भएकोले बजेट तर्जुमा र कार्यान्वयनमा अवलम्वन गर्नुपर्ने देखिन्छ। सो कार्यलाई अनिवार्य नीतिगत सिफारिस गरिएको छ। लैङ्गिक समानता प्राप्तीका लागि विकासमा लैङ्गिक मूलप्रवाहीकरण आवश्यक हुन्छ। महिलाको नीतिगत तहमा पहुँच अभिवृद्धि गर्ने महिलाको सवालमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता नेपालको संविधान कार्यान्वयन गर्नका लागि आवश्यक निकायहरूलाई सिफारिस गरिएका छन्। आयोगले हिंसा पीडित महिलालाई न्यायमा पहुँच पुऱ्याउन प्रदेशमा कार्यालय स्थापना गरेको "खबर गरौँ हेल्पलाइन ११४५" सेवालाई प्रदेश विस्तार गर्ने कार्य आयोगको प्राथमिकतामा रहेको छ।

**कृष्णकुमारी पौडेल खतिवडा**
माननीय सदस्य/प्रवक्ता

## आदिवासी जनजाति आयोग

मानव अधिकार संरक्षण र प्रवर्धनका लागि नेपालको संविधान (२०७२) मा ३१ वटा मौलिक हकको व्यवस्था गरेको, मानव अधिकारको संरक्षण तथा प्रवर्धनका लागि १३ वटा संवैधानिक निकायको व्यवस्था भएको तथा मानव अधिकारसँग सम्बन्धित विभिन्न ऐन, कानून, नीति तथा कार्यविधिहरू तर्जुमा भएका भए तापनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा मानव अधिकारका विषयवस्तु उपेक्षित भएको छ।

मानव अधिकारको समग्र स्थिति सुधार गर्न राजनीतिक, प्रशासनिक, न्यायिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय क्षेत्रमा संरचनात्मक तथा संस्थागत सुधार अनिवार्य देखिन्छ। विशेष गरी राज्यका नीति, योजना र विकास प्रक्रियामा स्वतन्त्र, अग्रीम मञ्जुरी नलिँदा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारी सहितको सहमति लागु नहुने हुँदा आदिवासी जनजाति, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरू मानव अधिकार उल्लङ्घनको चपेटामा पर्दै आएका छन्।

नेपालको संविधानको धारा २६१ बमोजिम स्थापित आदिवासी जनजाति आयोग एक स्वतन्त्र संवैधानिक अङ्गको रूपमा आदिवासी जनजातिको मानव अधिकार तथा हकहितको संरक्षण, संवर्धन र प्रवर्धनका लागि क्रियाशील रहेको छ। आयोगले आदिवासी जनजाति समुदायका भाषा, लिपी, साहित्य, कला, संस्कृति, परम्परागत ज्ञान, सीप, प्रथागत संस्था तथा जीवन पद्धतिको संरक्षण र प्रवर्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आएको छ।

योगदान पुऱ्याउनेछ भन्ने विश्वास दिलाउँदै आगामी दिनमा समेत मानव अधिकार संरक्षण र संवर्द्धनको निम्ति इन्सेक तथा अन्य सरोकावाला निकायसँग निरन्तर सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

**भुवन भण्डारी**

सशस्त्र प्रहरी नायव उपरीक्षक

शाखा प्रमुख, मानव अधिकार शाखा

सस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय

## नेपाल बार एशोसियशन

सन् २०२५ मा नेपालको मानव अधिकारको परिस्थिति नियाल्दा अरु देशहरू तथा बितेका वर्षहरू भन्दा केही फरक पाउछौँ। २०८२ साल भदौ २३ र २४ के के भयो कति विद्यार्थी, आन्दोलनकारी मारिए, कति सरकारी तथा निजी भवन जलाइए, तोडफोड गरिए भने विषय सबैलाई अवगत रहेको छ।

भदौ २३ गतेको आन्दोलन कसको निर्देशनमा कसले आन्दोलनकारीलाई गोली हानी मारियो भन्ने विषय निश्चित रूपमा मानव अधिकारको दृष्टिकोणमा गहन विषय हो र सोकै छानबिन गर्न सो आन्दोलनपछि बनेको सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको छ र सो आयोगले निकट भविष्यमा प्रतिवेदन सार्वजनिक गर्ने नै छ।

यद्यपि मानव अधिकारको परिस्थिति नियाल्ने हो भने भदौ २३ र २४ का घटना हुनुपूर्व नै तत्कालीन सरकारको केही कदमहरू समेतलाई हेर्नु पर्ने हुन्छ। जसमध्ये एक प्रमुख कदम सामाजिक सञ्जालमाथिको प्रतिबन्ध रहेको छ। तत्कालीन सरकारले फेसबुक, एक्स, व्हाटस्याप, लगायत सामाजिक सञ्जाल नियमन गर्ने उद्देश्यले नेपाल कानुन अन्तर्गत दर्ता गर्न निर्देशिका जारी गरेकोमा सोलाई अवज्ञा गरी दर्ता नगरेको अवस्था रहेको थियो। सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउनु सूचनाको हक बमोजिमको मानव अधिकारको उल्लङ्घनको रूपमा समेत हेर्न सकिन्छ। निश्चय पनि त्यस्तो अवस्थामा दर्ता नगरिएका फेसबुक लगायत सामाजिक सञ्जाल प्रतिबन्ध गरिएको, भ्रष्टाचार आदिको विरोधमा भदौ २३ गते युवाहरूले देशव्यापी प्रदर्शन गरेका थिए, जसमा १९ जनाको घटनास्थलमै गोली हानी हत्या गरियो। त्यस विडम्बनापूर्ण घटनाको साथै मानव अधिकारको दृष्टिकोणबाट हेर्दा मानवाधिकार तथा न्यायको संरक्षण गर्ने अङ्ग न्यायपालिका अन्तर्गत सर्वोच्च अदालत तथा अन्य कैयौं अदालत एवम् बार भवनमा २४ गते गरिएको आगजनीले समेत धेरै व्यक्तिहरूलाई न्याय पाउनबाट ढिलाइ तथा बञ्चित गरेको छ। सामाजिक सञ्जाल दर्ता नगरी सञ्चालन गर्न खोज्नु पनि बिडम्बना नै हो। ठूलो होस् वा सानो जुनसुकै देशको सार्वभौमिकताको सम्मान गर्नु सबैको कर्तव्य नै हो।

भदौ २३ र २४ तथा सोसँग जोडिएका विषय बाहेक अन्य केही मानव अधिकारका विषय समेत मनन योग्य रहेको छ। विस्तृत शान्ति सम्झौता पश्चात सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयको सम्बोधन गर्न संस्थागत गरिएका दुई आयोगमा यस वर्षसमेत पदाधिकारी परिवर्तन भयो, यद्यपि सो विषयहरू हालसम्म टुङ्गो लाग्न नसक्नु सुखद विषय होइन।

केही महिनाअघि इजरायल र प्यालेष्टाइन युद्धका क्रममा बेपत्ता रहेका एक नेपाली नागरिक बिपिन कार्कीको सन् २०२३ मा नै हत्या भइसकेको खबर प्राप्त गऱ्यौं र कार्कीको पार्थिव शरीरलाई नेपाल ल्याइयो। त्यसका साथै रुस युक्रेनको युद्धमा समेत कैयौं नेपालीहरू रुसको सैनिकमा भर्ती हुने र युद्धमा घाइते भएका तथा मारिएका छन्। साथै भारतको कश्मिरको पहलगाममा भएको आतङ्कवादी हमलामा समेत नेपालीको ज्यान गएको छ। विश्वको जुनसुकै स्थान वा देशमा युद्ध तथा आतङ्कवादी गतिविधि हुनु खेदपूर्ण हो, त्यसमा पनि नेपालको नेपालको कुनै प्रत्यक्ष वा परोक्ष स्वार्थ नरहेको अवस्थामा त्यस्ता घटनाबाट नेपालीको मृत्यु हुनु निकै वियोगपूर्ण हो। नेपाली नागरिकको विदेश बसाइको वास्तविक स्थिति थाहा नहुनु र सङ्कटमा पर्दा उद्धार नहुनु अप्रिय विषय हो।

मानव अधिकारसँग सम्बन्धित यस्तै घटनालाई सम्बोधन गर्ने प्रयोजनार्थ हरेक वर्ष जस्तै २०८२ मङ्सिर २४ गते जनकपुरधाममा यस वर्ष पनि नेपाल बार एशोसिएसनले राष्ट्रिय गोष्ठी आयोजना गऱ्यो र घोषणापत्र समेत सार्वजनिक गरेको छ। त्यस घोषणापत्रलाई कागजमा मात्र सीमित नराखी सो बमोजिम राज्यलाई जनता तथा मानवअधिकारप्रति अझ बढी उत्तरदायी बनाउन बार प्रतिबद्ध रहेको छ।

त्यसो भनिरहँदा गत वर्षका यी घटनाहरूबाट के निश्चित छ भने राज्यका संयन्त्र कमजोर भएका

विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने।

५. नेपालले सन् २०१० मा अनुमोदन गरेको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणसम्बन्धी महासन्धि, २००३ को प्रभावकारी कार्यान्वयन गर्दै आदिवासी जनजाति लगायत नेपाली अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्को सूचीकरण प्रक्रियालाई सरल, सहज र पहुँचयोग्य बनाइनुपर्ने।

६. अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९, आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणा पत्र २००७, जैविक विविधता महासन्धि १९९३ तथा नागोया अभिसन्धि २०१० कार्यान्वयनका लागि आवश्यक ऐन कानून तत्काल निर्माण गरी लागू गर्नुपर्ने।

७. सिन्धुली जिल्लाको हायु समुदायको उर्मिला हायुको परिवार बेपत्ता भएको घटनाले अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदायप्रति राज्यको संवेदनशीलता कमजोर रहेको देखिएकाले संविधानको धारा ५६(५) बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्नुपर्ने।

८. भाषा आयोगले सिफारिस गरेका आदिवासी जनजाति समुदायका मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउने तथा मातृभाषामा शिक्षा पाउने अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न स्पष्ट नीति, स्रोत र संरचना सुनिश्चित गर्नुपर्ने।

९. राष्ट्रिय निकुञ्ज, जलविद्युत् तथा अन्य ठूला विकास आयोजनाका कारण आदिवासी जनजाति समुदाय विस्थापित भएको, क्षतिपूर्ति नपाएको तथा मानव अधिकार उल्लङ्घन भएको गुनासो आयोगमा प्राप्त भएकाले कार्यान्वयनका लागि स्पष्ट कानुनी तथा कार्यविधिगत व्यवस्था लागु गर्नुपर्ने।

१०. आदिवासी जनजातिका ज्ञान तथा सीपको संरक्षण र प्रवर्धन नहुँदा उनीहरूको जीविकोपार्जनमा नकारात्मक असर परेको र गरिबीको रेखामुनि बाँच्न बाध्य भएको अवस्थाले बाँच्न पाउने हक हनन् भएको देखिएकाले यसका लागि राज्यबाट विशेष व्यवस्था गर्नुपर्ने।

११. न्यायपालिका, व्यवस्थापिका तथा कार्यपालिकाबाट आयोगलाई प्राप्त परमादेश, प्रतिवेदन तथा आयोगका वार्षिक प्रतिवेदनमा समावेश सिफारिसहरूको कार्यान्वयन नहुनु गम्भीर विषय भएकाले आयोगका सिफारिसहरू नेपाल सरकारबाट अविलम्ब कार्यान्वयन हुनुपर्ने।

**दयाकृष्ण ढकाल**
शाखा अधिकृत

## थारू आयोग

१. बर्दियाको राजापुरमा थारु युवक निरज चौधरीको गोली हानी हत्या भएको र राजनीतिक सम्बन्धका कारण सो घटनाको दोषीलाई समयमा आवश्यक कानुनी कारबाही नहुँदा मानव अधिकारको दुःखद अवस्था रहेको देखिन्छ।

२. बर्दियाको बढैयाताल-४ की २२ वर्षीया अनु थारुले अदालतले श्रीमान्‌बाट अंश पाउने फैसला गर्दा समेत आफ्नो नागरिकता र बच्चाको जन्मदर्ता बन्न नसक्दा मौलिक अधिकारबाट समेत वञ्चित हुनुपरेको र सोही कारणबाट आत्महत्या गर्न बाध्य भएको साथै छोरीको आत्महत्याको पीडाबाट चार दिनपछि बाबुले समेत आत्महत्या गरेको घटनाले राज्यले आफ्ना नागरिकलाई प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन नसकेको देखिन्छ।

३. दाङको घोराही उमनपा-३ मा मुक्त कमलरीको घरको खोपानीको इनारमा दिसा राखिदिने, शौचालय र भान्सामा तोडफोड गर्ने र विभिन्न किसिमका धाक धम्की दिई ‘शारीरिक तथा मानसिक यातना दिएको घटनाले मुक्त कमलरी तथा मुक्त कमैयाको मानव अधिकारको कमजोर अवस्था देखिन्छ। साथै विविध वहानामा थारु महिला, बालबालिका र युवतीहरू शोषित पीडित हुने, बलात्कृत हुने र मृत्युबरण समेत गर्नुपर्ने अवस्थाले थारु समुदायको मानव अधिकारको सम्बन्धमा राज्य गम्भीर हुन नसकेको आभास हुन्छ। साथै दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका जिल्लाहरूमा छात्रावासमा बसिरहेका मुक्त कमलरी युवतीहरूलाई उपलब्ध गराउने भनिएको छात्रवृत्ति सम्बन्धित सरकारले उपलब्ध नगराउँदा उनीहरूको जीवन कष्टकर

रहेको अवस्था समेतले मानव अधिकारको अवस्था कमजोर छ भन्ने देखाउँछ।

४. राष्ट्रिय निकुञ्ज वरपर रहेका मुख्यगरी थारु समुदायमा जङ्गली जनावर (बाघ, हात्ती, गैँडा आदि) ले मानिसको ज्यान लिने समस्याले राज्यले नागरिकको जिउ ज्यानको सुरक्षा गर्नुपर्ने दायित्व निर्वाह गर्न नसकेको र नागरिकले स्वतन्त्ररूपले बाँच्न पाउने संवैधानिक र मौलिक अधिकारको प्रत्याभूति हुन नसक्नुले राष्ट्रिय निकुञ्ज आसपासका थारु समुदायका मानिसको मानव अधिकार दयनीय रहेको देखिन्छ।

५. प्राकृतिक स्रोतहरू जल, जङ्गल र जमिनमा आदिवासी थारु समुदायको पहुँच सुनिश्चित हुनुपर्ने हालका पछिल्ला कानुनी तथा प्रक्रियागत झन्झट तथा अतिक्रमणले थारु समुदायको नैसर्गिक अधिकारमा अवरोध सिर्जना भएको छ। थारु संस्कृतिमा आधारित ग्रामथान, मठ, मन्दिर, ताल, तलैया एवम् पुरातात्विक सम्पदाको उचित संरक्षण र उपयोगमा राज्यले यथोचित ध्यान दिन सकेको देखिँदैन।

६. कमलरी मुक्ति घोषणा भएको वर्षौं बितिसक्दा पनि उनीहरूको उचित व्यवस्थापन र पुन:स्थापना हुन सकेको छैन। राज्यसंयन्त्रको सहमति अनुसार परिचयपत्र, छात्रवृत्ति, सिपमूलक तालिम र आयआर्जनका कार्यक्रम मार्फत पुन:स्थापनाका योजना कार्यान्वयन हुन नसक्दा मानव अधिकारको प्रत्याभूति हुन सकेको देखिँदैन।

७. थारु समुदायको आवास, शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवस्थासमेत यस समयमा सन्तोषजनक देखिँदैन। थारु समुदायमा बढ्दो बेरोजगारी, हिंस्रक द्वन्द्वका शितलहर तथा विपद्को जोखिम, महामारी, स्वास्थ्य तथा सरसफाइ, स्वच्छ पिउने पानीको अभाव जस्ता विषयहरूले समेत थारु समुदायमा मानव अधिकारको अवस्था विचारणीय रहेको देखिन्छ।

८. थारु समुदायसँग सम्बन्धित रोग सिकलसेल एनिमिया तथा बिटाथालासेमियाका बिरामीको उपचारमा थारु समुदायको सहज पहुँच सुनिश्चित हुन नसकेको साथै दक्ष स्वास्थ्यकर्मी, जनशक्ति र पर्याप्त औषधी समेत उपलब्ध हुन नसक्दा थारु समुदायका बिरामीले समस्या भोग्नु परेको अवस्था यथावत छ।

सन् २०२५ को समग्र मानव अधिकारको अवस्था सन्तोषजनक रहन सकेन। भदौ २३ र २४ गते भएको विद्रोहका क्रममा दुई जना थारु युवासमेतको ज्यान जाने गरी भएको विभत्स हताहती र राष्ट्रिय सम्पत्तिमाथिको हमलाले मानव अधिकारप्रति राज्यको निरीहता दर्शाउँछ। साथै सोही घटनामा भागेका कैदी र लुटिएका हतियारको दुरुपयोगले समाजमा शान्ति, अमनचयन र नागरिकको मानव अधिकारको रक्षामा झन् ठूलो चुनौती थपिएको छ।

**अन्जु सिंह केसी**
उपसचिव

परिच्छेद ९

# सन् २०२५ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारको नाममा यस आर्थिक वर्षमा करिब १९ र गत आर्थिक वर्षमा १ सय ५ सिफारिस प्राप्त भई मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा प्रमुखको संयोजकत्वमा गठित सहजीकरण समिति मार्फत उक्त सिफारिसहरू कार्यान्वयनको अवस्थाको बारेमा कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिएको जानकारी लिने र सरोकारवाला निकाय बीच कार्यान्वयनका लागि समन्वय र सहजीकरण गरिएको छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०७७/७८-२०८१/८२) को सम्बन्धमा सं८, प्रदेश र स्थानीय तह समेतबाट भएका कार्यान्वयन अवस्थाको प्रगति समीक्षा तथा मानव अधिकारसम्बन्धी छैठौँ राष्ट्रिय कार्ययोजना (आर्थिक वर्ष २०८२/८३-२०८६/८७) को प्रस्तावित मस्यौदा उपर छलफल, परामर्श तथा अन्तरक्रिया कार्यक्रम गण्डकी प्रदेशमा सम्पन्न गरिएको छ। अन्य प्रदेशहरूमा समेत यसै प्रकारका छलफल, परामर्श तथा अन्तरक्रिया कार्यक्रमहरू तय गरी उक्त राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने सन्दर्भमा आवश्यक कार्य प्रकृया अगाडि बढाउने क्रममा नेपाल सरकार रहेको छ।

सन् २०२५ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्‌मा पेश गर्नुपर्ने विश्वव्यापी आवधिक पुनरावलोकन चौथो चक्र (Fourth Cycle of Universal Periodic Review) तयार गरी २०८२ असोज ०९ गतेको नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयानुसार नेपाल सरकार, परराष्ट्र मन्त्रालय मार्फत उक्त परिषद्‌मा पठाइएकोमा आगामी २१ जनवरी २०२६ का दिन नेपालको सन्दर्भमा पुनरावलोकन हुने मिति तय भएको छ।

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको व्यवस्था कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०८२ मंसिर २२ गतेको निर्णयानुसार विधेयक समितिमा पेस गर्ने निर्णय भई उक्त समितिमा छलफलको क्रममा रहेको छ।

विधिको शासनलाई आत्मसात् गर्दै नेपाल सरकार मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने जिम्मेवारीमा प्रतिबद्ध रही अन्य पक्षहरूबाट हुनसक्ने मानव अधिकारको दुरूपयोग रोक्न कानूनी प्रशासनिक, न्यायिक लगायतका संस्थागत तथा कानुनी संरचनाहरूको व्यवस्था गरी निरन्तर कार्यरत रहँदै आएको छ।

**रामजी दनाइ**
सहसचिव,मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

## परराष्ट्र मन्त्रालय

नेपाल सरकार मानव अधिकारको संरक्षण र प्रवर्द्धनप्रति दृढ प्रतिबद्ध रहेको छ। यस क्षेत्रमा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको तथ्य जानकारी गराउन पाउँदा हामी हर्षित छौँ। अघिल्ला वर्षहरूमा जस्तै, सन् २०२५ भरि नेपालले अन्तर्राष्ट्रिय समुदायसँग सक्रिय सहकार्य गर्दै आफ्नो घरेलु कानुनी तथा नीतिगत संरचनालाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूसँग समायोजन गर्दै आएको छ। यसले शान्ति, लोकतन्त्र र विकासतर्फको नेपालको यात्रालाई सबैका लागि मर्यादा, समानता र न्यायका सिद्धान्तमा आधारित बनाएको छ।

सन् २०२५ नेपालका मानव अधिकार यात्रामा एक महत्वपूर्ण मोड साबित भयो। यस वर्ष सङ्क्रमणकालीन न्याय प्रक्रियामा उल्लेखनीय कानुनी तथा संस्थागत प्रगति हुनुका साथै बहुपक्षीय कूटनीतिमा नयाँ सक्रियता देखियो। मे २०२५ मा सरकारले सत्य

निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग पुर्नगठन गऱ्यो। यो कदम द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई विश्वसनीय, समावेशी र जवाफदेही संयन्त्रमार्फत सम्बोधन गर्ने सरकारको प्रतिबद्धताको प्रतिविम्ब हो। दुवै आयोगले तीन महिनाको समय दिएर सार्वजनिक सूचनामार्फत देशव्यापी रूपमा उजुरी आह्वान गरेका थिए।

नेपाल नोभेम्बर २०२६ मा अल्पविकसित मुलुकको श्रेणीबाट स्तरोन्नतिका लागि तयारी गर्दैछ। यो स्तरोन्नति दिगो विकास लक्ष्य तथा मानव अधिकारप्रतिको नेपालको प्रतिबद्धतासँग गहिरोसँग सम्बन्धित छ। यस प्रक्रियाले नेपालको संविधानद्वारा सुनिश्चित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको क्रमिक कार्यान्वयनमा थप सहयोग पुऱ्याउने सरकारले विश्वास लिएको छ।

परराष्ट्र मन्त्रालयले मानव अधिकारलाई परराष्ट्र नीतिमा समाहित गर्न प्राथमिकता दिएको छ। जसअन्तर्गत विश्वव्यापी आवधिक समीक्षा (UPR) तथा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सन्धिहरू अन्तर्गतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई घरेलु तहमा ठोस प्रगतिमा रूपान्तरण गर्ने प्रयास गरिएको छ।

नेपाल संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि, संस्था र संयन्त्रहरूप्रति आफ्नो प्रतिबद्धता पुन: पुष्टि गर्दछ। नेपाल मानव अधिकारसम्बन्धी २४ ओटा अन्तर्राष्ट्रिय महासन्धि तथा प्रोटोकलहरूको पक्ष रहेको छ, जसमा नौ प्रमुख मानव अधिकार महासन्धिमध्ये सात ओटामा नेपाल आबद्ध छ। नेपाल संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रहरूसँग संलग्न रहँदै आएको छ।

खुला, स्वतन्त्र र लोकतान्त्रिक समाजको हैसियतमा नेपालले स्वतन्त्र मानव अधिकार विज्ञहरूको आगमनलाई सदैव स्वागत गर्दछ। सरकारको निमन्त्रणामा अल्पसङ्ख्यकसम्बन्धी विशेष प्रतिवेदक श्री निकोलस लेभ्राटले ४ देखि १३ डिसेम्बर २०२५ सम्म नेपाल भ्रमण गर्नुभएको थियो।

नेपालले जनवरी २०२६ मा जेनेभामा आयोजना हुने विश्वव्यापी आवधिक समीक्षाअन्तर्गत कार्य समूहको ५१ औँ सत्रमा हुने चौथो चक्रको आवधिक समीक्षामा सहभागिताका लागि तयारी सुरु गरेको छ। नेपालले अघिल्लो समीक्षामा प्राप्त सिफारिसहरूको कार्यान्वयनसहित मानव अधिकारको संरक्षण र प्रवर्द्धनका प्रयासहरू समेटिएको राष्ट्रिय प्रतिवेदन अक्टोबर २०२५ मा पेश गरेको थियो। उक्त प्रतिवेदनमा समीक्षा अवधिमा हासिल भएका महत्त्वपूर्ण उपलब्धिहरू समावेश छन्।

सन् २०२५ मा नेपालले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् (HRC) का ५८औँ, ५९औँ र ६० औँ सत्रहरूमा सक्रिय सहभागिता जनाएको थियो। २४ देखि २६ फेब्रुअरी २०२५ सम्म जेनेभामा सम्पन्न ५८ औँ सत्रको उच्चस्तरीय सत्रमा परराष्ट्र मन्त्री डा. आरजु राणा देउवाको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी भयो। सो सत्रलाई सम्बोधनका क्रममा मन्त्री राणाले मानव अधिकारको विश्वव्यापी घोषणापत्रप्रति नेपालको प्रतिबद्धता पुन: व्यक्त गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूसँग रचनात्मक सहकार्य गर्ने प्रतिबद्धता दोहोऱ्याउनु भयो। उहाँले सङ्क्रमणकालीन न्याय प्रक्रियालाई राष्ट्रिय शान्ति प्रक्रियाको अन्तिम चरणका रूपमा टुङ्ग्याउने सरकारको दृढ सङ्कल्पित रहेको उल्लेख गर्नुभयो। साथै 'ए' श्रेणीको मान्यता प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको स्वायत्तता सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्त श्री भोल्कर टुर्कसँगको भेटमा उहाँले अल्पविकसित,भूपरिवेष्ठित तथा द्वन्द्वपछिको सङ्क्रमणकालीन अवस्थाका चुनौतीबीच पनि नेपालले मानव अधिकार क्षेत्रमा उल्लेखनीय प्रगति गरेको तथ्य प्रस्तुत गर्नुभयो। ५९औँ र ६०औँ सत्रहरूमा नेपालका लागि संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूमा स्थायी प्रतिनिधिले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो।

नेपालले मानव अधिकार परिषद्को कार्य समूहका ४८औँ, ४९औँ र ५०औँ सत्रहरूमा पनि सहभागिता जनाउँदै समीक्षा प्रक्रियामा रचनात्मक भूमिका निर्वाह गऱ्यो। ती सत्रहरूमा नेपालले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा पहुँच विस्तार, लैङ्गिक हिंसा र बालश्रम न्यूनीकरण, महिलाको निर्णय प्रक्रियामा सहभागिता वृद्धि, जलवायु परिवर्तन न्यूनीकरण तथा समुदायको उत्थानशीलता, मर्यादित रोजगारी प्रवर्द्धन, तथा पेरिस सिद्धान्तअनुसार राष्ट्रिय मानव अधिकार संस्थाहरू सुदृढ गर्ने विषयमा सिफारिसहरू प्रस्तुत गऱ्यो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवलकिशोर साह सुडीले मार्च २०२५ मा न्यूयोर्कमा सम्पन्न महिला स्थितिसम्बन्धी आयोगको ६९औँ सत्र (CSW) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो। सम्बोधनमा उहाँले लैङ्गिक समानता र महिला सशक्तिकरणप्रति नेपालको प्रतिबद्धता दोहोऱ्याउँदै संघीय संसद् र प्रदेश सभामा कम्तीमा ३३ प्रतिशत तथा स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्वको संवैधानिक प्रावधान उल्लेख गर्नुभयो। उहाँले सरकारले लैङ्गिक उत्तरदायी बजेट, महिला-मैत्री नीति तथा लक्षित नेपाल सकारका कार्यक्रमहरूबारे जानकारी गराउनु भयो। सहितको व्यापक संरचना पनि प्रस्तुत गर्नुभयो।

CSW६९ का क्रममा मन्त्रीले युनिसेफद्वारा आयोजित "Power4Girls: Invest in Girls, Transform the World" र "Years of Her Life: Gender–Responsive Social Protection across the Life Course" शीर्षकका साइड इभेन्टहरूमा सम्बोधन गर्नुभयो। साथै FAO द्वारा आयोजित "Towards Rights–Based and Gender–Just Food Security and Nutrition" कार्यक्रममा सहभागिता जनाउँदै लैङ्गिक समानतामा नेपालले हासिल गरेका उपलब्धिहरू बारे चर्चा गर्नुभयो।

उहाँले फेब्रुअरी २०२५ मा जेनेभामा सम्पन्न महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी समितिको ९०औँ सत्र (CEDAW) मा पनि नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नेपालको सातौँ आवधिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

नेपालले अक्टोबर २०२५ मा जेनेभामा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त कार्यालयको कार्यकारी समितिको ७६ औँ सत्रमा सहभागिता जनायो।

त्यसैगरी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरत सिंह भण्डारीले जुन २०२५ मा जेनेभामा सम्पन्न ११३ औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो। उहाँले श्रमिक अधिकारको संरक्षण, मर्यादित कामको प्रवर्द्धन र समावेशी सामाजिक सुरक्षा प्रणाली विस्तारप्रति नेपालको प्रतिबद्धता व्यक्त गर्दै २०२५-२०३५ को आन्तरिक रोजगार प्रवर्द्धन दशक अन्तर्गतको रोजगारी दृष्टिकोण प्रस्तुत गर्नुभयो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजकुमार गुप्ताले अप्रिल-मे २०२५ मा न्यूयोर्कमा सम्पन्न आदिवासी जनजाति स्थायी मञ्चको २४औँ सत्रमा सहभागिता जनाउनुभयो। उहाँले आदिवासी जनजातिहरूका मौलिक अधिकार तथा समान प्रतिनिधित्व सुनिश्चित गर्न नेपालले गरेका प्रगतिशील उपायहरूबारे जानकारी दिनुभयो। साथै आदिवासी जनजाति आयोगकी सदस्य श्रीमती रीना राणाले आदिवासी जनजातिको पहिचान, समावेशिता तथा सामाजिक-सांस्कृतिक संरक्षणसम्बन्धी संवैधानिक व्यवस्थाहरूका बारेमा धारणा राख्नुभएको थियो।

**(अनौपचारिक अनुवाद)**

## गृह मन्त्रालय

नेपालमा मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले लामो समयदेखि गर्दै आएको कार्यका लागि धन्यवाद व्यक्त गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ प्रकाशन गर्न लागेकोमा मन्त्रालय शुभकामना व्यक्त गर्दछ।

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा मन्त्रालय प्रतिबद्ध रहेको छ। मन्त्रालयको मानव अधिकार इकाइको रूपमा मानव अधिकार प्रवर्द्धन शाखाले काम गर्दै आएको छ। यस शाखाले राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायसँग मानव अधिकार एवम् नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धनका लागि नियमित समन्वय र सहकार्य गरिरहेको छ।

संयुक्त राष्ट्रसङ्घ यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि अन्तर्गत नेपालले बुझाउनुपर्ने संयुक्त आवधिक प्रतिवेदन र संयुक्त राष्ट्रसङ्घ नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत नेपालले बुझाउनु पर्ने आवधिक प्रतिवेदन सम्बन्धित निकायको सहयोग र समन्वयमा तयारीको क्रममा रहेको छ।

बहुराष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि अन्तर्गतको मानव बेचबिखन, विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा

ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख-२००० ( Palermo Protocol), मा सम्मिलन पश्चात् नेपाललाई आइपर्ने थप दायित्व कार्यान्वयन गर्ने कार्ययोजना कार्यान्वयन भइरहेको छ।

विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०८१-२०८२) युपीआर मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१/८२) को कार्यान्वयन अवस्थाको प्रगति विवरण सम्बन्धित निकायमा पठाइएको छ। त्यस्तै मन्त्रालयले समय समयमा विभिन्न जिल्लामा हिरासत तथा कारागारमा रहेका बन्दीहरूको मानव अधिकारको अवस्थाबारे छलफल तथा अनुगमन समेत गर्दै आएको छ।

अन्त्यमा, इन्सेकले मानव अधिकार तथा सामाजिक न्यायका लागि गरेको प्रयासको सराहना गर्दै आगामी दिनमा पनि मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा थप योगदान पुऱ्याउने अपेक्षा सहित "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६" प्रकाशनका लागि मन्त्रालय शुभकामना व्यक्त गर्दछ।

**विष्णुप्रसाद आचार्य**
शाखा अधिकृत

## नेपाली सेना

१. नेपाली सेना मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उच्च सम्मान, पालना, संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सदैव पूर्ण प्रतिबद्ध रहँदै आएको छ। यस प्रतिबद्धतालाई संस्थागत रूपमा कार्यान्वयन गर्न नेपाली सेनाका सम्पूर्ण सकल दर्जालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका बारेमा सजग र सचेत गराउने उद्देश्यले नेपाली सेनाका शैक्षिक संस्था तथा युनिटहरूमा सञ्चालन हुने पदोन्नतिको लागि अनिवार्य लगायत विभिन्न तालिमहरूको पाठ्यक्रममा मानव अधिकार, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा लैङ्गिक समानतासम्बन्धी विषयहरू अनिवार्य रूपमा समावेश गरिएको छ। श्री मानव अधिकार निर्देशनालयद्वारा वार्षिक रूपमा योजनाबद्ध तवरले मानव अधिकार सम्बद्ध सरकारी तथा गैरसरकारी विषयविज्ञ शिक्षकहरू समेत आमन्त्रण गरी विभिन्न पृतना हे.क्वाहरूमा अन्तर्गतका अधिकृत, पदिक तथा अन्य दर्जा शिक्षार्थीहरू समावेश गरी मानव अधिकार, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा लैङ्गिक आधारभूत ज्ञान तालिम तथा नेपाली सेनाका अधिकृत स्तरका शिक्षार्थीहरू समावेश गरी जङ्गी अड्डा तहमा Advance Course on Law of Armed Conflict (LOAC) तालिम नियमित रूपमा सञ्चालन गर्दै आइरहेको छ। नेपाली सेनाका सम्पूर्ण फर्मेशन तथा युनिटहरूमा वितरीत मानव अधिकारसम्बन्धी निर्देशिका, हाते पुस्तिका, मानव अधिकार: जान्नै पर्ने कुरा, गर्न हुने (Do's) र गर्न नहुने (Don'ts) सम्बन्धी पुस्तक लगायत परिपत्र तथा निर्देशनहरूको माध्यमबाट समेत सकल दर्जालाई निरन्तर रूपमा सुसूचित गराइँदै आइरहेको छ।

२. सङ्क्रमणकालीन न्याय प्रक्रिया अन्तर्गत आफ्नो भूमिका/जिम्मेवारीहरू प्रति नेपाली सेना गम्भीर, उत्तरदायी र प्रतिबद्ध रहेको छ। श्री राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय एवम् प्रदेश कार्यालयहरूबाट प्राप्त सिफारिस तथा राय/प्रतिक्रियाहरूको न्यायोचित ढङ्गबाट कार्यान्वयन गरिरहेको र उक्त कार्यलाई निरन्तरता दिन नेपाली सेना सदैव कटिबद्ध रहेको छ। मानव अधिकार तथा मानवीय कानुनको सिद्धान्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा रहेको व्यवस्थाहरूको पूर्ण पालनाको लागि नेपाली सेनाले मानव अधिकारसँग सम्बद्ध आयोग, सरकारी तथा गैरसरकारी निकाय लगायत स्वदेशी तथा विदेशी मानव अधिकारवादी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ।

३. अन्त्यमा, मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका घटना लगायत लैङ्गिक हिंसा, यौनशोषण, यौनजन्य हिंसा तथा यौन दुर्व्यवहारसम्बन्धी विषयमा नेपाली

सेनाले अङ्गीकार गरेको शून्य सहनशीलताको नीतिलाई गम्भीरताका साथ अवलम्बन गर्दै नेपाली सेनाका सकल दर्जा आफ्नो नियमित एवम् अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यको जिम्मेवारी बहन गर्ने क्रममासमेत मानव अधिकारसम्बन्धी स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यताहरूको पालना, संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सदैव कटिबद्ध रहेको पुन: अवगत गराउन चाहन्छौँ।

**गौरब गुरुङ**
सहायकरथी
निर्देशक, श्री मानव अधिकार निर्देशनालय जङ्गी अड्डा

## नेपाल प्रहरी

वर्ष २०२५ को अवधिमा देशको मानव अधिकारको अवस्थालाई प्रकाश पार्दै मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले यस वर्ष पनि "मानव अधिकार वर्ष पुस्तक २०२६" प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ।

राज्यले मानव अधिकारका मूल्य मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकको रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यको कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनहरूद्वारा सुनिश्चित अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि कटिबद्ध छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुन बमोजिम प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकार संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाले आफ्नो मुख्य दायित्व र कर्तव्यका रूपमा ग्रहण गरेको जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ।

नागरिक अधिकारहरूको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीहरूमा मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न तथा प्रहरीबाट मानव अधिकार उल्लङ्घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी २०५९ माघ २ गते विशिष्टिकृत इकाइको रूपमा मानव अधिकार सेलको स्थापना गरिएको थियो र यो इकाइ समयक्रममा विकसित र परिमार्जित हुँदै हाल 'मानव अधिकार उल्लङ्घन अनुगमन इकाइ' को नामले क्रियाशील छ। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकार मैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरीले काठमाडौँ उपत्यका प्रहरी कार्यालय, सात ओटै प्रदेश प्रहरी कार्यालय, प्रत्येक जिल्ला प्रहरी कार्यालय र मातहत मुद्दा चल्ने सबै प्रहरी इकाइहरूमा मानव अधिकार सम्पर्क अधिकृतको व्यवस्था गरेर मानव अधिकारसम्बन्धी विभिन्न क्रियाकलाप तथा गतिविधिहरू सञ्चालन गर्दै आइहेको छ। नेपाल प्रहरीले मानव अधिकारलाई आफ्नो साङ्गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तितर्फ विगत एक वर्षमा सम्पादन गरेका कार्यहरू निम्न बमोजिम छन्।

### १. मानव अधिकार संरक्षणतर्फ

मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जाल मार्फत गुनासो गर्न सक्ने सेवा सुविधा तथा प्रावधान मिलाइएको सम्मानित अदालतबाट प्राप्त निर्देशन निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्य निरूपण तथ मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा मातहत सबै प्रहरी इकाइहरूलाई जानकारी दिने गरिएको।

कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना

भएको भनी उजुरी प्राप्त वा पत्रपत्रिका, अनलाइन मिडिया, इमेल तथा अन्य विविध श्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई कानुन बमोजिम विभागीय कारबाही गर्ने गरिएको छ। २०८१ पुस १६ गतेदेखि २०८२ पुस १६ गतेसम्ममा पाँच जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिएको साथै हालसम्म ८ सय ३७ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिसकिएको।

प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको।

प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अमानवीय व्यवहार र हिरासत कक्षको व्यवस्थापन जस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न इकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगतिको अनुशरणको अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको।

**२. मानव अधिकार संवर्द्धनतर्फ**

नेपाल प्रहरीमा मानव अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकार सम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको। वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी, सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरी कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हबल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको जसअनुसार २०८१ पुस १६ गते देखि २०८२ पुस १६ सम्ममा १ हजार २ सय ८३ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण दिइएको साथै हालसम्म ३२ हजार ३ सय ८२ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।

उपत्यकास्थित काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत, जिल्ला प्रहरी परिसर, प्रहरी वृत्त र प्रहरी प्रभाग, प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायत मातहत सबै प्रहरी कार्यालयहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्येक महिना पुनर्ताजगी स्वरूप एकदिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएको साथै २०८१ पुस १६ गते देखि २०८२ पुस १६ गतेसम्ममा ३१ हजार ५ सय ७ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।

नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहोस् भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत काठमाडौं उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम प्रत्येक महिना विभिन्न स्थानमा सञ्चालन गर्दै आएको २०८१ पुस १६ गतेदेखि २०८२ पुस १६ गते सम्ममा ३ सय १५ वटा कार्यक्रम सञ्चालन गरी १० हजार ८ सय २१ जना सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको साथै स्कुल तथा समुदाय सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतनाजस्ता कार्यक्रमहरू समेत सञ्चालन गरी जनचेतना प्रदान गरिएको।

**३. मानव अधिकार परिपूर्तितर्फ**

सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक अर्धन्यायिक निकायहरूबाट भएका निर्णय। फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गरिएको।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिन र वर्षहरूमा समेत अझ शसक्त र सक्रिय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनसँग सम्बद्ध कार्यहरूमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौं। साथै नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षा समेत गर्दछौं।

मानव अधिकारको संरक्षण र परिपूर्ति एवम् मानव अधिकार प्रवर्द्धन गर्ने कार्यमा अनौपचारिक क्षेत्र

सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

**श्यामसिंह चौधरी**
प्रहरी उपरीक्षक
नेपाल प्रहरी

## सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपाल मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको सम्मान, संरक्षण र संवर्द्धन गर्न एवम् अन्तर्राष्ट्रिय स्तरमा स्थापित मानव अधिकारका मूल्य मान्यता र सिद्धान्तहरूको उल्लङ्घन हुन नदिन सदैव प्रतिबद्ध रहेको छ। सोही उद्देश्य प्राप्तीका लागि सङ्गठनले मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सङ्गठनभित्र जुनसुकै सदस्यहरूबाट मानव अधिकार उल्लङ्घन भएमा त्यस्ता घटनाउपर तत्कालै छानविन गरी दोषी ठहरिएमा विभागीय कारबाही गर्दै आएको साथै मानव अधिकार संरक्षण र संवर्द्धनमा नेपाल सरकारद्वारा निर्दिष्ट कार्यादिशलाई अझ व्यावसायिक तथा विशिष्टिकृत तवरले सम्पादन गर्ने लक्ष्य अनुरूप सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, कानुन निर्देशनालय अन्तर्गत मानव अधिकार शाखा साथै क्षेत्रीयस्तरमा समेत मानव अधिकार सेल स्थापना गरी सो सम्बन्धी कार्यहरू सञ्चालन हुँदै आइरहेको छ।

नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्त्वपूर्ण एवं संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसार-पसार जस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्म निगरानी बढाइ पीडितहरूको उद्धार गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

सशस्त्र प्रहरी बल, नेपालमा सञ्चालन गरिने सबै आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकार तथा मानवीय कानुनसम्बन्धी कानुनी कक्षाहरू समावेश गरिनुका साथै संयुक्त राष्ट्रसङ्घमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरी कर्मचारीहरूले समेत मानव अधिकार संरक्षण र संवर्द्धनमा प्रतिबद्ध हुनु पर्छ भन्ने उद्देश्यले प्रशिक्षण प्रदान गरिँदै आइरहेको छ।

सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सम्पूर्ण दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, कानुन कार्यान्वयन गर्ने व्यक्तिको आचारसंहिता, कानुनी राज्य एवम् शक्ति प्रयोग जस्तो संवदेनशील विषय उपर आवश्यक ज्ञान दिलाउँदै आइरहेको र यो अवधिमा कानुन कार्यान्वयन, मानव अधिकार र लैङ्गिक अनुशिक्षण तालिम सञ्चालन गरि ३ सय १२ जना र दुईदिने अभिमुखिकरण तालिम सञ्चालन गरि २१ हजार १ सय १६ जना सकल दर्जाका सशस्त्र प्रहरी कर्माचारीहरूलाई प्रशिक्षित गरिएको साथै सङ्गठनले प्रशिक्षणलाई निरन्तरता दिने उद्देश्य राखी वार्षिक क्यालेण्डरमा मानव अधिकार अनुशिक्षण तालिमको व्यवस्था गरी सञ्चालन गर्दै आएको एवम् समय सापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमा समेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउँदै आएको छ।

सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तिकरण एवम् विकासका लागि अधिकार प्रदान गर्ने, अन्य सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत लैङ्गिक हिंसाबारे सचेतना दिलाउने उद्देश्यले नेपाल सरकारको लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले अक्षरश: पालना गर्ने नीति अनुरूप आन्तरिक रूपमा लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने अभिप्रायले लैङ्गिक हिंसा न्यूनीकरण गर्ने अभियानका रूपमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम केन्द्रीय एवम् क्षेत्रीयस्तरमा सञ्चालन गर्दै आइरहेको छ।

अन्तमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिक रूपमा प्रकाशन हुने “मानव अधिकार वर्ष पुस्तक २०२६” को सफलताको कामना गर्दै नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्त्वपूर्ण

योगदान पुऱ्याउनेछ भन्ने विश्वास दिलाउँदै आगामी दिनमा समेत मानव अधिकार संरक्षण र संवर्द्धनको निम्ति इन्सेक तथा अन्य सरोकावाला निकायसँग निरन्तर सहकार्य हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

**भुवन भण्डारी**
सशस्त्र प्रहरी नायव उपरीक्षक
शाखा प्रमुख, मानव अधिकार शाखा
सस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय

## नेपाल बार एशोसियशन

सन् २०२५ मा नेपालको मानव अधिकारको परिस्थिति नियाल्दा अरु देशहरू तथा बितेका वर्षहरू भन्दा केही फरक पाउछौँ। २०८२ साल भदौ २३ र २४ के के भयो कति विद्यार्थी, आन्दोलनकारी मारिए, कति सरकारी तथा निजी भवन जलाइए, तोडफोड गरिए भने विषय सबैलाई अवगत रहेको छ।

भदौ २३ गतेको आन्दोलन कसको निर्देशनमा कसले आन्दोलनकारीलाई गोली हानी मारियो भन्ने विषय निश्चित रूपमा मानव अधिकारको दृष्टिकोणमा गहन विषय हो र सोकै छानबिन गर्न सो आन्दोलनपछि बनेको सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको छ र सो आयोगले निकट भविष्यमा प्रतिवेदन सार्वजनिक गर्ने नै छ।

यद्यपि मानव अधिकारको परिस्थिति नियाल्ने हो भने भदौ २३ र २४ का घटना हुनुपूर्व नै तत्कालीन सरकारको केही कदमहरू समेतलाई हेर्नु पर्ने हुन्छ। जसमध्ये एक प्रमुख कदम सामाजिक सञ्जालमाथिको प्रतिबन्ध रहेको छ। तत्कालीन सरकारले फेसबुक, एक्स, व्हाटस्याप, लगायत सामाजिक सञ्जाल नियमन गर्ने उद्देश्यले नेपाल कानुन अन्तर्गत दर्ता गर्न निर्देशिका जारी गरेकोमा सोलाई अवज्ञा गरी दर्ता नगरेको अवस्था रहेको थियो। सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउनु सूचनाको हक बमोजिमको मानव अधिकारको उल्लङ्घनको रूपमा समेत हेर्न सकिन्छ। निश्चय पनि त्यस्तो अवस्थामा दर्ता नगरिएका फेसबुक लगायत सामाजिक सञ्जाल प्रतिबन्ध गरिएको, भ्रष्टाचार आदिको विरोधमा भदौ २३ गते युवाहरूले देशव्यापी प्रदर्शन गरेका थिए, जसमा १९ जनाको घटनास्थलमै गोली हानी हत्या गरियो। त्यस विडम्बनापूर्ण घटनाको साथै मानव अधिकारको दृष्टिकोणबाट हेर्दा मानवाधिकार तथा न्यायको संरक्षण गर्ने अङ्ग न्यायपालिका अन्तर्गत सर्वोच्च अदालत तथा अन्य कैयौं अदालत एवम् बार भवनमा २४ गते गरिएको आगजनीले समेत धेरै व्यक्तिहरूलाई न्याय पाउनबाट ढिलाइ तथा बञ्चित गरेको छ। सामाजिक सञ्जाल दर्ता नगरी सञ्चालन गर्न खोज्नु पनि बिडम्बना नै हो। ठूलो होस् वा सानो जुनसुकै देशको सार्वभौमिकताको सम्मान गर्नु सबैको कर्तव्य नै हो।

भदौ २३ र २४ तथा सोसँग जोडिएका विषय बाहेक अन्य केही मानव अधिकारका विषय समेत मनन योग्य रहेको छ। विस्तृत शान्ति सम्झौता पश्चात सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयको सम्बोधन गर्न संस्थागत गरिएका दुई आयोगमा यस वर्षसमेत पदाधिकारी परिवर्तन भयो, यद्यपि सो विषयहरू हालसम्म टुङ्गो लाग्न नसक्नु सुखद विषय होइन।

केही महिनाअघि इजरायल र प्यालेष्टाइन युद्धका क्रममा बेपत्ता रहेका एक नेपाली नागरिक बिपिन कार्कीको सन् २०२३ मा नै हत्या भइसकेको खबर प्राप्त गऱ्यौं र कार्कीको पार्थिव शरीरलाई नेपाल ल्याइयो। त्यसका साथै रुस युक्रेनको युद्धमा समेत कैयौं नेपालीहरू रुसको सैनिकमा भर्ती हुने र युद्धमा घाइते भएका तथा मारिएका छन्। साथै भारतको कश्मिरको पहलगाममा भएको आतङ्कवादी हमलामा समेत नेपालीको ज्यान गएको छ। विश्वको जुनसुकै स्थान वा देशमा युद्ध तथा आतङ्कवादी गतिविधि हुनु खेदपूर्ण हो, त्यसमा पनि नेपालको नेपालको कुनै प्रत्यक्ष वा परोक्ष स्वार्थ नरहेको अवस्थामा त्यस्ता घटनाबाट नेपालीको मृत्यु हुनु निकै वियोगपूर्ण हो। नेपाली नागरिकको विदेश बसाइको वास्तविक स्थिति थाहा नहुनु र सङ्कटमा पर्दा उद्धार नहुनु अप्रिय विषय हो।

मानव अधिकारसँग सम्बन्धित यस्तै घटनालाई सम्बोधन गर्ने प्रयोजनार्थ हरेक वर्ष जस्तै २०८२ मङ्सिर २४ गते जनकपुरधाममा यस वर्ष पनि नेपाल बार एशोसिएसनले राष्ट्रिय गोष्ठी आयोजना गऱ्यो र घोषणापत्र समेत सार्वजनिक गरेको छ। त्यस घोषणापत्रलाई कागजमा मात्र सीमित नराखी सो बमोजिम राज्यलाई जनता तथा मानवअधिकारप्रति अझ बढी उत्तरदायी बनाउन बार प्रतिबद्ध रहेको छ।

त्यसो भनिरहँदा गत वर्षका यी घटनाहरूबाट के निश्चित छ भने राज्यका संयन्त्र कमजोर भएका

छन् र नागरिकले समेत आफ्नो संविधान प्रदत्त कर्तव्य तथा दायित्व निष्ठापूर्वक निर्वाह नगरेको कारण भदौ २३ र २४ का घटना अधिक अराजक भएका थिए। यथार्थवादी चिन्तन अध्ययनबाट हेर्ने हो भने कसैको हक वा सम्पत्तिको उपभोगमा चाहे सरकारले अवरोध गरोस् वा अन्य निजी व्यक्तिले दुवै अवस्थामा एउटै तरिकाको पीडा हुन्छ। तसर्थ कानुनी शासनद्वारा व्यक्तिहरूको स्वतन्त्रता वा व्यक्तिको मानव अधिकार सुनिश्चित गरिनुमा राज्य वा सरकारको मात्र नभई अन्य नागरिकको समेत भूमिका हुन्छ। नागरिकले हकको उपभोग मात्र गर्ने, कुनै केही जिम्मेवारी वा नागरिकको कर्तव्यपालन नगर्ने हो भने राज्यले मात्र आफ्नो सीमामा रहेर मानव अधिकारको स्थायित्व हुन सक्दैन।

**वरिष्ठ अधिवक्ता प्रा. डा. विजयप्रसाद मिश्र**
अध्यक्ष, नेपाल बार एशोसिएशन

## नेपाल पत्रकार महासङ्घ

सन् २०२५ प्रेस स्वतन्त्रता हनन्का दृष्टिले दुःखद् वर्षका रूपमा रह्यो। नेपाल पत्रकार महासङ्घले गरेको अनुगमनमा सन् २०२५ मा प्रेस स्वतन्त्रता हनन्का १ सय ३९ घटना अभिलेख भएका छन्। जसबाट २ सय १८ जना पत्रकार तथा सञ्चारकर्मी र ३१ वटा सञ्चार गृह प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। गत वर्ष ६० र सन् २०२३ मा ५८ वटा प्रेस स्वतन्त्रता हनन्का घटना अभिलेख भएका थिए। सन् २०२४ को तथ्याङ्कसँग तुलना गर्दा सन् २०२५ मा करिब तेब्बरको हाराहारीमा हनन्का घटनामा वृद्धि भएको देखिन्छ।

यो वर्ष दुई जना पत्रकारको शङ्कास्पद मृत्यु हुन पुग्यो। सन् २०२५ मार्च २८ मा तीनकुनेमा भएको आन्दोलनको रिपोर्टिङका क्रममा एभिन्युजका पत्रकार सुरेश रजकको जलेर मृत्यु भयो। पत्रकार अजय गोर्खालीको मृत्यु र त्यसपछि सार्वजनिक भएका फोटो, भिडियो तथा प्रत्यक्षदर्शीको भनाइले उनको मृत्यु पनि रहस्यको घेराभित्र रहेको आशङ्का गर्न सकिने महासङ्घको चितवन शाखाले जनाएको छ।

यो वर्ष सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सङ्कुचन गर्ने गरी केही कानुनी प्रबन्ध गर्न खोज्यो भने केही कानुनले संविधान प्रदत्त सञ्चार माध्यम दर्ता र नवीकरणजस्ता हक केही अवधि निलम्बित भयो। सरकारले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ मा संशोधन गरी कठोर प्रावधान ल्यायो भने फेसबुकसहित नेपालमा चर्चित रहेका २६ ओटा सामाजिक सञ्जाल बन्द गर्ने अलोकतान्त्रिक निर्णय गर्‍यो।

भदौ २३ गते भएको जेन-जी आन्दोलनका क्रममा २६ ओटा प्रेस स्वतन्त्रता हनन्का घटना हुँदा एकसय भन्दा धेरै पत्रकार तथा सञ्चारगृह प्रत्यक्ष प्रभावित भए। जेन-जी आन्दोलन र २४ गतेको हिंसात्मक घटनामा सञ्चारगृहमा आगजनी, लुटपाट र तोडफोड भयो। उक्त घटनाबाट संस्थागततर्फ करिब ६० करोड रुपियाँ बराबरको क्षति भएको छ भने पत्रकार तथा सञ्चार उद्यमीको निजी सम्पत्तितर्फ १८ करोड रुपैयाँ बराबरको क्षति भएको छ। पाँच जना पत्रकार गोली लागेर घाइते भए। सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर पब्लिकेशन, अन्नपूर्ण पोस्ट, थाहा खबर, बुटवलस्थित रेडियो जागरण, इलाममा नेपालवाणी एफएम र इलाम एक्सप्रेस, चितवनमा विभिन्न सञ्चारगृह, सप्तरीमा महासंघ शाखा कार्यालयसहितका सञ्चारगृहमा आगजनी तथा लुटपाट गरियो।

महासङ्घको विमतिबीच सङ्घीय संसदमा विचाराधीन मिडिया काउन्सिल विधेयक, सामाजिक सञ्जाल सञ्चालन तथा नियमन विधेयक, सूचना प्रविधि ऐनलगायत विभिन्न सञ्चारसम्बन्धी विधेयक विभिन्न समितिहरूबाट अघि बढिरहेका बेलामा अकस्मात भएको जेन-जी विद्रोह र त्यसपछिको राजनीतिक परिवर्तनले संघीय संसद् नै विघट भयो। सरकारले ल्याएको छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावलीमा कतिपय प्रावधान प्रेस स्वतन्त्रतामा असर पार्ने खालका देखिएको छ।

समग्रमा यो वर्ष प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनामा अधिक वृद्धिका साथै विभिन्न आन्दोलन, कानुन र नीति सुधारमा निष्क्रियता, पत्रकारितामा लोकप्रियतावादी राजनीतिको बढ्दो प्रभाव, पत्रकारविरुद्धको अपराधसम्बन्धी दण्डहीनताप्रतिको उदासीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा झनझन गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षामा जोखिमलगायतका कारणले प्रेस स्वतन्त्रता

झनै चुनौतीपूर्ण बन्दै गएको महासङ्घको ठहर छ।

अत: सञ्चार क्षेत्रको आर्थिक सङ्कट र दिगोपन, पत्रकार पलायन, सामाजिक सञ्जालमा बढ्दो मिथ्या सूचनाको प्रतिरक्षा गर्नु महासङ्घका सामु चुनौती रहेका छन्। संविधान उल्लङ्घन तथा गैरसंसदीय सरकार गठन भएको यो बेला आगामी फागुन २१ गते का लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा भएको छ। महासङ्घ निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न होस् र मुलुक पुन: लोकतान्त्रिक मार्गमा अगाडि बढोस् भन्ने अपेक्षा राख्दछ। र निर्वाचनका क्रममा हुन सक्ने प्रेस स्वतन्त्रता हननप्रति सचेत रहन प्रेस जगत र सरोकारवालाहरूसँग आह्वान गर्दछ।

महासङ्घ प्रेस स्वतन्त्रता र पत्रकारको अधिकार संरक्षणका लागि पैरवी, खबरदारीका साथै आवश्यक पर्दा आन्दोलित हुन प्रतिबद्धता व्यक्त गर्दछ र सन् २०२६ को अवसरमा महासङ्घ परिवार आफ्ना सदस्यहरू, सम्पूर्ण पत्रकार एवम् सञ्चारकर्मी तथा नेपालीजनमा शुभकामना व्यक्त गर्दछ। आगामी वर्ष प्रेस स्वतन्त्रता हनन्का घटनामा उल्लेखनीय कमी आओस् भन्ने कामना गर्दछ।

**निर्मला शर्मा**
अध्यक्ष

# परिच्छेद १०

# क्रिया-प्रतिक्रिया

न्यायिक दृष्टिमा मानव अधिकारको संरक्षण केवल कानुनी दायित्व मात्र नभई न्याय वितरणको मूल मूल्य र मान्यता हो। विधिको शासन, न्यायमा पहुँच र समान अवसरको माध्यमबाट पीडित जो सुकैले न्याय पाउने वातावरण सिर्जना गर्नु सरोकारवाला सबैको साझा जिम्मेवारी हो। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ को प्रकाशनले मानव अधिकारसम्बन्धी विषयमा समाजका तह र तप्कामा चेतना फैलाउने मात्र नभई मानव अधिकारको गतिविधि, चुनौती र सुधारका उपायसम्बन्धमा सरोकारवाला निकायहरूलाई बढी उत्तरदायी भूमिका निर्वाह गर्नेछ।

**राजकुमार कोइराला,**
न्यायाधीश, जिल्ला अदालत, सङ्खुवासभा

अधिकार र कर्तव्य जहिले पनि परस्पर सम्बन्धित विषय हो। एकको अधिकार संरक्षण गर्न अर्कोले आफ्नो कर्तव्यको अनिवार्य पालना गर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा मानव अधिकारसँग सम्बद्ध संस्थाहरूले राज्यको तर्फबाट कानुनको परिपालनाका सिलसिलामा गरिएको क्रियाकलापलाई मानव अधिकार उल्लङ्घनको रङ दिने कार्यले मानव अधिकार पूर्ण पालना गराउन कठिनाइ हुने अवस्था छ। यसर्थ राज्य संयन्त्र र मानव अधिकार सम्बद्ध संस्थाहरू दुबैको तर्फबाट कानुनको परिपालना र कानुनी राज्य स्थापनामा एकमत भएमात्र वास्तविक रूपमा मानव अधिकारको संरक्षण हुन सक्दछ।

**सिर्जना थपलिया**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

मानव अधिकारको प्रवर्द्धन गर्ने सन्दर्भमा वर्ष पुस्तकमार्फत तथ्यगत प्रस्तुति हुँदै आएको छ। मानव अधिकारको संरक्षणका लागि जिम्मेवार सबै पक्षलाई थप प्रभावकारी रूपमा कार्यसम्पादन गर्न पुस्तक मार्फत पृष्ठपोषण प्राप्त हुने आशा लिएको छु।

**कुमारप्रसाद मैनाली**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा




मानव अधिकारको रक्षा र निगरानीका लागि इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको महत्त्वपूर्ण दस्तावेज हो। बदलिँदो मानव अधिकारका सवालसँगै साइबर क्राइमलगायतका मुद्दा किताबले समेटको छ। संविधानले प्रदान गरेका मौलिक अधिकारबाट वञ्चित भएकाहरूको विवरण राख्न मेरो सुझाव छ।

**सुमन शाक्य**
प्रमुख, जिल्ला समन्वय समिति, सङ्खुवासभा

मानव अधिकारको संरक्षण र संवर्द्धन गरी सामाजिक न्याय कायम गर्न इन्सेकको भूमिका अहम् रहेको परिप्रेक्षमा मानव अधिकार वर्ष पुस्तकको वार्षिक प्रकाशनले मानव अधिकारको क्षेत्रमा चेतनशील समाज निर्माण गर्न सहयोग पुऱ्याएको छ। सामाजिक सेवा प्रवाहलाई अझै गुणस्तरीय बनाउने सामग्री सहित वर्ष पुस्तकको निरन्तर कामना गर्दछु।

**चन्द्रकुमार पोखरेल**
न्यायाधीश, जिल्ला अदालत सोलुखुम्बु

३३ वर्षदेखि प्रकाशित हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक शक्तिशाली उपकरण हो र यसले मानव अधिकारको अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। सम्बन्धित निकायलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कदम चाल्न मार्ग प्रशस्त गरेको छ।

**लिलाकुमारी के.सी पाण्डे**
प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु

मानव अधिकारको अनुगमन, अभिलेख तथा वकालत गर्ने काम वर्ष पुस्तकले गरेको छ। इन्सेकको वर्ष पुस्तकको चित्रण र वकालतबाट मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न गराउन राज्यलाई थप मद्दत पुगेको छ। उन्नत प्रविधि एवम् सामाजिक सञ्जाल लगायतका कारण पीडितहरूमाथि जोखिम बढ्दो छ। यसतर्फ इन्सेकले थप वकालत गर्ने अपेक्षा गरेको छु।

**मनोजित कुँवर**
प्रहरी नायव उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको तथ्याङ्कसहित व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले गरेका कार्यहरूको विश्लेषण मलाई पठनीय लाग्छ। किताबले राज्यका निकायलाई मानव अधिकारका सवालहरूमा के-के भयो र आगामी दिनमा के-के हुनुपर्छ भन्ने मार्गनिर्देश पनि गरेको छ।

**मेखबहादुर मङ्ग्राती**
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

मानव अधिकारको रक्षा हामी सबैको साझा दायित्व हो। विकासक्रमसँगै पछिल्ला दिनहरूमा मानव अधिकारका सवालमा नयाँ आयाम र चुनौतीहरू थपिएका छन्। समाजमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका स्वरूप फेरिएका छन्। मानव अधिकारका सवालमा पैरवी गर्ने जिम्मा नै पत्रकार, इन्सेक, अदालत र प्रहरीको मात्र भएको समाजको बुझाइ छ। मानव अधिकारको रक्षाका विषयमा चासो सबैलाई छ, तर चिन्ता धेरैलाई छैन। इन्सेकले मानव अधिकारका सवालमा सरोकारवालाबिच चलाउने गरेको छलफलले समाजमा सकारात्मक र सुधारात्मक प्रयासहरू भएका छन्।

**पूर्णप्रसाद न्यौपाने**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, ओखलढुङ्गा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ अध्ययनको अवसर पाएँ। सूचना सङ्कलनको स्रोत एउटै व्यक्ति वा माध्यममा मात्र भर नपरी धेरै स्रोतहरूबाट जुटाएर प्रशोधन गरे मानव अधिकार र उल्लङ्घनमा ज्यादतीमा सूचनामा विविधता हुनेछ। इन्सेकले त्यसतर्फ कदम चालोस्।

**विष्णुप्रसाद पाण्डे**,
रजिष्ट्रार,उच्च अदालत विराटनगर, अस्थायी इजलास, ओखलढुङ्गा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यलाई खबरदारी गर्ने काम इन्सेकले गरेको छ। यस विषयमा इन्सेक धन्यवादको पात्र हो। सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार समेटिएको वर्ष पुस्तक एउटा नेपालको मानव अधिकारी अवस्थाको इतिहास बनेको छ।

**सनबहादुर राई**
प्रमुख, जिल्ला समन्वय समिति, खोटाङ

इन्सेकले सबै मानव अधिकारका घटना एउटै ठाउँमा अध्यावधिक गरेर वर्ष पुस्तकमा राखेका हुनाले सबैको पहुँचमा सूचना पुग्न सहयोग पुगेको छ। निरन्तर प्रकाशनको शुभकामना।

**हरिबोल आचार्य**
अध्यक्ष, पत्रकार महासङ्घ, खोटाङ

मानव अधिकार केवल राज्यसँग मात्र सम्बन्धित छैन। मानव अधिकार वकालतका लागि व्यक्ति-व्यक्ति, परिवार, समाज, राष्ट्र र सिङ्गो विश्व एकाकार हुन जरूरी छ। बेरोजगारी, लागुऔषध, पारिवारिक बेमेल, वैदेशिक रोजगारीका कारण सिर्जित सामाजिक समस्या, जातीय विभेद आदि मानव अधिकार उल्लङ्घनका महत्वूर्ण विषय हुन्। इन्सेकले वर्ष पुस्तकमार्फत त्यस्ता विषय अभिलेखिकरण गरेको छ। बालविवाह, बालश्रम शोषण, सम्बन्ध विच्छेदजस्ता विषय वर्ष पुस्तकले अझ मिहिन ढङ्गले केलाउनु जरूरी छ।

**बिमल सापकोटा, अध्यक्ष**
नेकपा एमाले, पाँचथर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्था झल्काएको छ। यसले मानव

अधिकारको संरक्षणका लागि राज्यलाई जिम्मेवार बनाउन सहयोग पुऱ्याएको महसुस गरेको छु।

देश काल परिस्थिति अनुसार मानव अधिकारको वकालत गर्ने विषयहरू पनि परिवर्तनशील छन्। समाजमा पछि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदायलाई मानव अधिकारको प्रत्याभूति गराउन सक्नु वर्तमान अवस्थामा समेत चुनौतीका रूपमा देखिन्छ। इन्सेकको मात्र नभएर मुलुककै मानव अधिकार इतिहासका रूपमा प्रकाशन हुँदै आएको मानव अधिकार वर्ष पुस्तकको सफलता र निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

**रामराज आङदेम्बे**
प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर

नेपाल मानव अधिकार वर्ष पुस्तकको म नियमित पाठक हुँ। वर्ष पुस्तकमा समेटिएका मानव अधिकार उल्लङ्घनका विषयमा मेरो फरक मत छ। मानवअधिकार उल्लङ्घन भनेर कुनै दुई पक्षको द्वन्द्वका विषयवस्तु, बलात्कार, यौन दुर्व्यवहारका विषय किताबमा राखिएका हुन्छन्। यी विषयहरू मानव अधिकार उल्लङ्घन भन्दा पनि फौजदारी कसुरका विषय हुनजस्तो मलाई लाग्छ। फौजदारी कसुरका विषयलाई मानव अधिकार हनन् भन्नु उचित नहोला।

**गौरव ढुङ्गेल, प्रशासक**
जिल्ला कारागार कार्यालय, मोरङ

मोरङ कारागारका कैदीबन्दी र आधारभूत मानव अधिकारका विषय नजिकबाट नियालेको छु। कारागारका समस्याका बारेमा इन्सेकले सार्वजनिक मुद्दा दायर गरेको मलाई थाहा छ। वर्ष पुस्तकले उठान गर्ने कारागारको विषय निकै संवदेशनील छ।

**सुशीला पाठक**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मोरङ शाखा

मैले वर्ष पुस्तक पढ्ने गरेको छु। यसमा जे कुरा उठान भएको र अभिलेखहरू छन् सबै तथ्यमा आधारित रहेको छ। वर्ष पुस्तक मैले विगत लामो समयदेखि अध्ययन गर्दै आएको आधारमा यसले विश्वमा नेपालको अवस्था चित्रण गरेको समेत पाएको छु।

**केदार भण्डारी**
सभापति, नेपाली कांग्रेस सुनसरी एवम्
नगर प्रमुख, इनरुवा नगरपालिका

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकमा समेटिएको विषयले मानवअधिकारको अवस्था विश्लेषण गरेको छ। कारागारभित्र हुने आपराधिक घटनाको रोकथामका लागि इन्सेकले नियमित अनुगमन गर्दै आएकोप्रति आभार व्यक्त गर्दछौं। कैदीबन्दीहरूको अवस्था, उनीहरूप्रति राज्यले गरी रहेको व्यवहारका बारेमा राज्यपक्षलाई घचघच्याइरहेको छ। कागारगारको व्यवस्थापन, भौतिक संरचना सुधारका लागि सम्बन्धित निकायले ध्यान दिनु पर्छ।

**सुशील कर्ण**
निमित्त कार्यालय प्रमुख, सप्तरी कारागार कार्यालय,
राजविराज

दलित अधिकारको संरक्षण,जातीय विभेदका घटनाको दस्तावेजीकरण र पीडितको न्याँयमा पहुँचजस्ता विषयमा इन्सेकले पैरवी गर्दै सहयोग गर्ने गरेको छ। अगामी दिनमा मानव अधिकारका मूल्य मान्यतालाई आत्मसात गरी क्रियाशील रहने अपेक्षा राखेको छु।

**अधिवक्ता राजेश पासवान**
अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ,
सप्तरी

राज्य र नागरिकमाबिच मानवअधिकारको सम्बन्ध कायम गराउने निकायका रूपमा यस संस्थाले विगत लामो समयदेखि अहम् भूमिका खेल्दै आएको छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धनका साथै अनुगमन गरी मानवमाथि हुने अमानवीय व्यवहार, हिंसा, यातना, विभेद, मानव अधिकार हननका साथै गैरन्यायिक हत्याजस्ता विषय पनि मानव अधिकार वर्ष पुस्तकले खबरदारी गरिरहेको छ। न्यायका लागि वकालत एवं पैरवीजस्ता कार्यमा इन्सेकको पहलकदमीले पीडितको हौसला बढाउने गरेको देखिन्छ। सरोकारवालालाई दायित्वबोध र जिम्मेबार बन्न वर्ष पुस्तकले मद्दत गरेको छ।

**हेरम्ब शर्मा**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,महोत्तरी

मानव अधिकार कसैले दया, माया र कृपा गरी दिने अधिकार होइन। यो अधिकार मानव धर्तीमा अस्तित्व भएदेखि नै प्राप्त गर्ने जन्मसिद्ध, नैसर्गिक, सर्वमान्य, अविभाज्य, अहरणीय, अपरिहार्य, प्राकृतिक एवम् आधारभूत अधिकार हो। जसलाई सामाजिक

न्याय, मानवीय सुरक्षा र स्वतन्त्रताको आधार स्तम्भको रूपमा लिने गरिएको छ। इन्सेकले यिनै अधिकारको परिधिभित्र रहेको मानव अधिकारको संरक्षण र सर्म्बद्धनमा सहयोगी भूमिका निर्वाह गरेको छ।

**सञ्जयकुमार पोखरेल**
सहायक प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, महोत्तरी

पीडितलाई न्यायिक प्रक्रियामा इन्सेकले पहल गरिरहेको छ। साथै जुनसुकै बेला पनि सहयोग सहजीकरण गर्न तत्पर रही मानव अधिकारको उल्लङ्घनका घटनामा इन्सेकले गम्भीरतापूर्वक अनुगमन गरिरहेको कामले इन्सेकप्रति आमनागरिकको विश्वसनियता बढेको देखिन्छ। मानव अधिकार उल्लङ्घन, ज्यादती , विभेद, बलात्कार , महिला हिंसा तथा हत्या जस्ता घटनाहरू दिनानुदिन बढिरहेको छ। जिल्लामा इन्सेकको क्रियाशीलताले पीडितहरूलाई सहज रूपमा न्याय प्राप्तीमा पहल भएको हुँदा जिल्ला प्रशासन कार्यालयले पनि इन्सेकसँग समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता गर्दछ।

**रामुराज कडरिया**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सर्लाही

मानव अधिकारको बारेमा व्यापक रूपमा उत्प्रेरित गर्न मानव अधिकार वर्ष पुस्तकले योगदान गरेको हुँदा यो सराहनीय कार्य रहेको छ। इन्सेकले जिल्लामा मानव अधिकार सम्बन्धी वर्षौ देखि घटना सङ्कलन गरी अभिलेखिकरण गर्दै आएको छ। हिंसा प्रभावितहरूलाई इन्सेकले सहायता गरी रहेकोले पीडितमा न्याय पाउने आश जाग्ने गरेको देखिन्छ। स्थानीय तहहरूमा मानव अधिकारको बारेमा सचेतनामूलक कार्यक्रमहरू इन्सेकले सञ्चालन गर्न सकेको अवस्थामा नागरिकहरूमा चेतनाको विकास हुनेछ। मानव अधिकारको वारेमा जनचेतना फैलिएको खण्डमा मानव अधिकारको उल्लङ्घका घटनाको स्तर कम हुनेछ।

**योगेन्द्रकुमार खड्का**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सर्लाही

मानव अधिकार लोकतन्त्रको आधार स्तम्भ हो। यस्तो गहन विषयमा अध्ययन, खोज तथा अनुसन्धान गरी इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। वर्ष पुस्तकले मानव अधिकारको सवालप्रति सबैको ध्यानाकर्षणका निम्ति एउटा सबल माध्यम बनेको देखिन्छ। मानव अधिकार उल्लङ्घन घटनाको तथ्यहरू सशक्त ढङ्गले उठान गर्न र कार्यान्वयनको अवस्थाको लेखाजोखा मार्फत सरोकारवाला सबै पक्षलाई आ-आफ्नो भूमिका निर्वाहका लागि झकझक्याउन सफल बनोस्।

**दिनेश सागर भुसाल**
प्रमुख जिल्ला अधिकारी, रौतहट

मानव अधिकारको क्षेत्रमा निरन्तर अध्ययन अनुसन्धान, खोज र खबरदारी गर्ने प्रयोजनका लागि मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्नु मानव अधिकारको रक्षाका लागि अत्यन्त सरहानीय छ। विशेषत: हिंसा पीडितरूलाई कानुनी प्रक्रियामा जानका लागि इन्सेकको सहजीकरण आर्थिक सहयोगले केही राहत पुगेको अनुभूति महसुस भएको छ। पैरवीमुखी र समन्वयात्मक भूमिकाको कारण इन्सेकप्रति आम नागरिकको विश्वसनीयता कायम रहेको छ।

**दीपिका ओझा**
शाखा प्रमुख, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, जिल्ला प्रहरी कार्यालय, रौतहट

नेपालको मानव अधिकारको संरक्षण र संवर्द्धनमा मात्र नभई मानव अधिकारको समग्र अवस्था जनसमुदाय समक्ष पुऱ्याउन, आमनागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति जागरुक बनाउन र त्यस्ता घटनाहरूको दस्तावेजीकरण गर्ने कार्यमा इन्सेकको भूमिका निकै प्रशंसनीय रहेको छ। इन्सेकले धेरैजसो यौनजन्य हिंसाका घटनाहरूमा तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारका मुद्दाहरूमा जोड दिइ दस्तावेजीकरण गरेको भए तापनि मानव अधिकार उल्लङ्घनका सबै घटनाहरू समेट्ने प्रयास गरेको छ।

**अप्सरा बस्नेत**
मुख्य न्यायाधिवक्ता, बागमती प्रदेश

मानव अधिकारको पर्यायवाची संस्था इन्सेकले तीन दशकदेखि हरेक वर्ष नेपाल मानव अधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको कुरा निकै सराहनीय कार्य हो। मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशन गर्नुले राज्यलाई जवाफदेही बनाउन मद्दत गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका कुराहरूको

आधारमा समेटिएको यस पुस्तक सङ्ग्रहणीय छ। निष्पक्षपूर्वक मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा कटिबद्ध भएर निरन्तर लागेकोमा इन्सेकलाई धन्यवाद तथा शुभकामना दिन चाहन्छु।

**अशोककुमार घिमिरे**
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ ले मुलुकको मानव अधिकार अवस्थालाई दर्शाएको छ। पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू वर्षेनी इन्सेकले जनतामाझ ल्याउन गरेको छ। जुन सरहानीय र स्वागतयोग्य कार्य हो। नियमित रूपमा वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने अनुसन्धान गर्नेलाई पनि महत्त्वपूर्ण दस्तावेज सावित भएको छ।

**न्हिमाटासी तामाङ**
कोषाध्यक्ष, सामुदायिक वन उपभोक्ता महासङ्घ, रसुवा

इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यसले राज्यलाई जवाफदेही बनाउन मद्दत गरेको छ।

यसमा समेटिएका घटनाहरू तथ्यपरक ढंगबाट विश्लेषण भएको पाइयो। मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका कुराहरूको आधारमा समेटिएको यो पुस्तक संग्रहणीय तथा अति उपयोगी पुस्तक हो।

**कैसाङ नुर्पु तामाङ**
अध्यक्ष, गोसाईंकुण्ड गाउँपालिका, रसुवा

नेपालमा मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनामा न्यून गर्न उल्लेख्यय भूमिका खेल्न सकेको छ।

**बाबुलाल तामाङ**
अध्यक्ष, रसुवा नागरिक समाज तथा, नेपाल रेडक्रस सोसाइटी रसुवा, सभापति

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ ले मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे धेरै सूचना दिएको छ। यो निकै राम्रो दस्तावेज हो। यसले जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको योजना बनाउन मद्दत गर्दछ।

मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्द्धन गर्न यस वर्ष पुस्तकले महत्वपूर्ण भुमिका खेल्नेछ। समयानुकूल परिस्कृत गर्दै पुस्तकको निरन्तरताको कामना गर्दछु।

**अर्जुन पौडेल**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रसुवा

नेपाल मानवअधिकार वर्ष पुस्तक २०२५ प्राप्त गरी अध्ययन गरेँ। पुस्तकले आमनागरिकलाई मानव अधिकारको सूचना दिने निकै राम्रो काम गरेको छ। वर्ष पुस्तकले निरन्तरता पाओस्।

**ज्ञानेन्द्रनाथ न्यौपाने**
जेष्ठ पत्रकार तथा अध्यक्ष मानवअधिकार संरक्षण मञ्च, रसुवा

नेपालमा मानवअधिकारको पर्यायवाची नाम इन्सेकले गरेको निकै स्वागत योग्य छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत सबै मानव अधिकार उल्लङ्घनका घटनाहरू जनतामाझ ल्याएको छ । पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्ने छन्। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा सङ्ग्रहित छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घनका घटनामा न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना दिन चाहन्छु।

अझै तथ्यपरक घटनाहरू महिला हिंसा तथा बाल अधिकारका घटनाहरू जुन घटनाको प्रहरीमा जाहेरी नपर्ने र राज्यको जानकारीमा आएका छैनन् त्यस्ता घटनाहरू पनि कुनै तरहले प्रकाशन गरी बाहिर ल्याउनुपर्ने देखिन्छ।

**विश्वास नेपाली**
कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग बनाएको छ।

पुस्तक मार्फत सबै मानव अधिकार उल्लङ्घनका घटनाहरू वर्षेनी इन्सेकले जनतामाझ ल्याउन गरेको सराहनीय र स्वागतयोग्य काम हो। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना छ। विभिन्न घटनाका पीडकहरू र राज्यलाई अझै जवाफदेही बनाउन गाउँ-गाउँमा मानव अधिकार शिक्षा सचेतना कार्यक्रम हुन आवश्यक छ। नियमित रूपमा वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने अनुसन्धान गर्नेलाई पनि महत्वपूर्ण दस्तावेज सावित भएको छ। यस्तो महत्वपूर्ण कार्यले निरन्तरता पाउनु निकै सान्दर्भिक कार्य रहेको छ।

**दीपक लामा**

अध्यक्ष, एकोराब बागमती प्रदेश तथा
अध्यक्ष, रेडियो रसुवा, रसुवा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग छ। पुस्तक मार्फत मानव अधिकार उल्लङ्घनका घटनाहरू इन्सेकले जनतामाझ ल्याउन गरेको सराहनीय र स्वागतयोग्य काम हो। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ।

मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो लाग्छ। यो पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना छ।

**प्रवेश परियार**

दलित अधिकारकर्मी तथा मानव अधिकार सञ्जाल, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ अध्ययन गरें। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित पुस्तकले मुलुकको मानव अधिकार अवस्था छर्लङ्ग पारेको छ। वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने, अनुसन्धान गर्नेलाई महत्त्वपूर्ण दस्तावेज सावित भएको छ।

**गायत्री लामिछाने**

कोषाध्यक्ष, गैसस महासङ्घ, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका सन्धि सम्झौता र नेपालको मौलिक हक अनुसार नागरिकले आफ्नो हक अधिकारको प्रत्याभूति गर्न पाउनुपर्ने विषयमा वकालत गरिरहेको छ। सबै नागरिकले सामाजिक, सांस्कृतिक र वातावरणीय न्याय पाउनु पर्ने र सरकारले पूरा गर्नका लागि लाग्नुपर्ने विषय मानव अधिकार वर्ष पुस्तकले उठाओस्।

**कुलमान विश्वकर्मा**

उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

मानव अधिकार संरक्षणका लागि सरकारले स्थापना गरेका संरचनाहरू प्रयोग भए नभएकोमा इन्सेकले खबरदारी गर्दै नागरिकलाई ती संरचनाहरू प्रयोग गर्ने शिक्षा दिनुपर्छ।

**विजयराज सुवेदी**

प्रमुख जिल्ला अधिकारी, धादिङ

महिलामाथि हुने कुनै पनि हिंसा र यौनजन्य घटनामा प्रहरीले शून्य सहनशीलताको आधारमा काम गर्ने छ। इन्सेकले मानव अधिकार वर्ष पुस्तकमा प्रकाशनका लागि आएका मानव अधिकार विरोधी घटनालाई जस्ताको त्यस्तै उल्लेख गरेर मानव अधिकार संरक्षणका लागि राज्यलाई खबरदारी गरोस्।

**सुमित खड्का**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानवअधिकार वर्ष पुस्तकको निरन्तर प्रकाशनले मानव अधिकार संरक्षण र मानव अधिकार रक्षाका लागि नागरिक र राज्य दुबैलाई खबरदारी गरेको छ। महिलामाथि हुने हिंसा तथा यौनजन्य हिंसामात्र होइन आर्थिक सामाजिक र साँस्कृतिक अधिकारलाई समेत वर्ष पुस्तकमा विस्तृत रूपमा समेटिनु पऱ्यो। निरन्तर प्रकाशनको शुभकामना।

**तोलाकुमारी पाठक**

गैरसरकारी संस्था महासङ्घ, धादिङ

नागरिकको आधारभूत अधिकार नै मानव अधिकार भएकाले पूरा गर्नका लागि नागरिकलाई सशक्तिकरण गर्दै अघि बढ्नु पर्नेछ। बालबालिका, लिङ्गीय, जातीय, अपाङ्गता भएका तथा जेष्ठ नागरिकको अधिकारका लागि सामूहिक रूपमा काम गरेर मानव अधिकार प्रत्याभूति गर्न इन्सेकको मानव अधिकार वर्ष पुस्तकले योगदान गरोस्।

**दीपक विश्वकर्मा**

उपप्रमुख, नीलकण्ठ नगरपालिका, धादिङ

मानव अधिकार नागरिकको अधिकार हो। नागरिक अधिकारका लागि इन्सेकले १९९२ देखि निरन्तर प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक आधारभूत तहका नागरिकको मानव अधिकारबारे मानव अधिकारका कुरा उठाइरहेको छ। वर्ष पुस्तकले अझ सशक्त रूपमा मानव अधिकार आवाज उठाइरहन सकोस् शुभकामना।

**गायत्री खतिवडा**
महिला मानव अधिकार रक्षक, धादिङ

सन् १९९२ देखि निरन्तर रूपमा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक नियमित प्रकाशित भएकोमा निकै खुशी लाग्छ। यसले नेपालको मानव अधिकारको अवस्थालाई जस्ताको तस्तै देखाएको छ । न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको अतिरिक्त हरेक वर्षका मानव अधिकार उल्लङ्घनका सवालमा यसले गहिरो अध्ययन र विश्लेषण गर्दै आएको छ। सबै अपराध मानव अधिकार उल्लङ्घन होइन भन्ने विषयलाई यसले तथ्यगत रूपमा उजागर गरेको छ। हरेक जिल्लाको अतिरिक्त यसले हरेक पालिकागत विश्लेषणलाई उजागर गर्न सकेमा अझै राम्रो हुने थियो।

**विमला सापकोटा दाहाल**
उपप्रमुख, बनेपा नगरपालिका

नेपाल मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष प्रकाशन हुँदै आएकोमा खुशी लागेको छ। वर्ष पुस्तकले नेपालको मानव अधिकार अवस्थालाई झल्काएको छ। जिल्लागत तथ्य तथ्याङ्कलाई अन्तर्राष्ट्रिय संयन्त्रका आधारमा प्रस्तुत गर्ने काम निकै उत्कृष्ट हो। यसले अन्तर्राष्ट्रिय सन्धिजनित निकायमा मानव अधिकार उल्लङ्घनको अवस्थालाई अध्ययन गर्न र यससम्बन्धी अध्ययन गर्न चाहने विद्यार्थीका लागि निकै उपयोगी दस्तावेजका रूपमा रहेको छ। मानव अधिकार सम्मान, संरक्षण र परिपालनाका लागि राज्यको दायित्व सम्झाउन यो पुस्तक सहयोगी देखिन्छ।

**विनोद न्यौपाने**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ काभ्रे शाखा

इन्सेकद्वारा प्रकाशित हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाको यथार्थ चित्रण हो। यो पुस्तक र इन्सेकले नेपालको मानव अधिकारका क्षेत्रमा प्रभावकारी योगदान गरेको छ। यो नेपालको मानव अधिकारको अवस्था झल्काउने महत्वपूर्ण दस्तावेज हो। मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्र र त्यसको कार्यान्वयनको अवस्थाका साथै मानव अधिकार उल्लङ्घनका विषयवस्तुलाई यस पुस्तकले समेटेको पाइन्छ।

**पुरुषोत्तम अगस्ती**
असइ, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा
जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक

इन्सेकले सन् १९९२ देखि प्रकाशित गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गरिएका सामग्री तीनै तहका सरकारको संवैधानिक अङ्ग अनुरूप कार्यपालिका न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारका विषयमा गरेका कार्य समेटिएको छ। नेपाली जनतालाई सुशासन कानुन र विधिको शासन नागरिकले प्राप्त गर्ने सेवा मानव अधिकारसँग जोडिएका छन्। मानव अधिकारको संरक्षण संवर्द्धन, परिपालन एवम् सांस्कृतिक विकासको जिम्मेवारी वहन गर्न स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका मानव अधिकारसम्बन्धी प्रतिबद्धता कार्यान्वयन गर्न वर्ष पुस्तकले जोड दिएको छ।

**मातृका भट्टराई 'बसन्त'**
सदस्य, प्रदेश सभा बागमती प्रदेश

नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका विषयवस्तुले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि नियमित अनुगमन र अभिलेख गरेको छ। वर्ष पुस्तकले मानव अधिकारको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग जोडिएका विषयलाई प्राथमिकतामा राखेको पाइएको छ। मानव अधिकार अवस्थाका बारेमा विश्लेषण गर्दै जनताको माझमा सूचना सम्प्रेषण गरेको छ। मानव अधिकार वर्ष पुस्तक सन् २०२६ ले देशको सङ्कट अवस्थाको बारेमा विश्लेषण गरोस्।

**कारसाङ लामा**
प्रमुख जिल्ला समन्वय समिति, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले आमनागरिकमा मानव अधिकार सचेतनाको चेतना प्रवाह गरेको छ। नेपाली जनता, मानव अधिकार रक्षकको प्रयत्नले राज्यका समस्त निकायलाई अझ बढी जवाफदेही बनाउँदै लैजाने उद्देश्य रहेको छ। नागरिक, राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार समेतलाई इन्सेकले विश्लेषण गरेको छ।

**उपेन्द्रकुमार पोखरल**
नगर प्रमुख
कमलामाई नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाको विश्लेषण गरेको छ। पुस्तकले राज्यका तीनैओटा अङ्ग तथा राजनीतिक दलहरूलाई जिम्मेवार र जवाफदेही बनाउन सहयोग प्रदान गर्दै आएको छ। नेपाली समाजमा रहेका सबै खाले विभेद र असमानताको अन्त्य गर्दै सामाजिक न्यायसहितको मानव अधिकार प्रत्याभूतिका लागि निरन्तर रूपमा वर्ष पुस्तकमा उल्लेख हुने गरेको छ।

**चन्द्रकिशोर थारु**
कार्यवाहक नगर प्रमुख
दुधौली नगरपालिका कार्यालय, सिन्धुली।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरेपछि संविधानमा त्यस्ता अधिकारका मूलभूत विषय समेटिएका छन्। हामीले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिका लागि जुट्नुपर्ने अवस्था आएको छ। शान्ति प्रक्रियाका काम र सङ्क्रमणकाल न्यायसम्बन्धी कानुनी व्यवस्थालाई मजबुत बनाउन र शान्ति प्रक्रियाको कामलाई टुङ्गोमा पुऱ्याउन इन्सेकले खेलेको भूमिका महत्वपूर्ण छ।

**कर्णबहादुर मगर**
अध्यक्ष , तीनपाटन गाउँपालिका लाम्पानटार, सिन्धुली

घरपरिवार र समाजबाट हुने महिला हिंसा र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू वृद्धि भएको वर्ष पुस्तकमा समावेश तथ्याङ्क अध्ययन गर्दा प्रष्ट भएको छ। महिला तथा बालबालिकामाथि हिंसाका घटना बढेर गएको छ। मानव अधिकार उल्लङ्घनका घटनाको न्यूनीकरणका लागि सबैले कार्य गर्नु पर्छ।

**पार्वती सुनुवार**
अध्यक्ष, फिक्कल गाउँपालिका कार्यालय
खाङसाङ, सिन्धुली

इन्सेकले सन् १९९२ देखि नेपालको मानव अधिकार अवस्थाकाबारे समग्र तथ्याङ्क विश्लेषण गरि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको छ। यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक २०२६ प्रकाशनको अन्तिम तयारीमा जुटेको थाहा पाउँदा हाम्रो गाउँपालिकालाई खुशी लागेको छ। इन्सेकले आफ्नो विश्वसनीयता र सन्तुलनलाई कायम राख्दै मानव अधिकार उल्लङ्घन गर्ने जो कोही प्रति पनि खबरदारी गर्नेछ भन्ने शुभेक्षा व्यक्त गर्दछौँ।

**दिपा बोहोरा (दाहाल)**
अध्यक्ष, सुनकोशी गाउँपालिका कार्यालय
रामटार, सिन्धुली

देशमा सुशासन, सामाजिक न्याय विधिको शासनमा मुलुकलाई हिँडाउने र मानव अधिकारका विषयमा सबैको सम्मान दृष्टिकोण हुन जरुरी छ। नेपालको संविधानले प्रदान गरेको मौलिक हकहरूको कार्यान्वयनका लागि सामाजिक आर्थिक शासन कायम गरी समाजवादको आधार तयार गर्न सकिन्छ भन्ने कुरामा प्रष्ट भएको छौँ। कतिपय कानुनहरुमा मानव अधिकार क्षेत्रले पनि साझा दुष्टिकोण निर्माण गर्न इन्सेक संस्थाले आफ्नो पहलकदमी बढाउनु पर्ने देखिन्छ। मानव अधिकार उल्लङ्घन भएपछिको तथ्याङ्क विश्लेषण भन्दा उल्लङ्घन हुन नदिन हामी सबैको प्रयत्न जरुरी छ।

**विमर्श मोक्तान**
अध्यक्ष, मरिण गाउँपालिका,
सिन्धुली

इन्सेकले सरकारका काम कारबाही का साथसाथै मानव अधिकार उल्लङ्घन घटनाका विषयमा प्रष्टसँग बोल्न सक्नु पर्दछ। इन्सेक संस्थाले यो भूमिका र दायित्व दुवै पुरा गर्न सक्षम छ भन्ने हामीलाई खुसी लागेको छ। मानव अधिकार र उल्लङ्घनको विरुद्धमा बोल्ने व्यक्ति नै मानव अधिकार रक्षक हुन सक्छ त्यसैले घटनाको सङ्कलन वा विश्लेषण मात्र होइन संविधानको कार्यान्वयनमा राज्यलाई समेत खबरदारी गर्नेपर्ने कुरामा मानव अधिकार वर्ष पुस्तकले जोड दिन सक्नु पर्छ।

**बज्रध्वज वाइवा**
अध्यक्ष
हरिहरपुरगढी गाउँपालिका
झनझने,सिन्धुली

मानव अधिकार लोकतन्त्रमा सभ्य राष्ट्र र समाजको प्रतिबिम्ब हुन्छ। कानुनी शासन कार्यान्वयन गर्ने निकाय र नागरिक दुवै कानुनी र अचरणमा बाँधिएका हुन्छन्। त्यस नै उत्कृष्ट लोकतन्त्र र मानव

अधिकार सम्मान रहेको वर्ष पुस्तकमा प्रष्ट पारेको छ। तर संविधानमा रहेको मौलिक हकको कानुन नबनाइ कार्यान्वयन हुन नसक्ने खालका विषय छन्। आधारभूत राजनीतिक स्वतन्त्रताको साथ साथै शिक्षा स्वास्थ्य र रोजगारी सीमान्तकृत समुदायको अधिकार राज्यशक्ति र स्रोतमा पहुँचको हक हरेक स्थानमा समनताको आधारमा समानुपातिक ढङ्गले समावेश हुने हक नै मानव अधिकार हो। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि झकझक्याएको छ।

**शङ्करराम बराल**
अध्यक्ष, गोलञ्जोर गाउँपालिका, ग्वालटार
सिन्धुली

मानव अधिकारको संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। हत्या हिंसा, बलात्कार भेदभाव तथा जातीय विभेद लगायत मानव अधिकार उल्लङ्घनका घटना सञ्चार माध्यममा प्रसारण र प्रकाशन भइरहेका छन्। राज्य र अन्य पक्षबाट पनि उल्लङ्घनका घटना भएको पाइन्छ। इन्सेकले आफ्नो स्थापना कालदेखि न मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राज्य तथा सम्बन्धित निकायलाई इमान्दारी र दृढताका साथ सहयोग गर्दै आइरहेको छ।

**जगतबहादुर भोलन**
अध्यक्ष, घ्याङलेख गाउँपालिका, बस्तीपुर
सिन्धुली

१२. मानव अधिकार वर्ष पुस्तकमा द्वन्द्व पीडितको परिपूरणको अधिकार सुनिश्चित गर्नुपर्ने विषय उल्लेख छ। मानव अधिकारका मूल्य मान्यता र स्थापित सिद्धान्तलाई नेपालको संविधानमा मौलिक हकका रूपमा समावेश गरी नागरिकको अधिकार राज्यले सुनिश्चितता गर्नुपर्ने देखिन्छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल हुन सक्छ।

**मोहनबहादुर थापा**
अध्यक्ष, नेपाल बार एशोसियसन, सिन्धुली

मानव अधिकारको क्षेत्रमा इन्सेकले योगदान गरेको छ। सधैँ झैँ यस वर्ष पनि इन्सेकले प्रकाशन गर्न लागेको मानव अधिकार वर्ष पुस्तक २०२६ ले नेपालको मानव अधिकार अवस्थाको यथार्थ परक मार्गचित्र प्रस्तुत गर्न र त्यसमार्फत नेपालमा मानव अधिकार संस्कृतिको अभिवृद्धि गर्न सफलता मिलोस् भन्ने विश्वासका साथ मानव अधिकार वर्ष पुस्तक प्रकाशनको शुभकामना व्यक्त गर्दछु।

**रुद्रबहादुर खड्का**
प्रधान सम्पादक
स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेक जस्ता मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाले राज्यलाई मानव अधिकार कार्यान्वयनका लागि समय समयमा खबरदारी गरिरहनु पर्छ। सबैले कानुनको पालना र सम्मान गर्ने हो भने मानव अधिकारको संरक्षण हुन्छ। विगतमा मानव अधिकारको विषय राजनीतिक तथा नागरिक अधिकारसँग बढी सम्बन्धित भएकोमा हाल आएर आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा शिक्षा, स्वास्थ्य र खाद्य अधिकार तथा समृद्धिको विषयसँग जोडिएको छ। मानव अधिकार वर्ष पुस्तकले संविधानमा उल्लेख भएको मानव अधिकारका विषयलाई तीन तहका सरकारले कार्यान्वयन गरे नगरेको विषयमा खबरदारी गर्नुपर्छ।

**लक्ष्मीभक्त खनाल**
जिल्ला सचिव, नेपाली कांग्रेस, तनहुँ

मानव अधिकारको विषयलाई मानव अधिकार वर्ष पुस्तकले राम्रोसँग उठान गरेको छ। अहिले मानव अधिकार उल्लङ्घनको घटना सार्वजनिक गर्दा भविष्यमा त्यस्ता घटना कम हुन सक्छ। इन्सेकको प्रतिवेदनले जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा प्रष्ट हुने र मानव अधिकारको विषय विश्वव्यापी र सबैको लागि भएको हुँदा राज्यले यसमा विभेद गर्नु हुँदैन। मानव अधिकार हनन्का घटना निरूत्साहित गर्न पार्टीको तर्फबाट सक्दो पहल गर्छौं।

**प्रदिपराज अधिकारी**
जिल्ला सचिव नेकपा एमाले, तनहुँ

मानव अधिकारको संरक्षण र सम्वर्द्धनको जिम्मेबारी राज्यको भएकाले राज्यले आफ्नो जिम्मेवारी पूरा गरेको छ की छैन भन्ने बारेमा मानव अधिकार वर्ष पुस्तकमा खबरदारीसहित उल्लेख गरिनुपर्छ।

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था देखाउने हुँदा उक्त पुस्तकको निकै महत्त्व छ।

**विश्व बास्तोला**
सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी, तनहुँ

इन्सेकले नियमित रूपमा प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाको बारेमा सबैलाई जानकारी दिन्छ। यो पुस्तक विशेषगरी कानुन व्यवसायीलाई झन् महत्वपूर्ण छ। पुस्तकमा अदालतमा विचाराधीन मुद्दाहरूको बारेमा पनि उल्लेख गरिएको पाइन्छ। अदालतमा विचाराधीन मुद्दाको विषय मानव अधिकार वर्ष पुस्तकमा राख्नु हुँदैन। यसले मुद्दालाई नै प्रभावित पार्न सक्छ। साथै शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषय र नागरिकका कतर्व्यको बारेमा पनि मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्न सके अझ राम्रो हुने थियो।

**सरिता थापा भण्डारी**
अध्यक्ष, नेपाल बार एशोसियशन तनहुँ जिल्ला अदालत इकाइ

मानव अधिकार संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले विगत ३३ वर्षदेखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको निरन्तर अभिलेखकरण गर्ने कार्यको म प्रशंसा गर्दछु।

वर्ष पुस्तकमा प्रदेश र जिल्लागत रूपमा नै मानव अधिकारका विषयगत घटनाहरूको अभिलेखिकरण हुनुले नेपालको मानव अधिकार अभियानको महत्वपूर्ण दस्तावेजको रूपमा स्थापित भएको छ।

वर्ष पुस्तक मार्फत राज्यका निकाय र अधिकारीहरूका अतिरिक्त मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न सङ्घ संस्था, अनुसन्धानकर्ता, विद्यार्थीका अलवा मानव अधिकारमा चासो राख्ने जो कोहीका लागि भरपर्दो सामग्री हुने गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रकाशनको निरन्तरताको शुभकामना व्यक्त गर्दछु।

**नीतु गर्तौला**
प्रमुख, मानव अधिकार अधिकार आयोग, गण्डकी प्रदेश

मानव अधिकारको संवर्द्धनका लागि राज्यले अझै चासो दिनुपर्ने देखिएको छ। राज्यका न्यायिक तथा अर्धन्यायिक निकायमा पनि विभिन्न घटनाका पीडितहरूले अझै पनि सहज रूपमा सेवा लिन सकेका छैनन्। मानव अधिकारका विषयलाई मसिनो गरी नियालेर मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

**माधव बराल**
अध्यक्ष, पत्रकार महासङ्घ, कास्कीका

शान्ति सुरक्षाको अवस्था क्रमशः सुधार हुँदै गएको छ। सबै सरकारी कार्यालयबाट सेवा प्रवाह पुनः सुरु भइसकेको छ र देश निर्वाचनमय बन्दै गइरहेको अवस्थामा शान्तिपूर्ण तथा सुरक्षित निर्वाचन गराउने तयारी भइरहेको छ। आन्दोलनका क्रममा भागेका कैदीबन्दी र हराएका हातहतियारको खोजी कार्य भइरहेको छ। मानव अधिकार वर्ष पुस्तकमा शान्ति सुरक्षा र अपराधका विषयसँगै गरिबी, जलवायु परिवर्तन, मौलिक हक र रोजगारीका अवस्था गहिरो तरिकाले अनुसन्धान गरेर पस्कनुपर्छ भन्ने लाग्छ। साथै स्थानीय तहका न्यायिक निकायका गतिविधिलाई गहिरो अध्ययनसहित प्रस्तुत गर्न सके प्रकाशन अझ प्रभावकारी हुन्छ।

**रुद्रादेवी शर्मा**
प्रमुख जिल्ला अधिकारी, कास्की

गत भदौ २३ र २४ गतेको आन्दोलनपछि शान्ति सुरक्षाको अवस्था स्वाभाविक रूपमा फरक बनेको छ। लुटिएका हातहतियार र भागेका कैदीबन्दीका कारण चुनौतीहरू अझै कायम छन्। यससँगै मान्छेमा कानुन पालना गर्नुपर्छ भन्ने भावना कमजोर हुँदै गएको देखिन्छ र व्यवहारमा कानुनको पालना कम भएको जस्तो लाग्छ। यस्तो अवस्थामा सबै पक्ष अझ बढी सचेत र जिम्मेवार हुन आवश्यक छ। यी विषयहरूलाई आगामी इन्सेकको प्रकाशनमा समेटेर नागरिकलाई थप सचेत र सजग बनाउनुपर्ने आवश्यकता देखिन्छ। त्यसमा सत्यतथ्य घटनालाई वास्तविक पीडितको पहिचानसहित उजागर गरी न्यायका लागि सहजीकरण गर्दै आएको इन्सेकको भूमिका सराहनीय रहेको छ।

**नवीन कार्की**
एसपी, जिल्ला प्रहरी कार्यालय, कास्की

वर्षभर भएका मानव अधिकार उल्लङ्घन र

ज्यादतीका घटना उजागर गरी आगामी दिनमा यस प्रकारका घटना दोहोरिन नदिन नेपाल मानवअधिकार वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। सरोकारवाला निकायसँग घनिभुत छलफल गरी यथार्थपरक घटना र असल अभ्यास समेत गर्नसके नेपाल मानवअधिकार वर्ष पुस्तकको महत्त्व बढ्ने छ।

**जनार्दन गौतम**

प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेख मात्र नभई सरोकारवाला निकायलाई जिम्मेवार र सचेत बनाउने महत्वपूर्ण काम गरेको छ। घटनाको विवरणसँगै त्यसको कारण, दोषी पहिचान तथा पीडितको न्यायिक अनुभूति लगायतको अवस्थाबारे निरन्तर अनुगमन र विश्लेषण प्रभावकारी रूपमा समेटिन आवश्यक देखिन्छ। निष्पक्ष र तथ्यपरक रूपमा प्रस्तुत गरिएका यस्ता प्रतिवेदनले मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिएको छु।

**सन्तोष आचार्य**

एसपी, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्नका घटनाहरूको दस्तावेजीकरण गरी मानव अधिकार उल्लङ्घनका घटनाका दोषीलाई कारबाही तथा पीडितलाई मानव अधिकारको प्रत्याभूति गराउन यसको महत्वपूर्ण भूमिका रहेको छ। नागरिक तथा राजनीतिक अधिकारलाई मात्र मानव अधिकार मानिने गरेकोमा पछिल्लो समय आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार पनि मानव अधिकार हो भन्ने कुरामा सचेतना बृद्धि हुँदै गएको छ। वर्ष पुस्तकको निरन्तरताका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकलाई धन्यवाद।

**सन्तोष आचार्य**

सहसचिव, प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

मानव अधिकारको विषय सुशासनसँग जोडिन्छ। प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन मार्फत मात्र हामीले सुशासनतर्फको असल नतिजा निकाल्न सक्छौँ। यस्तो नतिजा सामूहिक प्रयत्न र कार्य सम्पादनको परिणाम हो। जुन मानवअधिकार र विकासका क्षेत्रमा क्रियाशील सबै व्यक्ति तथा निकायहरुको साझा जिम्मेवारीमा पर्दछ। तसर्थ मानवअधिकारको रक्षा तथा प्रवर्द्धनमा हामी सबै एकजुट भई कार्य गरौँ।

**माधवप्रसाद पोखरेल**

प्रमुख जिल्ला अधिकारी,रुपन्देही

मानव अधिकार क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान तथा सो सम्बन्धमा प्रदेश र जिल्लागत तथ्याङ्क समेत समावेश गरी इन्सेकले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकारको विषयमा अध्ययन गर्न चाहने व्यक्तिहरूका लागि यो पुस्तक स्रोतका रूपमा प्रयोग गर्न र धेरै जानकारी प्राप्त गर्न सक्छन्। यसका अलावा यसले मानव अधिकारको संरक्षण,संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने देखिन्छ।

**उमाकान्त चपाई**

प्रमुख, जिल्ला समन्वय समिति,रुपन्देही

नेपाल मानव अधिकार वर्ष पुस्तिक नेपालको मानव अधिकारको अवस्थाको वास्तविक ऐना हो। यसले देशभरिका घटनाहरूलाई तथ्यपरक रूपमा प्रस्तुत गर्दै आएको छ। इन्सेकको यो प्रयासले मानव अधिकारको संरक्षण र प्रवर्धनमा मात्र नभई, लोकतान्त्रिक मूल्य र मान्यतालाई सुदृढ पार्न समेत टेवा पुऱ्याएको छ। आगामी दिनमा पनि यस पुस्तकले निष्पक्ष र विश्वसनीय दस्ताबेजीकरणको आफ्नो साखलाई कायम राख्दै न्यायपूर्ण समाज निर्माणमा मार्गदर्शन गरिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**जनकबहादुर शाही**

एसपी, जिल्ला प्रहरी कार्यालय रुपन्देही

मानव अधिकार वर्ष पुस्तक संग्रहणीय छ। नेपालको मानव अधिकारको अवस्थाको लामो इतिहासको फेहरिस्त यो वर्ष पुस्तकमा रहेको छ। घटना प्रधानभन्दा आर्थिक, सामाजिक अधिकारका विषयमा जोड दिएर पुस्तक प्रकाशन गर्नुपर्दछ।

**कमला बराल**

अधिकारकर्मी, गुल्मी

कुनै पनि देश वा समाजमा मानव अधिकारको

अवस्थाले समग्र देश तथा सामाजिक व्यवस्थामा न्याय समानता, लोकतन्त्र र मानव मर्यादाको स्तरलाई प्रतिबिम्बित गर्दछ। यसै सन्दर्भमा प्रत्येक वर्ष अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँगै महत्त्वपूर्ण जानकारी उपलब्ध गराउँछ। यसले मानव अधिकारका संरक्षणमा राज्यसंयन्त्र तथा नागरिक समाज लगायतका सरोकारवालाको जिम्मेवारी र भूमिका बोध गराउँदै मानव अधिकारको संरक्षण र सचेतनामा महत्वपूर्ण योगदान पुऱ्याएको छ। नागरिकलाई व्यक्तिगत जीवन, स्वतन्त्रता, समानता र मर्यादामा रहेर बाँच्न पाउने अधिकार छ। तर व्यवहारमा त्यस्तो हुन सकेको छैन। नागरिक अधिकारका पक्षमा निरन्तर पैरवी गर्ने औजारका रूपमा यस वर्ष पुस्तकलाई लिएको छु।

**डा. सूर्यप्रसाद पौडेल**
जिल्ला न्यायाधिवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची

नेपाल मानव अधिकार वर्ष पुस्तक मानवका नैसर्गिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, घोषणा र अनुमोदन कार्यान्वयनको अवस्था निगरानी गर्ने दस्तावेजको रूपमा रहेको छ। साथै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई नागरिक समक्ष सचेत र सतर्कता गराउन संविधानको प्रदत्त मौलिक हकको प्रतिनिधिमूलक भूमिकामा अझ फराकिलो ढङ्गले उजागर गर्दै जानेछ भन्ने विश्वास लिएको छु।

**झबिलाल भट्टराई**
सहायक जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

हरेक व्यक्तिले जन्मसिद्ध प्राप्त गर्ने मानव अधिकारलाई प्रत्याभूत गर्ने दायित्व राज्यको हो। त्यसमध्ये न्यायमा सहज पहुँच स्थापनाको लागि प्रहरीको भूमिकामा इन्सेकजस्ता मानव अधिकारको क्षेत्रमा कार्यरत क्रियाशील सङ्घ संस्थाहरूसँग हातेमालो गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु।

**दिवशबहादुर जिसी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको एक दस्तावेज हो। यो पुस्तकले पीडितको घाउमा मलम लगाउन र पीडकलाई कानुनको कठघरामा उभ्याउन सफल भएको महसुस गरेको छु। साथमा पुस्तक प्रकाशन पूर्व गरिने पूर्व समीक्षाले छुटेका घटना समेट्ने र कमी कमजोरी सच्याउन सहयोग पुऱ्याएको छ।

**भगौतीप्रसाद यादव (रुदल)**
प्रमुख, जिल्ला समन्वय समिति नवलपरासी पश्चिम

इन्सेकले १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै पीडितलाई न्याय दिलाउन र पीडकलाई कानुनी दायरामा ल्याउनका लागि गरेको भूमिका प्रशंसायोग्य छ। यसलाई समय अनुकूल परिस्कृत गर्दै अधिकारको सचेतनाका लागि दूर दराजका बस्ती र पछाडि पारिएका समुदायसम्म पुऱ्याउन सके यसको गरिमा बढ्ने कुरामा म विश्वस्त छु।

**रामकृष्ण पौडेल नेपाल**
नेपाल बार एशोसियसन, नवलपरासी पश्चिम

नागरिकलाई व्यक्तिगत जीवन, स्वतन्त्रता, समानता र मर्यादामा रहेर बाँच्न पाउने अधिकार छ। तर व्यवहारमा त्यस्तो हुन सकेको छैन। नागरिक अधिकारका पक्षमा निरन्तर पैरवी गर्ने औजारका रूपमा यस वर्ष पुस्तकलाई लिएको छु। यतिमात्रै होइन देशका कुन ठाउँमा के कस्ता घटनाहरू भए त्यसलाई उजागर गर्ने वर्ष पुस्तक निरन्तर आइरहोस्।

**थम्मन चौधरी**
सभापति, नेपाल रेडक्रस सोसाइटी घोराही उपशाखा, दाङ

नेपाल मानवअधिकार वर्ष पुस्तक निरन्तर पढिरहेको छु। यसमा राखिएका सामग्रीहरू समय सान्दर्भिक छन्। अझै परिस्कृत गर्न जरुरी छ। पछिल्लो समय डिजिटल हिंसाका घटना बढेको र त्यसले मानव अधिकारमा पार्ने असरलाई पनि कुनै न कुनै ढङ्गले समेटेर सत्य उजागर गरोस् भन्ने अपेक्षा सहित निरन्तरताको कामना गर्दछु।

**सरस्वती सुवेदी**
अधिकारकर्मी, दाङ

इन्सेकले मानव अधिकार उल्लङ्घन घटनाको सङ्कलन र अभिलेखीकरण गरी मानव अधिकार उल्लङ्घनका घटनाको रोकथाम तथा न्यूनीकरणका लागि महत्वपूर्ण भूमिका खेल्दै आएको छ। इन्सेकले

प्रकाशन गर्ने पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाका साथै नागरिकका कर्तव्य र नागरिक शिक्षा समेत समावेश गरी अझ प्रभावकारी बनाउन सकिने देखिन्छ।

**दीपक पातली**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाँके

बालसुधार गृहमा रहेका बालबालिकाको मानव अधिकार सुनिश्चता गर्न राज्य पक्ष त जिम्मेवार हुनुपर्छ नै यसका लागि गृहमा बस्ने बालबालिकाले स्वयम् पनि आफ्नो जिम्मेवारी र कर्तव्य बिर्सन हुँदैन। आफ्नो अधिकारका लागि अर्काको अधिकार पनि हनन् हुनुहुँदैन भन्ने कुरा मनन गर्नुपर्छ। कसैको पनि मानव अधिकार हनन् हुन नदिन राज्य पक्ष जुनसुकै बेला पनि सचेत नै छ। प्रत्येक व्यक्तिलाई मर्यादित, स्वतन्त्र र न्यायपूर्ण जीवन जिउने वातारवरण सुनिश्चित गर्नु पर्दछ।

**श्यामबहादुर राना**

प्रमुख, बाल सुधार गृह नौबस्ता, बाँके

नेपाल मानव अधिकार वर्ष पुस्तक इन्सेकले विगतदेखि निरन्तर रूपमा प्रकाशन गर्दै आएको एक महत्वपूर्ण दस्तावेज हो। यस पुस्तकले देशभर मानव अधिकारको पालनाको अवस्था, मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्क जिल्लागत रूपमा सङ्कलन र प्रकाशन गर्दै आएको छ, जुन अत्यन्तै सराहनीय कार्य हो। मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि यस्ता प्रकाशनहरूले राज्य संयन्त्र, नागरिक समाज तथा आमनागरिकलाई सचेत र जिम्मेवार बनाउँदै आएको छ।

मानव अधिकार तोकतान्त्रिक शासन प्रणालीको आधार स्तम्भ हो। नागरिकका मौलिक अधिकारहरूको सम्मान, संरक्षण र सुनिश्चितता राज्यको प्रमुख दायित्व हो। यस सन्दर्भमा नेपाल मानव अधिकार वर्ष पुस्तकले तथ्यमा आधारित विश्लेषण प्रस्तुत गर्दै सरोकारवाला निकायलाई आत्ममूल्याङ्कन गर्न तथा सुधारका लागि आवश्यक कदम चाल्न प्रेरित गर्दै आएको छ। यसले मानव अधिकार शिक्षाको चेतना फैलाउनुका साथै नीति निर्माण तथा कार्यान्वयनमा सकारात्मक दबाब सिर्जना गरेको छ।

बर्दिया जिल्लाको सन्दर्भमा पनि मानव अधिकारको अवस्था, चुनौती तथा सुधारका पक्षहरूलाई समेटेर प्रस्तुत गरिएका तथ्यहरूले स्थानीय प्रशासनलाई अझ संवेदनशील, उत्तरदायी र पारदर्शी बन्न सहयोग पुऱ्याएको छ। जिल्लामा शान्ति, सुशासन र सामाजिक न्याय कायम गर्न मानव अधिकारको सम्मान अपरिहार्य छ भन्ने तथ्यलाई यो पुस्तकले निरन्तर उजागर गर्दै आएको छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धन राज्य एक्लैले सम्भव हुने विषय पनि होइन। यसका लागि नागरिक समाज, सञ्चार माध्यम, मानव अधिकारकर्मी तथा आम नागरिकबीच सहकार्यको आवश्यक छ। इन्सेकले गर्दै आएको निरन्तर प्रयास यस दिशामा महत्वपूर्ण योगदान हो। अन्त्यमा, नेपाल नानव अधिकार वर्ष पुस्तकको निरन्तरता, निष्पक्षता र विश्वसनीयताका लागि इन्सेक परिवारलाई हार्दिक बधाई तथा सफलताको कामना व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि मानव अधिकारको संरक्षण र सुदृढ लोकतन्त्रको निर्माणमा यस पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

**गोगनबहादुर हमाल**

प्रमुख जिल्ला अधिकारी, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको यथार्थ चित्रण गर्दै मानव अधिकार संरक्षण र प्रर्वधनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। विधिको शासन कायम राख्न राज्य संयन्त्रलाई सचेत गराउनुका साथै संवैधानिक तथा मौलिक हकको कार्यान्वयनमा देखिएका कमीकमजोरी उजागर गर्नका लागि सराहनीय र भूमिका खेलेको छ। संविधान प्रदत्त मौलिक हकहरू व्यवहारमा कति लागु भएका छन् भन्ने कुराको समेत चित्रण गरेको छ।

**कमल घले,**

स्रेस्तेदार, बर्दिया जिल्ला अदालत

इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेका कार्यहरूका बारेमा उल्लेख्य कार्य गरेको छ। समाचार प्रकाशन र अभिलेखिकरण गर्ने समेत भएकाले तल्लो तहसम्म पुगेर सत्य, तथ्य र विश्वसनीयता स्थापित गरोस्, न्यायबाट बिमुख नागरिक न्यायको पहुँचमा पुग्न सकोस् त्यस कार्यमा इन्सेकको भूमिका महत्त्वपूर्ण र प्रभावकारी बनोस् शुभकामना छ।

**जुनु ढकाल (हमाल)**

प्रमुख जिल्ला अधिकारी, डोल्पा

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव

अधिकार वर्ष पुस्तकमा मानव अधिकार हनन्का घटनादेखि महिला हिंसाका घटनाहरू समेटेको देखिन्छ। तर, वर्ष पुस्तक र अनलाइनमा सीमित घटनाहरू मात्रै केन्द्रित रहेर प्रकाशन गरेको देखिन्छ। यद्यपि इन्सेकले गरेको काम प्रभावकारी छ। अझै लेनदेनदेखि कुटपिट र आत्महत्या जस्ता घटना पनि समावेश गर्न सके झन् प्रभावकारी र ओजिलो बन्थ्यो कि।

**रुकबहादुर खड्का**
डिएसपी,जिल्ला प्रहरी कार्यालय, डोल्पा

इन्सेकले मानवअधिकार क्षेत्रमा राम्रो काम गर्दै आएको छ। इन्सेकले प्रकाशन गर्ने घटनाहरू र अदालतबाट सम्पादित घटनामा तालमेल नमिलेको देखिन्छ। अदालती सूचना प्रवाह प्रक्रियागत झन्झटले पनि हुनसक्छ या त अदालतसँगको इन्सेक प्रतिनिधिको सम्बन्ध समन्वय भूमिका कमजोर भएर पनि हुन सक्छ त्यसमा ध्यान पुग्न जरुरी छ। इन्सेकले राजनीतिक घटनालाई प्राथमिकता तर अन्यलाई कम प्राथमिकता दिएको देखिन्छ। अधिकार हनन् त सबै क्षेत्र वर्ग समुदायमा भइरहेकै हुन्छ यो वा त्यो रूपमा एक पक्ष पीडक अर्को पीडित भएकै हुन्छ र अधिकार हनन् भएकै हुन्छ। तसर्थ हरेक विषयवस्तुको मानवअधिकारसँग जोडेर समाचार प्रकाशन गरेमा अझ इन्सेकको उचाइ बढ्ने देखिन्छ। अन्तमा इन्सेकले गरिरहेको काम राम्रो विश्वसनीय छ नै आगामी दिनमा अझ निखारपन आउने अपेक्षा सहित शुभकामना।

**चन्द्रदेव भारती**
जिल्ला न्यायाधीश, डोल्पा जिल्ला अदालत

नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका घटनालाई अभिलेख गरेर राज्यका निकायलाई आफ्नो दायित्वप्रति सचेत गराउने काम गर्दै आएको छ। मानव अधिकारको सम्मान र संरक्षण राज्यको अनिवार्य जिम्मेवारी हो भन्ने सन्देश यस पुस्तकमार्फत स्पष्ट रूपमा प्रवाह भएको छ। यसले प्रशासन, सुरक्षा निकाय तथा सरोकारवालाबीच समन्वय र सुधारका लागि सकारात्मक दबाब सिर्जना गरेको छ।

**खडानन्द खत्री**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मुगु

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुगु जिल्लाको मानव अधिकार अवस्थालाई वस्तुगत रूपमा प्रस्तुत गरेको छ। दुर्गम क्षेत्रसम्म पुगेर सङ्कलन गरिएका तथ्यले यस पुस्तकको महत्व बढाएको छ। यसले पीडितका गुनासालाई सार्वजनिक गर्नुका साथै कानुन कार्यान्वयन गर्ने निकायलाई थप जिम्मेवार बनाउने आधार तयार गरेको देखिन्छ। आगामी दिनमा यसलाई अझ प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्य आवश्यक छ

**रबिराज थपलिया**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, मुगु

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुगु जिल्लाको मानव अधिकार अवस्थालाई स्पष्ट रूपमा चित्रण गरेकाले सञ्चारकर्मी र नागरिक समाजका लागि यो भरपर्दो सन्दर्भ सामग्री बनेको छ। यसले मानव अधिकार उल्लङ्घनका घटनामा वकालत, पैरवी र जनचेतना अभिवृद्धिमा सहयोग पुऱ्याएको छ। सत्य र तथ्यमा आधारित सामग्री प्रकाशनलाई निरन्तरता दिन सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक देखिन्छ।

**अच्युतराज भण्डारी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मुगु

इन्सेकले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताको लागि सूचना सङ्कलन, निगरानी एवम् खबरदारीको कार्य गर्दै आएको छ। सन् २०२५ मा बलात्कार, बलात्कार प्रयास, महिला तथा घरेलु हिंसा लगायतका मानव अधिकार विरुद्धका घटनाहरू यस जिल्लामा १७ ओटा भएको पाइयो। यस प्रकृतिका घटना न्यूनीकरणको लागि सङ्घ, प्रदेश एवम् स्थानीय तहका सरकारका कार्यालयहरूले प्रयास पनि गरी आएका छन्। आगामी दिनहरूमा सरकार, निजी क्षेत्र एवम् नागरिक समाजको सामूहिक प्रयत्नबाट नागरिक एवम् प्रत्येक व्यक्तिको सम्मान रूपमा बाँच्न पाउने अधिकारको सुदृढीकरण गरिने प्रतिवद्धता व्यक्त गर्दै वर्ष पुस्तक प्रकाशन सफलताको कामना व्यक्त गर्दछु।

**टेककुमार रेग्मी**
प्रमुख जिल्ला अधिकारी, हुम्ला

नेपालको संविधानले व्यवस्था गरे अनुसार

आफ्नो हक अधिकार प्राप्त गर्ने क्रममा भए गरेका घटना क्रमलाई संश्लेषित रूपमा उठान गरी मानव अधिकारको सुनिश्चित गर्न वर्ष पुस्तकमा समावेश भएका घटना विवरण हामी र हाम्रो समाजको चेतनाको स्तर मापनको रूपमा इतिहासको पानामा दर्ज हुनेछन्।

**विजय भण्डारी**
अध्यक्ष, सिमकोट गाउँपालिका, हुम्ला

इन्सेकले निष्पक्ष रूपमा मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको छ। पहुँचविहीन वर्गका लागि अझ सक्रिय भएर काम गरिरहेको छ। जुम्लामा महिला हिंसाका घटना बढी हुने गरेका छन्। महिलालाई दोस्रो दर्जाका रूपमा हेरिनु हुँदैन। मानव अधिकारका दृष्टिले सबै नागरिक समान हुन्।

**कल्पना नेपाल, आचार्य,**
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग शाखा कार्यालय, जुम्ला

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लाका कुना कन्दरामा रहेका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गरिरहेकाले त्यस्ता घटना न्यूनीकरण गर्न मद्धत पुगिरहेको छ। मानव अधिकारको सम्मान गर्ने,संरक्षण गर्ने र परिपूर्ति गर्ने मूल दायित्व राज्यको रहेको कुरामा वर्ष पुस्तकले राज्यका निकाय तथा सरोकारवालाई कर्तव्य पालन गर्न झकझक्याउने काम गरिरहेको छ।

**गोकर्णराज सुयल,**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय,कालीकोट

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको समग्र मानव अधिकारको अवस्थालाई प्रतिनिधित्व गर्ने भएकाले यसको विश्वासनीयता बढाउन जिल्लामा रहेर काम गर्ने इन्सेक प्रतिनिधिले थप मिहिनेत गर्नुपर्ने देखिन्छ। मानव अधिकारका विषयमा चासो राख्ने व्यक्ति र निकायका लागि महत्वपूर्ण सन्दर्भ सामग्री भएको छ। यस पुस्तकले पीडित समुदायको प्रमाण र राज्यका निकायलाई जवाफदेही बनाएको छ।

**हेमबहादुर खत्री**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, कालीकोट

नेपाल मानव अधिकार वर्ष पुस्तकमा जिल्लाको मानव अधिकारको अवस्था प्रस्ट देखिने भएकाले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा वकालत र पैरवी गर्न सहज भएको छ। साथै कानुन कार्यान्वयन गर्ने निकायहरूलाई समेत जिम्मेवार बनाउन भूमिका खेलिरहेको छ। यस पुस्तकलाई आगामी दिनहरूमा थप सत्य, तथ्य र विश्वसनीय बनाउन स्थानीय सरकार, नागरिक समाज, अधिकार्कीहरूसँग सहकार्य र समन्वय बढाउनु पर्ने देखिन्छ।

**दिलिपकुमार शाही**
अध्यक्ष, गैर सरकारी संस्था महासङ्घ, कालीकोट

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारको पालनाको अवस्था, मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको जिल्लागत तथ्य तथ्याङ्कहरू समेटिएको देखिन्छ। यसले मानव अधिकार शिक्षाको सचेतना फैलाउने तथा राज्यलाई जिम्मेवार बोध गराउने गरेको छ। सङ्कलित घटनाहरूको तथ्यमा त्यति समस्या छैन तर कुनाकन्दराका सबै घटनाहरू समेट्न नचुकोस्।

**प्रेमबहादुर थापा**
अध्यक्ष, बार एशोसियसन, दैलेख

नेपाल मानव अधिकार वर्ष पुस्तकले नागरिकहरूको मानव अधिकार सम्वर्द्धनमा सहयोग पुऱ्याउँदै आएको छ। ज्यादतीका घटना सार्वजनिक हुँदा दण्डहीनता अन्त्य गर्न ठूलो योगदान पुऱ्याउने विश्वास लिएको छ। मानव अधिकार उल्लङ्घनमा प्रहरीको कमजोर नरहोस् भन्ने हामीलाई पनि सजग रहँदै आएका छौँ।

**गणेशबहादुर बराल**
डीएसपी, जिल्ला प्रहरी कार्यालय, दैलेख

दैलेखमा महिलाहरूले घरेलु हिंसा, छाउपडी प्रथा, बहुविवाह, बालविवाह समस्या सवालहरूलाई राज्यका निकाय र स्थानीय सरकारहरूले बेवास्ता गरिहेका छन्। बलात्कार, जातीय विभेद जस्ता घटनाहरू मेलमिलाप गराउने, लुकाउने काम भइरहेका छन्। यस्ता जटिल सवालमा इन्सेकले गहन अध्ययन गरी उजागर गर्न अझै काम गर्नुपर्नेछ।

**सविना विक**
अध्यक्ष, महिला सशक्तिकरण मञ्च, दैलेख

वर्ष पुस्तकले जिल्लामा हुने मानव अधिकारसम्बन्धी घटनालाई प्राथमिकता दिएको छ। इन्सेकले मानव अधिकारका घटना न्यूनीकरणका लागि खेलेको भूकिका सरहानीय छ। गाउँबस्तीमा लुकेर रहेका मानव अधिकार सम्बन्धी घटनालाई बाहिर ल्याउन सम्बन्धितलाई जवाफदेही बनाउन वर्ष पुस्तकले योगदान गरेको छ। इन्सेकसँग जिल्ला प्रशासन कार्यालयले सहयोग समन्वय र सहकार्य गर्दै आएको छ।

**राजुप्रसाद पौडेल**

प्रमुख जिल्ला अधिकारी, जाजरकोट

अनौपचारिक क्षेत्र सेवा केन्द्रले नेपालको मानव अधिकार स्थिति प्रतिवेदनका रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नु सरहानीय विषय हो। पुस्तक मार्फत जिल्लाको मानव अधिकार स्थिति एउटा सानो अंश मात्र झल्कन्छ। मानव विकास सूचकांकका आधारमा निकै पछाडि रहेका जाजरकोट जस्ता जिल्लामा मानव अधिकारको स्थिति सरकारी कार्यालयका अभिलेखका आधारमा मापन गर्न सकिँदैन। सार्वजनिक सेवामा नागरिकको पहुँच कम, न्याय र सुरक्षामा नागरिकको अति कम पहुँच, निर्णय प्रक्रियामा अति न्यून पहुँच देखिन्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग गाँसिएका विषयलाई उजागर गर्नु, नागरिक सचेतिकरण गर्नु र नागरिकका पक्षमा पैरवीलाई संस्थागत गर्नु समयको माग हो।

**राजेन्द्रविक्रम शाह**

मानव अधिकार रक्षक सञ्जाल, जाजरकोट

इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक पछिल्लो समय एउटा दस्तावेजका रूपमा परिचित छ। नेपालमा राज्यका विभिन्न तहहरूमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई हेर्दा अबका दिनमा इन्सेक पालिकास्तरमा समेत जान जरुरी छ। इन्सेकले मानव अधिकार वर्ष पुस्तक मात्र नभएर रेडियो कार्यक्रमको नियमित उत्पादन गरी देशका सामुदायिक रेडियोमा मानव अधिकार सचेतनाका गतिविधिहरू प्रशारण गर्न आवश्यक देखिन्छ। मैले लामो सयमदेखि वर्ष पुस्तक अध्ययन गर्दै आएको छु। यसले मानव अधिकारका क्षेत्रमा थप नीतिनियम बनाउन समेत प्रेरणा दिएको छ। मानव अधिकारको रक्षा र नागरिकको मौलिक हकमा सुनिश्चितता गराउन खेलेको भूमिका अतुलनीय छ।

**बालकुमार शर्मा**

कोषाध्यक्ष, सामुदायिक रेडियो प्रशारक संघ

मानव अधिकारको समग्र विषयमा विस्तृत विवरण र तथ्याङ्कगत विवरण आएको छ। यसले आगामी दिनमा मानव अधिकारका संरक्षणका लागि सबै सचेत हुन ध्यानाकार्षण गरेको छ। सकेसम्म अधिकार संरक्षणमा लाग्ने र लाग्दा-लाग्दै कहींकतै उल्लङ्घनका घटनाहरू भएमा तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ।

**दिनेशप्रसाद थानी**

प्रमुख जिल्ला जिल्ला अधिकारी, रुकुमपश्चिम

मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुनु नेपालका लागि एकदमै खुसीको विषय हो। हरेक वर्ष देशभर भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको दस्तावेज बनाएर राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा जानकारी दिनु सकारात्मक कार्य हो। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू बढिरहेका छन्। यो दुखद् कुरा हो।

**लालबहादुर क्षेत्री**

तहसीलदार, जिल्ला अदालत रुकुम पश्चिम

मानव अधिकार वर्ष पुस्तक नेपालको एउटा ऐतिहासिक दस्तावेज हो। हरेक वर्ष यो पुस्तक प्रकाशन गरेर इन्सेकले मानव अधिकार रक्षाका लागि खबरदारी गरिरहेको छ। सामाजिक न्यायको स्थापना र मानवअधिकार रक्षाका लागि यसको निरन्तरता जरुरी छ।

**दामोदर पौडेल**

सेवा निवृत्त शिक्षक, रुकुमपश्चिम

मानव अधिकार वर्ष पुस्तक एक नेपालको लिखित दस्तावेज हो। नेपालमा विभिन्न कानुन, अभ्यास, नीतिहरू र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार मानव अधिकारको अवस्था परिवर्तन भइरहेका हुन्छन्। यस्ता पुस्तकले वर्षभरमा घटेका मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाहरूलाई व्यवस्थित रूपमा अभिलेख प्रदान गर्न मद्धत गर्छ।

**गोपालप्रसाद रेग्मी**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रुकुमपश्चिम

इन्सेकद्वारा नियमित रूपमा प्रकाशन हुँदै आएको मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको अवस्थालाई तथ्यगत, विश्वसनीय र निरन्तर रूपमा अभिलेखीकरण गर्ने महत्वपूर्ण दस्तावेज हो। यसले राज्य संयन्त्र, राजनीतिक दल, नागरिक समाज र आम नागरिकलाई मानव अधिकारप्रति सजग गराउँदै उत्तरदायी शासनतर्फ उन्मुख गराउन ठूलो योगदान पुऱ्याउँदै आएको छ।

मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मानका लागि निरन्तर आवाज उठाउँदै आएको इन्सेकको यो प्रयास प्रशंसनीय छ। वर्ष पुस्तकले लोकतन्त्र, न्याय र समानताको पक्षमा दृढ आधार प्रदान गर्दै सत्यको अभिलेख राख्ने काम गरिरहेको छ।

यस महत्वपूर्ण प्रकाशनको निरन्तरता, विश्वसनीयता र प्रभाव अझ सशक्त बनोस् भन्ने कामनासहित मानव अधिकार वर्ष पुस्तक प्रकाशन टोलीलाई हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

**मेगराज खड्का**

सम्पादक, आहा सञ्चार साप्ताहिक, रुकुमपश्चिम

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरू तथा नेपालले पक्ष राष्ट्रका रूपमा स्वीकार गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा व्यक्त प्रतिबद्धता र जिम्मेवारीलाई व्यवहारमा कार्यान्वयन गर्नु लोकतान्त्रिक शासन व्यवस्थाको आधार हो। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनले मात्रै प्रत्येक नागरिकको समानता, स्वतन्त्रता र गरिमामय जीवनको सुनिश्चितता सम्भव हुन्छ।

नेपाल मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष देशभर घटेका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यगत, निष्पक्ष र विश्वसनीय रूपमा अभिलेखीकरण गर्दै आएको छ। यसले नीति-निर्माताहरू, प्रशासनिक निकाय, सुरक्षा निकाय तथा नागरिक समाजलाई मानव अधिकारको अवस्थाबारे वस्तुगत जानकारी प्रदान गर्दै सुधारका दिशा र उपायहरू पहिचान गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**प्रतीक इच्छुक शर्मा**

पूर्व अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सल्यान

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२५ मा समेटिएका तथ्य, विश्लेषण तथा निष्कर्षहरूले कर्णाली प्रदेशको मानव अधिकार अवस्थालाई यथार्थपरक रूपमा उजागर गरेको छ। यस प्रकाशनले राज्यका निकायहरू, नागरिक समाज तथा सरोकारवालाहरूलाई मानव अधिकार संरक्षण र प्रवर्द्धनतर्फ थप जिम्मेवार र संवेदनशील बनाउने अपेक्षा गरिएको छ।

भूकम्प प्रभावित समुदायका नागरिकको सुरक्षित आवास, स्वास्थ्य सेवा, शिक्षा तथा जीविकोपार्जनसम्बन्धी अधिकार अझै सुनिश्चित हुन सकेको छैन। पुनर्निर्माण तथा राहत वितरण प्रक्रियामा देखिएको ढिलासुस्ती, असमान पहुँच र पारदर्शिताको अभावले भूकम्पपीडितको मानव अधिकारमा नकारात्मक असर परेको छ। विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू अझ बढी जोखिममा रहेको हुँदा राज्यले उनीहरूको आवश्यकतालाई प्राथमिकतामा राखी दिगो पुनर्स्थापना प्रक्रिया अघि बढाउन आवश्यक देखिन्छ। भूकम्प पीडितको सवाललाई पनि वर्षपुस्तकमा समावेश गरिनु पर्छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ ले औंल्याएका विषयवस्तुहरूलाई सबै सरोकारवालाहरूले गम्भीरतापूर्वक आत्मसात् गर्दै मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि ठोस कदम चाल्ने विश्वास लिएको छु।

**रमेशकुमार थापा**

कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का धेरै प्रकाशनहरूमध्ये नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। इन्सेकका तमाम कर्मचारीबाट विभिन्न समयमा जोखिम उठाएर सङ्कलन गरिएका मानव अधिकार हनन् तथा सामाजिक न्याय विरुद्धका घटनाबाट मानव अधिकार र न्यायको पक्षमा उभिन सबैलाई बाध्य बनाएको छ।

**पीताम्बर ढकाल**

पूर्व डिन, मध्यपश्चिमविश्वविद्यालय सुर्खेत, एवं मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेश, संयोजक

कानुन कार्यान्वयन गर्दै नागरिकको जीवन, स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नु प्रहरीको दायित्व हो। नेपाल मानव अधिकार वर्षपुस्तकमा उल्लेखित विषयहरूलाई ध्यानमा राखी प्रहरी मानव अधिकारमैत्री सेवा प्रवाहमा प्रतिबद्ध रहनेछ। इन्सेकसँगको समन्वयले थप जिम्मेवार बनाएको छ।

**इकबार हवारी**

डिएपी, प्रमुख जिल्ला प्रहरी कार्यालय, बाजुरा

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार अवस्थालाई यथार्थपरक रूपमा उजागर गर्ने गरेको छ। वर्ष पुस्तकमा प्रकाशन भइरहेका सवालहरूमा सार्वजनिक सेवामा पहुँचको अभाव जस्ता समस्या प्रमुख रूपमा देखिएका छन्। विशेषगरी दुर्गम बस्तीका नागरिक आधारभूत अधिकारबाट वञ्चित हुनु चिन्ताको विषय बनेको छ। पीडितको आवाजलाई तथ्यसहित समेट्नु इन्सेकको महत्वपूर्ण प्रयास हो।

**राजेन्द्रसिंह धामी**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दार्चुला शाखा

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको समग्र मानव अधिकारको अवस्था झल्काउने, तथ्य र विश्लेषण गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा प्रकाशित भएको देखिन्छ। वर्ष पुस्तक समय सापेक्ष विगतको भन्दा अघिल्ला वर्षको तुलनामा विचार विश्लेषण सहित प्रकाशन भइरहेको देखिन्छ। अधिकार क्षेत्र व्यापक भए पनि सीमित स्रोत साधनले धेरै विषयको तथ्यतथ्याङ्क उजागर गर्ने काम प्रंशसनीय छ। अधिकार मात्रै नभई कर्तव्यबोध गराउने गरी विषयवस्तु ल्याउनुपर्ने देखिन्छ। प्राय:जस्तो मानव अधिकारका विषयवस्तुमा वर्ष पुस्तकलाई तथ्याङ्कको भरपर्दो स्रोतको रूपमा लिने गरिन्छ। गहन विषयहरूको अध्ययन गरेर समेट्न सकियो भने अझै वर्ष पुस्तकको महत्व झल्किने छ।

**हरिशचन्द्र जोशी**,

अधिवक्ता, बार एसोशियसन, दार्चुला

नेपाल मानव अधिकार वर्ष पुस्तकमा नेपालको समग्र मानव अधिकारको अवस्था तथा विषयवस्तुहरूलाई गहन ढङ्ले उठान गरिएको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लामा भएका घटनाहरूलाई तथ्यमा आधारित रूपमा उजागर गरेको छ। प्रशासन कार्यालय नागरिकका मौलिक अधिकार संरक्षणप्रति प्रतिबद्ध छ। आगामी दिनमा मानव अधिकार उल्लङ्घन न्यूनीकरण गर्न सरोकारवाला निकायसँग समन्वय अझ प्रभावकारी बनाइनेछ।

**डोरेन्द्र निरौला**

प्रमुख जिल्ला अधिकारी, बाजुरा

स्थानीय तह नागरिकका अधिकार सुनिश्चित गर्न जिम्मेवार छ। मानव अधिकार वर्षपुस्तकले देखाएका तथ्यहरूलाई आत्मसात गर्दै सेवा प्रवाह पारदर्शी बनाउने र मानव अधिकारमैत्री स्थानीय शासन निर्माणमा नगरपालिका थप सक्रिय रहनेछ।

**कर्णबहादुर थापा**

प्रमुख त्रिवेणी नगरपालिका, बाजुरा

न्यायमा पहुँच मानव अधिकारको आधार हो। वर्षपुस्तकले उजागर गरेका मुद्दाहरू समाधान गर्न कानुनी सहयोग अपरिहार्य छ। नेपाल बार मानव अधिकार संरक्षण र पीडितलाई न्याय दिलाउन निरन्तर सक्रिय रहनेछ।

**हर्क खडायत**

सचिव, नेपाल बार एशोसियसन बाजुरा

मानव अधिकार संरक्षणमा स्वतन्त्र प्रेसको भूमिका महत्त्वपूर्ण छ। वर्षपुस्तकले पत्रकारिताको जिम्मेवारी झनै बढाएको छ। महासङ्घ सत्य तथ्य समाचारमार्फत मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्न प्रतिबद्ध छ।

**प्रेमबहादुर रौले**

सचिव, नेपाल पत्रकार महासङ्घ बाजुरा

नागरिक समाज मानव अधिकार संरक्षणको महत्त्वपूर्ण आधार हो। वर्षपुस्तकले देखाएका चुनौती समाधानका लागि गैरसरकारी संस्थाहरू समन्वय गर्दै सचेतना, पैरवी र समुदायस्तरका कार्यक्रमसँग साझा बनाउदै समन्वय भएकोमा खुशी लाग्छ।

**कृष्ण अधिकारी**

अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, बाजुरा

मानव अधिकारको क्षेत्र फराकिलो भए पनि यसले जिल्लाका आर्थिक, सामाजिक, राजनीतिक, महिला तथा बालबालिकासम्बन्धी सवालहरूलाई उठान गरेको पाइन्छ। मानव अधिकारको संरक्षण तथा मानव अधिकारका सवालहरूलाई सम्बोधन गर्नुपर्ने विषयमा राज्यको ध्यानाकर्षण गराउने काम वर्ष पुस्तकले गरेको छ।

**सानुमाया लिम्बू**

प्रमुख, बालसुधार प्रमुख,डोटी

मानव अधिकारका सवालमा इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन मार्फत निरन्तर रूपमा सरोकारवाला पक्षहरूलाई खबरदारी गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेज हो। हरेक वर्ष प्रकाशन भएका नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको यथार्थ अवस्थालाई झल्काउने काम गरेको छ। इन्सेकले समय सापेक्ष मानव अधिकारका विषयवस्तुलाई नियमित रूपमा प्रकाशन गरी राज्यलाई जिम्मेवार बनाउने कार्य सराहनीय छ।

**कमलबहादुर गडसिला**

अध्यक्ष, बोगटान फुडसिल गाउँपालिका, डोटी

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलबाट मानव अधिकार उल्लङ्घनका पीडितलाई राहत पुऱ्याएका छ। मानव अधिकार उल्लङ्घनका धेरै विषय न्यायिक निकायसम्म आउन नसकेको अवस्थाका बारेमा इन्सेकले यस्ता विषयलाई पनि आफ्नो प्रतिवेदनमा समावेश गर्न आवश्यक छ। मानव अधिकार हनन्का हरेक विषयलाई सारांशकै रूपमा भए पनि वर्ष पुस्तकमा स्थान दिनु पर्दछ। वर्तमान समयमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई जोड दिइ जनताहरूलाई यसको बारेमा समेत जानकारी गराउन सकिए अझै प्रभावकारी हुने छ।

**तिर्थराज भट्ट**

न्यायाधीश, जिल्ला अदालत, बैतडी

सङ्गठित रूपमा गरिने मानव अधिकार हनन् अन्यका तुलनामा ज्यादै निन्दनीय र दण्डनीय काम हो। यस्ता कार्यसँग सम्बन्धित घटना, तथ्याङ्क उजागर गर्नु, अभिलेख राख्नु लगायतका काम तुलनात्मक रूपले जटिल र संवेदनशील हुने गर्दछन्। यही जटिलता र संवेदनशीलताको ख्याल गरेर प्रकाशन हुन लागेको मानव अधिकार वर्ष पुस्तक २०२६ ले बैतडी जिल्लाको वस्तुस्थिति उजागर गर्ने विश्वास लिएका छौँ। प्रकाशनको सफलता र निरन्तरताको शुभकामना।

**पुण्यविक्रम पौडेल**

प्रमुख जिल्ला अधिकारी, बैतडी

नेपालमा मानव अधिकारको संरक्षण तथा त्यसको प्रवर्द्धनमा गैरसरकारी संस्थाहरूमा इन्सेकले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। नागरिकका मानव अधिकारका विविध सवालहरूलाई उजागर गरी सुधारतर्फ राज्यको सहयोगी समेत बन्न पुगेको पाइन्छ। मानव अधिकार तथा मौलिख हक जस्ता आधारभूत अधिकारको उपभोगबाट वञ्चित भएका समुदाय र मानव अधिकार उल्लङ्घनबाट पीडित व्यक्तिलाई न्याय मिलोस् भन्ने अभिप्रायले उनीहरूको विवरण सङ्कलन गरी वर्ष पुस्तकमार्फत दस्तावेजीकरणले कानुन कार्यान्वयन गर्ने निकायलाई अनुसन्धान कारबाही प्रक्रियामा अझ सहज भएको देखिन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक राष्ट्रिय मानव अधिकार आयोगलाई समेत संविधानको धारा २४९ बमोजिम नागरिकको मानव अधिकार संरक्षण, संवर्द्धन र यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न महत्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा रहेको छ। दूरदराजमा रहेका नागरिकहरूको सवालसँगै नागरिकको जनजीविकासँग जोडिएका शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य अधिकारका सवालमा समेत थप सामग्रीहरू वर्ष पुस्तकमा अध्ययन गर्न पाइने अपेक्षा गरेको छु।

**झंकरबहादुर रावल**

निमित्त प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग
सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी कैलाली

इन्सेकले हरेक वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सङ्कलन र अभिलेखिकरण गर्ने कार्य प्रशंसनीय रहेको छ। मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू समेटेर मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्यले राज्यलाई जवाफदेही बनाउन दबाव सृजना गर्दछ। वर्ष पुस्तकमा समेटिने मानव अधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण गरिएका हुन्छन्। वर्ष पुस्तकले

समेटेका तथ्यहरूले मानव अधिकार उल्लङ्घनकर्तालाई नैतिक दबाव पर्छ भने पीडितहरूलाई न्याय दिलाउन मद्दत गर्दछ। यसको साथै यस पुस्तकमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटनाहरू पनि समावेश गर्नु पर्दछ।

**देवीप्रसाद खनाल**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, सुदूरपश्चिम प्रदेश समिति

मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाहरू लगायत सामाजिक सञ्जालको दुरुपयोगबाट घटित घटनाहरू समावेश छन्। यस्ता विषयमा नागरिकको दायित्वबोध, कारबाही र जनचेनताको अवस्था सार्वजनिक गरी अधिकारको दुरुपयोग नगर्नेतर्फ सर्वसाधारणलाई पनि सन्देश दिन सक्ने गरी वर्ष पुस्तक तयार गर्दा थप प्रभावकारी हुनेछ।

**खडकबहादुर खत्री**
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक अध्ययनका लागि उपयोगी सामग्री मध्येको एक हो। यो वर्ष पुस्तकको सहायताले वर्षभर भएका मानव अधिकार उल्लङ्घनको अवस्था बुझ्न मद्धत गर्दछ। मानव अधिकार उल्लङ्घन र अपराधिक घटना फरक फरक भएता पनि अपराधिक घटनाहरूको सङ्ख्याका आधारमा जिल्लाको शान्ति सुरक्षा र मानव अधिकारको अवस्थालाई विश्लेषण गर्न मद्दत पुग्दछ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाल र मानसिक स्वास्थ्य, उपभोक्ता अधिकार, सडक दुर्घटना, प्राकृतिक प्रकोप जस्ता विषयहरू पनि वर्षपुस्तकमा समेट्दा उपयुक्त हुन्छ।

**मदन कोइराला**
प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर

## अनुसूची १

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ तयारीका क्रममा संलग्न व्यक्तिहरू

### परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

**परिच्छेद १** : मानव अधिकार र जवाफदेहिताको सवाल
**लेखक** : विजयराज गौतम
अध्यक्ष, इन्सेक

**परिच्छेद २**
४.१ न्यायपालिका
**लेखक** : डा. विद्या चापागाईं
४.२ कार्यपालिका
**लेखक** : पुण्यप्रसाद अधिकारी
४.३ व्यवस्थापिका
**लेखक** : यज्ञप्रसाद अधिकारी

### केन्द्रीय कार्यालयमा संलग्न

कृष्ण गौतम, भार्गव काफ्ले, शैलेस शर्मा, नविनकुमार शर्मा

### प्रदेश कार्यालयमा संलग्न

**कोशी प्रदेश** : मनोहरकुमार पोखरेल
पुण्यप्रसाद अधिकारी
**मधेस प्रदेश** : राजु पासवान
ममता विश्वकर्मा
**बागमती प्रदेश** : शिवप्रसाद खकुरेल
बरुण बस्याल
**गण्डकी प्रदेश** : गणेश भण्डारी
मंगीता नेपाली
**लुम्बिनी प्रदेश** : भोला महत
टेकनाथ आचार्य
**कर्णाली प्रदेश** : नारायण सुवेदी
जगतदल जनाला विक
**सुदूरपश्चिम प्रदेश** : खडकराज जोशी
कृष्णबहादुर विक

**फोटो स्रोत** : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
जेन-जी मुभमेन्ट एलाइन्स
जेन-जी संयन्त्र (जेन-जी हेल्प डेस्क)

### जिल्ला स्रोत व्यक्तिहरू

**कोशी प्रदेश**

| | | |
|---|---|---|
| १.१ | ताप्लेजुङ | - एलिना दियाली |
| १.२ | सङ्खुवासभा | - भविन कार्की |
| १.३ | सोलुखुम्बु | - अञ्जु कार्की |
| १.४ | ओखलढुङ्गा | - सरस्वती बानिया |
| १.५ | खोटाङ | - |
| १.६ | भोजपुर | - गणेश बिष्ट |
| १.७ | धनकुटा | - ईश्वर थापा |
| १.८ | तेह्रथुम | - सुरेश खत्री |
| १.९ | पाँचथर | - इवारा जबेगु लिम्बू |
| १.१० | इलाम | - मनोज अधिकारी |
| १.११ | झापा | - नरेश खाती |
| १.१२ | मोरङ | - विनोद सुवेदी |
| १.१३ | सुनसरी | - जयकृष्ण यादव |
| १.१४ | उदयपुर | - राकेश नेपाली |

**मधेश प्रदेश**

| | | |
|---|---|---|
| २.१ | सप्तरी | - नविन कुमार यादव |
| २.२ | सिरहा | - दुर्गा परियार |
| २.३ | धनुषा | - सन्तोषकुमार यादव |
| २.४ | महोत्तरी | - |
| २.५ | सर्लाही | - बुधन साह |
| २.६ | रौतहट | - गौरी न्यौपाने |
| २.७ | बारा | - |
| २.८ | पर्सा | - तुलसी भण्डारी |

**बागमती प्रदेश**

| | | |
|---|---|---|
| ३.१ | दोलखा | - उद्धवप्रसाद पोखरेल |
| ३.२ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| ३.३ | रसुवा | - हेमनाथ खतिवडा |
| ३.४ | धादिङ | - सीताराम अधिकारी |
| ३.५ | नुवाकोट | - नवदीप श्रेष्ठ |
| ३.६ | काठमाडौं | - पार्वती साउद/अनमोल पन्त |
| ३.७ | भक्तपुर | - जमुना भट्टराई/अनमोल पन्त |
| ३.८ | ललितपुर | - दीपकप्रसाद घिमिरे |
| ३.९ | काभ्रेपलान्चोक | - सुमित्रा आचार्य |
| ३.१० | रामेछाप | - नवराज घिमिरे |
| ३.११ | सिन्धुली | - नवराज घिमिरे |
| ३.१२ | मकवानपुर | - मन्जिता मैनाली |
| ३.१३ | चितवन | - दीपेन्द्र अधिकारी |

## गण्डकी प्रदेश

४.१ गोरखा - हरिराम उप्रेती
४.२ मनाङ -
४.३ मुस्ताङ - अमृतप्रसाद पौडेल
४.४ म्याग्दी - अमृतप्रसाद पौडेल
४.५ कास्की - सञ्जय रानाभाट
४.६ लमजुङ - सुमित्रा भुजेल
४.७ तनहुँ - प्रकाशचन्द्र भट्टराई
४.८ नवलपरासी पूर्व - दयाराम आचार्य
४.९ स्याङ्जा -
४.१० पर्वत - अमृतप्रसाद पौडेल
४.११ बागलुङ - अमृतप्रसाद पौडेल

## लुम्बिनी प्रदेश

५.१ रुकुम पूर्व - जयनारायण पुन
५.२ रोल्पा - तिलक घर्तीमगर
५.३ प्यूठान - रवीन्द्र पाण्डे
५.४ गुल्मी - टोपलाल अर्याल
५.५ अर्घाखाँची - कुलबहादुर नेपाली
५.६ पाल्पा - यज्ञमूर्ति तिमिल्सिना
५.७ नवलपरासी पश्चिम - नारायण पराजुली
५.८ रुपन्देही - रीमा बीसी
५.९ कपिलवस्तु - रीमा बीसी
५.१० दाङ - जयनारायण पुन
५.११ बाँके - ध्रुवराज शर्मा
५.१२ बर्दिया - प्रकाश पौडेल

## कर्णाली प्रदेश

६.१ डोल्पा - पूर्ण सार्की
६.२ मुगु -
६.३ हुम्ला - नन्द सिंह
६.४ जुम्ला - मानदत्त रावल
६.५ कालीकोट - कालीबहादुर मल्ल
६.६ दैलेख - अमर सुनार
६.७ जाजरकोट - बासुदेव शर्मा
६.८ रुकुम पश्चिम - जिवन खड्का
६.९ सल्यान - रामचन्द्र रेग्मी
६.१० सुर्खेत -

## सुदूरपश्चिम प्रदेश

७.१ बाजुरा - पदमबहादुर सिंह
७.२ बझाङ - सत्यराज सिंह
७.३ दार्चुला - नरेन्द्रसिंह कार्की
७.४ बैतडी - नरीदत्त बडु
७.५ डडेल्धुरा - शेरबहादुर भण्डारी
७.६ डोटी - सुभाष नेपाली
७.७ अछाम -
७.८ कैलाली - मैनामोती चौधरी
७.९ कञ्चनपुर - लिली कुँवर